अख्तियार दुरुपयोग अनुसन्धान आयोग
अठारौं बार्षिक प्रतिवेदन

आ. ब. २०६४/०६५



अख्तियार दुरुपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल
२०६५

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं

फोन नं. : ४-४३९४६२
४-४४०१५१
फ्याक्स : ४-४४०१२८
४-४४०१०४
इ-मेल :- akhtiyar@ntc.net.np
वेभसाईट :- www.ciaa.gov.np

पत्र संख्या:- मिति :- २०६५

विषय :- अठारौं वार्षिक प्रतिवेदन ।

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय
शितल निवास, महाराजगञ्ज
काठमाडौं ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२१ अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक वर्ष २०६४/०६५ (२०६४ श्रावण १ गतेदेखि २०६५ आषाढ मसान्तसम्म) मा सम्पादन गरेका कामहरुको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका छौं ।

भवदीय,

वेदप्रसाद सिवाकोटी
आयुक्त

ललित बहादुर लिम्बु
का.वा.प्रमुख आयुक्त

अनुक्रमणिका

पृष्ठ

परिच्छेद-१ : अख्तियार दुरुपयोग अनुसन्धान आयोग १-५

१. पृष्ठभूमि १
२. गठन १
३. आयोगको काम, कर्तव्य र अधिकार १
४. बार्षिक प्रतिवेदन २
५. छानवीन तथा अनुसन्धान प्रकृया २
६. प्रशासनिक संगठन ४
७. आयोगको आन्तरिक कार्य विभाजन, बैठक र निर्णय ४
८. आयोगको निर्णयहरुको वर्गीकरण ५
९. अधिकार प्रत्यायोजन ५
१०. बजेट व्यबस्था ५

परिच्छेद-२ : आ.ब. २०६४/६५ मा आयोगबाट सम्पादित कार्यहरु ६- १२

१. आ.ब. २०६४/६५ मा उजूरी र कारवाहीको विवरण ६
२. अभियोजन र कारवाहीको विवरण ६
३. विशेष अदालतमा दायर भएका मुद्दा र प्रतिवादी संख्या ६
४. बिभागीय कारवाही, सचेत र ध्यानाकर्षणका लागि लेखिएका बिषय र व्यक्ति/निकाय संख्या ६
५. महाशाखागत उजूरी फछ्यौंटको विवरण ७
६. अनुसन्धान अधिकृत तोकिएको तथा मन्त्रालय वा अन्तर्गत कारवाहीको लागि लेखी पठाएको विवरण ७
७. नक्कली शैक्षिक प्रमाणपत्र सम्बन्धी दायर भएका मुद्दाहरु ८
८. रोक्का जग्गा रोक्का नरहेको भनी भ्रष्टाचार गरेको मुद्दा ९
९. गैर कानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा १०
१०. घुस रिसवत सम्वन्धी भ्रष्टाचार गरेको मुद्दा १०
११. सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको मुद्दा ११
१२. सार्वजनिक संस्थानलाई हानी पुऱ्याई भ्रष्टाचार गरेको मुद्दा १२
१३. प्रत्यायोजित अधिकार अन्तरगत भएका काम कारवाही १२

परिच्छेद-३ : अभियोजन १३-३९

परिच्छेद-४ : पुनरावेदन/पुनरावलोकन गरिएका मुद्दाहरु ४०-१२७

परिच्छेद-५ : पुनरावेदन नगरिएका मुद्दाहरुको संक्षिप्त विवरण १२८-१३७

परिच्छेद-६ : विभागीय कारवाही १३८-१४६

(क) अर्थ मन्त्रालय अन्तर्गत १३८
(ख) उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत १३९
(ग) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत १४०
(घ) जलश्रोत मन्त्रालय अन्तरगत १४०

(ङ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत १४१
(च) वन तथा भू- संरक्षण मन्त्रालय अन्तर्गत १४२
(छ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत १४२
(ज) स्थानीय विकास मन्त्रालय अन्तर्गत १४२
(झ) सूचना तथा संचार मन्त्रालय अन्तर्गत १४४
(ञ) शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गत १४५

परिच्छेद-७ :सचेत १४७-१५२
(क) अर्थ मन्त्रालय अन्तर्गत..... १४७
(ख) उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत १४७
(ग) कृषि मन्त्रालय अन्तर्गत..... १४८
(घ) भूमि सुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत..... १४८
(ङ) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत..... १४९
(च) स्थानीय विकास मन्त्रालय अन्तर्गत १४९
(छ) संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत १५०
(ज) सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत..... १५१
(झ) शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गत..... १५१
(ञ) राष्ट्रिय योजना आयोगको सचिवालय अन्तर्गत १५२

परिच्छेद-८ : असूल उपर १५३-१५६
(क) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत १५३
(ख) गृह मन्त्रालय अन्तर्गत..... १५३
(ग) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत..... १५३
(घ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत..... १५५
(ङ) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत..... १५५
(च) स्थानीय विकास मन्त्रालय अन्तर्गत १५५
(छ) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत १५६

परिच्छेद-९ : ध्यानाकर्षण १५७-१६१
(क) अर्थ मन्त्रालय अन्तर्गत..... १५७
(ख) गृह मन्त्रालय अन्तर्गत..... १५७
(ग) जल स्रोत मन्त्रालय अन्तर्गत..... १५८
(घ) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत..... १५८
(ङ) भूमि सुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत..... १५९
(च) वातावरण विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत १५९
(छ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत १६०
(ज) स्थानीय विकास मन्त्रालय अन्तर्गत १६०

परिच्छेद-१० : सुझाव / निर्देशन १६२-१७९
(क) अर्थ मन्त्रालय अन्तर्गत..... १६२
(ख) उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत १६४
(ग) गृह मन्त्रालय अन्तर्गत..... १६६
(घ) जलस्रोत मन्त्रालय अन्तर्गत..... १६८

(ङ) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत १७०
(च) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत १७०
(छ) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत १७३
(ज) वन तथा भू- संरक्षण मन्त्रालय अन्तर्गत १७४
(झ) वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत १७४
(ञ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत १७४
(ट) स्थानीय विकास मन्त्रालय अन्तरगत १७५
(ठ) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत १७७
(ड) सामान्य प्रशासन मन्त्रालय अन्तर्गत १७७
(ढ) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत १७७

परिच्छेद-११ : आयोगबाट भएका अन्य कारवाहीहरु **१८०-१९३**

(क) अर्थ मन्त्रालय अन्तर्गत १८०
(ख) उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत १८१
(ग) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत १८३
(घ) गृह मन्त्रालय अन्तर्गत १८३
(ङ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत १८३
(च) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत १८४
(छ) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत १८६
(ज) वन तथा भू- संरक्षण मन्त्रालय अन्तर्गत १८६
(झ) स्वास्थ्य तथा जनसंख्या अन्तर्गत १८७
(ञ) स्थानीय विकास मन्त्रालय अन्तर्गत १८८
(ट) सूचना तथा संचार मन्त्रालय अन्तर्गत १९२
(ठ) शिक्षा तथा खेलकुद मन्त्रालय १९२

परिच्छेद-१२ : बिभागीय वा अन्य कारवाही गर्न लेखिएका बिषयमा कार्यान्वयन भई आएको **१९५-२१८**

(क) विभागीय कारवाही १९५
(ख) सचेत १९८
(ग) सुझाव/निर्देशन १९९
(घ) असूल उपर २१०
(ङ) हिनामिना भएको सार्वजनिक जग्गा सरकारको नामा कायम गराईएको २१६
(च) अन्य कारवाही २१७

परिच्छेद-१३ :कार्यान्वयन हुन बाँकी कारबाहीको विवरण **२१९-२३८**

(क) अर्थ मन्त्रालय अन्तर्गत २१९
(ख) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत २००
(ग) कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय अन्तर्गत २२२
(घ) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत २२२
(ङ) गृह मन्त्रालय अन्तर्गत २२३
(च) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत २२५
(छ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत २२६
(ज) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत २२८

(झ) महिला बालवालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत..... २२९
(ञ) वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत..... २२९
(ट) वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत..... २३०
(ठ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत..... २३१
(ड) स्थानीय विकास मन्त्रालय अन्तर्गत..... २३१
(ढ) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत..... २३३
(ण) सामान्य प्रशासन मन्त्रालय अन्तर्गत..... २३३
(त) सूचना तथा संचार मन्त्रालय अन्तर्गत..... २३४
(थ) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत..... २३४
(द) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत..... २३८

परिच्छेद-१४ : तामेली २३९-२७४

परिच्छेद-१५ : आयोगका अन्य गतिविधिहरु २७५-२८०
(क) अन्तर्राष्ट्रिय सभा, सम्मेलन तथा अध्ययन भ्रमण..... २७५
(ख) आन्तरिक गतिबिधिहरु..... २७६

परिच्छेद-१६ अखितयार दुरुपयोग अनुसन्धान आयोगको त्रिवर्षीय (२०६४/६५ - २०६६/६७) रणनीति २८१-२८३

परिच्छेद-१७ : उपसंहार २८४-२८६

अनुसूचीहरु :
१. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संगठन तालिका (क)
२. आयोगमा कार्यरत कर्मचारी दरबन्दी र पदपूर्तिको विवरण (ख)
३. आ.व. २०६४।६५ को बजेट व्यवस्था (ग)
४. नक्कली शैक्षिक प्रमाणपत्र पेश गर्नुको प्रयोजन (घ)
५. (क) नक्कली प्रमाणपत्र सम्बन्धी मुद्दा फैसला विवरण (ङ)
(ख) शैक्षिक प्रमाणपत्रहरु सम्बन्धी मुद्दाहरुमा सफल असफल अनुपात (ङ)
६. भ्रष्टाचार तथा अनुचित कार्य सम्बन्धी क्षेत्रीय प्रशासन कार्यालयहरुबाट प्राप्त विवरण (च)
७. भ्रष्टाचार तथा अनुचित कार्य सम्बन्धी जिल्ला प्रशासन कार्यालयहरुबाट प्राप्त विवरण (छ)
८. आ.व. २०६४।६५ मा आयोगमा परेका उजुरी र फछ्यौंटको विवरण (ज)
९. आ.ब. २०६४।६५ मा कूल उजूरी २७३२ मध्ये फछ्यौंट तथा जिम्मेवारी सरेको (झ)
१०. आ.व. २०५७।५८ देखि २०६४।६५ सम्मको कूल उजुरी र फछ्यौंटको तुलनात्मक विवरण (ञ)
११. आ.व. २०६४।६५ मा मुद्दा हार जीतको स्थिति (ट)
१२. आ.व. २०६४।६५ को अभियोजन र अन्य कारवाहीहरुको विवरण (ठ)
१३. आ.व. २०६४।६५ मा विशेष अदालतमा दायर गर्न निर्णय भएका मुद्दाहरुको किसिम (ड)
१४. आ.व. २०५७।५८ देखि २०६४।६५ सम्मको कारवाहीको तुलनात्मक विवरण (ढ)
१५. आ.व. २०५९।६० देखि २०६४।६५ सम्मको बैठक र निर्णय संख्या (ण)
१६. आ.व. २०४७।४८ देखि २०६४।६५ सम्ममा परेका उजुरीहरु र फछ्यौंटको विवरण (त)

परिच्छेद - १
अख्तियार दुरुपयोग अनुसन्धान आयोग

१. पृष्ठभूमि

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ११ धारा १२० अनुसार सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले "अनुचित कार्य" वा "भ्रष्टाचार" गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान गरी मुद्दा दायर गर्न संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना भएको छ ।

२. गठन

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९ बमोजिम राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा एक जना प्रमुख आयुक्त र अन्य आयुक्तहरु आयोगमा नियुक्त गर्ने प्रावधान छ । आयोगका प्रमुख आयुक्त र अन्य आयुक्तहरुको पदावधि ६ वर्षको हुने र ६५ बर्षको उमेरसम्म बहाल रहन सक्ने व्यवस्था छ । हाल आयोगमा कार्यवाहक प्रमुख आयुक्त र एक जना आयुक्त कार्यरत रहनु भएको छ :-

नाम	पद	नियुक्ति मिति
श्री ललित बहादुर लिम्बु	का. वा. प्रमुख आयुक्त	२०६०।९।२१
श्री बेद प्रसाद सिवाकोटी	आयुक्त	२०६०।९।२१

३. आयोगको काम, कर्तव्य र अधिकार :

आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार छन् :

- आयोगले कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्नेछ । तर संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानूनले छुट्टै व्यवस्था भएको पदाधिकारीहरु आयोगको कार्य क्षेत्र पर्दैनन् । खराव आचरणका आधारमा महाअभियोग प्रस्ताव पारित भई पद्मुक्त हुने संवैधानिक पदाधिकारीहरु, न्याय परिषद्बाट सोही अभियोगमा पदमुक्त हुने न्यायाधीशहरु र सैनिक ऐन बमोजिम कारवाही हुने व्यक्तिका हकमा निजलाई पदमुक्त भइसकेपछि कानून बमोजिम आयोगले अनुसन्धान र तहकिकात गर्न गराउन सक्नेछ ।
- सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुन बमोजिम अनुचित कार्य मानिने कुनै काम गरी अख्तियारको दूरुपयोग गरेको देखिएमा आयोगले निजलाई सचेत गराउन, विभागीय कारवाही वा कानूनमा व्यवस्था भए बमोजिम अन्य आवश्यक कारवाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ ।
- सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुन बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा त्यस्तो व्यक्ति तथा सो अपराधमा संलग्न अन्य व्यक्ति उपर आयोगले कानुन बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ ।

- अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकार क्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा आयोगले आवश्यक कारबाहीको लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखी पठाउन सक्नेछ ।
- अनुसन्धान र तहकिकात गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगले प्रमुख आयुक्त, आयुक्त वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्न पाउने गरी सुम्पन सक्नेछ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगलाई कानूनी राज्यको अवधारणा अनुरुप सुशासनको स्थापना गर्न र सेवामा प्रभावकारिता ल्याउनका लागि आवश्यक हुने केही सुधारात्मक कार्यहरु गर्ने थप दायित्व समेत सुम्पेको छ, जस अन्तर्गत आयोगबाट निम्न कार्यहरु पनि सम्पादित हुने गरेका छन् :

- ☞ विद्यमान ऐन, नियम वा प्रचलनमा त्रुटी भए सुधार गर्न सुझाव दिने वा ध्यानाकर्षण गराउने,
- ☞ दुष्परिणाम सच्याउन आदेश दिने,
- ☞ हानी नोक्सानी असूल उपर गराउने,
- ☞ अनुसन्धान तहकिकातको क्रममा न्यायिक हिरासतमा राख्ने र धरौटी वा जमानत लिई छाड्ने,
- ☞ भ्रष्टाचारलाई रोकथाम गर्ने उद्देश्यले प्रबर्द्धनात्मक कार्यहरु गर्ने,
- ☞ भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाहरुसंग समन्वय, आपसी सहयोग र सम्बन्ध सुदृढ गर्ने,
- ☞ आवश्यकतानुसार सम्बन्धित बिषयको बिशेषज्ञ वा बिशिष्टीकृत सेवा प्राप्त गर्ने ।

४. बार्षिक प्रतिवेदन :

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२१ बमोजिम आयोगले आफुले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले त्यस्तो प्रतिवेदन व्यवस्थापिका संसदमा पठाउने व्यवस्था गर्ने छ ।

५ छानवीन तथा अनुसन्धान प्रकृया :

नेपालको अन्तरिम संविधान, २०६३ ले अनुचित कार्य र भ्रष्टाचार गरी दुई प्रकारले अख्तियारको दुरुपयोग हुनसक्ने अवधारणा प्रस्तुत गरे अनुरुप ती बिषयहरुमा उजूरी दिने प्रकृयालाई पनि कानूनले निम्नानुसार अलग्गै व्यवस्था गरेको छ :

अनुचित कार्यको उजूरी : कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ ले तोकेको ढांचामा उजूरी दिनु पर्नेछ र निवेदकले सनाखत समेत गर्नु पर्नेछ । अनुचित कार्य उपरको उजुरीमा अनुसन्धान गर्दै जांदा भ्रष्टाचारको कसूर गरेको देखिन गएमा भ्रष्टाचारको कसूर अन्तर्गत नै कारवाही गरिन्छ । तर सार्वजनिक चासोको बिषय भएको उजूरीको हकमा भने सनाखतको आवश्यकता पर्दैन ।

भ्रष्टाचारको उजूरी : भ्रष्टाचारको सम्बन्धमा कसैको उजूरी वा अन्य कुनै स्रोतबाट प्राप्त जानकारीको आधारमा आयोगले छानविन, अनुसन्धान गर्न वा अन्य कारवाही चलाउन सक्दछ र भ्रष्टाचारको उजुरी

उपर अनुसन्धान गर्दै जांदा अनुचित कार्य भएको पाइएमा, अनुचित कार्यमा समेत कारवाही गर्न सकिने छ ।

आयोगले स्वयं जानकारीमा लिई कारवाही गर्न सक्ने : आयोगले आफ्नो अधिकार क्षेत्र भित्र पर्ने कुनै पनि बिषयमा अनुसन्धानको प्रक्रिया थाल्न सक्छ ।

प्रारम्भिक छानविनको प्रक्रिया : आयोग समक्ष परेका कुनै पनि उजूरी निवेदन वा आयोग स्वयंले प्राप्त गरेको जानकारी उपर प्रारम्भिक छानविनको क्रममा कारवाही गर्नु पर्ने वा नपर्ने निर्क्यौल मूलतः निम्न तथ्यहरुको आधारमा गर्ने गरेको छ ।

क) अनुसन्धानको बिषय वस्तु के हो ?

ख) उक्त बिषय आयोगको क्षेत्राधिकारभित्र पर्छ, पर्दैन ?

ग) उल्लेखित बिषयको गम्भीरता के कति छ ?

घ) उल्लेखित आरोपको स्वरुप तथ्यपूर्ण देखिएमा त्यसमा कुन कुन निकायका कुन कुन पदाधिकारीको संलग्नता रहेको छ ?

ङ) विवादास्पद कार्य वा निर्णयबाट कसलाई के कति हानी नोक्सानी वा फाइदा हुन गएको छ ?

च) विवादित कार्यबारे कुनै कार्यालय वा अदालतमा मुद्दा मामिला चलिरहेको वा मुद्दा चली निर्णय भएको वा तत्सम्बन्धमा कुनै विवादित वा अन्य कारवाई भएको छ, छैन ?

छ) विवादित कार्य भए गरेको मितिका आधारमा हदम्याद बांकी छ, छैन ?

प्रारम्भिक छानविनको सिलसिलामा संकलन हुनु पर्ने प्रमाण नष्ट हुन सक्ने सम्भावनालाई दृष्टिगत गरी सो कारवाही गोप्य रहने कानूनी व्यवस्था छ । आयोगमा पर्न आएको उजूरीमा प्रारम्भिक छानवीन गर्ने क्रममा देहाय बमोजिमको कुनै अवस्था विद्यमान भएमा आयोगले कुनै कारवाही नगरी त्यस्तो उजूरी तामेलीमा राख्न सक्दछ ।

क) सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र बाहेक अन्य कानूनी उपचार भएकोमा त्यसको अवलम्वन नगरी अनुचित कार्य सम्बन्धी उजूरी दिएमा,

ख) ऐनको हदम्याद नाघेको,

ग) आयोगको अधिकार र कार्यक्षेत्र भित्रको बिषय नभएको,

घ) अदालतमा मुद्दा परिरहेको बिषयको,

ङ) तथ्ययुक्त आधार नभएको,

च) दुख दिने मनसायको, र

छ) मामूली कुरा सम्बन्धी ।

तामेलीमा राख्नु पर्ने उपयुक्त आधार नभएका बिषयहरुमा प्रारम्भिक छानवीनको क्रममा अख्तियारको दुरुपयोग भएको देखिन आएमा बिस्तृत अनुसन्धान तहकिकात गर्नको निमित्त सम्बन्धित आयुक्तहरुबाट अनुसन्धान अधिकृत नियुक्त गरी कारवाही अगाडि बढाइन्छ । कुनै बिषयवस्तुको प्रकृति र प्राप्त सूचनाहरुलाई आधार मानेर बिस्तृत अनुसन्धानमा जानु परेमा आयोगले एकैपटक बिस्तृत अनुसन्धान पनि गर्न सक्दछ ।

बिस्तृत अनुसन्धान तहकिकातको प्रकृया : प्रारम्भिक छानवीनबाट बिस्तृत अनुसन्धान गर्नु पर्ने देखिई अनुसन्धान अधिकृत नियुक्त भएका उजूरीमा त्यस्तो अनुसन्धान अधिकृतले सम्बन्धित आयुक्तको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा आरोपित बिषयहरुका बारेमा सम्बन्धित व्यक्तिहरुको बयान वा लिखित जवाफ

लिने, निजहरुलाई आवश्यकता अनुसार तारेखमा राख्ने, अन्य थप प्रमाणहरु संकलन गर्ने लगायत अनुसन्धानको क्रममा आवश्यक देखिएका अन्य कार्यहरु सम्पन्न गरी सोही आधारमा अनुसन्धान प्रतिवेदन तयार गरी सो प्रतिवेदन आयोगमा पेश गर्न सम्बन्धित आयुक्त समक्ष प्रस्तुत गर्दछ । सम्बन्धित आयुक्तबाट त्यस्तो प्रतिवेदन सहितको मिसिल अध्ययन पश्चात् अनुसन्धान पूरा नभएको पाएमा थप अनुसन्धानको आदेश हुन सक्छ । अनुसन्धान पूरा भई पेश हुन आएको प्रतिवेदनलाई सम्बन्धित आयुक्तबाट आयोग समक्ष पेश गर्ने आदेश हुन्छ । त्यस्तो प्रतिवेदन आयोगमा छलफल गरी आरोपित कसूरको मात्रा, विवादको गाम्भीर्यता, प्रकृति एवं संकलित प्रमाणको प्रामाणिकता समेतलाई दृष्टिगत गरी मुद्दा दायर गर्ने वा विभागीय कारवाही वा अन्य कारवाहीको सिफारिश गर्ने वा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने वा सुझाव दिने वा केही कारवाही गरिरहन नपर्ने गरी उजूरी तामेलीमा राख्ने निर्णय गरिन्छ । आयोगको निर्णयको कार्यान्वयन आयोगको सचिवबाट गरिन्छ ।

आयोगको कामसंग सम्बन्धित मुख्य कानूनहरु :

⇒ नेपालको अन्तरिम संविधान, २०६३
⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
⇒ भ्रष्टाचार निवारण ऐन, २०५९
⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९
⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०५७
⇒ अनुसन्धान सम्वन्धी निर्देशिकाहरु
⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पदाधिकारी एवं कर्मचारीहरुको आचारसंहिता, २०६५

६. प्रशासनिक संगठन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवालयको प्रमुखमा नेपाल सरकारवाट नियुक्त राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ । आयोगको सचिव पदमा मिति २०६४।१।२३ देखि श्री भगवतीकुमार काफ्ले रहँदै आउनु भएको छ । आयोगको संगठन तालिका अनुसूची-१ मा र कर्मचारीहरुको पदसोपान एवं संख्या अनुसूची-२ मा उल्लेख गरिएको छ । आयोगको अनुसन्धान महाशाखाहरु-६, मुद्दा महाशाखा-१, विशेष अनुसन्धान कार्यदल (महाशाखा स्तरको)-१, प्रहरी महाशाखा-१, प्रशासन महाशाखा-१ र योजना महाशाखा-१ गरी जम्मा ११ वटा महाशाखा रहेका छन । स्वीकृत दरवन्दीतर्फका १८८ (प्रहरी दरवन्दी समेत), पुल दरवन्दीका १७, काज खटिएका ५६, फाजिल ६, सल्लाहकार-२, अंगरक्षक र सुरक्षाकर्मी-१५ समेत गरी जम्मा २८४ जना पदाधिकारी तथा कर्मचारीहरु कार्यरत छन् ।

७. आयोगको आन्तरिक कार्य विभाजन, बैठक र निर्णय

आयोगमा कार्यरत आयुक्तहरु बीचको कार्य विभाजन र निर्णय प्रकृया निश्चित गरिएको छ । जस अनुसार प्रत्येक मन्त्रालय र सो अन्तर्गतका निकायहरुको काम कारवाहीहरु आयुक्तहरु वीच बाँड फाँड गरिएको छ । त्यसरी बाँडफाँड गरिएका कार्यहरु आफूलाई तोकिएको आयुक्तले तोकिए अनुसार अन्य एक जना आयुक्त समेत संलग्न भै सम्पादन गर्नु पर्ने हुन्छ । यी र यस्ता आन्तरिक कार्यविधिका अन्य व्यवस्थाहरु आयोगको कार्यविधि एवं निर्णयहरुद्वारा व्यवस्थित गरिएका छन् । आयोगको महाशाखा वा

अनुसन्धान अधिकृतले अनुसन्धान कार्य सम्पन्न गरी सचिव मार्फत् सम्बन्धित आयुक्त समक्ष पेश गरेको कुनै बिषयमा सम्बन्धित आयुक्तबाट आयोगमा पेश गर्ने आदेश भएका बिषयहरु वा अन्य नीतिगत निर्णय हुनु पर्ने बिषयहरुको कार्यसूची प्रमुख आयुक्तको निर्देशनमा सचिवबाट तय गरिन्छ। यसरी कार्यसूची तयार भएपछि बिषयको गाम्भिर्यता, जटिलता र शीघ्र निर्णयको आवश्यकता आदिलाई दृष्टिगत गरी प्रमुख आयुक्तको निर्देशन अनुसार कुनै पनि समयमा आयोगको बैठक बसी बहुमतद्वारा निर्णय हुने व्यवस्था छ।

८. आयोगको निर्णयहरुको वर्गीकरण

प्रतिवेदन अध्ययन गर्ने व्यक्तिलाई सुविधा पुगोस भन्ने उद्देश्यले यस पछिका परिच्छेदहरुमा कारवाहीको प्रकृति हेरी आयोगबाट भएका निर्णयहरुलाई विभिन्न शिर्षकमा समाविष्ट गरिएको छ। उदाहरणको लागि एउटै निर्णयमा मुद्दा चलाउने, विभागीय कारवाही गर्ने (सेवाबाट हटाउने, तल्लो तहमा घटुवा गर्ने, बढुवा रोक्का गर्ने, ग्रेड रोक्का गर्ने, नसिहत दिने आदि), सचेत गराउने, सुझाव, ध्यानाकर्षण, अभिलेख राख्ने तथा अन्य कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने निर्णय भएकोमा त्यस्तो विवरण यस पछिका परिच्छेदहरुमा यथास्थानमा राखिएको छ।

९. अधिकार प्रत्यायोजन

आयोगको प्रशासनिक संगठन स्थानीय तहसम्म बिस्तार भै नसकेकोले अर्को व्यवस्था नभएसम्मको लागि मिति २०६३।१०।१ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी क्षेत्रीय प्रशासक र प्रमुख जिल्ला अधिकारीहरुलाई तोकिएको शर्त बमोजिम आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ। क्षेत्रीय प्रशासक र प्रमुख जिल्ला अधिकारीहरुलाई कानूनी परामर्श प्रदान गर्न पुनरावेदन र जिल्ला सरकारी वकिलहरुलाई पनि अधिकार पत्यायोजन गरिएको छ।

१०. बजेट व्यवस्था

आर्थिक वर्ष २०६४/६५ मा आयोगको लागि छुट्टयाईएको कूल बजेट रु. ८ करोड ३८ लाख २१ हजार ८ सय ६० रुपैंया मध्ये रु. ६ करोड ९० लाख ६३ हजार ५ सय ४२ रुपैंया ९७ पैसा निकासा भई त्यति नै खर्च भएको छ। आर्थिक वर्ष २०६३।६४ सम्म आयोगमा म.ले.प. र आ.ले.प. बेरुजु रहेको छैन । आर्थिक वर्ष २०६४/६५ को आयोगको विनियोजन, निकासा, खर्च, राजस्व आम्दानी तथा धरौटीको विवरण अनुसूची ३ मा प्रस्तुत गरिएको छ।

परिच्छेद-२
आ.ब. २०६४/६५ मा आयोगबाट सम्पादित कार्यहरु

१. आ.ब. २०६४/६५ मा उजूरी र कारवाहीको विवरण :

आर्थिक वर्ष २०६४/६५ मा आयोगमा पर्न आएका कूल उजूरी र ती उजूरीहरु उपर छानवीन, अनुसन्धान भई फछ्यौंट भएको संख्या निम्न तालीकामा दिईएको छ :

आ.ब. २०६४/६५		
उजूरी संख्या	फछ्यौंट संख्या	फछ्यौंट प्रतिशत
२७३२	२१३५	७८.१५

२. अभियोजन र कारबाहीको विवरण :

आ.ब. २०६४/६५ मा जम्मा १६४ वटा बैठक बसी ४२७ निर्णय भई मुद्दा दायर, विभागीय कारवाही, ध्यानाकर्षण, सचेत लगायतका कारवाहीहरु भएका छन् । सो अवधिमा आयोगको निर्णयबाट भएका कारवाहीको स्थिति निम्न तालीकामा दिइएको छ:।

मुद्दा दायर गर्ने निर्णय	पुनरावेदन	विभागीय कारवाही	ध्यानाकर्षण	सचेत	सुझाव	असूल उपर	अन्य कारवाही	ता मे ली
७०	१७	२८	१३	१९	१३	१६	९८	१२७

(आ.व. २०६४/६५ को अन्त्य सम्ममा मुद्दा दायर गर्न निर्णय भएको संख्या ७० रहे पनि अभियोगपत्र तयार गर्न समय लाग्न गई सबै मुद्दाहरु दायर नभएको)

३. विशेष अदालतमा दायर गर्न निर्णय भएका मुद्दा र प्रतिवादी संख्या :

आ.ब. २०६४/६५ मा विशेष अदालतमा दायर भएका मुद्दाहरु र सो अन्तर्गत प्रतिवादी बनाइएका व्यक्तिहरुको संख्यात्मक विवरण निम्नानुसार दिइएको छ :

क्र.सं.	विषय	मुद्दा संख्या	प्रतिवादी संख्या
१.	नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र	५४	५४
२.	गैर कानूनी रुपमा सम्पत्ति आर्जन	१	२
३.	सरकारी रकम हिनामिना	५	५
४.	सार्वजनिक संस्थानलाई हानी पुऱ्याएको	१	१
५.	रिसवत	२	३
६.	रोक्का जग्गा रोक्का नरहेको भनी भ्रष्टाचार गरेको	२	४
जम्मा		**६५**	**६९**

४. विभागीय कारवाही, सचेत र ध्यानाकर्षणका लागि लेखिएका बिषय र व्यक्ति/निकाय संख्या:

विभागीय कारवाही		सचेत		ध्यानाकर्षण	
विषय	व्यक्ति	विषय	व्यक्ति	विषय	निकाय
२८	४९	१९	४२	१३	१३

५. महाशाखागत उजूरी फछ्र्यौंटको विवरण :

आ.व. २०६४/६५ को अवधिमा अघिल्लो आर्थिक बर्षबाट जिम्मेवारी सरी आएका तथा नयाँ दर्ता भएका उजूरी समेत जम्मा उजूरी र फछ्र्यौंट भएका संख्यात्मक स्थिति तलको तालिकाबाट प्रष्ट हुन्छ ।

महाशाखा नं	जम्मा उजूरी	फछ्र्यौंट	जिम्मेवारी सरेको
१	५२९	४३५	९४
२	५०६	३८५	१२१
३	४४०	३६१	७९
४	३७८	२७६	१०२
५	३२२	२४७	७५
६	४४७	३६३	८४
शैक्षिक प्रमाणपत्र छानविन एकाई	११०	६८	४२
जम्मा	२७३२	२१३५	५९७

६. अनुसन्धान अधिकृत तोकिएको तथा मन्त्रालय वा अन्तर्गत कारवाहीको लागि लेखी पठाएको बिवरणः

आ.व. २०६४/६५ मा आयोगमा परेका उजूरीहरु माथि विभिन्न महाशाखाहरुबाट छानविनका क्रममा विस्तृत अनुसन्धानका लागि अनुसन्धान अधिकृत तोकिएका उजूरीहरुको संख्या र सम्बन्धित निकायहरुबाटै कारवाही टुङ्गो लगाउन पठाइएका उजूरीहरुको मन्त्रालयगत विवरण देहायमा उल्लेख गरिएको छ :

महाशाखा नं./ कार्यदल	सम्बन्धित मन्त्रालयहरु	अनुसन्धान अधिकृत तोकिएको संख्या	मन्त्रालय वा सो अन्तर्गतका क्षेत्र वा जिल्ला स्थित कार्यालयमा लेखी पठाएको संख्या
१	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	३९	८३
	जलस्रोत मन्त्रालय	१७	३२
	कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय	०	१३
	महालेखा परिक्षकको कार्यालय	०	०
	लोक सेवा आयोग	०	३
	निर्वाचन आयोग	०	३
	राष्ट्रिय मानव अधिकार आयोग	०	०
२	स्थानीय विकास मन्त्रालय	३०	१२४
	कृषि तथा सहकारी मन्त्रालय	१३	१३
	वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय	३	२
३	वन तथा भू-संरक्षण मन्त्रालय	१०	१३
	भौतिक योजना तथा निर्माण मन्त्रालय	४	१२
	गृह मन्त्रालय	७	६९
	परराष्ट्र मन्त्रालय	१	१
	शान्ति तथा पुनर्निर्माण मन्त्रालय	०	१
४	उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय	१०	२६
	महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय	५	१४
	सामान्य प्रशासन मन्त्रालय	०	३
	प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	०	६
	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	१३	३६
५	अर्थ मन्त्रालय	१२	२५
	श्रम तथा यातायात व्यवस्था मन्त्रालय	५	७
	सूचना तथा सञ्चार मन्त्रालय	१	७
	राष्ट्रिय योजना आयोग	०	१
	महालेखा नियन्त्रकको कार्यालय	०	०

महाशाखा नं./ कार्यदल	सम्वन्धित मन्त्रालयहरु	अनुसन्धान अधिकृत तोकिएको संख्या	मन्त्रालय वा सो अन्तर्गतका क्षेत्र वा जिल्ला स्थित कार्यालयमा लेखी पठाएको संख्या
६	शिक्षा तथा खेलकूद मन्त्रालय रक्षा मन्त्रालय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	१७ ० ३	१४५ ६ २४
शैक्षिक प्रमाणपत्र छानविन कार्यदल		५३	०
जम्मा:-		२४३	६६९

७. नक्कली शैक्षिक प्रमाणपत्र सम्वन्धी दायर भएका मुद्दाहरु :

आर्थिक वर्ष २०६४/६५ मा देहायमा उल्लेखित सरकारी कार्यालय, संस्थान र शैक्षिक निकायमा कार्यरत निम्न कर्मचारीहरुले शुरु नियुक्ति र बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली भएको तथ्य प्रमाणित हुन आएकोले तिनीहरु बिरुद्ध विशेष अदालतमा मुद्दा दायर भएको छ :-

क्र.सं	मुद्दा दायर मिति	प्रतिवादीको नाम	शैक्षिक योग्यता	पद र कार्यालय
१.	२०६४/४/१०	वेदराज गौतम	हाइस्कूल	शिक्षक, सल्यान
२.	२०६४/६/१०	कैलास सिंह	वि.एस्सी.	शिक्षक, इलाम
३.	२०६४/६/१०	गोपाल सिंह भाट	ईन्टर	प्र.स.नि., क्षेत्रीय प्रहरी तालीम केन्द्र, दिपायल
४.	२०६४/६/१३	महेश प्रसाद यादव	मध्यमा	इलेक्ट्रिसियन, नेपाल विद्युत प्रधिकरण
५.	२०६४/६/२२	श्यामवहादुर कोईराला	हाईस्कूल	भे.क.सु., जि.स्वा.का., तनहूँ
६.	२०६४/७/१८	नरेन्द्रजंग वहादुर सिंह	हाईस्कूल	स.ख., रा.वा. वैंक
७.	२०६४/७/१८	कृष्णप्रसाद घिमिरे	हाईस्कूल	गणक, रा.वा. वैंक
८.	२०६४/७/१८	सरस्वती श्रेष्ठ	हाईस्कूल	अ.सु.चा.जा., रा.वा.वैंक
९.	२०६४/८/५	दुर्गावहादुर आले	हाईस्कूल	स.ख., रा.वा. वैंक
१०.	२०६४/८/९	सिद्धि गणेश जोशी	ईन्टर	शिक्षक, वाजुरा
११.	२०६४/८/९	वुद्धिकृष्ण श्रेष्ठ	मध्यमा	खरिदार, ल.पु.उ.म.न.पा.
१२.	२०६४/८/९	प्रभातकुमार चौधरी	इन्टर	का.स., कृ.वि.वैं.
१३.	२०६४/८/९	गोपीकृष्ण देवकोटा	हाइस्कूल	स.ख., रा.वा. वैंक
१४.	२०६४/८/९	सीता सापकोटा	हाइस्कूल	अ.न.मि., जि.स्वा. का., वाग्लुङ्ग
१५.	२०६४/८/९	विपिनकुमार आले	इन्टर	ख.का.स., ने.वै.लि.
१६.	२०६४/८/१०	पुष्पराज राजभण्डारी	हाइस्कूल	गणक, रा.वा. वैंक
१७.	२०६४/८/२६	गोपाल के.सी.	हाइस्कूल	गणक, रा.वा. वैंक
१८.	२०६४/८/२६	जवाहर श्रेष्ठ	हाईस्कूल	गणक, रा.वा. वैंक
१९.	२०६४/८/२६	रामभक्त ठकुरी	इन्टर	गो.र., ने.वै.लि.
२०.	२०६४/८/२८	ध्यानवहादुर मोक्तान	वि.कम.	सहसमाचार वाचक, रेडियो नेपाल
२१.	२०६४/९/३	मनकुमारी गुरुङ्ग	हाइस्कूल	टाईपिष्ट, रे.प्र.से.वि.स.
२२.	२०६४/९/११	अन्न पूर्णेश्वरी सैंजु	हाइस्कूल	व.स., ने.वै.लि.
२३.	२०६४/९/११	हसना	हाइस्कूल	ग.स.तृतीय, रा. विमा सं.
२४.	२०६४/९/११	खेमराज पोखरेल	इन्टर	कुष्ठ सहायक, जि.स्व.का. धादिङ्ग
२५.	२०६४/९/१२	गिरीराज ओझा	इन्टर	स.ख., रा.वा. वैंक
२६.	२०६४/९/१७	नृपवहादुर वुढा	इन्टर	स.ख. रा.वा. वैंक
२७.	२०६४/९/१७	घमनवहादुर शाही	हाइस्कूल	स.ख. रा.वा. वैंक
२८.	२०६४/९/१७	सुनिता खड्का भण्डारी	पि.यू.आर्टस	ग्या.स., ने.प्रज्ञा प्र.
२९.	२०६४/९/२५	उत्तमप्रसाद ढकाल	वि.कम.	का.स., कृषि वि.वै.क
३०.	२०६४/९/२९	नेता के.सी.	मध्यमा	गणक, रा.वा. वैंक
३१.	२०६४/९/३०	रिला श्रेष्ठ	हाइस्कूल	गणक, रा.वा. वैंक

क्र.सं	मुद्दा दायर मिति	प्रतिवादीको नाम	शैक्षिक योग्यता	पद र कार्यालय
३२.	२०६४/९/३०	उपेन्दप्रसाद श्रेष्ठ	हाइस्कूल	गणक, रा.वा. वैंक
३३.	२०६४/१०/७	खगेन्द्रवहादुर वेढाथोकी	हाईस्कूल	स.ख., रा.वा. वैंक
३४.	२०६४/१०/११	नारायणी अधिकारी	हाइस्कूल	अ.सु.चा.जा., रा.वा. वैंक
३५.	२०६४/१०/१८	प्रतापकुमार ठाकुर	मध्यमा	शिक्षक,सुनसरी
३६.	२०६४/११/१६	भागीरथा चुडाल	आई.ए.	शिक्षक, मोरङ्ग
३७.	२०६४/११/१६	राजेशविक्रम सिजापति	इन्टर	स.ख., रा.वा. वैंक
३८.	२०६४/११/१६	महेन्द्रकुमार जोशी	इन्टर	गणक,रा.वा. वैंक
३९.	२०६४/११/१६	इश्वरी प्रसाद न्यौपाने	इन्टर	व.स. रा.वा. वैंक
४०.	२०६४/११/२१	नरहरी रायमाझी	माध्यमिक	अ.प्रे.मे., मुद्रण विभाग
४१.	२०६४/११/९	मदनवहादुर स्वाँर	हाइस्कूल	स.ख., रा.वा. वैंक
४२.	२०६४/१२/१४	विष्णुप्रसाद ज्ञवाली	इन्टर	स.ख., रा.वा. वैंक
४३.	२०६४/१२/१८	द्रोणवहादुर के.सी.	एस.एल.सी	शिक्षक, जि.शि.का., रोल्पा
४४.	२०६४/१२/१८	दिपेन्द्रवहादुर के.सी.	एस.एल.सी	शिक्षक, जि.शि.का., रोल्पा
४५.	२०६४/१२/१८	भरत आचार्य	वि.ए.	कर अधिकृत, विराटनगर उ.म.न.पा.,
४६.	२०६४/१२/२१	माधवप्रसाद काफ्ले	हाइस्कूल	गणक, रा.वा.वे.क
४७.	२०६५/१/६	नरेन्द्रप्रसाद खनाल	इन्टर	ब.सू.जा., ने. वै.लि.
४८.	२०६५/२/१	ओमकुमार वस्नेत	इन्टर	शा.अ., गृह मं. अन्तरगत
४९.	२०६५/२/१३	हेमराज अधिकारी	हाइस्कूल	स.ख., रा.वा. वैंक
५०.	२०६५/२/१९	सुरेन्द्रकुमार न्यौपाने	आई.कम.	का. स. कृ.वि. वैंक
५१.	२०६५/२/२७	वृषवहादुर सिंह	हाइस्कूल	ब.पि., ने.वै. लि.
५२.	२०६५/२/२७	रुद्रवहादुर वली	इन्टर	स.ख., रा.वा. वैंक
५३.	२०६५/३/२४	वलराम शर्मा	इन्टर	सहायक, खाद्य संस्थान
५४.	२०६५/३/२४	छमाया वुढामगर	हाइस्कूल	अ.हे.व., जि.स्वा. वाग्लुङ्ग

माथि उल्लेखित अभियुक्तहरुले नक्कली शैक्षिक प्रमाणपत्रहरु पेश गर्नुको प्रयोजन अनुसूची ४ मा दिइएको छ । नक्कली प्रमाणपत्र सम्बन्धमा आ.व. ०५७/५८ देखि आ.व. ०६४/६५ सम्म भएको फैसला विवरण र शैक्षिक प्रमाणपत्र सम्बन्धि मुद्दाहरुमा सफलता/असफलताको अनुपात अनुसूची ५ मा दिइएको छ ।

८. रोक्का जग्गा रोक्का नरहेको भनी भ्रष्टाचार गरेको मुद्दा :

क्र.सं.	आयोगको निर्णय संख्या र मिति	मुद्दाको प्रतिवादी	दावीको व्यहोरा	विगो रकम
१.	२४१ २०६४।१०।६	मालपोत कार्यालय कावासोतीका नवलपरासीका खरिदार ध्रुवराज ढुंगाना ऋणी शिवराज महतो	राष्ट्रिय वाणिज्य वैंक कावासोतीबाट ऋण लगानी भै रोक्का राखिएका जग्गा रोक्का रहेको छैन भनी झुठ्ठा विवरण दिई पुनः सोही जग्गा धितो लिई कृषि विकास वैंक, चोरमाराबाट दोहोरो ऋण लगानी भई वैंकहरुलाई हानी नोक्सानी तथा आफुहरुलाई गैरकानुनी लाभ पुऱ्याई भ्रष्टाचारजन्य कसूर गरेको देखिँदा खरिदार ध्रुवराज ढुंगानालाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिम र ऋणी शिवराज महतोलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम सजाय हुँन मागदावी लिएको ।	रु. ३०,३९,१९७-

२.	३१३ २०६४।१२।११	मालपोत कार्यालय, पर्साका खरिदार राम बृक्ष वर्मा ऋणी सुनिता महतो	नेपाल बैंक लि. विरगंजलाई ऋण बापत धितो दिई रोक्का रहेका विभिन्न कि.नं.का जग्गाहरु रोक्का रहेको छैन भनी झुठ्ठा विवरण दिई सो रोक्का रहेका जग्गाहरु मध्ये केही जग्गा पुनः अर्को बैंकलाई धितो दिई ऋण लिनुका साथै केही जग्गा अन्य व्यक्तिलाई हक हस्तान्तरण गरी बैंकहरुलाई हानी नोक्सानी र आफुहरुलाई गैरकानुनी लाभ पुऱ्याई भ्रष्टाचार जन्य कसूर गरेको देखिँदा खरिदार रामबृक्ष बर्मालाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) तथा प्रचलित भ्रष्टाचार निवराण ऐन, २०५९ को दफा ८(३) र सुनीता महतोलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम सजाय हुँन मागदावी लिइएको ।	रु. १,१२,१७,१८७३३

९. गैर कानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा :

क्र.सं.	आयोगको निर्णय संख्या र मिति	मुद्दाको प्रतिवादी	दावीको व्यहोरा	विगो रकम
१	१४५ २०६४।८।११	स्वास्थ्य सेवा विभागका तत्कालिन का.मु.महानिर्देशक लक्ष्मीराज पाठक, निजकी श्रीमती शुसिला पाठक	प्रतिवादी लक्ष्मीराज पाठकले आफ्नो पदीय हैसियत भन्दा बढी सम्पत्ती आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा श्री विशेष अदालतमा दायर गरिएकोमा अनुसन्धानको सिलसिलामा निजले बदनियत पूर्वक आफ्नो सम्पत्ती लुकाए छिपाएको देखिन आएकोले निज समेत उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(२), २० र ४७ अनुसारको कसूरमा सजाय गरी सम्पत्ती समेत जफत गर्ने मागदावी साथ विशेष अदालत ऐन, २०५९ को दफा ९ अनुसार पुरक आरोपत्र दायर गरिएको ।	रु. ७,००,०००।-

१०. घुस रिसवत सम्वन्धी भ्रष्टाचार गरेको मुद्दा :

क्र.सं.	आयोगको निर्णय संख्या र मिति	मुद्दाको प्रतिवादी	दावीको व्यहोरा	विगो रकम
१.	२१२ २०६४।९।२५	लागु औषध नियन्त्रण कानून कार्यान्वयन इकाई, नयाँबानेश्वरमा कार्यरत प्र.स.नि.सुरेश सिलवाल	प्र.स.नि सुरेश सिलवालले लागु औषध मुद्दाको अनुसन्धानको लागी हिरासतमा रहेका अभियुक्तसँग बदनियत पुर्वक आफु अनुसन्धान अधिकृत तोकिएको सोही लागु औषध मुद्दाको सन्दर्भमा बरामद भएको अभियुक्तको नामको चेकवुकबाट एकथान चेक निकाली आफुले सम्पादन गर्नुपर्ने काममा असर पर्ने गरी लाभ स्वीकार गरी अभियुक्तलाई उपलब्ध गराई सो चेकबाट रकम भुक्तानी लिन सहयोग गरी त्यस रकम मध्ये रु. ५०,०००।- आफुले लिनुखानु गरी भ्रष्टाचार गरेको देखिएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(ख) र ५(१) बमोजिम सजाय हुन	रु. ५०,०००।-

क्र.सं.	आयोगको निर्णय संख्या र मिति	मुद्दाको प्रतिवादी	दावीको व्यहोरा	विगो रकम
			मागदावी लिइएको ।	
२.	८ २०६४।४।३	जिल्ला प्रशासन कार्यालय ललिपतपुरका खरिदार अर्जुनकुमार घिमिरे, लेखन्दास रमेश भन्ने टुकनाथ ढकाल	प्रतिवादी अर्जुनकुमार घिमिरेले राष्ट्रसेवकको हैसियतले आफ्नो ओहोदा सम्बन्धी काम गर्दा रु. १०,०००।- रिसवत लिएको र प्रतिवादी रमेश भन्ने टुकनाथ ढकालले राष्ट्रसेवक कर्मचारीलाई रिसवत दिएको देखिन आएकोले निज दुवैजनालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(क) बमोजिम सजाय हुन मागदावी लिइएको ।	रु. १०,०००।-

११. सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको मुद्दा :

क्र.सं.	निर्णय संख्या	प्रतिवादी	दावीको व्यहोरा	विगो रकम
१	१९७ २०६४।९।१०	जिल्ला पशुसेवा कार्यालय, झापाका ना.प.से. प्रा. गुलावप्रसाद सिंह	प्रतिवादी गुलावप्रसाद सिंहले जिल्ला पशुसेवा कार्यालय, झापामा गरिवी निवारण बाखा पैचो कार्यक्रमका लागि निकाशा भएको रकम बाखा खरिद गर्न भनी भुक्तानी लिई सो रकम निजले खाई मासी हिनामिना गरी फरार रहेको देखिएकोले निजलाई भ्रष्टाचार विवरण ऐन, २०५० को दफा ३(ग) बमोजिम सजाय हुन र विगो असूल उपर गरीपाउँन समेतको मागदावी लिइएको ।	रु. २,६०,०००।-
२	३०५ २०६४।१२।४	पोखरा जि.कास्की पोखरा उप-महानगरपालिका वडा नं. ८ बस्ने श्रीकम्प्लेक्स प्रा.लि.पोखराका प्रवन्ध निर्देशक झलकलाल श्रेष्ठ	प्रतिवादी झलकलाल श्रेष्ठले सार्वजनिक निर्माण कार्यका लागि पोखरा उप-महानगरपालिकाबाट रकम पेश्की लिएकोमा उक्त उप-महानगरपालिकालाई गैरकानूनी हानी र आफुलाई गैरकानुनी लाभ पुऱ्याउने वदनियतले सोसँग गरेका शर्त, सम्झौता, कबूलियत पालन नगरी रकम हिनामिना गरी भ्रष्टाचार गरेको देखिएकाले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम सजाय हुँन मागदावी लिइएको ।	रु. १०,००,०००।-
३	२८८ २०६४।११।१२	शिक्षक टेकेन्द्र सिंह ठकुरी (श्री निम्न माध्यमिक विद्यालय, बनकट्टी, बाँके)	प्रतिवादी टेकेन्द्र सिंह ठकुरीले किर्ते कागजात बनाई आफुलाई गैरकानूनी फाइदा र कर्मचारी संचयकोषलाई हानी पुऱ्याउने कार्य गरेको देखिन आएकाले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिम सजाय हुन मागदावी लिइएको ।	रु. १,०३,२००।-
४	३०६ २०६४।१२।५	जि.नवलपरासी रामग्राम न.पा.वडा नं. २ बस्ने डोलराज खनाल	प्रतिवादी डोलराज खनालले सरकारी खाताबाट अनियमित तवरले रकम झिक्नुको साथै सम्बन्धित संस्थाहरुलाई भुक्तानी समेत नदिई हिनामिना गरेको देखिन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम सजाय हुन मागदावी लिइएको ।	रु. २,९२,०४२।६६
५	३५४ २०६५।२।१३	नेपाल टेलिकम पाटनका स्टोर किपर साधुराम थापा	प्रतिवादी साधुराम थापाले आफुले सम्पादन गर्नुपर्ने काम कर्तव्यको पालना नगरी बदनियतपूर्ण ढंगबाट आफु जिम्मामा रहेको नेपाल टेलिकमको नगद सरहका रिमकार्ड, सिमकार्ड एवं विभिन्न प्रकृतिका रिचार्ज	रु. ४२,७४,७००।-

			कार्डहरु हिनामिना गरी मासि खाएको देखिन आएकोले निजलाई भ्रष्टाचार निवराण ऐन, २०५९ को दफा १७ तथा दफा ३ को उपदफा १(छ) बमोजिम सजाय गरी पाउन मागदावी लिइएको ।	

१२. सार्वजनिक संस्थानलाई हानी पुऱ्याई भ्रष्टाचार गरेको मुद्दा :

क्र.सं.	आयोगको निर्णय संख्या र मिति	मुद्दाको प्रतिवादी	दावीको व्यहोरा	विगो रकम
१.	९० २०६४।६।३	जि. ओखलढुंगा ओखलढुंगा गा.वि.स. वडा नं. ७ वस्ने लालुदाश श्रेष्ठ	प्रतिवादी लालुदाश श्रेष्ठले नुन ढुवानी गरेको कृर्ते मुचुल्का एवं पत्र तयार गरी साल्ट ट्रेडिङ कर्पोरेसन लि.लाई हानी र आफुलाई गैरकानुनी फाइदा पुऱ्याएको देखिन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम सजाय हुन मागदावी लिइएको	रु. २,३९,०००।-

आर्थिक वर्ष २०६४/६५ मा आयोगबाट अभियोजन गर्न निर्णय गरिएका मुद्दाहरुमा जम्मा रु.२,४५,१३,८९७६७ (दुई करोड पैतालिस लाख तेह्र हजार आठ सय सन्तानव्वे र पैसा सतसट्ठी) विगो मागदावी लिइएको छ ।

१३. प्रत्यायोजित अधिकार अन्तर्गत भएका काम कारवाही :

मिति २०६३।१०।१ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी, पुनरावेदन सरकारी वकील कार्यालयका तथा जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलहरुलाई तोकिएको शर्त बमोजिम आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ । आ.ब. २०६४।०६५ मा पाँच बिकास क्षेत्र स्थित क्षेत्रीय प्रशासन कार्यालयहरुमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी ३३३ वटा उजूरी परेकोमा जम्मा २९१ वटा फछ्यौंट भई ४२ वटा फछ्यौंट हुन बाँकी नै रहेको विवरण प्राप्त हुन आएको छ । त्यसै गरी ७५ जिल्ला प्रशासन कार्यालयहरुमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी १५६८ वटा उजूरी परेकोमा जम्मा २७२ वटा फछ्यौंट भई १२९६ वटा फछ्यौंट हुन बाँकी नै रहेको विवरण प्राप्त हुन आएको छ । यसरी हेर्दा जिल्ला प्रशासन कार्यालयहरुबाट भएको कार्य सम्पादन आशातित रुपमा प्रभावकारी रहेको देखिदैन । भ्रष्टाचार सम्वन्धी परेको उजुरीको कार्य फश्र्यौटले प्राथमिकता नपाउनु र अनुसन्धान सम्वन्धी दक्षताको अभाव जस्ता कारणहरुले यसो हुन गएको मान्न सकिन्छ । यस सम्वन्धी विस्तृत तथ्याङ्क अनुसूची ६ र ७ मा दिइएको छ । आयोगमा परेका कूल उजूरी र फछ्यौंटको संख्यात्मक विवरण अनुसूची ८ र ९ मा दिइएको छ भने मुद्दा हारजितको स्थिति अनुसूची १० मा दिइएको छ ।

परिच्छेद-३
अभियोजन

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ बमोजिम सार्वजनिक पद धारण गरेका व्यक्ति उपर भ्रष्टाचारको आरोपको सम्बन्धमा चलेको कारवाही र त्यस सम्बन्धमा भएको अनुसन्धान र तहकिकातबाट निजले सो अपराध गरेको हो भन्ने विश्वास गर्नुपर्ने मनासिब कारण भएमा आयोगले त्यस सम्बन्धमा प्रचलित कानुनबमोजिम मुद्दा चलाउन सक्दछ। उल्लेखित प्रावधान अनुरुप आर्थिक वर्ष २०६४/६५ मा कसुरदार ठहरिएका अभियुक्तहरू विरुद्ध विशेष अदालत समक्ष दायर गरिएका मुद्दाहरू सम्बन्धी संक्षिप्त विवरण देहायमा उल्लेख गरिएको छ।

१. जिल्ला प्रशासन कार्यालय ललितपुरबाट रिसवत लिई राहदानी जारी गर्ने गरेको छ भनी प्राप्त हुन आएको सूचनाका आधारमा मानिस समेत पक्राउ गरी अनुसन्धान गरिएको र प्राप्त हुन आएको अनुसन्धान प्रतिवेदन समेतका आधारमा आयोगको मिति २०६४।४।३ को बैठकबाट देहाय बमोजिम गर्ने निर्णय भयो।

क. खरिदार अर्जुन कुमार घिमिरेका सम्बन्धमा:

प्रतिवादी जिल्ला प्रशासन कार्यालय ललितपुरका खरिदार अर्जुन कुमार घिमिरेले राष्ट्र सेवकको हैसियतले आफ्नो ओहोदा सम्बन्धी काम गर्दा आफ्नो निमित्त रु. १०,०००।- रिसवत लिएको कुरा निजका साथवाट वरामद भै पुष्टी हुन आएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उप दफा १ को कसुर गरेको देखिन आएकोले निज प्रतिवादी अर्जुनकुमार घिमिरेलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उप दफा १ देहाय (क) बमोजिम कैद र जरिवाना गरिपाउनका साथै वरामद भएको विगो रु १०,०००।- आयोगवाटै भरपाई गरी लगेको रकम हुँदा यस आयोगलाई फिर्ता गरिदिन माग दावी समेत लिई विषेश अदालत काठमाण्डौं समक्ष मुद्दा दायर गरियो।

ख. लेखनदास रमेश भन्ने टुकनाथ ढकालका सम्बन्धमा:

प्रतिवादी लेखनदास रमेश भन्ने टुकनाथ ढकालले रिसवत दिन भनी यस आयोगवाट भरपाई गरी लगेको रकम लिई सरकारी कर्मचारीलाई रिसवत दिएको र सो रकम सरकारी कर्मचारीवाट वरामद भै आउनुका साथै निजवाट समेत यस आयोगवाट भरपाई गरी लगेको रकम मध्ये रु. ३,०००।- समेत वरामद भै आएको देखिएको हुँदा प्रतिवादी रमेश भन्ने टुकनाथ ढकालले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा २ बमोजिमको कसूर गरेको देखिएकोले निज प्रतिवादी रमेश भन्ने टुकनाथ ढकाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा १ को देहाय (क) बमोजिम कैद र जरिवाना गरि पाउन साथै बरामद भएको विगो रकम रु.३,००० ।- यस आयोगबाट भरपाई गरी लगेको रकम हुँदा यस आयोगलाई फिर्ता गरि दिन माग दावी समेत लिई विशेप अदालत काठमाडौं समक्ष मुद्दा दायर गरियो।

२. नेपाल विद्युत प्राधिकरण विरगन्ज शाखामा कार्यरत ई.सि.महेशप्रसाद यादवले नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद् तथा विश्वविद्यालयबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको

देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।५।२६ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

३. क्षेत्रीय प्रहरी तालीम केन्द्र दिपायलमा कार्यरत प्र.नि. गोपाल सिंह भाटले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद् तथा विश्वविद्यालयबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।५।२६ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

४. कृषि विकास बैंक अन्तरगत शाखा कार्यालय लमहीका कार्यालय सहायक प्रभातकुमार चौधरीले नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद् तथा विश्वविद्यालयबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।५।२६ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

५. ललितपुर उप-महानगरपालिका कार्यालयमा खरिदार पदमा कार्यरत बुद्धिकृष्ण श्रेष्ठले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद् तथा विश्वविद्यालयबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।५।२६ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

६. भानोदय उच्च मा.वि. नौविस, बाजुराका शिक्षक सिद्धिगणेश जोशीले नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद् तथा विश्वविद्यालयबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।५।२६ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

७. आदर्श उच्च माध्यमिक विद्यालय, इलामका तत्कालिन माध्यमिक तह तृतीय श्रेणीका शिक्षक कैलाश सिंहले नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।५।२६ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

८. कालिका प्राथमिक विद्यालय, कालागाउँ, सल्यानको प्राथमिक विद्यालय दरवन्दीमा कार्यरत प्राथमिक विद्यालय शिक्षक वेदराज गौतमले सुरु नियुक्ति हुन पेश गरेको शैक्षिक योग्यताको प्रमाण-पत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद्, उत्तरप्रदेश भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाण-पत्र नक्कली एवं झुठ्ठा देखिन आएकाले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसुर गरेको देखिन आएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६४।५।२६ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

९. साल्ट ट्रेडिङ लि. संग २०० क्वीन्टल नून भैरहवावाट गोरखा जिल्लाको सिर्दिवास गा.वि.स. सम्म ढुवानी गर्ने सम्झौता गरी ठेक्का लिएका ठेकेदार लालुदाश श्रेष्ठले १०० क्वीन्टल नून मात्र ढुवानी गरेकोमा वाँकी १०० क्वीन्टल नून ढुवानी नै नगरी किर्ते झूठ्ठा मुचुल्का वनाई नून ढुवानी गरीसकेको प्रमाण खडा गरी, जिल्ला प्रशासन कार्यालयमा कागजात पेश गरी २०० क्वीन्टल नून ढुवानी गरे वापतकै समेत सम्पूर्ण रकम रु. ४,७८,०००।- (रुपैया चारलाख अठहत्तर हजार) भुक्तानी लिएको देखियो । सम्झौता बमोजिम २०० क्वीन्टल नै ढुवानी गर्नु पर्नेमा १०० क्वीन्टल मात्र ढुवानी गरी किर्ते झुठ्ठा प्रमाणको आधारमा साल्ट ट्रेडिङ कर्पोरेशनवाट ढुवानी नगरेको नून ढुवानी वापतको रु. २,३९,०००।- लिई खाई सार्वजनिक संस्थालाई गैह्र कानूनी हानीनोक्सानी र आफूलाई गैह्र कानूनी फाइदा पुग्ने कार्य गरी भ्र.नि.ऐन २०५९ को दफा ८ को उपदफा (४) अन्तर्गतको कसूर गरेको पुष्टि हुन आएकोले निज लालुदाश श्रेष्ठलाई भ्र.नि.ऐन २०५९ को दफा ८ को उपदफा (४) को सजायको मागदावी र निजवाट उक्त रकम रु. २,३९,०००।- (रु.दुइ लाख उनन्चालीस हजार मात्र) असूल उपर गर्ने मागदावी लिई आयोगको मिति २०६४।६।३ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

१०. स्वास्थ्य सेवा बिभाग अन्तर्गतको नेपाल औलो उन्मूलन संघका जिल्ला स्थित कार्यालयहरु तथा जिल्ला जनस्वास्थ्य कार्यालयहरुमा कार्यरत रही भेक्टर कन्ट्रोल सुपरभाइजर अधिकृत (छैंटौ तह) पदबाट हाल सेवा निवृत्त भएका श्यामबहादुर कोइरालाले स्थायी नियुक्ती प्रयोजनका लागी पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रउपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं बिबरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूठा देखिन आएका र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुंदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९

को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।६।७ को निर्णयानुसार बिशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

११. जिल्ला स्वास्थ्य कार्यालय बाग्लुङमा कार्यरत अ.न.मी. (सहायक चौथो) सीता सापकोटाले नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा माध्यमिक शिक्षा परिषद क्षेत्रिय कार्यालय वाराणसी भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार कसूर गरेको देखिन आएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६४।६।९ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा रीत पूर्वकको आरोप पत्र तयार गरी मुद्दा दायर गरियो ।

१२. राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, कावासोतीमा कार्यरत सहायक ख.(सहायक चौथो) गोपिकृष्ण देवकोटाले वढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा माध्यमिक शिक्षा परिषद क्षेत्रिय कार्यालय वाराणसी भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार कसूर गरेको देखिन आएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६४।६।९ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

१३. राष्ट्रिय वाणिज्य बैंक केन्द्रिय कार्यालय काठमाडौंका पुष्पराज राजभण्डारीले बढुवा प्रयोजनका लागि पेश गरेको माध्यमिक शिक्षा परिषद् उत्तर प्रदेश, भारतवाट हाइस्कुल परीक्षा उत्तीर्ण शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।६।९ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

१४. राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय परासीका गणक (नगद सहायक) कृष्णप्रसाद घिमिरेले बढुवा प्रयोजनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषदबाट प्राप्त पत्र एवं प्रमाणिकरण बिवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठो देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार कसूरजन्य देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) बमोजिम सजाय माग दावी लिई आयोगको मिति २०६४।६।१० को निर्णयानुसार बिशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

१५. राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय ठमेलकी सून चाँदी जाँचकी सरस्वती श्रेष्ठले बढुवा प्रयोजनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषदबाट प्राप्त पत्र एवं प्रमाणिकरण बिवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठो देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार कसूरजन्य देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) बमोजिम सजाय माग दावी लिई आयोगको मिति २०६४।६।१० को निर्णयानुसार बिशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

१६. जिल्ला बझाङ्ग, सुवेडा गा.वि.स. वडा नं. ४ मा स्थायी ठेगाना भई राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, शाखा कार्यालय, धनगढीमा सहायक (ख) पदमा स्थायी रुपमा कार्यरत नरेन्द्रजंगबहादुर सिंह (९७८७) ले सेवा प्रवेश र पदोन्नतिका लागि भारतबाट हाईस्कुल उतिर्ण गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरेको र सो प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसुर गरेको देखिन आएकोले निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६४।६।१० को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

१७. राष्ट्रिय वाणिज्य बैंकको गणक तह ४ पदमा कार्यरत नेता के.सी.ले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।६।१० को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

१८. राष्ट्रिय वाणिज्य बैंक लिमिटेड अन्तर्गत स.ख. (चौथो तह) पदमा कार्यरत नृप बहादुर वुढाले बढुवा हुन पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद, क्षेत्रीय कार्यालय इलाहावाद, उत्तरप्रदेश भारतबाट प्राप्त पत्र एवं विवरणका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसुर गरेको देखिन आएकोले निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मांग दावी लिई आयोगको मिति २०६४।६।१५ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

१९. राष्ट्रिय वाणिज्य बैंक लिमिटेड अन्तर्गत स.ख. (चौथो तह) पदमा कार्यरत घमन बहादुर शाहीले बढुवा हुन पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद, क्षेत्रीय कार्यालय इलाहाबाद, उत्तरप्रदेश भारतबाट प्राप्त पत्र एवं निम्न विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसुर गरेको देखिन आएकोले निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मांग दावी लिई आयोगको मिति २०६४।६।१५ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

२०. नेपाल बैंक लिमिटेडको तह-६, खजाञ्ची (सहायक प्रवन्धक) पदमा कार्यरत विपिन कुमार आले (७७१९) ले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगवाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्वन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) अनुसार कसूर गरेको देखिन आएको हुंदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।६।२३ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

२१. राष्ट्रिय वाणिज्य बैंकको स.ख. पदमा कार्यरत दुर्गाबहादुर आलेले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।६।२७ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

२२. रेडियो प्रसार सेवा विकास समिति रेडियो नेपालमा कार्यरत टाइपिष्ट (तह ३) मानकुमारी गुरुङ्गले बढुवा प्रयोजनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषदबाट प्राप्त पत्र एवं प्रमाणिकरण बिवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठो देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार कसूरजन्य देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) बमोजिम सजाय माग दावी लिई आयोगको मिति २०६४।७।१४ को निर्णयानुसार बिशेष अदालत काठमाडौं मुद्दा दायर गरियो ।

२३. रेडियो प्रसार सेवा विकास समितिको सह समाचार वाचक (तामाङ भाषा) पदमा कार्यरत ध्यानबहादुर मोक्तानले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र

एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।७।२८ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

२४. राष्ट्रिय वाणिज्य बैंकको तह-४ सहायक 'ख' पदमा कार्यरत गिरीराज ओझा (९६८८) ले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगवाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्वन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) अनुसार कसूर गरेको देखिन आएको हुंदा निजलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।८।२ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

२५. जिल्ला स्वास्थ्य कार्यालय धादिङमा कार्यरत क्षय कुष्ठ सहायक कर्मचारी खेमराज पोखरेलले सरकारी सेवा प्रवेशको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं प्रमाणिकरण विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठो देखिन आएको र निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार कसूरजन्य देखिन आएको हुँदा निजलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६४।८।२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२६. राष्ट्रिय वाणिज्य बैंकमा कार्यरत सुन चाँदी जाँचकी नारायणी अधिकारीले राष्ट्रिय वाणिज्य बैंकमा सेवा प्रवेशको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं प्रमाणीकरण विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठो देखिन आएको र निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार कसूरजन्य देखिन आएको हुँदा निजलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६४।८।२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२७. स्वास्थ्य सेवा विभागका तत्कालिन का.मु. निर्देशक लक्ष्मीराज पाठकले आफ्नो पदीय हैसियत भन्दा बढी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने समेत उजुरी परी यस आयोगबाट अनुसन्धान भई निज लक्ष्मीराज पाठक समेतउपर विगो रु. ६९,४३,४४४।३६ कायम गरी आयोगको २०६१।१।२८ को निर्णयानुसार विशेष अदालतमा आरोपपत्र दायर भई विचाराधिन रहेकोमा थप सम्पत्ति फेला परेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान तहकिकात गरी आयोगको मिति २०६४।८।११ को निर्णयानुसार

स्वास्थ्य सेवा विभागका तत्कालिन का.मु.महानिर्देशक लक्ष्मीराज पाठकले आफ्नो पदीय हैसियतभन्दा बढी सम्पत्ति आर्जन गरेको विषयमा आयोगमा उजुरी परी अनुसन्धान तहकिकात गरी रु.६९,४३,४४४।३६ बिगो कायम गरी २०६१।१।२८ को आयोगको निर्णयानुसार विशेष अदालत काठमाडौंमा अभियोग पत्र पेश भई मुद्दा विचाराधिन रहेकोमा सोही विषयमा थप सम्पत्ति रहेको उजुरी परी यस आयोगबाट सम्बन्धित निकायमा बुझ्दा निजकी पत्नी शुशिला पाठकको नाममा भागेश्वर एकेडेमी फर हेल्थ साइन्समा रु.७,००,०००।- को ७००० कित्ता शेयर रहेको देखियो । आयोगद्वारा साविकमा भएको सम्पत्ति सम्बन्धी अनुसन्धानको सिलसिलामा निजको हाल देखिन आएको भागेश्वर एकेडेमी फर हेल्थ साइन्समा श्रीमती शुशिला पाठकका नाउँमा रहेको रु.७,००,०००।- मूल्यको ७,०००।- थान शेयर रहेको कुरा उल्लेख गरेको पाइएन । निजले आयोगमा उपस्थित भई गरेको बयानमा उक्त शेयर निजकी श्रीमती शुशिला पाठककै नाउँमा रहेको भनी स्वीकार गरेको देखिंदा निजले बदनियतपूर्ण तरिकाले उक्त शेयर भएको तथ्य पहिलो अनुसन्धानको क्रममा लुकाए छिपाएको देखिन आयो । तसर्थ निज लक्ष्मीराज पाठकले रु. ७,००,०००।- बराबरको सम्पत्ति अवैध तरिकाले आर्जन गरी लुकाए छिपाएको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (२), २० र ४७ अनुसारको कसूरमा निजलाई सजाय गरी सम्पत्ति जफत गर्ने मागदावी साथ विशेष अदालत ऐन, २०५९ को दफा ९ अनुसार विशेष अदालत काठमाडौंमा पूरक अभियोग पेश गरियो ।

२८. राष्ट्रिय बीमा संस्थानका सहायक "ग" हसना कार्कीले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रउपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।८।१२ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

२९. नेपाल बैंक लिमिटेडका वरिष्ठ सहायक अन्नपूर्णेश्वरी सैजू (श्रेष्ठ) ले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।८।१२ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

३०. नेपाल बैंक लिमिटेड, चापागाउँ शाखाका वरिष्ठ सहायक (गोदाम रक्षक) रामभक्त ठकुरीले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर

गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।८।१२ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

३१. राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, गुल्मीको गणक खजाञ्ची, सहायक चौथो (तह-४) पदमा कार्यरत जवाहर श्रेष्ठ (५१६९) ले वढुवा प्रयोजनको लागि पेश गरेको निम्न विवरणको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर भएको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।८।१३ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

३२ राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, वर्दघाट, नवलपरासीको गणक खजाञ्ची, सहायक चौथो (तह-४) पदमा कार्यरत गोपाल के.सी. (४३९५) ले वढुवा प्रयोजनको लागि पेश गरेको निम्न विवरणको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर भएको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।८।१३ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

३३. हेभि इक्विपमेन्ट डिभिजन, नेपालगञ्ज, बाँकेमा कार्यरत सिनीयर स्टोर मेकानिक रा.प्र.अनं.प्रथम (प्रा.) पदमा कार्यरत विश्व नवीन कल्पना कन्दङ्गवाले जिल्ला प्रशासन कार्यालय तेहथुमबाट आफ्नो जन्म मिति २०१०।४।२२ राखी मिति २०३३।७।३ मा ८६ न्न को नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेकोमा पुनः मिति २०५१।१२।९ मा जन्म मिति २०१८।४।२२ राखी जिल्ला प्रशासन कार्यालय, बाँके, नेपालगंजबाट २३७३ नं. को दोश्रो नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गरी सोही दोश्रो नागरिकताको आधारमा मिति ०५३।१।२३ मा सडक विभाग अन्तर्गत यान्त्रिक कार्यालय, वीरेन्द्रनगर सुर्खेतको रा.प.अनं.द्वितीय श्रेणीको मेकानिक्स पदमा स्थायी नियुक्ति पाएको र पुनः मिति ०५३।६।२९ मा सडक विभाग अन्तर्गत हेभी इक्विपमेन्ट डिभिजन नेपालगंज बाँकेको रा.प.अनं. प्रथम प्रा. सिनीयर स्टोर मेकानिक पदमा स्थायी नियुक्ति भई हालसम्म कार्यरत नै रही रहेको देखिंदा निजले निजामती सेवामा स्थायी नियुक्ति पाउनको लागि २०५३।१।२३ मा आफ्नो उमेर ३५ वर्ष नाघिसकेको कारण झुठा विवरण दिई उमेर घटाई पुनः दोश्रो पटक नागरिकता प्राप्त गरी सोही नागरिकताको आधारमा निजामती सेवामा स्थायी नियुक्ति पाएको देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर भएको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन

मागदावी लिई आयोगको मिति २०६४।८।१३ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

३४. नेपाल प्रज्ञा प्रतिष्ठानमा ग्यालरी सहायक (रा.प.अनं.प्रथम) पदमा कार्यरत सुनिता भण्डारी (खड्का) ले सेवा प्रवेशका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित गुहाटी विश्वविद्यालय आसाम, भारतबाट प्राप्त पत्र एवं विवरणका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसुर गरेको देखिन आएकोले निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मांग दावी लिई आयोगको मिति २०६४।८।१७ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

३५. मुद्रण विभागमामा कार्यरत अफसेट प्रेसम्यान नरहरी रायमाझीले राष्ट्र सेवकको पदमा नियुक्ती पाउनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित शिक्षा परिषद विहार विद्यालय परिक्षा समिति, भारतबाट प्राप्त पत्र एवं तल उल्लेखित विवरण समेतका आधारमा प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसुर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।८।१९ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३६. रा.वा. बैंक, शाखा कार्यालय, तुल्सीपुर दाङ्गका सहायक ख. चौथो तहका कर्मचारी रुद्रबहादुर वलीले संस्थानको आन्तरिक बढुवा प्रयोजनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं प्रमाणीकरण विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठो देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार कसूरजन्य देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय माग दावी लिई आयोगको मिति २०६४।९।१० को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

३७. राष्ट्रिय वाणिज्य बैंकका सहायक ख. खगेन्द्रबहादुर बुढाथोकीले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।९।१० को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

३८. राष्ट्रिय वाणिज्य बैंकका गणक रिला श्रेष्ठले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।९।१० को निर्णयानुसार विशेष अदालत काठमाडौं मुद्दा दायर गरियो ।

३९. राष्ट्रिय वाणिज्य बैंकका गणक उपेन्द्रप्रसाद श्रेष्ठले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएका र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।९।१० को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

४०. कृषि विकास बैंकका कार्यालय सहायक उत्तमप्रसाद ढकालले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित विश्वविद्यालयबाट प्राप्त पत्र एवं विवरणका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएका र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।९।१० को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

४१. जिल्ला पशुसेवा कार्यालय, झापाका ना.प.से.प्रा.गुलावप्रसाद सिंहले नेपाल सरकारको आ. व. ०६२।०६३ को गरिवी निवारण बाखा पैंचो कार्यक्रमको लागि निकासा भएको रकम मध्ये रु. दुई लाख साठी हजार लिई मासी फरार रहेको भन्ने जिल्ला पशु सेवा कार्यालय झापाको च.नं. ९३ मिति २०६३।५।१२ को पत्र र पशु सेवा विभागको च.नं. १००४ प.सं. क.प्र. ०६३।६४ मिति २०६३।१०।१७ को पत्र समेतबाट उल्लेख गरी आएको र राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय भद्रपुरको च.नं.७३९ मिति २०६४।९।२ को पत्रसाथ निजले मिति २०६३।२।१४ मा चेक नं. ८७९६९२ बाट रु. १,६०,०००।- (एकलाख साठ्ठी हजार) र मिति २०६३।२।२४ चेक नं. ८७९६९३ बाट रु. १,००,०००।- (एक लाख) गरी जम्मा रु. २,६०,०००।- (दुई लाख साठ्ठी हजार) बैकबाट बुझि लगेको सक्कलै चेकहरु प्राप्त हुन आएका र जिल्ला पशुसेवा कार्यालय भद्रपुर, झापाको प.सं. ०६३।६४ च.नं. १२९ मिति २०६४।७।१५ गतेको पत्रसाथ हरियाली बाखा पालक कृषक समिति जलथल ९ झापाको चेक नं. s/50 ८७९६९१ देखि ८७९७०० सम्मको चेक बुकबाट उल्लेखित कर्मचारी गुलावप्रसाद सिंहले बुझिलिएको चेकको अर्धकट्टी संलग्न भएको चेक बुक समेत प्राप्त हुन आएकोले निज ना.प्र.से.प्रा. गुलावप्रसाद सिंहले नेपाल सरकारको गरिवी निवारण बाखा

पैंचो कार्यक्रम अन्तर्गतको रकम मध्ये जम्मा रु २,६०,०००। (दुईलाख साठ्ठी हजार रुपैया) वदनियत पूर्वक हिनामिना गरी भ्रष्टाचार गरेको पुष्टी हुन आएको हुँदा निज ना.प.स.प्रा. गुलावप्रसाद सिंहले नेपाल सरकारको जिल्ला पशु सेवा कार्यालय, झापाको गरिवी निवारण बाखा पैंचो कार्यक्रम अन्तर्गतको रु. २,६०,०००। (दुई लाख साठी हजार) हिनामिना गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिम कसुर अपराध गरेको देखिदा निजलाई सोही ऐनको दफा १७ र दफा ३(घ) बमोजिम सजायँ गरी पाउन तथा निज प्रतिवादीले भ्रष्टाचार गरेको विगो रु २,६०,०००। (दुई लाख साठी हजार) ऐ. ऐनको दफा १७ अनुसार निजबाट असुल उपर गरी जिल्ला पशु सेवा कार्यालय झापालाई दिलाई भराई पाउन समेतको अभियोग माग दावी लिई आयोगको मिति २०६४।९।१० को निर्णयानुसार विशेष अदालत काठमाडौं समक्ष मुद्धा दायर गरियो ।

४२. मिति २०६४।८।८ गते लागु औषध (ब्रुपिनर्फिन) सहित राज लामा तामाङ्ग पक्राउ परेका, अनुसन्धानको क्रममा निजको नामको नेपाल बंगलादेश बैंक लि.को चेक बुक समेत फेला परी बरामद गरी ल्याइएकोमा निज राज लामा तामाङ्ग उक्त मुद्दाको अनुसन्धानको शिलशिलामा हिरासतमै रहेको अवस्थामा मुद्दा शाखाका प्र.स.नि.सुरेश सिलवालले बरामद भएको चेक बुकबाट एकप्रति चेक निकाली राज लामा तामाङ्गलाई उपलब्ध गराएबाट उक्त चेकबाट रु. १,९०,०००।- आफ्नो श्रीमतीको नामबाट बैंकबाट निकाल्न निज राज लामा तामाङ्ग सफल भएको, त्यसरी हिरासतमा रहेको अवस्थामा बैंकबाट रकम भुक्तानी दिलाउन सहयोग गरे बापत प्र.स.नि.सुरेश सिलवालले राज लामा तामाङ्गबाट रु. ५०,०००।- घुस रिशवत लिएको खुल्न आएको भन्ने प्र.नि. राम प्रकाश शाहको जाहेरी प्रतिवेदनमा उल्लेख भएको देखिएको र राज लामा तामाङ्ग मिति २०६४।८।८ अर्थात २४-११-२००७ मा पक्राउ परी प्रहरी हिरासतमा रहेको भन्ने जाहेरी प्रतिवेदनमा उल्लेख भएको छ भने मिसिल संलग्न बैंक स्टेटमेन्टबाट राज लामा तामाङ्गको नामको बैंक खाताबाट मेनका लामाको नाममा चेक नं. ६२१०७६ बाट रु. १,९०,०००।- चार दिन पछाडि अर्थात २८-११-२००७ मा भुक्तानी भएको देखिएबाट निज हिरासतमै रहेको अवस्थामा उक्त रकम भुक्तानी भएको भन्ने तथ्य निर्विवाद रुपमा स्थापित भएको छ ।

लागु औषध नियन्त्रण कानून कार्यान्वन इकाइद्धारा गठित छानविन समिति समक्ष प्र.स.नि. सुरेश सिलवालले प्र.नि. राम प्रकाश शाहको जाहेरी प्रतिवेदनमा उल्लेखित व्यहोरालाई स्विकार गर्दै राज लामा तामाङ्गको चेक भुक्तानी गराइदिएबापत प्राप्त गरेको रु. ५०,०००।- मध्ये रु. २५,०००।- आफुले राखी रु. २५,०००।- राम वाग्ले नामक व्यक्तिलाई दिएको भनी बयान दिएको पाइयो । निज प्र.स.नि.ले आयोग समक्ष बयान गर्दा उल्लेखित तथ्यलाई इन्कार गरे पनि निजैले हिरासतमा रहेको अवस्थामा राज लामा तामाङ्गलाई बरामद चेक उपलब्ध गराई दिएको, उक्त चेकबाट रु. १,९०,०००।- भुक्तानी लिन सफल भएको र सो रकम मध्ये रु. ५०,०००।- निज प्र.स.नि.लाई शर्त मुताविक दिएको भनी राज लामा तामाङ्ग र निजको श्रीमती मेनका तामाङ्गले आयोग समक्ष समेत कागज गरेबाट प्र.स.नि. सुरेश शिलवालले आयोग समक्ष गरेको बयान खण्डित भएको देखिन आयो । निजले आयोग समक्ष आफु माथिका प्रहरी कर्मचारीहरुले रिशइविले झुठ्ठा आरोप लगाएको भनी बयानमा उल्लेख गरे पनि निज उपर झुठ्ठा आरोप लगाउन पर्ने सम्मको विश्वास लायक कारण र अवस्था संकलित तथ्य एवं निजको बयान समेतबाट देखिन आएन । यस अतिरिक्त निज प्र.स.नि.मुद्दा शाखामा कार्यरत कर्मचारी भएको भन्ने प्रहरीको मौकाको जाहेरी प्रतिवेदन समेतबाट देखिन आएकोमा आयोग समक्ष बयान गर्दा आफु उक्त शाखामा काम गर्न जिम्मेवारी तोकिएको कर्मचारी होइन भनी उल्लेख गरेको सन्दर्भमा स्पष्ट गरी पठाउन निज कार्यरत कार्यालयलाई अनुसन्धानको क्रममा सोधनी गर्दा निज मुद्दा शाखामा काम गर्ने कर्मचारी भएको र राज लामा तामाङ्गसँग सम्बन्धित लागु औषध मुद्दामा निज प्र.स.नि.अनुसन्धान अधिकृत तोकिएको भनी

लेखि आएबाट समेत आयोग समक्षको निजको बयान झुठा एवं कपोल कल्पित देखिन आई प्रहरीको मौकाको जाहेरी प्रतिवेदन र अनुसन्धानको क्रममा आयोगबाट बुझिएका राज लामा तामाङ्ग समेतका व्यक्तिहरुको निजले बरामद चेक उपलब्ध गराई दिई रु. ५०,०००।- लिनु खानु गरेको भन्ने भनाईमा सत्यता देखिन आएको छ। प्र.स.नि.सुरेश सिलवालले आफ्नो ओहोदा सम्बन्धी कामकाज गर्ने सिलसिलामा लागु औषध मुद्दाको अनुसन्धानको लागि हिरासतमा रहेका राज लामा तामाङ्गलाई बदनियतपूर्वक आफु अनुसन्धान अधिकृत तोकिएको लागु औषध मुद्दाको सन्दर्भमा बरामद भएको निज राज लामा तामाङ्गको चेकबुकबाट एउटा चेक निकाली आफुले सम्पादन गर्नुपर्ने काममा असर पर्ने गरी लाभ स्विकार गरी उपलब्ध गराई सो चेकबाट रु. १,९०,०००।- भुक्तानी लिनसहयोग गरी त्यस रकम मध्ये रु. ५०,०००।- आफुले लिनु खानु गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(ख) र ५(१) बमोजिमको कसूर गरेको देखिन आएको हुँदा निज प्र.स.नि. सुरेश सिलवाललाई सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(ख) र ५(१) बमोजिम सजाय गरी पाउने मागदावी लिई आयोगको मिति २०६४।९।२५ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

४३. रा.वा. बैंक, शाखा कार्यालय, तौलिहवाका सहायक ख. चौथो तहका कर्मचारी बिष्णुप्रसाद ज्ञवालीले संस्थानको आन्तरिक बढुवा प्रयोजनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं प्रमाणीकरण विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार कसूरजन्य देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय माग दावी लिई आयोगको मिति २०६४।९।२५ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

४४. पंचायत नि.मा.वि., वकलौरी-२, सुनसरीका प्रा.शि.तृतीय पदमा कार्यरत प्रताप ठाकुरले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित विश्वविद्यालयबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएका र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।१०।३ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

४५. रा.वा. बैंक, शाखा कार्यालय, मंगलसेन अछ्राममा कार्यरत सहायक चौथौं तहका कर्मचारी मदन वहादुर स्वाँरले संस्थानको आन्तरिक बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं प्रमाणीकरण विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठा देखिन आएका र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार कसूरजन्य देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम

सजाय माग दावी लिई आयोगको मिति २०६४।१०।६ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

४६. राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, शाखा कार्यालय टेकुका गणक महेन्द्र कुमार जोशी (४५८५) ले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएका र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।१०।६ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

४७. राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, शाखा कार्यालय किर्तिपुरका सहायक चौथो राजेश विक्रम सिजापति (९५३५) ले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएका र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।१०।६ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

४८. राष्ट्रिय बाणिज्य बैंक, कावासोतीबाट रीण लगानी भै रोक्का रहेका विभिन्न कित्ता जग्गाहरूलाई मालपोत कार्यालयका कर्मचारीसमेतको मिलोमतोमा रीणी हिरा राइस मिलका प्रो.नाथुराम महतोले पुनः अर्को बैंकमा धितो राखी रीण लिई बैंकलाई हानी नोक्सानी गरेको भन्ने समेत विषयको उजुरीउपर अनुसन्धान तहकिकात गरी आयोगको मिति २०६४।१०।६ को वैठकवाट निम्नानुसार निर्णय गरियो ।

क. ऋणी शिवराज महतोको हकमा :

राष्ट्रिय बाणिज्य बैंक, कावासोतीबाट हिरा राइस मिलका प्रो.नाथुराम महतोलाई आफ्नो नाउंमा रहेको जिल्ला नवलपरासी,कोल्हुवा गा.वि.स.वडा नं.२ ग को कि.नं.५१, ५२, २२३, तथा वडा नं.२ क को कि.नं. ३६, ३२८, ३३४ र ३३६ समेतका जग्गाहरु धितोको रुपमा राख्न दिई मिति २०५६/२/३१ मा प्रथम चरणमा रु. ७,००,०००।- (सात लाख) समेत गरी जम्मा रु. १०,०१,६६०।- (दश लाख एक हजार छसय साठी) कर्जा लगानी भई उक्त बैंकबाट उपरोक्त कि.नं.र क्षे.फ.का जग्गाहरु रोक्का राखिएकोमा उपरोक्त ऋण चुक्ता नगरी शिवराज महतोले उपरोक्त कि.नं. र क्षे.फ.मध्ये जिल्ला नवलपरासी, कोल्हुवा गा.वि.स.वडा नं.२ ग को कि.नं.५१, ५२ र वडा नं.२ क को ,कि.न.३६ का जग्गाहरुको लालपुर्जा हराएको भनी बद्नियतपूर्वक मालपोत कार्यालय कावासोतीमा निवेदन दिई रोक्का फाँटमा कार्यरत खरिदार ध्रुवराज ढुंगानासंग मिलेमतो गरी रोक्का भएका जग्गाहरु रोक्का छैन भन्ने व्यहोरा लेख्न लगाई सोही आधारबाट अर्को लालपुर्जा समेत लिन सफल भएकोमा उक्त लालपुर्जाबाट मिति २०५९/९/२८ मा कृषि विकास बैंक चोरमाराबाट समेत ऋण लिएकोमा यसरी दोहोरो ऋण लिएको मध्ये मिति २०६४/६/८ सम्मको राष्ट्रिय बाणिज्य बैंक, कावासोतीको साँवा ब्याज समेत गरी रु. २४,०१,१३४।- (चौविस लाख एक हजार एक सय चौंतिस) र मिति २०६४/६/१४ सम्मको कृषि विकास बैंक चोरमाराको साँवा ब्याज गरी रु. ६,३८,०६३।- (छ लाख अठतिस हजार त्रिसठ्ठी) समेत गरी जम्मा रु. ३०,३९,१९७।- (तीस

लाख उनान्चालिस हजार एक सय सन्तानब्बे) उल्लेखित बैंकहरुको लगानी डुब्न गई उक्त रकम आफूलाई गैरकानूनी लाभ र सरकारी स्वामित्व भएको संस्थालाई गैरकानूनी हानी नोक्सानी पुऱ्याई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुर गरेको हुनाले यी प्रतिवादीलाई उक्त ऐनहरुका उक्त दफा बमोजिम विगो असुल उपर र सजाय हुने मागदावी लिई विशेष अदालत काठमाडौमा मुद्दा दायर गरियो ।

ख. खरिदार ध्रुवराज ढुङ्गानाको हकमा :

राष्ट्रिय बाणिज्य बैंक, कावासोतीबाट हिरा राइस मिलका प्रो.नाथुराम महतोले शिवराज महतोको नाउंमा रहेको जिल्ला नवलपरासी,कोल्हुवा गा.वि.स.वडा नं.२ ग को कि.नं.५१, ५२, २२३ तथा वडा नं.२ क को कि.नं. ३६, ३२८, ३३४ र ३३६ समेतका जग्गाहरु धितोको रुपमा राखी मिति २०५६/२/३१ मा प्रथम चरणमा रु. ७,००,०००।- (सात लाख) समेत गरी जम्मा रु. १०,०१,६६०।- (दश लाख एक हजार छसय साठी) कर्जा लगानी भई उक्त बैंकबाट उपरोक्त कि.नं.र क्षे.फ.का जग्गाहरु रोक्का राखिएको अवस्थामा शिवराज महतो कै नाममा दर्ता रहेको जिल्ला नवलपरासी,कोल्हुवा गा.वि.स.वडा नं.२ ग को कि.नं.५१, ५२, वडा नं.२ क को कि.नं. ३६ का रोक्का राखिएकै जग्गाहरु पुनः मिति २०५९/९/२८ मा कृषि विकास बैंक चोरमाराबाट शिवराज महतोले ऋण लिने प्रयोजनको लागि जग्गाधनी पुर्जा पेश गरी सो जग्गाधनी पुर्जामा उल्लेख भएका कि.नं. र क्षे.फ.का जग्गाहरु उक्त बैंकबाट ऋण लिदाँ कृषि विकास बैंकले उपरोक्त कि.नं.का जग्गाहरु रोक्काको लागि मालपोत कार्यालय कावासोतीमा पत्राचार गर्दा मालपोत कार्यालय कावासोतीका तत्कालिन खरिदार ध्रुवराज ढुंङ्गानाले उपरोक्त जग्गाहरु राष्ट्रिय बाणिज्य बैंक, कावासोतीबाट रोक्का रहेको भनी जानकारी पठाउनु पर्नेमा सो नगरी उपरोक्त जग्गाहरु दोहोरो रोक्का राखेको साथै शिवराज महतोले जग्गाधनी प्रमाणपुर्जा हराएकाले उपलब्ध गराई पाउं भनी दिएको निवेदनमा समेत सो जग्गाहरु राष्ट्रिय बाणिज्य बैंक, कावासोतीबाट रोक्का रहेको भनी खुलाई लेखी दिनुपर्नेमा सो नगरी रोक्का छैन भनी उल्लेख गरेको कारणबाट अर्को ज.ध.प्रमाण पुर्जा समेत वन्न गएको देखियो भने सोही ज.ध.प्रमाण पुर्जालाई आधारमानी कृषि विकास बैंकबाट समेत ऋण प्रवाह भएको हुंदा यसरी खरिदार ध्रुवराज ढुंङ्गानाको मिलेमतोबाट दोहोरो ऋण प्रवाह भएको र दोहोरो प्रवाह भएको ऋणको साँवा ब्याज समेत हालसम्म नतिरी मिति २०६४/६/८ सम्म राष्ट्रिय बाणिज्य बैंक, कावासोतीको साँवा ब्याज समेत गरी रु. २४,०१,१३४।- (चौविस लाख एक हजार एक सय चौंतिस) र मिति २०६४/६/१४ सम्म कृषि विकास बैंक चोरमाराको साँवा ब्याज गरी रु. ६,३८,०६३।- (छ लाख अठतिस हजार त्रिसठ्ठी) समेत गरी दुवै बैंकको तिर्नुपर्ने रकम जम्मा रु. ३०,३९,१९७।- (तीस लाख उनान्चालिस हजार एक सय सन्तानब्बे) उल्लेखित बैंकहरुको लगानी डुब्न गई उक्त रकम सरकारी स्वामित्व भएको संस्थालाई गैरकानूनी हानी नोक्सानी र ऋणी शिवराज महतोलाई गैरकानूनी लाभ पुग्न गई यी प्रतिवादीले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) को कसुर गरेको देखिंदा यी प्रतिवादीलाई उक्त ऐनहरुका उक्त दफा बमोजिम विगो असुल उपर र सजाय हुन मागदावी लिई विशेष अदालत काठमाडौमा मुद्दा दायर गरियो ।

४९. राष्ट्रिय वाणिज्य बैंकका वरिष्ठ सहायक ईश्वरीप्रसाद न्यौपानेले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन,

२०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।१०।१४ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

५०. सुकुना मा.वि. इन्द्रपुर, मोरङ्गमा कार्यरत नि.मा.वि.शिक्षक श्रीमती भागिरथा चुडाल (सिटौला) ले उक्त पदमा नियुक्त हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक छानविनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी जिल्ला शिक्षा कार्यालय मोरङ्गले यस आयोगमा पठाएको उजूरी उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृत प्रमुख जिल्ला अधिकारी मोरङ्ग र आयोगका अनुसन्धान अधिकृत समेतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेश, इलाहावाद भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकाले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसुर गरेको देखिन आएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मांग दावी लिई आयोगको मिति २०६४।११।२ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

५१. गंगा प्रा.वि. जिनावाङ, रोल्पामा प्रा.वि. शिक्षक पदमा स्थायी नियुक्ति भएका शिक्षक दिपेन्द्रबहादुर के.सी.ले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा एस.एल.सी.बोर्ड नेपालको प्राप्त पत्र एवं विवरण समेतका आधारमा प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।११।१९ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

५२. गंगा प्रा.वि. जिनावाङ, रोल्पामा प्रा.वि. शिक्षक पदमा स्थायी नियुक्ति भै पछि २०५०।१२।१८ देखि गणेश प्रा.वि. जिनावाङ, वडाढुंगा, रोल्पामा कार्यरत शिक्षक द्रोणबहादुर के.सी.ले वढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा एस.एल.सी. बोर्ड नेपालबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।११।१९ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

५३. श्री निम्न माध्यमिक विद्यालय वनकट्टी वाँकेका शिक्षक रमेशप्रसाद श्रीवास्तवको नाममा कर्मचारी संचय कोषमा जम्मा भएको संचित रकम नक्कली कागजात तयार गरी सोही विद्यालयका शिक्षक टेकेन्द्रसिंह ठकुरीले भुक्तानी लिएको भन्ने समेत विषयको उजुरी सम्बन्धमा अनुसन्धान तहकिकात गरी आयोगको मिति २०६४।११।२२ मा निम्नानुसार निर्णय गरियो ।

श्री निम्न माध्यमिक विद्यालय वनकट्टी वाँकेका शिक्षक रमेश प्रसाद श्रीवास्तवको नामबाट मिति २०५९।१०।३ गते कर्मचारी संचय कोष ठमेलबाट रु. १,०३,२००।- झिक्दा पेश गरेको विशेष सापटी आवेदन फारम र विशेष सापटी भौचरमा निवेदक महल र सापटी रकम वुझि लिएको भन्ने विभिन्न भागमा लगाइएको ल्याप्चे छापसँग सोही विद्यालयका तत्कालिन शिक्षक टेकेन्द्र सिंह ठकुरीको नामको कर्मचारी संचय कोषको परिचय पत्र नं. ५३७४१० मा भएको ल्याप्चे सहीछाप मिलेको भनी राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट लेखी आएको । निज शिक्षक टेकेन्द्र सिंह ठकुरीले अर्काको नामको कर्मचारी संचय कोषमा रहेको रकम झिक्न भुट्ठा सही छाप लगाइ रु. १,०३,२००।- भुक्तानी लिएको । कर्मचारी संचय कोषमा भएको विशेष सापटी फारम र विशेष सापटी भौचरमा भएको ल्याप्चे सहिवाट निजको ल्याप्चे सहिछाप मिलेको देखिंदा आफुलाई फायदा र कर्मचारी संचय कोषलाई रु.१,०३,२००।- नोक्सानी हुने गरी हिनामिना गरेको पुष्टि हुन आयो । अतः किर्ते कागज बनाई कर्मचारी संचय कोषमा पेश गरी रकम निकाली खाई कर्मचारी संचय कोषलाई हानि नोक्सानी पारेको निजको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) अनुसारको कसुर देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) अनुसारको सजाय माग लिई विशेष अदालत काठमाडौमा मुद्दा दायर गरियो ।

५४. नेपाल खाद्य संस्थान, शाखा कार्यालय सुर्खेतमा कार्यरत सहायक, चौथो तहका बलराम शर्माले बढुवा पाउनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद्, उत्तरप्रदेश, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा प्रमाणपत्र नक्कली एवं भुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसुर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।११।२६ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

५५. विराटनगर उपमहानगरपालिकामा कर अधिकृत (अधिकृत तृतिय) पदमा कार्यरत भरत आर्चायले सेवा प्रवेशका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित बाबासाहेब भिमराव अम्वेडकर विहार विश्वविद्यालय मुजफ्फरपुर, भारतबाट प्राप्त पत्र एवं विवरणका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसुर गरेको देखिन आएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मांग दावी लिई आयोगको मिति २०६४।११।२७ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

५६. नेपाल बैंक लिमिटेड, सिद्धार्थनगर शाखाका व.सु.जा. नरेन्द्रप्रसाद खनालले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान गर्दा अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं भुठ्ठा देखिन आएका र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण

ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।११।२७ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

५७. पोखरा उप-महानगरपालिका अन्तर्गत तरकारी, फलफूल खाद्य सामाग्रीको उचित व्यवस्थापन गर्ने सम्बन्धमा पोखरा उप-महानगरपालिकाले श्री कम्प्लेक्स प्रा.लि. पोखरालाई सम्झौता बमोजिम पटक-पटक रकम उपलब्ध गराएकोमा कुनै काम नभएको' भन्ने बिषयको उजुरीउपर अनुसन्धान तहकिकात गरी आयोगको मिति २०६४।१२।४ मा निम्नानुसार निर्णय गरियो ।

अनुसन्धानबाट संकलित कागज प्रमाण तथा सम्बन्धित व्यक्तिको वयान समेतका आधारमा पोखरा उप-महानगरपालिका र श्री कम्प्लेक्स प्रा.लि.चिप्लेढुंङ्गा, पोखरा बीच पोखरा नगरक्षेत्र भित्र तरकारी तथा फलफूल बजारको उचित व्यवस्थापन गर्न गाउँ-नगर साझेदारी विकास कार्यक्रम (RUPP) अन्तर्गत मिति २०५७/६/३ मा सम्झौता भएको देखियो ।

उपरोक्त स्थानमा थप भौतिक पूर्वाधारहरु निर्माण गर्न श्री कम्प्लेक्स प्रा.लि.द्वारा रु. २५ लाख अनुदान सहयोगको माग भए अनुसार पोखरा उप-महानगरपालिका वोर्डको मिति २०६०/५/३० को बैठकले प्रस्तावित कार्यक्रम अनुसार शौचालय निर्माण, सेड निर्माण, ढल नाली व्यवस्था, आपतकालीन बत्ति जडान, जेनेटर व्यवस्था, पार्किङ्ग क्षेत्र व्यवस्थापन, करिडोर छाना तथा ट्रस निर्माण कार्यको लागि माग भएको रु. २५ लाख मध्ये शहरी वातावरणको लागि सार्वजनिक निजी साझेदारी कार्यक्रम Public Private Partnership for Urban Enviromental (PPPUE) नीति अनुसार नगरपालिकाबाट रु. १३ लाख र सम्बन्धित नीजि क्षेत्र श्री कम्प्लेक्स प्रा.लि.बाट रु. १२ लाख लगानी गर्ने भनी चालु आ.व.२०६०/०६१ को स्वीकृत बार्षिक कार्यक्रम नं.६ (PPPUE) तर्फको बजेटबाट श्री कम्प्लेक्सलाई दुई किस्तामा रु. १३ लाख कार्यक्रम अनुदान दिने निर्णय गरेको देखियो । यसरी पोखरा उप-महानगरपालिका र श्री कम्प्लेक्स प्रा.लि.बीच मिति २०६०/६/५ मा भएको सम्झौता बमोजिम पोखरा उप-महानगरपालिकाले श्री कम्प्लेक्स प्रा.लि.का प्रबन्ध निर्देशक झलक लाल श्रेष्ठलाई मिति २०६०/६/८ मा निर्माण कार्य शुरु गरी मिति २०६०/९/७ मा सम्पन्न गर्ने शर्तमा पहिलो किस्तास्वरुप रु. १० लाख रकम उपलब्ध गराएकोमा श्री कम्प्लेक्स प्रा.लि.का प्रबन्ध निर्देशक झलकलाल श्रेष्ठले पेश्की रकम लिंदा मिति २०६०/६/१२ सम्ममा लगत ईस्टिमेट र बैंक जमानत पेश गर्छु भन्ने कवुलियत गरेकोमा सो पेश नगरेको,मिति २०६०/६/५ मा भएको सम्झौता अनुसार मिति २०६०/९/७ सम्ममा काम सम्पन्न गर्ने शर्त रहेकोमा सो शर्त अनुसार कुनै कार्य नगरेको र नगरपालिकाले पटक-पटक पेश्की लगेको रकम फछर्योट गर्न लेखेकोमा पनि सो रकम फछर्योट नगरेको देखिनुका साथै सम्झौता अनुसारको कार्य भए नभएको सम्बन्धमा पोखरा उप-महानगरपालिकाबाट स्थलगत निरिक्षण गर्न प्राबिधिक टोली खटाइएकोमा निज श्री कम्प्लेक्स प्रा.लि.का प्रबन्ध निर्देशक झलकलाल श्रेष्ठले निर्माण स्थल देखाउन नचाहेको र प्राबिधिक टोलीले उल्लेखित निर्माणस्थलमा पुगी हेर्दा सम्झौता बमोजिम कुनै निर्माण कार्य भए गरेको नदेखिएको भन्ने उक्त टोलीको मिति २०६४/२/२१ को प्रतिवेदन समेतबाट देखिएकोले श्री कम्प्लेक्स प्रा.लि.का प्रबन्ध निर्देशक झलकलाल श्रेष्ठले पोखरा उप-महानगरपालिकालाई गैरकानूनी हानी र आफूलाई गैरकानूनी लाभ पुऱ्याउने बद्नियतले पोखरा उप-महानगरपालिकासंग गरेका शर्त/सम्झौता/कवुलियत पालन नगरी हानी नोक्सानी पुऱ्याएको देखियो । अतएव निज श्री कम्प्लेक्स प्रा.लि.का प्रबन्ध निर्देशक झलकलाल श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुरमा सोही दफा बमोजिम हदैसम्म सजायको मागदावी गरी निजले पोखरा उप-महानगरपालिकासंग पेश्की लिई सम्झौता

अनुसारको काम नगरी गैरकानूनी हानी नोक्सानी पुऱ्याएको रकम रु.१०,००,०००।- (दश लाख) निजबाट असुल उपर गरी पाउन समेत मागदावी गरी बिशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

५८ जिल्ला पशुसेवा कार्यालय स्याङजाका सह लेखापाल डोलराज खनालले रु.२ लाख भन्दा बढी सरकारी रकम मासीखाई हिनामिना गरी भ्रष्टाचार गरी लामो समयदेखि फरार रहेकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कारवाही चलाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउने भनी कृषि तथा सहकारी मन्त्रालयलाई पशुसेवा विभागको प.सं.०६३।६४ च.नं.१३९५ मिति २०६३।१२।३० को बोधार्थ पत्र आयोगमा प्राप्त भएको र सो सम्बन्धमा अनुसन्धान तहकिकात गरी आयोगको मिति २०६४।१२।५ मा आयोगबाट निम्नानुसार निर्णय गरियो ।

जिल्ला पशु सेवा कार्यालय, स्याङजाका सहलेखापाल डोलराज खनालले २०६१ भाद्र महिनाको तलव भत्ता वितरण गर्न भनी मिति २०६१।५।२८ मा साधारण खाताको चेक काटिएकोमा खातामा रकम अभाव रहेकोले ग्रामिण पशुसेवा घुम्तिकोष खाताबाट बेग्ला बेग्लै रुपमा रु.१,९०,९२८।- (अक्षरुपी एक लाख नब्बे हजार नौसय अट्ठाइस मात्र) दुई पटक खर्च लेखिएको देखियो । सो मध्ये साधारण खाताबाट रकम झिकिएको नदेखिए तापनि भाद्र महिनाको तलव वितरण गर्न भनी पुनः साधारण खाताबाट रु.१,९०,९२८।- (अक्षरुपी एक लाख नब्बे हजार नौसय अट्ठाइस मात्र) झिकेको देखियो । यसरी भाद्र महिनाको तलव वितरण गर्न भनी दुई भिन्दा भिन्दै खाताबाट रकम झिकेको देखिन आयो । एउटा खातामा रकम मौज्दात नरहेको अवस्थामा अर्को खाताबाट रकम सापटी स्वरुप झिकी तलव वितरण गरेपछि साधारण खाताबाट सापटी खर्च लेखिएको खातामा सापटी फिर्ता गर्नुपर्नेमा रकम झिकी मस्यौट गरेको पुष्टी हुन आएको हुँदा निज सहलेखापाल डोलराज खनालको यो कार्य वदनियत पूर्ण देखियो । साथै निज सहलेखापाल डोलराज खनालले आफु जिल्ला पशुसेवा कार्यालय स्याङजामा कार्यरत रहेको अवस्थामा रु.१,०१,११४।६६ (अक्षरुपी एक लाख एक हजार एक सय चौध पैसा छैसट्ठी) बैंकबाट रकम झिकी सम्बन्धित व्यक्ति र विभिन्न संस्थाहरुलाई तोकिएको रकम भुक्तानी नदिई वदनियत चिताई हिनामिना गरेको पुष्टी भएको छ ।

यसरी बदनियत चिताई दुईवटा खाताबाट रकम झिकी बैंकबाट निकालिएको रकम सम्बन्धित व्यक्तिलाई नबुझाई रु.२,९२,०४२।६६ (अक्षरुपी दुई लाख वयानब्बे हजार वयालीस रुपैया छैसट्ठी पैसा) वरावरको रकम हिनामिना गरी नेपाल सरकारलाई हानी नोक्सानी पारेको पुष्टी भएकोले निज उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको माग दावी लिई आयोगको मिति २०६४।१२।५ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

५९. राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, शाखा कार्यालय, बुटबल खस्यौलीमा गणक तह ४ पदमा करारमा स्थायी रुपमा कार्यरत माधवप्रसाद काफ्लेले हाइस्कुल उतिर्ण गरेको शैक्षिक प्रमाणपत्र पेश गरी स्थायी सेवा गर्दै आएकोमा निजको उक्त शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित समितिबाट प्राप्त पत्र एवं बिबरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार कसूर गरेको देखिन आएको हुंदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।१२।७ को निर्णयानुसार बिशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

६०. बिरगञ्ज उपमहानगरपालिका वडा नं. १० बस्ने कन्हैयालाल महतोकी पत्नी सुनिता महतोको नाममा रहेका र बैंकबाट रीण लिई रोक्का रहेका विभिन्न कित्ता जग्गाहरू मालपोत कार्यालयका कर्मचारीसँग मिलोमतो गरी दोहोरो लिखत पारित गरेको सम्बन्धी उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात गरी आयोगवाट मिति २०६४।१२।११ मा निम्नानुसार निर्णय गरियो ।

क. तत्कालीन खरिदार रामवृक्षको हकमा:

सुनिता महतोको नाममा दर्ता रही निजले ऋण लिई नेपाल बैंक लि. माईस्थानको नाममा मिति २०५५।६।७ मा दृष्टिवन्धक पारीत गरिदिएको साविक मुर्ली वि. वडा नं. १ कि.नं. १३३५, १३४८ र १२०४ का कित्ताहरु नेपाल बैंक लि. माईस्थानका नाममा रोक्का राखिएको जनाउ मालपोत कार्यालय पर्साले २०५५।६।७ मा पठाईसकिएको अवस्थामा उक्त जग्गा नयाँ नापी भई नयाँ किता जग्गा र घरहरु क्रमश: १४९, १६४, १६५ र १७४ कायम भएपछि सो नयाँ कित्ता जग्गा देखाई प्र. सुनिता महतोले ऋण लिई पुन: मिति २०५८।४।१ मा लुम्बीनी बैंक लि. हेटौंडाको नाममा दृष्टिबन्धक पारीत हुन आउँदा मालपोत कार्यालय पर्साका रोक्का फाँटका तत्कालीन खरिदार प्र. रामवृक्ष बर्माले साविक कित्ता नम्बर समेत उल्लेख गरी रोक्का देखिदैन भनी प्रमाणित गरिदिएको मिति २०५८।४।१ को र.नं. ३६ को दृष्टिबन्धकको लिखतबाट देखिएको र सुनिता महतोले नै लुम्बीनी बैंक लि. हेटौंडा शाखाको नाममा मिति २०५८।४।१ मा दृष्टिवन्धक पारीत गरिदिएको जिल्ला पर्सा सिर्सिया गा.वि.स. वडा नं. २ कि.नं. १५० को ०-७-० र वडा नं. ९ को कि.नं. ४१३ को ०-१८-७ जग्गा सम्बन्धित बैंकको नममा रोक्का राखिएको जनाउ निज खरिदार प्र.रामवृक्ष वर्माले पुच्छ्रे सहीछाप गरेको पत्र मालपोत कायालय पर्साले मिति २०५८।४।१ मा पठाईसकेको अवस्था हुँदाहुँदै उक्त कि.नं. १५० र ४१३ को जग्गा सुनिता महतो र सुभाषवीर माथेमा बीच मिति २०५९।६।२ र २०५९।४।५ मा राजीनामा सुक्रिबिक्रीको लागि लिखत लिई आउँदा निज रामवृक्ष वर्माले उक्त कि.नं. १५० र ४१३ को जग्गा रोक्का देखिंदैन भनि प्रमाणित गरिदिएको मिति २०५९।६।२ को र.नं. १३३५ र २०५९।४।५ को र.नं. ५८ को राजीनामाको लिखतबाट देखिएको समेतको अवस्था हुँदा निज रामवृक्ष वर्माले रोक्का देखिंदैन भन्ने व्यहोरा प्रमाणित गरिदिको कारणबाट मिति २०६२ चैत्र सम्म साँवा रु. २०,६७,९०८।०६ र व्याज रु. २८,१५,९२२।८५ गरी जम्मा रु. ४८,८३,८३०।०९ नेपाल बैंक लि. माईस्थानको र मिति २०६२।८।६ सम्म रु. ६३,३३,३५७।२४ (बैंकको गैर बैंङ्किक सम्पत्तिमा रेखांकन गरेपछिको बाँकी रकम) लुम्बीनी बैंक लि. को गैरकानूनी हानी नोक्सानी हुन पुगेको र प्रतिवादी सुनिता महतो र निज प्र.रामवृक्षलाई गैरकानूनी लाभ पुग्न गएको देखियो । अत: निज प्र. रामवृक्ष बर्माको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) को कसूर देखिंदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) अनुसार हदैसम्मको सजाय गरी बिगो समेत असुल उपर गरी नेपाल बैंक लि. समेतलाई दिलाई भराई पाऊँने मागदावी गरी बिशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

ख. सुनिता महतोको हकमा

निज सुनिता महतोले आफ्नो नामको दर्ताको साविक मुर्ली वी. वडा नं. १ (विरगन्ज उ.म.न.पा.१०) कि.नं. १३३५, १३४८ र १२०४ का जग्गाहरु धितो राखी ऋण लिई मिति २०५५।६।७ मा नेपाल बैंक लि. माईस्थानको नाममा दृष्टिबन्धक पारीत गरी दिई रोक्का रहेकोमा

नयाँ नापी भएपछि कायम हुन आएको १४९, १६४,१६५ र १७४ का नयाँ कित्ता जग्गा देखाई प्रतिवादी रामवृक्ष वर्मासंग मिलेमतो गरी रोक्का नभएको भन्ने पत्र समेत लेखि लेखाई उक्त कित्ताहरु मिति ०५८।४।१ मा लुम्बीनी बैंक लि. को नाममा दृष्टिबन्धक पारीत गरिदिएको, यसैगरी आफ्नो नामको सिर्सिया गा.वि.स.को कि.नं. १५० र ४१३ को जग्गा मिति २०५८।४।१ का लुम्बीनी बैंक लि.लाई दृष्टिबन्धक पारीत गरी सोही जग्गा मिति २०५९।६।२ र २०५९।४।५ मा सुभाषवीर माथेमालाई राजीनामा पारीत गरिदिएको र अनुसन्धानको क्रममा सफाईको मौका दिई म्याद पठाउदा म्यादमा हाजीर नभई आरोप स्वीकार गरी बसेको कारणबाट निज सुनिता महतोले जानीजानी बदनियत चिताई बैंकलाई हानी नोक्सानी पुऱ्याउने नियत राखी रोक्का रहेको जग्गा पुनः अर्को बैंकलाई दृष्टिबन्धक र सो मध्ये केही जग्गा अन्य व्यक्तिलाई राजीनामा पारीत गरिदिएबाट आफूलाई फाईदा र मिति २०६२ चैत्र सम्म साँवा रु. २०,६७,९०८।०६ र व्याज रु. २८,१५,९२२।८५ गरी जम्मा रु. ४८,८३,८३०।०९ नेपाल बैंक लि. माईस्थानको र मिति २०६२।८।६ सम्म रु. ६३,३३,३५७।२४ (बैंकको गैर बैंङ्किक सम्पत्तिमा रेखांकन गरेपछिको बाँकी रकम) लुम्बीनी बैंक लि. को गैरकानूनी हानी नोक्सानी हुन पुगेको र यी प्रतिवादीलाई गैरकानूनी लाभ पुग्न गएको देखिई निजको उक्त कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) को कसूर देखिंदा निजलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा प्रचलिल भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) अनुसार हदैसम्मको सजाय गरी बिगो समेत असुल उपर गरी नेपाल बैंक लि. समेतलाई दिलाई भराई पाऊँन मागदावी गरी विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

६१. गृह मन्त्रालय अर्न्तगतका, शाखा अधिकृत ओमकार वस्नेतले शुरु नियुक्ती पाउनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित शिक्षा परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसुर देखिन आएको हुँदा निजलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।१२।११ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

६२. कृषि विकास वैक लि. शाखा कार्यालय मलंगवा सर्लाहीका कार्यालय सहायक सुरेन्द्र कुमार न्यौपाने (३३४६)ले बढुवा प्रयोजनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित शिक्षा परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसुर देखिन आएको हुँदा निजलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४।१२।१९ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

६३. जिल्ला स्वास्थ्य कार्यालय बाग्लुङ्गको खुङ्गा उप स्वा.चौकीमा अ.हे.व. (रा.प.अनं.) द्वितीय पदमा कार्यरत छ माया (अर्गेजा) बुढामगरले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित

समितिबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६५।१।९ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

६४. राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय गजुरी धादिङको सहायक ख हेमराज अधिकारीले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्वन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठा देखिन आएका र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार कसुर गरेको देखिन आएको हुदाँ निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६५।२।३ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

६५. नेपाल टेलिकम अन्तर्गत दुर संचार कार्यालय,पाटनमा भएको सिम काड, रिम कार्ड र रिचार्ज कार्ड लगायतका प्लाष्टिक मनीको कारोवारमा भएको अनियमितता सम्वन्धमा आयोगको तर्फवाट अनुसन्धान तहकिकात सम्पन्न गरी आयोगवाट मिति २०६५।२।१३ मा देहाय वमोजिम निर्णय गरियो ।

अनुसन्धानवाट देखिन आएको वस्तुस्थिति समेतका आधारहरुवाट नेपाल टेलिकम कम्पनी अन्तर्गतको दूर संचार कार्यालय, पाटनका स्टोर किपर साधुराम थापाले नेपाल दूर संचार कम्पनी लिमिटेडको आर्थिक विनियमावली, २०६१ ले तोकिदिएको आफ्नो पदले गर्नु पर्ने काम, कर्तव्यको पालनामा वदनियत गरी आफ्नो स्टोर जिम्मामा रहेका नेपाल टेलिकमका नगद सरहका रिम कार्ड, सिम कार्ड एवं विभिन्न प्रकृतिका रिचार्ज कार्डहरु हिनामिना गरी मासिखाएको रकम मध्ये निजले छानवीनकै क्रममा मिति २०६४।१२।०३ मा नगद रु. दुई लाख रकम नेपाल टेलिकमको नाममा वैङ्क दाखिला गरिसकेकोले जम्मा विगो रु. ४२,७४,७००।- निज स्टोर किपर साधुराम थापाले हिनामिना गरी मासीखाएको देखिएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अनुसारको कसुर अपराध भएको हुँदा निजलाई उक्त कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ तथा दफा ३ को उपदफा (१) को खण्ड (छ) बमोजिमको सजाय गरी निजले हिनामिना गरी खाए मासेको कार्डहरुको रकम रु.४२,७४,७००।- रुपैयाँ निज साधुराम थापाबाट नेपाल टेलिकमलाई असूल उपर गरी दिन समेत मागदावी लिई आयोगको तर्फबाट विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

६६. नेपाल बैंक लिमिटेडका सुरक्षक वृषबहादुर सिंहले लाभ तथा सुविधा लिने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषदबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएका र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६५।२।२२ को निर्णयानुसार बिशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

६७. नेपाल विद्युत प्राधीकरणका फोरमेन पदमा कार्यरत केशवराज कडरियाले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषदबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएका र निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६५।३।१० को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

६८. जिल्ला शिक्षा कर्यालय, मोरङ अन्तर्गत श्री जनता मा.वि. आमगाछीका नि.मा.वि. शिक्षक (तृतीय) बलराम शर्माले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित विश्वविद्यालयबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६५।३।१० को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

६९. ललितपुर उप-महानगरपालिका कार्यालयका खरीदार हरिबहादुर घर्तीमगरले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषदबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएका र निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६५।३।१० को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

७०. तत्काल विरगञ्ज भंसार र आन्तरिक राजश्व कार्यालय, पर्सा वीरगंजमा खरिदार पदमा कार्यरत भरतप्रसाद नेपालले भ्रष्टाचार गरी महल खडा गरेको र वीरगंजका व्यापारीहरुसंग मिली भ्रष्टाचार गरी ५० औं लाखको घर जग्गा खरीद गरेकाले निजको सम्पत्ति छानविन होस् भन्ने व्यहोराको उजूरी निवेदनका सम्वन्धमा आयोगको तर्फबाट अनुसन्धान गरी आयोगवाट मिति २०६५।३।२६ मा देहायवमोजिम निर्णय गरियो ।

(अ). अनुसन्धान अधिकृतको प्रतिवेदन र मिसिल संलग्न कागजातहरुको अध्ययनवाट मिति २०३९।५।२५ देखि भूमिसुधार कार्यालय, पर्साको रा.प.अनं. द्वितीय श्रेणीको खरिदार पदवाट निजामति सेवामा स्थायी सेवा प्रारम्भ गरी २०४९।९।२२ देखि अर्थ मन्त्रालय अन्तर्गत खरिदार पदमै कार्यरत रही मिति २०६४।११।२७ गतेदेखि नायव सुव्वा पदमा वढुवा भई हाल विराटनगर भंसार कार्यालयमा कार्यरत निज भरतप्रसाद नेपाल र निजका परिवारका सदस्यहरुको नाममा रहेको सम्पत्ति मध्ये रु. १,३३,२५,५७०।६८ (एक करोड तेत्तीस लाख पच्चीस हजार पाँच सय सत्तरी र पैसा अठसट्ठी) मुल्य वरावरको सम्पत्तिको श्रोत खुलेको देखिन आएन ।

(आ) निज भरतप्रसाद नेपालले स्वयं आर्जन गरी पत्नीको नाममा राखेका सम्पत्ति मध्ये बैध स्रोत पुष्टि हुन नसकेका उपरोक्त उल्लेखित मूल्य बराबरको सम्पत्ति भ्रष्टचार गरी आर्जन गरेको तथ्य निम्न लिखित आधारहरुबाट पुष्टि हुन आयो ।

(क) निज भरतप्रसाद नेपालले मिति २०३९ साल देखि सार्वजनिक पदमा प्रवेश गरेपछि मिति २०६१।९।५ को दे.नं. २७१५ को पर्सा जिल्ला अदालतको फैसला समेत अनुसार पर्सा विरगंज उपमहानगरपालिका वडा नं. ३ कि.नं. २७६ को ०००६७.२२ वर्ग मिटर जग्गा बुवा ध्रुव प्रसाद शर्माको नाममा रहेको मध्येबाट तीन भागको एक भाग ऐ.ऐ. कि.नं. २८५ को ०००४४.८१ वर्ग मिटर जग्गा अंश वापत प्राप्त गरेको र निज सार्वजनिक सेवामा प्रवेश गरेपछि निजको तलव, जग्गा विक्रीबाट प्राप्त रकम (खरिदमा स्रोत खुलेको अनुपातमा), कर्मचारी संचयकोषबाट प्राप्त रकम, घर बहालबाट प्राप्त रकम मध्ये निर्माण स्रोत खुलेको अनुपातको घर बहाल आय रकम र वित्तीय संस्थाबाट प्राप्त ऋण सापटी समेतबाट आय प्राप्त गरेको देखिन आयो । निजको वैधानिक आय र निज एवं निजका परिवारसँग रहे भएका सम्पत्ति हेर्दा उक्त वैधानिक स्रोतका आयले मात्र हाल निजहरुको नाममा रहेका सम्पत्ति आर्जन गर्न सक्ने अवस्था देखिएन ।

(ख) निज भरत प्रसाद नेपालद्धारा निज स्वयं एवं परिवारका नाममा रहे भएका सम्पत्ति आर्जनको स्रोत मध्ये निजको तलव भत्ता, स्वआर्जित जग्गा विक्रीबाट प्राप्त रकम, कर्मचारी संचयकोषबाट प्राप्त रकम, घर भाडावाट प्राप्त रकम, वित्तीय संस्थावाट प्राप्त रिण रकम, श्रीमतीले प्राईभेट फर्महरुमा २०३९ सालदेखि २०६१ सालसम्म नोकरी गरी प्राप्त गरेको रकम, छोरीहरुको जागिरवाट प्राप्त रकम, भाईको नाममा रहेका सवारी साधनहरुवाट प्राप्त आम्दानी रकम एवं भाईले चलाएको प्रेस, पत्रिकावाट प्राप्त रकमलाई प्रमुख आयका रुपमा प्रस्तुत गरिएको देखिन्छ । निजको बैधानिक स्रोतबाट प्राप्त रकम र घर खर्चको अवस्था हेर्दा यी स्रोतबाट प्राप्त रकमले घर व्यवहार चलाउने वाहेक उल्लेख्य मात्रामा बचत भई सो रकम चल अचल सम्पत्ति खरीद वा निर्माणमा लगानी गर्न वा थप सम्पत्ति आर्जन गर्नमा प्रयोग हुन सक्ने अवस्थाको देखिन आउँदैन । साथै निजले माथि दावी गरिएको मध्ये निम्नवमोजिम केही आय रकमहरुलाई पनि देहायका कारणहरुवाट निजको वैधानिक आयको रुपमा ग्रहण गरिएको छैन ।

१) **भाई शत्रुघन नेपालको आयको सम्वन्धमा** :

भरतप्रसाद नेपालको भाई शत्रुघन नेपालको नाममा ना ४ प ८०२७ नं. को मोटरसाईकल, ना १ च ६६७३ नं.को टाटा सुमो जीप (हाल विक्री भईसकेको), ना.१च. ६५३६ नं. को किया भ्यान समेत रहेको देखिन्छ । भरतप्रसाद नेपालले गरेको वयान तथा आयोग समक्ष पेश गरेको विवरणमा दाजु भाई वीच अंशवण्डा भएको भनी लेखाएको देखिन्छ । साथै निजले अंशवण्डा भएपनि हाम्रो कारोवार एकै ठाउंमा छ भनी लेखाए तापनि परिवार संख्यामा वृद्धिभई सधैं गृह कलह भै राखेकाले अलग अलग वस्नु श्रेयष्कर भएको भनी भरत नेपाल र शत्रुधन नेपाल दुवैले पर्सा जिल्ला अदालतमा २०५३ भाद्र महिना देखिनै मानो छुट्टिएको कायम गरी अंशवण्डा गरीपाँउ भनी अंशवण्डा मुद्धा दर्ता गराएका र उक्त जिल्ला अदालतवाट समेत अंशवण्डा भईसकेको अवस्थामा भाईको नाममा रहेको गाडीको आम्दानीवाट र पत्रकार भाईले संचालन गरेको पत्रिकाको आम्दानी समेतवाट आफ्नो श्रीमतीको नाममा घर जग्गा जोडेको भनी यी कर्मचारीले जिकिर लिएको कुरा

विश्वासप्रद एवं तर्कसंगत नदेखिएकोले सो गाडी एवं प्रेसको आम्दानीलाई निज भरतप्रसाद नेपालको आयमा समावेश गरिएको छैन । साथै निज शत्रुघन नेपालको आय व्ययलाई भरत प्रसाद नेपालको आय व्ययमा समेत समावेश गरिएको छैन ।

२) **छोरीहरु सुष्मा नेपाल र सीमा नेपालको आयका सम्वन्धमा :**

भरतप्रसाद नेपालका छोरीहरु मध्ये सीमा नेपाल सिद्धार्थ वैंक लिमिटेडमा सहायक स्तरमा काम गरेको देखिन्छ। त्यसै गरी अर्की छोरी सुष्मा नेपाल वीरगंज फाईनान्स लिमिटेडको सहायक स्तरमा कार्यरत रहेको देखिन्छ । निजहरुले उक्त कम्पनीहरुमा काम गर्दा केही आय आर्जन समेत गरेको देखिन्छ भने सुष्मा नेपालले किस्तावन्दीमा मोटरसाईकल खरिद गरेको तथा निजकै नाममा वीरगंज फाईनान्स लिमिटेडमा रु. ५३,०००।- को ५३० कित्ता शेयर समेत खरिद गरेको देखिन्छ । साथै निजहरु मध्ये सीमा नेपालको नाममा नेपाल वंगलादेश वैंक, वीरगंज, सिद्धार्थ वैंक लिमिटेड वीरगंजमा खाता रहेको र उक्त खातामा सानोतिनो रकम समेत मौज्दात रहेको देखिन्छ । त्यसै गरी सुष्मा नेपालको नाममा वीरगंज फाईनान्स लिमिटेडमा र नेपाल क्रेडिट एण्ड कमर्श वैंक लिमिटेडमा खाता रहेको र उक्त खाताहरुमा सानोतिनो रकम समेत मौज्दात रहेको देखिन्छ । यसरी निजहरुको नाममा रहेको वैंक मौज्दात तथा शेयर खरिद र मोटरसाईकल खरिद निजहरुकै आयवाट भएको हुन सक्ने देखिएकोले निज भरतप्रसाद नेपालको छोरीहरुको आयवाट घर जग्गामा लगानी भएको हुन सक्ने अवस्था रहे भएको नदेखिएकोले निजका छोरीहरुको आयलाई निज भरतप्रसाद नेपालको आय व्ययमा गणना गरिएको छैन ।

३) **श्रीमती अम्विकादेवी नेपालले केही प्राईभेट फर्महरुमा गरेको भनिएको कामको आयका सम्वन्धमा:**

निज भरतप्रसाद नेपालकी श्रीमति अम्विकादेवी नेपालले विगतदेखि हालसम्म खुकुरी फुटवेयर वीरगंज, साकम्बरी ट्रेडिङ्ग कन्सर्न लगायतका विभिन्न कम्पनीहरुमा काम गरी आय आर्जन गरेको भनी भरतप्रसाद नेपालले वयान तथा विवरणमा उल्लेख गरेकोमा निज अम्विकादेवी नेपाललाई आयोग समक्ष उपस्थित गराई वयान लिंदा निजले वयानको स.ज. ३ र ४ मा धेरै वर्ष अगाडि ८ कक्षा सम्म पढेको र आफ्नो वयान आँफै लेख्न असमर्थ छु भनी भनेको र पेशामा गृहिणी भनी भनेवाट समेत निजले विभिन्न प्राईभेट कम्पनीहरुमा काम गरेको भनी भन्न सकिने अवस्था नदेखिएको र जागिर खाएको भनी २०३९ साल र २०४६ सालको साकम्वरी ट्रेडिङ्गले लेखेर दिएको पत्र हेर्दा लामो समय पछिका दुवै पत्रहरु एकै प्रकृतिका लेटर प्याडमा लेखिएको देखिंदा विश्वसनीय नभएकोले निज भरतप्रसाद नेपालले निजको श्रीमतिले गरेको आय आर्जन भनी पेश गरेको आयलाई गणना गर्न सक्ने अवस्था देखिएन ।

४) **भरतप्रसाद नेपालले श्रीमतिसँग गरेको भनिएको अंशछोड पत्र सम्वन्धमा :**

निजले श्रीमतीसँग अंश छोडपत्र गरेको भनी तत्पश्चात् श्रीमतीको नाममा जोडिएका घर सम्पत्तिको सम्वन्धमा आफुलाई जिम्मेवारीवाट अलग्याउने प्रयास शुरुमा पर्सा जिल्ला प्रशासन कार्यालयमा गर्न खोजेको देखिए तापनी आयोग समक्ष निजकी श्रीमतिले वयान दिंदा सो सम्पत्तिहरुको श्रोतको सम्वन्धमा श्रीमान्ले भने वमोजिमनै हो, वहाँलाईनै थाहा होला भनी उल्लेख गरेवाट समेत सो छोडपत्रवाट निजले आफ्ना अवैध सम्पत्तिलाई ढाकछोप गर्न खोजेको प्रयास विफल भएको देखिन्छ ।

५) **आमा पदमकुमारी शर्माको नाममा रहेको सम्पत्ति सम्वन्धमा :**

भरतप्रसाद नेपालकी आमा पदमकुमारी शर्माको नाममा पर्सा मसिहानी- ६(ख) कि.नं. ७४ क्षे.फ. ०-९-७ विगाह जग्गा मिति २०६०।४।१२ मा रु. ७०,०००।- मा खरिद गरेको देखिन्छ। उक्त जग्गा निजकी आमाको आफ्नै श्रोतवाट खरिद गरेको हुन सक्ने देखिएकोले सो तर्फ दावी लिनु पर्ने अवस्था देखिएन।

६) **२०६०।५।७ गते निजामती किताबखानामा भरत नेपालले सम्पत्ति विवरण पेश गर्दा उल्लेख गरेको साथमा रहेको नगद रु. २०,००,०००।- को सम्वन्धमा :**

निज भरत प्रसाद नेपालले उक्त मितिमा सम्पत्ति विवरण पेश गर्दा साथमा रहेको नगद भनी रु. २०,००,०००।- देखाएको देखिन्छ। सो मिति भन्दा पछिल्लो वर्षको सम्पत्ति विवरण पेश गर्दा समेत उक्त रकम मध्ये केही रकम खर्च गरेको वांकी रकम साथमा रहेको भनी सम्पत्ति विवरणमा पेश गरेको देखिएकोले निजको साथमा उक्त रकम रहेको कुरालाई अन्यथा भन्न सकिएन। यसरी निजको साथमा रहेको उक्त रकम निजले घर जग्गा खरिद तथा निर्माणमा प्रयोग गरेको भनी उल्लेख गरेको समेत देखिएको र सोही अवधीमा निजले घर समेत निर्माण शुरु गरेको समेत देखिंदा उक्त रकम अम्विकादेवी नेपालको नाममा रहेको पर्सा वीरगंज उप-महानगरपालिकामा निर्मित घर निर्माणमा समेत लगानी गरेको हुन सक्ने भएकोले उक्त घरको मूल्यांकनवाट मूल्य एकिन भईसकेको अवस्थामा निजको उक्त मितिमा साथमा रहेको रु. २०,००,०००।- घर निर्माणमा खर्च भएकोले दोहोरो गणना गर्न पर्ने अवस्था देखिएन।

(ग) निज भरत प्रसाद नेपालले निजको परिवारको नाममा पर्सा जिल्ला, विरगञ्ज उप महानगर पालिकामा रु.३९,६०,०००।-मुल्य पर्ने कि.नं.५०, २५७ र २५८ का तिनवटा घडेरीहरु खरिद गरेको र उक्त घडेरीहरुमा रु. १,६७,५५,५५७।४९ मूल्य पर्ने (हालको मूल्याङ्कन) २ बटा घरहरु निर्माण गरेको, पर्सा जिल्लामा पटक पटक गरी घडेरी जग्गा खरीद गरी विक्रि गरेको देखिन आयो।

(इ) उपरोक्त आधारमा निज भरत प्रसाद नेपाल र निजका परिवारको सम्पत्ति बैधानिक आयस्रोतसंग अमिल्दो देखिएको र निजले अस्वभाविक जीवनस्तर व्यतीत गरेको देखिन आएकोले निजको परिवार समेतका नाममा रहेको स्रोत खुल्न नआएको रु. १,३३,२५,५७०।६८ (एक करोड तेत्तीस लाख पच्चीस हजार पाँच सय सत्तरी र पैसा अठसट्ठी) मूल्य बराबरको सम्पत्तिका हकमा अभियोग दावी लिने।

(ई) उपरोक्तानुसार निज भरत प्रसाद नेपालले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,७ (१), १० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसुर गरेकोले निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७ (१), १० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (२) बमोजिम सजाय गरी त्यसरी गैर कानूनी ढंगले आर्जन गरेको सम्पत्ति सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ (ग) र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (ख) बमोजिम जफत गरी असुल उपर गरी पाउन मागदावी लिने ।

(उ) निज भरत प्रसाद नेपालले भ्रष्टाचार गरी गैर कानूनी रुपमा आर्जन गरेको सम्पत्ति निजको पत्नी अम्विका देवी नेपालका नाममा राखेकोले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ (ग) तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग

अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (ख) समेतको आधारमा सो सम्पत्ति जफत गर्ने प्रयोजनको लागि निज अम्बिका देवी नेपाललाई पनि प्रतिवादी कायम गर्ने ।

(ऊ) प्रतिवादी बनाइएका व्यक्तिहरुका हकमा विगो मागदावीमा लिइएका चल अचल सम्पत्ति वाहेकका अन्य चल अचल सम्पत्ति र प्रतिवादी नबनाइएका व्यक्तिहरुका हकमा अनुसन्धानको क्रममा रोक्का रहेका निजहरुका नामका चल अचल सम्पत्ति फुकुवा गर्ने ।

(ए) माथि उल्लेखित वुदाँहरु समेतलाई विश्लेषण तथा विस्तार गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ अनुरुप कसुर गरेको देखिन आएको हुँदा आयोगबाट मिति २०६५।३।२६ मा मुद्दा दायर गर्ने निर्णय गरियो ।

परिच्छेद - ४
पुनरावेदन/पुनरावलोकन गरिएका मुद्दाहरू

आ.ब. २०६४।०६५ मा भ्रष्टाचार सम्बन्धी मुद्दामा विशेष अदालतबाट भएका फैसलाहरू उपर आयोगको चित्त नबुझी गरिएका पुनरावेदन सम्बन्धी विवरण देहायमा उल्लेख गरिएको छ ।

१. अछाम जिल्ला गाजरा गा.वि.स.वडा नं. ४ घर भई हाल का.जि.का.म.न.पा.वडा नं. ३४ बानेश्वर बस्ने पूर्व प्रहरी महानिरीक्षक मोतिलाल बोहरा .....
ऐ.ऐ.बस्ने कला बोहरा .....
ऐ.ऐ.बस्ने दीपादेवी बोहरा .....
ऐ.ऐ.वडा नं. ४ बालुवाटार बस्ने ज्योत्सना पाण्डे (बोहरा) समेतले गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति :- २०६४।२।१३

आयोगको दाबी र विशेष अदालतको फैसला :-

उल्लेखित प्रतिवादीहरू उपर साविक भ्र.नि.ऐन, २०१७ को दफा ३,७(१) र १५ तथा सो ऐनलाई निरन्तरता दिइएको भ्र.नि.ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसूरमा साविक भ्र.नि.ऐन, २०१७ को दफा ३,७(१) र १५ तथा सो ऐनलाई निरन्तरता दिइएको भ्र.नि.ऐन, २०५९ को दफा २०(२) बमोजिमको कैद र जरिवानासमेतको मागदाबी लिई मुद्दा दायर गरिएकोमा श्री विशेष अदालतबाट प्रतिवादीहरूलाई सफाई दिई आरोपपत्र खारेज गर्ने ठहर गरी फैसला भएको ।

फैसलाका आधारहरू:-

प्रतिवादी मोतीलाल बोहराले सार्वजनिक पदमा बहाल रहँदा गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको भन्ने समेतको कसूरमा निजलाई सजाय गरी निज र निजका परिवारका नाममा राखिएको रु. २,३८,२३,६२७३७ बराबरको सम्पत्ति जफत गरी पाउँ भनी आयोगबाट दायर गरिएको मुद्दामा विशेष अदालतले मुद्दाको अन्य तथ्यगत विषयमा प्रवेश नै नगरी मूलत: निम्न कानूनी प्रश्नमा सीमित रही आरोपपत्र खारेज हुने ठहर गरेको छ ।

(क) प्रतिवादी राष्ट्रसेवकको पदमा रहँदाको अवस्थामा तत्काल प्रचलित कानूनले अनिवार्य गरेको अन्य कुनै एक भ्रष्टाचारको आरोप लागेको पूर्वावस्था नभएको अवस्थामा पनि सोही कसूरमा राष्ट्रसेवकको पदबाट हटिसकेपछि लागू भएको ऐनको दफा २०(१) बमोजिम साविकको ऐनले अनिवार्य गरेको पूर्वावस्था नभए पनि निज उपर मुद्दा दायर हुन सक्छ भन्दा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) ले प्रदान गरेको फौज्दारी न्याय सम्बन्धी हकको प्रतिकूल हुन जाने देखिन्छ । त्यस कारण प्रतिवादी राष्ट्रसेवक पदमा बहाल रहँदा लागू रहेको भ्र.नि.ऐन, २०१७ को दफा १५ ले अनिवार्य गरेको पूर्वावस्थाको अभियोग लागेको भन्ने आरोपपत्रबाट नदेखिएको अवस्थामा सोही दफा १५ र त्यसलाई निरन्तरता दिएको हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को कसूरमा सजाय गरी पाउँ भन्ने प्रस्तुत आरोपपत्रलाई कानून बमोजिमको मान्न सकिएन ।

(ख) मिति २०५९।४।३० मा संशोधन भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ मा हदम्यादको उल्लेख नै नभएकोले संशोधन हुँदाको समयमा राष्ट्रसेवक नरहेका प्रतिवादी मोतीलाल बोहराको हकमा उक्त संशोधन भन्दा पूर्वको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यांशमा भएको एक वर्षभित्र मुद्दा चलाइसक्नुपर्ने भन्ने कानूनी व्यवस्था नै आकृष्ट हुने देखिँदा कानूनले निर्दिष्ट गरेको हदम्याद समेत नघाई दायर भएको आरोपपत्र खारेज हुने ।

पुनरावेदनका आधारहरु

(क) आरोपपत्र कानून बमोजिमको नभएको भन्ने सम्बन्धमाः-

(१) राष्ट्रसेवकसँग निजको वैध आयश्रोतसँग अमिल्दो सम्पत्ति हुनु समेतको साविक भ्र.नि.ऐन, २०१७ को दफा १५ को अनुमानित कसूरलाई हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) ले निरन्तरता दिएको भन्ने कुरामा विशेष अदालत स्पष्ट छ । फैसलामा समेत सो कुरा उल्लेख गरिएको छ । त्यतिसम्म व्याख्या आयोगको धारणा अनुकूल छ । साविकको ऐनको व्यवस्थामा दफा १५ मा उल्लेखित कसूरको आरोप लगाउनको लागि भ्रष्टाचारजन्य कसूर मानिने अन्य कुनै कसूरको आरोप लगाउनु आवश्यक थियो भने हालको ऐनको दफा २०(१) ले त्यस्तो अन्य कुनै आरोप लगाउनु पर्ने आवश्यकता राखेको छैन । यत्तिमात्र अन्तर रहेको छ ।

(२) सम्मानित विशेष अदालतले साविक भ्रष्टाचार निवारण ऐनको दफा १५ को अनुमानित कसूरलाई नै वर्तमान भ्रष्टाचार निवारण ऐनको दफा २०(१) ले निरन्तर दिएको कानूनी तथ्यलाई स्वीकार गरेको भए पनि साविकको र वर्तमान ऐनका उक्त प्रावधानमा "अनुमानित कसूर कायम हुन सक्ने अवस्थामा भने फरक रहेको" भन्ने निष्कर्ष निकालेको छ जुन निष्कर्ष सही होइन । साविक ऐनको दफा १५ ले परिभाषित गरेको अनुमानित कसूर राष्ट्र सेवकसँग आम्दानीको श्रोतको अनुपातमा नमिल्दो आर्थिक साधन वा सम्पत्ति हुनु हो र वर्तमान ऐनको दफा २०(१) ले परिभाषित गरेको कसूर पनि सोही बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्तिसँग अमिल्दो र अस्वाभाविक सम्पत्ति पाइनु रहेको छ । त्यस्तै साविक ऐनको दफा १५ को अनुमानित कसूरमा वा वर्तमान ऐनको दफा २०(१) अन्तर्गतको "सम्पत्ति गैरकानूनी रूपमा आर्जन गरेको" कसूर कायम हुन सक्ने अवस्था पनि फरक छैनन् । साविक ऐनले त्यस्तो अमिल्दो सम्पत्ति रहे भएको पाइएको अवस्थामा अभियुक्तले सन्तोषजनक रूपमा सो सम्पत्तिको श्रोत प्रमाणित गर्नु पर्ने सो गर्न नसकेमा कसूर कायम हुने र गैरकानूनी रूपमा रिसवत लिएको मानी सजाय गरिने व्यवस्था रहेको थियो भने वर्तमान ऐनमा पनि त्यस्तो सम्पत्ति के कस्तो श्रोतबाट आर्जन गरेको हो सो कुरा प्रमाणित गर्न नसके कसूर कायम हुने र दफा २०(२) बमोजिम सजाय हुने अवस्था छ । साविक तथा वर्तमान दुवै ऐनमा आरोप लगाइएको व्यक्तिले नै त्यस्तो सम्पत्तिको आर्थिक हैसियतको वैध श्रोत प्रमाणित गर्नुपर्ने कानूनी प्रावधान रहेको स्पष्ट छ । अतएवं, कसूर कायम हुने अवस्था फरक रहेको भनी गरेको विशेष अदालतको निष्कर्ष त्रुटिपूर्ण छ ।

(३) साविक ऐनको दफा १५ मा २ प्रकारका कसूरको उल्लेख भएको छ । वैध आयश्रोतसँग अमिल्दो सम्पत्ति हुनु गैरकानूनी रूपमा रिसवत लिएको मानिने कसूर र उक्त कसूरमा सजायको दाबी गर्न पूर्वावस्थाको रूपमा रहेको अन्य कुनै एक भ्रष्टाचारजन्य कसूर । उपरोक्त कसूरहरू एउटै प्रकृतिका कसूर होइनन् । आपसमा परिपूरक वा सम्पूरक (complementary or supplementary)

भूमिका भएका कसूर पनि होइनन् । यी छुट्टा छुट्टै प्रकृतिका पृथक पृथक कसूर हुन् । यी कसूर बापत हुने सजाय पनि पृथक छन । कसूर प्रमाणित गर्ने आधार प्रमाण पनि स्वतन्त्र र पृथक छन् । यी स्वतन्त्र कसूर हुन्, दुवै कसूर स्वतन्त्र रूपले प्रमाणित हुन वा नहुन सक्दछन् । ऐनको बनौटले सो स्पष्ट पारेको छ ।

(४) साविक ऐनको दफा १५ ले "गैरकानूनी रूपले रिसवत लिएको" अनुमान गरी सजाय गर्न सकिने भनी परिभाषित गरेको सो कसूरमा कसूरको आरोप लगाई सजायको मागदाबी गर्नका लागि सम्म भ्रष्टाचारजन्य अन्य कुनै कसूरको समेत आरोप लागेको हुनुपर्ने रहेको कारणबाट कसूरको अन्तर्वस्तु, कसूरको तत्व र कसूरको प्रकृतिमा फरक पार्ने अवस्था छैन । सजायको मागदाबी गरी आरोपपत्र प्रस्तुत गर्न आवश्यक पर्ने पूर्वावस्था नरहे वा नभएका कारणले मात्र कानूनले कसूर नै परिभाषित नगरेको वा सजाय हुने भनी व्यवस्था नै नगरेको भनी अर्थ गर्न मिल्दैन । कुनै कार्य प्रचलित कानूनले सजाय हुने कसूर हो वा होइन भन्ने कुरा र कुनै कसूरमा सजायको दाबी गर्न कुन कुन पूर्वावस्था पूरा गर्नु वा हुनुपर्दछ भन्ने कुरा अलग विषय हुन् । अतएव, साविक ऐन बहाल रहँदा पूर्वावस्थाको रूपमा आवश्यक पर्ने अर्को कुनै आरोप नरहँदैमा "गैरकानूनी रूपले रिसवत लिएको" अनुमान गरिने कसूरलाई नै तत्काल प्रचलित कानूनले सजाय भागी नबनाएको मानिने अर्थ गरी नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) ले प्रदान गरेको फौज्दारी न्याय सम्बन्धी हकको प्रस्तुत मुद्दाको प्रसंगमा विशेष अदालतले गलत व्याख्या गरेको छ । वास्तवमा यस प्रसंगमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) आकृष्ट हुने अवस्था नै छैन ।

(ख) मुद्दा दायर गर्ने हदम्याद सम्बन्धमाः-

(१) प्रतिवादी २०५३।११।१५ मा राष्ट्रसेवकको पदबाट हटिसकेपछि निज उपर भ्रष्टाचारको कसूरमा मुद्दा दायर गर्न ऐनको संशोधित व्यवस्थाले हदम्यादको व्यवस्था नगरेको हुँदा निजका सम्बन्धमा साविककै व्यवस्थाले १ वर्षभित्र मुद्दा चलाइसक्नु पर्ने व्यवस्था लागू हुने भनी विशेष अदालतले त्रुटिपूर्ण व्याख्या गरेको छ ।

(२) फौज्दारी कसूरको आरोपमा मुद्दा दायर गर्न हदम्याद तोकिएको अवस्थामा तोकिएको हदम्याद समाप्त भएपछि मुद्दा दायर हुन सक्दैन । दायर भएको रहेछ भने हदम्याद भित्र दायर नभएको आधारमा इन्साफ गर्न मिल्दैन, खारेज हुन्छ । यो सैद्धान्तिक विषयमा विवाद गर्नुपर्ने अवस्था छैन । तर प्रस्तुत मुद्दाको सम्बन्धमा अदालतले हदम्याद सम्बन्धी प्रश्न गलत ढंगले व्याख्या गरेको छ ।

(३) अन्य फौज्दारी कानूनमा जस्तो साविक र वर्तमान भ्र.नि.ऐन कुनैले पनि यो कसूर गरे भएका मितिबाट यति अवधिभित्र मुद्दा दायर गरी सक्नुपर्छ भनी हदम्याद किटान गरेका छैनन् । साविक ऐनको दफा २४ क ले र २०५९।४।३० मा संशोधन हुनुपूर्व अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यांशले मुद्दा दायर गर्न तोकिदिएको हदम्याद मुद्दा दायर गर्ने जिम्मेवार निकाय वा अधिकारीको अधिकारमा लगाइएको समय-सीमासम्म हो । साविक ऐनहरू बहाल रहँदासम्म उक्त ऐनका प्रावधानमा उल्लेखित समय-सीमाभित्र विशेष प्रहरी विभाग वा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरी सक्नुपर्ने बाध्यता थियो । तर भ्र.नि.ऐन, २०५९ जारी भएपछि र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनमा दोस्रो संशोधन भएपछि सो समय-सीमा हटिसकेको छ । यस अवस्थामा कानूनले

हदम्यादको समय-सीमा हटाइसकेपछि पनि प्रतिवादीका विरुद्ध मुद्दा दायर गर्न चाहिँ पुरानो ऐनकै हदम्यादको व्यवस्था लागू हुने भनी अर्थ गर्नु कानूनसंगत छैन, त्रुटिपूर्ण छ ।

(४) नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को उपधारा (४) अनुकूल बनेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ आयोगका काम, कर्तव्य, अधिकार र कार्यविधि तोक्ने ऐन भएकाले अपराध र सजाय सम्बन्धी ऐनले कसूरदारलाई प्रदान नगरेको उन्मुक्ति आयोगको काम, कर्तव्य र अधिकार निर्धारण गर्ने ऐनले प्रदान गर्दछ भन्नु र २०५९।४।३० को संशोधनले नै हटिसकेको प्रावधानले सो संशोधन पश्चात् पनि आयोगको अधिकारलाई सीमाबद्ध गरी नै राख्दछ भनी अर्थ गर्नु कानूनसम्मत हुँदैन ।

(५) राष्ट्रसेवकका सम्बन्धमा अवकाश भएका मितिले १ वर्षभित्र मुद्दा दायर गरी सक्नुपर्ने २०५९।४।३० मा संशोधन हुनुपूर्वको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यांशले तोकेको हदम्याद उक्त मितिको संशोधनबाट हटिसकेको अवस्थामा निज प्रतिवादीको सम्बन्धमा पुरानै ऐनको हदम्याद लागू हुने भन्ने तर्क कानूनतः त्रुटिपूर्ण हुन्छ ।

२. ओखलढुंगा जिल्ला फूलबारी गा.वि.स.वडा नं. ५ मा घर भई हाल भक्तपुर जिल्ला सिपाडोल गा.वि.स.वडा नं. १ सूर्यविनायक बस्ने शाही नेपाली सैनिक, गठ्ठाघरका ना.सु. देवीप्रसाद लुइँटेल ..... चेक कीर्ते गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६४।३।२८

आयोगको दाबी र विशेष अदालतको फैसला :-

उल्लेखित प्रतिवादी भएको उल्लेखित मुद्दा श्री विशेष अदालत, काठमाडौंमा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीलाई कैद र जरिवानाको सजाय गरी फैसला भएको भए पनि मागदाबी भन्दा कम सजाय गरी फैसला भएको पाइएकोले कम सजाय गरेको हदसम्म फैसलामा चित्त नबुझेकोले पुनरावेदन गरिएको छ ।

फैसलाका आधारहरू -

(क) भौचर फेला नपरेपछि रकम के प्रयोजनको लागि खर्च भएको र त्यसमा विल भरपाई संलगन भए नभएको भनी थाहा हुन नसक्ने र भौचर प्रमाणीत गर्ने अधिकृतले प्रमाणीत गरेको व्यहोरा समेत नभएको अवस्थामा सो रकम प्रतिवादीले हिनामिना गरेको भनी प्रमाणीत हुन नसक्ने ।

(ख) प्रतिवादीको नाममा नभई नाममा काटिएको चेकको भुक्तानी अरुलेनै बैंकबाट लिएको देखिएको ।

पुनरावेदनका आधारहरू:-

(क) विभिन्न आ.ब.हरूमा प्रतिवादीले काटेका चेकहरूको गोश्वरा भौचर श्रेस्तामा संलग्न रहेको छैन । फेला नपरेका भौचरहरूको संख्या १२ थान रहेको छ । भौचर फेला नपरे पनि चेक काटिएको र काटिएको चेकबाट रकम भुक्तानी भएको भन्ने तत्थ्यलाई चेकका अर्धकट्टी र बैंक स्टेटमेन्टले पुष्टि गरेको अवस्था छ । चेकमा अंक र अक्षर थप गरी किर्ते जन्य भ्रष्टाचारको कसूर गर्ने प्रतिवादीले गोश्वारा भौचर नउठाई चेक काटेको हो भनी विश्वास गर्न सकिने अवस्था छ । तसर्थ भौचर फेला नपरेपछि भ्रष्टाचारजन्य कसूर हुँदैन भन्ने आशय फैसलामा रहेकोले फैसला सरासर त्रुटिपूर्ण छ ।

(ख) प्रतिवादीले चेक तयार गरेपछि केही चेकहरूमा आफूहरूले डिपो पतिले सही गरे पश्चात् दस्तखत गरेको र रकमचाहिँ बैंकमा गई प्रतिवादीले नै भुक्तानी लिएको भनी बुझिएका इन्द्र बहादुर खत्री समेतले अनुसन्धानको क्रममा कागज गरिदिएका छन् । इन्द्र बहादुर खत्री समेतको नाममा चेक काटिए पनि रकम भुक्तानी प्रतिवादीले नै लिएको भन्ने तथ्य उक्त चेकका पछाडि प्रतिवादीको दस्तखत परेबाट पुष्टि भएको छ । यसर्थ अर्कैको नाममा चेक काटिएको भए पनि बढी रकम बैंकबाट प्रतिवादीले नै झिकेको हो भन्ने प्रमाणित भएको अवस्थामा कम बिगो कायम गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ग) जुन प्रयोजनका लागि चेक काटिने हो सो प्रयोजन खुलाई भौचर खडा गरी आदेश भएपछि मात्र रकम झिक्ने चेक काट्नुपर्ने प्रतिवादीकै दायित्व हो । निजले पूरा गर्नुपर्ने दायित्व पूरा नगरी विना भौचर चेक काटी रकम निकालेको अवस्था स्पष्ट भएपछि निजले गैरकानूनी कार्य गरी रकम निकालेको कसूर पुष्टि हुनेमा प्रतिवादीले दायित्व पूरा नगरेको कार्यलाई नै सफाइ दिने आधार बनाएको फैसला अत्यन्त त्रुटिपूर्ण छ ।

३. **सप्तरी जिल्ला धरमपुर गा.वि.स.वडा नं. ६ वस्ने जयप्रकाश प्रसाद गुप्ता .....**
ऐ.ऐ.बस्ने सरस्वती पुरी (गुप्ता) .... गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६४।२।२८

<u>आयोगको दाबी र विशेष अदालतको फैसलाः-</u>

उल्लेखित प्रतिवादीहरू उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र १५ तथा सो ऐनलाई निरन्तरता दिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसूरमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१), १५ र १६(ग) तथा सो ऐनलाई निरन्तरता दिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम कैद जरिवाना र दफा ४७ बमोजिम गैरकानूनी सम्पत्ति जफत गर्न एवं प्रतिवादी जयप्रकाश प्रसाद गुप्ता विभिन्न मन्त्रालयको मन्त्री समेत भए रहेकाले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ४(क) र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय समेतको मागदाबी लिई मुद्दा दायर गरिएकोमा श्री विशेष अदालतबाट प्रतिवादीहरूलाई सफाइ दिई फैसला भएको ।

<u>फैसलाका आधारहरूः-</u>

(क) प्रतिवादीले वैधानिक आयस्रोतबाट पुष्टि गर्नुपर्ने कुल सम्पत्ति र खर्च रु.१,१२,६३,३८०।- देखिएको र वैध आयको स्रोतबाट निजलाई रु.१,०५,५७,२४१।- प्राप्त भएको देखिंदा रु.७,०६,१३९।- को सम्पत्तिसम्म निजको आयस्रोतबाट पुष्टि नभएको देखिएको र सो रकम निजको कुल सम्पत्तिको ७ प्रतिशतभन्दा कम रहेको ।

(ख) आयव्ययको हिसाब गर्दा घरायसी व्यवहारलाई कानूनी मान्यता प्राप्त हुने प्रचलन, आय र व्ययको लेखा राख्न नपर्ने परम्परा, सामाजिक प्रचलन एवं आयको स्रोत र खर्चको हिसाब लामो समयसम्म स्मरण नहुने तथा आधिकारिक रेकर्ड समेत नरहने भएबाट यथार्थ रूपमा आयको स्रोत र खर्चको रकम यकिन रूपमा किटान हुन सक्ने स्थिति नरहने हुँदा अयका स्रोत र खर्चलाई न्यायोचित अनुमानको आधारमा निर्धारण गर्नुपर्ने अवस्था रहेको ।

(ग) अमिल्दो र अस्वाभाविक जीवनस्तर निर्धारण गर्ने मापदण्ड प्रतिवादीको सामाजिक र आर्थिक पक्ष रहेको र जाँच अवधिमा देखिएको प्रतिवादीको आर्थिक कारोबार, निजको पारिवारिक पृष्ठभूमि र पैत्रिक सम्पत्तिको आधारमा आयव्ययमा देखिएको अन्तर स्वाभाविक नै रहेको देखिएको ।

(घ) सप्तकोशी कोल्ड स्टोर्समा प्रतिवादीको मौद्रिक आर्जनको रकम लगानी भएको भन्ने नदेखिएकोले प्रतिवादीले लगानी गर्नुपर्ने भनिएको प्रतिशतको आधारमा लगानी भएको भनी गणना हुन सक्ने देखिएको ।

(ङ) प्रतिवादीले पारिश्रमिक सुविधाको रूपमा यति नै रकम प्राप्त गरेको भनी रकम किटान गरेको नदेखिँदा यस्तो अवस्थामा प्रतिवादीले प्राप्त गरेको भनी देखाइएको रकमलाई नै मान्नु पर्ने ।

<u>पुनरावेदनका आधारहरू:-</u>

(क) प्रतिवादी जयप्रकाश प्रसाद गुप्तालाई अभियोग मागदाबीबाट सफाइ दिंदा निजको आय र व्ययको अवस्थालाई तथ्यगत रूपमा विश्लेषण नै नगरी मनोगत ढंगले आय र व्ययको लगत निकाली केही रकमसम्म आयस्रोतले नपुग हुने देखाइएको पाइन्छ । कुल आयव्ययबाट ७ प्रतिशतभन्दा कम रहेको भन्ने देखाई निजको आर्थिक हैसियत सामान्य रहेको भन्ने आधारमा सफाइ दिएको पाइन्छ । यसरी निज प्रतिवादीको सार्वजनिक पदमा प्रवेश पछिका प्रत्येक सम्पत्ति र खर्चका सम्बन्धमा तत् तत् अवस्थाका आय र व्ययलाई सूक्ष्म किसिमले विश्लेषण गरेर फैसला गरेको देखिंदैन । तत्कालीन अवस्थाको आयले उक्त सम्पत्ति या खर्चलाई धान्न सक्ने अवस्थाको छ छैन भनेर हेरिनुपर्ने हो तर त्यसतर्फ कुनै विश्लेषण भएको देखिंदैन । गोलमटोल रूपमा एकमुष्ट आय र व्ययलाई आधार बनाई फैसला गरिएको छ । जसले कुन सम्पत्ति तथा खर्चको कस्तो अवस्था छ त्यसलाई तत्कालीन आयले पुष्टि गर्न सक्छ सक्दैन भन्ने कुरालाई देखाउन सक्दैन । पछाडिको आयले अगाडिको सम्पत्ति तथा खर्चको अवस्था देखाउन मिल्ने हुँदैन । सो तर्फ प्रस्तुत फैसलाले कुनै विश्लेषण गरेको देखिँदैन । यसरी गोलमटोल रूपमा समग्र आय र व्ययको योगलाई आधार बनाई भएको फैसला न्यायसंगत, कानूनसंगत तथा तर्कसंगत नहुँदा बदरभागी छ ।

(ख) प्रतिवादीको आयस्रोतको मूल्यांकन गर्दा विशेष अदालत काठमाडौंले कुनै तथ्यगत प्रमाणको आधारमा निश्चित मापदण्ड बनाई विश्लेषण नगरी प्रतिवादीको भनाइलाई आधार मानी आयस्रोतको मूल्यांकन गरेको देखिन्छ । प्रतिवादीले आफूलाई कसूरबाट जोगाउने उद्देश्यले बढीभन्दा बढी आयस्रोतहरू देखाउनु स्वाभाविक नै हुन्छ । यसलाई कतिसम्म मान्ने भन्ने कुरालाई आय सम्बद्ध ठोस प्रमाणहरूसँग सापेक्ष रूपमा हेरिनुपर्ने हुन्छ । निश्चित मापदण्डको आधारमा मात्र आयस्रोतको यकिन हुनुपर्ने देखिन्छ । तर प्रस्तुत फैसलामा प्रतिवादीले भनेको कुरालाई मात्र आधार मानी कतिपय आयस्रोतहरू निर्धारण गरिएको देखिन्छ । प्रतिवादीको कृषि आयको रूपमा बगैंचाको आय, विदेश भ्रमणको आय समेतका आयहरूलाई प्रतिवादीको बयानलाई आधार मानी निकालिएको देखिन्छ । निज प्रतिवादीको आफ्नै निजी आर्जनको खेती जग्गा नभई पैत्रिक सगोलको जग्गा देखिएकोले सो खेतीको आयलाई सबै अंशियारहरूमा बाँडफाँड गरी निजको भागमा पर्न आउने अंशलाई मात्र कायम गरिनुपर्नेमा सो समेत गरेको नदेखिएको साथै निज आफैले खेती नगर्ने हुँदा मिति २०२८।५।१४ मा राजपत्रमा प्रकाशित सूचना बमोजिम मोहीबाट जग्गाधनीलाई बुझाउनु पर्ने कुतको मात्रालाई कायम गरिनु पर्ने तथा कृषि विकास कार्यालयले दिएको मूल्यको दररेटलाई आधार कायम गरिनुपर्ने देखिन्छ । सरकारी कागजातमा उल्लेखित कुरालाई समेत आधार कायम नगरी हचुवाको भरमा प्रतिवादीले भनेको आयको रकमलाई कायम गरिएको बगैंचाको आयलाई समेत यथार्थपरक रूपमा विश्लेषण

नभएको, वैदेशिक आय पनि तथ्यलाई एकातिर पन्छाएर प्रतिवादीको भनाइकै आधारमा कायम गरिएको, सप्तरी फत्तेपुरको घर निर्माणको स्रोतलाई समेत प्रतिवादीकै भनाइलाई कायम गरिएको, गाडी बिक्री गरिएकोलाई आयमा देखाई आय कायम गरिएको तर ती गाडीहरू खरिदको स्रोत नहेरिएको र खर्चमा समेत कायम नगरिएको समेतबाट प्रतिवादीलाई सफाइ दिने नियोजित आशयले मनोगत ढंगले प्रतिवादीकै भनाइलाई आधार बनाई आय व्ययको रकम निर्धारण गरिएको पाइन्छ। अदालतले फैसला गर्दा लिएको आधारमा "यथार्थ रूपमा आयको स्रोत र खर्चको रकम यकिन रूपमा किटान हुन सक्ने स्थिति नहुने हुँदा आयको स्रोत र खर्चलाई न्यायोचित अनुमानको आधारमा निर्धारण गर्नुपर्ने" भन्ने उल्लेख भएबाट समेत फैसला तथ्यगत विश्लेषणमा आधारित नभएको हुँदा बदर गरी पाऊँ।

(ग) प्रतिवादीको अमिल्दो र अस्वाभाविक जीवनस्तर निर्धारण गर्ने निश्चित मापदण्ड निजको सामाजिक र आर्थिक पक्ष रहेको हुन्छ। सार्वजनिक पदमा रहेको अवधिमा देखिएको प्रतिवादीको आर्थिक कारोबार, निजको पारिवारिक पृष्ठभूमि समेतलाई सूचकको रूपमा लिन सकिन्छ। अदालतले समेत सो कुरालाई स्वीकार गरेको अवस्था छ। तर प्रतिवादीको सार्वजनिक पदमा प्रवेशअघिको आर्थिक हैसियत र पछिको अवस्थालाई विश्लेषण गरेर निजको जीवनस्तर निर्धारण गर्नुपर्नेमा सो तर्फ कुनै व्याख्या विश्लेषण भएको देखिँदैन। निज २०४८ सालदेखि २०५९ सालसम्म विभिन्न सार्वजनिक जवाफदेहीको पदमा रहेको देखिन्छ। सोही अवधिमा निजको आर्थिक हैसियत पनि एक्कासी वृद्धि भएको अवस्था छ। जुन निजको आयस्रोतको तुलनामा स्वाभाविक देखिँदैन। निज सार्वजनिक पदमा प्रवेश पूर्वसम्म बैंक मौज्दात रु.२२,०००।- रहेकोमा सार्वजनिक पदमा प्रवेश गरेपछि बैंक मौज्दात रु.९१,९१,८००।- पुगेको देखिन्छ। जुन आयको तुलनामा स्वाभाविक मान्न सकिँदैन। सार्वजनिक पदमा प्रवेश पूर्वसम्म निजको नाममा सगोलको घर जग्गादेखि बाहेक कुनै अचल सम्पत्ति घरजग्गा रहेको देखिँदैन। सार्वजनिक पदमा प्रवेशपछि काठमाडौं तथा सप्तरीमा घरजग्गा खरिद तथा निर्माण गरेको देखिएको, सप्तकोशी कोल्ड स्टोरेजमा लगानी गरेको, २ वटा गाडी खरिद गरेको देखिएको, बैंक मौज्दात उल्लेख्य रहेको लगायतका साम्पत्तिक विवरणहरूले समेत निजको आर्थिक हैसियतमा द्रुतगतिले वृद्धि भएको स्पष्ट देखिन्छ। ती सम्पत्तिका मूल आयस्रोतको रूपमा पैत्रिक आयलाई देखाएको पाइन्छ। पछि पैत्रिक आयले ती सम्पत्तिहरू आर्जन भएका थिए भने सार्वजनिक पदमा प्रवेश पूर्व पनि हुनुपर्ने थियो। तर त्यस्तो देखिँदैन। सार्वजनिक पदमा प्रवेशपछिको आर्जित सम्पत्ति र खर्चको प्रकृतिलाई हेर्ने हो भने निजको तत्कालीन वैधानिक आयले धान्न सक्ने देखिँदैन। तसर्थ निजको आयको तुलनामा आर्जित सम्पत्ति र खर्च उल्लेखनीय रूपमा वृद्धि भएको देखिँदा प्रतिवादीले आयस्रोतको तुलनामा अमिल्दो र अस्वाभाविक जीवनस्तर बिताइरहेको भन्ने स्पष्ट हुन्छ। सो तर्फ कुनै पनि विश्लेषण नै नगरी अदालतबाट प्रतिवादीलाई सफाइ दिई भएको फैसला आफैंमा बदरभागी छ। बदर गरी अभियोग मागदाबी बमोजिम सजाय गरी पाऊँ।

(घ) अभियोग मागदाबीमा प्रतिवादीले लुकाउने छिपाउने उद्देश्यले बैंकबाट झिकेका भनिएका बैंक कारोबारका रकमका स्रोतका सम्बन्धमा फैसलामा केही उल्लेख गरेको पाइँदैन। प्रतिवादी जयप्रकाशप्रसाद गुप्ताकी पत्नीको नाममा रहेको नेपाल बंगलादेश बैंकको खाता नं. ००८८२१ मा २०५६।६।६ देखि २०५८।६।१२ सम्मको अवधिमा रु.३६,००,०००।- जम्मा गरेको सो मध्ये २०५८।६।१२ मा रु.३५,९०,०००।- एकैपटकमा निकालेको देखिन्छ। सो रकम के कुन प्रयोजनको लागि निकालिएको हो वा के मा लगानी भएको हो सो को कुनै हिसाब किताब देखिँदैन। प्रतिवादीको नाममा रहेको कृषि विकास बैंक स्थित खाता नं. २५२४९० मा सार्वजनिक पदमा प्रवेशपछि

पटकपटक गरेर रु.३८,६१,८००।- जम्मा भएको र सोही रकममध्ये विभिन्न मितिमा झिकी बाँकी रहेको रु.९,२२,३०६।९७ मिति २०५९।१।२३ मा झिकी खाता बन्द गरेको देखिन्छ । प्रतिवादीकै नाममा रहेको बैंक अफ काठमाडौंको खाता नं. ०१०००००० ४६०९ मा मिति २०५६।६।२६ मा रु.१५,००,०००।- जम्मा भई विभिन्न व्यक्तिका नाममा सो मध्ये रु.१०,४४,४४५।- झिकिएको देखिन्छ । उल्लेखित झिकिएका रकम तथा जम्मा हुँदाको रकमलाई सो स्रोतको प्रसंग सापेक्षिक ढंगले विश्लेषण गरेको पाइँदैन । हचुवाको भरमा प्रतिवादीको समग्र आयव्ययको योगलाई जोड घटाउको रूपमा कायम गरी फैसला गरिएको पाइन्छ जुन न्याय तथा कानूनसंगत छैन बदर गरी पाऊँ ।

४. नवलपरासी जिल्ला रामनगर गा.वि.स.वडा नं. ८ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला ललितपुर उप-महानगरपालिका वडा नं. २ सानेपा बस्ने पूर्व मन्त्री रवीन्द्रनाथ शर्मा .....
ऐ.ऐ.बस्ने सरोज शर्मा .....
काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.१० बानेश्वर बस्ने शरदकुमार ज्ञवाली
ऐ.ऐ.बस्ने अरुणा ज्ञवाली
काठमाडौं जिल्ला खड्का भद्रकाली गा.वि.स.वडा नं. ६ बस्ने शैलजा शर्मा ज्ञवाली
काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. १ ज्ञानेश्वर बस्ने स्वस्तिका शर्मा .... गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६४।३।६

आयोगको दाबी र विशेष अदालतको फैसला:-

उल्लेखित प्रतिवादीहरू उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,७(१) र १५ तथा सो ऐनलाई निरन्तरता दिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसूरमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,७(१), १५ र १६(ग) तथा सो ऐनलाई निरन्तरता दिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिमको कैद जरिवाना र गैरकानूनी सम्पत्ति जफत हुन समेतको मागदाबी लिइ मुद्दा दायर गरिएकोमा श्री विशेष अदालतबाट प्रतिवादीहरूलाई सफाई दिई आरोपपत्र खारेज गर्ने ठहर गरी फैसला भएको ।

फैसलाका आधारहरू:-

प्रतिवादी रविन्द्रनाथ शर्माले सार्वजनिक पदमा बहाल रहँदा गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको भन्ने समेतको कसूरमा निजलाई सजाय गरी निज र निजका परिवार तथा नातेदार समेतका नाममा राखिएको रु.४,९५,५४,७०८।५७ बरावरको सम्पत्ति जफत गरी पाउँ भनी आयोगबाट दायर गरिएको मुद्दामा विशेष अदालतले मुद्दाको अन्य तथ्यगत विषयमा प्रवेश नै नगरी मूलत: निम्न कानूनी प्रश्नमा सीमित रही आरोपपत्र खारेज हुने ठहर गरेको छ -

(क) प्रस्तुत आरोपपत्र कुन हदम्याद भित्र दायर गरिएको हो ? सो कुरा आरोपपत्रमा खुलाएको नपाइएको ।

(ख) प्रतिवादी रविन्द्रनाथ शर्मा मिति २०५८।३।११ देखि तत्कालको राष्ट्रिय सभा सदस्यको पदबाट अवकाश भएपछि भ्रष्टाचार निवारण ऐन, २०५९ लागू हुँदाको अवस्था र प्रस्तुत मुद्दा दायर हुँदाको अवस्थामा समेत निज प्रतिवादी सार्वजनिक पद धारण गरेको राष्ट्रसेवकको पदमा बहाल रहेको नदेखिएको र प्रस्तुत मुद्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) को प्रतिवन्धात्मक वाक्यांश अनुसार हदम्याद नलाग्ने विषय भित्रको नभएकोले तत्काल लागू रहेको अख्तियार दुरूपयोग

अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिवन्धात्मक वाक्यांशले पदबाट अवकाश प्राप्त गरेको एकवर्ष भित्र मुद्दा चलाई सक्नु पर्नेछ भनी निर्दिष्ट गरेको एक वर्ष नघाई मिति २०६०।८।१६ मा दायर भएको प्रस्तुत मुद्दाको तथ्यमा प्रवेश गरी इन्साफ गर्न नमिल्ने हुँदा प्रस्तुत आरोपपत्र खारेज हुने ।

पुनरावेदनका आधारहरू:-

(क) आरोपपत्र कानून बमोजिमको नभएको भन्ने सम्बन्धमा:-

(१) राष्ट्रसेवकसँग निजको वैध आयश्रोतसँग अमिल्दो सम्पत्ति हुनु समेतको सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ को अनुमानित कसूरलाई हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) ले निरन्तरता दिएको भन्ने कुरामा विशेष अदालत स्पष्ट छ । त्यतिसम्म व्याख्या आयोगको धारणा अनुकूल छ । सावितको ऐनको व्यवस्थामा दफा १५ मा उल्लेखित कसूरको आरोप लगाउनको लागि भ्रष्टाचार जन्य कसूर मानिने अन्य कुनै कसूरको आरोप लगाउनु आवश्यक थियो भने हालको ऐनको दफा २०(१) ले त्यस्तो अन्य कुनै आरोप लगाउनु पर्ने आवश्यकता राखेको छैन । यत्तिमात्र अन्तर रहेको छ ।

(२) सावित ऐनको दफा १५ मा २ प्रकारका कसूरको उल्लेख भएको छ । बैध आयश्रोतसँग अमिल्दो सम्पत्ति हुनु गैरकानूनी रूपमा रिसवत लिएको मानिने कसूर र उक्त कसूरमा सजायको दाबी गर्न पूर्वावस्थाको रूपमा रहेको अन्य कुनै एक भ्रष्टाचार जन्य कसूर । उपरोक्त कसूरहरू एउटै प्रकृतिका कसूर होइनन् । आपसमा परिपुरक वा सम्पूरक (complementary or supplementary) भूमिका भएका कसूर पनि होइनन् । यी छुट्टाछुट्टै प्रकृतिका पृथक पृथक कसूर हुन । यी कसूर बापत हुने सजाय पनि पृथक छन । कसूर प्रमाणित गर्ने आधार प्रमाण पनि स्वतन्त्र र पृथक छन । यी स्वतन्त्र कसूर हुन, दुवै कसूर स्वतन्त्र रूपले प्रमाणित हुन वा नहुन सक्दछन । ऐनको वनौटले सो स्पष्ट पारेको छ ।

(३) सावित ऐनको दफा १५ ले "गैरकानूनी रूपले रिसवत लिएको" अनुमान गरी सजाय गर्न सकिने भनी परिभाषित गरेको सो कसूरमा कसूरको आरोप लगाई सजायको मागदाबी गर्नकोलागि सम्म भ्रष्टाचार जन्य अन्य कुनै कसूरको समेत आरोप लागेको हुनुपर्ने रहेको कारणबाट कसूरको अन्तर्वस्तु, कसूरको तत्व र कसूरको प्रकृतिमा फरक पार्ने अवस्था छैन । सजायको मागदाबी गरी आरोपपत्र प्रस्तुत गर्न आवश्यक पर्ने पूर्वावस्था नरहे वा नभएका कारणले मात्र कानूनले कसूर नै परिभाषित नगरेको वा सजाय हुने भनी व्यवस्था नै नगरेको भनी अर्थ गर्न मिल्दैन । कुनै कार्य प्रचलित कानूनले सजाय हुने कसूर हो वा होइन भन्ने कुरा र कुनै कसूरमा सजायको दाबी गर्न कुन कुन पूर्वावस्था पूरा गर्नु वा हुनु पर्दछ भन्ने कुरा अलग विषय हुन । अतएव, सावित ऐन बहाल रहँदा पूर्वावस्थाको रूपमा आवश्यक पर्ने अर्को कुनै आरोप नरहदैमा "गैरकानूनी रूपले रिसवत लिएको" अनुमान गरिने कसूरलाई नै तत्काल प्रचलित कानूनले सजाय भागी नबनाएको मानिने अर्थ गरी तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) ले प्रदान गरेको फौज्दारी न्याय सम्बन्धी हकको प्रस्तुत मुद्दाको प्रशंगमा विशेष अदालतले गलत व्याख्या गरेको छ । वास्तवमा यस प्रसंगमा तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) आकृष्ट हुने अवस्था नै छैन ।

(ख) मुद्दा दायर गर्ने हदम्याद सम्बन्धमाः-

(१) प्रतिवादी २०५८।३।११ मा राष्ट्रसेवकको पदबाट हटिसके पछि निज उपर भ्रष्टाचारको कसूरमा मुद्दा दायर गर्न ऐनको संशोधित व्यवस्थाले हदम्यादको व्यवस्था नगरेको हुँदा निजका सम्बन्धमा साविक कै व्यवस्थाले १ वर्ष भित्र मुद्दा चलाई सक्नु पर्ने यवस्था लागू हुने भनी विशेष अदालतले त्रुटिपूर्ण व्याख्या गरेको छ ।

(२) फौज्दारी कसूरको आरोपमा मुद्दा दायर गर्न हदम्याद तोकिएको अवस्थामा तोकिएको हदम्याद समाप्त भएपछि मुद्दा दायर हुन सक्दैन । दायर भएको रहेछ भने हदम्याद भित्र दायर नभएको आधारमा इन्साफ गर्न मिल्दैन, खारेज हुन्छ । यो सैद्धान्तिक विषयमा विवाद गर्नुपर्ने अवस्था छैन । तर प्रस्तुत मुद्दाको सम्बन्धमा अदालतले हदम्याद सम्बन्धी प्रश्न गलत ढंगले व्याख्या गरेको छ ।

(३) अन्य फौज्दारी कानूनमा जस्तो साविक र वर्तमान भ्रष्टाचार निवारण ऐन कुनैले पनि यो कसूर गरे भएका मितिबाट यति अवधि भित्र मुद्दा दायर गरी सक्नु पर्छ भनी हदम्याद किटान गरेका छैनन् । साविक ऐनको दफा २४ क ले र २०५९।४।३० मा संशोधन हुनु पूर्व अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिवन्धात्मक वाक्यांशले मुद्दा दायर गर्न तोकिदिएको हदम्याद मुद्दा दायर गर्ने जिम्मेवार निकाय वा अधिकारीको अधिकारमा लगाइएको समय-सिमा सम्म हो । साविक ऐनहरू बहाल रहँदासम्म उक्त ऐनका प्रावधानमा उल्लेखित समय-सिमा भित्र विशेष प्रहरी विभाग वा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरी सक्नु पर्ने वाध्यता थियो । तर भ्रष्टाचार निवारण ऐन, २०५९ जारी भएपछि र अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐनमा दोश्रो संशोधन भएपछि सो समय-सिमा हटी सकेको छ । यस अवस्थामा कानूनले हदम्यादको समय-सिमा हटाई सकेपछि पनि प्रतिवादीका विरुद्ध मुद्दा दायर गर्न चाहि पुरानो ऐनकै हदम्यादको व्यवस्था लागू हुने भनी अर्थ गर्नु कानून संगत छैन, त्रुटिपूर्ण छ ।

(४) तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को उपधारा (४) अनुकूल बनेको अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ आयोगका काम, कर्तव्य, अधिकार र कार्यविधि तोक्ने ऐन भएकाले अपराध र सजाय सम्बन्धी ऐनले कसूरदारलाई प्रदान नगरेको उन्मूक्ति आयोगको काम, कर्तव्य र अधिकार निर्धारण गर्ने ऐनले प्रदान गर्दछ भन्नु र २०५९।४।३० को संशोधनले नै हटिसकेको प्रावधानले सो संशोधन पश्चात पनि आयोगको अधिकारलाई सीमावद्ध गरी नै राख्दछ भनी अर्थ गर्नु कानून सम्मत हुदैन ।

(५) राष्ट्रसेवकका सम्बन्धमा अवकाश भएका मितिले १ वर्षभित्र मुद्दा दायर गरी सक्नु पर्ने २०५९।४।३० मा संशोधन हुनुपूर्वको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यंशले तोकेको हदम्याद उक्त मितिको संशोधनबाट हटी सकेको अवस्थामा निज प्रतिवादीको सम्बन्धमा पुरानै ऐनको हदम्याद लागू हुने भन्ने तर्क कानूनत त्रुटिपूर्ण हुन्छ । अपराध र सजायको व्यवस्था गर्न वनेको सारभूत ऐनमा नै त्यस्तो प्रावधान भएको भए पनि कुनै प्रतिवादीको सम्बन्धमा हदम्याद बाँकी छदै हदम्याद सम्बन्धी प्रावधान हटेपछि पुरानो ऐनको प्रावधान लागू हुन्छ भन्नु त्रुटिपूर्ण व्याख्या हुन जान्छ भने आयोगका सम्बन्धमा लागू हुने ऐनको हटी सकेको प्रावधानले प्रतिवादीलाई उन्मुक्ति प्रदान गर्छ भनी अर्थ गर्नु अझ गम्भिर कानूनी त्रुटी हुन जान्छ ।

५. जनकपुर नगरपालिकाको तत्कालीन प्रमुख वर्ष ५२ को बजरंगप्रसाद साह .....

ऐ.जिल्ला, ऐ. नगरपालिका वडा नं. १० बस्ने जनकपुर नगरपालिकाको तत्कालीन उप-प्रमुख वर्ष ४१ को किशोरी साह. .....

ऐ.जिल्ला, ऐ.नगरपालिका वडा नं. १ बस्ने जनकपुर नगरपालिका वडा नं. १ को तत्कालीन वडाध्यक्ष वर्ष ५० को माधवबहादुर थापा.....

ऐ.जिल्ला, ऐ.नगरपालिका वडा नं. २ को तत्कालीन वडाध्यक्ष बर्ष ३७ को केशवप्रसाद ढुंगेल.....

ऐ.जिल्ला, ऐ.नगरपालिका वडा नं. ३ को तत्कालीन वडाध्यक्ष वर्ष ४२ को ईश्वर कुमार ढुंगाना.....

ऐ.जिल्ला, ऐ.नगरपालिका वडा नं. ४ को तत्कालीन वडाध्यक्ष बर्ष ४९ को राघो सिंह .....

ऐ.जिल्ला, ऐ.नगरपालिका वडा नं. ५ को तत्कालीन वडाध्यक्ष वर्ष ४८ को हफिज अन्सारी.....

ऐ.जिल्ला, ऐ.नगरपालिका वडा नं. ६ को तत्कालीन वडाध्यक्ष वर्ष ६१ को इद्रिस कवारी .....

ऐ.जिल्ला, ऐ.नगरपालिका वडा नं.७ को तत्कालीन वडाध्यक्ष वर्ष ३६ को जीवछ साह तेली .....

ऐ.जिल्ला, ऐ.नगरपालिका वडा नं. ८ को तत्कालीन वडा अध्यक्ष बर्ष ३९ को अवधेशकुमार पोखरेल...

ऐ.जिल्ला, ऐ.नगरपालिका वडा नं. ९ ब्रम्हपुरी बस्ने जनकपुर नगरपालिका वडा नं. ९ को तत्कालीन वडाध्यक्ष वर्ष ३२ को आनन्दराज ढकाल .....

ऐ.जिल्ला ऐ.नगरपालिका वडा नं. १० बस्ने जनकपुर नगरपालिका वडा नं. १० को तत्कालीन वडाध्यक्ष वर्ष ५५ को रामेश्वर ठाकुर.....

ऐ.जिल्ला, ऐ.नगरपालिका वडा नं. ११ बस्ने जनकपुर नगरपालिका वडा नं. ११ को तत्कालीन वडाध्यक्ष वर्ष ३६ को जानकीप्रसाद साह.....

ऐ.जिल्ला ऐ.नगरपालिका वडा नं. १२ बस्ने जनकपुर नगरपालिका वडा नं. १२ को तत्कालीन वडाध्यक्ष वर्ष ३८ को महेन्द्र साह तेली.....

ऐ.जिल्ला, ऐ.नगरपालिका वडा नं. १३ बस्ने जनकपुर नगरपालिका वडा नं. १३ को तत्कालीन वडाध्यक्ष वर्ष ३८ को सत्यनारायण यादव.....

ऐ.जिल्ला, ऐ.नगरपालिका वडा नं. १४ बस्ने जनकपुर नगरपालिका वडा नं. १४ को तत्कालीन वडाध्यक्ष वर्ष ४३ को रामवरण पासमान.....

ऐ.जिल्ला, ऐ.नगरपालिका वडा नं. वडा नं. १५ बस्ने जनकपुर नगरपालिका वडा नं. १५ को तत्कालीन वडाध्यक्ष वर्ष ४८ को रामचन्द्र साह .....

ऐ.जिल्ला, ऐ.नगरपालिका वडा नं. १६ बस्ने जनकपुर नगरपालिका वडा नं. १६ को तत्कालीन वडाध्यक्ष वर्ष ३९ को रामचन्द्र पंजीयार.....

ऐ.जिल्ला, ऐ.नगरपालिका वडा नं. ७ बस्ने जनकपुर नगरपालिकामा तत्कालीन मनोनीत सदस्य वर्ष २८ को विनोद साह .....

ऐ.जिल्ला, ऐ.नगरपालिका वडा नं. ५ बस्ने आ.ब. ०५४।५५ मा जनकपुर नगरपालिकाको चुंगी तथा सवारी कर ठेकदार वर्ष ४८ को अमरनाथ गुप्ता .....

ऐ.जिल्ला, ऐ.नगरपालिका वडा नं. २ बस्ने आ.ब. ०५४।५५ मा जनकपुर नगरपालिकाको चुंगी तथा सवारी करको साझेदार ठेकदार वर्ष ४५ को हरि राउत ....

ऐ.जिल्ला, ऐ.नगरपालिका वडा नं. २ बस्ने आ.ब. ०५४।५५ मा जनकपुर नगरपालिकाको चुंगी तथा सवारी कर ठेकदार अं.वर्ष ४५ को दिनदयाल प्रसाद साह .....

ऐ.जिल्ला, ऐ.नगरपालिका वडा नं. ४ बस्ने आ.ब. ०५५।५६ मा जनकपुर नगरपालिकाको चुंगी तथा सवारी करको साझेदार ठेकदार वर्ष ४६ को शंकरजी भन्ने शिवशंकर प्रसाद साह....

महोत्तरी जिल्ला लोहारपट्टि गा.वि.स.वडा नं. ३ स्थायी ठेगाना भै जनकपुर नगरपालिका क्षेत्रभित्र व्यापार व्यवसाय गरी बस्ने आ.ब. ०५५।५६ मा जनकपुर नगरपालिकाको चुंगी तथा सवारी कर ठेकदार वर्ष ३७ को शैलेन्द्र कुमार साह .....

धनुषा जिल्ला जनकपुर नगरपालिका वडा नं. १५ जनकपुर नगरपालिकाको ०५६ सालको सवारी कर ठेकेदार वर्ष २२ को अजयकुमार साह .....

धनुषा जिल्ला जनकपुर नगरपालिका वडा नं. ८ बस्ने जनकपुर नगरपालिकाको खरिदार वर्ष ३७ को वीरेन्द्रकुमार झा .....

धनुषा जिल्ला जनकपुर नगरपालिका वडा नं. १५ रामपुर बस्ने जनकपुर नगरपालिकाको आ.ब. ०५५।५६ मा मेलाहाट बजार कर ठेकदार वर्ष २८ को अशोककुमार झा... भ्रष्टाचार (रकम हिनामिना गरेको) मुद्दा । मा.न्या. भूपध्वज अधिकारी

फैसला मितिः २०६४।३।३

आयोगको दाबी र विशेष अदालतको फैसलाः-

उल्लेखित प्रतिवादीहरूलाई तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२),१३ र ८ समेत बमोजिम सजाय हुनको मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादीहरू बजरंगप्रसाद शाह, शैलेन्द्र कुमार शाह, विरेन्द्रकुमार झा, अजय कुमार शाह र अशोककुमार शाहले मागदाबी बमोजिम कसूर गरेको ठहर गरी बिगोको हकमा प्रतिवादीहरू मध्ये बजरंगप्रसाद साहको हकमा रु. १०,७३,३३८।३०, प्रतिवादी विरेन्द्र कुमार झाको हकमा रु. ५१,४५७।५८, प्रतिवादी अजयकुमार साहको हकमा रु. ३,३२,९५९।७०, प्रतिवादी अशोक कुमार झाको हकमा रु. २,१७,२८४।३३ र प्रतिवादी शैलेन्द्र कुमार साहको हकमा रु. २,७३,४६५।०३ अभियोग मागदाबी भन्दा कम बिगो कायम गरी सजाय तथा अन्य प्रतिवादीहरूलाई आरोपित कसूरबाट सफाइ दिई श्री विशेष अदालतबाट फैसला भएकाले केही प्रतिवादीहरूलाई कम सजाय गरेको र बाँकीलाई सफाइ दिएको हदसम्म फैसलामा चित्त नबुझी पुनरावेदन गरिएको ।

फैसलाका आधारहरू:-

(क) विभिन्न करबाट उठेको रकम कार्यालयमा जम्मा गरिसकेपछि मात्र कानून बमोजिम खर्च गर्नुपर्नेमा प्रतिवादी बजरंगप्रसाद साहले आफ्नो व्यक्तिगत आदेशमा अमुक कार्यको लागि भनी रकम दिई सो रकम खर्च भएको हिसाब किताव दुरुस्त भएको देखिँदैन । प्रचलित कानून विपरीत आदेश दिई रकम खर्च गरी त्यसप्रति आफ्नो जिम्मेवारी नभएको भन्ने निजको भनाइबाट निजको बदनियत रहेको स्पष्ट देखिन आउँछ । रु. १०,७३,३३८।३० को हिसाब किताव नभएको र निजको स्लिपबाट सो रकम भुक्तानी भएको देखिँदा सो रकम हिनामिना भएको देखिन आउँछ ।

(ख) नगरपालिका जस्तो निकायमा खर्चको सीमित दायरा नहुने र आवश्यकता र अवस्था अनुसार खर्च गर्नुपर्ने हुँदा त्यस्तो खर्चको औचित्य लेखापरिक्षणबाट पुष्टि हुने र लेखापरिक्षण पूर्व नै सो रकम हिनामिना भएको भनी निष्कर्षमा पुग्न सकिने आधार पर्याप्त भएको देखिएन । लेखा परीक्षण पछि देखिने रकम सम्बन्धित अधिकारीबाट असुल गर्न सक्ने अवस्था रहेको स्थितिमा सो खर्च आरोपित कसूर अन्तर्गत पर्ने देखिएन ।

(ग) टेलिफोन दुरुपयोग सम्बन्धमा कति दुरुपयोग भएको हो भन्ने विश्लेषण नभएको, दाबीको सो टेलिफोनको बिलको रकम भुक्तानी भएको अवस्थासमेत नरहेकोमा व्यक्तिगत प्रयोजन र कार्यालय

प्रयोजनको वर्गीकरण गरी भुक्तानी दिन सकिने अवस्था पूर्व नै बिल उठेको आधारमा मात्र खर्च नै नभएको रकम हिनामिना नहुने र हिनामिना नगरेको कार्य आरोपित कसूर अन्तर्गत पर्ने देखिएन ।

(घ) मुद्दाको प्रतिरक्षामा भएको खर्चलाई भ्रष्टाचारको बिगो कायम गर्न मिल्दैन र आरोपित कसूरको दायराभित्र पर्ने देखिँदैन । नगरपालिकाको नाममा काटिएको एकाउण्ट पेयी चेक नगरपालिकाको खातामा मात्र जम्मा हुने त्यसरी जम्मा भएको रकम प्रचलित प्रक्रिया अनुसार नै भुक्तानी हुने भएकोले सो रकम दोहोरो नोक्सानी भएको भन्ने कुरा मिसिलमा देखिन नआएको ।

(ङ) प्रचलित कानूनको अधिनमा रही उठाइने कर सम्बन्धी व्यवस्थापकीय कार्य नगरपालिकाको निर्णयबाट हुने भएकोले सो कार्यलाई गलत भएको भनी आरोपित कसूरको संज्ञा दिएको आरोपपत्रको व्यहोरा कानूनतः उचित देखिन आएन ।

(च) प्रतिवादीहरू कर उठाउने सम्बन्धी निर्णयमा सरिक भए पनि अरू कुरामा आफ्नो कुनै कसूर नभएको भन्ने निजहरूको भनाइ रहेको ।

(छ) घटबढ हुनु स्वाभाविक कुरा हुने भएकोले गत वर्षको तुलनामा घटी बढी हुँदैमा त्यस्तो कार्य आरोपित कसूर अन्तर्गत पर्न सक्ने अवस्था रहँदैन, त्यसैले करको विषयमा भएको सो निर्णय आरोपित कसूरको दायर भित्र पर्न सक्ने देखिएन ।

(ज) प्रतिवादीहरूले अदालत समक्ष बयान गर्दा कसूरमा इन्कार रही बयान गरेको देखिएको ।

<u>पुनरावेदनका आधारहरू:-</u>

(क) फैसलामा नगरपालिका जस्तो निकायमा खर्चको दायरा सीमित नहुने आवश्यकता र अवस्था अनुसार खर्च गर्नुपर्ने र त्यसको औचित्य लेखापरीक्षणबाट पुष्टि हुने भन्ने आधार लिइएको छ । अदालतले केही प्रतिवादीहरूलाई कम बिगो कायम गर्न तथा केही प्रतिवादीहरूलाई कसूरबाट सफाइ दिँदा लिइएको महत्वपूर्ण प्रस्तुत आधारको सम्बन्धमा हेर्दा नगरपालिकाको रकम खर्च गर्न आफूमा अधिकार नरहेको अवस्थामा कानूनले तोके अनुसारको श्रेस्ता राख्ने रखाउने कानूनी कार्य समेत पालना नगरी विभिन्न खर्चका बिल भर्पाई आफै प्रमाणित गरी भुक्तानी गर्न आदेश गर्ने नगर प्रमुखको कार्य प्रचलित कानून विपरीतको कार्य भएको र नगरपालिकाको आर्थिक व्यवस्थापन नै विचलन हुने गरी रकम खर्च दुरुपयोग गरी नगरपालिकालाई हानी नोक्सानी गराएको कार्य लेखापरीक्षणबाट नियमित हुने प्रकृतिको कार्य नभएर हानी नोक्सानी प्रकृतिको कार्य भएकोले उक्त फैसलामा लिएको आधार कानूनसंगत छैन । नगरपालिकाजस्तो निकाय मूलतः जनप्रतिनिधिमूलक संस्था हो । यस्तो संस्थामा निर्वाचित हुने पदाधिकारीले नीति निर्माण तथा विकास निर्माणमा संयोजन गर्ने मात्र हो । नगर प्रमुख आफैंले खर्च गर्न आदेश दिने, आफैं बिल प्रमाणित गर्ने कार्य गर्न जनप्रतिनिधिमूलक पदको कर्तव्य र दायित्व होइन । आफ्नो कर्तव्य र दायित्वबाट विमुख भई गर्ने यस्ता प्रकृतिका कार्यलाई भ्रष्टाचारजन्य कसूरको परिभाषाभित्र सीमाबद्ध गर्नुपर्ने हुन्छ । नगर प्रमुखलाई कर बापत उठती भएको रकम सोझै खर्च गर्ने अधिकार नभएकोमा खर्च लेख्न आदेश गरेको कार्य रकम हिनामिना गर्ने मनसायले गरेको भन्ने प्रस्ट हुन्छ । त्यस्ता कार्यलाई लेखा परीक्षणको क्षेत्रमा राख्न मिल्दैन ।

(ख) टेलिफोन दुरुपयोगको सम्बन्धमा फैसलामा लिइएको आधारको सम्बन्धमा हेर्दा नगर प्रमुखको हैसियतले आफ्नो निवासमा जडान गरिएको नगरपालिकाको टेलिफोन दुरुपयोग गरी नगरपालिकाको आवश्यकता र आर्थिक क्षमताभन्दा बढी हुने गरी व्यक्तिगत रूपमा वैदेशिक सम्पर्क समेतबाट रु. १२,९०,५४४।३० महसुल उठाई नगरपालिकालाई अतिरिक्त व्ययभार पारेको र आफूले नगर प्रमुखको पद सम्हाल्नुभन्दा

पहिलेदेखि नै आफ्नो घरको टेलिफोन सेवा प्रयोग गरे बापतको सेवा महसुल समेत नगरपालिकाको टेलिफोन महसुल तिर्न पठाएको रकम मध्येबाट आफैं अनाधिकृत आदेश गरी ट्रान्सफर गराई नगरपालिका कोषको रकम निजी प्रयोजनमा लगाई सार्वजनिक संस्थाको रकम दुरुपयोग गरेको तथ्य स्थापित भइरहेको अवस्था देखिएको र सो सम्बन्धमा आरोपपत्रमा विस्तृत रूपमा उल्लेख भएको अवस्थामा सो तथ्य तर्फ अदालतले आत्मनिष्ठ रूपमा फैसला गरेको देखिएको छ । तसर्थ उक्त रकम नगरप्रमुखले हिनामिना गरेकोले आरोपित कसूर अन्तर्गत पर्ने अवस्थामा हुँदा उक्त फैसला बदरभागी छ ।

(ग) आफ्नो पदावधि समाप्त हुने अघिल्लो दिन अर्थात् मिति २०५९।३।३२ मा आफूलाई अधिकार प्रदान गरी स्थायी कर्मचारी नियुक्त गरेको समेत निजद्वारा भएका विभिन्न अनधिकृत आदेशका कारण नगरपालिकाले खेप्नु परेका विभिन्न मुद्दाहरूमा प्रतिरक्षा गर्दा खर्च भएको देखिन्छ । नगर प्रमुखलाई कर्मचारी स्थायी नियुक्ति गर्न अधिकार नै नभएको अवस्थामा सो कार्यबाट उत्पन्न हुने थप आर्थिक दायित्व तथा त्यसबाट निस्कने दुष्परिणाम समेत निजकै दायित्व भित्र पर्ने भएकोले सो मुद्दाको प्रतिरक्षामा खर्च भएको रकमलाई समेत नगरपालिकाको रकम दुरुपयोग गरेको मान्नुपर्नेमा सो नभई आत्मनिष्ठ रूपमा गरिएको फैसला बदरभागी छ ।

(घ) नगरप्रमुख जस्तो जनप्रतिनिधिमूलक पदमा कार्यरत रहेको व्यक्तिले नगरपालिकाको नाममा आएको ट्राभल्स चेक आफैं बुझी नगरपालिकाको खातामा जम्मा नगराई उक्त रकम आफैं खर्च गरी नगरपालिकालाई हानी नोक्सानी गराएको र उक्त रु. १५,०००।- को ट्राभल्स चेक समेत नगरपालिकाको खातामा जम्मा नगराएको र ठेकेदारबाट पनि उक्त चेक बराबरको रकम रु. १५,०००।- लिई उक्त रकम समेत नगरपालिकाको हिसाबमा आम्दानी नजनाएको अवस्थामा नगरपालिकालाई रु. ३०,०००।- को हानी नोक्सानी पुऱ्याएको अवस्था आरोपपत्रमा स्पष्ट रूपमा उल्लेख गरिएकोमा रकम हिनामिना नभएको भनी प्रमाणको समुचित मूल्यांकन नगरी भएको फैसला बदरभागी छ ।

(ङ) नगरपालिकाले जुनसुकै कार्य गर्दा पनि प्रचलित कानून बमोजिम गर्नुपर्ने हुन्छ । जनकपुर नगरपालिकाको मिति ०५४।३।३१, ०५४।७६।१ र ०५५।४।२ को चुंगी तथा सवारीकर उठाउने सम्बन्धी निर्णयहरूबाट नेपाल सरकारको नीति निर्देशनको उल्लंघन भएको छ । गत वर्षको तुलनामा नगरपालिकालाई कम आम्दानी हुने गरी निर्णय गरेबाट निर्णयकर्ताहरूको मनसाय दूषित रहेको देखिन्छ । गत वर्षको तुलनामा कम आय हुने आधार र कारणको मूल्यांकन नै नगरी कम आय हुने गरी चुँगी कर तथा सवारी कर उठाउने गरी भएको निर्णय दुराशययुक्त भएको स्पष्ट छ । यसरी नगरपालिकालाई गत विगतको तुलनामा आय हुनबाट बन्चित गराई हानी नोक्सानी गराएको तथ्य स्थापित भएको अवस्थामा उक्त कार्य आरोपित कसूर भित्र नपर्ने भन्ने विशेष अदालत, काठमाडौंको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।

(च) जहाँसम्म प्रतिवादीहरूले अदालत समक्ष कसूरमा इन्कारी रही बयान गरेको भन्ने फैसला लिइएको आधार छ भ्रष्टाचार जस्तो कसूरमा प्रतिवादीले गरेको इन्कारी बयानले मात्र निज कसूरबाट उन्मुक्ति पाउन सक्ने अवस्था रहँदैन । प्रतिवादी माथि प्रमाणको भार रहने यस प्रकारको कसूरमा प्रतिवादीले तथ्ययुक्त प्रमाणबाट आफूले कसूर गरेको छैन भनी प्रमाणित गर्नुपर्छ । प्रस्तुत मुद्दामा प्रतिवादीहरूले कुनै त्यस्तो तथ्ययुक्त प्रमाणबाट आफू कसूरदार होइन भनी प्रमाणित गर्न सकेको अवस्था नभएकोले केवल कसूरबाट बच्न गरेको इन्कारी बयान मात्र प्रतिवादीहरूले सफाइ पाउने प्रमुख आधार बन्न सक्दैन ।

(छ) यसरी प्रतिवादीहरूले मौखिक आदेशले जथाभावी खर्च गरेको, सामान खरिद गर्दा रीत नपुऱ्याएको, जनप्रतिनिधिहरूले अनियमित तरिकाले सुविधा लिएको, चुंगीकर बीचैमा अपचलन भएको, आम्दानी खर्च दुरुस्त नभएको, चियापानमा हजारौं खर्च लेखिएको, करको रकम हिनामिना भएको, बिना भरपाई जथाभावी आर्थिक सहायता दिएको । मिति २०५४।३।१७ मा नेपाल सरकारले चुँगीकर अमानतबाट उठाउनु भन्ने परिपत्र गरेकोमा २०५४।३।३१ को बोर्डको बैठकले पुनः ठेक्कामा चुँगीकर उठाउन दिइएको, अघिल्लो आ.ब.भन्दा पछिल्लो आ.ब.मा कर घटाउनु पर्ने ठोस कारण नरहेको, प्रतिवादी नगरप्रमुखले टेलिफोनको दुरुपयोग गरी आफ्नो निवासमा जडित टेलिफोनको महसुल समेत नगरपालिकाबाट भुक्तानी गरेको र आर्थिक कारोबार गर्न रोक लगाइएको अवस्थामा अनधिकृत रूपमा आर्थिक कारोबार गरिनै रहेको अनुसन्धानबाट देखिएको अवस्थामा प्रतिवादीहरूको गैरकानूनी तथा बदनीयतपूर्ण कार्य स्पष्ट भएको छ । यसरी प्रतिवादीहरू उपर आरोपपत्रमा उल्लेख भएको कसूरजन्य कार्यहरूमा फरक फरक भूमिका भएको हुँदा आरोपपत्रमा उल्लेखित प्रतिवादीहरूको संलग्नताको आधारमा मागदाबी बमोजिम कसूर स्थापित गरी सजाय हुनु पर्नेमा केही प्रतिवादीहरूको हकमा आंशिक कसूर मात्र कायम गरी र अन्य प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण छ ।

६. **काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १४ गाङ्गखेल, बल्खु, प्राज्ञमार्गस्थित घर नं. १३५/३१ बस्ने अरुण कुमार रंजितकार .....**
ऐ.ऐ.बस्ने हरिदेवी रंजितकार ...
ऐ.ऐ.बस्ने डा.अनुजा रंजितकार .....गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६४।३।२१

आयोगको दाबी र विशेष अदालतको फैसलाः-

उल्लेखित प्रतिवादीहरू उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,७(१), १० र १५ तथा सो ऐनलाई निरन्तरता दिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसूरमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,७(१), १५ र १६(ग), २९ तथा सो ऐनलाई निरन्तरता दिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) तथा ४७ एवं अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिमको कैद र जरिवाना, जफत समेतको मागदाबी लिई मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरूलाई सफाइ दिई आरोपपत्र खारेज हुने भनी फैसला भएको ।

फैसलाका आधारहरूः-

प्रतिवादी अरुण कुमार रंजितकारले सार्वजनिक पदमा बहाल रहँदा गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको भन्ने समेतको कसूरमा निजलाई सजाय गरी निज र निजका परिवार तथा नातेदार समेतका नाममा राखिएको रु. ३,१९,६७,४३८।५५ बरावरको सम्पत्ति जफत गरी पाउँ भनी आयोगबाट दायर गरिएको मुद्दामा विशेष अदालतले मुद्दाको अन्य तथ्यगत विषयमा प्रवेश नै नगरी मूलतः निम्न कानूनी प्रश्नमा सीमित रही आरोपपत्र खारेज हुने ठहर गरेको छ-

(क) प्रस्तुत आरोपपत्र कुन हदम्याद भित्र दायर गरिएको हो ? सो कुरा आरोपपत्रमा खुलाएको नपाइएको ।

(ख) प्रतिवादी अरुण कुमार रंजितकार मिति २०५८।५।२५ मा राष्ट्रसेवकको पदबाट अवकाश प्राप्त गरिसकेका र त्यसपछि प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ लागू हुँदाका अवस्थामा र प्रस्तुत मुद्दा दायर हुँदाको अवस्थामा समेत सार्वजनिक पद धारण गरेको राष्ट्रसेवकको पदमा रहेको नदेखिएकोले निज प्रतिवादी उपर प्रस्तुत मुद्दा चलाउन तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ अनुसार सो ऐन अन्तर्गत सजाय हुने अन्य कुनै कसूरमा अभियोग लागेको हुनुपर्नेमा त्यस्तो अभियोग लागेको भन्ने आरोपपत्रबाट नदेखिएको र प्रस्तुत मुद्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) को प्रतिबन्धात्मक वाक्यांश अनुसार हदम्याद नलाग्ने विषय भित्रको नभएकोले तत्काल लागू रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यांशले पदबाट अवकाश प्राप्त गरेको एक वर्षभित्र मुद्दा चलाई सक्नुपर्ने भनी निर्दिष्ट गरेको एक वर्षको हदम्याद नघाई मिति २०६१।११।१८ मा दायर भएको प्रस्तुत मुद्दाको तथ्यमा प्रवेश गरी इन्साफ गर्न नमिल्ने हुँदा प्रस्तुत आरोपपत्र खारेज हुने ।

<u>पुनरावेदनका आधारहरू-</u>

(क) आरोपपत्र कानून बमोजिमको नभएको भन्ने सम्बन्धमा:-

(१) राष्ट्रसेवकसँग निजको वैध आयस्रोतसँग अमिल्दो सम्पत्ति हुनु समेतको सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ को अनुमानित कसूरलाई हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) ले निरन्तरता दिएको भन्ने कुरामा विशेष अदालत स्पष्ट छ । त्यतिसम्म व्याख्या आयोगको धारणा अनुकूल छ । सावितको ऐनको व्यवस्थामा दफा १५ मा उल्लेखित कसूरको आरोप लगाउनको लागि भ्रष्टाचारजन्य कसूर मानिने अन्य कुनै कसूरको आरोप लगाउनु आवश्यक थियो भने हालको ऐनको दफा २०(१) ले त्यस्तो अन्य कुनै आरोप लगाउनु पर्ने आवश्यकता राखेको छैन । अन्तर यत्तिमात्र रहेको छ ।

(२) सावित ऐनको दफा १५ मा २ प्रकारका कसूरको उल्लेख भएको छ । बैध आयश्रोतसँग अमिल्दो सम्पत्ति हुनु गैरकानूनी रूपमा रिसवत लिएको मानिने कसूर र उक्त कसूरमा सजायको दाबी गर्न पूर्वावस्थाको रूपमा रहेको अन्य कुनै एक भ्रष्टाचारजन्य कसूर । उपरोक्त कसूरहरू एउटै प्रकृतिका कसूर होइनन् । आपसमा परिपूरक वा सम्पूरक (complementary or supplementary) भूमिका भएका कसूर पनि होइनन् । यी छुट्टाछुट्टै प्रकृतिका पृथक पृथक कसूर हुन् । यी कसूर बापत हुने सजाय पनि पृथक छन् । कसूर प्रमाणित गर्ने आधार प्रमाण पनि स्वतन्त्र र पृथक छन् । यी स्वतन्त्र कसूर हुन्, दुवै कसूर स्वतन्त्र रूपले प्रमाणित हुन वा नहुन सक्दछन् । ऐनको बनौटले सो स्पष्ट पारेको छ ।

(३) सावित ऐनको दफा १५ ले "गैरकानूनी रूपले रिसवत लिएको" अनुमान गरी सजाय गर्न सकिने भनी परिभाषित गरेको सो कसूरमा कसूरको आरोप लगाई सजायको मागदाबी गर्नका लागि सम्म भ्रष्टाचार जन्य अन्य कुनै कसूरको समेत आरोप लागेको हुनुपर्ने रहेको कारणबाट कसूरको अन्तर्वस्तु, कसूरको तत्व र कसूरको प्रकृतिमा फरक पार्ने अवस्था छैन । सजायको मागदाबी गरी आरोपपत्र प्रस्तुत गर्न आवश्यक पर्ने पूर्वावस्था नरहे वा नभएका कारणले मात्र कानूनले कसूर नै परिभाषित नगरेको वा सजाय हुने भनी व्यवस्था नै नगरेको भनी अर्थ गर्न मिल्दैन । कुनै कार्य प्रचलित कानूनले सजाय हुने कसूर हो वा होइन भन्ने कुरा र कुनै कसूरमा सजायको दाबी गर्न कुन कुन पूर्वावस्था पूरा गर्नु वा हुनु पर्दछ भन्ने कुरा अलग विषय हुन् । अतएव, सावित ऐन बहाल रहँदा पूर्वावस्थाको रूपमा आवश्यक पर्ने अर्को कुनै आरोप नरहँदैमा "गैरकानूनी रूपले रिसवत लिएको" अनुमान गरिने कसूरलाई नै तत्काल प्रचलित कानूनले सजाय भागी नबनाएको मानिने अर्थ गरी तत्कालीन नेपाल अधिराज्यको

संविधान, २०४७ को धारा १४(१) ले प्रदान गरेको फौज्दारी न्याय सम्बन्धी हकको प्रस्तुत मुद्दाको प्रसंगमा विशेष अदालतले गलत व्याख्या गरेको छ। वास्तवमा यस प्रसंगमा तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) आकृष्ट हुने अवस्था नै छैन।

(ख) मुद्दा दायर गर्ने हदम्याद सम्बन्धमाः-

(१) प्रतिवादी २०५८।५।२५ मा राष्ट्रसेवकको पदबाट हटिसकेपछि निज उपर भ्रष्टाचारको कसूरमा मुद्दा दायर गर्न ऐनको संशोधित व्यवस्थाले हदम्यादको व्यवस्था नगरेको हुँदा निजका सम्बन्धमा साविककै व्यवस्थाले १ वर्षभित्र मुद्दा चलाई सक्नुपर्ने अवस्था लागू हुने भनी विशेष अदालतले त्रुटिपूर्ण व्याख्या गरेको छ।

(२) फौज्दारी कसूरको आरोपमा मुद्दा दायर गर्न हदम्याद तोकिएको अवस्थामा तोकिएको हदम्याद समाप्त भएपछि मुद्दा दायर हुन सक्दैन। दायर भएको रहेछ भने हदम्याद भित्र दायर नभएको आधारमा इन्साफ गर्न मिल्दैन, खारेज हुन्छ। यो सैद्धान्तिक विषयमा विवाद गर्नुपर्ने अवस्था छैन। तर प्रस्तुत मुद्दाको सम्बन्धमा अदालतले हदम्याद सम्बन्धी प्रश्न गलत ढंगले व्याख्या गरेको छ।

(३) अन्य फौज्दारी कानूनमा जस्तो साविक र वर्तमान भ्रष्टाचार निवारण ऐन कुनैले पनि यो कसूर गरे भएका मितिबाट यति अवधिभित्र मुद्दा दायर गरी सक्नुपर्छ भनी हदम्याद किटान गरेका छैनन्। साविक ऐनको दफा २४ क ले र २०५९।४।३० मा संशोधन हुनु पूर्व अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यांशले मुद्दा दायर गर्न तोकिदिएको हदम्याद मुद्दा दायर गर्ने जिम्मेवार निकाय वा अधिकारीको अधिकारमा लगाइएको समय-सीमासम्म हो। साविक ऐनहरू बहाल रहँदासम्म उक्त ऐनका प्रावधानमा उल्लेखित समय-सीमाभित्र विशेष प्रहरी विभाग वा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरी सक्नुपर्ने बाध्यता थियो। तर भ्रष्टाचार निवारण ऐन, २०५९ जारी भएपछि र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनमा दोस्रो संशोधन भएपछि सो समय-सीमा हटिसकेको छ। यस अवस्थामा कानूनले हदम्यादको समय-सीमा हटाइसकेपछि पनि प्रतिवादीका विरुद्ध मुद्दा दायर गर्न चाहिँ पुरानो ऐनकै हदम्यादको व्यवस्था लागू हुने भनी अर्थ गर्नु कानूनसंगत छैन, त्रुटिपूर्ण छ।

(४) तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को उपधारा (४) अनुकूल बनेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ आयोगका काम, कर्तव्य, अधिकार र कार्यविधि तोक्ने ऐन भएकाले अपराध र सजायसम्बन्धी ऐनले कसूरदारलाई प्रदान नगरेको उन्मुक्ति आयोगको काम, कर्तव्य र अधिकार निर्धारण गर्ने ऐनले प्रदान गर्दछ भन्नु र २०५९।४।३० को संशोधनले नै हटिसकेको प्रावधानले सो संशोधनपश्चात पनि आयोगको अधिकारलाई सीमाबद्ध गरी नै राख्दछ भनी अर्थ गर्नु कानूनसम्मत हुँदैन।

(५) राष्ट्रसेवकका सम्बन्धमा अवकाश भएका मितिले १ वर्षभित्र मुद्दा दायर गरी सक्नुपर्ने २०५९।४।३० मा संशोधन हुनुपूर्वको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यंशले तोकेको हदम्याद उक्त मितिको संशोधनबाट हटिसकेको अवस्थामा निज प्रतिवादीको सम्बन्धमा पुरानै ऐनको हदम्याद लागू हुने भन्ने तर्क कानूनतः त्रुटिपूर्ण हुन्छ। अपराध र सजायको व्यवस्था गर्न बनेको सारभूत ऐनमा नै त्यस्तो प्रावधान भएको भए पनि कुनै प्रतिवादीको सम्बन्धमा हदम्याद बाँकी छँदै हदम्याद सम्बन्धी प्रावधान हटेपछि पुरानो ऐनको प्रावधान लागू हुन्छ भन्नु त्रुटिपूर्ण

व्याख्या हुन जान्छ भने आयोगका सम्बन्धमा लागू हुने ऐनको हटिसकेको प्रावधानले प्रतिवादीलाई उन्मुक्ति प्रदान गर्छ भनी अर्थ गर्नु अझ गम्भीर कानूनी त्रुटि हुन जान्छ ।

७. गुल्मी जिल्ला भुर्तुङ्ग गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ४ चुनदेवी बस्ने गोकर्ण पौडेल ..... गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मितिः २०६४।४।११

आयोगको दाबी र विशेष अदालतको फैसलाः-

उल्लेखित प्रतिवादी उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,७(१) र १५ तथा सो ऐनलाई निरन्तरता दिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसूरमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,७(१) र १५ तथा सो ऐनलाई निरन्तरता दिइएको भ्र.नि.ऐन, २०५९ को दफा २०(२) बमोजिमको कैद र जरिवानाको सजाय समेतको मागदाबी लिई मुद्दा दायर गरिएकोमा श्री विशेष अदालतबाट प्रतिवादीलाई सफाइ दिई आरोपपत्र खारेज गरी फैसला भएको ।

फैसलाका आधारहरूः-

. प्रतिवादी गोकर्ण पौडेलले सार्वजनिक पदमा बहाल रहँदा गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको भन्ने समेतको कसूरमा निजलाई सजाय गरी निज र निजका परिवारका नाममा राखिएको रु. २,०६,३०,९१६।५३ बराबरको सम्पत्ति जफत गरी पाउँ भनी आयोगबाट दायर गरिएको मुद्दामा विशेष अदालतले मुद्दाको अन्य तथ्यगत विषयमा प्रवेश नै नगरी मूलतः निम्न कानूनी प्रश्नमा सीमित रही आरोपपत्र खारेज हुने ठहर गरेको छ-

(क) प्रतिवादी राष्ट्रसेवकको पदमा रहँदाको अवस्थामा तत्काल प्रचलित कानूनले अनिवार्य गरेको अन्य कुनै एक भ्रष्टाचारको आरोप लागेको पूर्वावस्था नभएको अवस्थामा पनि सोही कसूरमा राष्ट्रसेवकको पदबाट हटी सकेपछि लागू भएको ऐनको दफा २०(१) बमोजिम साविकको ऐनले अनिवार्य गरेको पूर्वावस्था नभए पनि निज उपर मुद्दा दायर हुन सक्छ भन्दा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) ले प्रदान गरेको फौज्दारी न्याय सम्बन्धी हकको प्रतिकूल हुन जाने देखिन्छ । त्यस कारण प्रतिवादी राष्ट्रसेवक पदमा बहाल रहँदा लागू रहेको भ्र.नि.ऐन, २०१७ को दफा १५ ले अनिवार्य गरेको पूर्वावस्थाको अभियोग लागेको भन्ने आरोपपत्रबाट नदेखिएको अवस्थामा सोही दफा १५ र त्यसलाई निरन्तरता दिएको हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को कसूरमा सजाय गरीपाउँ भन्ने प्रस्तुत आरोपपत्रलाई कानून बमोजिमको मान्न सकिएन ।

(ख) मिति २०५९।४।३० मा संशोधन भएको अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ मा हदम्यादको उल्लेख नै नभएकोले संशोधन हुँदाको समयमा राष्ट्रसेवक नरहेका प्रतिवादी गोकर्ण पौडेलको हकमा उक्त संशोधन भन्दा पूर्वको अख्तियार दुरूपयोग अनुसन्धन आयोग ऐन, २०४८ को दफा २९ को प्रतिवन्धात्मक वाक्यांशमा भएको एक वर्ष भित्र मुद्दा चलाई सक्नु पर्ने भन्ने कानूनी व्यवस्था नै आकृष्ट हुने देखिँदा कानूनले निर्दिष्ट गरेको हदम्याद समेत नघाई दायर भएको आरोपपत्र खारेज हुने ।

पुनरावेदनका आधारहरूः-

विशेष अदालतले आरोपपत्र खारेज गर्ने फैसलामा गरेको उक्त व्याख्या निम्न आधारमा त्रुटिपूर्ण छन ।

(क) आरोपपत्र कानून बमोजिमको नभएको भन्ने सम्बन्धमाः-

(१) राष्ट्रसेवकसँग निजको वैध आयश्रोतसँग अमिल्दो सम्पत्ति हुनु समेतको सावित भ्र.नि.ऐन, २०१७ को दफा १५ को अनुमानित कसूरलाई हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) ले निरन्तरता दिएको भन्ने कुरामा विशेष अदालत स्पष्ट छ। फैसलामा समेत सो कुरा उल्लेख गरिएको छ। त्यतिसम्म व्याख्या आयोगको धारणा अनुकूल छ। सावितको ऐनको व्यवस्थामा दफा १५ मा उल्लेखित कसूरको आरोप लगाउनको लागि भ्रष्टाचार जन्य कसूर मानिने अन्य कुनै कसूरको आरोप लगाउनु आवश्यक थियो भने हालको ऐनको दफा २०(१) ले त्यस्तो अन्य कुनै आरोप लगाउनु पर्ने आवश्यकता राखेको छैन। यत्तिमात्र अन्तर रहेको छ।

(२) सम्मानित विशेष अदालतले सावित भ्रष्टाचार निवारण ऐनको दफा १५ को अनुमानित कसूरलाई नै वर्तमान भ्रष्टाचार निवारण ऐनको दफा २०(१) ले निरन्तर दिएको कानूनी तथ्यलाई स्वीकार गरेको भए पनि सावितको र वर्तमान ऐनका उक्त प्रावधानमा "अनुमानित असूर कायम हुन सक्ने अवस्थामा भने फरक रहेको" भन्ने निष्कर्ष निकालेको छ जुन निष्कर्ष सही होइन। सावित ऐनको दफा १५ ले परिभाषित गरेको आम्दानीको श्रोतको अनुपातमा नमिल्दो आर्थिक साधन अनुमानित कसूर " राष्ट्र सेवकसँग निजको सम्पत्ति हुनु हो र वर्तमान ऐनको दफा २०(१) ले परिभाषित गरेको कसूर पनि सोही बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्तिसँग अमिल्दो र अस्वाभाविक सम्पत्ति पाइनु रहेको छ। त्यस्तै सावित ऐनको दफा १५ को अनुमानित कसूरमा "वा वर्तमान ऐनको दफा २०(१) अन्तर्गतको सम्पत्ति गैरकानूनी रूपमा आर्जन गरेको" कसूर कायम हुन सक्ने अवस्था पनि फरक छैनन्। सावित ऐनले त्यस्तो अमिल्दो सम्पत्ति रहे भएको पाइएको अवस्थामा अभियुक्तले सन्तोषजनक रूपमा सो सम्पत्तिको श्रोत प्रमाणित गर्नु पर्ने सो गर्न नसकेमा कसूर कायम हुने र गैरकानूनी रूपमा रिसवत लिएको मानी सजाय गरिने व्यवस्था रहेको थियो भने वर्तमान ऐनमा पनि त्यस्तो सम्पत्ति के कस्तो श्रोतबाट आर्जन गरेको हो सो कुरा प्रमाणित गर्न नसके कसूर कायम हुने र दफा २०(२) बमोजिम सजाय हुने अवस्था छ। सावित तथा वर्तमान दुवै ऐनमा आरोप लगाइएको व्यक्तिले नै त्यस्तो सम्पत्तिको आर्थिक हैसितको वैध श्रोत प्रमाणित गर्नुपर्ने कानूनी प्रावधान रहेको स्पष्ट छ। अतएवं, कसूर कायम हुने अवस्था फरक रहेको भनी गरेको विशेष अदालतको निष्कर्ष त्रुटिपूर्ण छ।

(३) सावित ऐनको दफा १५ मा २ प्रकारका कसूरको उल्लेख भएको छ। बैध आयश्रोतसँग अमिल्दो सम्पत्ति हुनु गैरकानूनी रूपमा रिसवत लिएको मानिने कसूर र उक्त कसूरमा सजायको दावी गर्न पूर्वावस्थाको रूपमा रहेको अन्य कुनै एक भ्रष्टाचारजन्य कसूर। उपरोक्त कसूरहरू एउटै प्रकृतिका कसूर होइनन्। आपसमा परिपूरक वा सम्पूरक (complementary or supplementary) भूमिका भएका कसूर पनि होइनन्। यी छुट्टाछुट्टै प्रकृतिका पृथक पृथक कसूर हुन्। यी कसूर बापत हुने सजाय पनि पृथक छन्। कसूर प्रमाणित गर्ने आधार प्रमाण पनि स्वतन्त्र र पृथक छन्। यी स्वतन्त्र कसूर हुन्, दुवै कसूर स्वतन्त्र रूपले प्रमाणित हुन वा नहुन सक्दछन्। ऐनको बनौटले सो स्पष्ट पारेको छ।

(४) सावित ऐनको दफा १५ ले "गैरकानूनी रूपले रिसवत लिएको" अनुमान गरी सजाय गर्न सकिने भनी परिभाषित गरेको सो कसूरमा कसूरको आरोप लगाई सजायको मागदावी गर्नका लागि सम्म भ्रष्टाचारजन्य अन्य कुनै कसूरको समेत आरोप लागेको हुनुपर्ने रहेको कारणबाट कसूरको अन्तर्वस्तु, कसूरको तत्व र कसूरको प्रकृतिमा फरक पार्ने अवस्था छैन। सजायको मागदावी गरी आरोपपत्र प्रस्तुत गर्न आवश्यक पर्ने पूर्वावस्था नरहे वा नभएका कारणले मात्र कानूनले कसूर नै परिभाषित नगरेको वा सजाय हुने भनी व्यवस्था नै नगरेको भनी अर्थ गर्न मिल्दैन। कुनै कार्य प्रचलित कानूनले सजाय हुने

कसूर हो वा होइन भन्ने कुरा र कुनै कसूरमा सजायको दाबी गर्न कुन कुन पूर्वावस्था पूरा गर्नु वा हुनु पर्दछ भन्ने कुरा अलग विषय हुन् । अतएवं, साविक ऐन बहाल रहँदा पूर्वावस्थाको रूपमा आवश्यक पर्ने अर्को कुनै आरोप नरहँदैमा "गैरकानूनी रूपले रिसवत लिएको" अनुमान गरिने कसूरलाई नै तत्काल प्रचलित कानूनले सजाय भागी नबनाएको मानिने अर्थ गरी नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) ले प्रदान गरेको फौज्दारी न्याय सम्बन्धी हकको प्रस्तुत मुद्दाको प्रसंगमा विशेष अदालतले गलत व्याख्या गरेको छ । वास्तवमा यस प्रसंगमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) आकृष्ट हुने अवस्था नै छैन ।

(ख) मुद्दा दायर गर्ने हदम्याद सम्बन्धमाः-

(१) प्रतिवादी २०५८।४।६ मा राष्ट्रसेवकको पदबाट हटिसकेपछि निज उपर भ्रष्टाचारको कसूरमा मुद्दा दायर गर्न ऐनको संशोधित व्यवस्थाले हदम्यादको व्यवस्था नगरेको हुँदा निजका सम्बन्धमा साविककै व्यवस्थाले १ वर्षभित्र मुद्दा चलाई सक्नुपर्ने व्यवस्था लागू हुने भनी विशेष अदालतले त्रुटिपूर्ण व्याख्या गरेको छ ।

(२) फौज्दारी कसूरको आरोपमा मुद्दा दायर गर्न हदम्याद तोकिएको अवस्थामा तोकिएको हदम्याद समाप्त भएपछि मुद्दा दायर हुन सक्दैन । दायर भएको रहेछ भने हदम्यादभित्र दायर नभएको आधारमा इन्साफ गर्न मिल्दैन, खारेज हुन्छ । यो सैद्धान्तिक विषयमा विवाद गर्नुपर्ने अवस्था छैन । तर प्रस्तुत मुद्दाको सम्बन्धमा अदालतले हदम्याद सम्बन्धी प्रश्न गलत ढंगले व्याख्या गरेको छ ।

(३) अन्य फौज्दारी कानूनमा जस्तो साविक र वर्तमान भ्र.नि.ऐन कुनैले पनि यो कसूर गरे भएका मितिबाट यति अवधि भित्र मुद्दा दायर गरी सक्नुपर्छ भनी हदम्याद किटान गरेका छैनन् । साविक ऐनको दफा २४ क ले र २०५९।४।३० मा संशोधन हुनु पूर्व अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यांशले मुद्दा दायर गर्न तोकिदिएको हदम्याद मुद्दा दायर गर्ने जिम्मेवार निकाय वा अधिकारीको अधिकारमा लगाइएको समय-सीमासम्म हो । साविक ऐनहरू बहाल रहँदासम्म उक्त ऐनका प्रावधानमा उल्लेखित समय-सीमाभित्र विशेष प्रहरी विभाग वा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरी सक्नुपर्ने बाध्यता थियो । तर भ्र.नि.ऐन, २०५९ जारी भएपछि र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनमा दोस्रो संशोधन भएपछि सो समय-सीमा हटिसकेको छ । यस अवस्थामा कानूनले हदम्यादको समय-सीमा हटाइसकेपछि पनि प्रतिवादीका विरुद्ध मुद्दा दायर गर्न चाहिँ पुरानो ऐनकै हदम्यादको व्यवस्था लागू हुने भनी अर्थ गर्नु कानूनसंगत छैन, त्रुटिपूर्ण छ ।

(४) नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को उपधारा (४) अनुकूल बनेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ आयोगका काम, कर्तव्य, अधिकार र कार्यविधि तोक्ने ऐन भएकाले अपराध र सजाय सम्बन्धी ऐनले कसूरदारलाई प्रदान नगरेको उन्मुक्ति आयोगको काम, कर्तव्य र अधिकार निर्धारण गर्ने ऐनले प्रदान गर्दछ भन्नु र २०५९।४।३० को संशोधनले नै हटिसकेको प्रावधानले सो संशोधन पश्चात् पनि आयोगको अधिकारलाई सीमाबद्ध गरी नै राख्दछ भनी अर्थ गर्नु कानूनसम्मत हुँदैन ।

(५) राष्ट्रसेवकका सम्बन्धमा अवकाश भएका मितिले १ वर्षभित्र मुद्दा दायर गरी सक्नुपर्ने २०५९।४।३० मा संशोधन हुनुपूर्वको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यांशले तोकेको हदम्याद उक्त मितिको संशोधनबाट हटिसकेको अवस्थामा निज प्रतिवादीको सम्बन्धमा पुरानै ऐनको हदम्याद लागू हुने भन्ने तर्क कानूनतः त्रुटिपूर्ण हुन्छ ।

८. जिल्ला खोटाङ्ग, खार्पा घर भई काठमाडौं महानगरपालिका वडा नं. ९ सिनामंगलमा स्थायी बसोवास गरी बस्ने पूर्व सचिव पदम प्रसाद पोखरेल .....
जिल्ला खोटाङ्ग, खार्पा घर भई काठमाडौं महानगरपालिका वडा नं. ९ सिनामंगल स्थायी बसोवास गरी बस्ने भुना पोखरेल .....
जिल्ला खोटाङ्ग, खार्पा घर भई काठमाडौं महानगरपालिका वडा नं. ९ सिनामंगलमा स्थायी बसोवास गरी बस्ने रोमिला पोखरेल .....गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६४।२।२४

आयोगको दाबी र विशेष अदालतको फैसलाः-

उल्लेखित प्रतिवादीहरू उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,७(१), १० र १५ तथा सो ऐनलाई निरन्तरता दिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसूरमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,७(१), १५ र १६(ग), २९ तथा सो ऐनलाई निरन्तरता दिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) तथा ४७ एवं अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिमको कैद र जरिवाना, जफत समेतको मागदाबी लिई मुद्दा दायर गरिएकोमा श्री विशेष अदालतबाट प्रतिवादीहरूलाई सफाइ दिई आरोपपत्र खारेज गरी फैसला भएको ।

फैसलाका आधारहरू:-

प्रतिवादी पदम प्रसाद पोखरलले सार्वजनिक पदमा बहाल रहँदा गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको भन्ने समेतको कसूरमा निजलाई सजाय गरी निज र निजका परिवार तथा नातेदार समेतका नाममा राखिएको रु. १,५१,३८,८९८।५५ बरावरको सम्पत्ति जफत गरी पाउँ भनी आयोगबाट दायर गरिएको मुद्दामा विशेष अदालतले मुद्दाको अन्य तथ्यगत विषयमा प्रवेश नै नगरी मूलत: निम्न कानूनी प्रश्नमा सीमित रही आरोपपत्र खारेज हुने ठहर गरेको छ -

(क) प्रस्तुत आरोपपत्र कुन हदम्यादभित्र दायर गरिएको हो ? सो कुरा आरोपपत्रमा खुलाएको नपाइएको ।

(ख) प्रतिवादी पदम प्रसाद पोखरल मिति २०५७।१२।१ मा राष्ट्रसेवकको पदबाट अवकाश प्राप्त गरिसकेका र त्यसपछि प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ लागू हुँदाका अवस्थामा र प्रस्तुत मुद्दा दायर हुँदाको अवस्थामा समेत सार्वजनिक पद धारण गरेको राष्ट्रसेवकको पदमा रहेको नदेखिएकोले निज प्रतिवादी उपर प्रस्तुत मुद्दा चलाउन तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ अनुसार सो ऐन अन्तर्गत सजाय हुने अन्य कुनै कसूरमा अभियोग लागेको हुनुपर्नेमा त्यस्तो अभियोग लागेको भन्ने आरोपपत्रबाट नदेखिएको र प्रस्तुत मुद्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) को प्रतिबन्धात्मक वाक्यांश अनुसार हदम्याद नलाग्ने विषय भित्रको नभएकोले तत्काल लागू रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यांशले पदबाट अवकाश प्राप्त गरेको एक वर्षभित्र मुद्दा चलाई सक्नुपर्ने भनी निर्दिष्ट गरेको एक वर्षको हदम्याद नघाई मिति २०६०।८।१० मा दायर भएको प्रस्तुत मुद्दाको तथ्यमा प्रवेश गरी इन्साफ गर्न नमिल्ने हुँदा प्रस्तुत आरोपपत्र खारेज हुने ।

पुनरावेदनका आधारहरू:-

(क) आरोपपत्र कानून बमोजिमको नभएको भन्ने सम्बन्धमाः-

(१) राष्ट्रसेवकसँग निजको वैध आयश्रोतसँग अमिल्दो सम्पत्ति हुनु समेतको साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ को अनुमानित कसूरलाई हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) ले निरन्तरता दिएको भन्ने कुरामा विशेष अदालत स्पष्ट छ । त्यतिसम्म व्याख्या आयोगको धारणा अनुकूल छ । साविकको ऐनको व्यवस्थामा दफा १५ मा उल्लेखित कसूरको आरोप लगाउनको लागि भ्रष्टाचारजन्य कसूर मानिने अन्य कुनै कसूरको आरोप लगाउनु आवश्यक थियो भने हालको ऐनको दफा २०(१) ले त्यस्तो अन्य कुनै आरोप लगाउनुपर्ने आवश्यकता राखेको छैन । अन्तर यत्तिमात्र रहेको छ ।

(२) साविक ऐनको दफा १५ मा २ प्रकारका कसूरको उल्लेख भएको छ । बैध आयश्रोतसँग अमिल्दो सम्पत्ति हुनु गैरकानूनी रूपमा रिसवत लिएको मानिने कसूर र उक्त कसूरमा सजायको दाबी गर्न पूर्वावस्थाको रूपमा रहेको अन्य कुनै एक भ्रष्टाचारजन्य कसूर । उपरोक्त कसूरहरू एउटै प्रकृतिका कसूर होइनन् । आपसमा परिपूरक वा सम्पूरक (complementary or supplementary) भूमिका भएका कसूर पनि होइनन् । यी छुट्टाछुट्टै प्रकृतिका पृथक् पृथक् कसूर हुन् । यी कसूर बापत हुने सजाय पनि पृथक छन् । कसूर प्रमाणित गर्ने आधार प्रमाण पनि स्वतन्त्र र पृथक छन् । यी स्वतन्त्र कसूर हुन्, दुवै कसूर स्वतन्त्र रूपले प्रमाणित हुन वा नहुन सक्दछन् । ऐनको बनौटले सो स्पष्ट पारेको छ ।

(३) साविक ऐनको दफा १५ ले "गैरकानूनी रूपले रिसवत लिएको" अनुमान गरी सजाय गर्न सकिने भनी परिभाषित गरेको सो कसूरमा कसूरको आरोप लगाई सजायको मागदाबी गर्नका लागि सम्म भ्रष्टाचारजन्य अन्य कुनै कसूरको समेत आरोप लागेको हुनुपर्ने रहेको कारणबाट कसूरको अन्तर्वस्तु, कसूरको तत्व र कसूरको प्रकृतिमा फरक पार्ने अवस्था छैन । सजायको मागदाबी गरी आरोपपत्र प्रस्तुत गर्न आवश्यक पर्ने पूर्वावस्था नरहे वा नभएका कारणले मात्र कानूनले कसूर नै परिभाषित नगरेको वा सजाय हुने भनी व्यवस्था नै नगरेको भनी अर्थ गर्न मिल्दैन । कुनै कार्य प्रचलित कानूनले सजाय हुने कसूर हो वा होइन भन्ने कुरा र कुनै कसूरमा सजायको दाबी गर्न कुन कुन पूर्वावस्था पूरा गर्नु वा हुनु पर्दछ भन्ने कुरा अलग विषय हुन् । अतएव, साविक ऐन बहाल रहँदा पूर्वावस्थाको रूपमा आवश्यक पर्ने अर्को कुनै आरोप नरहँदैमा "गैरकानूनी रूपले रिसवत लिएको" अनुमान गरिने कसूरलाई नै तत्काल प्रचलित कानूनले सजाय भागी नबनाएको मानिने अर्थ गरी तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) ले प्रदान गरेको फौज्दारी न्याय सम्बन्धी हकको प्रस्तुत मुद्दाको प्रसंगमा विशेष अदालतले गलत व्याख्या गरेको छ । वास्तवमा यस प्रसंगमा तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) आकृष्ट हुने अवस्था नै छैन ।

(ख) <u>मुद्दा दायर गर्ने हदम्याद सम्बन्धमा</u>:-

(१) प्रतिवादी २०५७।१२।१ मा राष्ट्रसेवकको पदबाट हटिसकेपछि निज उपर भ्रष्टाचारको कसूरमा मुद्दा दायर गर्न ऐनको संशोधित व्यवस्थाले हदम्यादको व्यवस्था नगरेको हुँदा निजका सम्बन्धमा साविककै व्यवस्थाले १ वर्षभित्र मुद्दा चलाई सक्नुपर्ने व्यवस्था लागू हुने भनी विशेष अदालतले त्रुटिपूर्ण व्याख्या गरेको छ ।

(२) फौज्दारी कसूरको आरोपमा मुद्दा दायर गर्न हदम्याद तोकिएको अवस्थामा तोकिएको हदम्याद समाप्त भएपछि मुद्दा दायर हुन सक्दैन । दायर भएको रहेछ भने हदम्याद भित्र दायर नभएको आधारमा इन्साफ गर्न मिल्दैन, खारेज हुन्छ । यो सैद्धान्तिक विषयमा विवाद गर्नुपर्ने अवस्था छैन । तर प्रस्तुत मुद्दाको सम्बन्धमा अदालतले हदम्याद सम्बन्धी प्रश्न गलत ढंगले व्याख्या गरेको छ ।

(३) अन्य फौज्दारी कानूनमा जस्तो साविक र वर्तमान भ्रष्टाचार निवारण ऐन कुनैले पनि यो कसूर गरे भएका मितिबाट यति अवधिभित्र मुद्दा दायर गरी सक्नुपर्छ भनी हदम्याद किटान गरेका छैनन् । साविक ऐनको दफा २४ क ले र २०५९।४।३० मा संशोधन हुनु पूर्व अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यांशले मुद्दा दायर गर्न तोकिदिएको हदम्याद मुद्दा दायर गर्ने जिम्मेवार निकाय वा अधिकारीको अधिकारमा लगाइएको समय-सीमासम्म हो । साविक ऐनहरू बहाल रहँदासम्म उक्त ऐनका प्रावधानमा उल्लेखित समय-सीमाभित्र विशेष प्रहरी विभाग वा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरी सक्नुपर्ने बाध्यता थियो । तर भ्रष्टाचार निवारण ऐन, २०५९ जारी भएपछि र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनमा दोस्रो संशोधन भएपछि सो समय-सीमा हटिसकेको छ । यस अवस्थामा कानूनले हदम्यादको समय-सीमा हटाइसकेपछि पनि प्रतिवादीका विरुद्ध मुद्दा दायर गर्न चाहिँ पुरानो ऐनकै हदम्यादको व्यवस्था लागू हुने भनी अर्थ गर्नु कानूनसंगत छैन, त्रुटिपूर्ण छ ।

(४) तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को उपधारा (४) अनुकूल बनेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ आयोगका काम, कर्तव्य, अधिकार र कार्यविधि तोक्ने ऐन भएकाले अपराध र सजायसम्बन्धी ऐनले कसूरदारलाई प्रदान नगरेको उन्मुक्ति आयोगको काम, कर्तव्य र अधिकार निर्धारण गर्ने ऐनले प्रदान गर्दछ भन्नु र २०५९।४।३० को संशोधनले नै हटिसकेको प्रावधानले सो संशोधनपश्चात् पनि आयोगको अधिकारलाई सीमाबद्ध गरी नै राख्दछ भनी अर्थ गर्नु कानूनसम्मत हुँदैन ।

(५) राष्ट्रसेवकका सम्बन्धमा अवकाश भएका मितिले १ वर्षभित्र मुद्दा दायर गरी सक्नुपर्ने २०५९।४।३० मा संशोधन हुनुपूर्वको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यांशले तोकेको हदम्याद उक्त मितिको संशोधनबाट हटिसकेको अवस्थामा निज प्रतिवादीको सम्बन्धमा पुरानै ऐनको हदम्याद लागू हुने भन्ने तर्क कानूनतः त्रुटिपूर्ण हुन्छ । अपराध र सजायको व्यवस्था गर्न बनेको सारभूत ऐनमा नै त्यस्तो प्रावधान भएको भए पनि कुनै प्रतिवादीको सम्बन्धमा हदम्याद बाँकी छँदै हदम्यादसम्बन्धी प्रावधान हटेपछि पुरानो ऐनको प्रावधान लागू हुन्छ भन्नु त्रुटिपूर्ण व्याख्या हुन जान्छ भने आयोगका सम्बन्धमा लागू हुने ऐनको हटिसकेको प्रावधानले प्रतिवादीलाई उन्मुक्ति प्रदान गर्छ भनी अर्थ गर्नु अझ गम्भीर कानूनी त्रुटि हुन जान्छ ।

९. काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ४ बस्ने भैरहवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत गणेश प्रसाद श्रेष्ठ .....
ऐ.ऐ.बस्ने शान्तिदेवी श्रेष्ठ .....
ऐ.ऐ. बस्ने सरस्वती श्रेष्ठ .....गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६४।२।२९

<u>आयोगको दाबी र विशेष अदालतको फैसलाः-</u>

उल्लेखित प्रतिवादीहरू उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,७(१), १० र १५ तथा सो ऐनलाई निरन्तरता दिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसूरमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,७(१), १५ र १६(ग), २९ तथा सो ऐनलाई निरन्तरता दिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) तथा ४७ एवं अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,

२०४८ को दफा २९(ख) बमोजिमको कैद र जरिवाना, जफत समेतको मागदाबी लिई मुद्दा दायर गरिएकोमा श्री विशेष अदालतबाट प्रतिवादीहरूलाई सफाई दिई फैसला भएको ।

पुनरावेदनका आधारहरू:-

(क) सम्पत्तिको मूल्यांकन सम्बन्धमा -

प्रतिवादीसँग रहे भएको चल अचल सम्पत्ति गरी कुल सम्पत्ति चलन चल्ती तथा हालको मूल्य र मूल्यांकनको आधारमा श्रोत खुलेको र नखुलेको समेत गरी जम्मा सम्पत्ति रु. २,२६,८४,१४१।९७ को देखिई उक्त कुल सम्पत्ति मध्ये रु. ४०,७९,१२६।७० को श्रोत खुलेको बाँकी रु. १,८६,०५,०१५।२७ गैरकानूनी रूपमा आर्जन गरेको प्रमाणित भएकाले गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्तिका आधारमा कैद र जरिवाना हुन भनी आरोपपत्र पेश गरेकोमा प्रतिवादीको आर्थिक कारोबारका हिसाबबाट निजले जाँच अवधिमा आर्जन गरेको सम्पत्ति र गरेको खर्च रु. ६५,६२,२५१।- देखिएको र निजको आयश्रोतबाट रु. ६४,७२,०२३।- प्राप्त भएको देखिँदा रु. ९०,२२८।- को सम्पत्तिसम्म फरक पर्ने देखिन आएको भनी प्रतिवादीलाई सफाई दिई फैसला भएको छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० अन्तर्गतको कसूरमा गैरकानूनी आर्जनको सम्पत्तिको बिगो बराबरको जरिवाना र कैद समेत हुने व्यवस्था छ । आयोगबाट प्रतिवादीको जुन र जति सम्पत्ति गैरकानूनी आर्जनको भनी दाबी गरिएको छ ती सम्पत्तिहरूको हालको मूल्यलाई आधारमानी बिगो कायम गरिएको हो । गैरकानूनी आर्जनको सम्पत्ति र सोबाट बढेबढाएको सम्पत्ति जफत हुने ऐनको प्रावधानको पृष्ठभूमिमा हाल प्रचलित मूल्यका आधारमा बिगो कायम गरिनु कानूनसम्मत हुन्छ । तर अदालतले सम्पत्ति आर्जन गर्दाको अवस्थाको मूल्यलाई आधारमानी बिगो कायम गरेको छ । गैरकानूनी सम्पत्ति आर्जनलाई सोही परिमाणबाट दण्डित गरिनु पर्दछ भन्ने कानूनको मनसाय हो । विगतमा जे जति सम्पत्ति गैरकानूनी रूपमा प्राप्त गरिएको हो, सो रकमबाट जोडिएको सम्पत्तिको हाल प्रचलित मूल्य धेरै अधिक हुने हुनाले हालको मूल्यका आधारमा जरिवाना कैद नगरेमा गैरकानूनी रूपमा बढे बढाएको सम्पत्ति वा त्यस्तो सम्पत्तिको हालको मूल्यको केही अंशले मात्र नै जरिवानाको रकम पुग्न सक्ने भई कसूरदारले सहुलियत प्राप्त गर्न सक्ने हुन्छ । यसो हुन गएमा गैरकानूनी आर्जनको बिगोको परिमाण बराबर दण्ड गर्ने कानूनको उद्देश्य पराजित हुन गई कसूरदारलाई फाइदा पुग्न जाने स्थिति हुन्छ । तसर्थ हालको मूल्यबाट कायम गरिएको बिगोलाई गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्तिको बिगो मान्नु नै कानून एवं न्यायसंगत हुन्छ ।

(ख) दुर्गम भत्ता र दशैं खर्च सम्बन्धमा:-

आरोपपत्रमा प्रतिवादीको जाँच अवधिको तलब जम्मा रु. ११,१७,३६०।८२ लाई बैध आर्जनको सम्पत्ति मानिएकोमा प्रतिवादीले त्यसमा दुर्गम भत्ता र दशैं खर्च बापतको रकम समावेश नगरेको भनी अदालत समक्ष गरेको बयानका आधारमा तलबमा दुर्गम भत्ता र दशैं खर्चको रकम समेत समावेश गरी आयको अंक वृद्धि गरिएको छ । दुर्गम स्थानमा सुगमस्थानको तुलनामा अत्यधिक महँगी हुने भएकोले दुर्गम भत्ता बापतको रकम भुक्तानी दिइने हुँदा सो रकम बचत हुन सक्ने अवस्था रहँदैन त्यस्तै दशैं खर्च बापतको रकम समेत वर्षमा एकपटक एक महिनाको तलब बराबर दिइने हुँदा दशैं जस्तो चाँडमा सो रकम अनिवार्य रूपमा खर्च हुने भई बचत हुन नसक्ने हुँदा उल्लेखित भत्ता र खर्च रकमलाई बचत हुने रकम मानी प्रतिवादीको आयश्रोत गणना गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ग) कृषि आय सम्बन्धमा :-

जग्गाबाट रु. ५,५२,०००।- प्रतिवादीको कृषि आय बचत भएको भनी फैसलामा उल्लेख छ । कृषि आयका सम्बन्धमा अदालतबाट फैसला गर्दा आत्मनिष्ट तवरबाट फैसला भएको देखिन्छ । प्रतिवादीको परिवार खेती गरी बस्ने नभई नोकरीमा रहेको देखिन्छ । खेती गर्न निजको संलग्नता भएको देखिँदैन । खेती गर्न स्वभावत: खर्च हुन्छ त्यस्तो खर्चलाई पनि दुष्टिगत गरिनुपर्नेमा केवल कृषि कार्यालयको पत्रको आधारमा कायम गरिएको आय त्रुटिपूर्ण छ । प्रतिवादी गणेश प्रसाद श्रेष्ठको सगोल परिवारमा ३ छोरी, १ छोरा, लोग्ने-स्वास्नी २ जना र आश्रित सरस्वती श्रेष्ठ समेतको परिवार रहेको छ । निज प्रतिवादीलाई आफू लगायत निजको परिवारको पालन पोषण छोरा छोरीहरूको शिक्षा दीक्षा र परिवार सञ्चालनको लागि उल्लेख्य खर्च लाग्ने अवस्था देखिन्छ । त्यस्तो तथ्यलाई मनन गरी तलब लगायतका श्रोतहरूलाई आयोगले बचत मानिदिएको हो । तसर्थ प्रतिवादीको कृषि आय परिवार सञ्चालन लगायत छोरा छोरीको पढाई लेखाई आदिमा नै खर्च हुने भएकाले कृषि आय बचत हुन सक्ने अवस्था छैन । प्रतिवादीका छोराछोरी पढाई लेखाई गर्ने नाबालक भएका, श्रीमती नोकरीमा जग्गा भएको स्थान बाहिर बसेकी साथै प्रतिवादी र निजसँग आश्रित सरस्वती श्रेष्ठसमेत जग्गा भएको स्थान भन्दा बाहिरै बस्ने भएकाले निज लगायत निजका परिवारबाट खेतीपातीको कार्य हुन सक्ने अवस्था छैन । यसरी प्रतिवादी स्वयंले जग्गा कमाउन नसक्ने भएपछि जग्गाको पूरै आयस्ता प्रतिवादीले प्राप्त गर्न नसक्ने हुँदा पूरै कृषि आय प्रतिवादीले पाएको भन्ने अर्थ गरी कृषि आय निर्धारण गरेको फैसला मिलेको छैन ।

(घ) घर भाडा सम्बन्धमा:-

प्रतिवादीले अनुसन्धानको क्रममा बयान गर्दा आफूले २०३७ सालदेखि घरभाडा बापत यति रकम प्राप्त गरेको भनी यकिन रूपमा खुलाउन नसकेकोले यकिनताको अभाव भए पनि साथै भाडाको रकम घरायसी खर्चमा लाग्ने र बचत नहुने भए तापनि सरदर अनुपातिक हिसाबले अति उदारतापूर्वक प्रतिमहिना रु. ३१००।- का दरले हुन आउने रकम रु. ८,१८,४००।- लाई बैध आर्जनका रूपमा छुट दिइएको हो । प्रतिवादीले अनुसन्धानको क्रममा पेश गर्न नसकेको तर अदालतमा पेश गरेको संदिग्ध भाडा सम्झौतापत्रको आधारमा घरभाडा बापत रु. १५,४३,०८६।- बैध आय भएको मानी भएको फैसला त्रुटिपूर्ण छ ।

(ङ) नर्सिङ प्राक्टिस सम्बन्धमा:-

प्रतिवादी गणेशप्रसाद श्रेष्ठकी श्रीमतीले नर्स भएकीले निजले प्राक्टिसबाट रु. ३,००,०००।- आय आर्जन गरेको स्वाभाविक भएको भनी फैसलामा उल्लेख छ । प्रतिवादीकी श्रीमती नर्स भएको तथ्यमा विवाद छैन । प्राक्टिस गरेको भनी निजले प्रमाण स्वरूप जोशी मेडिकल हलको पत्र पेश गरेको भन्ने समेत फैसलामा बोलिएको छ । मेडिकल हल भनेको विशुद्ध रूपमा औषधिको खरिद विक्री गर्ने पसलसम्म हो त्यो कुनै मेडिकल कलेज, अस्पताल वा हेल्थ केयर सेन्टर होइन । तसर्थ मेडिकल हलमा नर्सिङको काम गरेको पत्र प्रमाण स्वरूप पेश गरेकोमा त्यसलाई प्रमाणयोग्य मानी बैध आय आर्जन मानिएको मिलेको छैन ।

(च) बैंक मौज्दात सम्बन्धमा:-

रु. २१,०९,४०४।- एभरेष्ट बैंकमा प्रतिवादीको बैक मौज्दात रहेको र सो सम्पत्ति समेत गैरकानूनी आर्जन भएको भनी आरोपपत्रमा दाबी लिइएको छ । छोरीलाई अष्ट्रेलिया पठाउन बैंक

व्यालेन्स देखाउने प्रयोजनका लागि रु. २०,००,०००।- ऋण लिई बैंक दाखिला गरेको भन्ने प्रतिवादीको जिकिर रहेको छ । प्रतिवादीको श्रीमती शान्ती देवी के.सी. (श्रेष्ठ) ऋणी तथा सुजाता कोइराला (पौडेल) धनी भई खडा भएको कपाली तमसुकका लेखक साक्षी अधिवक्ता भोजराज रेग्मीले अनुसन्धानको क्रममा आयोगमा तमसुकको सम्बन्धमा बयान गर्दा रकमका धनी महेन्द्र गोल्छा हुन् जस्तो लाग्छ, धनीको हुलिया मोटाघाटा श्यामल वर्णका ५$^{१}/_{२}$ फिट उचाइ र मारवाडी समुदायका भएका भनी उल्लेख गरेका छन् । यसरी रकमको धनी महिला भएको तमसुकबाट देखिएकामा, मारवाडी समुदाय भन्ने समेत भनाईसँग पटक्कै मेल नखाएकोबाट उक्त कपाली तमसुक बनावटी र अवास्तविक हो भन्ने प्रस्ट रूपमा प्रमाणित भइरहेको अवस्थामा रु. १४,००,०००।- प्रतिवादीले ऋण स्वरूप प्राप्त गरेको बैध आय हो भनी भएको फैसला सरासर त्रुटिपूर्ण छ ।

(छ) सरस्वती श्रेष्ठको जग्गा सम्बन्धमाः-

सरस्वती श्रेष्ठ प्रतिवादी गणेश प्रसाद श्रेष्ठकै परिवारसँग बसोबास गर्ने आश्रित महिला हुन् भन्ने तथ्यमा विवाद रहेको छैन । सरस्वती श्रेष्ठ प्रतिवादीसँग आश्रित रहेको हुँदा निज प्रतिवादीको लगानी सरस्वती श्रेष्ठको जग्गामा लागेको भन्ने आरोपपत्र दाबी रहेको छ । माइतीबाट अंश बापत ल्याएको रकमबाट जग्गा खरिद गरेको भनी सरस्वती श्रेष्ठले गरेको बयानलाई निजको दाजुले बकपत्रद्वारा पुष्टि गरिदिएको भन्ने आधार लिई सो जग्गामा गणेश श्रेष्ठको लगानी परेको छैन भनी फैसलामा उल्लेख गरिएको छ । अंश लिने दिने जस्तो घरायसी व्यवहार लिखत गरेर मात्र गरिने व्यवहार हो । सरस्वती श्रेष्ठले माइतीबाट अंश बापत रकम प्राप्त गरेको भन्ने लिखत निजबाट पेश हुन सकेको छैन । न त सो सत्यलाई प्रतिवादी गणेश श्रेष्ठले नै प्रमाणित गर्न सकेका छन् । अतः लिखतको अभावमा साक्षीको कथनलाई अकाट्य प्रमाण मानी सरस्वती श्रेष्ठको आफ्नै रकमबाट जग्गा खरिद भएको हो भन्ने फैसला मिलेको छैन ।

(ज) प्रतिवादीको खर्च सम्बन्धमाः-

प्रतिवादीको सम्पत्तिको जाँच अवधि २०२२ सालदेखि २०५९।८।४ सम्मको छ । यो अवधि भनेको लगभग ३७ वर्ष हो । प्रतिवादीको तलब, घर भाडाजस्ता रकम मासिक रूपमा आम्दानी हुने, कृषि आय वार्षिक एवं अर्धवार्षिक रूपमा हुने र त्यसबाट प्राप्त आय खर्च पनि हुँदै जाने हुनाले तलब घरभाडा र कृषि आय उल्लेख्य रूपमा बचत हुन सक्ने स्थिति नै हुँदैन । घरभाडा र कृषि आयजस्ता आयलाई न्यायसंगत भनी अदालतले स्वीकार गर्दा प्रतिवादीले तत् अवधिमा गर्ने पारिवारिक खर्चलाई पनि न्यायसंगत रूपमा अनुमान गरी कटाउनुपर्नेमा आयको मात्र अनुमान गरी आयमा थप गर्न मिल्ने होइन । तसर्थ प्रतिवादीको आयहरूलाई जस्ताको तस्तो बचत हुने तर खर्च नहुने भन्ने मनसाय प्रदर्शित हुने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

१०. कपिलवस्तु जिल्ला सिरसिहवा गा.वि.स.वडा नं. ९ घर भई भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालिका वडा नं. १६ लोकन्थली बस्ने यातायात व्यवस्था कार्यालय, वाग्मतीका तत्कालीन कार्यालय प्रमुख अब्दुल रइस खाँ समेत..... सवारी साधान गर्दा अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा थान -८

फैसला मिति : २०६४।३।३२

आयोगको दाबी र विशेष अदालतको फैसलाः-

उल्लेखित मुद्दाका विभिन्न प्रतिवादीहरू मध्ये अब्दुल रइस खाँ समेतका केही प्रतिवादीहरू उपर तत्काल प्रचलित भ्रष्टाचार निवरणा ऐन, २०१७ को दफा ७(१) र २९ तथा हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) र बाँकी प्रतिवादीहरू उपर तत्काल प्रचलित भ्रष्टाचार ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसूरमा ऐ.ऐ. दफामा व्यवस्थित सजाय हुन र बिगो असुल हुन समेत मागदाबी लिई थान -९ मुद्दा दायर भएकोमा श्री विशेष अदालतबाट प्रतिवादी अब्दुल रइस खाँ समेतका केही प्रतिवादीहरूलाई कसूरदार ठहर गरी रु. ५०००।- जरिवाना गर्ने र बाँकी प्रतिवादीहरूलाई आरोपित कसूरबाट सफाइ दिने गरी फैसला भएकोले दाबी बिगो भन्दा कम सजाय गरेको, बिगो असूर उपर नगरेको र अन्य प्रतिवादीहरूलाई सफाइ दिएको हदसम्म फैसलामा चित्त नबुझी पुनरावेदन गरिएको ।

फैसलाका आधारहरू:-

(क) नेपाल सरकारको मिति २०६३।५।६ को निर्णय अनुसार कारबाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०६३।१०।४ मा निर्णय भएको र अदालतमा मुद्दा चलेका केही गाडीहरूको आवश्यक महसुल लिई फिर्ता दिएको देखिएको हुँदा यसै मुद्दाबाट राजस्वको बिगो असुल गर्नुपर्ने स्थिति र अवस्था नदेखिएको ।

(ख) सफाइ पाउने प्रतिवादीहरू गैरकानूनी नामसारी सिफारिस गर्ने कार्यमा संलग्न भएको भन्ने प्रमाणबाट देखिन नआएको ।

पुनरावेदनका आधारहरू:-

(क) बिगो बमोजिम जरिवाना गर्नुपर्ने विषयमा श्री विशेष अदालतले त्रुटिपूर्ण फैसला गरेको छ । अदालत स्वयंले तत्कालीन समयमा किर्ते कागजात तयार गरी सवारी दर्ता नामसारी गरेको विषयमा ठहर गरी फैसला गरेको छ । तर प्रत्यर्थीहरूलाई सजाय गर्ने क्रममा अभियोग पत्र मागदाबी बमोजिम हुने बिगो बमोजिम सजाय नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६३।१०।४ को निर्णय र मन्त्रिपरिषद्को मिति २०६३।५।६ को निर्णयलाई आधार मानी फैसला गरेको छ । फैसला गर्दाको मितिमा बिगो यकिन हुँदाहुँदै पनि बिगो कायम नगरी सामान्य जरिवाना गरी प्रचलित कानूनमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी फैसला गरिएको छ ।

पैठारी महसुल नै नबुझाई किर्ते कागज तयार गरी भित्राइएका सवारी साधानहरूले तत्कालीन समयमा समस्या सृजना गरेकोले नेपाल सरकारले सोही समस्यालाई व्यवस्थापन गर्ने क्रममा मिति २०६३।५।६ मा उल्लेखित विषयमा निर्णय गरेको र सोही निर्णयलाई कार्यान्वयन गर्न आयोगले पनि निर्णय गरेको हो न कि मुद्दा चलिसकेका प्रत्यर्थीहरूका लागि लाग्ने बिगो बमोजिमको जरिवानामा कमी गर्न । बिगो असुल गर्ने वा बिगो बमोजिमको जरिवाना गर्ने भन्ने विषय अदालतमा मुद्दा चलिसकेपछि गरिने विषय हो । त्यसरी नेपाल सरकार समेतबाट भएको निर्णयले कानून र फैसलामा असर पार्न सक्दैन । अपराध गरिएको समयमा जे जति मूल्य बराबरको अपराध गरिन्छ त्यसै मूल्यलाई बिगोको रूपमा लिइन्छ । अन्यथा प्रमाणित नभएसम्म सोही मूल्य नै बिगो हो, त्यसलाई पछि भएको वा गरिएको निर्णयले असर पार्न सक्दैन । प्रस्तुत मुद्दामा पनि प्रत्यर्थीहरूको मिलोमतोबाट तत्काल प्रचलित कानून बमोजिम सरकारलाई बुझाउनुपर्ने राजस्व नबुझाई गाडी चोरी पैठारी गरेको प्रमाणित भएको अवस्थामा तत्कालको भन्सार महसुल एवं लाग्ने शुल्क गणना गरी कायम भएको बिगो अन्यथा प्रमाणित नभएको अवस्थामा सोही बिगो कायम गरी फैसला गरिनुपर्नेमा प्रत्यर्थीहरूलाई रु. ५०००।- मात्र जरिवाना हुने ठहऱ्याएको फैसला कानूनसम्मत भएको भन्न सकिने स्थिति रहेन ।

तत्कालको अवस्थामा सरकारलाई बुझाउनु पर्ने रकम राजस्व नतिर्ने मनसायले चोरी पैठारी गरी दर्ता नामसारी भएको देखिएको मूल्यलाई नै बिगो मानी सोही बमोजिम सजाय हुनुपर्नेमा सो नगरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ख) सह अभियुक्तहरूको भनाइ, प्रतिवादीहरू स्वयंको अनुसन्धानमा र अदालतमा भएको बयान, प्रतिवादीहरूको कार्य समेतका तथ्यगत प्रमाणहरूबाट सफाइ दिइएका प्रतिवादीहरू समेत कसूरदार रहेको तथ्य स्पष्ट रूपमा प्रमाणित भइरहेको अवस्थामा निजहरूलाई सफाइ दिई भएको फैसला त्रुटिपूर्ण छ ।

११. जिल्ला काठमाडौं दक्षिणकाली गा.वि.स.वडा नं. ५ बस्ने यातायात व्यवस्था कार्यालय, सगरमाथा लाहानका तत्कालीन कार्यालय प्रमुख रामप्रसाद अर्याल .....
सिराहा जिल्ला राधोपुर गा.वि.स.वडा नं. १, घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ५, हाँडीगाउँ बस्ने यातायात व्यवस्था कार्यालय, कोशीमा कार्यरत तत्कालीन कार्यालय प्रमुख हाल श्रम तथा यातायात व्यवस्था मन्त्रालयबाट अवकाश प्राप्त शरदचन्द्र शर्मा गजुरेल.....
काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३३, घर नं. १२०, डिल्लीबजार मार्ग, मैतीदेवी बस्ने यातायात व्यवस्था कार्यालय, भेरीका तत्कालीन कार्यालय प्रमुख हाल निजामती किताबखानाबाट अवकाश प्राप्त शाखा अधिकृत हरिप्रसाद श्रेष्ठ .....
मोरङ जिल्ला, विराटनगर उ.म.न.पा.वडा नं. ६, जानकीपथ बस्ने यातायात व्यवस्था कार्यालय, कोशीका तत्कालीन शाखा अधिकृत हाल सामान्य प्रशासन मन्त्रालय, हरिहरभवनमा कार्यरत शाखा अधिकृत देवेन्द्रप्रसाद अधिकारी.....
ललितपुर जिल्ला इमाडोल गा.वि.स. वडा नं. ७ बस्ने यातायात व्यवस्था कार्यालय कोशीका तत्कालीन मेकानिकल सुपरभाइजर हाल यातायात व्यवस्था कार्यालय, बागमतीमा कार्यरत मेकानिकल सुपरभाइजर श्रीराम बानिया.....
सप्तरी जिल्ला राजविराज नगरपालिका वडा नं. ७ बस्ने यातायात व्यवस्था कार्यालय, भेरीमा कार्यरत मेकानिकल सुपरभाइजर प्रमोदकुमार चौधरी...
संखुवासभा जिल्ला खाँदबारी न.पा.वडा नं. ३ घर भई सुनसरी जिल्ला इटहरी नगरपालिका वडा नं. ८ बस्ने यातायात व्यवस्था कार्यालय, कोशीका तत्कालीन ना.सु.हाल डिभिजन सडक कार्यालय, धनकुटामा कार्यरत ना.सु.लालबहादुर बुढाथोकी.....
मोरङ जिल्ला, विराटनगर उ.म.न.पा.वडा नं. ११, जयनेपाल चोक, मधुमारा बस्ने यातायात व्यवस्था कार्यालय, कोशीका तत्कालीन ना.सु. हाल यान्त्रिक कार्यालय, जनकपुरमा कार्यरत ना.सु. ज्ञानप्रसाद आचार्य.....
मोरङ जिलला, विराटनगर उ.म.न.पा.वडा नं. १७ बस्ने यातायात व्यवस्था कार्यालय, कोशीका तत्कालीन ना.सु.हाल श्रम कार्यालय, मोरङमा कार्यरत ना.सु.शुक्रप्रसाद पोखेल.....
मोरङ जिल्ला टंकिसिनुवारी गा.वि.स.वडा नं. १ बस्ने यातायात व्यवस्था कार्यालय, कोशीका तत्कालीन ना.सु. हाल यातायात व्यवस्था कार्यालय, नारायणीमा कार्यरत ना.सु. शालिग्राम कोइराला..
मोरङ जिल्ला, विराटनगर उ.म.न.पा.वडा नं. ५ बस्ने यातायात व्यवस्था कार्यालय, कोशीका तत्कालीन खरिदार हाल मालपोत कार्यालय, मोरङमा कार्यरत खरिदार नाराप्रसाद भट्टराई...

भोजपुर जिल्ला भुल्के गा.वि.स. वडा नं. ३ घर भई सुनसरी जिल्ला एकम्बा गा.वि.स.वडा नं. बालग्राम चोक बस्ने यातायात व्यवस्था कार्यालय, कोशीका तत्कालीन लेखापाल हाल कोशी बेसिन कार्यालय, धरानमा कार्यरत लेखापाल जिवनाथ नेपाल.....

मोरङ विराटनगर उ.म.न.पा.वडा नं. ११, मधुमारा बस्ने यातायात व्यवस्थ कार्यालय, कोशीका तत्कालीन टा.ना.सु.हाल भूमिसुधार कार्यालय, मोरङमा कार्यरत टा.ना.सु. संगीता आचार्य.....

सप्तरी जिल्ला पकरी गा.वि.स. वडा नं. ५, बस्ने यातायात व्यवस्था कार्यालय, कोशीका तत्कालीन खरिदार हाल यातायात व्यवस्था कार्यालय, बागमतीमा कार्यरत खरिदार विनोदकुमार यादव...

सुनसरी जिल्ला इटहरी न.पा.वडा नं. ७ बस्ने यातायात व्यवस्था कार्यालय, कोशीका तत्कालीन खरिदार हाल यान्त्रिक कार्यालय, लाहानबाट अवकाश प्राप्त ना.सु. भीमबहादुर बस्नेत.....

सुनसरी जिल्ला प्रकाशपुर गा.वि.स.वडा नं. २ घर भई वानगामा गा.वि.स.वडा नं. २ मोरङ बस्ने यातायात व्यवस्था कार्यालय, कोशीका तत्कालीन खरिदार हाल मालपोत कार्यालय, सिन्धुलीमा कार्यरत खरिदार युवराज कोइराला.....

सुनसरी जिल्ला इटहरी न.पा.वडा नं ३ बौकाझोरा बस्ने यातायात व्यवस्था कार्यालय, कोशीका तत्कालीन खरिदार हाल मालपोत कार्यालय, बेलवारी मोरङमा कार्यरत खरिदार शालिग्राम बजगाई...

सुनसरी जिल्ला इटहरी नगरपालिका वडा नं. ४ बस्ने यातायात व्यवस्था कार्यालय, कोशीका तत्कालीन खरिदार हाल खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, इटहरीमा कार्यरत खरिदार रामप्रसाद आचार्य.....

भोजपुर जिल्ला याकु गा.वि.स.वडा नं. ७ घर भई हाल सुनसरी जिल्ला इटहरी न.पा.वडा नं. १ जुट विकास कोट बस्ने यातायात व्यवस्था कार्यालय, कोशीका तत्कालीन स.ले.पा. हाल हिले भोजपुर सडक योजना धनकुटामा कार्यरत स.ले.पा.बाबुराम ढकाल ..

साविक दयानगर गा.वि.स.वडा नं. ९ हाल रूपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. ८, शिवपथ बस्ने हाल कारागार शाखा, डिल्लीबजारमा थुनामा रहेका ऋषिराम खरेल.....

रूपन्देही जिल्ला बलरामपुर गा.वि.स.वडा नं. ८ बस्ने दयाराम यादव सवारी दर्ता गर्दा अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मितिः २०६४।३।३२

<u>आयोगको दाबी र विशेष अदालतको फैसलाः-</u>

प्रतिवादीहरू मध्ये हरिप्रसाद श्रेष्ठ, प्रमोद चौधरी, शरद चन्द्र शर्मा, रामप्रसाद अर्याल, देवेन्द्र प्रसाद अधिकारी, श्रीराम बानिया, शुक्रप्रसाद पोखरेल, सालिग्राम कोइराला, लालबहादुर बुढाथोकी र ज्ञान प्रसाद आचार्यले साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र २९ तथा हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) र ऋषिराम खरेल र दयाराम यादवले साविकको भ्रष्टाचार ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसूर गरेकाले ऐ.ऐ. दफामा व्यवस्थित सजाय हुन र बिगो असुल हुन तथा शालिग्राम बजगाई, रामप्रसाद आचार्य, युवराज कोइराला, भीमबहादुर बस्नेत, संगीता आचार्य, जिवनाथ नेपाल, बाबुराम ढकाल, नारद प्रसाद भट्टराई र विनोदकुमार यादवले साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६(१) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसूर गरेकोले ऐ.ऐ.दफामा व्यवस्थित सजाय हुन समेत मागदाबी लिई श्री विशेष अदालत, काठमाडौंमा अभियोग पत्र (आरोपपत्र) दायर भएकोमा उक्त अदालतबाट बिगोको हकमा मन्त्रिपरिषद्को मिति २०६३।५।६ को निर्णय बमोजिम सम्बन्धित भन्सार कार्यालयबाट कारबाही हुने र कसूरदार ठहरिएका

प्रतिवादीहरूलाई जनही रु. ५०००।- जरिवाना गर्ने गरी फैसला भएकोले फैसलाका केही अंशहरू उपर चित्त नबुझकोले चित्त नबुझेको हदसम्म पुनरावेदन गरिएको ।

फैसलाका आधारहरू:-

(क) दाबी बमोजिम बिगो कायम नगर्नाको आधारमा नेपाल सरकारको मिति २०६३।५।६ को निर्णय अनुसार कारबाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०६३।१०।४ मा निर्णय भएको र अदालतमा मुद्दा चलेका केही गाडीहरूको आवश्यक महसुल लिई फिर्ता दिएको देखिएको हुँदा यसै मुद्दाबाट राजस्वको बिगो असुल गर्नुपर्ने स्थिति र अवस्था नदेखिएको ।

(ख) प्र.श्रीराम बानियाँ, ज्ञानप्रसाद आचार्य, शालिग्राम कोइराला, नारदप्रसाद भट्टराई, जीवनाथ नेपाल, संगिता आचार्य, विनोद कुमार यादव, भिमबहादुर बस्नेत, युवराज कोइराला, शालिग्राम बजगाईं, राम प्रसाद आचार्य र बाबुराम ढकालको हकमा निज कर्मचारीहरू नामसारी दर्ताको लागि पेश गर्ने तथा निर्णय गर्ने पदीय दायित्व भएका व्यक्ति नभएको साथै कसूर गरेकोमा इन्कार भई बयान गरेको समेतको आधारबाट निजहरु कसूरदार नदेखिएको ।

(ग) प्र.दयाराम यादवको हकमा निजले कसूर गरेकोमा इन्कार भई बयान गरेको, प्रमाण कागजातबाट विवादित गाडी दर्ता गराउने कार्यमा संलग्नता रहेको नदेखिएको, प्र. दयाराम खरेलले भने बमोजिम गरेको भन्नेसम्मको व्यहोरा रहेको भए तापनि पोल प्रमाणित हुने स्वतन्त्र प्रमाणको अभाव रहेको ।

पुनरावेदनका आधारहरू:-

(क) बिगो बमोजिम जरिवाना गर्नुपर्ने विषयमा श्री विशेष अदालतले त्रुटिपूर्ण फैसला गरेको छ । अदालत स्वयंले तत्कालीन समयमा किर्ते कागजात तयार गरी सवारी दर्ता नामसारी गरेको विषयमा ठहर गरी फैसला गरेको छ । तर प्रत्यर्थीहरूलाई सजाय गर्ने क्रममा अभियोग पत्र मागदाबी बमोजिम हुने बिगो बमोजिम सजाय नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६३।१०।४ को निर्णय र मन्त्रिपरिषद्को मिति २०६३।५।६ को निर्णयलाई आधार मानी फैसला गरेको छ । फैसला गर्दाको मितिमा बिगो यकिन हुँदाहुँदै पनि बिगो कायम नगरी सामान्य जरिवाना गरी प्रचलित कानूनमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी फैसला गरिएको छ ।

पैठारी महसुल नै नबुझाई किर्ते कागज तयार गरी भित्र्याइएका सवारी साधानहरूले तत्कालीन समयमा समस्या सृजना गरेकोले नेपाल सरकारले सोही समस्यालाई व्यवस्थापन गर्ने क्रममा मिति २०६३।५।६ मा उल्लेखित विषयमा निर्णय गरेको र सोही निर्णयलाई कार्यान्वयन गर्न आयोगले पनि निर्णय गरेको हो न कि मुद्दा चलिसकेका प्रत्यर्थीहरूका लागि लाग्ने बिगो बमोजिमको जरिवानामा कमी गर्न बिगो असुल गर्ने वा बिगो बमोजिमको जरिवाना गर्ने भन्ने विषय अदालतमा मुद्दा चलिसकेपछि गरिने विषय हो । त्यसरी नेपाल सरकार समेतबाट भएको निर्णयले कानून र फैसलामा असर पार्न सक्दैन । अपराध गरिएको समयमा जे जति मूल्य बराबरको अपराध गरिन्छ त्यसै मूल्यलाई बिगोको रूपमा लिइन्छ । अन्यथा प्रमाणित नभएसम्म सोही मूल्य नै बिगो हो, त्यसलाई पछि भएको वा गरिएको निर्णयले असर पार्न सक्दैन । प्रस्तुत मुद्दामा पनि प्रत्यर्थीहरूको मिलोमतोबाट तत्कालको प्रचलित कानून बमोजिम सरकारलाई बुझाउनु पर्ने राजस्व नबुझाई गाडी चोरी पैठारी गरेको प्रमाणित भएको अवस्थामा तत्कालको भन्सार महसुल एवं लाग्ने शुल्क गणना गरी कायम भएको बिगो अन्यथा प्रमाणित नभएको अवस्थामा सोही बिगो कायम गरी फैसला गरिनुपर्नेमा प्रत्यर्थीहरूलाई

रु. ५०००।- मात्र जरिवाना हुने ठहऱ्याएको फैसला कानूनसम्मत भएको भन्न सकिने स्थिति रहेन । तत्कालको अवस्थामा सरकारलाई बुझाउनु पर्ने रु. १,६४,५४,५३१।६१ राजस्व नतिर्ने मनसायले चोरी पैठारी गरी दर्ता नामसारी भएको देखिएको मूल्यलाई नै बिगो मानी सोही बमोजिम सजाय हुनुपर्नेमा सो नगरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ख) प्रत्यर्थी श्रीराम बानियाले मौकामा बयान गर्दा सवारी साधनको प्राविधिक प्रतिवेदन दिँदा सवारी साधनको भौतिक निरीक्षण गरेर मात्र दिनुपर्ने भए तापनि तत्कालको व्यावहारिक प्रचलनले गर्दा सम्बन्धित कार्यालयको पत्रलाई आधार मानी राय दिएको भनी आफूले सवारीको भौतिक परीक्षण नगरी प्रतिवेदन गरेकोमा साबित भई बयान गरेको तथा अदालतमा बयान गर्दा यातायात व्यवस्था कार्यालयको पत्रलाई आधारमानी टिप्पणीमा व्यहोरा जनाएको भनी बयान गरेको पाइदा निजले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २२ र ३७ बमोजिम कानूनले तोकेको कार्य गरेको नदेखिएको अवस्थामा निज समेतको मिलोमतोबाट सवारी दर्ता नामसारी भएको देखिँदा देखिँदै पनि त्यसतर्फ अदालतले विश्लेषण नै नगरी भएको फैसला त्रुटिपूर्ण छ ।

ज्ञान प्रसाद आचार्य, शालिग्राम बजगाई, रामप्रसाद आचार्य, युवराज कोइराला, भिमवहादुर वस्नेत, संगिता आचार्य, जीवनाथ नेपाल, बाबुराम ढकाल, नारद भट्टराई, विनोद कुमार यादव र शालिग्राम कोइरालाले समेत किर्ते कागज खडा गरी सवारी दर्ता नामसारी गर्ने विषयको टिप्पणीमा सही गरेकोबाट सवारीका साधनहरू भन्सार छली गरी चोरी पैठासी गर्ने प्रयोजनको लागि किर्ते कागज समेत तयार गरी पेश भएका यस्ता कागजातका आधारमा सवारी दर्ता नामसारी गर्ने कार्यमा यी प्रतिवादीहरूको पनि मिलोमतो रहेको देखिँदा देखिँदै श्री विशेष अदालतले तथ्य र प्रमाणलाई विश्लेषण नै नगरी गरेको फैसला त्रुटिपूर्ण रहेको छ ।

(ग) प्र.दयाराम यादवको हकमा सफाइ दिने गरी फैसला गर्दा कसूरमा इन्कार रहेको समेतका आधारहरू लिएको देखिन्छ । प्र. दयाराम यादवको संलग्नताको बारेमा मौकामा र अदालत समेतमा प्र.ऋषिराम खरेलले यिनै प्रतिवादीले किर्ते कागज तयार गरी सवारी दर्ता नामसारी गराएको भन्ने स्पष्ट रूपमा बयान गरेको स्थिति छ । यस्तो तथ्यगत भनाइलाई प्रमाणमा ग्रहण गर्नु नपर्ने आधार छैन । यसरी मौकामा र अदालतमा समेत भएको बयानमा उल्लेखित तथ्यगत विवरणलाई प्रमाणका रूपमा ग्रहण नगरी भएको फैसला त्रुटिपूर्ण छ ।

११. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १३, खोलाप्रवेश मार्ग, ब्लक नं. ख २२२/४ घर भई यातायात व्यवस्था कार्यालय, बाग्मतीका तत्कालीन शाखा अधिकृत रमण श्रेष्ठ..
काठमाडौं जिल्ला आलापोट गा.वि.स.वडा नं. २ घर भई हाल जोरपाटी गा.वि.स.वडा नं. १ बस्ने यातायात व्यवस्था कार्यालय, बाग्मतीका तत्कालीन खरिदार हरिशरण फुयाल...
जिल्ला कैलाली, लालबोझी गा.वि.स.वडा नं. ६, कर्मदेव बस्ने तत्कालीन यातायात व्यवस्था कार्यालय, बाग्मतीमा कार्यरत खरिदार मोहनबहादुर हमाल.....
जिल्ला नवलपरासी गैंडाकोट गा.वि.स.वडा नं. २, शिलान्यास बस्ने छविलाल कंडेल.....
जिल्ला बाग्लुङ्ग, बाग्लुङ्ग नगरपालिका वडा नं. १ रामरेखा बस्ने लालप्रसाद सापकोटा ....सवारी दर्ता नामसारीमा अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६४।३।३२

आयोगको दाबी र विशेष अदालतको फैसलाः-

प्रतिवादीहरू मध्ये रमण श्रेष्ठ, मोहन बहादुर हमाल र हरिशरण फुयालले साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र २९ तथा हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) र छविलाल कडेलले साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसूर गरेकाले ऐ.ऐ. दफामा व्यवस्थित सजाय हुन र बिगो असुल हुन र लालप्रसाद सापकोटालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम हुन समेत मागदाबी लिई श्री विशेष अदालत, काठमाडैंमा अभियोग पत्र (आरोपपत्र) दायर भएकोमा प्र.रमण श्रेष्ठ, मोहनबहादुर हमाल र छविलाल कँडेल समेतलाई अभियोगपत्र मागदाबी बमोजिम कसूरदार ठहर गरी बिगोको हकमा मन्त्रिपरिषद्को मिति २०६३।५।६ को निर्णय बमोजिम सम्बन्धित भन्सार कार्यालयबाट कारबाही हुने र प्रतिवादीहरूलाई जनही रु. ५०००।- जरिवाना गरी उक्त अदालतबाट फैसला भएकोले फैसलाका केही अंशहरू उपर चित्त नबुझेको हुँदा चित्त नबुझेको हदसम्म पुनरावेदन गरिएको ।

फैसलाका आधारहरूः-

(क) श्री विशेष अदालतबाट दाबी बमोजिम बिगो कायम नगर्नाका आधारमा नेपाल सरकारको मिति २०६३।५।६ को निर्णय अनुसार कारबाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०६३।१०।४ मा निर्णय भएको र अदालतमा मुद्दा चलेका केही गाडीहरूको आवश्यक महसुल लिई फिर्ता दिएको देखिएको हुँदा यसै मुद्दाबाट राजस्वको बिगो असुल गर्नुपर्ने स्थिति र अवस्था नदेखिएको भनी फैसलामा उल्लेख गरिएको ।

पुनरावेदनका आधारहरूः-

(क) बिगो बमोजिम जरिवाना गर्नुपर्ने विषयमा श्री विशेष अदालतले त्रुटिपूर्ण फैसला गरेको छ । अदालत स्वयंले तत्कालीन समयमा किर्ते कागजात तयार गरी सवारी दर्ता नामसारी गरेको विषयमा ठहर गरी फैसला गरेको छ । तर प्रत्यर्थीहरूलाई सजाय गर्ने क्रममा अभियोग पत्र मागदाबी बमोजिम हुने बिगो बमोजिम सजाय नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६३।१०।४ को निर्णय र मन्त्रिपरिषद्को मिति २०६३।५।६ को निर्णयलाई आधार मानी फैसला गरेको छ । फैसला गर्दाको मितिमा बिगो यकिन हुँदाहुँदै पनि बिगो कायम नगरी सामान्य जरिवाना गरी प्रचलित कानूनमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी फैसला गरिएको छ ।

पैठारी महसुल नै नबुझाई किर्ते कागज तयार गरी भित्राइएका सवारीको साधानहरूले तत्कालीन समयमा समस्या सृजना गरेकोले नेपाल सरकारले सोही समस्यालाई व्यवस्थापन गर्ने क्रममा मिति २०६३।५।६ मा उल्लेखित विषयमा निर्णय गरेको र सोही निर्णयलाई कार्यान्वयन गर्न आयोगले पनि निर्णय गरेको हो न कि मुद्दा चलिसकेका प्रत्यर्थीहरूका लागि लाग्ने बिगो बमोजिमको जरिवानामा कमी गर्न । बिगो असुल गर्ने वा बिगो बमोजिमको जरिवाना गर्ने भन्ने विषय अदालतमा मुद्दा चलिसकेपछि गरिने विषय हो । त्यसरी भएको निर्णयले कानून र फैसलामा असर पार्न सक्दैन । अपराध गरिएको समयमा जे जति मूल्य बराबराको अपराध गरिन्छ त्यसै मूल्यलाई बिगोको रूपमा लिइन्छ । अन्यथा प्रमाणित नभएसम्म सोही मूल्य नै बिगो हो, त्यसलाई पछि भएको वा गरिएको निर्णयले असर पार्न सक्दैन । प्रस्तुत मुद्दामा पनि प्रत्यर्थीहरूको मिलोमतोबाट तत्कालको प्रचलित कानून बमोजिम सरकारलाई बुझाउनु पर्ने राजस्व नबुझाई गाडी चोरी पैठारी गरेको प्रमाणित भएको

अवस्थामा तत्कालको भन्सार महसुल एवं लाग्ने शुल्क गणना गरी कायम भएको बिगोलाई अन्यथा प्रमाणित नभएको अवस्थामा प्रत्यर्थीहरूलाई रु. ५०००।- मात्र जरिवाना हुने ठहऱ्याएको फैसला कानूनसम्मत भएको भन्न सकिने स्थिति रहेन । तत्कालको अवस्थामा सरकारलाई बुझाउनु पर्ने रु. ५,८३,१६९।१६ राजस्व नतिर्ने मनसायले चोरी पैठारी गरी दर्ता नामसारी भएको देखिएको मूल्यलाई नै बिगो मानी सोही बमोजिम सजाय हुनुपर्नेमा सो नगरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ख) माथि प्रकरणमा उल्लेख भए अनुसार बिगो कायम गरी सो बिगो कानून अनुसार प्रतिवादीहरूबाट असुल उपर गर्ने र गैरकानूनी रूपमा नामसारी भएका सवारी साधनहरू जफत समेत हुने भनी फैसला हुनु पर्नेमा सो नभएबाट विशेष अदालतबाट भएको फैसला कानूनसम्मत छैन ।

१२. जिल्ला दाङ, त्रिभुवननगर न.पा. वडा नं. ४ घर नं. १/४ चौघेरा घर भई अञ्चल यातायात व्यवस्था कार्यालय दाङका तात्कालीन निमित्त कार्यालय प्रमुख (ना.सु.) राजुलाल शर्मा .....
जिल्ला दाङ, तुल्सीपुर नगरपालिका वडा नं. ६, गोलैरा घर भई अञ्चल यातायात व्यवस्था कार्यालय दाङका तत्कालीन खरिदार ध्रुवराज रेग्मी.....
नन्दीकेशरको नाति झविलाल कँडेलको छोरा, जिल्ला नवलपरासी मिथुकरम गा.वि.स.वडा नं. १ घर भई हाल ऐ.जिला गैंडाकोट गा.वि.स.वडा नं. १, जजुवा बस्ने अस्मिलाल कँडेल.....
जिल्ला नवलपरासी गैंडाकोट गा.वि.स.वडा नं. २, शिलान्यास बस्ने छविलाल कँडेल.....
पश्चिमाञ्चल फाइनान्स कम्पनी लि., वुटवल न.पा.वडा नं. १० शुक्रपथ ऋणी जिल्ला रूपन्देही केरवानी गा.वि.स.वडा नं. ५, कृष्ण प्रसाद पौडेल .... गैरकानूनी रूपमा सवारी साधन दर्ता गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६४।३।३२

आयोगको दाबी र विशेष अदालतको फैसलाः-

उल्लेखित मुद्दाका विभिन्न प्रतिवादीहरू मध्ये राजु लाल शर्मा समेत उपर साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) एवं छविलाल कँडेल समेतका प्रतिवादीहरू उपर साविकको भ्रष्टाचार ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम सजाय हुन साथै सवारी धनीका नाममा भएको गाडी जफत हुन र अन्यको हकमा ऐ.ऐ. दफामा व्यवस्थित सजाय हुन र बिगो समेत असुल हुन श्री विशेष अदालत, काठमाडैंमा थान दुई मुद्दा दायर भएकोमा विशेष अदालतबाट राजु लाल शर्मा समेतका केही प्रतिवादीहरूलाई अभियोगपत्र मागदाबी बमोजिम कसूर ठहऱ्याई तथा अन्यलाई सफाइ दिने गरी फैसला भएको, बिगोको हकमा मन्त्रिपरिषद्को मिति २०६३।५।६ को निर्णय बमोजिम सम्बन्धित भन्सार कार्यालयबाट कारबाही हुने र जनही रु. ५०००।- जरिवाना हुने गरी फैसला भएकोले, फैसलाका केही अंशहरू उपर चित्त नबुझेको हुँदा सो हदसम्म पुनरावेदन गरिएको ।

फैसलाका आधारहरूः-

(क) नेपाल सरकारको मिति २०६३।५।६ को निर्णय अनुसार कारबाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०६३।१०।४ मा निर्णय भएको र अदालतमा मुद्दा चलेका केही गाडीहरूको आवश्यक महसुल लिई फिर्ता दिएको देखिएको हुँदा यसै मुद्दाबाट राजस्वको बिगो असुल गर्नुपर्ने स्थिति र अवस्था नदेखिएको हुँदा दाबी बमोजिम बिगो कायम गर्नु नपर्ने ।

(ख) अन्य प्रतिवादीहरूले दाबीको कसूर गरेको सवुद प्रमाणबाट पुष्टि नभएको हुँदा कसूर गरेको नदेखिएको ।

पुनरावेदनका आधारहरू:-

(क) बिगो बमोजिम जरिवाना गर्नुपर्ने विषयमा श्री विशेष अदालतले त्रुटिपूर्ण फैसला गरेको छ । अदालत स्वयंले तत्कालीन समयमा किर्ते कागजात तयार गरी सवारी दर्ता नामसारी गरेको विषयमा ठहर गरी फैसला गरेको छ । तर प्रत्यर्थीहरूलाई सजाय गर्ने क्रममा अभियोग पत्र मागदाबी बमोजिम हुने बिगो बमोजिम सजाय नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६३।१०।४ को निर्णय र मन्त्रिपरिषद्को मिति २०६३।५।६ को निर्णयलाई आधार मानी फैसला गरेको छ । फैसला गर्दाको मितिमा बिगो यकिन हुँदाहुँदै पनि बिगो कायम नगरी सामान्य जरिवाना गरी प्रचलित कानूनमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी फैसला गरिएको छ ।

पैठारी महसुल नै नबुझाई किर्ते कागज तयार गरी भित्र्याइएका सवारी साधानहरूले तत्कालीन समयमा समस्या सृजना गरेकोले नेपाल सरकारले सोही समस्यालाई व्यवस्थापन गर्ने क्रममा मिति २०६३।५।६ मा उल्लेखित विषयमा निर्णय गरेको र सोही निर्णयलाई कार्यान्वयन गर्न आयोगले पनि निर्णय गरेको हो न कि मुद्दा चलिसकेका प्रत्यर्थीहरूका लागि लाग्ने बिगो बमोजिमको जरिवानामा कमी गर्न । बिगो असुल गर्ने वा बिगो बमोजिमको जरिवाना गर्ने भन्ने विषय अदालतमा मुद्दा चलिसकेपछि गरिने विषय हो । त्यसरी भएको निर्णयले कानून र फैसलामा असर पार्न सक्दैन । अपराध गरिएको समयमा जे जति मूल्य बरावराको अपराध गरिन्छ त्यसै मूल्यलाई बिगोको रूपमा लिइन्छ । अन्यथा प्रमाणित नभएसम्म सोही मूल्य नै बिगो हो, त्यसलाई पछि भएको वा गरिएको निर्णयले असर पार्न सक्दैन । प्रस्तुत मुद्दामा पनि प्रत्यर्थीहरूको मिलोमतोबाट तत्कालको प्रचलित कानून बमोजिम सरकारलाई बुझाउनु पर्ने राजस्व नबुझाई गाडी चोरी पैठारी गरेको प्रमाणित भएको अवस्थामा तत्कालको भन्सार महसुल एवं लाग्ने शुल्क गणना गरी कायम भएको बिगोलाई अन्यथा प्रमाणित नभएको अवस्थामा प्रत्यर्थीहरूलाई रु. ५०००।- मात्र जरिवाना हुने ठहऱ्याएको फैसला कानूनसम्मत भएको भन्न सकिने स्थिति रहेन । तत्कालको अवस्थामा सरकारलाई बुझाउनु पर्ने रु. ५,८८,८९४।२२ राजस्व नतिर्ने मनसायले चोरी पैठारी गरी दर्ता नामसारी भएको देखिएको मूल्यलाई नै बिगो मानी सोही बमोजिम सजाय हुनुपर्नेमा सो नगरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ख) माथि प्रकरणमा उल्लेख भए अनुसार बिगो कायम गरी सो बिगो कानून अनुसार प्रतिवादीहरूबाट असुल उपर गर्ने र गैरकानूनी रूपमा नामसारी भएका सवारी साधनहरू जफत समेत हुने भनी फैसला हुनु पर्नेमा सो नभएबाट विशेष अदालतबाट भएको फैसला कानून सम्मत छैन ।

(ग) सफाइ दिएका प्रतिवादीहरूको बयान, निजहरूले गाडी नामसारी दर्ता गर्ने प्रक्रियामा निर्वाह गरेको भूमिकाबाट निजहरू समेतको कसूरमा संलग्नता रहेको प्रस्ट रूपमा प्रमाणित भएको छ ।

१३. रूपन्देही जिल्ला गंगोलिया गा.वि.स.वडा नं. ३ बस्ने यातायात व्यवस्था कार्यालय, सेती अंचलका तत्कालीन कार्यालय प्रमुख (शाखा अधिकृत) कमलप्रसाद ढकाल.....
बझाङ जिल्ला कोटभैरव गा.वि.स.५, थलरा सिमललेख बस्ने यातायात व्यवस्था कार्यालय, सेती अंचलका तत्कालीन ना.सु. प्रेम बहादुर सिंह.....

डडेल्धुरा जिल्ला रूपाल नौतडी धारापानी गा.वि.स.वडा नं. ३ बस्ने यातायात व्यवस्था कार्यालय, सेती अंचलका तत्कालीन खरिदार महेश्वरप्रसाद भट्ट.....
रूपन्देही जिल्ला दयानगर गा.वि.स.वडा नं. ५, छपिया बस्ने भवानीप्रसाद भुसाल....
रूपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं. ८, बर्मेलीटोल बस्ने ऋषिराम खरेल....
रूपन्देही जिल्ला बलरामपुर गा.वि.स.वडा नं. ३ घर भई सिद्धार्थनगर नगरपालिका वडा नं. ८, बुद्धपथमा डेरा गरी बस्ने दयाराम यादव..... सवारी दर्ता गर्दा अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मितिः २०६४।३।३२

आयोगको दाबी र विशेष अदालतको फैसलाः-

प्रतिवादीहरू मध्ये कमलप्रसाद ढकाल समेतका प्रतिवादीहरू उपर साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र २९ तथा हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) र अस्मिलाल कँडेल समेत उपर साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसूरमा ऐ.ऐ. दफामा व्यवस्थित सजाय हुन साथै ताराप्रसाद छन्तेल समेतका नाममा दर्ता भएका गाडी जफत हुन र बिगो असुल हुन श्री विशेष अदालत, काठमाडौंमा मुद्दा दायर भएकोमा प्रतिवादी कमल प्रसाद ढकाल समेतलाई अभियोगपत्र मागदाबी बमोजिम कसूरदार ठहऱ्याई प्रतिवादी दयाराम यादवलाई सफाइ दिई फैसला भएको, कसूर ठहऱ्याए पनि बिगो बमोजिम जरिवाना नगरी कम जरिवानाको सजाय गरेको, गाडी जफत नहुने ठहऱ्याएको तथा प्रतिवादी दयाराम यादवलाई सफाइ दिएको हदसम्म फैसलामा चित्त नबुझेकोले पुनरावेदन गरिएको ।

फैसलाका आधारहरूः-

(क) दाबी बमोजिम बिगो कायम नगर्नाको आधारमा नेपाल सरकारको मिति २०६३।५।६ को निर्णय अनुसार कारबाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०६३।१०।४ मा निर्णय भएको र अदालतमा मुद्दा चलेका केही गाडीहरूको आवश्यक महसुल लिई फिर्ता दिएको देखिएको हुँदा यसै मुद्दाबाट राजस्वको बिगो असुल गर्नु पर्ने स्थिति र अवस्था नदेखिएको ।

(ख) प्र. दयाराम यादवले दाबीको कसूर गरेको सबुद प्रमाणबाट पुष्टि नभएको ।

पुनरावेदनका आधारहरूः-

(क) बिगो बमोजिम जरिवाना गर्नुपर्ने विषयमा श्री विशेष अदालतले त्रुटिपूर्ण फैसला गरेको छ । अदालत स्वयंले तत्कालीन समयमा किर्ते कागजात तयार गरी सवारी दर्ता नामसारी गरेको विषयमा ठहर गरी फैसला गरेको छ । तर प्रत्यर्थीहरूलाई सजाय गर्ने क्रममा अभियोग पत्र मागदाबी बमोजिम हुने बिगो बमोजिम सजाय नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६३।१०।४ को निर्णय र मन्त्रिपरिषद्को मिति २०६३।५।६ को निर्णयलाई आधार मानी फैसला गरेको छ । फैसला गर्दाको मितिमा बिगो यकिन हुँदाहुँदै पनि बिगो कायम नगरी सामान्य जरिवाना गरी प्रचलित कानूनमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी फैसला गरिएको छ ।

पैठारी महसुल नै नबुझाई किर्ते कागज तयार गरी भित्र्याइएका सवारीको साधनहरूले तत्कालीन समयमा समस्या सृजना गरेकोले नेपाल सरकारले सोही समस्यालाई व्यवस्थापन गर्ने क्रममा मिति २०६३।५।६ मा उल्लेखित विषयमा निर्णय गरेको र सोही निर्णयलाई कार्यान्वयन गर्न आयोगले पनि निर्णय गरेको हो न कि मुद्दा चलिसकेका प्रत्यर्थीहरूका लागि लाग्ने बिगो बमोजिमको

जरिवानामा कमी गर्न । बिगो असुल गर्ने वा बिगो बमोजिमको जरिवाना गर्ने भन्ने विषय अदालतमा मुद्दा चलिसके पछि गरिने विषय हो । त्यसरी भएको निर्णयले कानून र फैसलामा असर पार्न सक्दैन । अपराध गरिएको समयमा जे जति मूल्य बरावराको अपराध गरिन्छ त्यसै मूल्यलाई बिगोको रूपमा लिइन्छ । अन्यथा प्रमाणित नभएसम्म सोही मूल्य नै बिगो हो, त्यसलाई पछि भएको वा गरिएको निर्णयले असर पार्न सक्दैन । प्रस्तुत मुद्दामा पनि प्रत्यर्थीहरूको मिलोमतोबाट तत्कालको प्रचलित कानून बमोजिम सरकारलाई बुझाउनु पर्ने राजस्व नबुझाई गाडी चोरी पैठारी गरेको प्रमाणित भएको अवस्थामा तत्कालको भन्सार महसुल एवं लाग्ने शुल्क गणना गरी कायम भएको बिगोलाई अन्यथा प्रमाणित नभएको अवस्थामा प्रत्यर्थीहरूलाई रु. ५०००।- मात्र जरिवाना हुने ठहऱ्याएको फैसला कानूनसम्मत भएको भन्न सकिने स्थिति रहेन । तत्कालको अवस्थामा सरकारलाई बुझाउनु पर्ने रु. १,११,४१,५७८।९८ राजस्व नतिर्ने मनसायले चोरी पैठारी गरी दर्ता नामसारी भएको देखिएको मूल्यलाई नै बिगो मानी सोही बमोजिम सजाय हुनुपर्नेमा सो नगरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ख) माथि प्रकरणमा उल्लेख भए अनुसार बिगो कायम गरी सो बिगो कानून अनुसार प्रतिवादीहरूबाट असुल उपर गर्न र गैरकानूनी रूपमा नामसारी भएका सवारी साधनहरू जफत समेत हुने भनी फैसला हुनुपर्नेमा सो नभएबाट विशेष अदालतबाट भएको फैसला कानूनसम्मत रहेको छैन ।

(ग) प्र. दयाराम यादवले सडक विभाग हेभी इक्युप्मेन्ट डिभिजन बुटवलको च.नं. ३१५ मिति २०५५।२।२५, च.नं. १४५ मिति २०५५।१।१० र यातायात व्यवस्था कार्यालय बागमतीको च.नं. १५६ मिति २०५५।२।१९ को किर्ते लिलामी र सहमति पत्र बनाई यातायात व्यवस्था कार्यालय सेती अंचलका कर्मचारीहरूलाई चोरी पैठारी भई आएका २४ थान महेन्द्रा एण्ड महेन्द्रा कम्पनीका जिपहरू आफू कानूनी दायित्वबाट बच्न ऋषिराम खरेलको सहयोगमा भवानीप्रसाद भुसालका नाममा नामसारी दर्ता गरी गराउन लगाई अन्य व्यक्तिहरूलाई बिक्री समेत गरी आफू समेतलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानी पुऱ्याउने कार्य समेत गरेको हुँदा निज प्र. दयाराम यादवलाई सफाई दिने गरी गरिएको फैसला बदरभागी छ । दयाराम यादवको संलग्नता रहेको तथ्य मौकामा भवानी प्रसाद भुसालको बयानबाट प्रस्ट रूपमा खुल्न आएको छ, दयाराम यादवले चोरी पैठारी गरी सवारी साधन ल्याई दर्ता गराउने मुख्य व्यक्तिको रूपमा रहेको तथ्य ऋषिराम खरेलको मौकाको बयानबाट समेत स्पष्ट हुन्छ । उल्लेखित तत्थ्यलाई पनि फैसलाको क्रममा विश्लेषण गरिनु पर्नेमा सो तर्फ विश्लेषण नै नगरी भएको फैसला त्रुटिपूर्ण देखिन्छ ।

१४. जिल्ला दाङ सिसहनिया गाउँ विकास समिति वडा नं. ६ बिजौरी घर भई बागमती अञ्चल यातायात व्यवस्था कार्यालय बागमतीका तत्कालीन शाखा अधिकृत मुक्ति प्रसाद आचार्य.....
जिल्ला रूपन्देही गंगोलिया गाउँ विकास समिति वडा नं. ३, गंगोलिया घर भई अञ्चल यातायात व्यवस्था कार्यालय, सेतीका तत्कालीन कार्यालय प्रमुख (आ.अ.) कमलप्रसाद ढकाल.....
जिल्ला बझाङ पाराकाटने गाउँ विकास समिति वडा नं. ८ सिमल्लेख घर भई अञ्चल यातायात व्यवस्था कार्यालय, सेतीका तत्कालीन ना.सु. प्रेमबहादुर सिंह.....
जिल्ला कैलाली लाबोझी गाउँ विकास समिति वडा नं. ६ मुजाहा घर भई यातायात व्यवस्था कार्यालय बागमतीका तत्कालीन खरिदार मोहनबहादुर हमाल.....
डडेल्धुरा रूपाल गाउँ विकास समिति वडा नं. ३, नौतडी घर भई यातायात व्यवस्था कार्यालय सेतीका तत्कालीन खरिदार महेश्वर प्र.भट्ट.....

साविक जिल्ला नवलपरासी मिथुकरम गाउँ विकास समिति वडा नं. १ घर भई हाल ऐ.जिल्ला गैंडाकोट गाउँ विकास समिति वडा नं. १, जजुवा बस्ने अस्मिलाल कँडेल.....
जिल्ला नवलपरासी गैंडाकोट गा.वि.स.वडा नं. २, शिलान्यास बस्ने छविलाल कँडेल .....
बाँके जिल्ला कोहलपुर गा.वि.स.वडा नं. १ कालिकानगर बस्ने लु.१ ज ६३३ जीपको हालका सवारी धनी विष्णुहरी रेग्मी...
दाङ जिल्ला तुलसीपुर नगरपालिका वडा नं. २ रक्षाचौर बस्ने लु.१ ज ६३५ जीपको हालको धनी निमकुमार श्रेष्ठ.....
नवलपरासी जिल्ला माकर गा.वि.स.वडा नं. ८ लघुना बस्ने लु.१ ज ६५० जीपको हालका धनी मित्रलाल बस्याल.....
दाङ जिल्ला सतवरिया गा.वि.स.वडा नं. ७ बिजुलीपुर बस्ने लु.१ ज ६५२ जीपका हालका धनी भूपबहादुर वली क्षेत्री.....
रूपन्देही जिल्ला बुटवल नगरपालिका वडा नं. ८, ट्राफिक चोक, मैत्रीपथ घर नं. १३ बस्ने लु. १ ज ६५३ जीपका हालका धनी रामकृष्ण खाँड.....
बाँके जिल्ला कोहलपुर गा.वि.स.वडा नं. ३ शान्तिटोल बस्ने लु.१ ज ६७६ जीपको हालका धनी श्रीमती पार्वती ढकाल.....
नवलपरासी जिल्ला अमरापुरी गा.वि.स. वडा नं. ५, १७ नं. चोक, बस्ने से.अ.च ७३ जीपको हलका धनी तीलबहादुर आले...गैरकानूनी रूपमा सवारी साधन दर्ता गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६४।३।३२

आयोगको दाबी र विशेष अदालतको फैसलाः-

प्रतिवादीहरू मध्ये मुक्ति प्रसाद आचार्य, कमल प्रसाद ढकाल, प्रेम बहादुर सिंह, मोहन बहादुर हमाल र महेश्वर प्रसाद भट्टले साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र २९ तथा हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३), अस्मीलाल कँडेल र छविलाल कँडेलले साविकको भ्रष्टाचार ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसूर गरेकाले ऐ.ऐ. दफामा व्यवस्थित सजाय हुन र बिगो रु. ४१,९५,५९७- असुल हुन र विष्णु हरी रेग्मी निम कुमार श्रेष्ठ, मित्रलाल बस्याल, भूपबहादुर वली क्षेत्री, रामकृष्ण खाँड, पार्वती ढकाल र तिल बहादुर आलेका नाममा दर्ता भएका गाडी जफत हुन समेत मागदाबी लिई श्री विशेष अदालत, काठमाडौंमा मुद्दा दायर भएकोमा प्रतिवादीहरू कमल प्रसाद ढकाल, प्रेम बहादुर सिंह, महेश्वर प्रसाद भट्ट र अस्मिलाल कँडेल समेतलाई अभियोगपत्र मागदाबी बमोजिम कसूरदार ठहऱ्याई जनही रु. ५०००।- जरिवाना गरी अन्य प्रतिवादीहरू मुक्ति प्रसाद आचार्य, मोहन बहादुर हमाल र छविलाल कँडेलको हकमा सफाइ दिई र बिगोको हकमा मन्त्रिपरिषद्को मिति २०६३।५।६ को निर्णय बमोजिम सम्बन्धित भन्सार कार्यालयबाट कारबाही हुने भनी फैसला भएकोले, फैसलाका केही अंशहरू उपर चित्त नबुझेको हुँदा चित्त नबुझेको हदसम्म यो पुनरावेदन गरिएको ।

फैसलाका आधारहरूः-

(क) दाबी बमोजिम बिगो कायम नगर्नाको आधारमा नेपाल सरकारको मिति २०६३।५।६ को निर्णय अनुसार कारबाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०६३।१०।४ मा निर्णय भएको र अदालतमा मुद्दा चलेका केही गाडीहरूको आवश्यक महसुल लिई फिर्ता दिएको देखिएको हुँदा यसै मुद्दाबाट राजस्वको बिगो असुल गर्नु पर्ने स्थिति र अवस्था नदेखिएको ।

(ख) प्र. मुक्ति प्रसाद आचार्य, मोहन बहादुर हमाल र छविलाल कँडेलले दाबीको कसूर गरेको सबुद प्रमाणबाट पुष्टि नभएको ।

(ग) मन्त्रिपरिषद्को मिति २०६३।५।६ को निर्णयको कारण गाडी जफत नहुने ।

पुनरावेदनका आधारहरू:-

(क) बिगो बमोजिम जरिवाना गर्नुपर्ने विषयमा श्री विशेष अदालतले त्रुटिपूर्ण फैसला गरेको छ । अदालत स्वयंले तत्कालीन समयमा किर्ते कागजात तयार गरी सवारी दर्ता नामसारी गरेको विषयमा ठहर गरी फैसला गरेको छ । तर प्रत्यर्थीहरूलाई सजाय गर्ने क्रममा अभियोग पत्र मागदाबी बमोजिम हुने बिगो बमोजिम सजाय नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६३।१०।४ को निर्णय र मन्त्रिपरिषद्को मिति २०६३।५।६ को निर्णयलाई आधार मानी फैसला गरेको छ । फैसला गर्दाको मितिमा बिगो यकिन हुँदाहुँदै पनि बिगो कायम नगरी सामान्य जरिवाना गरी प्रचलित कानूनमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी फैसला गरिएको छ ।

पैठारी महसुल नै नबुझाई किर्ते कागज तयार गरी भित्र्याइएका सवारीको साधानहरूले तत्कालीन समयमा समस्या सृजना गरेकोले नेपाल सरकारले सोही समस्यालाई व्यवस्थापन गर्ने क्रममा मिति २०६३।५।६ मा उल्लेखित विषयमा निर्णय गरेको र सोही निर्णयलाई कार्यान्वयन गर्न आयोगले पनि निर्णय गरेको हो न कि मुद्दा चलिसकेका प्रत्यर्थीहरूका लागि लाग्ने बिगो बमोजिमको जरिवानामा कमी गर्न । बिगो असुल गर्ने वा बिगो बमोजिमको जरिवाना गर्ने भन्ने विषय अदालतमा मुद्दा चलिसकेपछि गरिने विषय हो । त्यसरी भएको निर्णयले कानून र फैसलामा असर पार्न सक्दैन । अपराध गरिएको समयमा जे जति मूल्य बराबरको अपराध गरिन्छ त्यसै मूल्यलाई बिगोको रूपमा लिइन्छ । अन्यथा प्रमाणित नभएसम्म सोही मूल्य नै बिगो हो, त्यसलाई पछि भएको वा गरिएको निर्णयले असर पार्न सक्दैन । प्रस्तुत मुद्दामा पनि प्रत्यर्थीहरूको मिलोमतोबाट तत्कालको प्रचलित कानून बमोजिम सरकारलाई बुझाउनु पर्ने राजस्व नबुझाई गाडी चोरी पैठारी गरेको प्रमाणित भएको अवस्थामा तत्कालको भन्सार महसुल एवं लाग्ने शुल्क गणना गरी कायम भएको बिगोलाई अन्यथा प्रमाणित नभएको अवस्थामा प्रत्यर्थीहरूलाई रु. ५०००।- मात्र जरिवाना हुने ठहऱ्याएको फैसला कानूनसम्मत भएको भन्न सकिने स्थिति रहेन । तत्कालको अवस्थामा सरकारलाई बुझाउनु पर्ने रु. ४१,९५,५९७।- राजस्व नतिर्ने मनसायले चोरी पैठारी गरी दर्ता नामसारी भएको देखिएको मूल्यलाई नै बिगो मानी सोही बमोजिम सजाय हुनुपर्नेमा सो नगरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ख) प्र. मुक्ति प्रसाद आचार्य तत्कालीन अवस्थामा बागमती अन्चल यातायात व्यवस्था कार्यालयबाट शाखा अधिकृतको रूपमा कार्यरत रहेको र निजबाट आरोपपत्रमा उल्लेखित गाडीहरूको सरुवा सहमति पत्र तयार गरेको देखिन आएको छ । सहमति प्रदान गर्दा हेर्नु भिडाउनु पर्ने सम्पूर्ण कागजातहरू नहेरी कागजपत्रको मूल्यांकन नै नगरी आफ्नो कर्तव्य पूरा नगरी चोरी पैठारी गरी ल्याएको गाडीलाई दर्ता गरी राजस्व हानी नोक्सानी तुल्याएको कार्यमा निज समेतको संलग्नता संकलित प्रमाणबाट प्रमाणित भएको अवस्थामा निजको बदनियतपूर्ण कार्यको अभाव रहेको भनी सफाइ दिने गरी भएको फैसला बदरभागी छ । मौकामा हेरिनुपर्ने कागजातहरू हेर्दै नहेरी सरुवा सहमति दिने गैरकानूनी कार्यलाई बदनियतपूर्ण होइन भन्ने फैसला आत्मनिष्ट रहेको समेत प्रस्ट छ ।

(ग) प्र. मोहन बहादुर हमालको हकमा समेत सफाइ दिने गरी भएको फैसला समेत त्रुटिपूर्ण रहेको छ । आरोपपत्रमा उल्लेखित सरुवाको सहमति पत्र तयार गर्ने कार्यमा यिनैको हस्ताक्षर भएकोमा सावित

भई बयान गरेका छन् । सहमतिको लागि पत्राचार गर्दा सवारी दर्ताका सम्पूर्ण कागजात पेश गरिनुपर्नेमा नगरी, साथै सवारी दर्ताको समयमा तयार गरिएको प्याड समेत लुकाई छिपाई गरी चोरी पैठारी गरी ल्याइएका सवारीका साधन दर्ता गर्ने कार्यमा यिनको समेत संलग्नता रहेको देखिँदा देखिँदै पनि सफाइ दिने गरी भएको फैसला बदरभागी छ ।

(घ) प्र. छविलाल कँडेल समेत भएर यान्त्रिक परिवहन गणका नामबाट अनधिकृत किर्ते पत्र तयार गरी सोही पत्रको आधारमा कर्मचारीहरूको मिलोमतोबाट सरुवा सहमति तयार गरी सहमति पत्रमा भएका व्यहोरा मेटाई अर्को विवरण भरी आफू समेतलाई लाभ हुने गरी भन्सार चोरी पैठारी भएको गाडी दर्ता गर्ने कार्यमा संलग्न रहेको तथ्य अस्मिलाल कँडेलको बयान समेतबाट पुष्टि हुँदाहुँदै पनि मौकाको बयानलाई विश्लेषण नै नगरी भएको फैसला बदरभागी छ ।

(ङ) माथि प्रकरण १ मा उल्लेख भए अनुसार बिगो कायम गरी सो बिगो कानून अनुसार प्रतिवादीहरूबाट असुल उपर गर्ने र गैरकानूनी रूपमा नामसारी भएका सवारी साधनहरू जफत समेत हुने भनी फैसला हुनु पर्नेमा सो नभएबाट विशेष अदालतबाट भएको फैसला कानून सम्मत छैन ।

१५. रामेछाप जिल्ला सालु १ घर भई हाल काठमाडौं जिल्ला जोरपाटी गा.वि.स.२ बस्ने बागमती अञ्चल यातायात व्यवस्था कार्यालयको तत्कालीन शाखा अधिकृत नारदमणी काफ्ले....
सुनसरी जिल्ला मधेसा गा.वि.स.वडा नं. ७ बस्ने बागमती अञ्चल यातायात व्यवस्था कार्यालयका तत्कालीन खरिदार धर्मराज भण्डारी.....
ललितपुर जिल्ला हरिसिद्धि ९ घर भई हाल पाटन ट्यागलमा बस्ने राजीप महर्जन.....
मनाङ्ग जिल्ला फु गा.वि.स.वडा नं. ९ घर भई हाल बालाजु बस्ने टसी छवाङ लामा.....
भक्तपुर जिल्ला भक्तपुर न.पा. ५ याछे बस्ने राजन नापित.....गैरकानूनी रूपमा सवारी साधन दर्ता गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६४।३।३२

आयोगको दाबी र विशेष अदालतको फैसलाः-

प्रतिवादीहरू मध्ये नारदमणी काफ्ले र धर्मराज भण्डारीले साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र २९ तथा हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) र टशी छवाङ लामा र राजिप महर्जनले साविकको भ्रष्टाचार ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) र राजन नापितले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम कसूर गरेको हुँदा ऐ.ऐ. दफामा व्यवस्थित सजाय हुन र बिगो असुल हुन श्री विशेष अदालत, काठमाडौंमा मुद्दा दायर भएकोमा प्रतिवादीहरू नारदमणी काफ्ले, धर्मराज भण्डारी र टशी छवाङ लामा समेतलाई अभियोगपत्र मागदाबी बमोजिम कसूर ठहर्‍याई तथा अन्य प्रत्यार्थीहरू राजिप महर्जन र राजन नापितको हकमा सफाइ दिने गरी फैसला भएको, बिगोको हकमा मन्त्रिपरिषद्को मिति २०६३।५।६ को निर्णय बमोजिम सम्बन्धित भन्सार कार्यालयबाट कारबाही हुने र जनही रु. ५०००।- मात्र जरिवाना गरी फैसला भएकोले, फैसलाका केही अंशहरू उपर चित्त नबुझी सो हदसम्म पुनरावेदन गरिएको ।

फैसलाका आधारहरूः-

(क) नेपाल सरकारको मिति २०६३।५।६ को निर्णय अनुसार कारबाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०६३।१०।४ मा निर्णय भएको र अदालतमा मुद्दा चलेका केही गाडीहरूको

आवश्यक महसुल लिई फिर्ता दिएको देखिएको हुँदा यसै मुद्दाबाट राजस्वको बिगो असुल गर्नु पर्ने स्थिति र अवस्था नदेखिएको ।

(ख) प्र. राजिप महर्जन र राजन नापितले भने दाबीको कसूर गरेको सवुद प्रमाणबाट पुष्टि भएको नदेखिएको ।

पुनरावेदनका आधारहरू:-

(क) बिगो बमोजिम जरिवाना गर्नुपर्ने विषयमा श्री विशेष अदालतले त्रुटिपूर्ण फैसला गरेको छ । अदालत स्वयंले तत्कालीन समयमा किर्ते कागजात तयार गरी सवारी दर्ता नामसारी गरेको विषयमा ठहर गरी फैसला गरेको छ । तर प्रत्यर्थीहरूलाई सजाय गर्ने क्रममा अभियोग पत्र मागदाबी बमोजिम हुने बिगो बमोजिम सजाय नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६३।१०।४ को निर्णय र मन्त्रिपरिषद्को मिति २०६३।५।६ को निर्णयलाई आधार मानी फैसला गरेको छ । फैसला गर्दाको मितिमा बिगो यकिन हुँदाहुँदै पनि बिगो कायम नगरी सामान्य जरिवाना गरी प्रचलित कानूनमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी फैसला गरिएको छ ।

पैठारी महसुल नै नबुझाई किर्ते कागज तयार गरी भित्र्याइएका सवारीको साधनहरूले तत्कालीन समयमा समस्या सृजना गरेकोले नेपाल सरकारले सोही समस्यालाई व्यवस्थापन गर्ने क्रममा मिति २०६३।५।६ मा उल्लेखित विषयमा निर्णय गरेको र सोही निर्णयलाई कार्यान्वयन गर्न आयोगले पनि निर्णय गरेको हो न कि मुद्दा चलिसकेका प्रत्यर्थीहरूका लागि लाग्ने बिगो बमोजिमको जरिवानामा कमी गर्न । बिगो असुल गर्ने वा बिगो बमोजिमको जरिवाना गर्ने भन्ने विषय अदालतमा मुद्दा चलिसकेपछि गरिने विषय हो । त्यसरी भएको निर्णयले कानून र फैसलामा असर पार्न सक्दैन । अपराध गरिएको समयमा जे जति मूल्य बराबरको अपराध गरिन्छ त्यसै मूल्यलाई बिगोको रूपमा लिइन्छ । अन्यथा प्रमाणित नभएसम्म सोही मूल्य नै बिगो हो, त्यसलाई पछि भएको वा गरिएको निर्णयले असर पार्न सक्दैन । प्रस्तुत मुद्दामा पनि प्रत्यर्थीहरूको मिलोमतोबाट तत्कालको प्रचलित कानून बमोजिम सरकारलाई बुझाउनु पर्ने राजस्व नबुझाई गाडी चोरी पैठारी गरेको प्रमाणित भएको अवस्थामा तत्कालको भन्सार महसुल एवं लाग्ने शुल्क गणना गरी कायम भएको बिगोलाई अन्यथा प्रमाणित नभएको अवस्थामा प्रत्यर्थीहरूलाई रु. ५०००।- मात्र जरिवाना हुने ठहऱ्याएको फैसला कानूनसम्मत भएको भन्न सकिने स्थिति रहेन । तत्कालको अवस्थामा सरकारलाई बुझाउनु पर्ने रु. ५,८५,९२१।३० राजस्व नतिर्ने मनसायले चोरी पैठारी गरी दर्ता नामसारी भएको देखिएको मूल्यलाई नै बिगो मानी सोही बमोजिम सजाय हुनुपर्नेमा सो नगरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ख) प्रतिवादी राजिप महर्जनको ग्यारिजमा आफ्नो भाइ काम गर्ने हुँदा बेलाबखत आउने जाने भई राजिपसँग चिनजान भएको, आफ्नो नाममा गाडी खप्दैन तिम्रो नाममा दर्ता गराउनुपऱ्यो भनी राजिपले भनेकाले आफ्नो नाममा दर्ता गराएको हो भनी प्रतिवादी राजन नापितले अदालत समक्ष समेत बयान गरेका छन् । सवारी साधन जस्तो आफ्नो बहुमूल्य चिजवस्तु कसैले अन्य व्यक्तिको नाममा दर्ता गर्न अनुरोध गरी दर्ता गरायो होला भनी विश्वास गर्न सकिने अवस्था रहँदैन । अतः प्रतिवादी राजन नापितको यस्तो बयान व्यहोरालाई सहीसत्य मानी निजलाई सफाइ दिई भएको फैसला न्यायसंगत छैन ।

(ग) प्रतिवादी राजिप महर्जनले आफ्नो नाममा सवारी दर्ता गराएको भनी प्र. राजन नापितले मौकामा र अदालतमा बयान गर्दा किटानी रूपमा पोल गरेका छन् । प्र. राजन नापितको उक्त पोललाई प्रमाणमा

ग्रहण गर्न नमिल्ने आधार र कारण फैसलामा उल्लेख गर्न सकिएको छैन । साथै मिसिल संलग्न कागजात प्रमाणहरूबाट समेत उक्त पोल अन्यथा हो भन्ने देखिएको छैन । प्र. राजन नापितको उक्त पोललाई प्रमाणमा ग्रहण गरी राजिप महर्जन उपरको अभियोग दाबी ठहर हुनु पर्नेमा सो नगरिएबाट फैसला त्रुटिपूर्ण छ ।

(घ) माथि प्रकरण १ मा उल्लेख भए अनुसार बिगो कायम गरी सो बिगो कानून अनुसार प्रतिवादीहरूबाट असुल उपर गर्ने र गैरकानूनी रूपमा नामसारी भएका सवारी साधनहरू जफत समेत हुने भनी फैसला हुनु पर्नेमा सो नभएबाट विशेष अदालतबाट भएको फैसला कानूनसम्मत छैन ।

१६. जिल्ला काठमाडौं, का.म.न.पा.वडा नं. २, लाजिम्पाट बस्ने पूर्व सचिव चक्रबन्धु अर्याल...

जिल्ला काठमाडौं, का.म.न.पा.वडा नं. २, लाजिम्पाट बस्ने सीतादेवी अर्याल...

जिल्ला काठमाडौं, का.म.न.पा.वडा नं. २, लाजिम्पाट बस्ने सुदर्शन अर्याल.....गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६४।६।१४

आयोगको दाबी र विशेष अदालतको फैसलाः-

उल्लेखित प्रतिवादीहरू उपर साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,७(१),१० र १५ तथा सो ऐनलाई निरन्तरता दिइएको प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसूरमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,७(१),१०, १५ र १६(ग)र २९ तथा सो ऐनलाई निरन्तरता दिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिमको कैद र जरिवाना एवं साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६(ग) र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम सम्पत्ति जफत गरी पाउन एवं निज प्रतिवादी चक्रबन्धु अर्याललाई साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १४(क) एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय समेत हुन मागदाबी लिई मुद्दा दायर गरिएकोमा श्री विशेष अदालतबाट प्रतिवादीहरूलाई सफाइ दिई आरोपपत्र खारेज गर्ने ठहर गरी फैसला भएको ।

फैसलाका आधारहरूः-

प्रतिवादी चक्रबन्धु अर्यालले सार्वजनिक पदमा बहाल रहँदा गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको भन्ने समेतको कसूरमा निजलाई सजाय गरी निज र निजका परिवार तथा नातेदार समेतका नाममा राखिएको रु. २,६०,८१,५६१।३१ बराबरको सम्पत्ति जफत गरी पाउँ भनी आयोगबाट दायर गरिएको मुद्दामा विशेष अदालतले मुद्दाको अन्य तथ्यगत विषयमा प्रवेश नै नगरी मूलतः निम्न कानूनी प्रश्नमा सीमित रही आरोपपत्र खारेज हुने ठहर गरेको छ-

(क) प्रस्तुत आरोपपत्र कुन हदम्याद भित्र दायर गरिएको हो ? सो कुरा आरोपपत्रमा खुलाएको नपाइएको ।

(ख) प्रतिवादी चक्रबन्धु अर्याल मिति २०५६।१।२२ देखि तत्कालको राष्ट्र सेवक पदबाट अवकाश भएपछि भ्रष्टाचार निवारण ऐन, २०५९ लागू हुँदाको अवस्था र प्रस्तुत मुद्दा दायर हुँदाको अवस्थामा समेत निज प्रतिवादी सार्वजनिक पद धारण गरेको राष्ट्रसेवकको पदमा बहाल रहेको नदेखिएको र प्रस्तुत

मुद्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) को प्रतिबन्धात्मक वाक्यांश अनुसार हदम्याद नलाग्ने विषय भित्रको नभएकोले तत्काल लागू रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यांशले पदबाट अवकाश प्राप्त गरेको एक वर्षभित्र मुद्दा चलाई सक्नुपर्नेछ भनी निर्दिष्ट गरेको एक वर्ष नघाई मिति २०६०।८।१० मा दायर भएको प्रस्तुत मुद्दाको तथ्यमा प्रवेश गरी इन्साफ गर्न नमिल्ने हुँदा प्रस्तुत आरोपपत्र खारेज हुने ।

पुनरावेदनका आधारहरू:-

(क) आरोपपत्र कानून बमोजिमको नभएको भन्ने सम्बन्धमा:-

(१) राष्ट्र सेवकसँग अमिल्दो सम्पत्ति हुनु समेतको सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ को अनुमानित कसूरलाई हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) ले निरन्तरता दिएको भन्ने कुरामा विशेष अदालत स्पष्ट छ । त्यतिसम्म व्याख्या आयोगको धारणा अनुकूल छ । सावितको ऐनको व्यवस्थामा दफा १५ मा उल्लेखित कसूरको आरोप लगाउनको लागि भ्रष्टाचारजन्य कसूर मानिने अन्य कुनै कसूरको आरोप लगाउनु आवश्यक थियो भने हालको ऐनको दफा २०(१) ले त्यस्तो अन्य कुनै आरोप लगाउनु पर्ने आवश्यकता राखेको छैन । यत्तिमात्र अन्तर रहेको छ ।

(२) सावित ऐनको दफा १५ मा २ प्रकारका कसूरको उल्लेख भएको छ । बैध आयश्रोतसँग अमिल्दो सम्पत्ति हुनु गैरकानूनी रूपमा रिसवत लिएको मानिने कसूर र उक्त कसूरमा सजायको दाबी गर्न पूर्वावस्थाको रूपमा रहेको अन्य कुनै एक भ्रष्टाचारजन्य कसूर । उपरोक्त कसूरहरू एउटै प्रकृतिका कसूर होइनन् । आपसमा परिपूरक वा सम्पूरक (अफउझिभलतबचथ यच कगउउझिभलतबचथ) भूमिका भएका कसूर पनि होइनन् । यी छुट्टाछुट्टै प्रकृतिका पृथक पृथक कसूर हुन् । यी कसूर बापत हुने सजाय पनि पृथक छन् । कसूर प्रमाणित गर्ने आधार प्रमाण पनि स्वतन्त्र र पृथक छन् । यी स्वतन्त्र कसूर हुन्, दुवै कसूर स्वतन्त्र रूपले प्रमाणित हुन वा नहुन सक्दछन् । ऐनको बनौटले सो स्पष्ट पारेको छ ।

(३) सावित ऐनको दफा १५ ले "गैरकानूनी रूपले रिसवत लिएको" अनुमान गरी सजाय गर्न सकिने भनी परिभाषित गरेको सो कसूरमा कसूरको आरोप लगाई सजायको मागदाबी गर्नको लागि सम्म भ्रष्टाचारजन्य अन्य कुनै कसूरको समेत आरोप लागेको हुनुपर्ने रहेको कारणबाट कसूरको अन्तर्वस्तु, कसूरको तत्व र कसूरको प्रकृतिमा फरक पार्ने अवस्था छैन । सजायको मागदाबी गरी आरोपपत्र प्रस्तुत गर्न आवश्यक पर्ने पूर्वावस्था नरहे वा नभएका कारणले मात्र कानूनले कसूर नै परिभाषित नगरेको वा सजाय हुने भनी व्यवस्था नै नगरेको भनी अर्थ गर्न मिल्दैन । कुनै कार्य प्रचलित कानूनले सजाय हुने कसूर हो वा होइन भन्ने कुरा र कुनै कसूरमा सजायको दाबी गर्न कुन कुन पूर्वावस्था पूरा गर्नु वा हुनु पर्दछ भन्ने कुरा अलग विषय हुन् । अतएव, सावित ऐन बहाल रहँदा पूर्वावस्थाको रूपमा आवश्यक पर्ने अर्को कुनै आरोप नरहँदैमा "गैरकानूनी रूपले रिसवत लिएको" अनुमान गरिने कसूरलाई नै तत्काल प्रचलित कानूनले सजाय भागी नबनाएको मानिने अर्थ गरी तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) ले प्रदान गरेको फौज्दारी न्याय सम्बन्धी हकको प्रस्तुत मुद्दाको प्रसंगमा विशेष अदालतले गलत व्याख्या गरेको छ । वास्तवमा यस प्रसंगमा तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) आकृष्ट हुने अवस्था नै छैन ।

(ख) मुद्दा दायर गर्ने हदम्याद सम्बन्धमाः-

(१) प्रतिवादी २०६०।८।१० मा राष्ट्रसेवकको पदबाट हटिसकेपछि निजउपर भ्रष्टाचारको कसूरमा मुद्दा दायर गर्न ऐनको संशोधित व्यवस्थाले हदम्यादको व्यवस्था नगरेको हुँदा निजका सम्बन्धमा साविककै व्यवस्थाले १ वर्षभित्र मुद्दा चलाई सक्नुपर्ने अवस्था लागू हुने भनी विशेष अदालतले त्रुटिपूर्ण व्याख्या गरेको छ ।

(२) फौज्दारी कसूरको आरोपमा मुद्दा दायर गर्न हदम्याद तोकिएको अवस्थामा तोकिएको हदम्याद समाप्त भएपछि मुद्दा दायर हुन सक्दैन । दायर भएको रहेछ भने हदम्याद भित्र दायर नभएको आधारमा इन्साफ गर्न मिल्दैन, खारेज हुन्छ । यो सैद्धान्तिक विषयमा विवाद गर्नुपर्ने अवस्था छैन । तर प्रस्तुत मुद्दाको सम्बन्धमा अदालतले हदम्याद सम्बन्धी प्रश्न गलत ढंगले व्याख्या गरेको छ ।

(३) अन्य फौज्दारी कानूनमा जस्तो साविक र वर्तमान भ्रष्टाचार निवारण ऐन कुनैले पनि यो कसूर गरे भएका मितिबाट यति अवधिभित्र मुद्दा दायर गरी सक्नुपर्छ भनी हदम्याद किटान गरेका छैनन् । साविक ऐनको दफा २४ क ले र २०५९।४।३० मा संशोधन हुनु पूर्व अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यांशले मुद्दा दायर गर्न तोकिदिएको हदम्याद मुद्दा दायर गर्ने जिम्मेवार निकाय वा अधिकारीको अधिकारमा लगाइएको समय-सीमासम्म हो । साविक ऐनहरू बहाल रहँदासम्म उक्त ऐनका प्रावधानमा उल्लेखित समय-सीमाभित्र विशेष प्रहरी विभाग वा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरी सक्नुपर्ने बाध्यता थियो । तर भ्रष्टाचार निवारण ऐन, २०५९ जारी भएपछि र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनमा दोश्रो संशोधन भएपछि सो समय-सीमा हटिसकेको छ । यस अवस्थामा कानूनले हदम्यादको समय-सीमा हटाइसकेपछि पनि प्रतिवादीका विरुद्ध मुद्दा दायर गर्न चाहिँ पुरानो ऐनकै हदम्यादको व्यवस्था लागू हुने भनी अर्थ गर्नु कानूनसंगत छैन, त्रुटिपूर्ण छ ।

(४) तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को उपधारा (४) अनुकूल बनेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ आयोगका काम, कर्तव्य, अधिकार र कार्यविधि तोक्ने ऐन भएकाले अपराध र सजाय सम्बन्धी ऐनले कसूरदारलाई प्रदान नगरेको उन्मुक्ति आयोगको काम, कर्तव्य र अधिकार निर्धारण गर्ने ऐनले प्रदान गर्दछ भन्नु र २०५९।४।३० को संशोधनले नै हटिसकेको प्रावधानले सो संशोधन पश्चात पनि आयोगको अधिकारलाई सीमाबद्ध गरी नै राख्दछ भनी अर्थ गर्नु कानून सम्मत हुँदैन ।

(५) राष्ट्र सेवकका सम्बन्धमा अवकाश भएका मितिले १ वर्षभित्र मुद्दा दायर गरी सक्नुपर्ने २०५९।४।३० मा संशोधन हुनुपूर्वको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यांशले तोकेको हदम्याद उक्त मितिको संशोधनबाट हटिसकेको अवस्थामा निज प्रतिवादीको सम्बन्धमा पुरानै ऐनको हदम्याद लागू हुने भन्ने तर्क कानूनतः त्रुटिपूर्ण हुन्छ । अपराध र सजायको व्यवस्था गर्न बनेको सारभूत ऐनमा नै त्यस्तो प्रावधान भएको भए पनि कुनै प्रतिवादीको सम्बन्धमा हदम्याद बाँकी छँदै हदम्याद सम्बन्धी प्रावधान हटेपछि पुरानो ऐनको प्रावधान लागू हुन्छ भन्नु त्रुटिपूर्ण व्याख्या हुन जान्छ भने आयोगका

सम्बन्धमा लागू हुने ऐनको हटिसकेको प्रावधानले प्रतिवादीलाई उन्मुक्ति प्रदान गर्छ भनी अर्थ गर्नु अझ गम्भीर कानूनी त्रुटि हुन जान्छ ।

१७. खोटाङ जिल्ला लामिडाँडा गा.वि.स.वडा नं. ४ भन्ज्याङ, स्थायी ठेगाना भई हाल झापा जिल्ला दमक नगरपालिका वडा नं. १५ मा बसोबास गर्ने इलाम जिल्ला चुलाचुली गाउँ विकास समितिका तत्कालीन गा.वि.स.सचिव तेजकुमार श्रेष्ठ..... सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६४।८।७

आयोगको दाबी र विशेष अदालतको फैसलाः-

प्रतिवादी तेज कुमार श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूर गरेकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा १(घ) तथा १७ बमोजिम सजाय हुन र बिगो असुल उपर गर्न मागदाबी लिई श्री विशेष अदालतमा मुद्दा दायर गरिएकोमा प्रतिवादीलाई सफाइ दिने गरी फैसला भएको ।

फैसलाका आधारहरूः-

(क) काम गर्नको लागि भनी नियमानुसार पेश्की बुझिलिएको रकम मध्येबाट केही काम सम्पन्न गरेको, केही पेश्की फछ्र्योट नगरेको भन्ने गा.वि.स.को आन्तरिक लेखा परीक्षण प्रतिवेदन समेतबाट देखिँदा कामका लागि पेश्की बुझिलिएको रकमको प्रमाण पेश नगरेको कारणबाट कसूर गरेको भन्न कानून एवं न्यायसंगत हुने नदेखिएको ।

(ख) त्यस्तो पेश्की रकम आर्थिक ऐन नियमानुसार फछ्र्योट गर्नु गराउनु पर्ने हुन्छ ।

पुनरावेदनका आधारहरूः-

(क) निज प्रत्यर्थीले विभिन्न कार्य गर्नका लागि गा.वि.स.बाट पटकपटक गरी रु. ९,६७,११४।- लिइएकोमा रु. ६,७६,३९१।१५ बराबरको निजले काम गरेको देखिएको र बाँकी रकम रु. २,९०,७२२।८५ बराबरको रकम बुझाउन बाँकी देखिएको कुरालाई अदालतको फैसलाले स्वीकार गरेको छ । निज प्रत्यर्थी तेजकुमार श्रेष्ठले उक्त गा.वि.स.को रकम हिनामिना गरी आ.ब. २०५६।५७ देखि नै फरार रहेका छन् । अदालतबाट जारी गरिएको म्याद तारेखमा हाजिर भई आफूलाई लागेको आरोपको खण्डन गर्नुपर्नेमा सो समेत गरेको अवस्था छैन । निजले अभियोग पत्रमा उल्लेख भएको रकम हिनामिना नगरेको भए आफ्नो प्रमाण समेत लिई खण्डन गर्नुपर्ने अवस्था हुन्थ्यो भागी फरार रहनुपर्ने अवस्था थिएन । प्रस्तुत अवस्थामा निजले भ्रष्टाचार गरेको प्रमाणित हुँदाहुँदै पनि सो तर्फ अदालतले मूल्यांकन नै नगरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण छ ।

(ख) सम्मानित अदालतको फैसलाले प्रत्यर्थी तेज कुमार श्रेष्ठले रकम पेश्की स्वरूप लिएको भन्ने कुरालाई स्वीकार गरेको देखिन्छ । कामको लागि भनी रकम बुझिलिई सो काममा खर्च नगरी अन्यत्र आफूखुसी उक्त रकम खर्च गरेको तथ्य संलग्न प्रमाणबाट प्रष्ट देखिन्छ । निज प्रत्यर्थी तेजकुमार श्रेष्ठले अभियोग दावीमा उल्लेखित रकम बुझिलिई सो रकम मध्येबाट केही काम गरी धेरै वर्षदेखि फरार अवस्थामा रहेको हुँदा उक्त रकम खाई मासी आफ्नो पदयी दायित्व पूरा नगर्ने दुषित मनसाय रहेको

तथ्य मिसिलबाट देखिँदा पनि विशेष अदालतको पेश्की रकम बाँकी रहन गए सम्बन्धित आर्थिक ऐन, नियमानुसार फछ्र्योट गराउनुपर्ने भन्ने तर्क कानूनसम्मत नहुँदा उक्त फैसला बदर गरिपाउँ ।

(ग) प्रत्यर्थी तेज बहादुर श्रेष्ठले गाउँ विकास समितिबाट विभिन्न शीर्षक अन्तरगत आफू जिम्मा रकम लिने राख्ने क्रम २०५५ माघबाट शुरु गरेको व्यहोरा बिजय कुमार कार्कीको मिति २०५७।१।१९ को प्रतिवेदनबाट देखिन आएको छ । तत्काल प्रचलित आर्थिक प्रशासन सम्बन्धी नियम, २०४२ को नियम ६ बमोजिम पुऱ्याउनु पर्ने प्रक्रिया नपुऱ्याई एवं तयार गर्नुपर्ने आय व्ययको श्रेस्ता तयार नगरी एवं लेखाको मान्य सिद्धान्त बमोजिम लेखा तयार नगरी बदनियत लिई गाउँ विकास समितिलाई प्राप्त भएको रकम एवं राजस्व बापत असुल भएको रकम आफ्नो जिम्मामा लिएको कार्य केवल बेरुजुको दृष्टिकोणबाट हेरिनुपर्ने विषय नभई प्रस्तुत विषय भ्रष्टाचारजन्य कसूरको क्षेत्रभित्र पर्ने विषय हो । बदनियतपूर्वक रकम हिनामिना गरी भ्रष्टाचारजन्य कसूरको रूपमा निजको बदनियत रहेको भन्ने तथ्य समय समयमा प्रस्तुत भएको प्रतिवेदनबाट प्रष्ट हुन्छ ।

(घ) यसै गरी स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ३,४,५,७ र ८ ले तोकेको प्रक्रिया पुऱ्याई लेखा तयार गरेको नदेखिएको तथ्य विनय कुमार कार्की तथा दिलिप कुमार श्रेष्ठको प्रतिवेदनबाट समेत खुल्न आएको छ । एकातर्फ गाउँ विकास परिषद्ले निर्देशित गरेको तर्फ पनि ध्यान नदिने अर्को तर्फ नियमावलीले तोकेको प्रक्रिया समेत नपुऱ्याई गरिएको खर्चलाई कानूनसम्मत मान्न मिल्ने होइन । पेश्की लिने र पेश्की रकमलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषय प्रस्तुत मुद्दामा महत्वपूर्ण विषयको रूपमा खडा भएको छ । स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ९४ ले पेश्की दिने र पेश्की फछ्र्योट गर्ने कार्यविधि तोकेको छ भने दफा ९५ बमोजिम मालसामान खरिद सम्बन्धी पेश्की लिँदा प्रक्रिया पूरा नगरी एवं समयमा पेश्की फछ्र्योट समेत गरेको देखिएको अवस्था नहुँदा प्रत्यर्थीले रकम लिने प्रयोजनको लागि मात्र गोश्वारा भौचरमा पेश्की शब्द प्रयोग गरी रकम लिएको अवस्थालाई पेश्की रकम भनी लेखाको सिद्धान्त अनुसार मान्न मिल्दैन ।

(ङ) आफ्नो कार्यालयको रकम वा अन्य सम्पत्ति प्रतिवादीको कार्यबाट हानी नोक्सानी भएकोमा प्रतिवादीको मनसाय बदनियतपूर्ण थियो कि थिएन भन्ने कुरा नै भ्रष्टाचारको मुख्य तत्व मान्नुपर्ने सम्मानित सर्वोच्च अदालतका विभिन्न फैसलाबाट व्याख्या भइसकेको छ । कानूनको प्रकृया नपुऱ्याई रकम निकाल्नु र निकालिएको रकम खर्च र छफ्र्योट गर्ने प्रक्रिया नै पालन नगरी रकम खाई मासी फरार रहेका अवस्थालाई पेश्की बाँकी रहेको रकम मात्र मानी निजको बदनियततर्फ ध्यान नपुऱ्याएको फैसला गम्भीर रूपले त्रुटिपूर्ण रहेको स्पष्ट छ ।

१८. बागमती अंचल, काठमाडौं जिल्ला का.म.न.पा., कुलेश्वर बस्ने स्व.लक्ष्मीभक्त श्रेष्ठको छोरा नेपाल वायुसेवा निगमका तत्कालीन कार्यकारी अध्यक्ष हरिभक्त श्रेष्ठ.....
बागमती अंचल, काठमाडौं जिल्ला, कपनमार्ग बाँसबारी बस्ने गोविन्दलाल श्रेष्ठको छोरा नेपाल वायुसेवा निगमका संचालक सदस्य तीर्थलाल श्रेष्ठ.....
महाकाली अंचल, कन्चनपुर जिल्ला, महेन्द्रनगर बस्ने विश्वेश्वर दत्त चटौतको छोरा तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्री तारणीदत्त चटौत.....

सेती अंचल, बझाङ जिल्ला, छान्नापौवा गढी गा.वि.स.वडा नं. १ गढीगाउँ घर भई कन्चनपुर महेन्द्रनगर न.पा.वडा नं. ५ बनगाउँ बस्ने प्रयागराज जोशीको छोरा नेपाल वायुसेवा निगमका संचालक सदस्य सिद्धाराज जोशी.....

लुम्बिनी अंचल, कविलवस्तु जिल्ला तौलिहवा घर भई हाल का.म.न.पा.वडा नं. ८ चाबहिल पशुपति बस्ने केशवराज उपाध्यायको छोरा नेपाल वायुसेवा निगमका सञ्चालक सदस्य गौरीनाथ शर्मा...

जनकपुर अंचल, धनुषा जिल्ला, जनकपुर घर भई हाल का.म.पा.गौरीघाट बस्ने बोधराज उपाध्यायको छोरा नेपाल वायुसेवा निगमका मार्केटिङ्ग विभागका का.मु.निर्देशक रामराज उपाध्याय.....

सगरमाथा अंचल, सिराहा जिल्ला हनुमाननगर गा.वि.स.भलुवाही ग्राम घर भई हाल का.म.न.पा.वडा नं. ३३ ज्ञानेश्वर, शहीद मार्ग बस्ने भैरव प्रसाद उपाध्यायको छोरा नेपाल वायुसेवा निगमका अर्थ निर्देशक उपेन्द्र प्रसाद उपाध्याय.....

जनकपुर अंचल, धनुषा जिल्ला, जनकपुरधाम, कपिलेश्वर १६ घर भई हाल का.म.न.पा. नयाँबानेश्वर बस्ने उदय प्रसाद वाग्लेको छोरा नेपाल वायुसेवा निगमका कर्पोरेट विभागका नि. निर्देशक पुष्कर प्रसाद वाग्ले.....

Andrea Molineri, Dr.Ing.Chief Excutive Officer, Lauda Air Sp.A. Strada, Provicial 52,1-21010 Vizzola, Ticino Aeroporto milano Malpensa, Italy.....Otmar Lenz, तत्कालीन Chief Executive Officer, Lauda, Ari Luftfahrt Aktiengesellschaft World Trade Centre, P.O.Box, 56,A-1300 Vienna Airport, Austria .....अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६४।४।२८

आयोगको दाबी र विशेष अदालतको फैसलाः-

उल्लेखित प्रतिवादीहरू मध्येका हरिभक्त श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा (२) को कसूर गरेकोले ऐ. दफामा व्यवस्थित सजाय हुन एवं दफा १४क मा व्यवस्थित थप सजाय हुन र दफा २९ बमोजिम तत्कालीन शाही नेपाल वायुसेवा निगमलाई नोक्सानी भएको बिगो रु. ३८,९७,६७,०३१।- असुल गर्न, सिद्धराज जोशी र तीर्थलाल श्रेष्ठले यसै ऐनको दफा ७(२) मा व्यवस्थित उल्लेखित बिगो असुल गर्न तारणीदत्त चटौतले ऐ. ऐनको दफा ७(१) मा व्यवस्थित कसूर गरेकोले ऐ. दफामा उल्लेखित सजायको अतिरिक्त दफा १४क मा व्यवस्थित थप सजाय र दफा २९ बमोजिम उल्लेखित बिगो असुल गर्न, पुष्कर वाग्ले, रामराज उपाध्याय र उपेन्द्र प्रसाद उपाध्यायले ऐ.ऐनको दफा १६क मा व्यवस्थित कसूर गरेको हुँदा यसै दफामा व्यवस्थित सजाय गर्न तथा Otmar Lenz र Andrea Malineri ले ऐ ऐनको दफा ८ मा व्यस्थित कसूर गरेकोले ऐ दफामा व्यवस्थित सजाय हुन र दफा २९ बमोजिम उल्लेखित बिगो असुल उपर गर्न मागदाबी लिई पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएकोमा प्रस्तुत अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा श्री विशेष अदालत, काठमाडौंमा सरी उक्त अदालतबाट प्रतिवादीहरूलाई सफाइ दिने गरी फैसला भएको ।

फैसलाका आधारहरूः-

(क) B767-300 / B757-200 विमान भाडामा लिनको लागि गरेको प्रकृया एवं प्रयासहरु एक अर्काको विकल्पको रुपमा नभई अलग अलग रहे भएको देखिन आउने ।

(ख) विमान थप गर्ने सम्बन्धी अध्ययन समितिको प्रतिवेदन, संचालक समितिको विभिन्न निर्णय र विगतका प्रयास समेतको अध्ययनबाट निगममा संचालनमा रहेका तिन वटा विमानको अतिरिक्त थप एउटा विमानको आवश्यकता भएर नै लाउडा एयरको विमान भाडामा लिएको देखिने ।

(ग) संचालक समितिले दिएको अधिकार वमोजिम भएको शर्त सहीतको संझौतालाई संचालक समितिले अनुमोदन गरेकोले अधिकार भन्दा बाहिर गई संझौता गरेको भन्न नमिल्ने ।

(घ) निर्देशन दिने निकाय मन्त्री परिषदबाटै प्रस्तावमा लेखिए वमोजिम गर्ने भनी सम्झौता कार्यान्वयनको लागि आवश्यक विदेशी विनिमयको स्वीकृती दिएको अवस्थामा विवादित लाउडा विमान भाडामा ल्याउँदा मन्त्री परिषदको निर्देशनको पालना नभएको भन्न सकिने स्थिति भएन ।

(ङ) संझौता राष्ट्रिय एवं अन्तराष्ट्रिय कानूनद्धारा निषेधित गैरकानूनी संझौता हो भनी बादीले भन्न नसकेको । संझौताको प्रावधान अस्पष्ट भएको र एक महिनाको भाडा अग्रिम भुक्तानी भएको समेतका कारण यस बापत यति रकम प्रतिवादीले गैरकानूनी लाभ प्राप्त गरेको, निगमले गैरकानूनी हानी व्यहोर्नु परेको भन्ने आरोपपत्रबाट देखिदैन ।

(च) लाउडा एयरबाट मात्र हानी नोक्सानी भएको विगोको रकम यती हो भनि स्वयं वादीले यकिन गर्न नसकेको । लेखापरिक्षण प्रतिवेदनमा अलग्गै नाफा नोक्सानको हिसाव गरी लेखापरिक्षण गरेको भन्ने नदेखिएकोले लाउडा एयरको विमानबाट भएको भनिएको गैरकानूनी हानी नोक्सानीको विगो एकिन नगरी लाउडा एयर संचालन गर्दाको समयावधिमा विविध कारणहरुबाट हुन सक्ने निगमको पुरै व्यापारिक घाटाको रकमलाई लाउडा एयरको विमान सन्चालनबाट भएको गैरकानूनी हानी नोक्सानीको विगो हो भन्न मिल्ने देखिदैन ।

(छ) प्रतिवादीले निगमलाई गैरकानूनी हानी पुऱ्याउने वदनियतले कार्य गरेको भन्ने तथ्य पुष्टी हुन नआउने ।

(ज) आयोगले लाउडा एयरको स्थानीय प्रतिनिधि दिनेशलाल श्रेष्ठ उपर बदनियत नदेखिएको भनि कुनै दावी नलिएको ।

(झ) रामेश्वर खनाल समेतको बयानबाट निगमलाई फाईदा निश्चित नगरिकनै लाउडा एयरको विमान थप गरेको भन्न नसकिने ।

(ञ) नागरिक उडड्यन प्राधिकरणले १५ वर्ष सम्मको पुरानो विमान ल्याउन सकिने गरी अनुमति दिएकोमा टेण्डरमा उल्लेखित १० वर्ष भन्दा पुरानो १२ वर्ष ८ महिनाले पुरानो जहाज ल्याएको भन्ने कारणबाट प्रतिवादीको बदनियत पुष्टि भएको भन्न नसकिने ।

<u>पुनरावेदनका आधारहरू:-</u>

(क) श्री विशेष अदालत, काठमाडौंले फैसला गर्ने क्रममा आरोपपत्रमा उल्लेख गरिएको भ्रष्टाचार चार वटा प्रश्नमा नै केन्द्रित भएर निर्णय गरेको छ । निगमलाई तत्कालको अवस्थामा चौथो जहाज आवश्यक थियो थिएन भन्ने सन्दर्भमा निगमको Wide Body boeing 3ooER को विमान भाडामा लिने विषयमा भएको विभिन्न मितिको सञ्चालक समितिको निर्णय समेतबाट निगमको हाल सञ्चालनमा रहेको दुईवटा विमान र CSWA सँग भाडामा लिएको जहाज फर्केपछि सो को Replacement गर्ने जहाज wide body boeing 3oo-ER ल्याउने भन्नेसम्म हो । त्यसै अनुसार सिल्ड टेण्डर तथा सिण्ड अफर समेत गरिएकोमा निर्धारित समयभित्र कसैको पनि प्रस्ताव नपरी

विमान प्राप्त हुन नसकेपछि २८ सेप्टेम्बरमा CSWA को जहाजको म्याद समाप्त भई जाने भएकोले तीनवटा विमानले सञ्चालन गर्दै गरेको अन्तर्राष्ट्रिय उडान तेस्रो जहाजको अभावमा उडान गर्न नसकिने भई अन्तर्राष्ट्रिय साख समेत गिर्ने भएकोले साख जोगाई राख्ने प्रयोजनको लागि CSWA सँगको सम्झौता म्याद थप गर्नुपर्ने वा सो म्याद थप नभए अर्को विमान सञ्चालनमा ल्याउनु पर्ने भएकोले मिति २०५७।६।२ को सञ्चालक समितिको निर्णयले CSWA सँगको सम्झौताको म्याद थपको पहलको लागि सञ्चालक गौरीनाथ शर्माको टोलीलाई चीन पठाउने र पटक पटक भएको टेण्डर प्रयासबाट विमान ल्याउन असम्भव भएकोले वार्ताद्वारा ल्याउन कार्यकारी अध्यक्ष र वार्ता समितिलाई अधिकार दिइएको पाइन्छ। सो मितिको सञ्चालक समितिको निर्णयको मनसाय र वार्ताद्वारा भाडामा ल्याउने Wide Body को जहाज एकै समयमा निगमको सञ्चालनमा आउने भन्ने होइन। पटक पटक टेण्डर आह्वान गर्दा समेत CSWA को जहाज फर्की जाने भएपछि सो को बदलमा Boeing 3oo-ER wide body सञ्चालन गर्ने भन्ने उल्लेख भएबाट समेत मिति २०५७।६।२ को सञ्चालक समितिको निर्णयलाई आधार लिई गरिएको उक्त फैसला त्रुटिपूर्ण छ।

सञ्चालक शंकर कोइरालाको प्रतिवेदनले पनि विमान थप गर्नु पर्दा विस्तृत अध्ययन गर्न आवश्यक रहेको तथ्य औल्याउँदै थप अध्ययनको सिफारिस गरेबाट चौथो विमान ल्याउन तत्काल आवश्यकता थिएन भन्ने स्पष्ट भएबाट सञ्चालक समितिले लाउडा एयरको विमान भाडामा लिने गरेको निर्णय त्रुटिपूर्ण देखिएको छ। उक्त मिति २०५७।६।२ कै निर्णय नं. २ मा चौथो B757-200 विमान उपलब्ध गर्न ३५ दिने Sealed tender notice प्रकाशित गर्ने उल्लेख भएको छ। यसबाट निगमले सञ्चालन गर्ने भनिएको चौथो जहाज CSWA तथा wide body Boeing 3oo-ER भन्दा बेग्लै छुट्टै अर्को जहाज हो भन्ने पुष्टि हुन्छ। निगम आफूसँग आफ्नै दुई वटा विमान भएको परिप्रेक्ष्यमा चौथो जहाज Sealed Tender द्वारा उपलब्ध गर्ने निर्णय भएकोमा सो अनुसार चौथो जहाज भाडामा लिइएको छैन। यसर्थ उल्लेखित जहाजहरू एक अर्काको विकल्पमा रहेको हो भन्ने पुष्टि हुन्छ।

CSWA सञ्चालनको लागि लिज (भाडा) अवधि एक वर्ष थप भइसकेपछि सो सञ्चालन अवधिमा नै सो विमानलाई Replace गर्ने जहाज सिधै वार्ताद्वारा भाडामा लिई सञ्चालन गर्नु सरासर बदनियतपूर्ण हुँदाहुँदै पनि सोही कार्यलाई कानूनबमोजिम भएको कार्य हो भनी लिएको आधार त्रुटिपूर्ण छ।

(ख) श्री विशेष अदालतले Lauda Air को चौथो विमान नेपाल वायु सेवा निमगलाई आवश्यक थियो भन्ने तर्कलाई पुष्टि गर्ने मिति २०५७।५।२३ को सञ्चालक समितिको निर्णयलाई आधार लिएको पाइन्छ।

मिति २०५७।५।२३ को सञ्चालक समितिको निर्णयमा चौथो विमानको बारेमा कुनै निर्णय भएको छैन। निगमलाई CSWA फिर्ता भइसकेपछिको अवस्थामा उक्त विमानको ठाउँमा Wide Body को Boeing 3oo-ER को जहाजको अलावा सिजनको लागि अर्को Narrow Body B757 को विमान आवश्यक पर्ने हुँदा सो विमानको लागि टेण्डर प्रकाशित गर्ने भन्ने उल्लेख छ। मिति

२०५७।६।२ (१८ सेक्टेम्बर २०००) को निर्णय नं. २ मा समेत चौथो विमान उपलब्ध गर्न ३५ दिने टेण्डर प्रकाशित गर्ने उल्लेख छ । यसबाट निगमलाई चौथो विमान चाहिने भएमा टेण्डर प्रक्रियाबाट मात्र उपलब्ध गर्ने भन्ने सञ्चालक समितिको Mandate हो । सो विपरीत विमान भाडामा लिने अधिकार विपक्षीमा छैन । चौथो विमान मार्चदेखि मात्र आवश्यक पर्ने भनी सञ्चालक समितिमा निर्णय भएको भनी अर्थ निर्देशक उपेन्द्र उपाध्याय तथा सञ्चालक रामेश्वर खनालसमेतको बयानमा उल्लेख भएबाट मार्चबाट सञ्चालन गर्ने भनिएको चौथो जहाज डिसेम्बरमा नै ल्याई सञ्चालन गर्नुमा विपक्षीहरूको बदनियत स्पष्ट हुँदाहुँदै सो विषयतर्फ अदालतले ध्यानै नदिई गरिएको फैसला तथ्यगत आधारमा त्रुटिपूर्ण छ ।

(ग) श्री विशेष अदालतले लाउडा विमान ल्याउन आवश्यक थियो भन्ने ठहऱ्याउन मिति २०५६।५।२३ को सञ्चालक समितिको निर्णयअनुसार विमान थप गर्ने उपसमितिको (शंकर कोइरालाको अध्यक्षतामा गठित) बैठकमा पनि चौथो विमान आवश्यक देखिएको मिति २०५७।१।५ को मन्त्रिपरिषद्को निर्णय, मिति २०५७।६।२ को सञ्चालक समितिको निर्णय (नं.२) बाट B767-300 र B767-200 विमान भाडाको लागि भए गरेका प्रयास एक अर्काको विकल्पमा नभई अलग अलग रहेको देखिन आउने । Narrow body को म्याद थप भएको कारणले निगमलाई अर्को विमान आवश्यक थिएन भन्न सकिने स्थिति भएन भन्ने आधार लिइएको छ ।

यस सम्बन्धमा B767-3oo-ER विमान Wide body भएको मा विवाद छैन । मिति २०५७।५।२३ को सञ्चालक समितिको निर्णय अनुसार गठित शंकर कोइरालाको उपसमितिले समेत प्रस्तावित विमान अर्थात्, भाडामा लिन लागिएको B767-3oo-ER तेस्रो विमानको Replacement मात्र भएकोले चौथो विमान पनि आवश्यक देखिएकोले थप विस्तृत अध्ययन गर्न सिफारिस गरिएको भन्ने उल्लेख भएको र B767-3oo-ER भाडामा लिने प्रयोजनका लागि भएका तमाम निर्णयमा CSWA को म्याद समाप्त भएपछि सो सट्टामा Wide Body को B767-3oo-ER भाडामा लिने भन्ने उल्लेख भएकोले B767-3oo ER को Louda Air र Narrow body को CSWA एकैसाथै सञ्चालन गर्ने भन्ने तत्कालीन शाही नेपाल वायु सेवा निगमको योजना नरहेको स्पष्ट छ । यसका साथै मिति २०५७।६।२ को सञ्चालक समितिको निर्णय नं. २ मा पनि चौथो Narrow Body B757 को विमान Tender प्रक्रियाद्वारा ३० महिनाको लागि उपलब्ध गर्ने भन्ने उल्लेख भएबाट समेत निगमले सञ्चालनमा ल्याउने भनेको B757 विमान र १८ महिनाको अवधिको लागि भाडामा लिएको Lauda Air (B767-3oo-ER) फरक फरक भएको कुरामा विवाद छैन । सञ्चालक समितिको निर्णय स्पष्ट हुँदाहुँदै सो तर्फ (विमानको अवधिलाई) हेर्दै नहेरी केवल चारवटा विमान सञ्चालन भएकै आधारमा सञ्चालक समितिको निर्णय अनुसार आवश्यक देखिएको भन्ने आधार निरर्थक भएको हुँदा सो आधारमा भएको निर्णय त्रुटिपूर्ण हुँदा बदर हुनुपर्ने ।

तसर्थ सञ्चालक शंकर कोइरालाको उपसमितिको प्रतिवेदनले भाडामा लिन गरेको सिफारिसमा तेश्रो विमान CSWA को Replacement तेश्रो जहाजलाई Wide Body को सिफारिस गरी चौथो विमानको लागि विस्तृत अध्ययन गर्न सिफारिस गरेको (समितिको सिफारिस नं. ३) मिति २०५७।४।१८ को व्यवस्थापन समितिको राय समेतमा B767 को CSWA को जहाज २८ सेप्टेम्बर मा म्याद सकिने भएपछि भाडामा लिने भनिएको B767-3oo-ER तेश्रो विमानको रूपमा रहने र निगमले खरिद गर्ने भनिएको जे २ विमान खरिद कार्य आरम्भ भएदेखि सेवामा उपलब्ध नभएसम्म २.५ वर्षको लागि B757 विमान भाडामा लिन उपयुक्त हुने भनी सञ्चालक समितिमा पेश गरे

अनुसार मिति २०५७।४।१८ को सञ्चालक समितिको निर्णय अनुसार B767 चोथौ विमान २.५ वर्षको लागि Wet Lease मा सञ्चालन गर्न सहमत भई Draft tender document तथा Tender Notice उपर सञ्चालकहरूले अध्ययन गरी अगामी बैठकमा पेश गर्ने गरी निर्णय भएकोमा मिति २०५७।६।२ को सञ्चालक समितिको निर्णय नं. २ मा आवश्यक चौथो B757-200 विमान कम्तीमा ३० महिनाको लागि Dry lease मा लिन ३५ दिने Tender Notice प्रकाशित गर्ने भन्ने निर्णय भएबाट निगमले खरिद गर्ने भनिएको B757-200 र निगमले भाडामा लिई सञ्चालन गरेको CSWA र Lauda Air विमान फरक फरक भएको स्पष्ट छ। CSWA को Replacement मा Lauda Ari (Boeing 3oo-ER) सञ्चालन हुने उल्लेख भए तापनि CSWA सँग एक वर्ष सम्झौता नवीकरण २६ सेप्टेम्बरमा भएको जानकारी प्राप्त भइसकेपछि विपक्षीले २७ सेप्टेम्बरमा Lauda एयरसँग सिधै वार्ताद्वारा १८ महिनाको लागि भाडामा लिने गरी सञ्चालक समितिको mandate विपरीत सम्झौता गरेको, सञ्चालक समितिमा उक्त सम्झौतालाई अनुमोदन गरेको र गैरकानूनी सम्झौता अनुसार Lauda Air लाई अग्रिम एक महिनाको भाडाको विदेशी विनिमयको स्वीकृति विपक्षी तत्कालीन पर्यटन मन्त्री समेतबाट भएकोले उक्त कार्य निगमको हित अनुकूल नभएको स्पष्ट छ। अतएव: माथि उल्लेखित आधार र कारण समेतबाट श्री विशेष अदालतले मिति २०६४।४।२८ मा गरेको फैसला बदर गरी अभियोग मागदाबी बमोजिम सजाय गरीपाँउ।

(घ) नेपाल वायुसेवा निगमले विमान भाडामा लिने सम्बन्धमा नेपाल वायुसेवा निगम ऐन, २०१९ र निगमको आर्थिक प्रशासन नियमावली समेतले कुनै कानूनले खास प्रक्रिया तोकिएको छैन। तर सोही फैसलाले नेपाल वायुसेवा निगम ऐन, २०१९ को दफा ७(१) अनुसार सरकारले दिएको निर्देशन निगमलाई कानून सरह लागू हुने र वाध्यात्मक रूपमा पालना गर्नुपर्ने कुरालाई स्वीकार गरिएको छ।

विमान भाडामा लिने प्रक्रियाका सम्बन्धमा नेपाल वायुसेवा निगम ऐन, २०१९ तथा निगमको आर्थिक प्रशासन नियमावली समेतमा कुनै प्रावधान उल्लेख नभएकोले सो सम्बन्धमा आवश्यक व्यवस्था गर्ने यस आयोगको अनुरोधमा तत्कालीन श्री ५ को सकार (हाल नेपाल सरकार) को मिति २०५६।६।१० को निर्णयद्वारा विमान भाडामा लिने प्रक्रियाका सन्दर्भमा निर्देशन दिएको पाइन्छ। सो निर्देशनमा विमान भाडामा लिंदा टेण्डर प्रक्रियाद्वारा लिनुपर्ने स्पष्ट रूपमा उल्लेख गरिएको छ। फैसलामा प्रत्यर्थीहरूलाई सफाइ दिन अदालतले पटक पटकको टेण्डरद्वारा विमान उपलब्ध नभएकोले सञ्चालक समितिको निर्णय अनुसार विमान प्रत्यक्ष वार्ताद्वारा तय गरिएको सम्झौतालाई सञ्चालक समितिले अनुमोदन गरेको समेतबाट सञ्चालक समितिले दिएको अधिकार भन्दा बाहिर गई सम्झौता गरेको भन्न नमिल्ने भनी आधार लिएको छ।

यस सम्बन्धमा सञ्चालक समितिले वार्ताद्वारा विमान ल्याउन अधिकार दिएको र सञ्चालक समितिले अनुमोदन गरेकै भरमा त्यो विमान कानूनसंगत रूपमा प्रत्यर्थीले भाडामा लिएको भन्न मिल्दैन। किनकि सिंगो Lauda विमान भाडामा लिने सम्झौता अनुमोदन गर्ने समुच्च पदाधिकारी उपर नै प्रस्तुत मुद्दा दायर भएको छ। सञ्चालक समितिको मिति २०५७।६।२ (१८ सेप्टेम्बर २०००) को बैठकबाट निम्न तीनवटा निर्णय भएको देखिन्छ।

१) पहिलो नं. निर्णयमा निगमले भाडामा लिएको CSWA को जहाजको म्याद २७ सेप्टेम्बरमा समाप्त हुने भएकोले र सो को बदलामा अर्को विमान एक वर्षको लागि भाडामा लिने सम्झौता नवीकरणको लागि गौरीनाथ शर्माको नेतृत्वमा एउटा वार्ता टोली चीन पठाउने,

२) दोश्रो नं. निर्णयमा निगमले खरिद गर्ने भनिएको विमान B767-300 तेश्रो विमानको रूपमा रही सेवामा रहने हुँदा निगमको लागि आवश्यक चौथो B757-200 विमान कम्तीमा २.५ वर्षको लागि उपलब्ध गर्न Sealed Tender Notice प्रकाशित गर्ने र

३) तेश्रो नं. निर्णयमा सिलबन्दी प्रस्ताव आह्वान गरेर पनि B-767 विमान ल्याउन नसकिएकोले भरपर्दो कम्पनीसँग प्रत्यक्ष वार्ता तथा विमानको निरीक्षण गरी निगमलाई लाभ हुने किसिमले सम्झौताका शर्तहरू तयगरी निर्णयार्थ समितिमा पेश गर्न कार्यकारी अध्यक्ष र यसअघि गठित वार्ता समितिका सदस्यहरूलाई अधिकार दिने ।

तसर्थ सञ्चालक समितिको उपरोक्त निर्णयलाई केलाउँदा निगमको दुई वटा विमान र CSWA को विमान समेत गरी तीनवटाले अन्तर्राष्ट्रिय उडान सञ्चालन गरिरहेकोमा CSWA सँगको विमानको म्याद २७ सेप्टेम्बरमा समाप्त हुने हुँदा त्यसको बदलामा भाडामा लिन खोजिएको Wide Body विमान Tender प्रक्रिया समेतबाट प्राप्त हुन नसकेकोले निगमको तत्कालको आवश्यकता पूरा गर्न CSWA सँग पुनः नवीकरण गर्ने वा Wide body को विमान सिधै वार्ताको माध्यमद्वारा ल्याउन जुन पहिला हुन्छ सो गर्ने सम्म हो । सो निर्णयको निर्णय नं. २ मा चौथो विमान Tender प्रक्रियाद्वारा खरिद गर्न Tender प्रकाशित गर्ने निर्णय भए समेतबाट एकैसाथ CSWA को जहाज र Wide body को जहाज एकै समयमा सञ्चालनमा ल्याउने भन्ने सञ्चालक समितिको मनसाय नरहेको स्पष्ट छ । यस परिप्रेक्ष्यमा CSWA को Renew र wide body को विमान भाडामा लिने सम्बन्धमा जुन पहिले हुन्छ सो गर्नेसम्म हो भन्ने स्पष्ट हुन्छ । त्यसमा पनि CSWA को जहाज एक वर्षको लागि नवीकरण गर्न खोजिएको र Wide body को विमान २.५ वर्षको लागि भाडामा लिने भन्ने समेतबाट दुईवटा विमान एकैसाथ सञ्चालनमा ल्याउने भन्ने होइन भन्ने स्पष्ट हुन्छ । निर्णयमा उल्लेख भएका यी विषयहरू स्पष्ट हुँदाहुँदै २६ सेप्टेम्बरमा CSWA सँगको जहाजको एक वर्षको नवीकरण भएको जानकारी पाउँदा पाउँदै २७ सेप्टेम्बरमा Louda Air को विमान भाडामा लिने गरी विपक्षी हरीभक्त श्रेष्ठ समेतले सम्झौता गरेको कार्य मिति २०५७।६।२ को सञ्चालक समितिको निर्णय प्रतिकूल भएको स्पष्ट छ । यस्तो दूषित सम्झौतालाई सञ्चालक समिति समेतले आफूले गरेको पूर्व निर्णयको प्रयोजन समेतलाई बेवास्ता नगरी अनुमोदन गरेको कार्य स्वयं गैरकानूनी भएको स्पष्ट छ ।

मिति २०५७।६।२ मा भएका तीनवटा निर्णयमध्ये निर्णय नं. १ र निर्णय नं. ३ निगमको सञ्चालनमा रहने तेश्रो विमानको सम्बन्धमा भएको भन्ने कुरा सोही निर्णय को क्रमसंख्या २ मा उल्लेख भएको छ । निगमले भाडामा लिने भनिएको चौथो विमान B757 भाडामा लिन ३५ दिने Tender प्रकाशित गर्ने समेतबाट निगमले सञ्चालनमा ल्याउने चौथो विमान नेपाल सरकारको मिति २०५६।६।१० को निर्देशन (कानून) अनुसार सञ्चालन गर्ने भन्ने सञ्चालक समितिको मनसाय तथा प्रतिवद्धता रहेको देखिन्छ । तर यसको विपरीत निगमको दुईवटा विमान र CSWA समेत गरी तीनवटा विमान रहँदा चौथो विमानको रूपमा भित्रिएको Louda Air Tender प्रक्रियाबाट नभई सिधै वार्ताद्वारा ल्याइएकोले मिति २०५७।६।२ को सञ्चालन समितिको निर्णय विपरीत एवं नेपाल सरकारको निर्देशन विपरीत ल्याएको देखिँदा उक्त कार्य नेपाल वायुसेवा निगम ऐन, २०१९ को दफा ७(१) को विपरीत भएको स्पष्ट छ ।

CSWA सँग सम्झौता भइसकेपछि भियनाबाट तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री तारिणिदत्त चटौतका मन्त्री निवास समेतबाट पटक पटक भियनामा टेलिफोन सम्पर्क भएको नेपाल दूरसंचारबाट प्राप्त विवरणमा देखिन्छ ।

निगमले मिति २०५७।६।२ (१८ सेप्टेम्बर २०००) को सञ्चालक समितिको आदेश विपरीत गई CSWA सँग एक वर्षको नवीकरण भई सो को जानकारी समेत भइसकेपछि निगमका अध्यक्ष विपक्षी हरिभक्त श्रेष्ठले Louda Air सँग १८ महिनाको लागि Lease Agreement गरेका, त्यो सम्झौतामा अर्का सञ्चालक तिर्थलाल श्रेष्ठ साक्षी बसेको र सो सम्झौतालाई मिति २०५७।६।१६ को सञ्चालक समितिले अनुमोदन गरेको छ । नेपाल वायुसेवा निगम अविच्छिन्न उत्तराधिकारवाला स्वायत्त संस्था भएकोले निगमको सञ्चालक समितिले अनुमोदन गरेपछि सो सम्झौताले कानूनी मान्यता प्राप्त गर्छ । सम्झौता कार्यान्वयनको क्रममा अग्रिम भाडा बापतको रकम भुक्तानी प्रयोजनको लागि विदेशी विनिमयको लागि नेपाल सरकारको सिफारिस माग गरेको पाइन्छ । नेपाल सरकारले स्वशासित संस्थाले माग गरे बमोजिम सिफारिससम्म गरेको हुँदा नेपाल सरकारले विदेशी विनिमयको सिफारिस दिएपछि मात्र विवादित Louda Air को विमान सन्चालन गरेको । सो विमान भाडामा ल्याउँदा मन्त्रिपरिषद्को निर्देशन पालना भएको भन्न नमिल्ने भन्ने विशेष अदालतको फैसला तर्कपूर्ण छैन । स्वशासित संस्थाले माग गरेको विषयमा सिफारिस दिनु र स्वशासित संस्थाले आफ्नो व्यवसाय सञ्चालनमा कुनै कार्य गर्नु फरक फरक विषय हुन । मिति २०५६।६।१० को निर्देशन अनुरूप विमान भाडामा ल्याउने निर्णय गर्दा नेपाल सरकार संलग्न नभई केवल सम्झौता अनुमोदन भइसकेपछि सो अनुसारको कार्य गर्न मन्त्रिपरिषद्बाट सिफारिससम्म भएको हुँदा सो सिफारिस भएको कारणबाट उक्त Louda Air को विमान कानून अनुरूप भाडामा लिइएको भनी अर्थ गर्न मिल्ने होइन । यसरी यथार्थतामा भन्दा पृथक भई गरेको फैसला त्रुटिपूर्ण छ ।

(ङ) कतिवटा विमान सञ्चालन गर्न व्यापारिक प्रयोजनका लागि उचित हुन्छ भन्ने कुरा निगमको व्यावसायिक Wisdom भएको कुरालाई अन्यथा भन्न मिल्दैन । तर निगमले विमान सञ्चालन गर्न खरिद वा भाडामा लिदाँ के कस्तो vison plan को आधारमा के कति समयको लागि भाडामा लिन लागेको भन्ने विषय महत्वपूर्ण हो । Just/unjust को मापदण्ड भाडामा लिन लागेको समय, त्यसको vison र planning मा भर पर्दछ । निगमले प्रस्तुत विमान भाडामा लिदा त्यस्तो दूरदर्शी planning गरेको देखिँदैन, किनकि निगमसँग दुई वटा आफ्नो विमान भएको, CSWA (तेश्रो) भाडामा लिइएको २७ सेप्टेम्बरमा म्याद समाप्त भएपछि त्यस्को बदलामा wide body सञ्चालन गर्न निगमले विमान भाडामा लिने भन्ने सञ्चालक समितिको निर्णयबाट देखिएको छ । CSWA (तेश्रो) जहाजको Replacement wide body ले गर्ने भन्ने उल्लेख भएबाट CSWA को जहाज र wide body को Lauda Air एकैसाथ एकै समयमा निगमले सञ्चालन गर्ने योजना नरहेको स्पष्ट छ ।

निगमले आफ्नो तेश्रो विमान CSWA वा त्यसको Replacement wide body मध्ये एक र त्यसको अलावा अर्को चौथो विमान नेपाल सरकारको मिति २०५६।६।१० निर्देशन मुताबिक कानून अनुसार Tender प्रक्रियाद्वारा लिन Tender प्रकाशित गर्नेसम्मको निर्णय मिति २०५६।६।२ को सञ्चालक समितिले गरेको । त्यसरी Tender द्वारा २.५ वर्षका लागि भाडामा लिइने B757 विमान मार्च २००० देखि सञ्चालन गर्ने योजना रहेको कुरा सञ्चालक समितिका सदस्य मध्येका रामेश्वर खनाल र अर्थ विभागका निर्देशक उपेन्द्र उपाध्यायको बयानबाट पनि पुष्टि भएको छ । जुन कुरालाई

मिति २०५६।६।२ मा (१८ सेप्टेम्बरमा) ३५ दिने Tender प्रकाशित गर्ने भन्ने सञ्चालक समितिको निर्णयले पनि पुष्टि गर्दछ ।

यसबाट निगमले मार्च महिनाबाट चारवटा विमान सञ्चालन गर्ने लक्ष्य लिएको अवस्थामा डिसेम्बर १ बाटै अर्थात् चार महिना अगावै चौथो विमान नेपाल सरकारको निर्देशन विपरीत १८ महिनाको लागि भाडामा ल्याएबाट चार महिना विना लक्ष्य निगमले चारवटा विमान सञ्चालन गरेको स्पष्ट हुन्छ । १८ महिनाको लागि भाडामा लिएको विमानले चार महिना विना लक्ष्य सञ्चालन हुँदा घाटा हुन्छ निगमलाई अहित हुन्छ भन्ने कुरा साधारण समझका मानिसले पनि बुझ्ने कुरा हो ।

Lauda Ari नेपाल भित्रिनु दुई दिनअघि अर्थात २९ नोभेम्बर २००० का दिन निगमका अध्यक्षको अध्यक्षतामा वसेका निगमका पदाधिकारीको बैठकको निर्णय नं. (क) मा भविष्यमा निगमको सेवा विस्तार गर्न तथा Existing network लाई strengthen गर्नको लागि समेत चौथो Lauda विमानको आवश्यकता भएको भन्ने निर्णय गरिएबाट Lauda Air सँग संझौता गर्दाको अवस्थामा निगमले चारवटा विमानबाट सेवा विस्तार गर्ने कार्य योजना तयार नभएको स्पष्ट भएको छ । कुन कुन र कतिक्षेत्र विस्तार गर्न लागिएको हो त्यसको प्रक्षेपण आँकलन गरेर मात्र नयाँ कार्यको थालनी गर्नु पर्नेमा विना योजना चौथो विमान सिधै वार्ताद्वारा ल्याइएको कार्यलाई संस्थाको हित हुने गरी कार्य गरेको भन्न सकिने स्थिति रहँदैन ।

नेपाल सरकारको निर्देशन मुताविक टेण्डर प्रक्रियाद्वारा भाडामा लिनु पर्नेमा सो बमोजिम प्राप्त हुन नसकेको कारणबाट तेश्रो विमान वार्ताद्वारा ल्याउन सञ्चालक समितिले अधिकार दिएको हो । चौथो विमानलाई सिधै वार्ताद्वारा ल्याउन अधिकार दिएको छैन । तसर्थ चारवटा विमानले भर्ने क्षेत्रको यकिन कार्य योजना (work plan) नै तयार नगरी हचुवाको भरमा नेपाल सरकारको निर्देशन एवं नेपाल कानून विपरीत गई सिधै वार्ताद्वारा विवादित Lauda Air को विमान भाडामा लिइएको अवस्थामा विमानको संख्या यकिन गर्ने निगमको व्यावसायिक निर्णय भन्ने आधारमा विपक्षीहरूलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

अदालतले विगतका अध्ययन प्रतिवेदनमा समेत wide body को चौथो विमान ल्याई सञ्चालन गर्दा निगमको हितमा हुने भनी मिति २०५७६।१६ को सञ्चालक समितिको निर्णय भन्दा पहिले भएको अध्ययन प्रतिवेदन, सञ्चालक समितिको निर्णय र विभागीय प्रमुखहरूको राय अनुसार Lauda Air विमान भाडामा लिने सम्झौता अनुमोदन गरिएको भनी सरासर गलत आधार लिएको छ ।

सञ्चालक शंकर कोइरालाको प्रतिवेदन २०५६ र रामराज श्रेष्ठको प्रतिवेदन २०५५ समेतले तेश्रो विमान Wide Body Boeing 767-300ER लाई भाडामा लिन सिफारिस गरेको हो । चौथो विमानको रूपमा Wide Body B767-300ER लाई भाडा वा खरिदमा लिन भनिएको होइन । Wide body विमान उपलब्ध हुन सक्ने स्थिति सिर्जना नभएपछि March 28,1999 देखि एक वर्षको लागि CSWA को B757-200 विमान भाडामा लिएको कुरा पनि सञ्चालक शंकर कोइरालाको प्रतिवेदनमा उल्लेखित छ । सञ्चालक शंकर कोइरालाको समितिले गरेको सिफारिस प्रस्तावित wide body विमान हालको तेश्रो विमानको Replacement मात्र भन्ने उल्लेख भएकोले Boeing-767 ER को Lauda विमान सो समितिको प्रतिवेदन समेतबाट चौथो विमानको रूपमा निगममा सञ्चालन हुन नसक्ने प्रष्ट छ । त्यसैगरी सञ्चालक रामेश्वर खनालको उप-समितिको प्रतिवेदन २०५७ (July

2000) ले पनि २७ सेप्टेम्बर २००० मा CSWA विमान फर्कने हुँदा त्यसपछिको न्यूनतम तिन वर्षको लागि लिजमा वर्तमानको निगमको Schedule Frequency लाई निरन्तरता दिन सक्ने एक विमान उपलब्ध गराउन सिफारिस गरेबाट समेत विभिन्न अध्ययन प्रतिवेदनले B767-300ER चौथो विमानको रूपमा सञ्चालन गर्ने भनी उल्लेख नगरेको प्रष्ट छ । त्यसैगरी CSWA को म्याद समाप्त भएपछि Replacement गर्ने जहाज Boeing 767-300ER सञ्चालन गर्ने भनी सञ्चालक समितिबाट निर्णय भएको हो सो कुरा तेश्रो जहाज सम्बन्धी Sealed tender र sealed offer सम्बन्धी प्रकाशन गर्ने सूचनाबाट पनि प्रष्ट भएको छ ।

व्यवस्थापन समिति (विभागीय प्रमुखहरू) समेतको चौथो विमानको रूपमा Wide body को Boeing 767-300ER को विमान भाडामा लिने गरी सो सम्झौता गर्नु भन्दा अघि निर्णय नै भएको छैन । तर सम्झौता सम्पन्न भई सञ्चालक समितिले सो सम्झौता अनुमोदन गरिसकेपछि विमान आउनु दुई दिन अघि अर्थात् मिति २०५७।८।१४ (२९ नोभेम्बर २०००) मा मात्र विभागीय प्रमुखहरूको व्यवस्थापन समितिको बैठक बोलाई भविष्यमा निगमको सेवा विस्तार तथा Existing Net work लाई strengthen गर्ने चौथो विमानको रूपमा लाउडा विमानको आवश्यकता भएको भनी (चौथो विमान चाहिने हो होइन भन्ने) निर्णय भएबाट सो Lauda Air को विमानलाई निगमको चौथो विमानको रूपमा भाडामा लिँदा विभागीय प्रमुखहरूसँग राय परामर्श नलिएको भन्ने तथ्य प्रष्ट छ र त्यसले निगमको तत्कालको आवश्यकता नरहेको पुष्टि गर्छ ।

(च) आरोपपत्रमा लाउडा सञ्चालनको कारणले निगमलाई प्रतिमहिना कम्तीमा रु. १२.५४ करोड हानी पुऱ्याएको उल्लेख गर्दै निगमबाट प्राप्त विवरण अनुसार २०५७ पुस देखि चैत्रसम्मको रु. ३८ करोड ९७ लाख ६७ हजार ३१ रुपैयाँ बराबरको रकम हानी नोक्सानीको बिगो दाबी गरिएको सम्बन्धमा निगमले नियुक्त गरेको लेखा परीक्षक P.R. Bhandary & Co. का तर्फबाट प्रभुराम भण्डारीले गर्नुभएको प्रारम्भिक लेखापरीक्षणको प्रतिवेदनमा लाउडा एयर सञ्चालनको मात्रै निगमलाई सो सञ्चालन अवधि (१७६ दिन) मा रु. ३८,७६,४६,७०९।९९ (June 17,2004 को correction copy समेतको आधारमा) हानी नोक्सानी भएको उल्लेख भएको छ ।

अदालतबाट माग भए अनुसार महालेखा परीक्षकबाट भएको अन्तिम लेखा परीक्षण प्रतिवेदनमा लाउडा एयर सञ्चालनबाट कुल आम्दानी रु. ८५ करोड २६ लाख ७४ हजार भएको र प्रत्यक्ष खर्च रु. १ अरब ९ करोड १५ लाख ५१ हजार र अन्य खर्च रु. ९ करोड १ लाख २६ हजार भएको भनी निगमलाई रु. ३३ करोड ९० लाख ३ हजार (सि.नं. १२) प्रत्यक्ष नोक्सान भएको भनी लाउडा एयरको सञ्चालनको घाटालाई स्पष्ट रूपमा उल्लेख गरेको छ । यस लेखापरीक्षण प्रतिवेदनले लाउडा एयर सञ्चालनको अवधिमा लाउडा एयरबाट भएको गैरकानूनी हानी नोक्सानीको बिगो यकिन हुँदाहुँदै सो तथ्यतर्फ ध्यानै नदिई लेखापरीक्षण प्रतिवेदन समेतले लाउडा एयर सञ्चालनबाट भएको हानी नोक्सानी भएको भन्ने आधार प्रमाण पेश नभई समुच्चा निगमको घाटालाई लाउडा विमानको घाटा भन्न नमिल्ने भन्ने निर्णय त्रुटिपूर्ण छ ।

(छ) विमान भाडामा लिने कार्य व्यापारिक भएको कुरामा दुईमत छैन । यसै गरी नेपाल वायुसेवा निगम सेवा प्रदायक व्यापारिक संस्था भएकोमा पनि विवाद छैन । व्यापारिक संस्था भएकोले यसले आफ्नो व्यापार प्रवर्द्धन गर्ने सिलसिलामा विमान खरिद बिक्री भाडामा लिन सक्छ । निगम स्वायत्त संस्था हुँदाहुँदै पनि यसले आफ्नो कार्य गर्दा नेपाल वायुसेवा निगम ऐन, २०१९ का प्रावधानहरू निशर्त रूपमा पालन गर्नुपर्छ । सोही ऐनको व्यवस्था अनुसार नेपाल सरकारको निर्देशन कानून सरह पालन

गर्नुपर्छ । विमान खरिद वा भाडामा लिई व्यय गर्नु पर्दा यसको कर्पोरेट Vison स्पष्ट हुनु पर्दछ । Corporate viosn विना खरिद गरिएको वा भाडामा लिइएको विमानलाई सञ्चालक समिति तथा अन्य संस्थाका संलग्न पदाधिकारीहरूले सदनियतपूर्वक कार्य गरेको भन्न सकिँदैन । लाउडा विमानको सञ्चालनको अवधिमा निगमको आफ्नो विमान ग्राउण्डेड (Grounded) हुँदा समेत लाउडाले सम्झौता बमोजिम न्यूनतम घण्टा पूरा गर्न नसकेको भन्ने कुरा लेखा परीक्षक प्रभुराम भण्डारीको लेखापरीक्षण प्रतिवेदन (पृ. १२९) बाट समेत पुष्टि भएको हुँदा विना कर्पोरेट भिजन हतारमा चौथो विमानको रूपमा लाउडा विमानलाई सिधै वार्ताद्वारा १८ महिनाको लिज भाडामा लिने गरी भएको सम्झौता सञ्चालक समितिका अध्यक्ष हरिभक्त श्रेष्ठ र सञ्चालक तिर्थराम श्रेष्ठको मिलोमतोबाट बदनियतपूर्वक आफूलाई फाइदा र नेपाल वायुसेवा निगमलाई हानी पुग्न जान्छ भन्ने जानी जानी गरेको गैरकानुनी सम्झौतालाई सञ्चालक समितिका पदाधिकारीहरूले पूर्व सञ्चालक समितिको निर्णय तथा विभिन्न अध्ययन समितिको राय विपरीत अनुमोदन गरेको संस्थागत विभाग, मार्केटिङ विभाग तथा अर्थ विभाग निर्देशकहरूले गैरकानूनी रूपमा भएको सम्झौता अनुसार विमान भाडामा लिँदा फाइदा हुने किसिमको Flight shedule र Project Analysis तयार समेत गरेको कार्य बदनियतपूर्ण भएको तथ्य मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि हुँदाहुँदै पनि त्यसतर्फ सुक्ष्म रूपमा विश्लेषण नै नगरी भएको फैसला त्रुटिपूर्ण रहेको छ ।

१९. ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. ३ बखुण्डोल घर नं. ९३ बस्ने श्रीमती सावित्री राजभण्डारी .....
काठमाडौं महानगरपालिका वडा नं. ३४ बानेश्वर ख/१/११०८ बस्ने मोनिसा राजभण्डारी (बस्नेत) .....गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६४।८।२३

आयोगको दाबी र विशेष अदालतको फैसलाः-

उल्लेखित प्रतिवादीहरू उपर सावित्र भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,७(१), १० र १५ तथा सो ऐनलाई निरन्तरता दिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसूरमा सावित्र भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,७(१), १० र १५ तथा सो ऐनलाई निरन्तरता दिइएको भ्र.नि.ऐन, २०५९ को दफा २०(२) बमोजिमको कैद जरिवाना गरी भ्रष्टाचारजन्य ढंगले आर्जन गरी लुकाइछिपाई बेपत्ता पारेका सम्पत्तिहरू श्रोत खुलेको अन्य सम्पत्तिहरूबाट सावित्र भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६(ग) र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम जफत गरी पाउँ भन्ने समेतको मागदाबी लिई मुद्दा दायर गरिएकोमा श्री विशेष अदालतबाट प्रतिवादीहरूलाई सफाइ दिई आरोपपत्र खारेज गर्ने ठहर गरी फैसला भएको ।

फैसलाका आधारहरूः-

प्रतिवादी सावित्री राजभण्डारीले सार्वजनिक पदमा बहाल रहँदा गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको भन्ने समेतको कसूरमा निजलाई सजाय गरी निज र निजका परिवारका नाममा राखिएको रु. २,९३,१५,३०७८३ बराबरको सम्पत्ति जफत गरी पाउँ भनी आयोगबाट दायर गरिएको मुद्दामा विशेष

अदालतले मुद्दाको अन्य तथ्यगत विषयमा प्रवेश नै नगरी मूलतः निम्न कानूनी प्रश्नमा सीमित रही आरोपपत्र खारेज हुने ठहर गरेको छ-

(क) प्रस्तुत आरोपपत्र कुन हदम्याद भित्र दायर गरिएको हो ? सो कुरा आरोपपत्रमा खुलाएको नपाइएको ।

(ख) प्रतिवादी सावित्री राजभण्डारीले सार्वजनिक पदबाट मिति २०५८।६।२८ देखि अवकाश भएपछि भ्रष्टाचार निवारण ऐन, २०५९ लागू हुँदाको अवस्था र प्रस्तुत मुद्दा दायर हुँदाको अवस्थामा समेत निज प्रतिवादी सार्वजनिक पद धारण गरेको राष्ट्रसेवकको पदमा बहाल रहेको नदेखिएको र प्रस्तुत मुद्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) को प्रतिबन्धात्मक वाक्यांश अनुसार हदम्याद नलाग्ने विषयभित्रको नभएकोले तत्काल लागू रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यांशले पदबाट अवकाश प्राप्त गरेको एक वर्षभित्र मुद्दा चलाई सक्नुपर्नेछ भनी निर्दिष्ट गरेको एक वर्ष नघाई मिति २०६२।५।१६ मा दायर भएको प्रस्तुत मुद्दाको तथ्यमा प्रवेश गरी इन्साफ गर्न नमिल्ने हुँदा प्रस्तुत आरोपपत्र खारेज हुने ।

<u>पुनरावेदनका आधारहरू:-</u>

(क) आरोपपत्र कानून बमोजिमको नभएको भन्ने सम्बन्धमा:-

(१) राष्ट्रसेवकसँग निजको वैध आयश्रोतसँग अमिल्दो सम्पत्ति हुनु समेतको सावित्र भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ को अनुमानित कसूरलाई हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) ले निरन्तरता दिएको भन्ने कुरामा विशेष अदालत स्पष्ट छ । त्यतिसम्म व्याख्या आयोगको धारणा अनुकूल छ । सावितको ऐनको व्यवस्थामा दफा १५ मा उल्लेखित कसूरको आरोप लगाउनको लागि भ्रष्टाचार जन्य कसूर मानिने अन्य कुनै कसूरको आरोप लगाउनु आवश्यक थियो भने हालको ऐनको दफा २०(१) ले त्यस्तो अन्य कुनै आरोप लगाउनु पर्ने आवश्यकता राखेको छैन । यत्तिमात्र अन्तर रहेको छ ।

(२) सावित ऐनको दफा १५ मा २ प्रकारका कसूरको उल्लेख भएको छ । बैध आयश्रोतसँग अमिल्दो सम्पत्ति हुनु गैरकानूनी रूपमा रिसवत लिएको मानिने कसुर र उक्त कसूरमा सजायको दाबी गर्न पूर्वावस्थाको रूपमा रहेको अन्य कुनै एक भ्रष्टाचारजन्य कसूर । उपरोक्त कसूरहरू एउटै प्रकृतिका कसूर होइनन् । आपसमा परिपूरक वा सम्पूरक (complementary or supplementary) भूमिका भएका कसूर पनि होइनन् । यी छुट्टा छुट्टै प्रकृतिका पृथक पृथक कसूर हुन् । यी कसूर बापत हुने सजाय पनि पृथक छन् । कसूर प्रमाणित गर्ने आधार प्रमाण पनि स्वतन्त्र र पृथक छन् । यी स्वतन्त्र कसूर हुन, दुवै कसूर स्वतन्त्र रूपले प्रमाणित हुन वा नहुन सक्दछन् । ऐनको बनौटले सो स्पष्ट पारेको छ ।

(३) सावित ऐनको दफा १५ ले "गैरकानूनी रूपले रिसवत लिएको" अनुमान गरी सजाय गर्न सकिने भनी परिभाषित गरेको सो कसूरमा कसूरको आरोप लगाई सजायको मागदाबी गर्नका लागि सम्म भ्रष्टाचारजन्य अन्य कुनै कसूरको समेत आरोप लागेको हुनुपर्ने रहेको कारणबाट कसूरको अन्तर्वस्तु, कसूरको तत्व र कसूरको प्रकृतिमा फरक पार्ने अवस्था छैन । सजायको मागदाबी गरी आरोपपत्र प्रस्तुत गर्न आवश्यक पर्ने पूर्वावस्था नरहे वा नभएका कारणले मात्र कानूनले कसूर नै परिभाषित नगरेको वा सजाय हुने भनी व्यवस्था नै नगरेको भनी अर्थ गर्न मिल्दैन । कुनै कार्य प्रचलित कानूनले सजाय हुने कसूर हो वा होइन भन्ने कुरा र कुनै कसूरमा सजायको दाबी गर्न कुन कुन पूर्वावस्था पूरा गर्नु वा हुनुपर्दछ भन्ने कुरा अलग विषय हुन् । अतएव,

सांविक ऐन बहाल रहँदा पूर्वावस्थाको रूपमा आवश्यक पर्ने अर्को कुनै आरोप नरहँदैमा "गैरकानूनी रूपले रिसवत लिएको" अनुमान गरिने कसूरलाई नै तत्काल प्रचलित कानूनले सजाय भागी नबनाएको मानिने अर्थ गरी तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) ले प्रदान गरेको फौज्दारी न्याय सम्बन्धी हकको प्रस्तुत मुद्दाको प्रसंगमा विशेष अदालतले गलत व्याख्या गरेको छ। वास्तवमा यस प्रसंगमा तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) आकृष्ट हुने अवस्था नै छैन ।

(ख) मुद्दा दायर गर्ने हदम्याद सम्बन्धमाः-

(१) प्रतिवादी सावित्री राजभण्डारी २०५८।६।२८ मा राष्ट्रसेवकको पदबाट हटिसकेपछि निज उपर भ्रष्टाचारको कसूरमा मुद्दा दायर गर्न ऐनको संशोधित व्यवस्थाले हदम्यादको व्यवस्था नगरेको हुँदा निजका सम्बन्धमा सांविककै व्यवस्थाले १ वर्षभित्र मुद्दा चलाई सक्नुपर्ने व्यवस्था लागू हुने भनी विशेष अदालतले त्रुटिपूर्ण व्याख्या गरेको छ ।

(२) फौज्दारी कसूरको आरोपमा मुद्दा दायर गर्न हदम्याद तोकिएको अवस्थामा तोकिएको हदम्याद समाप्त भएपछि मुद्दा दायर हुन सक्दैन । दायर भएको रहेछ भने हदम्याद भित्र दायर नभएको आधारमा इन्साफ गर्न मिल्दैन, खारेज हुन्छ । यो सैद्धान्तिक विषयमा विवाद गर्नुपर्ने अवस्था छैन । तर प्रस्तुत मुद्दाको सम्बन्धमा अदालतले हदम्याद सम्बन्धी प्रश्न गलत ढंगले व्याख्या गरेको छ ।

(३) अन्य फौज्दारी कानूनमा जस्तो सांविक र वर्तमान भ्रष्टाचार निवारण ऐन कुनैले पनि यो कसूर गरे भएका मितिबाट यति अवधिभित्र मुद्दा दायर गरी सक्नुपर्छ भनी हदम्याद किटान गरेका छैनन् । सांविक ऐनको दफा २४ क ले र २०५९।४।३० मा संशोधन हुनु पूर्व अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यांशले मुद्दा दायर गर्न तोकिदिएको हदम्याद मुद्दा दायर गर्ने जिम्मेवार निकाय वा अधिकारीको अधिकारमा लगाइएको समय-सीमासम्म हो । सांविक ऐनहरू बहाल रहँदासम्म उक्त ऐनका प्रावधानमा उल्लेखित समय-सीमाभित्र विशेष प्रहरी विभाग वा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरी सक्नुपर्ने बाध्यता थियो । तर भ्रष्टाचार निवारण ऐन, २०५९ जारी भएपछि र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनमा दोश्रो संशोधन भएपछि सो समय-सीमा हटिसकेको छ । यस अवस्थामा कानूनले हदम्यादको समय-सीमा हटाइसकेपछि पनि प्रतिवादीका विरुद्ध मुद्दा दायर गर्न चाहिँ पुरानो ऐनकै हदम्यादको व्यवस्था लागू हुने भनी अर्थ गर्नु कानूनसंगत छैन, त्रुटिपूर्ण छ ।

(४) तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को उपधारा (४) अनुकूल बनेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ आयोगका काम, कर्तव्य, अधिकार र कार्यविधि तोक्ने ऐन भएकाले अपराध र सजाय सम्बन्धी ऐनले कसूरदारलाई प्रदान नगरेको उन्मुक्ति आयोगको काम, कर्तव्य र अधिकार निर्धारण गर्ने ऐनले प्रदान गर्दछ भन्नु र २०५९।४।३० को संशोधनले नै हटिसकेको प्रावधानले सो संशोधनपश्चात् पनि आयोगको अधिकारलाई सीमाबद्ध गरी नै राख्दछ भनी अर्थ गर्नु कानूनसम्मत हुँदैन ।

(५) राष्ट्रसेवकका सम्बन्धमा अवकाश भएका मितिले १ वर्षभित्र मुद्दा दायर गरी सक्नुपर्ने २०५९।४।३० मा संशोधन हुनुपूर्वको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को

दफा २९ को प्रतिबन्धात्मक वाक्यंशले तोकेको हदम्याद उक्त मितिको संशोधनबाट हटिसकेको अवस्थामा निज प्रतिवादीको सम्बन्धमा पुरानै ऐनको हदम्याद लागू हुने भन्ने तर्क कानूनतः त्रुटिपूर्ण हुन्छ। अपराध र सजायको व्यवस्था गर्न बनेको सारभूत ऐनमा नै त्यस्तो प्रावधान भएको भए पनि कुनै प्रतिवादीको सम्बन्धमा हदम्याद बाँकी छँदै हदम्याद सम्बन्धी प्रावधान हटेपछि पुरानो ऐनको प्रावधान लागू हुन्छ भन्नु त्रुटिपूर्ण व्याख्या हुन जान्छ भने आयोगका सम्बन्धमा लागू हुने ऐनको हटिसकेको प्रावधानले प्रतिवादीलाई उन्मुक्ति प्रदान गर्छ भनी अर्थ गर्नु अझ गम्भीर कानूनी त्रुटि हुन जान्छ।

२०. जिल्ला ललितपुर, ललितपुर उप-महानगरपालिका वडा नं. २, घर नं. २/२४२ सानेपा स्थायी ठेगाना भई नेपाल आयल निगम लिमिटेडमा नि.निर्देशक पदमा कार्यरत महेशजंग राणा ....

जिल्ला सर्लाही, ईश्वरपुर गा.वि.स.वडा नं. ९ रामपुर टोल स्थायी ठेगाना भई ऐ. कार्यालयमा उप-निर्देशक पदमा कार्यरत मुकुन्दप्रसाद ढुंगेल .....

जिल्ला मकवानपुर हेटौंडा नगरपालिका वडा नं. १ मेनरोड टोल स्थायी ठेगाना भएका जय कालिका इन्टरप्राइजेज, बैरेनी-९, धादिङका प्रोप्राइटर रामेश्वर श्रेष्ठ.....

जिल्ला पर्वत, फलेवास गा.वि.स.वडा नं. ९ चितिपानी टोल स्थायी ठेगाना भएका रामी ट्रेडर्स, निलकण्ठ, ५ धादिङका प्रोप्राइटर बालप्रसाद शर्मा पौडेल.....

जिल्ला पर्सा, वीरगंज उपमहानगरपालिका वडा नं. १ छपकैया टोल स्थायी ठेगाना भएका जोनियम ट्रेस लिंक, नौविसे -५ टायलघर टोल धादिङका प्रोप्राइटर सन्तोष राजभण्डारी..... सार्वजनिक संस्थालाई हानी नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको मुद्दा।

फैसला मिति : २०६४।८।६

आयोगको दाबी र विशेष अदालतको फैसलाः-

उल्लेखित प्रतिवादीहरू मध्ये महेशगंज राणा र मुकुन्द प्रसाद ढुंगानालाई सांविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिम र अन्य प्रतिवादीहरू प्रो.रामेश्वर श्रेष्ठ, प्रो.बालप्रसाद शर्मा पौडेल, प्रो. सन्तोष राजभण्डारीलाई सांविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम सजाय गरी निगमलाई पर्न आएको हानी नोक्सानी समेत असुल उपर गरी पाउन समेतको मागदाबी लिई मुद्दा दायर गरिएकोमा सबै प्रतिवादीहरूलाई आरोपित कसूरबाट सफाइ दिई श्री विशेष अदालतबाट फैसला भएको।

फैसलाका आधारहरूः-

(क) स्थलगत मुचुल्काको रोहवरमा बस्ने वादीका साक्षीहरू अदालतमा आई बकपत्र गर्दा स्थलगत मुचुल्का आफ्नो रोहवरमा भएको होइन भनी बकपत्र गरेको।

(ख) प्रतिवादीहरूले नेपाल आयल निगमबाट खरिद गरेको मट्टितेल निर्धारित ठाउँमा बिक्री नगरी अन्यत्र लगी बिक्री गरेको भन्ने तथ्ययुक्त प्रमाण वादीबाट पेश नभएको।

(ग) प्रतिवादीहरू अनुसन्धानको क्रममा र अदालतमा कसूरमा इन्कार रहेका।

(घ) उपलब्ध गराउनु पर्ने मट्टितेलको सीमा कति हो वादीले खुलाउन नसकेको।

पुनरावेदनका आधारहरूः-

(क) प्रतिवादीहरू महेश जंग राणा र मुकुन्द प्रसाद ढुंगेलले रामेश्वर श्रेष्ठसमेतका प्रतिवादीहरूलाई अमलेखगंज डिपोबाट निजहरूद्वारा सञ्चालित मट्टितेल विक्री केन्द्र (पुष्प) लाई सहुलियत दरको

मट्टितेल बिक्री वितरण गरेको र रामेश्वर श्रेष्ठ समेतका प्रतिवादीहरूले धादिङ जिल्ला स्थित विभिन्न स्थानहरूमा विक्री गर्ने भनी उक्त सहुलियत दरको मट्टितेल खरिद गरी लगेको भन्ने तथ्य विवाद रहित छ ।

(ख) स्थानीय जनताको हितको लागि नेपाल आयल निगमले सहुलियत दरमा प्रतिवादीहरूलाई उपलब्ध गराएको मट्टितेल निजहरूले निर्धारित स्थानमा लगी विक्री वितरण गर्नुपर्नेमा सो नगरी अनियमितता गरेको भन्ने स्वयं प्रतिवादीहरूको व्यावसायिक हकहकतिको संरक्षणका लागि गठन भएको पेट्रोलियम डिलर्स एसोसिएसन, जिल्ला समिति धादिङको उजुरी व्यहोरा साथै अनुसन्धान तहकिकातको सिलसिलामा खडा भएको स्थलगत मुचुल्काबाट समेत प्रमाणित भएको अवस्था छ ।

(ग) अनुसन्धानमा गरिएको स्थलगत मुचुल्कामा सम्पूर्ण स्थानीय व्यक्तिहरूले प्रतिवादीहरूले धादिङमा आफ्नो पम्पबाट मट्टितेल विक्री वितरण नगरेको भन्ने उल्लेख गरेका छन् । उक्त मुचुल्कका गरिदिने अधिकांश व्यक्तिहरू सरकारी सेवाका व्यक्ति भई तत्काल अन्यत्र सरुवा भई गएको कारणबाट अदालतले तोकेको मितिमा वकपत्र गर्नका लागि हाजिर हुन नसकेको स्थिति विद्यमान हुँदा भ्रष्टाचार जस्तो गम्भीर प्रकृतिको सरकारवादी फौजदारी मुद्दामा अदालत स्वयंले पनि मुलुकी ऐन, अ.बं. ११५ नं. बमोजिम झिकाई वकपत्र गराई पूर्ण न्याय गर्नुपर्नेमा उक्त कानूनी प्रक्रिया अवलम्बन गर्नेतर्फ उदासीन रही मुचुल्काको रोहवरमा बस्ने एकजना व्यक्तिको कथनमा आधारित भई प्रतिवादीहरूलाई सफाइ दिई भएको फैसला कानूनी रूपमा समेत त्रुटिपूर्ण छ ।

(घ) स्थानीय जनतालाई सहुलियत पुऱ्याउने उद्देश्यले निगमले घाटा व्यहोरी प्रतिवादी रामेश्वर श्रेष्ठसमेतका प्रतिवादीहरूलाई सहुलियत दरमा उपलब्ध गराएको मट्टितेल निजहरूले लक्षित स्थानमा लगी विक्री वितरण गरे नगरेको सम्बन्धमा नियमित रूपमा निरीक्षण र अनुगमन गर्नु पर्नेमा प्रतिवादीहरू महेश जंग राणा र मुकुन्द प्रसाद ढुंगेलले सो नगरी प्रतिवादीहरूलाई धादिङमा विक्री गर्ने भनी निगमबाट निजहरूले माग गरे बमोजिमको परिणाममा सहुलियत दरको मट्टितेल उपलब्ध गराएको तथ्य मिसिल संलग्न विवरणहरूबाट स्थापित भई निजहरूको बदनियत स्पष्ट रूपमा प्रमाणित भएकोमा आरोपित कसूरबाट सफाइ दिइएको फैसला त्रुटिपूर्ण छ ।

(ङ) उल्लेखित विवेचित आधार एवं प्रमाणहरूबाट प्रतिवादीहरूलाई आरोपित कसूरबाट सफाइ दिई श्री विशेष अदालत, काठमाडौंबाट मिति २०६४।८।६ मा भएको फैसला त्रुटियुक्त हुँदा सो फैसला बदर गरी न्याय प्रदान गर्न मुचुल्काका अन्य साक्षीलाई अ.बं. ११५ नं. बमोजिम झिकाई वकपत्र समेत गराई प्रतिवादीहरूलाई आरोपपत्र मागदाबी दाबी बमोजिम सजाय गरीपाउँ ।

२१. काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ३४ मीनभवन बस्ने अर्थ मन्त्रालयका शाखा अधिकृत सुरेशकुमार रेग्मी...

ऐ.ऐ.बस्ने दीपा रेग्मी (बराल) .. गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६४।८।१४

आयोगको दाबी र विशेष अदालतको फैसलाः-

प्रतिवादी सुरेशकुमार रेग्मीले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिम गैरकानूनी रूपमा रु. ५४,८४,२५५।२८ आर्जन गरेको पुष्टि हुन आएकोले निजका हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम उल्लेखित रकम बिगो कायम गरी

जरिवाना तथा कैद सजाय हुन र प्रत्यर्थी दीपा रेग्मी (बराल) को हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) तथा १६(ग) बमोजिम अपराध गर्नमा मुख्य भूमिका निर्वाह गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) र ३० बमोजिम जफत गर्न समेत मागदाबी लिई श्री विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरूलाई सफाइ दिई फैसला भएको ।

फैसलाका आधारहरू:-

(क) आवास तथा भौतिक योजना मन्त्रालय, सहरी विकास तथा भवन निर्माण विभागले निर्धारण गरेको दर रेटमा ठेक्का कर र ओभरहेड खर्च गरी २० प्रतिशत रकम व्यक्तिगत रूपमा घर निर्माण गर्दा नलाग्ने हुँदा आधारभूत लागतमा घट्न जाने,

(ख) जग्गाको मोलको आधिकारिकताको विषयमा निर्धारण गर्दा मालपोत कार्यालयबाट लिखत पारित हुँदाको लिखतमा अंकित मूल्य नै वास्तविक मूल्य मान्नु पर्ने,

(ग) फर्निचरको मूल्य दावीमा कायम गरेको मूल्यको ५० प्रतिशत रकम र विद्युतीय सामानमा दावीमा उल्लेख भए अनुसारको रकम नै कायम गरी न्यायोचित हिसाबबाट अघिल्लो मुद्दाहरूमा रकम कायम गरिएकोले प्रस्तुत मुद्दामा पनि सोही सिद्धान्त अवलम्बन गरिएको,

(घ) सुनचाँदीको सम्बन्धमा प्रत्यर्थी दीप रेग्मी (बराल) ले आफूलाई दाजुले सुन पठाएको भनेको र दाजु राजेन्द्र बरालले पनि सोही व्यहोरालाई समर्थन गरेको हुँदा रु. १३,९७२।- को मात्र सुन चाँदी खरिद गरेको मान्नुपर्ने,

(ङ) घरभाडाको सम्बन्धमा प्रत्यर्थीको घर निर्माण भएपछि आवधिक भाडाको दररेट उल्लेख गरी वयान गरेकाले भाडा प्राप्त गरेको कुरालाई अन्यथा मान्नु पर्ने अवस्था देखिँदैन ।

(च) दीपा रेग्मी (बराल) को आय सम्बन्धमा प्रत्यर्थीले उल्लेख गरेको कुरालाई अन्यथा भन्न पर्ने अवस्था नहुने,

पुनरावेदनका आधारहरू:-

(१) यस आयोगबाट प्रत्यर्थी सुरेशकुमार रेग्मी समेत विरुद्ध श्री विशेष अदालत, काठमाडौंमा दायर गरिएको गैरकानूनी सम्पत्ति आर्जन सम्बन्धी भ्रष्टाचार मुद्दाको आरोपपत्रमा प्रत्यर्थीले सार्वजनिक पदमा प्रवेश गरेपछिका अवधिमा निजले आफ्नो, पत्नी तथा छोराहरू समेतका नाममा जोडेको चल अचल सम्पत्ति उल्लेख गरी सो अवधिमा निजलाई प्राप्त भएका वैध आर्जनबाट बचत हुन सक्ने रकम तथा निजको पैत्रिक सम्पत्तिबाट प्राप्त हुन सक्ने आय हिसाव गरी तथा सो आयबाट निजले उल्लेख गरे अनुसारका खर्च कट्टा गरी बाँकी रहने बचत रकमबाट आरोपपत्रमा उल्लेख भएका चल अचल सम्पत्ति खरिद गर्न, सृजना गर्न श्रोत पुग्न सक्ने नसक्ने सम्बन्धमा विश्लेषण गरी श्रोत पुष्टि हुन नसकेको सम्पत्तिलाई गैरकानूनी आर्जनको सम्पत्ति मानी कानूनबमोजिम सजाय हुन र सम्पत्ति जफत हुन मागदाबी गरी आरोपपत्र प्रस्तुत गरिएको हो । जस अनुसार अनुसन्धानको समयको मूल्यको आधारमा निजको रु. १,१०,०५,५००।२८ सम्पत्तिमध्ये रु. ५४,८४,२५५।२८ को सम्पत्ति श्रोत नखुलेको ठहर गरी आरोपपत्र पेश भएको हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रयोजनका लागि सम्पत्तिको गणना तथा श्रोत परीक्षण गर्नुपर्दा सार्वजनिक पदमा प्रवेश गर्दा निजसँग रहे भएको सम्पत्तिको यकिन गरी सो सम्पत्ति र तत्पश्चात निजलाई वैध आय श्रोतबाट प्राप्त भएका आयबाट निजको पारिवारिक तथा अन्य खर्च कटाई

बचत हुन सक्ने आयबाट निजका साथमा अनुसन्धान हुँदा देखिएको सम्पत्तिको श्रोत पुष्टि हुन सक्छ वा सक्दैन भनी सम्पत्ति सृजना गर्दाको समय क्रमका हिसाबले विश्लेषण एवं परीक्षण गर्नुपर्नेमा श्री विशेष अदालत, काठमाडौंले प्रतिवादीको सम्पत्तिको श्रोत गणना र परीक्षण गर्दा तल प्रकरणमा उल्लेखित त्रुटि गरी प्रत्यर्थीलाई सफाइ दिने गरी फैसला गरेको हुनाले फैसलामा चित्त नबुझेका कुरा निम्न प्रकरणहरूमा उल्लेख गरी पुनरावेदन जिकिर लिइएको छ ।

(२) श्री विशेष अदालतले प्रत्यर्थीको सम्पत्तिको बैधता परीक्षण गर्दा निजलाई प्राप्त भएका देखिने र प्राप्त हुन सक्ने आयलाई कुन कुन समयमा के कति आय प्राप्त भयो र सम्पत्ति आर्जन गरेको (बैंकमा जम्मा, घर निर्माण, घर जग्गा र अन्य चल सम्पत्ति खरिद र ठूलो अन्य कार्यमा रकम खर्च गरेको) समयमा निजको कति बैध आय बचत भएको हो सो यकिन गरी परीक्षण गर्नुपर्ने थियो । त्यस्तै, आय आर्जनको मिति यकिन हुन नसक्ने आय सम्बन्धमा पनि साल क्रमका आधारले आय रकम निर्धारण गरी आर्जित सम्पत्तिको श्रोत परीक्षण गर्नुपर्ने अवस्था थियो । तर श्री विशेष अदालतले सबै आयलाई एकमुष्ट गणना गरी सबै आर्जित सम्पत्तिलाई तत्कालको मूल्यसँग परीक्षण गरेको छ । यसबाट पहिले सम्पत्ति आर्जन गर्दा श्रोत नै नभएको सम्पत्ति पनि सो भन्दा धेरै पछि प्राप्त भएका भनिएका तथाकथित आयबाट पुष्टि गर्ने कार्य भएको छ । यो श्री विशेष अदालतको गम्भीर त्रुटि हो ।

प्रत्यर्थीका साथमा रहेका चल अचल सम्पत्ति र तत् तत् अवधिमा निजले गरेको विशेष खर्च समेत गरी परीक्षण योग्य सम्पत्तिको परिमाण आरोपपत्रमा रु. १,१०,०५,००५।२८ भएको मध्ये प्राप्त आयबाट विभिन्न शीर्षकमा खर्च गरी रु. ५४,८४,२५५।२८ को सम्पत्ति गैरकानूनी रूपमा आर्जनको भन्ने दाबी भएकोमा श्री विशेष अदालतले परीक्षणयोग्य सम्पत्ति तत्कालको मूल्यमा हिसाब गरी परीक्षण योग्य सम्पत्ति रु. ६९,९९,४६६।- कायम गरेको र सोको श्रोत रु. ६६,७०,९६७।- आय ठहर गरी श्रोत पुष्टि हुन नसकेको रु. ३,२८,४९९।- को सम्पत्तिको श्रोत पुष्टि हुन नसकेको ठहर गरे तापनि त्यति रकमको श्रोत पुष्टि नहुनुलाई अमिल्दो र अस्वाभाविक मान्न नहुने ठहर गरेको छ । श्री विशेष अदालतले गरेको यो ठहर त्रुटिपूर्ण छ ।

श्री विशेष अदालतले प्रत्यर्थीको आय गणना गर्न नमिल्ने कतिपय आयहरूलाई पनि गणना गरी सम्पूर्ण आय श्रोतबाट प्राप्त रकम गणना गरी सकेपछि र आय भएको थियो कि भनी आशंका सम्म गर्न सकिने कुनै श्रोत नै बाँकी नभएको अवस्थामा पनि यति ठूलो परिमाणको रकमलाई अस्वाभाविक नमान्ने ठहर गरेबाट सम्मानित अदालतको यस फैसलाले गैरकानूनी सम्पत्ति आर्जनको कसूर गर्ने प्रबृतिलाई प्रश्रय मिलेको छ । जे जति सम्पत्तिको बैध आयश्रोत पुष्टि हुँदैन त्यति सम्पत्ति गैरकानूनी रूपमा आर्जन गरेको ठहर गर्नुपर्ने हुन्छ । तर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को प्रावधान प्रतिकूल त्यति ठूलो परिमाणको रकमको श्रोत पुष्टि नभएकोमा पनि निजलाई सफाइ दिनु त्रुटिपूर्ण छ ।

(३) श्री विशेष अदालत, काठमाडौंबाट प्रत्यर्थीहरूलाई पूर्ण रूपमा सफाइ दिने गरी फैसला गर्दा लिइएका आधारहरू प्रचलित कानुन एवं सैद्धान्तिक रूपमा त्रुटिपूर्ण रहेको भन्ने सम्बन्धमा निम्न जिकिर प्रस्तुत गरिएको छः-

(क) आ.ब. २०५६।५७ मा प्रत्यर्थी सुरेशकुमार रेग्मीको नाममा विराटनगरमा एउटा घर र आ.ब. २०५२।५३ मा प्रत्यर्थी दीपा रेग्मी (बराल) को नाममा काठमाडौं, मीनभवनमा घर, गार्ड हाउस र ग्यारेज समेत निर्माण भएको देखिएको छ । विशेष अदालतले लिएको आधारहरूमा जुन घरहरूको लागत क्रमशः रु. ९,७६,४६४।- र रु. १८,३४,५६५।- गरी जम्मा रु. २८,११,०५९।- लागेको उल्लेख भएको छ । आ.ब. २०५२।५३ मा निर्माण भएको घरको कुल लागत रु. १८,३४,५६५।- लागेको

तथ्यलाई विशेष अदालतले मान्यता दिएको भए तापनि सो लागतलाई ध्यान्न सक्ने सोही अवधिसम्मको निजको आयलाई पनि हेरिनुपर्नेमा अदालतबाट एकमुष्ट आय र व्ययको गणना गरी भएको फैसला त्रुटिपूर्ण रहेको देखिएको छ ।

प्रत्यर्थी सुरेशकुमार रेग्मीले अदालत समक्ष बयान गर्दा घर निर्माणको श्रोतको रूपमा गोश्वारा बयान गरेको भए तापनि निजकी श्रीमती दीपा रेग्मी (बराल) ले बयान गर्दाको क्रममा श्रीमान्को पारिश्रमिक, दै.भ्र.बाट सञ्चित रकम, कमिसन, अंशवण्डाबाट प्राप्त नगद एवं सुन चाँदी विक्रीबाट प्राप्त रकम, कृषि आयस्ता, सासू ससुराले पटक पटक दिएको रकम, जग्गा विक्रीको रकम, ऋण समेतबाट निर्माण गरेको भन्ने व्यहोरा उल्लेख भएको छ । अदालतले प्रत्यर्थी सुरेशकुमार रेग्मीको आयको गणना गर्दा अंशवण्डाबाट प्राप्त नगद एवं सुनचाँदी वा सासू ससुराबाट दिएको रु. २ लाख मध्ये रु. २ लाखलाई आयोगले मान्यता दिएको रकमलाई नै पैत्रिक सम्पत्तिको रूपमा गणना गरेको छ । यसैगरी विभिन्न व्यक्तिबाट लिएको ऋण, घर र माइतीबाट प्राप्त सुन विक्री बापतको रकम, कृषि उपज बेचविखनको रकम, दीपा रेग्मी (बराल) लाई माइतीबाट दिएको जग्गाको आयस्ता रकम, तरकारी खेती गरी प्राप्त गरेको रकम समेतको प्रयोगको स्पष्टता नरहेको र सम्पत्ति संग्रह गर्ने प्रयोजनका लागि उपयोग भएको देखिन आउँदैन भनी प्रत्यर्थीले लिएको जिकिर उल्लेखित आयका श्रोतलाई आयमा गणना गरेको छैन । यसबाट प्र.दीपा रेग्मी (बराल) ले काठमाडौंको घर निर्माण गर्न प्रयोग गरिएको भनिएका श्रोतहरू मध्ये कृषि आय एवं ऋण सापटी रु. १२,५०,०००।- लाई नै आयको श्रोतको रूपमा गणना नगर्ने भन्ने स्वयं अदालतको निर्णय भएको अवस्थामा निर्माण भएको घरको लागतमा उक्त श्रोत प्रयोग भएको भनी भन्न मिल्ने अवस्था अदालतको फैसलाबाट नदेखिएको हुँदा निजले घर निर्माणमा प्रयोग भएको भनिएको रकम बैध श्रोतबाट आर्जित रकम प्रयोग भएको मान्न नमिल्ने अवस्थामा अदालतले घर निर्माणमा लागेको लागतलाई बैध श्रोत कायम गरी गरेको फैसला आफैमा त्रुटिपूर्ण रहेको छ ।

यसै गरी विराटनगरमा आ.ब. २०५६।५७ मा अर्को घर प्रत्यर्थी सुरेशकुमार रेग्मीको नाममा रु. ९,७६,४६४।- को लागतमा निर्माण भएको भन्ने श्री विशेष अदालतले फैसलामा उल्लेख गरेको छ । सो घर निर्माण सम्बन्धमा प्र. सुरेशकुमार रेग्मीले अदालत समक्ष बयानमा स्पष्ट जवाफ नदिएको यसैगरी प्र. श्रीमती दीपा रेग्मी (बराल) ले बयान गर्दा समेत स्पष्ट रूपमा उल्लेख गर्न सकेको छैन । काठमाडौंको मिनभवनमा निर्माण गरेको घरको निर्माण लागत नै बैध श्रोतबाट अपुग देखिएको परिप्रेक्षमा त्यसपछिको करिब ३ वर्षको आयबाट श्री विशेष अदालतले मानेको लागत मूल्यलाई नै आधार मान्दा पनि खर्च व्यहोर्न सक्ने देखिँदैन । यसर्थ पहिलो घर निर्माण गर्नको लागि बैध श्रोतको न्यूनता रहेको परिस्थितिमा करिब ३ वर्षपछि निर्माण भएको अर्को घरको लागि समेत बैध श्रोत रहेको भनी गरिएको फैसला त्रुटिपूर्ण छन् ।

(ख) जग्गाको मूल्यको सम्बन्धमा, प्रत्यर्थी सुरेशकुमार रेग्मी तथा परिवारको नाममा विभिन्न ठाउँमा पटक पटक गरी जम्मा मूल्य रु. ४,३४,५००।- मा जग्गा खरिद भएको तथ्यलाई विशेष अदालतले स्विकार गरेकै छ । ती जग्गाहरू खरिद गर्न निजको तत् तत् अवधिसम्मको आयबाट पुग्ने नदेखिएको अवस्थामा ती जग्गाहरू बैध श्रोतबाट खरिद गरेको भनी मान्न सकिने हुँदैन । प्रत्यर्थीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम अवैधानिक श्रोतबाट आर्जित गरेको सम्पत्ति जफत गर्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा हालको मूल्यांकन गर्ने व्यवस्थालाई अन्यथा भनी साविकको मूल्यलाई नै आधार मानी गरेको फैसला त्रुटिपूर्ण छ ।

(ग) सुनचाँदी खरिदको सम्बन्धमा श्री विशेष अदालतले प्रत्यर्थी दीपा रेग्मी (बराल) ले दाजुले पठाएको भन्ने जिकिरलाई निजका दाजु राजेन्द्र बरालले समर्थन गरेको भन्ने आधारमा कम मूल्य अर्थात रु. १३,९७२।- कायम गरेको छ। प्रत्यर्थी दीपा रेग्मी (बराल) ले गरेको बयानलाई निजका दाजुले पनि बहिनीलाई सुन पठाएको भन्ने व्यहोरालाई विश्वास गर्न नपर्ने अवस्था नरहेको भनी आत्मगत आधार लिइएको छ। प्रस्तुत विषयमा प्रत्यर्थी दीपा रेग्मी (बराल) ले अदालतमा बयान गर्दा ९९९.९९ लेखिएको १ औस सुन दाजुले अमेरिकाबाट पठाएको भनी उल्लेख गरेको तथ्यलाई परीक्षण गर्ने अर्को कुनै वस्तुगत प्रमाणको अभाव रहेको अवस्थामा दाजुले पठाएको भनी अदालतले विश्वास गरी गरेको फैसला कानूनी रूपमा त्रुटिपूर्ण छ। अदालतले फैसला गर्दा परीक्षण गरिएका प्रमाणहरू स्पष्ट रूपमा खुलाउनु पर्नेमा परीक्षण गर्ने प्रमाणको अभावमा सुन पठाउन सक्ने विश्वास गर्न सक्ने स्थिति रहन सक्दैन। यसर्थ त्रुटिपूर्ण रहेको छ।

(घ) श्री विशेष अदालतले प्रत्यर्थी सुरेशकुमार रेग्मीको परिवारको नाममा रु. ५,००,०००।- मूल्यको तत्कालीन श्री ५ को सरकारको राष्ट्रिय बचत पत्र, (२०६२ख) खरिद गरेको तथ्यलाई स्विकार गरेको छ। उक्त बचतपत्र मिति २०५७।२।३१ मा खरिद गरेको देखिन्छ। आ.ब. २०५६।५७ को अवधिमा विराटनगरमा निर्माण गरेको घरको लागत र त्यसपूर्व काठमाडौंमा निर्माण भएको घरको लागत नै बैध आयबाट न्यून हुन गएको अवस्थामा मिति २०५७।२।३१ मा नेपाल राष्ट्र बैंकबाट निस्काशन गरिएको बचत पत्र रु. ५ लाखमा खरिद गर्न सक्ने अवस्था देखिँदैन। श्रोत नै नपुग भएको अवस्थामा लगानी गरेको आयलाई बैध आय मान्न सकिँदैन। त्यसकारण अदालतले बचत पत्रबाट प्राप्त व्याजलाई बैध आयमा गणना गर्ने गरी लिएको आधार त्रुटिपूर्ण रहेको छ।

(ङ) घर भाडाको सम्बन्धमा अदालतले विराटनगर र काठमाडौंको घरको भाडा बापत रु. ७,२१,०००।- आय कायम गरेको छ। जुन घरभाडा आधारहीन भएकोले त्रुटिपूर्ण छ। विराटनगरको घरबाट २०५८।१।१ देखि २०५९ श्रावण मसान्तसम्मको जम्मा रु. ९६,०००।- र काठमाडौं मीनभवनको २०५५।१।१ देखि २०५९ श्रावणसम्मको जम्मा रु. ६,२५,०००।- घरभाडा आयलाई अदालतले स्विकार गरेको छ। घरभाडालाई आय कायम गर्दा घरभाडामा लाग्नु स्वाभाविक कुरा हो घरभाडाको निर्धारण भाडामा दिने र लिनेको बीचको आवश्यकता र सहमति हो भन्ने आधार खडा गरिएको छ। अदालतले फैसला गर्दा प्रमाणको परीक्षण नै नगरी स्वाभाविक र अस्वाभाविक भनी छुट्याउनका लागि पनि प्रमाणको परीक्षण गरिदनुपर्छ। प्रत्यर्थीहरूको भनाइलाई के कुन स्वतन्त्र प्रमाणबाट परीक्षण गरी निर्णयमा पुगेको हो फैसलामा उल्लेख भएको छैन। प्रत्यर्थी सुरेशकुमार रेग्मीले अदालत समक्ष गरेको बयान (स.ज.१३) मा काठमाडौंको घरको भाडा एक फ्ल्याटको रु. ९०००।- र विराटनगरको घर भाडा रु. ५०००।- मासिक हुने भनी खुलाएका छन्। काठमाडौं मिनभवनको घर जम्मा दुई फ्ल्याट भएकोले एक फ्ल्याटको मात्र घरभाडा प्रयोजन हुन सक्ने देखिन्छ। प्रत्यर्थीले उल्लेख भएको दरभन्दा बढी भाडा कायम गरी अदालतले घर भाडा आय कायम गरेको कानून सम्मत नदेखिएकोले फैसला त्रुटिपूर्ण रहेको छ।

(च) प्रत्यर्थी दीपा (रेग्मी) ले ट्युसन पढाएको, सिलाई बुनाई आदि काम गरे बापत प्राप्त रु. ५,९२,६००।- लाई विशेष अदालतले आय कायम गरेको छ। आय कायम गर्दा लिइएका आधारहरू त्रुटिपूर्ण रहेको छ। प्रत्यर्थी दीपा रेग्मी (बराल) को भनाइलाई मात्र आधार लिई उक्त आय कायम हुने गरी भएको फैसला कानूनसम्मत छैन। निजको भनाइलाई अन्य स्वतन्त्र रूपमा पुष्टि हुने प्रमाणका अभावमा त्यस किसिमको आयलाई गणना गर्न मिल्दैन।

(छ) प्रत्यर्थी दीपा रेग्मीका दाजु राजेन्द्र बरालले निज दीपा रेग्मीलाई रु. ५,००,०००।- दिएको भन्ने तथ्यलाई अदालतले अनुसन्धानको क्रममा पनि रकम दिएको भनी आफ्नो भनाइ व्यक्त गरेकोले निजको भनाइमा विश्वास गर्नु नपर्ने स्थिति देखिँदैन भनी फैसलाको आधार लिएको छ । विश्वास गर्ने आधार भावनात्मक हुनु हुँदैन वस्तुगत रूपमा स्वतन्त्र प्रमाणले परीक्षण गरिसकेपछि प्रमाणले देखिएको आधार न्याय निरुपणको रूपमा ग्रहण गर्नुपर्छ । तर प्रस्तुत फैसलामा प्रमाणको यथोचित मूल्यांकन नै नगरी आत्मगत रूपमा गरिएको मूल्यांकनलाई कानूनसम्मत मान्न सकिँदैन । तसर्थ फैसला त्रुटिपूर्ण रहेको छ ।

२२. पर्वत जिल्ला ठूला पोखरी गा.वि.स.वडा नं. ३ घर भई हाल काठमाडौं महानगरपालिका वडा नं. १६ बालाजु बस्ने प्रेमप्रसाद सुवेदी.....
ऐ.ऐ. बस्ने मोतीमाया सुवेदी .....
.ऐ.ऐ. बस्ने ताराप्रसाद सुवेदी .....
ऐ.ऐ. बस्ने दीपक सुवेदी .....गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति :२०६४।८।२४

आयोगको दाबी र विशेष अदालतको फैसला:-

प्रतिवादी प्रेमप्रसाद सुवेदीले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ र १५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) अन्तरगतको कसूर गरेको देखिनाले निजलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ र १५ र दफा २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम सजाय गरी प्रतिवादीहरू मोतीमाया सुवेदी, ताराप्रसाद सुवेदी र दीपक सुवेदी समेतका नाममा राखेको रु. ९६,१३,७७९।८८ बराबरको चल अचल सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र दफा ४७ बमोजिम जफत हुन मागदाबी लिई श्री विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरूलाई सफाइ दिने गरी फैसला भएको ।

फैसलाका आधारहरू:-

(क) काठमाडौं बालाजुमा निर्मित घर, टहरा र अर्को एकतले घर निर्माण गर्दाको कुल लागत रु. १३,०१,६१३।- मात्र रहेको देखिएको र चितवन गीतानगरको घर जग्गा खरिद गर्दा घरको छुट्टै मोल भुक्तानी गरेको भन्ने नदेखिएको ।

(ख) फर्निचरको सम्बन्धमा अदालतले अवलम्बन गर्दै आएको मान्यता अनुसार हुने,

(ग) जग्गा खरिदको सम्बन्धमा अन्यथा प्रमाणीत नभएसम्म मालपोत कार्यालयमा पारित भएको लिखतमा अंकित मोल नै वास्तविक मोल हुने भनी यसै प्रकृतिका अन्य मुद्दामा विशेष अदालतले मान्यता दिँदै आएको हुँदा सोही पूर्ववत मान्यताको आधारमा लिखतमा लेखिएको मूल्यलाई नै वास्तविक खरिद मूल्य मान्नुपर्ने,

(घ) तलब लगायत अन्य आयका रकम समेत आयमा समावेश गर्नुपर्ने ।

(ङ) विदेश भ्रमणबाट भएको रकम, अवकाश प्राप्त गर्दा प्राप्त रकमलाई आयमा समावेश गर्नुपर्ने,

(च) कृषि उत्पादन र त्यसको बजार भाउको हिसाबबाट औसत रूपमा हुने आयको विश्लेषण अनुसार कृषि आय हुने देखिएको ।

(छ) घरभाडा बापत प्राप्त रहेको रकम अस्वभाविक नदेखिएको,

पुनरावेदनका आधारहरू:-

(१) यस आयोगबाट प्रत्यर्थी प्रेमप्रसाद सुवेदी समेत विरुद्ध श्री विशेष अदालत, काठमाडौंमा दायर गरिएको गैरकानूनी सम्पत्ति आर्जन सम्बन्धी भ्रष्टाचार मुद्दाको आरोपपत्रमा प्रत्यर्थीले सार्वजनिक पदमा प्रवेश गरेपछिका अवधिमा निजले आफ्नो, पत्नी तथा छोराहरू समेतका नाममा जोडेको चल अचल सम्पत्ति उल्लेख गरी सो अवधिमा निजलाई प्राप्त भएका बैध आर्जनबाट बचत हुन सक्ने रकम तथा निजको पैत्रिक सम्पत्तिबाट प्राप्त हुन सक्ने आय हिसाव गरी तथा सो आयबाट निजले उल्लेख गरे अनुसारका खर्च कट्टा गरी बाँकी रहने बचत रकमबाट आरोपपत्रमा उल्लेख भएका चल अचल सम्पत्ति खरिद गर्न, सृजना गर्न श्रोत पुग्न सक्ने नसक्ने सम्बन्धमा विश्लेषण गरी श्रोत पुष्टि हुन नसकेको सम्पत्तिलाई गैरकानूनी आर्जनको सम्पत्ति मानी कानून बमोजिम सजाय हुन र सम्पत्ति जफत हुन मागदाबी गरी आरोपपत्र प्रस्तुत गरिएको हो। जस अनुसार अनुसन्धानको समयको मूल्यको आधारमा निजको रु.२,७९,६३,१९०। सम्पत्ति मध्ये रु. ९६,१३,७७९।८८ को सम्पत्ति श्रोत नखुलेको ठहर गरी आरोपपत्र पेश भएको हो।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रयोजनका लागि सम्पत्तिको गणना तथा श्रोत परीक्षण गर्नुपर्दा सार्वजनिक पदमा प्रवेश गर्दा निजसँग रहे भएको सम्पत्तिको यकिन गरी सो सम्पत्ति र तत्पश्चात निजलाई बैध आय श्रोतबाट प्राप्त भएका आयबाट निजको पारिवारिक तथा अन्य खर्च कटाई बचत हुन सक्ने आयबाट निजका साथमा अनुसन्धान हुँदा देखिएको सम्पत्तिको श्रोत पुष्टि हुन सक्छ वा सक्दैन भनी सम्पत्ति सृजना गर्दाको समय क्रमका हिसाबले विश्लेषण एवं परीक्षण गर्नु पर्नेमा श्री विशेष अदालत, काठमाडौंले प्रतिवादीको सम्पत्तिको श्रोत गणना र परीक्षण गर्दा तल प्रकरणमा उल्लेखित त्रुटि गरी प्रत्यर्थीलाई सफा दिने गरी फैसला गरेको हुनाले फैसलामा चित्त नबुझेका कुरा प्रकरण ४ मा उल्लेख गरी पुनरावेदन जिकिर लिइएको छ।

(२) श्री विशेष अदालतले प्रत्यर्थीको सम्पत्तिको बैधता परीक्षण गर्दा निजलाई प्राप्त भएका देखिने र प्राप्त हुन सक्ने आयलाई कुन कुन समयमा के कति आय प्राप्त भयो र सम्पत्ति आर्जन गरेको (बैंकमा जम्मा, घर निर्माण, घर जग्गा र अन्य चल सम्पत्ति खरिद र ठूलो अन्य कार्यमा रकम खर्च गरेको) समयमा निजको कति बैध आय बचत भएको हो सो यकिन गरी परीक्षण गर्नुपर्ने थियो। त्यस्तै, आय आर्जनको मिति यकिन हुन नसक्ने आय सम्बन्धमा पनि साल क्रमका आधारले आय रकम निर्धारण गरी आर्जित सम्पत्तिको श्रोत परीक्षण गर्नुपर्ने अवस्था थियो। तर विशेष अदालतले सबै आयलाई एकमुष्ट गणना गरी सबै आर्जित सम्पत्तिलाई तत्कालको मूल्यसँग परीक्षण गरेको छ। यसबाट पहिले सम्पत्ति आर्जन गर्दा श्रोत नै नभएको सम्पत्ति पनि सो भन्दा धेरै पछि प्राप्त भएका भनिएका तथाकथित आयबाट पुष्टि गर्ने कार्य भएको छ। यो विशेष अदालतको गम्भीर त्रुटि हो।

प्रत्यर्थीका साथमा रहेका चल अचल सम्पत्ति र तत् तत् अवधिमा निजले गरेको विशेष खर्च समेत गरी परीक्षण योग्य सम्पत्तिको परिमाण आरोपपत्रमा रु. २,७९,६३,१९०।- भएको मध्ये प्राप्त आयबाट विभिन्न शीर्षकमा खर्च गरी रु. ९६,१३,७७९।८८ को सम्पत्ति गैरकानूनी रूपमा आर्जनको भन्ने दावी भएकोमा विशेष अदालतले परीक्षण योग्य सम्पत्ति तत्कालको मूल्यमा हिसाव गरी परीक्षण योग्य सम्पत्ति रु. ४३,४९,६०२।- कायम गरेको र सोको श्रोत रु. ५०,१६,८२९।- आय ठहर गरी बैध आयश्रोतबाट प्राप्त आय मौजुदा सम्पत्ति भन्दा बढी भएको पुष्टि गरेको छ। माथिका प्रकरणहरूमा उल्लेख गरिएका आधारहरूबाट विशेष अदालतको फैसला त्रुटिपूर्ण रहेको आधारमा आय कायम गर्न नमिल्ने शीर्षकको रकमलाई मान्यता

दिई आय कायम गरी प्रत्यर्थीको अमिल्दो र अस्वाभाविक जीवनलाई स्वाभाविक ठहऱ्याई विशेष अदालतले गरेको फैसला त्रुटिपूर्ण छ ।

श्री विशेष अदालतले प्रत्यर्थीका गणना गर्न नमिल्ने कतिपय आयहरूलाई पनि गणना गरी सम्पूर्ण आयश्रोतबाट प्राप्त रकम गणना गरी सकेपछि र आय भएको थियो कि भनी आशंका सम्म गर्न सकिने कुनै श्रोत नै बाँकी नभएको अवस्थामा पनि यति ठूलो परिमाणको रकमलाई अस्वाभाविक नमान्ने ठहर गरेबाट सम्मानित अदालतको यस फैसलाले गैरकानूनी सम्पत्ति आर्जनको कसूर गर्ने प्रवृतिलाई प्रश्रय मिलेको छ । जे जति सम्पत्तिको बैध आयश्रोत पुष्टि हुँदैन त्यति सम्पत्ति गैरकानूनी रूपमा आर्जन गरेको ठहर गर्नुपर्ने हुन्छ । तर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को प्रावधान प्रतिकूल त्यति ठूलो परिमाणको रकमको श्रोत पुष्टि नभएकोमा पनि निजलाई सफाइ दिनु त्रुटिपूर्ण छ ।

३. प्रत्यर्थी प्रेमप्रसाद सुवेदीलाई पूर्ण रूपमा सफाइ दिँदा लिइएका मुख्य आधारहरू निम्न आधार र कारणबाट त्रुटिपूर्ण रहेकोले खण्डनीय छन्-

(क) प्रत्यर्थी श्रीमती मोतीमाया सुवेदीको नाममा काठमाडौं बालाजुमा निर्माण भएको घरको लागत यस आयोगले पनि प्रत्यर्थी प्रेमप्रसाद सुवेदीको आयबाट पुग्ने नै देखाइएको छ । यसैगरी यसै स्थानको पालेघर र अर्को एक घर निर्माण गर्नमा लागेको खर्च समेत श्रोत पुगेको देखाइएको छ । जिल्ला चितवन, गितानगर गाँउ विकास समितिको वडा नं. ९ ग को कित्ता नं. १५ मा रहेको घर गोठको सम्बन्धमा आयोगले रु. ११,२३,९५३।४९ बिगो कायम गरेकोमा विशेष अदालतले उक्त घर र जग्गा ०-१२-१५.७५ विगाहामा रहेको घर गोठ र कि.नं. २२३ को जग्गा विगाहा २-२-५ समेत जम्मा रु. १,८५,०००।- मा खरिद गरेको देखिएको अवस्थामा घरको छुट्टै लागत भनी भुक्तान गरेको नदेखिएको भन्ने आधार विशेष अदालतको फैसलामा उल्लेख भएको छ । बालाजुमा निर्माण भएको घरको आंशिक रूपममा श्रोत नपुग्ने देखिएको आरोपपत्रमा उल्लेख गरिएको छ । प्रत्यर्थीले उक्त घर थप निर्माण गर्नुपूर्व समय समयमा विभिन्न स्थानमा जग्गाहरू खरिद भएका देखिएका छन् निजको आर्जन उक्त जग्गा खरिद गर्न प्रयोग भइसकेको अवस्थामा घर निर्माण गर्न श्रोत पुग्ने अवस्था देखिँदैन । तर अदालतले एकमुष्ट आय र व्ययको गणना गरी आवधिक रूपमा सृजना गरेको सम्पत्तिको सोही अवधिको आयलाई तुलनात्मक अध्ययन र परीक्षण गरी न्याय निरोपण भएको देखिएन यसर्थ यो फैसला त्रुटिपूर्ण छ ।

(ख) <u>कृषि आयतर्फ</u> - श्री विशेष अदालतले कृषि आय बापत बीस वर्षको अवधीमा रु. ९,३५,०००।- प्राप्त हुने देखाइएको छ । जसको आधार जग्गाको क्षेत्रफल, सिंचाइ सुविधा, खेती गर्ने प्रणाली, उन्नत वीउ, रसायनिक मलको प्रयोग, मौसमको अनुकूलता जस्ता कुराबाट उत्पादन परिणाम निर्धारण हुने र बजारभाउको आधारमा कृषि आय निश्चित हुने भन्ने उल्लेख भएको छ । जुन आधारहरू स्पष्ट छैनन् । के कुन आधारमा बीस वर्षको कृषि आय उल्लेखित रकम कायम गरिएको हो सो स्पष्ट हुने गरी फैसलामा खुलाइएको छैन । वार्षिक सरदर कति परिमाणमा उत्पादन हुने र के कति मूल्य कायम गरी गणना गरिएको हो नखुलाई केवल मनोगत रूपमा एकमुष्ट आय कायम गर्न मिल्दैन । विशेष अदालतले यसै प्रकृतिका अन्य मुद्दाहरूमा अवलम्बन गरेको मान्यता पनि अर्को आधारको रूपमा लिएको छ । तर ती मुद्दाहरूका सम्बन्धमा आयोगबाट विशेष अदालतले लिएका आधारहरू त्रुटिपूर्ण रहेको उल्लेख गरी सम्मानित अदालत समक्ष पुनरावेदन गरिएको अवस्था छ । यसै अदालतले गरेका निर्णय यसका लागि कानूनी सिद्धान्त बन्न सक्दैन । अन्य कुनै एक मुद्दामा

अदालतले आय हुन सक्ने अनुमान गर्नु सम्बन्धित मुद्दाको तथ्यसँग सम्बन्धित हुने विषय हो । सोसँग असम्बन्धित प्रस्तुत मुद्दामा पनि सोही कुरालाई मापदण्ड बनाउनुको कुनै आधार छैन । प्रत्यर्थी र निजको परिवारले कृषि कार्य नगरेको अवस्थामा कृषिबाट त्यति ठूलो रकम प्राप्त हुन सक्ने स्थिति छैन । यसर्थ फैसला त्रुटिपूर्ण रहेको छ ।

(ग) **घरभाडा तर्फ** - विशेष अदालतले घरभाडा बापत रु. ७,८६,०००।- आय भएको उल्लेख गर्दा २०४२ सालपछि घर भाडामा जान सक्ने, घरमा कोठा पर्याप्त भएको अवस्थामा भाडामा दिनु स्वाभाविक हो, घर भाडाको सम्बन्धमा लिने दिनेको आवश्यकता र सहमतिको आधारमा हुने भन्ने आत्मगत आधारमा घर भाडालाई प्रत्यर्थीको आयमा कायम गरिएको छ । घरका कोठाहरू पर्याप्त हुँदैमा घर भाडामा दिइन्छ भनी अदालतले अनुमान गर्न मिल्दैन । न्याय अनुमानको आधारमा गर्ने नभई वस्तुगत आधारमा गर्नुपर्छ । घरका कोठाहरू बढी हुँदैमा भाडामा नै दिइन्छ भन्ने अनुमान गर्नु आफैमा त्रुटिपूर्ण छ । घर धनीको घरको सुगमता र सरलपनाको लागि पनि मानिसले घर निर्माण गरेका हुन्छन् न कि सबैले घरका कोठाहरू पर्याप्त हुँदैमा घर भाडामा नै लगाउँछन् । यसर्थ घरमा कोठाहरू पर्याप्त हुँदैमा घर भाडामा लगाउँछन् भन्ने अनुमान गर्न मिल्दैन । यसैगरी घरका कोठाहरू पर्याप्त हुँदैमा घर भाडामा दिने कुरा स्वाभाविक हो भन्ने आधार लिएको सम्बन्धमा अदालतले स्वाभाविक र अस्वाभाविक हो भनी छुट्याउन प्रमाणहरूलाई मूल्यांकन गर्नु पहिलो आवश्यकता हो । के कस्ता प्रमाणबाट स्वाभाविक देखिएको हो फैसलामा स्पष्ट रूपमा उल्लेख भएको छैन । संग्रहित प्रमाणहरूको परीक्षण भएपछि मात्र स्वाभाविक र अस्वाभाविक हो भनी निर्क्यौलमा पुग्न सकिन्छ । अदालतले प्रत्यर्थीको भनाइलाई मात्र आधार मानी प्रत्यर्थीले घरभाडा वापत जिकीर लिएको रकमलाई मान्यता दिएको छ । निजको भनाइ के कुन प्रमाणको परीक्षणबाट अदालत उक्त निर्णयमा पुग्न सकेको हो सो आधार स्पष्ट छैन । प्रत्यर्थीको परिवार संख्या, घर रहेको स्थान विशेष समेतलाई ध्यान दिइएको छैन । निजले आयोग समक्ष मिति ०६०।५।२४ मा पेश गरेको विवरणमा समेत घरभाडा बापत आय भएको भनी खुलाइएको छैन ।

(घ) **अंशवण्डा** - प्रत्यर्थीले अंशवण्डा बापत रु. ६०,०००।- प्राप्त गरेको सम्बन्धमा अंशवण्डा गर्दा नगद, सुन चाँदी बाँडफाँड हुने कुरा स्वाभाविक हो र प्रत्यर्थीले जिकिर लिएको व्यहोरा अन्यथा नदेखिएकोले नगद प्राप्त गरेको कुरामा विश्वास गर्न नपर्ने स्थित नरहेको भन्ने आधार लिएको देखियो । अदालतले विश्वास मान्नको लागि संकलित प्रमाणको परीक्षण गरी निस्कने निष्कर्षलाई विश्वास गर्ने हो न कि प्रत्यर्थीको जिकिरलाई । अरू प्रमाण परीक्षण नै नगरी आत्मगत रूपमा विश्वासमा लिने गरी भएको फैसला त्रुटिपूर्ण छ । प्रत्यर्थीको जिकिरलाई प्रमाणित गर्ने अन्य कुनै प्रमाण अंशवण्डाको लिखत जस्ता प्रमाणबाट प्रमाणित गर्न सकिन्छ तर त्यो फैसलामा उल्लेख नहुनुले पनि फैसला त्रुटिपूर्ण छ ।

(ङ) **जग्गा खरिद बिक्री** - प्रत्यर्थीले पटक पटक गरी खरिद गरेका जग्गाहरू मध्ये विक्री समेत गरेको र त्यसरी विक्री गर्दा निजलाई रु. ८,४९,७००।- नाफा भएको हुँदा आयमा समावेश गर्ने गरी अदालतले फैसला गरेको छ । जुन आधार विलकुलै त्रुटिपूर्ण छ । जग्गाबाट प्राप्त आयलाई समग्रमा नहेरी खरिद गर्दाको समयमा प्रत्यर्थीको आयको अनुपातमा हेरिनु पर्छ । बैध श्रोतबाट खरिद गरी उक्त जग्गा विक्रीबाट प्राप्त रकमलाई मात्र बैध श्रोतमा गणना गर्नुपर्ने र श्रोत नपुगेको अवस्थामा खरिद भएको जग्गा विक्री गर्दा प्राप्त आयलाई पनि अवैध मान्नु पर्ने सामान्य नियम हो । अदालतले श्रोत पुगेको सम्पत्तिबाट खरिद गरेको हो होइन भनी परीक्षण नै नगरी एकमुष्ट विक्रीबाट प्राप्त रकमलाई आयको रूपमा गणना गरेको मिलेको छैन ।

(च) **बैंकबाट प्राप्त व्याज -** बैंक तथा वित्तीय संस्थामा रकम जम्मा गरे बापत नियमित रूपमा व्याज प्राप्त हुने सामान्य नियम हो । बैंकहरूमा जम्मा भएका रकमका श्रोतहरू के हुन् कस्ता हुन् सो समेत हेरी श्रोत प्रमाणित भएको अवस्थामा त्यस्ता बचत रकममा उपलब्ध गराएको व्याजलाई बैध आयको रूपमा मान्नुपर्छ । प्रस्तुत मुद्दामा प्रत्यर्थी प्रेमप्रसाद सुवेदी र दिपक सुवेदीको नाममा रहेको विभिन्न बैंकको खातामा जम्मा भएको रकममा रु. ३,०७,५२१।- व्याज प्राप्त भएको रकमलाई आयमा गणना गरेको फैसला त्रुटिपूर्ण रहेको छ ।

२३. जिल्ला दाङ्ग, मानपुर गा.वि.स.वडा नं. १ मानपुर बजार स्थायी ठेगाना भई हाल काठमाडौं महानगरपालिका वार्ड नं. ९, बत्तीसपुतली, प्रयाग पिंगलास्थान मार्ग, जमुना गल्ली घर नं. ५७ को युवराज शर्मा.....

ऐ..बस्ने वर्ष ४६ की शीला पोखरेल (शर्मा)....

ऐ.ऐ.बस्ने प्रसन्न पोखरेल .. गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६४।८।२७

आयोगको दाबी र विशेष अदालतको फैसला:-

प्रतिवादी युवराज शर्मालाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र दफा १४क दफा १५, दफा १६ग र दफा २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र दफा ४७ बमोजिम बिगो रु. १,०१,४५,२५१।९१ को बिगो बमोजिमको जरिवाना र हदैसम्म कैद गरी निजले गैरकानूनी रूपमा सग्रह गरेको बैधानिक श्रोत नखुलेको चल अचल सम्पत्ति जफत गरी पाउन र निज प्रतिवादीकी श्रीमती शीला पोखरेल (शर्मा) र छोरा प्रसन्न पोखरेलका नाममा समेत गैरकानूनी आर्जनको सम्पत्ति राखेको देखिएकोले उक्त सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम जफत गरी पाउन मागदाबी लिई श्री विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरूलाई सफाइ दिई फैसला भएको ।

पुनरावेदनका आधारहरू:-

(१) यस आयोगबाट प्रत्यर्थी युवराज शर्मा समेत विरुद्ध श्री विशेष अदालत, काठमाडौंमा दायर गरिएको गैरकानूनी सम्पत्ति आर्जन सम्बन्धी भ्रष्टाचार मुद्दाको आरोपपत्रमा प्रत्यर्थीले सार्वजनिक पदमा प्रवेश गरेपछिका अवधिमा निजले आफ्नो, पत्नी तथा छोराहरू समेतका नाममा जोडेको चल अचल सम्पत्ति उल्लेख गरी सो अवधिमा निजलाई प्राप्त भएका बैध आर्जनबाट बचत हुन सक्ने रकम तथा निजको पैत्रिक सम्पत्तिबाट प्राप्त हुन सक्ने आय हिसाव गरी तथा सो आयबाट निजले उल्लेख गरे अनुसारका खर्च कट्टा गरी बाँकी रहने बचत रकमबाट आरोपपत्रमा उल्लेख भएका चल अचल सम्पत्ति खरिद गर्न, सृजना गर्न श्रोत पुग्न सक्ने नसक्ने सम्बन्धमा विश्लेषण गरी श्रोत पुष्टि हुन नसकेको सम्पत्तिलाई गैरकानूनी आर्जनको सम्पत्ति मानी कानून बमोजिम सजाय हुन र सम्पत्ति जफत हुन मागदाबी गरी आरोपपत्र प्रस्तुत गरिएको हो । जस अनुसार अनुसन्धानको समयको मूल्यको आधारमा निजको रु. १,०१,४५,२५१।९१ र अनमोल क्याटरिङ्ग प्रा. लि. को शेयर को श्रोत नखुलेको रु. १७,१५,०००।- सम्पत्ति श्रोत नखुलेको ठहर गरी आरोपपत्र पेश भएको हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रयोजनका लागि सम्पत्तिको गणना तथा श्रोत परीक्षण गर्नु पर्दा सार्वजनिक पदमा प्रवेश गर्दा निजसँग रहे भएको सम्पत्तिको यकिन गरी सो सम्पत्ति र

तत्पश्चात निजलाई बैध आय श्रोतबाट प्राप्त भएका आयबाट निजको पारिवारिक तथा अन्य खर्च कटाई बचत हुन सक्ने आयबाट निजका साथमा अनुसन्धान हुँदा देखिएको सम्पत्तिको श्रोत पुष्टि हुन सक्छ वा सक्दैन भनी सम्पत्ति सृजना गर्दाको समय क्रमका हिसावले विश्लेषण एवं परीक्षण गर्नु पर्नेमा श्री विशेष अदालत, काठमाडौंले प्रतिवादीको सम्पत्तिको श्रोत गणना र परीक्षण गर्दा तल प्रकरणमा उल्लेखित त्रुटि गरी प्रत्यर्थीलाई सफाइ दिने गरी फैसला गरेको हुनाले फैसलामा चित्त नबुझेका कुरा प्रकरण ३ मा उल्लेख गरी पुनरावेदन जिकिर लिइएको छ ।

(२) श्री विशेष अदालतले प्रत्यर्थीको सम्पत्तिको बैधता परीक्षण गर्दा निजलाई प्राप्त भएका देखिने र प्राप्त हुन सक्ने आयलाई कुन कुन समयमा के कति आय प्राप्त भयो र सम्पत्ति आर्जन गरेको (बैंकमा जम्मा, घर निर्माण, घर जग्गा र अन्य चल सम्पत्ति खरिद र ठूलो अन्य कार्यमा रकम खर्च गरेको) समयमा निजको कति बैध आय बचत भएको हो सो यकिन गरी परीक्षण गर्नुपर्ने थियो । त्यस्तै, आय आर्जनको मिति यकिन हुन नसक्ने आय सम्बन्धमा पनि साल क्रमका आधारले आय रकम निर्धारण गरी आर्जित सम्पत्तिको श्रोत परीक्षण गर्नुपर्ने अवस्था थियो । तर श्री विशेष अदालतले सबै आयलाई एकमुष्ट गणना गरी सबै आर्जित सम्पत्तिलाई तत्कालको मूल्यसँग परीक्षण गरेको छ । यसबाट पहिले सम्पत्ति आर्जन गर्दा श्रोत नै नभएको सम्पत्ति पनि सो भन्दा धेरै पछि प्राप्त भएका भनिएका तथाकथित आयबाट पुष्टि गर्ने कार्य भएको छ । यो श्री विशेष अदालतको गम्भीर त्रुटि हो ।

प्रत्यर्थीका साथमा रहेका चल अचल सम्पत्ति र तत् तत् अवधिमा निजले गरेको विशेष खर्च समेत गरी परीक्षण योग्य सम्पत्तिको परिमाण आरोप पत्रमा रु. १,०१,४५,२५१।९१ र अनमोल क्याटरिङ्ग प्रा. लि. को शेयरको श्रोत नखुलेको रु. १७,१५,०००।- को सम्पत्ति गैरकानूनी रूपमा आर्जनको भन्ने दाबी भएकोमा श्री विशेष अदालतले परीक्षण योग्य सम्पत्ति तत्कालको मूल्यमा हिसाव गरी परीक्षण योग्य सम्पत्ति रु. ८२,५४,८०७।- कायम गरेको र सोको श्रोत रु. ७९,५०,७२४।- आय ठहर गरी श्रोत पुष्टि हुन नसकेको रु. ३,०४,०८३।- को सम्पत्तिको श्रोत पुष्टि हुन नसकेको ठहर गरे तापनि त्यति रकमको श्रोत पुष्टि नहुनुलाई अमिल्दो र अस्वाभाविक मान्नु नहुने ठहर गरेको छ । श्री विशेष अदालतले गरेको यो ठहर त्रुटिपूर्ण छ ।

श्री विशेष अदालतले प्रत्यर्थीको गणना गर्न नमिल्ने कतिपय आयहरूलाई पनि गणना गरी सम्पूर्ण आय श्रोतबाट प्राप्त रकम गणना गरिसकेपछि र आय भएको थियो कि भनी आशंका सम्म गर्न सकिने कुनै श्रोत नै बाँकी नभएको अवस्थामा पनि यति ठूलो परिमाणको रकमलाई अस्वाभाविक नमान्ने ठहर गरेबाट सम्मानित अदालतको यस फैसलाले गैरकानूनी सम्पत्ति आर्जनको कसूर गर्ने प्रवृतिलाई प्रश्रय मिलेको छ । जे जति सम्पत्तिको बैध आयश्रोत पुष्टि हुँदैन त्यति सम्पत्ति गैरकानूनी रूपमा आर्जन गरेको ठहर गर्नुपर्ने हुन्छ । तर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को प्रावधान प्रतिकूल त्यति ठूलो परिमाणको रकमको श्रोत पुष्टि नभएकोमा पनि निजलाई सफाइ दिनु त्रुटिपूर्ण छ ।

(३) माथिका पुनरावेदन जिकिरमा प्रतिकूल असर नपारी थप निम्न जिकिरहरू लिइएको छ ।

(क) २०५४ सालमा प्रतिवादी युवराज शर्माकी श्रीमतीको नाममा काठमाडौं ९ मा एउटा घर निर्माण भएको देखिएको छ । आरोपपत्रमा उक्त घर निर्माणमा रु. २४,३२,६२६।- लागत परेको भनी उल्लेख भएकोमा विशेष अदालतले रु. १८,३३,१९३।- को लागतलाई मान्यता दिएको भए तापनि सो लागतलाई धान्न सक्ने सोही अवधिसम्मको निजको बैध आय श्रोत भए नभएको तर्फ परीक्षण गरिनु पर्नेमा सो नगरी एकमुष्ट आय र व्ययको गणना गरी त्रुटिपूर्ण फैसला भएको देखिएको छ ।

उल्लेखित घर निर्माणको श्रोत सम्बन्धममा प्रतिवादी युवराज शर्माले मिश्रित श्रोतबाट निर्माण भएको भन्दै बयानमा स्पष्ट जवाफ दिन सकेका छैनन् । निजकी श्रीमतीले पैत्रिक सम्पत्ति र जग्गा जमिनको आयस्ता आदिबाट निर्माण गरेको हो भनी बयान गरेको भए तापनि त्यस्ता आयहरू प्रतिवादीको श्रोत खुलेको अन्य सम्पत्ति जोड्नमै खर्च भएको आवधिक हिसाबबाट देखिएको अवस्था छ ।

(ख) प्रतिवादी युवराज शर्मा तथा निजको परिवारको नाममा विभिन्न स्थानमा पटक पटक गरी जमा रु. ५,६२,९७५।- मा जग्गा खरिद भएको तथ्यलाई विशेष अदालतले स्वीकार गरेकै छ । उक्त जग्गाहरू खरिद गर्न निजको तत् तत् अवधिसम्मको आयबाट पुग्ने नदेखिएको अवस्थामा ति जग्गाहरू बैध श्रोतबाट खरिद भएको मान्न सकिने हुँदैन । साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम अवैधानिक श्रोतबाट आर्जित सम्पत्ति जफत गर्ने कानूनी व्यवस्था रहेको परिप्रेक्षमा हालको मूल्यांकनलाई अन्यथा भनी साविकको मूल्यलाई नै आधार मानी भएको फैसला कानूनी रूपमा त्रुटिपूर्ण छ ।

(ग) प्रतिवादी युवराज शर्माले अनमोल क्याटरिङ्गमा रु. १८,००,०००।- (अठार लाख) को शेयर लगानी भएको भनी सम्पत्ति न्यायिक जाँचबुझ आयोग समेतमा पेश गरेको सम्पत्ति विवरणमा लिखित रूपमा उल्लेख गरेका छन् । आरोपित व्यक्ति विरुद्धको प्रत्यक्ष र महत्वपूर्ण प्रमाण आरोपित व्यक्ति स्वयंको कथन समेत हो । प्रतिवादी स्वयंले लिखित रूपमा उल्लेखित क्याटरिङ्गमा रु. १८,००,०००।- लगानी भएको भनी स्वीकार गरिरहेको अवस्थामा अदालत स्वयंले उक्त क्याटरिङ्गमा लागानी भएको हो होइन भनी सोधनी गरी दिएको जवाफको आधारमा प्रतिवादीको लगानी नभएको देखिएको भनी भएको फैसला न्यायको मान्य सिद्धान्त विपरीत समेत हुँदा बदरभागी छ । लिखित रूपमा निज प्रतिवादी स्वयंले स्वीकार गरिसकेको तथ्यलाई ग्रहण गर्न नहुने र निजले अनुसन्धानको क्रममा दिएको जवाफलाई सत्य मानी ग्रहण गर्नुपर्ने कानूनी आधार के हो सो अदालतले स्पष्ट पारेको छैन ।

(घ) प्रतिवादीलाई २०३६ साल देखि जाँच अवधिसम्म रु. २३,६५,०००।- कृषिबाट आय प्राप्त भएको भनी श्री विशेष अदालतले फैसलामा आय कायम गरेको छ । सो आय निजलाई सगोल मै रहँदा देखिको पैत्रिक जग्गा जमिनबाट प्राप्त भएको भनी सम्पूर्ण जमिनको आयस्तालाई कृषि आयमा गणना गरिएको छ । पैत्रिक सम्पत्तिबाट प्राप्त हुने सम्पूर्ण आयको हकदार प्रतिवादी मात्र नहुने व्यावहारिक पक्षलाई अदालतले कुनै ध्यान नपुऱ्याएको एकातर्फ छ भने अर्को तर्फ प्रतिवादीलाई प्राप्त भएको कृषि आय समेतबाट निजले पृथक पृथक समयमा घर जग्गा इत्यादि जोडेको र त्यसरी जोडेको सम्पत्तिलाई निजको श्रोत खुलेको अन्य सम्पत्तिको रूपमा गणना गरी आयोगले मान्यता दिएको तर्फ अदालतले दृष्टि नपुऱ्याई सम्पूर्ण कृषि आय बचत भएको मानी गरेको फैसला त्रुटिपूर्ण छ ।

(ङ) प्रतिवादीको श्रीमती शिला पोखरेल (शर्मा) ले "सि" हर्वल व्युटि मीन भवनमा काम गरी रु. १,१३,२५०।- र मेटल पेन्टिङ्ग एक्सपो २००२ मा विक्रीबाट रु. १,१२,०००।- आय प्राप्त गरेको भनी अदालतद्वारा आय कायम भएको छ । "सि" हर्वल व्युटिमा काम गरेको भनी सो संस्थाले प्रमाणित गरिदिएकोलाई सो संस्थाको कानूनी हैसियत र आधिकारिताका तर्फ कुनै विवेचना नै नगरी हचुवा तवरले प्रमाणमा लिइएको त्रुटिपूर्ण छ । त्यस्तै एक्सपो २००२ मा प्रतिवादी युवराज शर्माकी श्रीमतीले सामान विक्री गरी रकम प्राप्त गरेको विश्वसनीय र यकिन प्रमाण बेगर आय भएको भनी मान्यता दिएको समेत कानूनसम्मत छैन ।

२४. का.जि.का.म.न.पा.वडा नं. १० नयाँबानेश्वर बस्ने अर्थ मन्त्रालय, भन्सार विभागमा कार्यरत शाखा अधिकृत वर्ष ४० को देवीप्रसाद भण्डारी .....
ऐ.ऐ.बस्ने वर्ष ३० को देवी भण्डारी (कँडेल) .. गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मितिः २०६४।९।९

आयोगको दाबी र विशेष अदालतको फैसलाः-

प्रतिवादी देवीप्रसाद भण्डारीले रु. ६७,७८,४२६।६६ बराबरको सम्पत्तिको श्रोत खुलाउन नसकेकोले साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र दफा १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को कसूर गरेकोले निजलाई साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६(क) तथा हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) मा व्यवस्थित सजाय हुन तथा दफा २०(२) बमोजिम बिगो जरिवाना हुन तथा अर्का प्रत्यर्थी श्रीमती देवी भण्डारी (कँडेल) को हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) र दफा ३० बमोजिम देवी भण्डारी (कडेल) को नामको सम्पत्ति समेत जफत हुन मागदाबी लिई श्री विशेष अदालत, काठमाडौंमामुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने फैसला भएको ।

फैसलाका आधारहरूः-

(क) घर निर्माण लागतको सम्बन्धमा आवास तथा भौतिक योजना मन्त्रालय, सहरी विकास तथा भवन निर्माण विभागले तयार गरेको दररेट र आधार वर्षको आधारमा घर निर्माणको वास्तविक लागत लाग्ने भनी अदालतले अन्यथा प्रमाणित नभएसम्म मान्यता दिँदै आएकोले प्रत्यर्थीको घर आ.ब. २०५२।५३ मा निर्माण भएकोले घर निर्माणमा सोही आधार वर्ष र दररेटको आधारमा नै निर्माण लागत लाग्ने देखिन्छ । सोही विभागको मिति २०६४।४।९ को पत्रानुसार व्यक्तिगत घर निर्माणमा ठेक्का कर र ओभरहेड कष्ट २० प्रतिशत कम हुन आउने हुँदा रु. १६,५९,७९४।- मात्र लागत पर्न आउने र फर्निचर एवं विद्युतीय उपकरणको जम्मा रु. ४,००,३९१।- रहन जाने ।

(ख) अन्यथा प्रमाणित नभएसम्म जग्गाको मूल्य कायम गर्दा पारित लिखतमा अंकित मूल्य नै वास्तविक मूल्य हुने हुँदा रु. ३,७७,०१५।- वास्तविक मूल्य हुन आउने,

(ग) तलब भत्ता सम्बन्धी विवरणमा प्राप्त तलब मात्र आयोगले हिसाब गरेको देखिएकोले निश्चित रूपमा विभिन्न श्रोतबाट प्राप्त भएको रकम रु. ७,७७,८२३।- आयमा समावेश गर्नुपर्ने,

(घ) प्रत्यर्थीहरूको नाममा विभिन्न बैंकका खाताहरूबाट प्राप्त व्याज रु. १४,०१,८६५।- आयको रूपमा गणना गर्नुपर्ने,

(ङ) भाइहरूको आयलाई प्रत्यर्थीले उपभोग गरेको भनी आयोगले मानेको रकमसम्म आयमा जोडिनु पर्ने हुँदा रु. २३,५०,०००।- आयमा समावेश गर्नुपर्ने,

(च) प्रत्यर्थीको बैध आयश्रोतबाट निजलाई रु. ६७,५३,३५१।- प्राप्त भएको र निजको साथमा कुल सम्पत्ति रु. ६८,८३,३०९।- रहेको देखिएकोले रु. १,२९,९५८।- सम्म आयको श्रोत पुष्टि नभएको देखिन आएकोले कुल सम्पत्तिको २ प्रतिशत मात्र बढी देखिन आउने ।

पुनरावेदनका आधारहरू:-

(१) यस आयोगबाट प्रत्यर्थी देबीप्रसाद भण्डारी समेत विरुद्ध श्री विशेष अदालत, काठमाडौंमा दायर गरिएको गैरकानूनी सम्पत्ति आर्जन सम्बन्धी भ्रष्टाचार मुद्दाको आरोपपत्रमा प्रत्यर्थीले सार्वजनिक पदमा प्रवेश गरेपछिका अवधिमा निजले आफ्नो, पत्नी तथा छोराहरू समेतका नाममा जोडेको चल अचल सम्पत्ति उल्लेख गरी सो अवधिमा निजलाई प्राप्त भएका बैध आर्जनबाट बचत हुन सक्ने रकम तथा निजको पैत्रिक सम्पत्तिबाट प्राप्त हुन सक्ने आय हिसाब गरी तथा सो आयबाट निजले उल्लेख गरे अनुसारका खर्च कट्टा गरी बाँकी रहने बचत रकमबाट आरोपपत्रमा उल्लेख भएका चल अचल सम्पत्ति खरिद गर्न, सृजना गर्न श्रोत पुग्न सक्ने नसक्ने सम्बन्धमा विश्लेषण गरी श्रोत पुष्टि हुन नसकेको सम्पत्तिलाई गैरकानूनी आर्जनको सम्पत्ति मानी कानूनबमोजिम सजाय हुन र सम्पत्ति जफत हुन मागदाबी गरी आरोपपत्र प्रस्तुत गरिएको हो । जस अनुसार अनुसन्धानको समयको मूल्यको आधारमा निजको रु.१,२२,२२,८७७।३७ सम्पत्तिमध्ये रु. ६७,७८,४२६।६६ को सम्पत्ति श्रोत नखुलेको ठहर गरी आरोपपत्र पेश भएको हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रयोजनका लागि सम्पत्तिको गणना तथा श्रोत परीक्षण गर्नु पर्दा सार्वजनिक पदमा प्रवेश गर्दा निजसँग रहे भएको सम्पत्तिको यकिन गरी सो सम्पत्ति र तत्पश्चात निजलाई बैध आय श्रोतबाट प्राप्त भएका आयबाट निजको पारिवारिक तथा अन्य खर्च कटाई बचत हुन सक्ने आयबाट निजका साथमा अनुसन्धान हुँदा देखिएको सम्पत्तिको श्रोत पुष्टि हुन सक्छ वा सक्दैन भनी सम्पत्ति सृजना गर्दाको समय क्रमका हिसाबले विश्लेषण एवं परीक्षण गर्नु पर्नेमा श्री विशेष अदालत, काठमाडौंले प्रतिवादीको सम्पत्तिको श्रोत गणना र परीक्षण गर्दा तल प्रकरणमा उल्लेखित त्रुटि गरी प्रत्यर्थीलाई सफाइ दिने गरी फैसला गरेको हुनाले फैसलामा चित्त नबुझेका निम्न प्रकरणहरूमा उल्लेख गरी पुनरावेदन जिकिर लिइएको छ ।

(२) श्री विशेष अदालतले प्रत्यर्थीको सम्पत्तिको बैधता परीक्षण गर्दा निजलाई प्राप्त भएको देखिने र प्राप्त हुन सक्ने आयलाई कुन कुन समयमा के कति आय प्राप्त भयो र सम्पत्ति आर्जन गरेको (बैंकमा जम्मा, घर निर्माण, घर जग्गा र अन्य चल सम्पत्ति खरिद) समयमा निजको कति बैध आय बचत भएको हो सो यकिन गरी परीक्षण गर्नुपर्ने थियो । त्यस्तै, आय आर्जनको मिति यकिन हुन नसक्ने आय सम्बन्धमा पनि साल क्रमका आधारले आय रकम निर्धारण गरी आर्जित सम्पत्तिको श्रोत परीक्षण गर्नुपर्ने अवस्था थियो । तर श्री विशेष अदालतले सबै आयलाई एकमुष्ट गणना गरी सबै आर्जित सम्पत्तिलाई तत्कालको मूल्यसँग परीक्षण गरेको छ । यसबाट पहिले सम्पत्ति आर्जन गर्दा श्रोत नै नभएको सम्पत्ति पनि सो भन्दा धेरै पछि प्राप्त भएका भनिएका तथाकथित आयबाट पुष्टि गर्ने कार्य भएको छ । यो श्री विशेष अदालतको गम्भीर त्रुटि हो ।

(३) प्रत्यर्थीका साथमा रहेका चल अचल सम्पत्ति र तत् तत् अवधिमा निजले गरेको विशेष खर्च समेत गरी परीक्षण योग्य सम्पत्तिको परिमाण आरोपपत्रमा रु. १,२२,२२,८७७।३७ भएको मध्ये प्राप्त आयबाट विभिन्न शीर्षकमा खर्च गरी रु. ६७,७८,४२६।६६ को सम्पत्ति गैरकानूनी रूपमा आर्जनको भन्ने दावी भएकोमा श्री विशेष अदालतले परीक्षण योग्य सम्पत्ति तत्कालको मूल्यमा हिसाब गरी परीक्षण योग्य सम्पत्ति रु. ६८,८३,३०९।- कायम गरेको र सो को श्रोत रु. ६७,५३,३५१।- आय ठहर गरी बैध आयश्रोत भन्दा रु. १,२९,९५८।- (मौजुदा सम्पत्ति २ प्रतिशत) बढी भएको पुष्टि गरेको छ ।

श्री विशेष अदालतले प्रत्यर्थीका गणना गर्न नमिल्ने कतिपय आयहरूलाई पनि गणना गरी सम्पूर्ण आयश्रोतबाट प्राप्त रकम गणना गरिसकेपछि र आय भएको थियो कि भनी आशंका सम्म गर्न सकिने कुनै

श्रोत नै बाँकी नभएको अवस्थामा पनि रु. १,२९,९५८।- लाई अस्वाभाविक नमान्ने ठहर गरेबाट सम्मानित अदालतको यस फैसलाले गैरकानूनी सम्पत्ति आर्जनको कसूर गर्ने प्रवृतिलाई प्रश्रय मिलेको छ । जे जति सम्पत्तिको बैध आयश्रोत पुष्टि हुँदैन त्यति सम्पत्ति गैरकानूनी रूपमा आर्जन गरेको ठहर गर्नुपर्ने हुन्छ । तर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को प्रावधान प्रतिकूल त्यति ठूलो परिमाणको रकमको श्रोत पुष्टि नभएकोमा पनि निजलाई सफाइ दिनु त्रुटिपूर्ण छ ।

(४) माथि प्रकरण २ र ३ मा उल्लेखित जिकिरका अतिरिक्त श्री विशेष अदालतले गरेको फैसला निम्न अधार एवं कानूनी दृष्टिमा त्रुटिपूर्ण रहेकोले फैसला बदर गरी शुरु आरोप पत्रको मागदाबी बमोजिम हुन निम्न जिकिर प्रस्तुत गरिएको छ-

(क) तलब भत्ताको सम्बन्धमा आयोगबाट प्रत्यर्थीको सार्वजनिक सेवामा प्रवेश भएपछि अनुसन्धानको अवधिसम्मको तलब बापत जम्मा रु. ५,८७,८१०।- आय भएको भन्ने उल्लेख गरे तापनि अदालतले रु. ७,७७,८२३।- अर्थात् रु. १,९०,०१३।- लाई थप आय कायम गरेको छ । दशैं खर्च, लेखा भत्ता, दुर्गम भत्ता आदि समेत जोडी निश्चित रूपमा प्राप्त हुने श्रोतहरूलाई आयमा जोडिएको भन्ने आधार लिएको पाइयो । अनुसन्धानको क्रममा संकलन भएका प्रमाणबाट प्रत्यर्थीको तलब भत्ता बापत प्राप्त गरेको आधारमा आयोगले आय कायम गरेको हो । अदालतले आय कायम गर्दा निश्चित रूपमा प्राप्त हुने रकमहरूलाई समावेश गरेको रकम मध्ये आफ्नो दैनिक भमण भत्ता तथा परिवारको दैनिक भ्रमण भत्ता बापत प्राप्त रकम समेतलाई समावेश गरेको छ जुन प्रत्यक्ष खर्च भई जाने शीर्षकमा प्राप्त गरेको आम्दानी वा सुविधालाई बचत रहेको मान्न सकिने आधार छैन । बचत हुन सक्ने मनासिब आधार बेगर आय कायम गरेको हुँदा निज र निजको परिवारको दैनिक भ्रमण भत्ता बापत प्राप्त गरेको रकमलाई आयमा गणना गर्न मिल्ने होइन । भ्रमण गर्दा स्वाभाविक रूपमा खर्च व्यहोर्नु पर्ने हुन्छ त्यस्तो खर्चको सोधभर्ना बापत प्राप्त हुने रकमलाई आयमा गणना गर्न मिल्दैन । यस्तै दशैं खर्च, दुर्गमभत्ता जस्ता रकमहरूलाई पनि आयमा गणना गर्न मिल्ने देखिँदैन ।

(ख) भाइहरूको पारिश्रमिक मध्ये आयोगबाट जम्मा रु. ११,०४,८२९।- प्रत्यर्थीको आयमा समावेश गर्नुपर्ने भन्ने आधार उल्लेख गरेको भए तापनि श्री विशेष अदालतले भने रु. २३,५०,०००।- निजको आयमा समावेश गरेको देखिएको छ । आयोगले भाइहरू मध्ये शंकरप्रसाद भण्डारीको कुल आय रु. १५,३५,८४७।५० र हरिहर भण्डारीको कुल आय रु. ६,७५,७०९।९५ मध्ये ५० प्रतिशत खर्च कटाई बाँकी हुन आउने रकमलाई निजको आयमा समावेश गरेको हो । तर श्री विशेष अदालतले प्रत्यर्थीको भनाइलाई मात्र आधार मानी आत्मानिष्ट आधारमा रु. २३,५०,०००।- आयमा जोडिएको छ । भाइहरू सगोलमा रहेको तथ्य आरोप-पत्रमा स्पष्ट रूपमा उल्लेख भएको छ । तर भाइहरूको आयको रूपमा अभिलेखीकरण भएको रकम मध्ये सम्पूर्ण रकम नै दाजुलाई दिएको भन्नु स्वाभाविक देखिँदैन । भाइहरूले आफ्नो लागि गरिने खर्च एवं दैनिक यापनका लागि चाहिने खर्च समेतलाई आयोगले हिसाब गरी कुल रकममध्ये ५० प्रतिशत रकमसम्म दाजुलाई दिन सक्ने तथ्य स्विकार गरी अभियोजन गरेको अवस्था हो । आयोग समक्ष भाइहरूको आयको प्रमाण पेश गर्दा आयोगले उल्लेख गरेको रकमसम्ममा सीमित रहेकोमा पछि अदालतमा थप प्रमाण पेश भएको छ । आयोगले भाइहरूबाट दिनसक्ने रकम भनी लिइएका आधार यो यस्तो कारणले त्रुटिपूर्ण रहेको भन्ने अदालतको भनाइ पनि छैन जुन प्रमाण मौकामा पेश गर्न नसकेको र मौकामा व्यक्त गर्न समेत नसकेको अवस्थामा त्यस्तो प्रमाणलाई अदालतले ग्रहण गरी परीक्षण विना स्वीकार गरी प्रत्यर्थीको भनाइलाई मात्र आधार मानी कानूनसंगत रूपमा परीक्षण र मूल्यांकन नगरी गरेको फैसला त्रुटिपूर्ण रहेको छ ।

अदालतको फैसलमा प्रत्यर्थीले उपभोग गरेको भनी मानेको रकमसम्म निजको आयमा जोडिनु पर्ने हुँदा सो रकम रु. २३,५०,०००।- सम्म निजको आयमा समावेश गर्नुपर्ने हुन आउँछ भन्ने व्यहोरा उल्लेख गरी फैसला भएको देखिंदा कसूरबाट उन्मुक्ति दिने अभिप्रायले प्रत्यर्थीको अस्वाभाविक खर्चलाई स्वाभाविक तुल्याउनको लागि उपभोग गरेको रकम खाम्ने गरी आत्मगत तरिकाले भएको फैसला त्रुटिपूर्ण छ ।

(ग) बैंकबाट रु. १४,०१,८६५।- व्याज प्राप्त गरेको भनी श्री विशेष अदालत, काठमाडौंले उक्त रकमलाई प्रत्यर्थीको आय कायम गरेको छ । सम्बन्धित बैंकको विवरणमा व्याज बापत उल्लेख भएको रकमलाई आयमा कायम गर्दा कुनै आधार भने खुलाइएको छैन । बैंकमा जम्मा भएको रकमलाई अदालतले बैध अबैध परीक्षण गरी बैध आयमा आर्जन भएको ब्याजलाई मात्र आयको रूपमा गणना गर्नुपर्नेमा सो तर्फ परीक्षण नै नगरी बैंक विवरणमा उल्लेख भएको सम्पूर्ण व्याजलाई आय कायम गर्ने गरी त्रुटिपूर्ण फैसला गरेको छ ।

(घ) श्री विशेष अदालतले आरोपपत्रमा श्रोत नखुलेको सम्पत्तिको रूपमा उल्लेख भएका कतिपय विषयमा प्रवेश नै नगरी फैसला गरेको छ । जसमध्ये श्रीमती देवी भण्डारी (कँडेल) ले सिद्धार्थनगर स्थित नेपाल बैंक अफ सिलोनमा २०५६ माघ ७ गते देखि २०५७ पोष ९ गतेसम्मको अवधिमा रु. २०,४०,०००।- जम्मा गरेको देखिन्छ । अनुसन्धानको क्रममा उक्त रकम कोरियाबाट आफन्तहरूले पठाएको भनी बयानमा उल्लेख गरेको भए तापनि सो तथ्यलाई अन्य प्रमाणले पुष्टि गरेको देखिएको छैन । अदालतमा बयान गर्दा समेत यस तथ्यमा कुनै व्यहोरा उल्लेख गर्न सकेको पाइँदैन । प्रस्तुत अवस्थामा आदलतले त्यसतर्फ प्रमाणको परीक्षण एवं मूल्यांकन नै नगरी एवं श्रोत खुलेको नखुलेको यकिन नै नगरी फैसला गरेको छ । आरोपपत्रमा लिइएका आधारहरूलाई अदालतले प्रमाणको मूल्यांकन गरी खण्डन गर्नुपर्नेमा सो समेत गर्न सकेको अवस्था फैसलामा नदेखिँदा फैसला त्रुटिपूर्ण छ ।

(ङ) यसै गरी प्रत्यर्थीका छोराहरू विपुल भण्डारी र पवन भण्डारीको नाममा नेपाल बंगलादेश बैंकको मुद्दती खातामा रु. २० लाख जम्मा भएको मध्ये रु. १६ लाखलाई आयोगले अवैध सम्पत्तिको रूपमा गणना गरेकोमा श्री विशेष अदालत उक्त रकमको सम्बन्धमा फैसलामा मौन रहेको छ । अनुसन्धानको क्रममा प्रत्यर्थी देवी भण्डारीले बयान गर्दा उक्त रकम भाइ, बहिनी र बुबाले २०४८ देखि २०५५ सालको अवधिमा पटक पटक दिएको भन्ने व्यहोरा उल्लेख गरे तापनि अदालतमा बयान गर्दा (स.ज.१५) भने किटान गरी भन्न खुलाउन सकेको छैन भने ठोस प्रमाण पुऱ्याउन सकेको पनि पाइँदैन । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिम आय आर्जन गरेको श्रोतको प्रमाणित गर्ने भार प्रत्यर्थीमा रहने देखिन्छ । प्रस्तुत शीर्षकमा आय आर्जन गरेको मान्ने कुनै पनि ठोस प्रमाण प्रत्यर्थीले प्रस्तुत गर्न नसकेको एवं श्री विशेष अदालतले आरोपपत्रमा उल्लेख भएको विषयमा यो यी प्रमाणले श्रोत बैध हो भनी खण्डन गर्न नसकेको हुँदा फैसला त्रुटिपूर्ण छ ।

२५. धनुषा जिल्ला जनकपुर नगरपालिका वडा नं. ८ पिडारीचोक स्थायी घर भई उदयपुर सिमेन्ट उद्योगमा वरिष्ठ अधिकृत पदका राजेन्द्र थापा .....शुरु नियुक्ति पाउने उद्देश्यले शैक्षिक योग्यताको झूटा (नक्कली) प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६४।११।२४

आयोगको दाबी र विशेष अदालतको फैसलाः-

उल्लेखित प्रतिवादीलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२(२९) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजायको मागदाबी लिई मुद्दा दायर गरिएकोमा श्री विशेष अदालतबाट प्रतिवादीलाई सफाइ दिई फैसला भएको ।

फैसलाका आधारहरूः-

(क) प्रमाणपत्र जारी गर्ने संस्थाबाटै विवादित प्रमाणपत्र सही हो भनी लेखी पठाएको अवस्थामा त्यसलाई अन्यथा हो भन्न सकिने देखिँदैन ।

पुनरावेदनका आधारहरूः-

(क) प्रतिवादी राजेन्द्र थापाले विहार विश्वविद्यालय, मुजफ्फरपुरबाट आई.ए.उत्तिर्ण गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्रहरू प्रमाणीकरणको लागि पठाउँदा बाबा साहेब भिमराव अम्बेडकर विहार विश्वविद्यालयबाट निज प्रतिवादीको शैक्षिक योग्यता सम्बन्धी कुनै पनि अभिलेख नभएको भनी प्रमाणीकरण भई आएबाट निजको शैक्षिक योग्यताको प्रमाणपत्र झूटा देखिएकोमा निजले उल्लेखित विश्वविद्यालयको लेटरप्याडमा निजको प्रमाणपत्र सही हो भनी Ref no. C/4673 date 1-8-2005 लेखिएको पत्र आयोगमा निवेदनसाथ पेश गरेकोले निजकै निवेदन बमोजिम पुनः प्रमाणीकरणको लागि पठाइएकोमा उल्लेखित Ref No. र मितिको पत्र उक्त विश्वविद्यालयबाट जारी नै नभएको भन्ने विवरण प्राप्त हुन आएबाट प्रतिवादी स्वयंले आयोगमा पेश गरेको पत्र समेत झूटा देखिई निजको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको भन्ने तथ्यलाई थप पुष्टयाई प्राप्त भएको अवस्था छ ।

(ख) अनुसन्धानको सिलसिलामा प्रतिवादीको प्रमाणपत्र सम्बन्धमा प्रतिवादीको माग बमोजिम समेत पुनः प्रमाणीकरण गराउँदा निजको प्रमाणपत्र नक्कली रहेको प्रमाणित भइरहेको अवस्थामा अदालत समक्ष निजले माग गर्दैमा पुनः प्रमाणीकरण गराई रहनुपर्ने आवश्यकता नै नरहेकोमा पुनः प्रमाणीकरण गराई सोही आधारमा प्रतिवादीलाई सफाइ दिने फैसला गरिएको छ । आयोगबाट गराइएका अघिल्ला प्रमाणीकरणहरूको विवरण यो यति कारणबाट अन्यथा हो भनी फैसलामा कुनै विवेचना समेत गरिएको छैन । जहाँसम्म पछिल्लो पटकको प्रमाणीकरण विवरणको सवाल छ सो प्रमाणीकरण विवरण हेर्दा आयोगमा प्राप्त विश्वविद्यालयका अघिल्ला प्रमाणीकरण सम्बन्धी पत्रहरूको ढाँचा र बनौट भन्दा पृथक (हस्ताक्षरले लेखिएको) भएबाट स्वयंमा संदिग्ध र विवादयुक्त देखिन्छ । यसरी अनुसन्धानका सिलसिलामा पटक पटक भएका प्रमाणीकरण विवरणहरूलाई प्रमाणमा लिन नसकिने कुनै आधार र कारण नै उल्लेख नगरी पछि प्राप्त संदिग्ध र विवादास्पद प्रमाणीकरण विवरणलाई प्रतिवादीको पक्षमा प्रमाण लगाई सफाइ दिई भएको फैसला त्रुटिपूर्ण छ ।

२६. का.जि.का.म.न.पा.वडा नं. १३ कालिमाटी बस्ने वर्ष ४६ को अर्थ मन्त्रालयका सह सचिव श्रीराम पन्त .....

ऐ.ऐ.बस्ने वर्ष ४६ को भवानी देवी पन्त.....

ऐ.ऐ.वा.नं. ४ बालुवाटार बस्ने अं. वर्ष ४३ को उत्तमराज पाण्डे.....मोरङ विराटनगर उपमहानगरपालिका वा.नं. १४ बस्ने नवराज बिष्ट की पत्नी ऐ.ऐ. बस्ने अं. वर्ष ४८ की उषा विष्ट ...

ऐ.ऐ. घर भई हाल भक्तपुर जिल्ला मध्यपुर ठिमी न.पा.वडा नं. १५ कौशलटार बस्ने वर्ष २९ की नितम विष्ट .....गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६४।८।२१

आयोगको दाबी र विशेष अदालतको फैसलाः-

प्रतिवादी श्रीराम पन्तले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिम गैरकानूनी रूपमा रु. १,१७,६७,३२६।७१_आर्जन गरेको पुष्टि हुन आएकोले निजका हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम उल्लेखित रकम बिगो कायम गरी जरिवाना तथा कैद सजाय हुन र प्रत्यर्थी भवानीदेवी पन्त समेतको हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) तथा १६(ग) बमोजिम अपराध गर्नमा मुख्य भूमिका निर्वाह गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) र ३० बमोजिम जफत गर्न समेत माग दाबी लिई श्री विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरूलाई सफाइ दिई फैसला भएकोले सो फैसला उपर पुनरावेदन गरिएको ।

फैसलाका आधारहरूः-

(क) उत्तमराज पाण्डे र नितम विष्टको खातामा भएको सम्पूर्ण रकम ति खातावालाहरूकै रहेको ।

(ख) अनुसन्धानको अवधिमा भएको बैध आर्जन भन्दा खर्च कम भएको देखिएको ।

पुनरावेदनका आधारहरूः-

१. यस आयोगबाट प्रत्यर्थी श्रीराम पन्त समेत विरुद्ध श्री विशेष अदालत, काठमाडौंमा दायर गरिएको गैरकानूनी सम्पत्ति आर्जन सम्बन्धी भ्रष्टाचार मुद्दाको आरोपपत्रमा प्रत्यर्थीले सार्वजनिक पदमा प्रवेश गरेपछिका अवधिमा निजले आफ्नो, पत्नी तथा छोराहरू समेतका नाममा जोडेको चल अचल सम्पत्ति उल्लेख गरी सो अवधिमा निजलाई प्राप्त भएका बैध आर्जनबाट बचत हुन सक्ने रकम तथा निजको पैत्रिक सम्पत्तिबाट प्राप्त हुन सक्ने आय हिसाब गरी तथा सो आयबाट निजले उल्लेख गरे अनुसारका खर्च कट्टा गरी बाँकी रहने बचत रकमबाट आरोपपत्रमा उल्लेख भएका चल अचल सम्पत्ति खरिद गर्न, सृजना गर्न श्रोत पुग्न सक्ने नसक्ने सम्बन्धमा विश्लेषण गरी श्रोत पुष्टि हुन नसकेको सम्पत्तिलाई गैरकानूनी आर्जनको सम्पत्ति मानी कानूनबमोजिम सजाय हुन र सम्पत्ति जफत हुन मागदाबी गरी आरोपपत्र प्रस्तुत गरिएको हो । जस अनुसार अनुसन्धानको समयको मूल्यको आधारमा निजको रु. १,६५,१०,३००।३२ सम्पत्ति मध्ये रु. १,१७,६७,३२६।७१ को सम्पत्ति श्रोत नखुलेको ठहर गरी आरोपपत्र पेश भएको हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रयोजनका लागि सम्पत्तिको गणना तथा श्रोत परीक्षण गर्नु पर्दा सार्वजनिक पदमा प्रवेश गर्दा निजसँग रहे भएको सम्पत्तिको यकिन गरी सो सम्पत्ति र तत्पश्चात निजलाई बैध आय श्रोतबाट प्राप्त भएका आयबाट निजको पारिवारिक तथा अन्य खर्च कटाई बचत हुन सक्ने आयबाट निजका साथमा अनुसन्धान हुँदा देखिएको सम्पत्तिको श्रोत पुष्टि हुन सक्छ वा सक्दैन भनी सम्पत्ति सृजना गर्दाको समय क्रमका हिसाबले विश्लेषण एवं परीक्षण गर्नुपर्नेमा श्री विशेष अदालत, काठमाडौंले प्रतिवादीको सम्पत्तिको श्रोत गणना र परीक्षण गर्दा तल प्रकरणमा उल्लेखित त्रुटि गरी प्रत्यर्थीलाई सफाइ दिने गरी फैसला गरेको हुनाले फैसलामा चित्त नबुझेका निम्न प्रकरणहरूमा उल्लेख गरी पुनरावेदन जिकिर लिइएको छ ।

२. श्री विशेष अदालतले प्रत्यर्थीको सम्पत्तिको बैधता परीक्षण गर्दा निजलाई प्राप्त भएको देखिने र प्राप्त हुन सक्ने आयलाई कुन कुन समयमा के कति आय प्राप्त भयो र सम्पत्ति आर्जन गरेको (बैंकमा जम्मा, घर निर्माण, घर जग्गा र अन्य चल सम्पत्ति खरिद) समयमा निजको कति बैध आय बचत भएको हो सो यकिन गरी परीक्षण गर्नुपर्ने थियो । त्यस्तै, आय आर्जनको मिति यकिन हुन नसक्ने आय सम्बन्धमा पनि साल क्रमका आधारले आय रकम निर्धारण गरी आर्जित सम्पत्तिको श्रोत परीक्षण गर्नुपर्ने अवस्था थियो । तर श्री विशेष अदालतले सबै आयलाई एकमुष्ट गणना गरी सबै आर्जित सम्पत्तिलाई तत्कालको मूल्यसँग परीक्षण गरेको छ । यसबाट पहिले सम्पत्ति आर्जन गर्दा श्रोत नै नभएको सम्पत्ति पनि सो भन्दा धेरै पछि प्राप्त भएका भनिएका तथाकथित आयबाट पुष्टि गर्ने कार्य भएको छ । यो श्री विशेष अदालतको गम्भीर त्रुटि हो ।

३. प्रत्यर्थीका साथमा रहेका चल अचल सम्पत्ति र तत् तत् अवधिमा निजले गरेको विशेष खर्च समेत गरी परीक्षण योग्य सम्पत्तिको परिमाण आरोपपत्रमा रु. १,६५,१०,३००।३२ भएको मध्ये प्राप्त आयबाट विभिन्न शीर्षकमा खर्च गरी रु. १,१७,६७,३२६।७१ को सम्पत्ति गैरकानूनी रूपमा आर्जनको भन्ने दाबी भएकोमा श्री विशेष अदालतले परीक्षण योग्य सम्पत्ति (तत्कालको मूल्यमा हिसाव गरी) रु. ५६,९७,०६४।-कायम गरेको र सोको श्रोत रु. ७३,९८,३८४।- आय ठहर गरी बैध आयश्रोत भन्दा खर्च रु. १६,१०,३२०।- घटी भएको पुष्टि गरेको छ ।

श्री विशेष अदालतले प्रत्यर्थीका गणना गर्न नमिल्ने कतिपय आयहरूलाई पनि गणना गरी सम्पूर्ण आयश्रोतबाट प्राप्त रकम गणना गरिसकेपछि र आय भएको थियो कि भनी आशंका सम्म गर्न सकिने कुनै श्रोत नै बाँकी नभएको अवस्थामा पनि निजको मौजुदा सम्पत्ति भन्दा रु. १६,१०,३२०।- बढी निजलाई बैध रूपमा आय भएको ठहर गरेबाट सम्मानित अदालतको यस फैसलाले गैरकानूनी सम्पत्ति आर्जनको कसूर गर्ने प्रवृतिलाई प्रश्रय मिलेको छ । जे जति सम्पत्तिको बैध आयश्रोत पुष्टि हुँदैन त्यति सम्पत्ति गैरकानूनी रूपमा आर्जन गरेको ठहर गर्नुपर्ने हुन्छ ।

४. माथि प्रकरण १, २ र ३ मा उल्लेखित जिकिरका अतिरिक्त श्री विशेष अदालतले गरेको फैसला निम्न अधार एवं कानूनी दृष्टिमा त्रुटिपूर्ण रहेकोले फैसला बदर गरी शुरु आरोप पत्रको मागदाबी बमोजिम हुन निम्न जिकिर प्रस्तुत गरिएको छ-

(क) प्रतिवादी श्रीराम पन्त र उत्तमराज पाण्डे मिनाजु साला नाताका व्यक्ति हुन भन्ने कुरामा विवाद रहेको देखिँदैन । उत्तमराज पाण्डेका नामका बैंक भौचरहरू प्रतिवादी श्रीराम पन्तको घरबाट बरामद भएको तथ्यमा पनि विवाद रहेको छैन । जसलाई श्री विशेष अदालतले समेत स्वीकार गरेकै छ । बाबु आमाबाट अंशवण्डा भई भिन्न बसेका उत्तमराज पाण्डेले आफ्नी श्रीमती र छोरा छोरी छदाँछँदै श्रीराम पन्तको छोरा अर्थात (उत्तम राज पण्डेका) आफ्नो भान्जा शुभाष पन्तलाई इच्छाइएको व्यक्ति राखी बैंक खाता खोल्नु पर्ने कुनै प्रयोजन र औचित्य देखिँदैन । बाबु आमाको इच्छा अनुसार इच्छाइएको व्यक्तिमा भान्जा सुभाष पन्तको नाम उल्लेख गरेको भन्ने निजको बयान भए पनि बाबु आमाबाट छुट्टी भिन्न भई वसेको अवस्थामा निजहरूको इच्छा बमोजिम त्यसो गरी दिएको भन्ने निजको भनाई विश्वासप्रद देखिँदैन । प्रतिवादी श्रीराम पन्तको घरबाट उत्तमराज पाण्डेको नामको बैंक भौचरहरू बरामद हुनु र निजको खातामा स्वयं प्रतिवादी श्रीराम पन्तकी श्रीमती भवानी पन्त समेतले मिति २०५३।६।४ मा रु. २,६०,०००।- जम्मा गरी दिनु, यस पूर्व पटक पटक उत्तमराज पाण्डेले भवानी देवी पन्तलाई विभिन्न समयमा चेक काटी रकम दिएको देखिनु

समेतबाट निज उत्तमराज पाण्डेको खातामा श्रीराम पन्तको रकम जम्मा भएको भन्ने तथ्य प्रष्ट रूपमा पुष्टि भएको अवस्था छ। त्यस्तै नितम विष्टको नामको खातामा विभिन्न मितिमा रकम जम्मा भएको बैंक भौचरहरू समेत प्रतिवादी श्रीराम पन्तको घरबाट बरामद भएको छ। नितम विष्टको कृषि विकास बैंक, कालिमाटीमा रहेको खातामा श्रीराम पन्तका अर्का छोरा श्रृजित पन्तलाई इच्छाइएको व्यक्तिको रूपमा उल्लेख गरिएको छ। श्रीराम पन्तको घरबाट बरामद भौचरमा नाम उल्लेखित निजकी नातेदार नितम विष्टले शेषपछि खातामा रहेको रकम श्रृजित पन्तले खान पाउने गरी इच्छाउनु पर्ने स्वाभाविक र अन्य कुनै कारण उल्लेख गर्न नसकी कसलाई इच्छाइएको हो सो समेत नखुलाई तथ्यलाई ढाकछोप गर्ने प्रयास समेत गरेकी छन्। निजले गरेको बयानबाट सो कुरा स्पष्ट हुन्छ। निज नितम विष्टको खातामा मिति २०५३।११।१२ मा वि.शर्माका नामबाट रकम जम्मा भएको र नितम विष्टले वि.पन्तलाई मिति २०५४।३।३० मा रु. १३,००,०००।- को रकम भुक्तानी दिएको देखिन्छ। सो रकम प्रतिवादी श्रीराम पन्तकी श्रीमतीले बुझेको स्वीकार गरेबाट नितम विष्टको खातामा समेत प्रतिवादी श्रीराम पन्तको श्रोत नखुलेको रकम जम्मा भएको तथ्य पुष्टि भएको अवस्थामा उत्तमराज पाण्डे र नितम विष्टको नामको खाता सञ्चालन र नियन्त्रणमा प्रतिवादी श्रीराम पन्तको प्रत्यक्ष संलग्नता नदेखिएको भनी वरामदी भौचर, खातामा इच्छाइएको व्यक्तिको नामको उल्लेखन, प्रतिवादी र खातावाला वीच बेलावखतमा भएका आर्थिक कारोवारहरूलाई दृष्टिगत नगरी केवल प्रतिवादीकै मिलोमतोका सहयोगी व्यक्तिहरूको र निजका आफन्तहरूको बयान जिकिर व्यहोरालाई मात्र आधारमानी भएको फैसला त्रुटिपूर्ण छ। गैरकानूनी सम्पत्ति आर्जन गरी अन्य व्यक्तिका नाममा बैंकमा राखी सोबाट रकम निकाली आफैले प्रयोग गर्ने गरेका प्रमाणलाई महत्व नदिई गरेको फैसलाबाट गैरकानुनी सम्पत्ति आर्जन गरी लुकाउने प्रबृतिलाई प्रोत्साहित गरेको छ। अतः विशेष अदालतको प्रमाण मूल्यांकन समेतको आधार गम्भिररूपमा त्रुटिपूर्ण छ।

(ख) का.म.न.पा.वडा नं. १३ मा भवानीदेवी पाण्डेका नाममा २०४७ मा सुरु गरी २०५५ सालमा घर निर्माण सम्पन्न भएको देखिएको छ। जुन घरको लागत विशेष अदालतले १९,३१,७८२।- ठहर गरेको छ। सो लागतलाई मान्यता दिएको भए तापनि सो लागतलाई धान्न सक्ने सोही अवधिसम्मको निजको आवधिक आयलाई पनि हेरिनुपर्नेमा एकमुष्ट आय र व्ययको गणना गरी मान्यता दिएको त्रुटिपूर्ण देखिन्छ।

प्रतिवादी श्रीराम पन्तले अदालत समक्ष समेत बयान गर्दा घर निर्माणको श्रोतको रूपमा आफ्नो तथा श्रीमतीको पारिश्रमिक, कृषि आय, दाइजो पेवा, विदेश भ्रमणबाट प्राप्त रकमलाई उल्लेख गरे पनि त्यसमा स्पष्टता एकातिर देखिएको छैन भने अर्को तर्फ त्यस्ता आयश्रोतहरू बचत हुन सक्ने प्रकृतिका आयश्रोत हुन् होइनन् त्यसतर्फ समेत विचार र विवेचना गरी भवन निर्माणको वैध श्रोत पुष्टि भए नभएकोमा कुन आयश्रोतबाट पुष्टि भएको हो सो इन्साफमा बोलिनु पर्नेमा त्यसो नगरिएबाट फैसला त्रुटिपूर्ण देखिन्छ।

(ग) जग्गाको मूल्य सम्बन्धमा, प्रतिवादी श्रीराम पन्त तथा निजको परिवारको नाममा विभिन्न स्थानमा पटकपटक गरी जम्मा मूल्य रु. १०,२८,३५०।- मा जग्गाहरू खरिद भएको तथ्यलाई विशेष अदालतले स्वीकार गरेको छ। ती जग्गाहरू खरिद गर्न निजको तत् तत् अवधिसम्मको आयबाट पुग्ने नदेखिँदा वैध श्रोतबाट खरिद गरेको भनी मान्न सकिने हुँदैन। त्यस्तै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम अवैधानिक श्रोतबाट आर्जित गरेको सम्पत्ति जफत गर्ने कानूनी

व्यवस्था रहेको परिप्रेक्ष्यमा हालको मूल्यांकन गर्ने व्यवस्थालाई अन्यथा भनी साविकको मूल्यलाई आधार मानी गरिएको फैसला त्रुटिपूर्ण छ ।

(घ) प्रतिवादी श्रीराम पन्तले बेलायत, अमेरिका, जापान, मलेसिया, थाइलैण्ड, नर्वे, चिन, हङकङ्ग समेतका देशहरूमा समय समयमा भ्रमण गरेको अनुसन्धानको क्रममा संकलित कागजात प्रमाणहरूबाट देखिएको र निज स्वयंले विदेश भ्रमणबाट १२२७५ डलर जति आय भएको भनी स्वीकार गरेकोबाट विदेशमा भएको खर्चलाई न्यायोचित रूपमा कटाई बाँकी रहन आउने रु. ४,९७,९४२।- लाई निजको आयमा समावेश गरिएको हो । विदेश भ्रमणबाट आफूलाई उल्लेखित रकमको करिब चार दोब्बर बढी आय भएको भनी अनुसन्धानको समयमा उल्लेख र प्रस्तुत गर्न नसकेको प्रमाण र हिसाब अदालतमा प्रस्तुत गरेकोमा सो प्रमाण र हिसाबलाई न्यायिक तवरले मूल्यांकन र परीक्षण नगरी निज प्रतिवादीको कथनकै आधारमा थप रु. ११,४३,३२७।- विदेश भ्रमणबाट बैध आय प्राप्त भएको भनी भएको फैसला त्रुटियुक्त छ ।

(ङ) प्रतिवादीले रु. ९,८१,८४०।- बैंकबाट व्याज प्राप्त गरेको भनी श्री विशेष अदालतले उक्त रकमलाई निजको आय कायम गरेको छ । सम्बन्धित बैंकको विवरणमा व्याज बापत उल्लेख भएको रकमलाई आय कायम गर्दा त्यसको कुनै आधार खुलाइएको छैन । बैंकमा जम्मा भएको रकमलाई अदालतले बैध अवैध के हो ? परीक्षण गरी बैध आयमा आर्जन भएको व्याजलाई मात्र आयको रूपमा गणना गर्नुपर्नेमा सो को कुनै परीक्षण नगरी बैंक विवरणमा उल्लेख भएको सम्पूर्ण व्याजलाई आय कायम गरी त्रुटिपूर्ण फैसला गरेको छ ।

(च) प्रतिवादी श्रीराम पन्तकी श्रीमती भवानी देवी पन्तको नाममा काठमाडौंमा २ $^{1}/_{2}$ तल्ले घर भएको देखिएको छ । निजको घरमा साजसज्जा सहितको बैठक कोठा, पाहुना कोठा समेतका कोठाहरू रहेको भन्ने खानतलासी तथा बरामदी मुचुल्काबाट देखिएको छ । घरको कुनै तल्ला वा भाग भाडामा लागे लगाएको भन्ने उक्त मुचुल्काबाट नदेखिएबाट घरभाडामा लागेको तथ्य पुष्टि भएको छैन । अतः प्रतिवादीको भनाइकै आधारमा मात्र भाडामा लागेको भनी भाडा बापत रु. ५,२०,०००।- आय प्राप्त भएको भनी आय कायम गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(छ) जग्गाबाट रु. २,९०,०००।- बराबरको प्रतिवादीको कृषि आय बचत भएको भनी फैसलामा उल्लेख भएको छ । प्रतिवादी श्रीराम पन्तका २ छोरा र श्रीमान् श्रीमती समेत ४ जना परिवार रहेको छ । निज प्रतिवादीलाई आफु लगायत निजको परिवारको पालन पोषण छोराहरूको शिक्षादीक्षा र परिवार सञ्चालनको लागि उल्लेख्य खर्च लाग्ने अवस्था देखिन्छ ।

भाइ दामोदर पन्तले ड्राफ्टबाट २ पटक गरी पठाएको उल्लेखित रकम प्रतिवादीको कृषि आय बापतको रकम हो भन्ने तथ्य नै प्रथमतः स्थापित एवं प्रमाणित हुन सकेको छैन भने दोश्रो सो रकम त्यस बापतकै हो भन्ने मानेमा पनि प्रतिवादीको कृषि आय परिवार सञ्चालन र छोराहरूको पढाई लेखाई आदिमा नै खर्च हुने भएकाले कृषि आय बचत हुने अवस्था छैन ।

(ज) प्रतिवादीको सम्पत्तिको जाँच अवधि २०३५।१२।५ देखि २०५९।११।८ सम्म छ । यो अवधि भनेको लगभग २४ वर्ष हो । प्रतिवादीको तलबभत्ता रकम मासिक रूपमा आम्दानी हुने, कृषि आय वार्षिक एवं अर्ध वार्षिक रूपमा हुने र त्यसबाट प्राप्त आय खर्च पनि हुँदै जाने हुँदा तलब भत्ता र कृषि आय उल्लेख्य रूपमा बचत हुन सक्ने स्थिति नै रहँदैन । कृषि आय जस्ता आयलाई न्यायसंगत भनी अदालतले स्वीकार गर्दा प्रतिवादीले तत् अवधिमा गर्ने पारिवारिक खर्चलाई पनि न्यायसंगत

रूपमा अनुमान गरी कटाउनु पर्नेमा आयको मात्र अनुमान गरी आयमा थप गर्न मिल्ने होइन । तसर्थ प्रतिवादीका आयहरूलाई जस्ताको तस्तो बचत हुने तर खर्च नहुने भन्ने मनसाय प्रदर्शित हुने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(झ) श्री विशेष अदालतले रु. ७३,९८,३८४।- लाई बैध आयको रूपमा गणना गरिसकेपछि प्रत्यर्थीको जिकिर अनुसारको ऋण सापटी लगायतको विभिन्न श्रोतहरूबाट आर्जित भएका भनिएका रकमहरूलाई पनि आय श्रोतको रूपमा अस्विकार गर्न नसकिने भए तापनि त्यसरी प्राप्त आय उपयोग भएको नदेखिएको भन्ने आधारमा आय रकम गणना नगरिएको भन्ने आधार उल्लेख भएको छ । सो सम्बन्धमा आयको रूपमा स्विकार गर्ने हो भने व्यापक विश्लेषण गरी त्यसलाई परीक्षण भइसकेपछि मात्र स्विकार गर्न मिल्ने अवस्था हुँदाहुँदै पनि आत्मगत रूपमा उपयोगसम्म भएको नदेखिएको आधार खुलाई भएको फैसला त्रुटिपूर्ण छ ।

२७. स्याङजा जिल्ला केवरे गा.वि.स.वडा नं. ८ काफलडाँडा स्थायी वतन भई हाल काठमाडौं महानगरपालिका वडा नं. २ लाजिम्पाट, नर्सरीगल्ली बस्ने आन्तरिक राजस्व विभागका नायब सुब्बा वर्ष ४६ को डोलराज शर्मा.....
ऐ.ऐ. बस्ने वर्ष ४५ की सावित्री शर्मा.....
ऐ.ऐ. बस्ने वर्ष २२ की अञ्जु शर्मा.....
ऐ.ऐ. बस्ने वर्ष १९ की मञ्जु शर्मा.....
ऐ.ऐ. बस्ने वर्ष १८ को सजन शर्मा ..गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६४।९।२४

आयोगको दाबी र विशेष अदालतको फैसलाः-

प्रतिवादी डोलराज शर्माले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिम गैरकानूनी रूपमा रु. ३,५२,८७,४६७।४७ आर्जन गरेको पुष्टि हुन आएकोले निजका हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम उल्लेखित रकम बिगो कायम गरी जरिवाना तथा कैद सजाय हुन र प्रत्यर्थी सावित्री शर्मा समेतको हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) तथा १६(ग) बमोजिम अपराध गर्नमा मुख्य भूमिका निर्वाह गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) र ३० बमोजिम गैरकानूनी सम्पत्ति जफत गर्न समेत मागदाबी लिई श्री विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरूलाई सफाइ दिई फैसला भएको ।

फैसलाका आधारहरूः-

क. प्रतिवादीले ऋण लिई इन्दिरा कार्पेट इण्डष्ट्रिजमा पचास प्रतिशत लगानी गरेको पुष्टि भएको र सोही इण्डष्ट्रिजबाट प्राप्त मुनाफाबाट अन्य उद्योग व्यवसायमा लगानी गरी थप मुनाफाबाट दाबीको सम्पत्ति आर्जन गरेको प्रमाणित भएको भन्ने मुख्य आधार लिई प्रतिवादीलाई श्री विशेष अदालतबाट सफाइ दिइएको छ ।

पुनरावेदनका आधारहरू:-

(क) प्रतिवादी डोलराज शर्माको इन्दिरा कार्पेट इण्डष्ट्रिजमा लगानी रहेको तथ्यमा विवाद छैन । लगानी गरेको रकम रु. २१,००,०००।- मध्ये ३,००,०००।- को बैध श्रोत खुल्न सके पनि बाँकी रकमको बैध श्रोत पुष्टि हुन सकेको अवस्था छैन । पुरुषोत्तम वाग्ले र इन्दिरा शेरचनबाट सापटी लिई सो इण्डष्ट्रिजमा लगानी गरेको भन्ने प्रतिवादीको बयानकै आधारमा सम्पूर्ण लगानी रकमलाई बैध आय स्वीकार गरी सो लगानीका आधारमा सो इण्डष्ट्रिज चालु रहँदा र विघटन भएपछि प्राप्त नाफा र हिस्साको हिसाब गरी तत् पश्चात अन्य उद्योग व्यवसायमा सोही इण्डष्ट्रिजबाट प्राप्त नाफा र हिस्सा लगानी गरी प्रतिवादीलाई थप वैध आय भएको भनी सफाइ दिइएको छ । ऋण लिई लगानी गरेको भन्ने प्रतिवादीको कथनको प्रमाणस्वरूप निजबाट बरामद डायरीलाई लिइएको पाइन्छ । उद्योग व्यवसाय लगायतका कारोवारका लागि ऋण सापटी लिनु अस्वाभाविक होइन भन्ने अदालतको तर्कसँग असहमत हुन नसकिए पनि प्रतिवादीले आफ्नो इच्छा र अनुकूलता अनुसार खडा गर्न सक्ने डायरीको व्यहोरालाई अन्य स्वतन्त्र र तथ्ययुक्त प्रमाणको अभावमै प्रतिवादीको पक्षमा प्रमाण लगाइएको न्यायसंगत छैन । प्रतिवादीले के कुन शर्तमा कति समयको भाखा राखी के कस्तो माध्यमबाट (नगदै वा बैंक मार्फत) सो रकम लिएको हो सो कुराको पुष्टयाई कही कतैबाट नभएको अवस्थामा कथित ऋण सापटीलाई प्रतिवादीको बैध आय ठहर गर्न मिल्ने होइन । घरायसमा गरिएका कागजपत्रमा उल्लेख भएका ऋण सापटी आदिलाई यस्तै प्रकृतिका प्राय: सबै जसो मुद्दामा अदालतले मान्यता नदिई प्रतिवादीको जिकिर स्वीकार नगरेको अवस्था छ तर प्रस्तुत मुद्दामा भने प्रतिवादी स्वयंले आफू खुसी लेखेको टिपोटलाई आय आर्जनको श्रोतको रूपमा स्वीकार गरी विशेष अदालतले कानुनत: मान्यता नहुने प्रमाणलाई मान्यता दिई कानून र अदालतकै यसअघि अंगिकार गरिएका व्याख्यालाई उल्लंघन गरेको छ ।

(ख) इन्दिरा कार्पेट इण्डष्ट्रिजमा प्रतिवादीको रु. २१,००,०००।- लगानी भएको र लगानी गर्नु पूर्व प्रतिवादीसँग रु. ३,००,०००।- भन्दा बढी श्रोत खुलेको पुँजी नरहेको भन्ने तथ्य बाँकी रकम ऋणबाट प्राप्त गरी लगानी गरेको भन्ने प्रतिवादीको भनाइबाटै स्थापित भएको छ । माथि प्रकरण (क) मा विवेचना गरिए अनुसार प्रतिवादीले ऋण सापटी लिई लगानी गरेको भन्ने तथ्य स्वतन्त्र रूपबाट प्रमाणित हुन सकेको अवस्था छैन । इन्दिरा कार्पेट इण्डष्ट्रिजमा शुरु लगानी गरेको सम्पूर्ण रकमको श्रोत पुष्टि हुन नसकेको स्थितिमा त्यसबाट प्रतिवादीलाई मुनाफा प्राप्त भएकै भए पनि र सो मुनाफा अन्य उद्योग व्यवसायमा लगानी गरी थप मुनाफा प्राप्त भए पनि त्यसरी बढेको मुनाफालाई निजको श्रोत खुलेको लगानीको अनुपातका हिसाबले मात्र बैधता दिनुपर्नेमा सम्पूर्ण लगानीलाई प्रतिवादीको श्रोत खुलेको सम्पत्तिको रूपमा गणना गरी सफाइ दिई भएको फैसला त्रुटिपूर्ण छ ।

(ग) अनुसन्धानको क्रममा संकलित तथ्य एवं प्रमाणहरूबाट विभिन्न उद्योगमा प्रतिवादीले गरेको लगानी रकममा रु. ४१,३३,०००।- डुबेको भन्ने देखिएको छ । लगानी रकम डुबेकै भए पनि सो रकम प्रतिवादीको कुल सम्पत्तिमा गणना हुने रकममध्येकै हुन जान्छ । रु. ९,००,०००।- मात्र व्यक्तिगत लगानी डुबेको भन्ने प्रतिवादीले अदालतसमक्ष गरेको बयानमा लिएको जिकिरलाई नै फैसलाको मुख्य आधार वस्तु मानी मान्यता दिइएको छ । साथै साझेदारीमा सञ्चालित इन्दिरा कार्पेट इण्डष्ट्रिजले विभिन्न उद्योगमा लगानी गरेको र साझेदारीमा रहेको इण्डष्ट्रिजको लगानीको नोक्सानी इण्डष्ट्रिजको हुने भई त्यसमा प्रतिवादीको दायित्व नरहने भन्ने तर्क समेत फैसलामा प्रस्तुत गरिएको छ । साझेदारी व्यवसायमा भएको नोक्सानीको दायित्व संस्थागत नभई साझेदारहरूको हुन्छ । लिमिटेड

कम्पनीहरूमा शेयर होल्डरहरूको जस्तो शेयरमा मात्र सीमित दायित्व रहँदैन पूर्ण दायित्व साझेदारहरूको नै हुने हुँदा उक्त साझेदारी व्यवसायमा लगानी भएको रकमको नोक्सानी संस्थागत नोक्सानी नभई साझेदारहरूको नोक्सानी हो भनी सैद्धान्तिक रूपमा मान्नु पर्ने हुन्छ । अनुसन्धानबाट प्रतिवादी समेत साझेदार रही उक्त इण्डष्ट्रिज सञ्चालन गरेको र त्यसको कारोबारबाट प्रतिवादीले समेत निजको हिस्सा अनुसारको मुनाफा प्राप्त गरेको भन्ने खाताबहीबाट देखिएको छ । उक्त उद्योगले अन्य उद्योगहरूमा समेत लगानी गरेको भन्ने देखिन आएको छैन भने सो तत्थ्यलाई प्रतिवादीले प्रमाणद्वारा पुष्टयाई समेत गर्न सकेको अवस्था समेत छैन । अतः प्रतिवादीले रु. ९,००,०००।- मात्र डुबेको भनी बयान गरेका आधारमा मात्र दाबी अनुसारको रकमलाई प्रतिवादीको सम्पत्तिमा समावेश नगरी भएको फैसला त्रुटिपूर्ण छ ।

(घ) अनुसन्धानको क्रममा इन्दिरा कार्पेट छाड्दा आफूले पाउने सम्पत्ति मध्ये रु. ८,००,०००।- बराबरको जायजेथा गोविन्द वन्धुको नाममा हस्तान्तरण गरी छाडेको भनी प्रतिवादीले स्वीकार गरेका छन् । निजले सो तथ्यलाई अदालतमा इन्कार गरे बाहेक त्यसलाई अन्यथा मान्न सकिने अन्य कुनै आधार बेगर जायजेथाको प्रकृति नखुलेको भनी उक्त रकम बराबरको जायजेथालाई प्रतिवादीको सम्पत्तिमा गणना नगरी भएको फैसला न्यायसंगत छैन ।

(ङ) अदालतले आयको श्रोतको गणना गर्दा इन्दिरा कार्पेट इण्डष्ट्रिजबाट आ.ब. २०४७।०४८ देखि २०५३।०५४ सम्मको अवधिको आयको ५० प्रतिशतले हुने आय रु. १,०२,२६,५५९।- कायम गरेको छ । तर उक्त रकमलाई आयमा गणना गर्न मिल्ने देखिँदैन । किन कि निजको लगानी गर्दाको अवधिसम्मको (आवधिक आय व्ययलाई गणना गर्दा) रु. ३,००,०००।- मात्र लगानी गर्न सक्ने अवस्था रहेको देखिन्छ । अन्य व्यक्तिबाट सापटी लिएको र लगानी गरेको तथ्यगत पुष्टि हुन नसकेको अवस्थामा अदालतले त्यसलाई प्रमाणको रूपमा ग्रहण गरी आयको रूपमा मानेको मिलेको छैन । बैध आयको लगानीको अनुपातमा मात्र आय मान्नुपर्नेमा तथ्यगत रूपमा पुष्टि नभएको सापटी लिएर लगानी गरिएको भनिएको आधारमा आय कायम गर्ने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

२८. नुवाकोट जिल्ला थानपती गा.वि.स.वडा नं. ३ थापागाउँ स्थायी घर भई वडा नं. २९ सामाखुसी, रानीवारी जनमिलन मार्ग घर नं. १०३/७ म बस्ने गोरखापत्र संस्थानका तत्कालीन पेस्टर (तह-४) का लोकराज थपलिया.....बढुवा प्रयोजनका लागि झूटा शैक्षिक योग्यताको प्रमाण पत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६४।११।२४

<u>आयोगको दाबी र विशेष अदालतको फैसलाः-</u>

उल्लेखित प्रतिवादी उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा सो ऐनलाई निरन्तरता दिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसूरमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा सो ऐनलाई निरन्तरता दिइएको भ्र.नि.ऐन, २०५९ को दफा १६(१) बमोजिमको सजायको मागदाबी लिई श्री विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीलाई सफाइ दिई आरोपपत्र खारेज गर्ने ठहर गरी फैसला भएको सो फैसला उपर पुनरावेदन गरिएको ।

फैसलाका आधारहरू:-

(क) प्रस्तुत आरोपपत्र कुन हदम्यादभित्र दायर गरिएको हो ? सो कुरा आरोपपत्रमा खुलाएको नपाइएको ।

(ख) प्रतिवादी लोकराज थपलियाले सार्वजनिक पदबाट मिति २०५७।८।१ देखि अवकाश भएपछि भ्रष्टाचार निवारण ऐन, २०५९ लागु हुँदाको अवस्था र प्रस्तुत मुद्दा दायर हुँदाको अवस्थामा समेत निज प्रतिवादी सार्वजनिक पद धारण गरेको राष्ट्रसेवकको पदमा बहाल रहेको

नदेखिएको र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यांशले पदबाट अवकाश प्राप्त गरेको एकवर्ष भित्र मुद्दा चलाई सक्नुपर्नेछ भनी निर्दिष्ट गरेको एक वर्ष नघाई मिति २०६१।११।१४ मा दायर भएको प्रस्तुत मुद्दाको तथ्यमा प्रवेश गरी इन्साफ गर्न नमिल्ने हुँदा प्रस्तुत आरोपपत्र खारेज हुने ।

पुनरावेदनका आधारहरू:-

(क) प्रतिवादी २०५७।८।१ मा राष्ट्रसेवकको पदबाट हटिसकेपछि निज उपर भ्रष्टाचारको कसूरमा मुद्दा दायर गर्न ऐनको संशोधित व्यवस्थाले हदम्यादको व्यवस्था नगरेको हुँदा निजका सम्बन्धमा साविककै व्यवस्थाले १ वर्षभित्र मुद्दा चलाइसक्नुपर्ने व्यवस्था लागू हुने भनी विशेष अदालतले त्रुटिपूर्ण व्याख्या गरेको छ ।

(ख) फौज्दारी कसूरको आरोपमा मुद्दा दायर गर्न हदम्याद तोकिएको अवस्थामा तोकिएको हदम्याद समाप्त भएपछि मुद्दा दायर हुन सक्दैन । दायर भएको रहेछ भने हदम्याद भित्र दायर नभएको आधारमा इन्साफ गर्न मिल्दैन, खारेज हुन्छ । यो सैद्धान्तिक विषयमा विवाद गर्नुपर्ने अवस्था छैन । तर प्रस्तुत मुद्दाको सम्बन्धमा अदालतले हदम्याद सम्बन्धी प्रश्न गलत ढंगले व्याख्या गरेको छ ।

(ग) अन्य फौज्दारी कानूनमा जस्तो साविक र वर्तमान भ्रष्टाचार निवारण ऐन कुनैले पनि यो कसूर गरे भएका मितिबाट यति अवधिभित्र मुद्दा दायर गरी सक्नुपर्छ भनी हदम्याद किटान गरेका छैनन् । साविक ऐनको दफा २४ क ले र २०५९।४।३० मा संशोधन हुनु पूर्व अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यांशले मुद्दा दायर गर्न तोकिदिएको हदम्याद मुद्दा दायर गर्ने जिम्मेवार निकाय वा अधिकारीको अधिकारमा लगाइएको समय-सीमासम्म हो । साविक ऐनहरू बहाल रहँदासम्म उक्त ऐनका प्रावधानमा उल्लेखित समय-सीमा भित्र विशेष प्रहरी विभाग वा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरी सक्नु पर्ने बाध्यता थियो । तर भ्रष्टाचार निवारण ऐन, २०५९ जारी भएपछि र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनमा दोश्रो संशोधन भएपछि सो समय-सीमा हटिसकेको छ । यस अवस्थामा कानूनले हदम्यादको समय-सीमा हटाइसकेपछि पनि प्रतिवादीका विरुद्ध मुद्दा दायर गर्न चाहि पुरानो ऐनकै हदम्यादको व्यवस्था लागू हुने भनी अर्थ गर्नु कानूनसंगत छैन, त्रुटिपूर्ण छ ।

(घ) तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को उपधारा (४) अनुकूल बनेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ आयोगका काम, कर्तव्य, अधिकार र कार्यविधि तोक्ने ऐन भएकाले अपराध र सजायसम्बन्धी ऐनले कसूरदारलाई प्रदान नगरेको उन्मुक्ति आयोगको काम, कर्तव्य र अधिकार निर्धारण गर्ने ऐनले प्रदान गर्दछ भन्नु र २०५९।४।३० को संशोधनले नै हटिसकेको प्रावधानले सो संशोधन पश्चात् पनि आयोगको अधिकारलाई सीमाबद्ध गरी नै राख्दछ भनी अर्थ गर्नु कानूनसम्मत हुँदैन ।

(ङ) राष्ट्रसेवकका सम्बन्धमा अवकाश भएका मितिले १ वर्षभित्र मुद्दा दायर गरी सक्नु पर्ने २०५९।४।३० मा संशोधन हुनुपूर्वको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यंशले तोकेको हदम्याद उक्त मितिको संशोधनबाट हटिसकेको अवस्थामा निज प्रतिवादीको सम्बन्धमा पुरानै ऐनको हदम्याद लागू हुने भन्ने तर्क कानूनतः त्रुटिपूर्ण हुन्छ । अपराध र सजायको व्यवस्था गर्न बनेको सारभूत ऐनमा नै त्यस्तो प्रावधान भएको भए पनि कुनै प्रतिवादीको सम्बन्धमा हदम्याद बाँकी छँदै हदम्याद सम्बन्धी प्रावधान हटेपछि पुरानो ऐनको प्रावधान लागू हुन्छ भन्नु त्रुटिपूर्ण व्याख्या हुन जान्छ भने आयोगका सम्बन्धमा लागू हुने ऐनको हटिसकेको प्रावधानले प्रतिवादीलाई उन्मुक्ति प्रदान गर्छ भनी अर्थ गर्नु अझ गम्भीर कानूनी त्रुटि हुन जान्छ ।

२९ महाकाली अञ्चल बैतडी जिल्ला दशरथचन्द्र न.पा.वडा नं. ४, कुमाली स्थायी ठेगाना भई हाल क.जि.का.म.न.पा.वडा नं.९, सिनामंगल कालिमाटीडोल बस्ने कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरमा सहायक रजिष्ट्रार (शा.अ.) पदमा कार्यरत उर्वादत्त भट्ट ...रिसवत लिई भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६४।९।२३

<u>आयोगको दाबी र विशेष अदालतको फैसलाः-</u>

उल्लेखित प्रतिवादी भएको उल्लेखित मुद्दा प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(क) बमोजिमको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(क) बमोजिमको सजाय हुन मागदाबी लिई श्री विशेष अदालत, काठमाडौंमा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरी फैसला भएकोले सो फैसला उपर पुनरावेदन गरिएको ।

<u>फैसलाका आधारहरूः-</u>

(क) उजुरीकर्ताले अदालतमा बकपत्र गर्दा प्रतिवादीले आफूसँग घूस मागेको र आफूले घूस रिसवत दिएको भनी भन्न नसकेको ।

(ख) घूस माग्नु पर्ने प्रयोजन समाप्त भइसकेको देखिन्छ ।

(ग) अर्कै शाखा र अर्कै कामको जिम्मेवारी लिई गएका व्यक्तिलाई घूस दिनु र निजले लिनुपर्ने प्रयोजन पनि देखिँदैन ।

<u>पुनरावेदनका आधारहरूः-</u>

(क) कार्यालयबाट कुनै काम गरी दिन वा गरिदिएबापत घूस रिसवत लिने दिने कार्य हुने गर्दछ । प्रस्तुत मुद्दामा उजुरवालाले दर्ता प्रमाणपत्र पाइनसकेको, निजले राजस्व बुझाइसक्दा पनि प्रमाण पत्र नदिएको देखिनाले रिसवत लिएर मात्र प्रमाण पत्र दिने प्रतिवादीको नियत रहेको स्पष्ट हुन्छ । उजुरकर्ताले प्रमाण पत्र पाउने काम बाँकी नै हुँदा प्रयोजन समाप्त भइसकेको भनी अर्थ गर्नु त्रुटिपूर्ण हुन्छ ।

(ख) घूस रिसवत लिने कार्य सरकारी कार्यालयका अधिकृतबाट भएको छ । अन्य अपराधमा जस्तो योजना, घटनाक्रम आदि सोही ढंगबाट हुन्छन् भन्ने छैन । प्रतिवादीको टेबलको घर्रामा रहेको फाइलबाट घूसको रकम बरामद भएको छ । प्रतिवादीसँग सो रकम नलिएको भए कसरी रकम सो फायलभित्र पाइयो यसको स्पष्ट जवाफ प्रतिवादीले दिएको छैन । उजुरीकर्ता वा अन्य व्यक्तिबाट यो प्रयोजनको

लागि लिएको रकम हो भनी प्रतिवादीले पुष्टि गर्नुपर्दछ । अन्यथा प्रतिवादीको टेवलको घर्राबाट रकम बरामद हुनु र प्रतिवादीको झोला वा निजी वाकसबाट बरामद हुनुमा कुनै अन्तर पर्दैन । उक्त रकम यस प्रकारबाट प्राप्त भएको भनी आफूले पुष्टि गर्नुपर्ने दायित्व प्रतिवादीको हुनेमा आफूलाई केही थाहा नभएको भन्ने भनाइ सफाइ पाउने आधार बन्न सक्दैन ।

(ग) आरोपपत्र साथ घटनाको भिडियो चित्रको चक्का (सि.डि.) पनि पेश गरिएको छ । आयोगमा बयान गर्दा सो मा देखिएको आफ्नो फोटो केही धमिलो देखिएकोसम्म भन्ने निजको भनाइ छ । रकम फायलमा राखिएको र घर्रामा राखेको चित्रलाई खण्डन गरिएको छैन । अदालतमा सो सम्बन्धमा कुनै प्रतिवाद गरिएको छैन । यथार्थमा भिडियो चित्रको तथ्यलाई स्वीकार गरिएको छ । यसतर्फ कुनै कुरा नबोली अदालतले महत्वपूर्ण प्रमाणलाई उपेक्षा गरेको छ । यसरी महत्वपूर्ण प्रमाण उपेक्षा गरी प्रमाणमा नलिई सफाइ दिने गरेको फैसला त्रुटिपूर्ण छ ।

(घ) अदालतले उजुरीकर्ताको बकपत्रलाई मात्र आधार लिएको छ । उजुरीकर्ताले आयोगमा गरेको उजुरी विपरीत घूस मागेको थिएन भनी बकपत्र गरेको भए तापनि रकम फायलमा राखी दिएको भिडियो चित्रको घटनालाई अन्यथा भनेको छैन । प्रतिवादीको प्रभावमा परी विपरीत साक्षी भई बकपत्र गर्ने व्यक्तिको बयानलाई मात्र आधार लिई सफाइ दिनु तर अन्य साक्षी भिडियो चित्र खिच्ने दानबहादुर मिरिङचिङ समेतका घटना स्थलका अन्य साक्षीको बकपत्रलाई महत्व नै नदिनुबाट अदालतले प्रमाणको सही मूल्यांकन नगरेको स्पष्ट छ ।

३०. पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. ४ असनटोल, घर भई हालः काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १४, गौरीशंकर सडक, कुलेश्वर, घर नं. २३२ बस्ने यातायात व्यवस्था कार्यालय, कोशीमा कार्यरत तत्कालीन कार्यालय प्रमुख रामप्रसाद सैंजू....

वर्ष ५८ को काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ३३, घर नं. १२०, डिल्लीबजार मार्ग, मैतीदेवी बस्ने यातायात व्यवस्था कार्यालय, भेरीका तत्कालीन कार्यालय प्रमुख शाखा अधिकृत हरिप्रसाद श्रेष्ठ.....

वर्ष ५६ को जिल्ला काठमाडौं दक्षिणकाली गा.वि.स.वडा नं. ५, फर्पिङ्ग बस्ने यातायात व्यवस्था कार्यालय, कोशीका तत्कालीन शाखा अधिकृत रामप्रसाद अर्याल.....

सप्तरी जिल्ला राजविराज नगरपालिका वडा नं. ७, राजविराजमार्ग बस्ने यातायात व्यवस्था कार्यालय, कोशीमा कार्यरत तत्कालीन मेकानिकल सुपरभाइजर प्रमोदकुमार चौधरी.....

वर्ष ५० को संखुवासभा जिल्ला खाँदवारी न.पा.वडा नं. ३, ग्वावारी घर भई सुनसरी जिल्ला इटहरी नगरपालिका वडा नं. ८ प्रगतीटोल बस्ने यातायात व्यवस्था कार्यालय, कोशीका तत्कालीन ना.सु.लालबहादुर बुढाथोकी.....

मोरङ्ग जिल्ला विराटनगर उपमहानगरपालिका वडा नं. ३, मुनालपथ, सयपत्रीमार्ग घर नं. ८ बस्ने, तत्कालीन यातायात व्यवस्था कार्यालय, इटहरी कोशीमा कार्यरत ना.सु. श्रीमती यशोधा खतिवडा .....

सुनसरी जिल्ला प्रकाशपुर गा.वि.स.वडा नं. ३, हिडलुवा घर भई, मोरङ्ग जिल्ला बनीगामा गा.वि.स.वडा नं. २, झौवावनी, बस्ने तत्कालीन यातायात व्यवस्था कार्यालय, इटहरी कोशीका खरिदार युवराज कोइराला....

भोजपुर जिल्ला भुल्के गा.वि.स.वडा नं. ३ स्थायी घर भई हाल मोरङ जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. ५, जामुगाछी बस्ने यातायात व्यवस्था कार्यालय, कोशीका तत्कालीन खरिदार नारदप्रसाद भट्टराई.....

रूपन्देही जिल्ला कम्हरीया गा.वि.स.वडा नं. २, स्थायी वतन भई रूपन्देही जिल्ला बुटवल नगरपालिका वडा नं. २ पुरानो बसपार्क, शाह डिजेल्स अगाडि बस्ने तुल्सीराम पाण्डे....

रूपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं. ७ घर भई हाल ऐ.जि.ऐ.न.पा.वडा नं.१३ सेवापथ, घर नं. १३।३ बस्ने श्रीमती प्रतीक्षा राणा मल्ल

रूपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं. ३, खजहना घर नं. ३/२९ बस्ने अशोक कुमार गुप्ता.....

रूपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं. ९, उदयपुर बस्ने मनसुर तेली मुसलमान .....

बर्दिया जिल्ला मगराढी गा.वि.स.वडा नं. ९ औरी बस्ने हस्त बहादुर सिंह.....

रूपन्देही जिल्ला छीपागढ गा.वि.स वडा नं. ३, सेमरहवा बस्ने पर्शुराम चौधरी .....

कपिलवस्तु जिल्ला शिवानगर गा.वि.स.वडा नं.५ मौजागुर्मीहवा बस्ने गणेशकुमार भूसाल.....

रूपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं. ९, कठौटीया बर्मेली टोली बस्ने भोलानाथ पन्थ....

रूपन्देही जिल्ला बुटवल नगरपालिका वडा नं. ८ हस्पिटल लाइन घरभई हाल चितवन जिल्ला नारायणगढ नगरपालिका वडा नं. ३ भृकुटीपथ बस्ने राकेश श्रेष्ठ.....

चितवन जिल्ला मघौली गा.वि.स.वडा नं. ९, धरमपुर बस्ने टिकाराम सुवेदी.....

रूपन्देही जिल्ला शंकरनगर गा.वि.स.वडा नं. २, घर भई हाल ऐ.वडा नं. ७ ड्राइभर टोल बस्ने लालप्रसाद गुप्ता.....

नवलपरासी जिल्ला माकर गा.वि.स.वडा नं. ४, बलरा बजार बस्ने कृष्ण बहादुर सिंह ...

नवलपरासी जिल्ला सुनवल गा.वि.स.वडा नं. ५, घर भई हाल रूपन्देही जिल्ला वुटवल नगरपालिका वडा नं. ८ अमरपथ बस्ने रामप्रसाद बस्याल.....

अर्घाखाँची जिल्ला, अगुठी गा.वि.स.वडा नं. ९, अंगुठी घर भई हाल ऐ.जिल्ला नरपानी गा.वि.स.वडा नं. ७, टाकुरा बस्ने मुनकला खासु मगर भन्ने मुनकला थापा.....

जिल्ला स्याङ्जा स्वरेक गा.वि.स.वडा नं. ३, गैराटोल बस्ने गंगाधर पंगेनी.....

नवलपरासी जिल्ला नयाँवेलानी गा.वि.स.वडा नं. ८, अरुणखोला बस्ने रामप्रसाद शाक्य.....

गुल्मी जिल्ला अर्लाङ्गकोट ४ गुल्मी घर भई हाल रूपन्देही जिल्ला देवदल गा.वि.स.वडा नं ५, देवदह बस्ने डिलाराम सापकोटा.....

रूपन्देही जिल्ला मोतिपुर गा.वि.स.वडा नं. ४, मोतिपुर चोक, शिव मन्दिर अगाडि बस्ने गोविन्द बहादुर कार्की.....

नवलपरासी जिल्ला कावासोती गा.वि.स.वडा नं. ३, बदरुवाटोल बस्ने चन्द्रबहादुर महतो .....अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६४।१२।११

<u>आयोगको दाबी र विशेष अदालतको फैसलाः-</u>

प्रतिवादीहरू मध्येका तुलसीराम पाण्डेलाई साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) र रामप्रसाद सैजु, हरिप्रसाद श्रेष्ठ, रामप्रसाद अर्याल, श्रीमती यसोदा खतिवडा, युवराज कोइराला, लालवहादुर बुढाथोकी, नारदप्रसाद भट्टराई तथा प्रमोदकुमार चौधरीलाई साविकको भ्रष्टाचार ऐन, २०१७ को दफा ७(१) र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) एवं सवारी धनीहरू अशोककुमार गुप्ता, कृष्णवहादुर सिं, मुनकला खासु मगर भन्ने मुनकला थापा, टिकाराम सुवेदी, रामप्रसाद बस्याल, गणेश कुमार भूसाल, लालप्रसाद गुप्ता, मनसुर तेली

मुसलमान, भोलानाथ पन्थ, गोविन्दवहादुर कार्की, गंगाधर पगेली, रामप्रसाद शाक्य, डिलाराम सापकोटा, श्रीमती प्रतिक्षा राणा, परशुराम चौधरी, हस्तवहादुर सिं र चन्द्रबहादुर महतो समेतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम उक्त सवारी साधनहरू जफत गर्ने प्रयोजनका लागि प्रतिवादी बनाई माथि उल्लेखित सजायको मागदाबी लिई श्री विशेष अदालत, काठमाडौंमा मुद्दा दायर भएकोमा उक्त अदालतबाट प्रतिवादीहरू मध्येका रामप्रसाद सैजु, हरिप्रसाद श्रेष्ठ, रामप्रसाद अर्याल, प्रमोदकुमार चौधरी, लालवहादुर बुढाथोकी, यशोदा खतिवडा, युवराज कोइराला र नारदप्रसाद भट्टराईले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) बमोजिमको र प्रतिवादी तुलसीराम पाण्डेले सोही ऐनको दफा ८ बमोजिम कसूर गरेको ठहर गरी सोही ऐनको सोही दफा र दफा २९(२) बमोजिम जनही रु. ५०००।- जरिवाना गरी फैसला भएको पाइएकोले कम जरिवानाको सजाय गरेको, बिगो असुल उपर नगरेको र सवारी साधन जफत नगरेको हदसम्म फैसलामा चित्त नबुझकोले पुनरावेदन गरिएको ।

फैसलाका आधारहरू:-

नेपाल सरकारको मिति २०६३।५।६ को निर्णय अनुसार कारवाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०६३।१०।४ मा निर्णय भएको र अदालतमा मुद्दा चलेका मुद्दासँग सम्बन्धित केही गाडीहरू आवश्यक महसुल लिई फिर्ता दिएको देखिएको हुँदा यस मुद्दाबाट राजस्वको बिगो असुल गर्नु पर्ने स्थिति र अवस्था नदेखिएको ।

पुनरावेदनका आधारहरू:-

(क) बिगो बमोजिम जरिवाना गर्नुपर्ने विषयमा श्री विशेष अदालतले त्रुटिपूर्ण फैसला गरेको छ । अदालत स्वयंले तत्कालीन समयमा किर्ते कागजात तयार गरी सवारी दर्ता नामसारी गरेको विषयमा ठहर गरी फैसला गरेको छ । तर प्रत्यर्थीहरूलाई सजाय गर्ने क्रममा अभियोग पत्र मागदाबी बमोजिम हुने बिगो बमोजिम सजाय नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६३।१०।४ को निर्णय र मन्त्रिपरिषद्को मिति २०६३।५।६ को निर्णयलाई आधार मानी फैसला गरेको छ । फैसला गर्दाको मितिमा बिगो यकिन हुँदाहुँदै पनि बिगो कायम नगरी सामान्य जरिवाना गरी प्रचलित कानूनमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी फैसला गरिएको छ ।

पैठारी महसुल नै नबुझाई किर्ते कागज तयार गरी भित्र्याइएका सवारी साधनहरूले तत्कालीन समयमा समस्या सृजना गरेकोले नेपाल सरकारले सोही समस्यालाई व्यवस्थापन गर्ने क्रममा मिति २०६३।५।६ मा उल्लेखित विषयमा निर्णय गरेको र सोही निर्णयलाई कार्यान्वयन गर्न आयोगले पनि निर्णय गरेको हो न कि मुद्दा चलिसकेका प्रत्यर्थीहरूका लागि लाग्ने बिगो बमोजिमको जरिवानामा कमी गर्न । बिगो असुल गर्ने वा बिगो बमोजिमको जरिवाना गर्ने भन्ने विषय अदालतमा मुद्दा चलिसकेपछि गरिने विषय हो । त्यसरी भएको निर्णयले कानून र फैसलामा असर पार्न सक्दैन । अपराध गरिएको समयमा जे जति मूल्य बराबरको अपराध गरिन्छ त्यसै मूल्यलाई बिगोको रूपमा लिइन्छ । अन्यथा प्रमाणित नभएसम्म सोही मूल्य नै बिगो हो, त्यसलाई पछि भएको वा गरिएको निर्णयले असर पार्न सक्दैन । प्रस्तुत मुद्दामा पनि प्रत्यर्थीहरूको मिलोमतोबाट तत्काल प्रचलित कानून बमोजिम सरकारलाई बुझाउनु पर्ने राजस्व नबुझाई गाडी चोरी पैठारी गरेको प्रमाणित भई तत्कालको भन्सार महसुल एवं लाग्ने शुल्क गणना गरी कायम हुन आएको बिगोलाई अन्यथा प्रमाणित नभएको अवस्थामा सोही कायम हुन आएको बिगोको आधारमा प्रतिवादीहरूलाई सजाय गरिनु पर्नेमा रु. ५०००।- मात्र जरिवाना हुने ठहऱ्याई भएको फैसला कानूनसम्मत भएको भन्न सकिने स्थिति रहेन । अर्थात तत्कालको अवस्थामा सरकारलाई बुझाउनु पर्ने रु. ९३,८३,९९६।-

राजस्व नतिर्ने मनसायले चोरी पैठारी गरी दर्ता नामसारी भएको देखिएको मूल्यलाई नै बिगो मानी सोही बमोजिम सजाय हुनुपर्नेमा सो नगरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ख) माथि प्रकरण (क) मा उल्लेख भए अनुसार बिगो कायम गरी सो बिगो बमोजिम प्रतिवादीहरूलाई सजाय गरी निजहरूबाट बिगो असुल उपर गर्ने र गैरकानूनी रूपमा नामसारी भएका सवारी साधनहरू जफत समेत हुने भनी फैसला हुनु पर्नेमा सो नभएबाट विशेष अदालतबाट भएको फैसला कानूनसम्मत छैन ।

परिच्छेद –५
पुनरावेदन नगरिएका मुद्दाहरूको संक्षिप्त विवरण

आ.ब. २०६४।०६५ मा विभिन्न अदालतबाट भएका फैसला उपर अदालतबाट भएको फैसला, प्रमाण एवं तथ्यको औचित्यको आधारमा पुनरावेदन नगरिएका मुद्दाहरूको संक्षिप्त विवरण देहायमा उल्लेख गरिएको छ :

१. वादी नेपाल सरकार प्रतिवादी राजु खत्री समेत भएको झूटा विवरण एवं कागजातका अधारमा कर्जा लिनु दिनु गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा प्रतिवादी राजु खत्रीलाई बिगो बमोजिम जरिवाना गरी निजैबाट कृषि विकास बैंकलाई बिगो भराई दिने र निजबाट भरिभराउ हुन नसकेको बाँकी बिगोसम्म कर्जा लगानी गर्ने प्रतिवादीहरू करम सिंह भण्डारी, गोविन्द प्रसाद जोशी र मिन वहादुर जि.सी.बाट भराइदिने, प्रतिवादीहरू करम सिंह भण्डारी गोविन्द प्रसाद जोशी र मिन वहादुर जि.सी.लाई जनही कैद महिना ३ (तिन) र रु. १०,०००।- जरिवाना गर्ने प्रतिवादीहरू विदुर कुमार भण्डारी, युवराज ढुंगाना, किरण बहादुर विष्ट र मधुसुदन महतलाई आरोपित कसूरबाट सफाइ दिने गरी श्री विशेष अदालतबाट फैसला भई फैसलाको जानकारी मिति २०६४।३।२५ मा प्राप्त हुन आएकोमा प्रतिवादीहरू करम सिंह भण्डारी, गोविन्द प्रसाद जोशी र मिन वहादुर जि.सी.लाई कैद र जरिवानाको सजाय भएकै देखिएको, धितोमा दिएको जग्गाको कित्ता प्रतिवादीहरू विदुर कुमार भण्डारी र युवराज ढुंगानाले प्रमाणित गरेको देखिए तापनि मूल नक्सा यिनैले सच्याएको भन्ने प्रष्ट नभएको साथै निजहरूले प्रतिवादी राजु खत्रीसँग मिलोमतो गरी नक्शा सच्याइएको प्रमाणित हुन सक्ने ठोस प्रमाणको अभाव रहेको, प्रतिवादी किरण बहादुर विष्टले गा.वि.स.सचिवको हैसियतले धितो राखेको जग्गाको चार किल्ला सिफारिस गरेको देखिए पनि प्रतिवादी राजु खत्रीले पेश गरेको नापी नक्साको आधारमा सिफारिस गरेको भन्ने निजको जिकिर रहनुको साथै अन्य प्रतिवादीहरूसँग मिलोमतो लिनुखानु गरी सिफारिस गरिदिएको भनी यकिन हुने प्रमाण नरहेको, प्रतिवादी मधुसुदन महतले नक्सा ट्रेस लिने लाने कार्य गरेको भए पनि अन्य प्रतिवादीहरूसँग मिलोमतो गरी निजले सो कार्य गरेको भनी प्रमाणित हुन सक्ने तत्थ्य युक्त र ठोस प्रमाण मिसिलबाट नदेखिएकोले सफाइ दिइएका प्रतिवादीहरूका सम्बन्धमा श्री सर्वोच्च अदालतमा पुनरावेदन गरे पनि सफलता प्राप्त हुने सम्भावना नदेखिएकोले आयोगको मिति २०६४।५।९ को निर्णय बमोजिम पुनरावेदन नगरिएको ।

२. वादी नेपाल सरकार प्रतिवादी नवराज खत्री समेत भएको झूटा विवरण एवं कागजातका अधारमा कर्जा लिनु दिनु गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा प्रतिवादी नवराज खत्रीलाई बिगो बमोजिम जरिवाना गरी निजैबाट कृषि विकास बैंकलाई बिगो भराई दिने र निजबाट भरिभराउ हुन नसकेको बाँकी बिगोसम्म कर्जा लगानी गर्ने प्रतिवादीहरू करम सिंह भण्डारी र गोविन्द प्रसाद जोशीबाट भराइ दिने, प्रतिवादीहरू करम सिंह भण्डारी र गोविन्द प्रसाद जोशीलाई जनही कैद महिना ३ (तिन) र रु. १०,०००।- जरिवाना गर्ने प्रतिवादीहरू देवनारायण ठाकुर, रामहरी खत्रि, उमाकान्त यादव, दिनेशकुमार पोखरेल र पुण्यप्रसाद बराललाई आरोपित कसूरबाट सफाइ दिने गरी श्री विशेष अदालतबाट फैसला भई फैसलाको जानकारी मिति २०६४।३।२५ मा प्राप्त हुन आएकोमा प्रतिवादीहरू करम सिंह भण्डारी र गोविन्द प्रसाद जोशीलाई कम जरिवानाको सजाय गरेको र केही प्रतिवादीहरूलाई सफाइ दिएको सम्बन्धमा श्री सर्वोच्च अदालतमा पुनरावेदन गरे पनि निम्न कारणहरूबाट सफलता प्राप्त हुने सम्भावना नदेखिएकाले आयोगको मिति २०६४।५।९ को निर्णयानुसार पुनरावेदन नगरिएको -

(क) प्रतिवादीहरू करम सिंह भण्डारी र गोविन्द प्रसाद जोशीलाई कैद र जरिवानाको सजाय भएकै देखिएको ।

(ख) धितोमा दिएको जग्गाको कित्ता प्रतिवादीहरू देवनारायण ठाकुर, रामहरी खत्री र उमाकान्त यादवले प्रमाणित गरेको देखिए तापनि मूल नक्सा यसले यसरी सच्याएको भन्ने प्रष्ट नभएको साथै निजहरूले प्रतिवादी नवराज खत्रीसँग साँठगाँठ गरी नक्सा सच्याई दिएको प्रमाणित हुन सक्ने ठोस प्रमाण मिसिलमा नदेखिएको ।

(ग) प्रतिवादी दिनेशकुमार पोखरेलले गा.वि.स.सचिवको हैसियतले धितो राखेको जग्गाको चार किल्ला सिफारिस गरेको देखिए पनि प्रतिवादी नवराज खत्रीले पेश गरेको नापी नक्साको आधारमा सिफारिस गरेको भन्ने निजको भनाइ रहेको साथै अन्य प्रतिवादीहरूसँग मिलोमतो लिनुखानु गरी सिफारिस गरिदिएको भनी यकिन हुने प्रमाण मिसिलबाट नदेखिएको ।

(घ) प्रतिवादी पुण्यप्रसाद बरालको नाममा काटिएको चेकबाट रकम निकाली प्रतिवादीहरूको बीचमा बाँडफाँड भएको भन्ने आरोप भए पनि निज प्रतिवादीले सापटी दिएको रकम फिर्ता भएको भनी बयान गरेको देखिएको, निजको नाममा के कारणबाट चेक काटिएको हो सो कुरा स्पष्ट नभएको साथै कसूरमा निज समेत संलग्न रहेको भनी पुष्टि हुने ठोस प्रमाण नदेखिएको ।

३. वादी नेपाल सरकार प्रतिवादी सुमित्रा शाहा समेत भएको झूटा विवरण एवं कागजातका अधारमा कर्जा लिनु दिनु गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा प्रतिवादी सुमित्रा शाहालाई बिगो बमोजिम जरिवाना गरी निजैबाट कृषि विकास बैंकलाई बिगो भराई दिने र निजबाट भरिभराउ हुन नसकेको बाँकी बिगोसम्म कर्जा लगानी गर्ने प्रतिवादीहरू करम सिंह भण्डारी, गोविन्द प्रसाद जोशी र मिन बहादुर जि.सी.बाट भराइदिने, प्रतिवादीहरू करम सिंह भण्डारी, गोविन्दप्रसाद जोशी र मिन बहादुर जि.सी.लाई जनही कैद महिना ३ (तिन) र रु. १०,०००।- जरिवाना गर्ने प्रतिवादी साजन श्रेष्ठलाई आरोपित कसूरबाट सफाइ दिने गरी श्री विशेष अदालतबाट फैसला भई फैसलाको जानकारी मिति २०६४।३।२५ मा प्राप्त हुन आएकोमा प्रतिवादीहरू करम सिंह भण्डारी, गोविन्द प्रसाद जोशी र मिन बहादुर जि.सी.लाई कैद र जरिवाना गरेको र प्रतिवादी साजन श्रेष्ठको बयानमा प्रतिवादी सुमित्रा शाहाले पेश गरेको नापी नक्साको आधारमा सिफारिस गरेको भन्ने जिकिर रहेको साथै प्रतिवादीहरूसँग मिलोमतो लिनुखानु गरी सिफारिस गरिदिएको भनी यकिन हुने प्रमाण मिसिलबाट नदेखिएको अवस्थामा श्री सर्वोच्च अदालतमा पुनरावेदन गरे पनि थप सफलता प्राप्त हुने सम्भावना नदेखिएकाले आयोगको मिति २०६४।५।९ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

४. वादी नेपाल सरकार प्रतिवादी दिपक सापकोटा समेत भएको झूटा विवरण एवं कागजातका अधारमा कर्जा लिनु दिनु गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा प्रतिवादी दिपक सापकोटालाई बिगो बमोजिम जरिवाना गरी निजैबाट कृषि विकास बैंकलाई बिगो भराई दिने र निजबाट भरिभराउ हुन नसकेको बाँकी बिगोसम्म कर्जा लगानी गर्ने प्रतिवादीहरू करम सिंह भण्डारी र गोविन्द प्रसाद जोशीबाट भराइदिने, प्रतिवादीहरू करम सिंह भण्डारी र गोविन्द प्रसाद जोशीलाई जनही कैद महिना ३ (तिन) र रु. १०,०००।- जरिवाना गर्ने प्रतिवादी रामहरी खत्री र मधुसुदन महतलाई आरोपित कसूरबाट सफाई दिने गरी श्री विशेष अदालतबाट फैसला भई फैसलाको जानकारी मिति २०६४।३।२५ मा प्राप्त हुन आएकोमा प्रतिवादीहरू करम सिंह भण्डारी र गोविन्द प्रसाद जोशीलाई कम जरिवानाको सजाय गरेको र केही प्रतिवादीहरूलाई सफाइ दिएको सम्बन्धमा श्री सर्वोच्च अदालतमा पुनरावेदन गरे पनि निम्न कारणहरूबाट सफलता प्राप्त हुने सम्भावना नदेखिएकाले आयोगको मिति २०६४।५।९ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

(क) प्रतिवादीहरू करम सिंह भण्डारी र गोविन्द प्रसाद जोशीलाई कैद र जरिवानाको सजाय भएकै देखिएको ।

(ख) धितोमा दिएको जग्गाको कित्ता प्रतिवादी रामहरी खत्रीले प्रमाणित गरेको देखिए तापनि मूल नक्सा यसले यसरी सच्याएको भन्ने प्रष्ट नभएको साथै निजहरूले प्रतिवादी दिपक सापकोटासँग साँठगाँठ गरी नक्सा सच्याई दिएको प्रमाणित हुन सक्ने ठोस प्रमाण मिसिलमा नदेखिएको ।

(ग) प्रतिवादी मधुसुदन महतले नक्सा ट्रेस लिने लाने कार्य गरेको भए पनि अन्य प्रतिवादीहरूसँग मिलोमतो गरी निजले सो कार्य गरेको भनी प्रमाणित हुन सक्ने तत्थ्य युक्त र ठोस प्रमाण मिसिलबाट नदेखिएको ।

५. वादी नेपाल सरकार प्रतिवादी पृथ्वीराज सिंह समेत भएको झूटा विवरण एवं कागजातका अधारमा कर्जा लिनु दिनु गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा प्रतिवादी पृथ्वीराज सिंहलाई बिगो बमोजिम जरिवाना गरी निजैबाट कृषि विकास बैंकलाई बिगो भराइदिने र निजबाट भरिभराउ हुन नसकेको बाँकी बिगोसम्म कर्जा लगानी गर्ने प्रतिवादीहरू करम सिंह भण्डारी र गोविन्द प्रसाद जोशीबाट भराइदिने, प्रतिवादीहरू करम सिंह भण्डारी र गोविन्द प्रसाद जोशीलाई दावी भन्दा कम जनही कैद महिना ३ (तीन) र रु. १०,०००।- जरिवाना गर्ने प्रतिवादी श्याम बहादुर विष्टलाई आरोपित कसूरबाट सफाइ दिने गरी श्री विशेष अदालतबाट फैसला भई फैसलाको जानकारी मिति २०६४।३।२५ मा प्राप्त हुन आएकोमा प्रतिवादीहरू करम सिंह भण्डारी र गोविन्द प्रसाद जोशीलाई जरिवाना र कैदको सजाय भएको देखिएको र प्रतिवादी श्याम बहादुर विष्टलाई सफाइ दिएको सम्बन्धमा प्रतिवादी श्याम बहादुर विष्टले न.पा.को वडा सचिवको हैसियतले धितो राखेको जग्गाको चार किल्ला सिफारिस गरेको देखिए पनि प्रतिवादी पृथ्वीराज सिंहले पेश गरेको नापी नक्साको आधारमा सिफारिस गरेको भन्ने निजको भनाइ रहेको साथै अन्य प्रतिवादीहरूसँग मिलोमतो लिनुखानु गरी सिफारिस गरिदिएको भनी यकिन हुने प्रमाण मिसिलबाट नदेखिएकोले आयोगको मिति २०६४।५।९ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

६. वादी नेपाल सरकार प्रतिवादी उषा सिजापती समेत भएको झूटा विवरण एवं कागजातका अधारमा कर्जा लिनु दिनु गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा प्रतिवादीहरू उषा सिजापती र सुमन महर्जनलाई बिगो बमोजिम जरिवाना गरी निजहरूबाटै कृषि विकास बैंकलाई बिगो भराई दिने र निजहरूबाट भरिभराउ हुन नसकेको बाँकी बिगोसम्म कर्जा लगानी गर्ने प्रतिवादीहरू करम सिंह भण्डारी, गोविन्द प्रसाद जोशी र मिन बहादुर जि.सी.बाट भराइदिने, प्रतिवादीहरू करम सिंह भण्डारी, गोविन्द प्रसाद जोशी र मिन बहादुर जि.सी.लाई जनही कैद महिना ३ (तीन) र रु. १०,०००।- जरिवाना गर्ने प्रतिवादीहरू हवेन्द्र प्रसाद देव र शरद विनोद अर्याललाई आरोपित कसूरबाट सफाई दिने गरी श्री विशेष अदालतबाट फैसला भई फैसलाको जानकारी मिति २०६४।३।२५ मा प्राप्त हुन आएकोमा प्रतिवादीहरू करम सिंह भण्डारी, गोविन्द प्रसाद जोशी र मिन बहादुर जि.सी.लाई कम जरिवानाको सजाय गरेको र अन्य प्रतिवादीहरूलाई सफाइ दिएको सम्बन्धमा श्री सर्वोच्च अदालतमा पुनरावेदन गरे पनि निम्न कारणहरूबाट सफलता प्राप्त हुने सम्भावना नदेखिएकाले आयोगको मिति २०६४।५।९ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

(क) प्रतिवादीहरू करम सिंह भण्डारी, गोविन्द प्रसाद जोशी र मिन बहादुर जि.सी.लाई कैद र जरिवानाको सजाय भएकै देखिएको ।

(ख) धितोमा दिएको जग्गाको कित्ता प्रतिवादी हवेन्द्र प्रसाद देवले प्रमाणित गरेको देखिए तापनि मूल नक्सा यसले यसरी सच्याएको भन्ने प्रष्ट नभएको साथै निजहरूले प्रतिवादी उषा सिजापतीसँग साँठगाँठ गरी नक्सा सच्याइ दिएको प्रमाणित हुन सक्ने ठोस प्रमाण मिसिलमा नदेखिएको ।

(ग) प्रतिवादी शरद विनोद अर्यालले का.म.न.पा.को वडा अध्यक्षको हैसियतले धितो राखेको जग्गाको चार किल्ला सिफारिस गरेको देखिए पनि प्रतिवादी उषा सिजापतीले पेश गरेको नापी नक्साको आधारमा सिफारिस गरेको भन्ने निजको भनाइ रहेको साथै अन्य प्रतिवादीहरूसँग मिलोमतो लिनुखानु गरी सिफारिस गरिदिएको भनी यकिन हुने प्रमाण मिसिलबाट नदेखिएको ।

७ वादी नेपाल सरकार प्रतिवादी भरत राई समेत भएको भ्रष्टाचार मुद्दामा प्रतिवादीहरूलाई सफाइ दिई भएको काठमाडौं जिल्ला अदालतको फैसलालाई पुनरावेदन अदालत, पाटनबाट सदर गरी मिति २०६४।१।१३ मा फैसला भई फैसलाको जानकारी मिति २०६४।३।१७ मा प्राप्त भएकोमा प्रतिवादीहरू मध्ये कपिल राई, अर्थ प्रकाश भन्ने नवाङ्ग टेम्पा र सुभाषकान्त राईलाई यसै लगाउको नागरिकता मुद्दामा सजाय भइसकेकोले सोही कसूरमा पुनः अर्को मुद्दा चलाउन मिल्ने नदेखिएको, किर्ते नागरिकता र राहदानी तयार गर्ने कसूर भ्रष्टाचारजन्य कसूर नदेखिई मुलुकी ऐन किर्ते कागजातको महल आकर्षित हुने कसूर देखिएको, वादी पक्षले आफ्ना साक्षीहरू अदालतमा उपस्थित गराउन नसकेको साथै अदालतबाट अ.बं. ११५ नं. प्रयोग गरी साक्षी झिकाउँदा पनि कोही उपस्थित नभएका, यो यस्तो कानूनी त्रुटि गरी फैसला भयो भनी निवेदनमा उल्लेख गर्न सकिने अवस्था नदेखिई पुनरावेदन अदालत, पाटनको उक्त फैसला सम्बन्धमा श्री सर्वोच्च अदालतमा मुद्दा दोहऱ्याउन निवेदन गरेमा पनि निस्सा प्राप्त हुने सम्भावना नदेखिएको हुँदा आयोगको मिति २०६४।५।९ को निर्णयानुसार पुनरावेदन नगर्ने निर्णय गरिएको ।

८. वादी नेपाल सरकार प्रतिवादी जलन कुमार शर्मा समेत भएको बैंकलाई गैरकानूनी हानी नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको भन्ने मुद्दामा प्रतिवादीहरू जलन कुमार शर्मा, रामचन्द्र महर्जन, भरत कुमार पोखरेल र गोपाल प्रसाद पोखरेललाई आरोपित कसूरबाट सफाइ र अन्य प्रतिवादीहरू जगरनाथ सोनारलाई २ वर्ष, रविन्द्र कुमार सर्राफलाई १ वर्ष र प्रतिवादीहरू कौशिल सोनार, अनिता सर्राफ र सरोज सर्राफलाई जनही ६ महिना कैदको सजाय गरी दावीको बिगो रु. ११,८५,५३,२३४।- (एघार करोड पचासी लाख त्रिपन्न हजार दुईसय चौतिस) मध्ये कर्जावाला ऋणीहरूबाट असुल हुन नसकेको जति बिगो निज प्रतिवादीहरूबाट कृषि विकास बैंकलाई भराई दिने ठहऱ्याई श्री विशेष अदालतबाट फैसला भई फैसलाको जानकारी मिति २०६४।४।३ मा प्राप्त भएकोमा सफाइ दिइएका प्रतिवादीहरूका हकमा निम्न कारणहरूबाट श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्दा पनि थप सफलता प्राप्त हुने सम्भावना नदेखिएकाले आयोगको मिति २०६४।५।९ पुनरावेदन नगर्ने निर्णय गरिएको ।

(क) कृषि विकास बैंकको संचालक समितिको निर्णयले ३० र ७० प्रतिशतको अनुपातमा सवारी साधन नै सुरक्षणका लागि धितो राखी ऋण लगानी गर्ने कार्यक्रम बनाउनु पर्ने नीति तय गरिएको र समयमा ऋण नतिरेको अवस्थामा कर्जाको लागि धितोमा रहेको सवारी साधन Buyback गरी बैंकले लिनुपर्ने गरी सप्लायर कम्पनीसँग संझौता गर्नुपर्ने भन्ने व्यवस्था कार्यविधिमा निर्धारण भएकै देखिएबाट बैंकको ऋण असुरक्षित हुने गरी प्रतिवादीहरूले कार्यविधि निर्माण गरेको भन्ने देखिन आएको छैन ।

(ख) यस्तै Buyback को व्यवस्थाले ग्राहकलाई सवारी साधनप्रति जिम्मेवार नबनाएको भन्ने अरोपपत्र दाबी भए पनि बैंकको संचालक समितिले अरु कर्जा सुरक्षणको लागि थप धितो लिनु पर्ने गरी निर्णय गरेको अवस्था देखिँदैन । यिनै प्रतिवादीहरूले बदनियत राखी ग्राहकले थप

दायित्व व्यहोर्नु पर्ने गरी कार्यविधि निर्माण गरेनन् भनी निजहरू उपरको दाबी पुष्टि गराउन सकिने अवस्था नदेखिएको । संचालक समितिले निर्धारण गरेका नीतिहरूको अधीनमा रही व्यवस्थापनले कार्यविधि निर्धारण तोक्ने हो । व्यवस्थापनले निर्धारण गरेको नीतिको विपरीत हुने गरी कार्यविधि तोक्न सकिँदैन । यसर्थ यिनै प्रतिवादीहरूले तय गरेको कार्यविधिकै कारणबाट बैंकलाई हानी नोक्सानी पुगेको मान्न सक्ने देखिँदैन ।

(ग) यसै गरी ऋणिको आफ्नो तर्फबाट ३० प्रतिशत लगानी रहने छ महिनाको ग्रेस पिरियडपछि मासिक रुपमा निश्चित किस्ता तिर्नुपर्ने समयमा किस्ता नतिरेमा सवारी साधान Buyback हुने व्यवस्था भएबाट ऋण प्रति ग्राहक सचेत हुनुपर्ने गरी ऋणीको दायित्व समेत कार्यविधिमा स्पष्ट गरी तोकिएको छ । बैंकसँग Buyback योजना अन्तरगत संझौता गर्ने सप्लायर कम्पनीले संझौतालाई उचित पालना नगरेबाट बैंकलाई पुग्न गएको हानी नोक्सानीमा सफाइ दिइएका प्रतिवादीहरू जलन कुमार शर्मा समेत जवाफदेही हुन् भनी पुष्टि हुन सक्ने अवस्था देखिए आएको पाइँदैन ।

(घ) स्वाभाविक रुपमा ऋण लगानी गर्ने बैंकका शाखा कार्यालयहरूले नियमित रुपमा अनुगमन र नियन्त्रण गर्नुपर्ने व्यवस्था भएकोमा नियमित अनुगमन र समुचित नियन्त्रण नभएबाट बैंकलाई हानी नोक्सानी पुग्न गएको देखिएबाट नीति निर्माण गर्ने उपरको आरोप पुष्टि हुन सक्ने अवस्था नदेखिएको ।

९. वादी नेपाल सरकार प्रतिवादी विजय सुन्दर खड्का समेत भएको झूटा विवरणका आधारमा कर्जा लिनु दिनु गरी भ्रष्टाचार गरेको मुद्दामा प्रतिवादीहरू विजय सुन्दर खड्का, राजेन्द्र न्यौपाने र वाल कुमार मानन्धरलाई आरोपपत्र मागदावी बमोजिम कसूरदार ठहऱ्याई सजाय गरी र अन्य प्रतिवादीहरूलाई सफाइ दिई श्री विशेष अदालतबाट फैसला भएकोमा सफाइ दिइएका प्रतिवादीहरू उपरको आरोप पुनरावेदन गरेमा पनि पुष्टि गराउन सकिने अवस्था विद्यमान रहेको नदेखिएकोले आयोगको मिति २०६४।५।२८ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१०. वादी नेपाल सरकार प्रतिवादी विजय सुन्दर खड्का समेत भएको झूटा विवरणका आधारमा कर्जा लिनु दिनु गरी भ्रष्टाचार गरेको मुद्दामा प्रतिवादीहरू विजय सुन्दर खड्का, राजेन्द्र न्यौपाने र कृष्णगोपाल राजचललाई आरोपपत्र मागदावी बमोजिम कसूरदार ठहऱ्याई सजाय गरी र प्रतिवादी रामहरी बस्नेतलाई सफाइ दिई श्री विशेष अदालतबाट फैसला भएकोमा सफाइ दिइएका प्रतिवादीहरू उपरको आरोप पुनरावेदन गरेमा पनि पुष्टि गराउन सकिने अवस्था विद्यमान रहेको नदेखिएकोले आयोगको मिति २०६४।५।२८ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

११. वादी नेपाल सरकार प्रतिवादी विजय सुन्दर खड्का समेत भएको झूटा विवरणका आधारमा कर्जा लिनु दिनु गरी भ्रष्टाचार गरेको मुद्दामा प्रतिवादीहरू विजय सुन्दर खड्का, राजेन्द्र न्यौपाने, जय वहादुर खत्री र ध्रुव राम प्रसाईलाई आरोपपत्र मागदावी बमोजिम कसूरदार ठहऱ्याई सजाय गरी प्रतिवादी विलहादुर तामाङलाई सफाइ दिई श्री विशेष अदालतबाट फैसला भएकोमा सफाइ दिइएका प्रतिवादीहरू उपरको आरोप पुनरावेदन गरेमा पनि पुष्टि गराउन सकिने अवस्था विद्यमान रहेको नदेखिएकोले आयोगको मिति २०६४।५।२८ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१२. वादी नेपाल सरकार प्रतिवादी विजय सुन्दर खड्का समेत भएको झूटा विवरणका आधारमा कर्जा लिनु दिनु गरी भ्रष्टाचार गरेको मुद्दामा प्रतिवादीहरू विजय सुन्दर खड्का, राजेन्द्र न्यौपाने, तुलसीमैया सुवाल

(लघु) र गंगाराम लघुलाई आरोपपत्र मागदावी बमोजिम कसूरदार ठहऱ्याई सजाय गरी र अन्य प्रतिवादीहरूलाई सफाइ दिई श्री विशेष अदालतबाट फैसला भएकोमा सफाइ दिइएका प्रतिवादीहरू उपरको आरोप पुनरावेदन गरेमा पनि पुष्टि गराउन सकिने अवस्था विद्यमान रहेको नदेखिएकोले आयोगको मिति २०६४।५।२८ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१३. वादी नेपाल सरकार प्रतिवादी विजय सुन्दर खड्का समेत भएको झूटा विवरणका आधारमा कर्जा लिनु दिनु गरी भ्रष्टाचार गरेको मुद्दामा प्रतिवादीहरू विजय सुन्दर खड्का, राजेन्द्र न्यौपाने, लक्ष्मी खडका र शरद पाण्डेलाई आरोपपत्र मागदावी बमोजिम कसूरदार ठहऱ्याई सजाय गरी र प्रतिवादी राजेन्द्र बस्नेतलाई सफाइ दिई श्री विशेष अदालतबाट फैसला भएकोमा सफाइ दिइएका प्रतिवादीहरू उपरको आरोप पुनरावेदन गरेमा पनि पुष्टि गराउन सकिने अवस्था विद्यमान रहेको नदेखिएकोले आयोगको मिति २०६४।५।२८ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१४. वादी नेपाल सरकार प्रतिवादी विजय सुन्दर खड्का समेत भएको झूटा विवरणका आधारमा कर्जा लिनु दिनु गरी भ्रष्टाचार गरेको मुद्दामा प्रतिवादीहरू विजय सुन्दर खड्का, राजेन्द्र न्यौपाने र कृष्ण मुरारी तिमल्सिनालाई आरोपपत्र मागदाबी बमोजिम कसूरदार ठहऱ्याई सजाय गरी र अन्य प्रतिवादीहरूलाई सफाइ दिई श्री विशेष अदालतबाट फैसला भएकोमा सफाइ दिइएका प्रतिवादीहरू उपरको आरोप पुनरावेदन गरेमा पनि पुष्टि गराउन सकिने अवस्था विद्यमान रहेको नदेखिएकोले आयोगको मिति २०६४।५।२८ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१५. वादी नेपाल सरकार प्रतिवादी विजय सुन्दर खड्का समेत भएको झूटा विवरणका आधारमा कर्जा लिनु दिनु गरी भ्रष्टाचार गरेको मुद्दामा प्रतिवादीहरू विजय सुन्दर खड्का, राजेन्द्र न्यौपाने र अमरवहादुर पूर्वछानेलाई आरोपपत्र मागदावी बमोजिम कसूरदार ठहऱ्याई सजाय गरी र अन्य प्रतिवादीहरूलाई सफाई दिई श्री विशेष अदालतबाट फैसला भएकोमा सफाई दिइएका प्रतिवादीहरू उपरको आरोप पुनरावेदन गरेमा पनि पुष्टि गराउन सकिने अवस्था विद्यमान रहेको नदेखिएकोले आयोगको मिति २०६४।५।२८ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१६. वादी नेपाल सरकार प्रतिवादी विजय सुन्दर खड्का समेत भएको झूटा विवरणका आधारमा कर्जा लिनु दिनु गरी भ्रष्टाचार गरेको मुद्दामा प्रतिवादीहरू विजय सुन्दर खड्का, राजेन्द्र न्यौपाने र नवराज श्रेष्ठलाई आरोपपत्र मागदावी बमोजिम कसूरदार ठहऱ्याई सजाय गरी र प्रतिवादी शरद पाण्डेलाई सफाई दिई श्री विशेष अदालतबाट फैसला भएकोमा सफाई दिइएका प्रतिवादीहरू उपरको आरोप पुनरावेदन गरेमा पनि पुष्टि गराउन सकिने अवस्था विद्यमान रहेको नदेखिएकोले आयोगको मिति २०६४।५।२८ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१७. वादी नेपाल सरकार प्रतिवादी विजय सुन्दर खड्का समेत भएको झूटा विवरणका आधारमा कर्जा लिनु दिनु गरी भ्रष्टाचार गरेको मुद्दामा प्रतिवादीहरू विजय सुन्दर खड्का, राजेन्द्र न्यौपाने र विरवहादुर श्रेष्ठलाई आरोपपत्र मागदावी बमोजिम कसूरदार ठहऱ्याई सजाय गरी र प्रतिवादी विल वहादुर तामाङलाई सफाई दिई श्री विशेष अदालतबाट फैसला भएकोमा सफाई दिइएका प्रतिवादीहरू उपरको आरोप पुनरावेदन गरेमा पनि पुष्टि गराउन सकिने अवस्था विद्यमान रहेको नदेखिएकोले आयोगको मिति २०६४।५।२८ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१८. वादी नेपाल सरकार प्रतिवादी विजय सुन्दर खड्का समेत भएको झूटा विवरणका आधारमा कर्जा लिनु दिनु गरी भ्रष्टाचार गरेको मुद्दामा प्रतिवादीहरू विजय सुन्दर खड्का, राजेन्द्र न्यौपाने र कुल प्रसाद

पौडेललाई आरोपपत्र मागदावी बमोजिम कसूरदार ठहऱ्याई सजाय गरी र प्रतिवादी परशुराम के.सी.लाई सफाई दिई श्री विशेष अदालतबाट फैसला भएकोमा सफाई दिइएका प्रतिवादीहरू उपरको आरोप पुनरावेदन गरेमा पनि पुष्टि गराउन सकिने अवस्था विद्यमान रहेको नदेखिएकोले आयोगको मिति २०६४।५।२८ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१९ बादी नेपाल सरकार प्रतिवादी विजय सुन्दर खड्का समेत भएको झूटा विवरणका आधारमा कर्जा लिनु दिनु गरी भ्रष्टाचार गरेको मुद्दामा प्रतिवादीहरू विजय सुन्दर खड्का, राजेन्द्र न्यौपाने र वाल कृष्ण कायस्थलाई आरोपपत्र मागदावी बमोजिम कसूरदार ठहऱ्याई र अन्य प्रतिवादीलाई सफाई दिई श्री विशेष अदालतबाट फैसला भएकोमा सफाइ दिइएका प्रतिवादीहरू उपरको आरोप पुनरावेदन गरेमा पनि पुष्टि गराउन सकिने अवस्था विद्यमान रहेको नदेखिएकोले आयोगको मिति २०६४।५।२८ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

२०. यस आयोगबाट तत्कालीन अर्थ मन्त्री रविन्द्रनाथ शर्मा र तत्कालीन प्रमुख भन्सार प्रशासक जनार्दन शर्माले सावि‍क भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ तथा सो ऐनलाई निरन्तरता दिएको हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरी सार्वजनिक सम्पत्तिको हिनामिना हानी नोक्सानी गरेकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ र १७ बमोजिम असूल उपर गरी सजाय हुन तथा तत्कालीन अर्थ मन्त्री रविन्द्रनाथ शर्मालाई सावि‍क भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १४क तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन समेत मागदावी लिई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतको मिति २०६४।३।६ को फैसलाबाट तत्कालीन प्रमुख भन्सार प्रशासक जनार्दन शर्माले आरोपपत्र मागदावी बमोजिम कार्य गरेकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ को कसूर गरेको ठहर भएको र तत्कालीन अर्थ मन्त्री रविन्द्रनाथ शर्माको हकमा सफाई दिने गरी फैसला भएको ।

प्रस्तुत मुद्दामा तत्कालीन अर्थ मन्त्री रविन्द्रनाथ शर्माको संलग्नताको सम्बन्धमा मौकामा बुझिएका व्यक्तिहरूले आफ्नो बयानमा कसूर गरेकोमा गढाउ नगरी अनुमान सम्म गरेको देखिन आएको र अन्य संकलित प्रमाणहरूको प्रामाणिकता समेतबाट पुनरावेदन गर्दा समेत थप सफलता प्राप्त हुन सक्ने संभावना नदेखिएकोले आयोगको मिति २०६४।६।२३ निर्णयानुसार पुनरावेदन नगरिएको ।

२१. प्रतिवादी जनार्दन शर्मा समेत उपर सावि‍क भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१), १५ र १६(ग) तथा सो ऐन लाई निरन्तरता दिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसुरमा सावि‍क भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१), १५ र १६ (ग) तथा सो ऐनलाई निरन्तरता दिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिमको कैद र जरिवाना साथै गैरकानूनी सम्पत्ति जफत समेतको मागदावी श्री विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरूलाई सफाई दिइ फैसला भएकोमा निम्न कारणहरूबाट उक्त फैसला उपर पुनरावेदन गर्दा समेत सफलता प्राप्त हुन सक्ने सम्भावना नदेखिएकोले आयोगको मिति २०६४।६।२३ निर्णयानुसार पुनरावेदन नगरिएको ।

(क) अनुसन्धानको क्रममा निजले सार्वजनकि पदमा प्रवेश गरेको मिति २०२७।८।८ देखि जाँच अवधि सम्मको पारिश्रमिक गणना नगरी आंशिक पारिश्रमिक मात्र गणना गरेकोले आयोगले अंगिकार गरेको मापदण्ड अनुसार निज सार्वजनिक सेवामा प्रवेश गरे देखिको पारिश्रमिकलाई आयको रुपमा गणना गर्नु पर्ने गरी विशेष अदालतले लिएको आधार स्वभाविक नै देखिएको ।

(ख) निज एवं परिवारको नाममा साविकमा २९ विगाहा जग्गा रहेको र पछि ११ विगाहा विक्री गरी बाँकी हुन आएको १८ विगाहाको आयोगले अवलम्वन गर्दै आएको मापदण्ड अनुसार कृषि आय गणना गर्नु पर्ने र कृषि आय गणना गर्ने गरी भएको फैसला स्वभाविक नै देखिएको छ । विशेष अदालतले प्रति विगाहा रु.७,०००।- का दरले कृषि आय कायम गरेको भएतापनि शुरु देखि नै आयोगले अपनाउदै आएको प्रकृया अनुसार कृषि आय गणना गर्नु पर्ने देखिन आउछ ।

(ग) सानेपामा निर्माण भएको घरको सम्वन्धमा आयोगबाट मूल्यांकन गर्दा सिमेन्टको जोडाई भनी रु.१०,१६,७६९।- देखाइएकोमा तत्कालीन ललितपुर नगर पञ्चायतमा नक्सा दर्ता गर्दाको समयमा माटोको जोडाई भन्ने उल्लेख भएको र उक्त घर माटोको जोडाईबाट नै निर्माण भएको कुरालाई आधार लिई फैसला गरेको हुँदा सो घरबाट सृजना भएका आय र त्यस पछि सृजना भएका चल अचल सम्पत्तिलाई स्वाभाविक नै मान्नु पर्ने देखिन आएको ।

(घ) अनुसन्धानको क्रममा आयोगले विदेश भ्रमण गर्दा आर्जन गरेका रकमलाई पनि आयका विभिन्न श्रोतहरू मध्ये एक स्रोतको रुपमा गणना गर्ने गरी मापदण्ड तोकेको र बैध स्रोतबाट खरिद भएका शेयरहरूबाट प्राप्त हुने लाभांशलाई पनि बैध स्रोतको रुपमा गणना गर्ने नीति आयोगबाट लिइदै आएको हुदाँ विशेष अदालतले यिनै आधारहरूबाट आय कायम गरीएको फैसला स्वभाविक नै देखियो ।

२२. प्रतित पत्र खोल्ने व्यवसायीहरूको हकमा किर्ते कागज समेत तयार गरी भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ बमोजिम एबं राष्ट्रिय वाणिज्य बैंकका कर्मचारीहरूका हकमा ऐ ऐनको दफा ७ (२) एबं २९ को कसूर गरेको हुंदा अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्ने प्रतित पत्र सम्बन्धी मुद्दाहरू (मुद्दा नंबर/ फैसला नं. ३०४/२५५, २९१/२५६, २९०/२५७, ३०८/२५८, ३०७/२५९, २८१/२७९, २७८/२८१, २४९/२६०, २८९/२६१, ३०५/२६२, २८६/२८५, २७६/२८६, २७७/२८७, ३०५/२७०, २९९/२६९, ३०४/२७१, ३०२/२७५, ३०१/२७६, ३०३/२७७, ३०६/२७२, ३०८/२७४, ३०७/२७३, २९१, २९२, २९३, २९५, २९४, २९६, २९७) मा प्रतिवादीहरू मध्येका प्रतित पत्र खोल्ने व्यवसायीहरूले भ्रष्टाचार गरेको ठहर गरी, बैंकका कर्मचारीहरूले समेत कसुर गरेको खम्बिर गरी जरिवाना समेत गरी, साथै प्रतिवादी बनाइएका बैंकका अन्य कर्मचारीहरू एवं फर्मका प्रोप्राइटरहरूलाई सफाई दिई श्री विशेष अदालतबाट फैसला भएकोमा निम्न कारणहरूबाट कम बिगो कायम भएको र सफाई दिएको विषयमा पुनरावेदन गर्दा समेत थप सफलता प्राप्त हुन सक्ने संभावना नदेखिई आयोगको मिति २०६४।९।१२ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

(क) अपचलित विदेशी मुद्राको हकमा प्रतिवादीहरू उपर काठमाडौं जिल्ला अदालतमा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ अन्तरगत मुद्दा चलिरहेको अवस्था देखिएको ।

(ख) प्रस्तुत मुद्दामा राष्ट्रिय वाणिज्य बैंकलाई सम्बन्धित पक्षले प्रतितपत्र बापत बुझाउनु पर्ने सम्पूर्ण रकम बुझाएकै देखिएको र दुई प्रतिशत धरौटी बापत राखेको रकम व्यवसाय सन्चालकले सामान पैठारीको किर्ते कागज तयार गरी बैंकबाट रकम फिर्ता लगेको देखिएको अवस्थामा निजहरूलाई दफा ८ मा व्यबस्थित कसूर एवं उक्त बैंकका कर्मचारीहरूको मिलोमतो भएको देखिएको हुँदा साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा क्रमशः दफा ७(२) को कसूर गरेको खम्बिर गरी बिगोको हकमा व्यवसायीहरूबाट बिगो बमोजिम जरिवाना गर्ने एवं कर्मचारीहरू हकमा जनही रु. ५०००।- जरिवाना हुने ठहर गरी फैसला भएको ।

(ग) जहाँसम्म अभियोगपत्र मागदावी बमोजिमको बिगो भराउने र सोही बमोजिम जरिवाना गर्ने भन्ने विषय छ उक्त प्रतितपत्र सत प्रतिशत मार्जिनमा खोलिएको देखिएको हुँदा उक्त मागदावी गरिएको रकम बैकलाई हानी नोक्सानी भएको नदेखिएको ।

(घ) बैंकका अन्य कर्मचारीहरूले प्रतितपत्र खोल्ने तथा धरौटी रकम फिर्ता दिने मुख्य अधिकारी नभै प्रतितपत्र सम्बन्धी बैंकमा पेश हुने कागजपत्रहरू प्रतितपत्र शाखाको इन्चार्जले ठिक वेठिक जाँच गरी प्रवन्धकबाट स्वीकृत भएपछिका काम कारवाही गर्ने कार्य समेतको कार्य गर्ने मिसिल संलग्न कागजातबाट देखिएको हुँदा धरौटी रकम फिर्ता दिने कार्यमा संलग्नता रहे भएको पुष्टि हुन नआएको ।

(ङ) फर्मका अन्य प्रोप्राइटरहरू जमानी वसेको बैंकलाई बाँकी बुझाउनु पर्ने नबुझाएमा सो जमानी पत्र बमोजिम ती प्रतिवादीहरूले बुझाउनु पर्ने दायित्व रहे भएकोमा उक्त जवानी वस्नेले बुझाउनु पर्ने हुन आउँछ । सो बमोजिम बैंकलाई बुझाउन बाँकी नदेखिएको हुँदा बैंकमा रहेको धरौटी रकम फिर्ता लिने कार्यमा बैंकका कर्मचारीलाई सहयोग र मिलोमतो गरी किर्ते छाप दस्तखत प्रयोग गरी धरौटी रकम फिर्ता दिने कार्यमा जवानी वस्ने यी प्रतिवादीको कही कतै संलग्नता मिसिल संलग्न प्रमाणबाट नदेखिएको ।

२३. प्रतित पत्र खोल्ने व्यवसायीहरूको हकमा किर्ते कागज समेत तयार गरी भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ बमोजिम एवं राष्ट्रिय वाणिज्य बैंकका कर्मचारीहरूका हकमा ऐ ऐनको दफा ७ (२) एवं २९ को कसूर गरेको हुंदा अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्ने प्रतित पत्र सम्बन्धी मुद्दाहरू (मुद्दा नंबर/फैसला नं.२६६/२४०,२८०/२७९, २६३/२९८, २८३/२८२,२८८/२८४) मा प्रतिवादीहरू मध्येका प्रतित पत्र खोल्ने व्यवसायीहरूले भ्रष्टाचार गरेको ठहर गरी फैसला भएको र बैंकका जिम्मेवार कर्मचारीहरू उपर समेत कसुर खम्बिर गरी जरिवाना समेत भएको साथै जवानी वस्ने र बैंकका अन्य कर्मचारीहरूलाई सफाई दिई श्री विशेष अदालतबाट फैसला भएकोमा निम्न कारणहरूबाट कम बिगो कायम भएको विषयमा एवं सफाई दिएका अन्य प्रतिवादीहरूको हकमा पुनरावेदन गर्दा समेत थप सफलता प्राप्त हुन सक्ने संभावना नदेखिएकोले आयोगको मिति २०६४।९।१२ को निर्णय पुनरावेदन नगरिएको ।

(क) अपचलित विदेशी मुद्राको हकमा प्रतिवादीहरू उपर काठमाडौं जिल्ला अदालतमा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ अन्तरगत मुद्दा चलिरहेको अवस्था देखिएको ।

(ख) प्रस्तुत मुद्दामा राष्ट्रिय वाणिज्य बैंकलाई सम्बन्धित पक्षले प्रतितपत्र बापत बुझाउनु पर्ने सम्पूर्ण रकम बुझाएकै देखिएको र दुई प्रतिशत धरौटी रकम बापत राखेको धरौटी रकम सन्चालकले सामान पैठारीको किर्ते कागज तयार गरी बैंकबाट रकम फिर्ता लगेको देखिएको अवस्थामा निजहरू एवं उक्त बैंकका कर्मचारीहरूले साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा क्रमशः दफा ७(२) तथा ८ को कसूर गरेको खम्बिर गरी बिगोको हकमा व्यवसायीहरूबाट बिगो बमोजिम जरिवाना गर्ने एवं कर्मचारीहरू हकमा रु. ५०००।- जरिवाना हुने ठहर गरी फैसला भएको ।

(ग) तहाँसम्म अभियोगपत्र मागदावी बमोजिमको बिगो भराउने र सोही बमोजिम जरिवाना गर्ने भन्ने विषय छ उक्त प्रतितपत्र सत प्रतिशत मार्जिनमा खोलिएको देखिएको हुँदा उक्त मागदावी गरिएको रकम बैंकलाई हानी नोक्सानी भएको नदेखिएको ।

२४. भारतको सम्बन्धित शिक्षण संस्थाबाट प्रतिवादी डा.मुरलिप्रसाद सिंहको उच्चतर माध्यमिक तहको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली हो भनी प्रमाणीकरण भई आएको पत्रको आधारमा आयोगबाट प्रतिवादी उपर श्री विशेष अदालतमा मुद्दा दायर गरिएको र प्रतिवादीले अदालत समक्ष आफ्नो प्रमाण पत्र सहि हो भन्ने व्यहोराको भारतकै सोही शिक्षण संस्थाको पत्र बयान साथ पेश गरेकोमा उल्लेखित दुवै पत्र मध्ये कुन सहि हो सोको आधिकारिकता खुलाउन अदालतबाट उच्च माध्यमिक शिक्षा परिषदका नाममा आदेश हुँदा प्रतिवादीले बयान साथ पेश गरेको पत्रको व्यहोरा सहि हो भनी भारतको सम्बन्धित शिक्षण संस्थाबाट लेखी आएको भनी उक्त परिषदले अदालतलाई जवाफ पठाएको आधारमा श्री विशेष अदालतबाट प्रतिवादीलाई सफाइ दिई फैसला भएको देखिएको, सो फैसला त्रुटिपूर्ण छ भनी त्यस उपर पुनरावेदन गर्दा सफलता प्राप्त हुने ठोस र तत्थ्ययुक्त प्रमाण सम्बन्धित मिसिलको अध्ययनबाट नदेखिएकाले आयोगको मिति २०६४।११।६ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

२५. २०६४।११।६ भारतको सम्बन्धित शिक्षण संस्थाबाट प्रतिवादी डा. रामनाराणय साह नेपालीको उच्चतर माध्यमिक तहको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली हो भनी प्रमाणीकरण भई आएको पत्रको आधारमा आयोगबाट प्रतिवादी उपर श्री विशेष अदालतमा मुद्दा दायर गरिएको र प्रतिवादीले अदालत समक्ष आफ्नो प्रमाण पत्र सहि हो भन्ने व्यहोराको भारतकै सोही शिक्षण संस्थाको पत्र बयान साथ पेश गरेकोमा उल्लेखित दुवै पत्र मध्ये कुन सहि हो सोको आधिकारिकता खुलाउन अदालतबाट उच्च माध्यमिक शिक्षा परिषद्का नाममा आदेश हुँदा प्रतिवादीले बयान साथ पेश गरेको पत्रको व्यहोरा सही हो भनी भारतको सम्बन्धित शिक्षण संस्थाबाट लेखि आएको भनी उक्त परिषद्ले अदालतलाई जवाफ पठाएको आधारमा श्री विशेष अदालतबाट प्रतिवादीलाई सफाइ दिई फैसला भएको देखिएको, सो फैसला त्रुटिपूर्ण छ भनी त्यस उपर पुनरावेदन गर्दा सफलता प्राप्त हुने ठोस र तथ्ययुक्त प्रमाण सम्बन्धित मिसिलको अध्ययनबाट नदेखिएकाले आयोगको मिति २०६४।११।६ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

परिच्छेद - ६
विभागीय कारवाही

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ अनुसार सार्वजनिक पद धारण गरेको व्यक्तिले पेश गरेको स्पष्टीकरण आयोगलाई सन्तोषजनक नलागेमा आयोगले निजलाई सचेत गराउने वा कसूरको मात्रा अनुसार कारण र आधार खुलाई विभागीय सजाय गर्न अख्तियारवालालाई लेखी पठाउन सक्ने व्यवस्था छ। सोही अनुरुप आर्थिक वर्ष २०६४/२०६५ मा विभागीय कारवाहीका लागि विभिन्न निकायमा लेखी पठाइएको मन्त्रालयगत विवरण देहाय बमोजिम उल्लेख गरिएको छ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

१. त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०६४/१/२३ का दिन साइबर ईन्टरनेशनल प्रा. लि, सिद्धि विनायक इम्पोर्ट एक्सपोर्ट प्रा.लि., र न्यू हरियाली ट्रेडर्सका नाममा आयात भएका मोवाइल फोन सेट समेतका इलेक्ट्रोनिक्स सामान भन्सार मूल्यांकन तथा चेक जाँच गर्दा राजस्व चुहावट भएको भन्ने बिषयमा अनुसन्धान हुँदा सामान मूल्यांकन तथा चेकजाँच गर्दा बाध्यात्मक रुपले अपनाउनुपर्ने कार्यविधिको पालना नगरेको, निर्णय गर्दा आफूलाई प्राप्त अधिकारलाई अर्कै उद्देश्यका साथ बदनियत राखी प्रयोग गरेको र आफ्नो पदको प्रकृति अनुसार पालना गर्नु पर्ने पदीय कर्तव्य पालना नगरी अनुचित कार्य गर्दा नेपाल सरकारलाई भएको हानी नोक्सानी रु १८,११,५८१।०० को कुरालाई स्वीकार गरी अनुसन्धानकै क्रममा हानी नोक्सानी भएको उक्त रकम निजहरुले सर्वसंचितकोष दाखिला गरेकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८को दफा ३ ख,३ ग,३ घ र ३ छ बमोजिम अनुचित कार्य गरेकाले आयोगको मिति २०६४।१०।१३ को निर्णय अनुसार प्रमुख भंसार अधिकृत मुकुन्दप्रसाद पौडेल, भन्सार अधिकृत उमेशकुमार बस्नेत, भन्सार अधिकृत दुर्गाप्रसाद आचार्य, जाँचकी ना.सु. देवी थापा, जाँचकी खरिदार महेन्द्रकुमार पोखरेल, जाँचकी खरिदार इन्द्रमणी पराजुली, र जाँचकी खरिदार टिका प्रसाद पोखरेललाई विभागीय सजाय गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८को दफा दफा १२(१) बमोजिम अर्थ अर्थ मंत्रालयमा लेखि पठाइएको।

२. भैरहवा भन्सार कार्यालयबाट मिति २०६४।८।२४गतेका दिन आलु प्याज लगायतका सामान जाँच पास गर्दा कर्मचारीहरुवाट अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुदा आयोगको मिति २०६४।१०।२२ को निर्णय अनुसार मिति २०६४।८।२४ गतेका दिन भन्सार एजेन्ट छोर्तेन ईन्टरप्राईजेजका तर्फवाट सो का प्रतिनिधि अभिनन्दन मिश्रद्धारा भैरहवा भन्सार कार्यालयमा पेश गरिएका प्रज्ञापनपत्र दर्ता नं. १६६०१,१६६०२ र १६६०३ वाट जम्मा १७,९८४ के.जी. मात्र आलु प्याजका सामान घोषणा गरी ५८,३३५ के.जी आलु प्याज आयात गरिन लागेकोमा उक्त भंसार कार्यालयका खरिदार देवी प्रसाद पौडेल र खरिदार खेमराज जोशीले जाँचपास कार्य गर्दा उक्त आयात गरिन लागेका सामानहरुको भौतिक निरीक्षण समेत नगरेको, विहानीको समयमा भिडभाड भएको र सम्बन्धित एजेन्ट प्रतिनिधिको विश्वासको भरमा जाँचपास गरिदिएको भन्ने जस्ता वहाना बनाई कर्तव्य पालना एवं जिम्मेवारी निर्वाहमा लापरवाही गरी सामाननै नहेरी जाँचपास गरिदिएका कारण करीव ४० मे.टन आलु प्याजको परिमाणमा फरक परेको देखिन आई सम्बन्धित भंसार प्रमुखबाट भंसार ऐन अनुसार भंसार एजेन्टका प्रतिनिधिलाई कारवाही भैसकेको देखिन आएको हुँदा खरिदार खेमराज जोशी

र खरिदार देवी प्रसाद पौडेललाई निजहरुले गरेको कसूरको मात्रा र प्रकृति अनुसार निजामती सेवा ऐन, नियमावली अनुसारको प्रक्रिया पुरा गरी उपयुक्त विभागीय कारवाही गर्न भंसार विभागका महानिर्देशकलाई लेखी पठाइएको ।

३. तत्कालिन सुकुम्वासी समस्या समाधान आयोगले गरेको निर्णय कार्यान्वयन गर्न गठीत समितिको मिति २०६०।३।३२ को निर्णयानुसार वर्दिया जिल्लाको बनियाभार गा.वि.स. अन्तर्गत सैलाही फाँटा समेतको जग्गा मुक्त कमैया तथा अव्यवस्थित बसोबासी सुकुम्वासी समेतलाई जग्गा बाँड्ने क्रममा सो फाँटाको जग्गा कित्ता काट गर्ने कार्यको लागि नापी निरिक्षक रामदेव मण्डललाई खटाएकोमा कित्ता काट गर्ने शिलशिलामा आफुले गर्नु पर्ने कार्य नगरी लेखापाल डिल्लीराज आचार्य र मिलिजुली वन उपभोक्ता समितिका सचिव दिपक कुमार चन्दले तयार गरेको मुचुल्का लगायतका कागजात पेश गरी आफनो पदीय कर्तव्य पालन नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (च) (छ) द्वारा परिभाषित अनुचित कार्य गरेको पाइएको तथा को.ले.नि.का.बर्दियाका लेखापाल डिल्लीराज आचार्यले नापी निरिक्षक रामदेव मण्डललाई अनाधिकृत रुपमा बाधा पुऱ्याई निजले तयार गर्नु पर्ने लिखत आफैले तयार गरी सोही ऐनको दफा ३ खण्ड (ङ) द्वारा परिभाषित अनुचित कार्य गरेको देखिदा आयोगको मिति २०६४।९।२ को निर्णय अनुसार लेखापाल डिल्लीराज आचार्यलाई विभागिय कारवाहीको लागि महालेखा नियन्त्रक कार्यालयमा लेखी पठाइएको ।

(ख) <u>उद्योग वाणिज्य तथा आपूर्ति मंत्रालय अन्तर्गत</u>

१. नेपाल आयल निगम लि. का तत्कालिन कार्यकारी अध्यक्ष उपेन्द्र कोईराला समेतले ४० जना भन्दा वढी कर्मचारीलाई नियम विपरित का.मु. मुकरर गरी निगमलाई हानी नोक्सानी पुऱ्याएको भन्ने समेत व्यहोराको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१०।१३ को निर्णय अनुसार निगमको कर्मचारी प्रशासन विनियमावली, २०५२ वमोजिम निगमको निर्देशकले कुनै पनि कर्मचारीलाई एकतह माथिको पदमा कायम मुकायम मुकरर गर्न पाउने अधिकार भएको नदेखिंदा उक्त विनियमावलीको प्रतिकूल हुने गरी निगमका तत्कालिन निर्देशक बेनु बिक्रम पन्तले रविन चन्द्र अधिकारी समेत २१ जना र बच्चु कुमार काफ्लेले ईन्दु शर्मा समेत २ जना कर्मचारीहरुलाई का.मु. मुकरर गरेको कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (क) र (छ) बमोजिमको कशुर भएको देखिएको हुँदा निगमका तत्कालिन निर्देशक द्वय वच्चु कुमार काफ्ले र बेनु विक्रम पंत (हाल क्रमश: नायव कार्यकारी निर्देशक र नि. कार्यकारी निर्देशक) लाई निगमको कर्मचारी प्रशासन विनियमावली, २०५२ को विनियम १३.१(ख) को रीत पुऱ्याई विभागीय कारवाही गर्न निगमको कार्यकारी निर्देशकलाई लेखी पठाइएको ।

२. मा.पो.का. डिल्ली बजारबाट अपुताली परेको संपति नक्कली हकदार बनी मुलुकी ऐन अपुताली महल विपरित नामसारी दर्ता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुदाँ कानुन विपरित अपुताली हक कायम गर्ने मिलापत्रको आधारमा पर्चा गरी कार्यान्वयन गर्ने गरी निर्णय गरेको देखिएकोले आयोगको मिति २०६४।११।२९ को निर्णय अनुसार मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन प्रमुख मालपोत अधिकृत हाल उपसचिव गुणस्तर तथा नापतौल विभाग, सूर्यकान्त झालाई विभागीय कारवाही गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखी पठाइएको ।

३. गुणस्तर तथा नापतौल कार्यालय विराटनगरका प्रमुखलाई घूस लिंदा लिंदै रंगेहात पक्रेकोमा जि.प्र.का. र विभागीय प्रमुखले निजसंग पैसा लिई भ्रष्टाचार गर्न प्रोत्साहित गर्न खोजेकोले भ्रष्टाचारीमाथि कारवाही होस भन्ने व्यहोराको उजुरी उपर अनुसन्धान हुँदा आयोगको मिति २०६४।१२।४ को निर्णय

अनुसार उल्लेखित घटनाको सन्दर्भमा घुस लिएको भनिएको रकमको बरामदी मुचुल्का नभएकाले भ्रष्टाचार ठहर हुन नसक्ने हुँदा कार्यालय प्रमुखले आफ्नो कार्यालयवाट सेवाग्राहीलाई प्रदान गरिने सेवा यथासक्य छिटो र सहज रुपमा उपलव्ध गराउनु पर्नेमा नगरी किन उक्त घटना हुने अवस्था सृजना भयो भन्ने सम्वन्धमा तत्कालिन कार्यालय प्रमुख तथा उक्त रकम लिने दुवै जनालाई कानूनको रीत पुऱ्याई विभागीय कारवाही गर्न गुणस्तर तथा नापतौल विभागमा लेखी पठाइएको ।

(ग) कृषि तथा सहकारी मंत्रालय अन्तर्गत

१ तरकारी पेकेज प्रर्दशनीमा नक्कली विल बनाई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा कृषि विकास कार्यालय, धनकुटाका ना.प्र.स.मोहमद मजिदले धनकुटा, छिन्ताङ-६ वस्ने सोम कुमारी राइलाई सुन्तला र जुनारको १००।१०० वोट तथा तरकारी किट १ सेट नवुझाई वुझाएको भनी कार्यालयमा झुठो भर्पाई पेश गरेको, ना.प्र.स. भगवान प्रसाद पोखरेलले धनकुटा, मौनावुधुक-८ वस्ने एक वहादुर कोइरालालाई ५९ थान जुनारको वोट नवुझाई वुझाएको भनी झुठो विवरणको भरपाई कार्यालयमा पेश गरेको र प्रा.स.राम विलास शाहले धनकुटा, ताखुवा-८ वस्ने योगेन्द्र भट्टराईलाई सिकेचर ३ थान नवुझाई वुझाएको भनी झुटो विवरणको भरपाई कार्यालयमा पेश गरेको देखियो । यसवाट निजहरुले अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ को (ग) (छ) वमोजिम अनुचित कार्य गरेको देखिएवाट आयोगको मिति २०६४।११।३० को निर्णय अनुसार निजामती सेवा ऐन ०४९ को दफा ५९(२) बमोजिम ना.प्रा.स. भगवान प्रसाद पोखरेल, प्रा.स. राम विलास शाह र ना. प्रा.स. मोहमद मजिदलाई विभागीय कारवाही गर्न कृषि तथा सहकारी मन्त्रालयमा लेखी पठाइएको ।

(घ) जलश्रोत मंत्रालय अन्तर्गत

१ नेपाल विद्युत प्राधिकरण मलगंवा सर्लाही ट्रान्सफरमर मर्मत संभार रकममा नक्कली वील भरपाई बनाई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगबाट अुनसन्धान हुदाँ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को (क) (ख) (घ) र (छ) बमोजिम अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०६४।१०।१३ को निर्णय अनुसार (क) शाखा प्रमुख अंजनी कुमार मिश्रलाई ने.वि.प्रा. कर्मचारी सेवा शर्त बमोजिम विभागीय कारवाही गर्न र २ वर्ष सम्म कार्यालय प्रमुख हुन नपाउने व्यवस्था गर्न (ख) आ.व. ०६२।६३ को आ.ले.प. मा संलग्न कर्मचारीहरुलाई विशेष खरिद सम्बन्धी दफाहरु पालना नभएको देखिदा विभागीय कारवाही गर्न ने.वि.प्रा.केन्द्रिय कार्यालयमा लेखी पठाइएको ।

२ आ.व. ०६१।६२ मा मध्य पश्चिमान्चल सिंचाई विकास सव डिभिजन नं. १, रुकुम अन्तर्गत सिम्ली, आठवीस डाँडागाउँ, सिर्पा र काव्रिखेत सिंचाइ योजनाहरुको मर्मत सुधारको काम गर्दा उपभोक्ता समितिका पदाधिकारी एवं कर्मचारीको मिलेमतोमा भ्रष्टाचार भएको भन्ने विषयको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।३।२६ को निर्णय अनुसार उक्त सिंचाई योजनाहरुको मर्मत संभारको काम भएको भनी सम्बन्धित उपभोक्ता समितिहरुलाई भुक्तानी गरेको रकम हाल आएर खर्च नभएको रकम भनी नेपाल सरकारको सर्वसंचित कोषमा दाखिला गरेबाट निजहरुले आफ्नो पदको प्रकृति अनुसार पालन गर्नुपर्ने पदिय कर्तव्य पालना नगरी अख्तियारको दुरुपयोग गरी अनुचित कार्य गरेको व्यहोरा पुष्टि हुन आएको हुँदा सो कशुरमा संलग्न मध्य पश्चिमान्चल सिंचाई विकास सव डिभिजन नं. १, रुकुमका तत्कालिन ओभरसियर द्वय राम चरित्र चौधरी र रामभद्र पण्डित उपर प्रचलित कानून अनुसार विभागीय कारवाही गर्न सिंचाई विभागमा लेखी पठाइएको ।

(ङ) भूमि सुधार तथा व्यवस्था मंत्रालय अन्तर्गत

१. पर्सा जिल्ला श्रीपुर वि वडा नं. १ कि. नं. १११ क्षेत्रफ ०-१-१७-२ जग्गा मालपोत कार्यालय पर्साबाट रजिष्ट्रेशन पारित गर्दा उक्त जग्गामा भएको घर नदेखाई राजश्व छलेको भन्ने उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुदाँ खरिदारहरु किरण प्रसाद उपाध्याय र राजकुमार लालले जग्गा प्रशासन कार्यविधि निर्देशिका २०५८ ले व्यवस्था गरे अुनरुप घर बाटोको अवस्था खुलाउन नापी शाखामा नपठाई लिखतमा उल्लेख भएको व्यहोराका आधारमा न्युनतम मुल्यांकन ठीक छ भनी हस्ताक्षर गरी लिखत पारित गरिदिएबाट निजहरुले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (ख) बमोजिम अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०६४।७६ को निर्णय अनुसार निजहरुलाई विभागीय कारवाही गर्न भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

२ भूमि सुधार कार्यालय बाराका भू.सु अधिकारी र ख. राज महमद मन्सुर समेतले भोगचलनमा रहदै आएको जग्गा अनियमित तरिकाले बाँडफाँड गरेको भन्ने सम्बन्धमा आयोगबाट अनुसन्धान हुदाँ भूमि सम्वन्धी ऐन २०२१ को दफा २६च विपरित फिराद लिई कारवाही पुनः शुरु गरी मन्दोदरी रायभरको नाउवाट नामसारी र जग्गा वाँडफाँडको निर्णय गरेको, एक पटक अर्धन्यायिक निकायको पदाधिकारीले गरेको निर्णय उपर सोही विषयमा सोही कार्यालयका समान पदाधिकारीले पुनः मुद्दा सुन्न हुदैन भन्ने अ.वं. ८५ नं को कानुनी व्यवस्थाको समेत प्रतिकूल हुने गरी गलत प्रकृया अवलम्वन गरी अं.बं. ८६ नं. लाई आत्मकेन्दित रुपमा अपव्याख्या गरी वदनियत पूर्ण ढंगले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३ को खण्ड (ख), (ग), (घ)(छ), (ज) विपरित कार्य गरेको देखिन आएकोले आयोगको मिति २०६४।८।२७ को निर्णय अनुसार भूमि सुधार कार्यालयका भूमिसुधार अधिकारी सानुकाजी देसार र खरिदार राज महम्मद मंन्सुरलाई विभागीय कारवाही गर्न भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

३. तत्कालिन सुकुम्वासी समस्या समाधान आयोगले गरेको निर्णय कार्यान्वयन गर्न गठीत समितिको मिति २०६०।३।३२ को निर्णयानुसार वर्दिया जिल्लाको बनियाभार गा.वि.स. अन्तर्गत सैलाही फाँटा समेतको जग्गा मुक्त कमैया तथा अव्यवस्थित बसोबासी सुकुमवासी समेतलाई जग्गा बाडने क्रममा सो फाँटाको जग्गा कित्ता काट गर्ने कार्यको लागि नापी निरिक्षक रामदेव मण्डललाई खटाएकोमा कित्ता काट गर्ने शिलशिलामा आफुले गर्नु पर्ने कार्य नगरी लेखापाल डिल्लीराज आचार्य र मिलिजुली वन उपभोक्ता समितिका सचिव दिपक कुमार चन्दले तयार गरेको मुचुल्का लगायतका कागजात पेश गरी आफनो पदीय कर्तव्य पालन नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (च) (छ) द्वारा परिभाषित अनुचित कार्य गरेको पाइएको तथा को.ले.नि.का.बर्दियाका लेखापाल डिल्लीराज आचार्यले नापी निरिक्षक रामदेव मण्डललाई अनाधिकृत रुपमा बाधा पुऱ्याई निजले तयार गर्नु पर्ने लिखत आफैले तयार गरी सोही ऐनको दफा ३ खण्ड (ङ) द्वारा परिभासित अनुचित कार्य गरेको देखिदा आयोगको मिति २०६४।९।२ को निर्णय अनुसार नापी निरिक्षक रामदेव मण्डललाई विभागिय कारवाहीको लागि नापी विभागमा लेखी पठाइएको ।

४. का.जि. साविक सितापाइला हाल इचंगुनारायण गा.वि.स.- ९ (क) कि.नं. ३९५ क्षे.फ.०-६-१-० जग्गा २०२१ सालमा सर्भे नापी हुँदा ज.ध.काठमाडौं मखनटोल बस्ने हिरालाल नापित भएको दर्ता बाँकी जग्गा किर्ते श्रेस्ता पूर्जा बनाएको भन्ने समेत व्यहोराको उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा मालपोत कार्यालय कलंकीमा रहेको रोक्का रजिष्टर सि.नं. ८।१३ ज.ध. डोल्कर गुरुङ्गको ३९५ कित्तालाई सच्याई १३९५ बनाई रोक्का रजिष्टरको उक्त सि.नं. को पूर्ण अंशमा गोलो चिन्ह लगाई बदनियतपूर्वक "पुरानो

अनुसार फुकुवा" समेत कार्यालय सहयोगी (पियन) रविन्द्र गौतमले लेखेको र उक्त आधारमा निज रविन्द्र गौतमसंगको मिलोमतोमा रोक्का भिडाउने टा.ख. रामकृष्ण श्रेष्ठले उक्त जग्गा रोक्का छैन भनी मिति २०६३।६।२९ मा माया पुखिडको नाममा बदनियतपूर्वक हकहस्तान्तराण गरेको देखिएकोले आयोगको मिति २०६५।३।२ को निर्णय अनुसार मालपोत कार्यालय कलंकीका टा.ख. रामकृष्ण श्रेष्ठलाई बिभागीय कारवाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२(१) वमोजिम भूमिसुधार विभागमा लेखी पठाइएको ।

(च) वन तथा भू- संरक्षण मंत्रालय अन्तर्गत

१. जिल्ला वन कार्यालय जाजरकोट अन्तर्गत खलंगा रेन्जपोष्ट भवन निर्माण मर्मतमा केही कार्य नगरी सोझै विल भरपाई बनाई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगबाट अनुसन्धान हुदाँ रेन्जपोष्टका दुई भवनहरु मध्ये दक्षिणतर्फ (दोस्रो भवन) को मर्मत कार्यमा रु. १६६१।०२ को मूल्यांकन वरावरको मात्र मर्मत कार्य भएकोमा सो भवनको कार्य नभएको छाना मर्मत तथा भ्यालमा छड (२० मि.मि. व्यास) हाल्ने काम समेतको रु. ८८,२०९।७३ (कन्टिजेन्सी वाहेक) को नक्कली तथा फर्जि मूल्यांकन, नापी किताव, कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी गराई सो कार्यालयमा मौज्दात रहेको रु. ८३,३३५।- मध्ये अग्रिम आयकर १.५ प्रतिशतले रु. १२५०।०२ कट्टा गरी वाँकी रु. ८२,०८४।९८ निज ठेकेदारलाई भुक्तानी दिएको रकम वास्तविक कार्यमा भन्दा वढी भुक्तानी भएको अवस्था देखिन आएकोले आयोगको मिति २०६४।६।२९ को निर्णय अनुसार जिल्ला वन कार्यालय जाजरकोटका जि.व.अ. शिव सापकोटालाई विभागीय कारवाही गर्न वन तथा भू-संरक्षण मंत्रालयमा लेखी पठाइएको ।

(छ) स्वास्थ्य मंत्रालय अन्तर्गत

१. तत्कालीन सिर्दिवास उपस्वास्थ्य चौकी गोरखाका प्रमुख अ.हे.व.रेणुका प्रसाद काफ्लेले अनियमितता गरेको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।७।२० को निर्णय अनुसार अ.हे.व. रेणुका प्रसाद काफलेले ढुवानी नै नभएको र सम्वन्धित ठाँउमा पठाइएको नून पुग्दै नपुगेको अवस्थमा नून पुगेको भनी भरपाई गरिदिई अनुचित कार्य गरेको देखिन आएकोले निजलाइ प्रचलित कानून बमोजिम विभागीय कार्यवाही गर्न स्वास्थ्य सेवा विभागमा लेखि पठाइएको ।

(ज) स्थानीय विकास मंत्रालय अन्तर्गत

१. जिल्ला प्रशासन कार्यालय, ललितपुरबाट राहादनी जारी गर्दा रिसवत लिएको विषयमा अनुसन्धान हुदाँ ललितपुर इमाडोल गा.वि.सका तत्कालिन सचिव शालिकराम मिश्रले जिल्ला सोलुखुम्बु, मुकली गा.वि.स. -६ का कमल राई इमाडोल गा.वि.स.मा बसाई सरी आएको भन्ने कुनै आधार प्रमाण वेगर नै तथा तोकिएको कार्यविधि पनि नपुऱ्याई निज कमल राईको बसाई सराईको प्रमाण पत्र बनाइदिएको र स्थायी बसोबासको सिफारिस समेत गरिदिएकोले आयोगको मिति २०६४।५।२४ को निर्णय अनुसार इमाडोल गा.वि.स.का सचिव सालिकराम मिश्रलाई विभागीय कारवाही गर्न स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।

२. जिल्ला वन कार्यालय जाजरकोट अन्तर्गत खलंगा रेन्जपोष्ट भवन निर्माण मर्मतमा केही कार्य नगरी सोझै विल भरपाई बनाई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगबाट अनुसन्धान हुदाँ रेन्जपोष्टका दुई भवनहरु मध्ये दक्षिणतर्फ (दोस्रो भवन) को मर्मत कार्यमा रु. १६६१।०२ को मूल्यांकन वरावरको मात्र मर्मत कार्य भएकोमा सो भवनको कार्य नभएको छाना मर्मत तथा भ्यालमा छड (२० मि.मि. व्यास)

हाल्ने काम समेतको रु. ८८,२०९।७३ (कन्टिजेन्सी वाहेक) को नक्कली तथा फर्जि मूल्यांकन, नापी किताव, कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी गराई सो कार्यालयमा मौज्दात रहेको रु. ८३,३३५।- मध्ये अग्रिम आयकर १.५ प्रतिशतले रु. १२५०।०२ कट्टा गरी वाँकी रु. ८२,०८४।९८ निज ठेकेदारलाई भुक्तानी दिएको रकम वास्तविक कार्यमा भन्दा वढी भुक्तानी भएको अवस्था देखिन आएकोले आयोगको मिति २०६४।६।२९ को निर्णय अनुसार जिल्ला प्राविधिक कार्यालय जाजरकोटका सव इन्जिनियर प्रविण कार्कीलाई विभागीय कारवाही गर्न स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।

३ राजश्व रकम हिनामिना गरेको सम्बन्धमा आयोगबाट अुनसन्धान हुदाँ काठमाण्डौ महानगरपालिकाका राजश्व महाशाखामा कार्यरत ना.सु.सुरेन्द्र गौतमले रकम हिनामिना गर्ने र सो स्वीकार गरी मस्यौट रकम कार्यालयको राजश्व खातामा दाखिला गरेको कुरा स्वीकार गरेको वयान र अन्य कागज प्रमाणवाट पुष्टि भएपछि आयोगको मिति ०६४।८।१७ को निर्णय अनुसार निजले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (ग) र (घ) तथा स्थानीय स्वायत्त शासन नियमावली (तेश्रो संशोधन) २०५६ को नियम (ङ)(च) र (ज) विपरित कार्य गरेको देखिएकोले आयोगको मिति २०६४।१०।२० को निर्णय अनुसार का.म.न पा कार्यालयका ना.सु सुरेन्द्र प्रसाद गौतमलाई विभागीय कारवाही गर्न का.म.न.पा मा लेखी पठाइएको ।

४ जेष्ठ नागरिक तथा असहाय विधवा भत्ता हिनामिना गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा महोत्तरी जिल्ला साँढा गा.वि.स.का तत्कालिन सचिव सुशील झाले महोत्तरी जिल्ला साँढा गा.वि.स.वडा नं.३ वस्ने कमला देवीको मिति २०६२।४।१५ मा मृत्यु भैसकेको अवस्थामा निजलाई मिति २०६२ श्रावण देखि २०६२ पौष तक रु. ७५०।- आफैले वुझाएको भनी झुठो विवरण पेश गरेको देखियो । यसवाट निजले अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ को (ग)(छ) वमोजिम अनुचित कार्य गरेको देखिएवाट अ.दु.अ.आयोग ऐन, २०४८ को ३ (ग)(छ) र निजामती सेवा ऐन, २०४९ को दफा ६०(घ) विपरित कार्य गरेको देखिएकोले आयोगको मिति २०६४।१२।१७ को निर्णय अनुसार गा.वि.स.सचिव शुशिल झालाई विभागीय कायरवाही गर्न जि.वि.स. महोत्तरीमा लेखी पठाइएको ।

५ नेपालगंज नगरपालिकाका इन्जिनियर कर्णबहादुर के.के.ले निमित्त कार्यकारी अधिकृतको अधिकार प्रयोग गरी कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन नियम विपरित गरेको भन्ने बिषयमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।११।३० को निर्णय बमोजिम निजलाई कारवाही गर्नुनपर्ने कारण भए स्पष्टीकरण पेश गर्ने भनिएकोमा निजले दिएको स्पष्टीकरण माथि आयोगमा छलफल हुँदा निज इन्जिनियरले निमित्त कार्यकारी अधिकृत भई कामकाज गरेका समयमा उक्त नगरपालिकाका केही कर्मचारीहरुको कार्य संपादन मूल्याङ्कन सुपरीवेक्षकबाट सुपरिवेक्षण नगराई एकैपटक पुनरावलोकनकर्ताको हैसियतले गरिएको मूल्याङ्कन स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २२८ (क) (घ) र (ङ) विपरित कार्य गरेको देखिएको आयोगको मिति २०६५।३।२९ को निर्णय अनुसार निजले गरेको कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनको दफा ३ (क) अनुरुप अनुचित कार्य भएकाले उक्त कसूरमा निजलाई विभागिय सजाय गर्न स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।

६. काठमाण्डौं जिल्ला गोंगबुँ गा.वि.सि.का सचिवले वडा नं.४ स्थित विष्णुमती खोला किनारमा घुस लिई अनियमित तरिकाले ढलान गरेर पक्कि घर निर्माण गर्न दिएको तथा नक्सा पास मापदण्ड विपरित घर निर्माण स्विकृति दिई भ्रष्टाचार गरे भन्ने विषयको उजुरी उपर अनुसन्धान हुदा आयोगको मिति २०६५।१।१० को निर्णय अनुसार तत्कालिन गोंगबुँ गा.वि.स.का सचिव मधुसुदन रिसालले गोंगबुँ

गा.वि.स. वडा नं.४ स्थित कि.नं.१ क्षेत्रफल ०-१०-०-० जग्गामा मापदण्ड विपरित घर निर्माण गर्न नक्सा पास स्विकृत गरेको देखिएकोले निजलाई विभागीय कारवाही गर्न स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।

७. नमूना गा.वि.स., गौशाला, महोत्तरीले आ.व. २०६०।०६१ को लागि लगाएको हाटबजार ठेक्का वापतको रकम तत्कालिन गा.वि.स.सचिव र ठेकेदार समेतको मिलेमतोमा गैरकानूनी रुपमा माफी मिनाहा दिने निर्णय गरी गा.वि.स.का पदाधिकारीहरुद्वारा भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा तत्कालिन गा.वि.स. सचिव एवं अध्यक्षको समेत जिम्मेवारी भएका शिवराम पाण्डेले मिति २०६०।९।७ को गा.वि.स.को वैठकबाट आ.व.२०६०।०६१ को हाटबजार ठेक्का वापतको रु.१७,७५,०००।- मध्ये ४९% रकम ठेकेदारलाई क्षतिपूर्ति स्वरुप माफी मिनाहा दिने गरी निर्णय गर्दा असान्दर्भिक नियम उल्लेख गरी अनियमित कार्य गरेको, ठेकेदारले समयमा किस्ता रकम नबुझाई शर्त कवुलियत अनुसारको कार्य नगरेकोमा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ८१ अनुसार निजउपर कारवाही अगाडी बढाई ठेक्का तोड्नु पर्नेमा सो कार्य नगरी ठेकेदारलाई नै लाभ पुग्ने गरी अनियमित निर्णय गरी गा.वि.स.लाई हानी नोक्सानी पुऱ्याउने प्रयत्न गरेको देखिएकाले आयोगको मिति २०६४।७।१४ को निर्णयानुसार नमूना गा.वि.स., गौशाला, महोत्तरीका तत्कालिन गा.वि.स. सचिव शिवराम पाण्डेलाई निजले गरेको कसुरको मात्रा अनुसार निजामती सेवा ऐन, २०४९ बमोजिम उपयुक्त विभागीय सजाय गर्ने व्यवस्थाका लागि स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।

(झ) सूचना तथा सञ्चार मंत्रालय अन्तर्गत

१. नेपाल टेलिकम अन्तर्गत दुर संचार कार्यालय, पाटनमा भएको सिम कार्ड, रिम कार्ड र रिचार्ज कार्ड लगायतका प्लाष्टिक मनीको कारोवारमा भएको अनियमितता सम्वन्धमा अनुसन्धान हुँदा पाटनका तत्कालीन कार्यालय प्रमुख, उप प्रवन्धक अमरनाथ झाले नेपाल दूर संचार कम्पनी लिमिटेडको आर्थिक विनियमावली, २०६१ को विनियम ९ को उपविनियम (५), (७) र (८), र विनियम १२ को उपविनियम (१), (२) तथा विनियम १३ समेतमा व्यवस्था भएको कार्यालय प्रमुखको पदीय कर्तव्य एवं दायित्वको पालना गरेको नदेखिएकाले उप प्रवन्धक धर्मराज उपाध्यायले नेपाल दूर संचार कम्पनी लिमिटेडको आर्थिक विनियमावली, २०६१ को विनियम ९ को उपविनियम (१०) को खण्ड (क) (छ), विनियम १२ को उप विनियम (१), विनियम १३ को उपविनियम (६) एवं कार्यालय प्रमुखले सुम्पिएका काम कर्तव्य र अधिकार मध्ये नंवर ४.७, ५.४ र ७.२ मा उल्लेखित काम कर्तव्य र अधिकारहरु प्रतिको आफ्नो पदीय कर्तव्य जिम्मेवारीपूर्वक निर्वाह गरेको नदेखिएको, वरिष्ठ सहायक नानीराम अधिकारीले अनधिकृत रुपमा स्टोर जस्तो संवेदनशील ठाउँमा बसी अधिकार नै नभएको काम गरेको र आफु भन्दा तल्लो तहको कर्मचारीको अधिनस्थ वसी काम गरेको देखिएकोले आयोगको मिति २०६५।३।४ को निर्णय अनुसार अमरनाथ झा, धर्मराज उपाध्याय तथा नानीराम अधिकारीले गरेको कसुरको मात्रा अनुसार नेपाल दूर संचार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०६१ वमोजिम उपयुक्त विभागीय सजाय गर्नका लागि नेपाल टेलिकम केन्द्रिय कार्यालयमा लेखी पठाइएको ।

२. का.जि. सावित सितापाइला हाल इचंगुनारायण गा.वि.स.— ९ (क) कि.नं. ३९५ क्षे.फ.०-६-१-० जग्गा २०२१ सालमा सर्भे नापी हुँदा ज.ध.काठमाडौं मखनटोल बस्ने हिरालाल नापित भएको दर्ता बाँकी जग्गा किर्ते श्रेस्ता पूर्जा बनाएको भन्ने समेत व्यहोराको उजूरीका सम्बन्धमा मालपोत कार्यालय कलंकीमा रहेको रोक्का रजिष्टर सि.नं. ८।१३ ज.ध. डोल्कर गुरुङ्गको ३९५ कित्तालाई सच्याई १३९५

बनाई रोक्का रजिष्टरको उक्त सि.नं. को पूर्ण अंशमा गोलो चिन्ह लगाई बदनियतपूर्वक "पुरानो अनुसार फुकुवा" समेत कार्यालय सहयोगी (पियन) रविन्द्र गौतमले लेखेको र उक्त आधारमा निज रविन्द्र गौतमसंगको मिलोमतोमा रोक्का भिडाउने टा.ख. रामकृष्ण श्रेष्ठले उक्त जग्गा रोक्का छैन भनी मिति २०६३।६।२९ मा माया पुखिङको नाममा बदनियतपूर्वक हक हस्तान्तरण गरेको देखिएकोले आयोगको मिति २०६५।३।२ को निर्णय अनुसार मालपोत कार्यालय कलंकीमा तत्कालिन समयमा पियन पदमा कार्यरत भै हाल गोश्वारा हुलाक कार्यालय सुन्धारामा कार्यालय सहयोगी पदमा कार्यरत रविन्द्र गौतमलाई बिभागीय कारवाही गर्न गोश्वारा हुलाक कार्यालयमा लेखी पठाइएको ।

३. पोखरा उप-महानगरपालिका अन्तर्गत तरकारी, फलफूल खाद्य सामाग्रीको उचित व्यवस्थापन गर्ने सम्बन्धमा पोखरा उप-महानगरपालिकाले श्री कम्प्लेक्स प्रा.लि. पोखरालाई सम्झौता बमोजिम पटक-पटक रकम उपलब्ध गराएकोमा कुनै काम नभएका भन्ने उजूरीको सम्बन्धमा आयोगको मिति २०६५।२।५ को निर्णय अनुसार पोखरा उप-महानगरपालिकाका तत्कालीन कार्यकारी अधिकृत हाल मुद्रण बिभाग, सिंहदरबारका नि.महानिर्देशक केदार बहादुर बोगटीलाई निजले आदेश गर्दा बाध्यात्मक रुपले अपनाउनु पर्ने कार्यबिधीको पालना नगरेको, आफ्नो तजबिजी अधिकार बद्नियत साथ वा स्वेच्छाचारी रुपमा प्रयोग गरेको तथा आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने कुनै पदीय कर्तव्य पालना नगरी अनुचित कार्य गरेको देखिंदा निजलाई कसूरको मात्रा अनुसार बिभागीय कारवाही गर्न सूचना तथा सञ्चार मंत्रालयमा लेखी पठाइएको ।

(ञ) <u>शिक्षा तथा खेलकूद मंत्रालय अन्तर्गत</u>

१. नेपाल राष्ट्रिय प्राथमिक विद्यालय सुर्खेतका तत्कालिन प्र.अ.धर्मनाथ यादवले नक्कली विल भरपाई बनाइ तलव भत्ता निकासा गरी खाएको भन्ने सम्बन्धमा आयोगबाट अनुसन्धान हुदाँ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (ग) (छ) र (झ) अनुसारको अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०६४।४।२४ को निर्णय अनुसार तत्कालिन नेपाल राष्टिय प्राथमिक विद्यालय छिन्चु सुर्खेतका तत्कालिन प्र.अ. धर्मनाथ यादवलाई विभागीय कारवाही गर्न शिक्षा तथा खेलकुद मन्त्रालयमा लेखी पठाइएको ।

२. जिल्ला शिक्षा कार्यालय पर्वतले आ.व. ०६२।६३ को लागि स्वीकृत सवैको लागि शिक्षा कार्यक्रम अन्तरगत विद्यालय भौतिक सुधार कार्यक्रम वितरण गर्दा "कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६२" बमोजिम भौतिक सुधार कार्यक्रमको लागि विशेष कक्षा संचालन भएका समुदायमा व्यवस्थापन हस्तान्तरण भएका र शैक्षिक सुचकाङ्कको आधारमा जिल्ला शिक्षा कार्यालयले विद्यालयको प्राथमिकता क्रमको सूची प्राविधिकबाट तयार पारी सोही प्राथमिकताका आधारमा विद्यालय व्यवस्थापन समिति र जिल्ला शिक्षा कार्यलय विच सम्झौता (कवुलियत) गरी कार्यक्रम संचालन गर्नु पर्नेमा विद्यालयको प्राथमिकता क्रमको सूची तयारै नगरी अधिकार विहिन जिल्ला शिक्षा समितिबाट निर्णय गराई सम्झौता गरी जिल्ला शिक्षा अधिकारी विष्णु बहादुर द्वारेले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (ख) तथा (च) द्वारा परिभाषित अनुचित कार्य गरेको देखिदा आयोगको मिति २०६४।९।२ को निर्णय अनुसार विभागिय कारवाहीको लागि शिक्षा तथा खेलकुद मन्त्रालयमा लेखी पठाइएको ।

३. जिल्ला शिक्षा धादिङका नि. मा.वि. शिक्षक बोधनारायण श्रेष्ठ सरस्वती मा.वि.मा नियुक्त भई श्री सिद्धेश्वर मा.वि.मा सरुवा भएकोमा हाल सम्म विद्यालयमा हाजिर नभई जापानिज संस्थामा हाजिर रहेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुदाँ निज शिक्षक स्थायी नियुक्ति भए देखि लामो समय

सम्म पनि हाजिर भएको नपाइएकोले निजलाई आयोगको मिति २०६४।९।२४ को निर्णय अनुसार शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ बमोजिम कारवाही गरी आयोगलाई जानकारी दिन जिल्ला शिक्षा कार्यालय धादिङ्गमा लेखी पठाइएको ।

४. जिल्ला शिक्षा कार्यालय सर्लाहीका तत्कालिन जि.शि.अ. दुर्गा प्रसाद श्रेष्ठले सर्लाही जिल्ला स्थित रामसखी जनता मा.वि.का शिक्षक भगवत साह कलवारलाई सरुवा गर्दा अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा न्यूनतम सेवा अवधि नपुग्दै र आफ्नो अधिकार क्षेत्र भन्दा बाहिर गई निज शिक्षकको जिल्लान्तर सरुवा गरेकाले जिल्ला शिक्षा कार्यालय बाराका जिल्ला शिक्षा अधिकारी श्री दुर्गाप्रसाद श्रेष्ठलाई आयोगको मिति २०६५।२।१४ को निर्णय अनुसार विभागीय कारवाही गर्न शिक्षा तथा खेलकुद मन्त्रालयमा लेखी पठाइएको ।

५. जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रवन्धक उद्धवप्रसाद गौतमले क्षेत्रीय कार्यालय, नेपालगञ्ज र अनुगमन कार्यालय, जनकपुरमा रहँदा नक्कली कागजातहरु तयार गरी विभिन्न आर्थिक अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१२।४ को निर्णय अनुसार जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रवन्धक उद्धवप्रसाद गौतमले जनक शिक्षा सामग्री केन्द्र लिमिटेड कर्मचारी सेवा शर्त विनियमावली, २०५७ को विनियम ६५ र ८२ को प्रतिकूल तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (घ)(छ) बमोजिमको अनुचित कार्य गरेको देखिंएकोले निजलाई जनक शिक्षा सामग्री केन्द्र लिमिटेड कर्मचारी सेवा शर्त विनियमावली, २०५७ बमोजिम विभागीय कारवाही गर्न शिक्षा तथा खेलकुद मंत्रालयमा लेखी पठाइएको ।

परिच्छेद - ७
सचेत

अख्तियार दुरुपयोग अनुसन्धान आयेग ऐन, २०४८ को दफा १२ (१) मा सार्वजनिक पद धारण गरेको व्यक्तिले पेश गरेको स्पष्टिकरण आयेगलाई सन्तोषजनक नलागेमा आयोगले निजलाई सचेत गराउन सक्ने व्यवस्था गरिएको छ। सोही व्यवस्था अनुरुप आयोगबाट आर्थिक वर्ष २०६४/२०६५ मा सचेत गराइएका राष्ट्र सेवकहरुको विवरण देहायमा उल्लेख गरिएको छ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

विणा इम्पेक्शको नाममा पैठारी भएको इलेकटोनिक्स सामानको जाँचपास गर्ने कार्यमा राजश्व हानी नोक्सानी गरी भ्रष्टाचार गरेको विषयमा तत्कालिन भन्सार अधिकृत महेन्द्र बहादुर बानियाँलाई विभागीय सजाय गरिएको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा भन्सार विभागका महानिर्देशकले मिति ०६३।२।१८ मा विभागीय सजाय गर्ने निर्णय गरेकोमा उक्त सजायको निर्णय उपर प्रशासकीय अदालत काठमाडौंमा पुनरावेदन परी विभागीय सजाय गर्ने निर्णय नि.से. ऐन बमोजिम अधिकार प्राप्त अधिकारीबाट नभएको आधारमा प्रशासकीय अदालतबाट मिति ०६२।१२।२२ मा बदर गर्ने फैसला भएको देखिएबाट भन्सार विभागका तत्कालीन महानिर्देशक वालगोविन्द विष्ट र अर्थ मन्त्रालयका तत्कालिन नि. सचिव प्रमोद कुमार कार्कीले आफूले विभागीय सजाय गर्ने अख्तियारी नै नभएको अधिकारी भन्ने जानी जानी सजायको आदेश गरी परिणामतः सो सजाय बदर हुने स्थिति सिर्जना गरेको देखिंएकोले आयोगको मिति २०६४।४।२ को निर्णय अनुसार भन्सार विभागका तत्कालिन महानिर्देशक बाल गोविन्द विष्ट र अर्थ मन्त्रालयका तत्कालिन नि. सचिव प्रमोद कुमार कार्कीलाई सचेत गराउन अर्थ मन्त्रालयमा लेखी पठाइएको।

(ख) उद्योग वाणिज्य तथा आपूर्ति मंत्रालय अन्तर्गत

१. गैर कानुनी रुपमा बैक पैदावारमा आधारित उद्योगहरु दर्ता गरी वन कार्यालय र घरेलु तथा साना उद्योग कार्यालय दाङ्गका कर्मचारीले रकम भाग बन्डा गरी खाए भन्ने सम्बन्धमा आयोगबाट अनुसन्धान हुदाँ तत्काल प्रचलित ऐन, नियम, परिपत्र तथा निर्णय समेतका आधारमा वन क्षेत्रबाट ५ कि.मी.भन्दा टाढाको दुरीमा मात्र वन पैदावारमा आधारित उद्योगहरु दर्ता गर्न सिफारिस/निर्णय गर्नुपर्नेमा सो अनुसार नगरी सामुदायिक वनलाई राष्ट्रिय वन क्षेत्रको रुपमा नलिई हचुवाको भरमा दुरी एकिन गरी उद्योगहरु दर्ता गर्ने कार्य गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(छ) अनुसारको आफ्नो पदको प्रकृति अनुसारको पदीय दायित्व निर्वाह गरेको नदेखिएकोले आयोगको मिति २०६४।६।२१ को निर्णय अनुसार घरेलु उद्योग तथा साना उद्योग दाङ्गका प्रमुख रमानाथ शर्मालाई सचेत गराउन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखी पठाइएको।

२. गुणस्तर तथा नापतौल कार्यालय विराटनगरका प्रमुखलाई घूस लिंदा लिंदै रंगेहात पक्रेकोमा जि.प्र.का. र विभागीय प्रमुखले निजसंग पैसा लिई भ्रष्टाचार गर्न प्रोत्साहित गर्न खोजेकोले भ्रष्टाचारीमाथी कारवाही होस भन्ने व्यहोराको उजुरी उपर अनुसन्धान हुँदा आयोगको मिति २०६४।१२।४ को निर्णय अनुसार नापतौल ऐन अनुसार काँटाहरुको जाँच गरिनु पर्ने र सो वापत नियमानुसार राजस्व संकलन तोकिएको व्यक्तिले मात्र गर्ने र रसीद दिने व्यवस्था हुनुपर्नेमा नापतौल कार्यालय, विराटनगरमा उक्त रकम लेखा शाखा बाहेकका कर्मचारीले समेत लिने गरेको बयानवाट बुझिन आएकोले व्यावहारिक

रुपमा राजस्व संकलन कार्य सहज पार्न कुनै पनि पदको कर्मचारीलाई रसीद काटेर रकम लिने अधिकार दिईएको पत्र सहित खटाउने कार्य गर्न गुणस्तर तथा नापतौल विभागलाई सचेत गराउन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखी पठाइएको ।

(ग) <u>कृषि मंत्रालय अन्तर्गत</u>

१. पशु चिकित्सक डा. फेकन शाह (तेली) को अध्ययन विदा स्विकृतिका विषयमा अनियमितता भएको सम्बन्धमा आयोगबाट अनुसन्धान हुदाँ अध्ययन शुरु गर्नु अगावै स्वीकृति लिनु पर्ने र अध्ययन शुरु मिति देखि नै अध्ययन विदा लिनु पर्नेमा क्याम्पस भर्ना भैसकेपछि अध्ययनको पूर्व स्वीकृतिको लागि निवेदन दिएको र अध्ययन शुरु मिति ०६२।४।१६ देखि भए पनि मिति ०६२।११।२१ देखि मात्र अध्ययन विदा लिई निज डा. फेकन शाहले आफ्नो पदीय कर्तव्य पालन नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (छ) मा उल्लेखित अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०६४।४।२४ को निर्णय अनुसार पशु सेवा कार्यालयका सप्तरीका पशु चिकित्सक डा. फेकन शाहलाई सचेत गराउन कृषि तथा सहकारी मन्त्रालयमा लेखी पठाइएको ।

(घ) <u>भूमि सुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत</u>

१. गैर कानुनी रुपमा वन पैदावारमा आधारित उद्योगहरु दर्ता गरी वन कार्यालय र घरेलु तथा साना उद्योग कार्यालय दाङ्गका कर्मचारीले रकम भाग बन्डा गरी खाए भन्ने सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा तत्काल प्रचलित ऐन, नियम, परिपत्र तथा निर्णय समेतका आधारमा वन क्षेत्रबाट ५ कि.मी.भन्दा टाढाको दुरीमा मात्र वन पैदवारमा आधारित उद्योगहरु दर्ता गर्न सिफारिस/निर्णय गर्नुपर्नेमा सो अनुसार नगरी सामुदायिक वनलाई राष्ट्रिय वन क्षेत्रको रुपमा नलिई हचुवाको भरमा दुरी एकिन गरी उद्योगहरु दर्ता गर्ने कार्य गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(छ) अनुसारको आफ्नो पदको प्रकृति अनुसारको पदीय दायित्व निर्वाह गरेको नदेखिएकोले आयोगको मिति २०६४।६।२१ को निर्णय अनुसार भूमि सुधार कार्यालयका खरिदार शरद कुमार पछाई , नापी कार्यालय दाङ्गका अमिन लक्ष्मी प्रसाद चौधरी र गोविन्द बहादुर वस्नेतलाई सचेत गराउन भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

२. मालपोत कार्यालय, पर्वतका मालपोत अधिकृत समेतले अनुचित आर्थिक लाभ लिनुखानु गरी कास्की जिल्ला, हाल लेखनाथ नगरपालिका वडा नं. ८ कि.नं. २८२१ क्षे.फ. १६ रोपनी जग्गाको हालैको बकसपत्रको लिखत मिति २०६०।१०।१८ मा मालपोत कार्यालय, पर्वतबाट पारित गरिदिएको भन्ने समेत व्यहोराको उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।९।१२ को निर्णय अनुसार मालपोत कार्यालय, पर्वतका खरिदार महेन्द्रकुमार श्रेष्ठ र जिल्ला प्राविधिक कार्यालय, कास्कीका लेखापाल तिलकराम गौतमलाई सचेत गराउन भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

३. आयोगको निर्णय संख्या २६९ मिति २०६५।२।२७ को निर्णय अनुसार साविक बौद्ध (ख) कि.नं. ८०, ८१, ८२, ८३, ९६ को जग्गा निजी गुठीको जग्गा भै जग्गा दर्ता नामसारी गरी पाउँ भनि केशवलाल अमात्य समेतको र उक्त जग्गा हाम्रो गुठी दर्ता हुनुपर्ने भनी श्री कृष्ण अमात्य समेतको निवेदन मालपोत कार्यालय चावहिलमा परेको र मालपोत कार्यालय चावहिलले २०६४।८।५ मा श्रीकृष्ण अमात्य समेतको नाममा निजी गुठी जनाई दर्ता गर्ने भनि निर्णय गरे उपर जग्गामा विवाद परेपछि तेरोमेरोमा सुनाउनु पर्नेमा सो नसुनाएको हदसम्ममा विभागीय कारवाही किन गर्न नपर्ने हो ? भनी मालपोत कार्यालय चावहिलका प्रमुख मालपोत अधिकृत रुपनारायण भट्टराईसँग स्पष्टीकरण

लिइएकोमा निजबाट प्राप्त स्पष्टीकरण आयोग समक्ष पेश हुँदा आयोगको मिति २०६५।३।१० को निर्णय अनुसार जग्गा सम्बन्धी यस्तै विषयहरुमा निर्णय गर्नु पूर्व हक कायम गरी ल्याउन पक्षलाई सुनाउनु पर्ने प्रकृतिको विषय हो होइन यकिन गरेर निर्णयमा पुग्नेतर्फ सदैव सचेष्ट रहन प्रमुख मालपोत अधिकृत रुपनारायण भट्टराईलाई सचेत गराउन भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

४ का.जि.खड्का भद्रकाली गा.वि.स. वडा नं. ४ (क) कि.नं. ५७२ को क्षेत्रफल ०-२-२-० जग्गालाई आफू अनुकूलको फाइल नक्शा खडा गरी क्षे.फ.०-९-१-० कायम गराई भ्रष्टाचार गरेको भन्ने समेत व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।३।२६ को निर्णय अनुसार मालपोत कार्यालय चावहिलमा तत्कालिन समयमा अमिन पदमा कार्यरत भै हाल नापी विभागमा सर्भेक्षक पदमा कार्यरत श्रीप्रसाद पौडेल र नापी शाखा चावहिलका नापी निरिक्षक ललितनारायण चौधरीले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३ (क), (छ) बमोजिम अनुचित कार्य गरेको देखिएकोले निजहरुलाई सचेत गराउन भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

(ङ) भौतिक योजना तथा निर्माण मंत्रालय अन्तर्गत

१ कटारी ओखलढुंगा सडकमा पर्ने टोकसेलघाट पक्कीपुल निर्माण कार्यमा ढिलाई भएको भन्ने सम्बन्धमा अनुसन्धान हुदाँ नेपिकोनको एसोसियट कन्सल्टयान्ट ईस्ट कन्सल्टले साईटको राम्रो अध्ययन नगरी डिजाइन तयार गरेको, एसोसियट कन्सल्टयान्टले तयार गरेको डिजाइन नेपिकोनले चेक नगरेको, फिल्डमा कन्सल्ट्यान्टबाट ड्रिलिंगको काम हुँदा सडक विभागको जिम्मेवार अधिकृतको उपस्थित नभएको, नेपिको्नले पेश गरेको डिजायन ठिक संग चेक जाँच नगरी सडक विभागले स्वीकृत गरेको, डिजायनमा फरक देखिदा पनि नेपिकोन र उसको एसोसियट इस्ट कन्सल्ट उपर कुनै कारवाही गरेको देखिन नआएकोले आयोगको मिति ०६४।६।१५ को निर्णय अनुसार इन्जीनियर राजु अर्याललाई सचेत गराउन भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखी पठाइएको ।

(च) स्थानीय विकास मंत्रालय अन्तर्गत

१. सार्वजनिक पोखरीको ठेक्काको किस्ता रकम र धरौटी समेत दाखिला नगरी हिनामिना गरेको सम्बन्धमा आयोगबाट अनुसन्धान हुदाँ गा.वि.स. सचिव विलट नारायण चौधरीले ३ वर्ष भन्दा पहिले वुझी लिएको सरकारी राजश्व रकम हिनामिना गर्ने नियतले आयोगमा उजुरी परी अनुसन्धान भैरहेका अवस्थामा सरकारी खातामा रकम जम्मा गरेको देखिएवाट उजुरी नपरेको खण्डमा उक्त राजश्व रकम हिनामिना गर्ने नियत स्पष्ट देखिएकोले आयोगको मिति २०६४।५।१७ को निर्णय अनुसार सिराहा जिल्ला महेशपुर पतारी गा.वि.सको सचिव विलट नारायण चौधरीलाई सचेत गराउन जिल्ला विकास समिति सिराहालाई लेखी पठाइएको ।

२. वाजुरा जिल्ला कूल्देवमाण्डौ गा.वि.स.का सचिव रुप वहादुर खातीले अनियमित तरिकाले आर्थिक प्रलोभनमा परी वाजुरा जिल्ला कूल्देवमाण्डौ गा.वि.स.वडा नं. ५ वाने गाउँ वस्ने हिरासिंह कटुवालकी पत्नी लल्ता कटुवाल जिवित छदै मृत्यु भइसकेको भनी मृत्युदर्ता प्रमाण पत्र दिइएकोले छानविन गरी कारवाही गरी पाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिवित व्यक्तिलाई मृत्युदर्ता प्रमाणपत्र दिएको प्रमाणित भएकोले आयोगको मिति २०६४।९।२६ को निर्णय अनुसार निज रुप वहादुर

खातीलाई अव उप्रान्त यस प्रकारको गल्ती नगर्न सचेत गराउन जिल्ला विकास समिति बाजुरामा लेखी पठाइएको ।

३. इचडगु नारायण गा.वि.सका सचिवले अनियमित तरिकाले घर जग्गाको मूल्यांकन गरी राजश्व हानी पुर्‌याएको सम्बन्धमा अनुसन्धान हुदाँ स्थानिय निकाय (आर्थिक प्रशासन नियमावली) २०५६ को दफा ५२ (ग) अनुसार एक पटकमा दश लाख रुपैयासम्मको काम गराउदा सिलवन्दी दरभाउ पत्रबाट प्रतिस्पर्धा गराउनु पर्ने प्रावधान रहेकोमा सो को विपरित कार्य गरेको पाइएकोले आयोगको मिति २०६४।१०।२३ को निर्णय अनुसार गा.वि.सको सचिव लेखनाथ भट्टराईलाई सचेत गराउन जि.वि.स काठमाडौँमा लेखी पठाइएको ।

४. पोखरा उप-महानगरपालिका अन्तर्गत तरकारी, फलफूल खाद्य सामाग्रीको उचित व्यवस्थापन गर्ने सम्बन्धमा पोखरा उप- महानगरपालिकाले श्री कम्प्लेक्स प्रा.लि. पोखरालाई सम्झौता बमोजिम पटक-पटक रकम उपलब्ध गराएकोमा कुनै काम नभएको भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।२।५ को निर्णय अनुसार पोखरा उपमहानगरपालिका बोर्डका तत्कालीन सदस्य जिल्ला प्राबिधिक कार्यालय काठमाडौंका इन्जिनियर ललित बहादुर न्यौपानेले त्रुटिपूर्ण तरिकाबाट गरिएको बोर्डको निर्णयबाट निजले बोर्डको सदस्यको हैसियतले कुनै निर्णय वा आदेश गर्दा वाध्यात्मक रुपले अपनाउनु पर्ने कार्यविधिको जानी जानी पालना नगरेको देखिएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को (ख) बमोजिम जानी जानी आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने पदीय दायित्व पुरा नगरी लापरवाहीपूर्ण कार्य गरेको देखिएको हुंदा निजलाई सचेत गराउन जिल्ला विकास समिति काठमाडौमा लेखी पठाइएको ।

(छ) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत

१. नेपाल नागरिक उड्डयन प्राधिकरणले अन्तराष्ट्रिय टर्मिनल भवनमा मनि चेन्जर सर्भिस संचालन गर्न दिंदा अनियमितता गरेको भन्ने सम्बन्धमा आयोगबाट अनुसन्धान हुदाँ संचालक समितिले निमित्त महानिर्देशक मोहन अधिकारीलाई नेपाल नागरिक उड्डयन प्राधिकरण, आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५७ को नियम ७.२७ को उपनियम (२) बमोजिम वार्ताद्वारा तय भएको भाडा दर स्वीकृत गर्ने अधिकार प्रत्यायोजन गरे नगरेको तर्फ ध्यान नपुऱ्याई अधिकार प्रत्यायोजन नभएकै अवस्थामा निजले निर्णय गरेको देखिन आएकोले आयोगको मिति २०६४।५।६ को निर्णय अनुसार नेपाल नागरिक उड्डयन प्राधिकरणका निमित्त महानिर्देशक मोहन अधिकारीलाई सचेत गराउन संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखी पठाइएको ।

२. पोखरा उप-महानगरपालिका अन्तर्गत तरकारी, फलफूल खाद्य सामाग्रीको उचित व्यवस्थापन गर्ने सम्बन्धमा पोखरा उप-महानगरपालिकाले श्री कम्प्लेक्स प्रा.लि. पोखरालाई सम्झौता बमोजिम पटक-पटक रकम उपलब्ध गराएकोमा कुनै काम नभएको भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।२।५ को निर्णय अनुसार पोखरा उपमहानगरपालिका बोर्डका तत्कालीन सदस्य हाल पर्यटन कार्यालय बीरगंजका कार्यालय प्रमुख (शाखा अधिकृत) कृष्ण प्रसाद सापकोटाले त्रुटिपूर्ण तरिकाबाट गरिएको बोर्डको निर्णयबाट निजले बोर्डको सदस्यको हैसियतले कुनै निर्णय वा आदेश गर्दा वाध्यात्मक रुपले अपनाउनु पर्ने कार्यविधिको जानी जानी पालना नगरेको देखिएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को (ख) बमोजिम जानी जानी आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने पदीय दायित्व पुरा गरी लापरवाहीपूर्ण कार्य गरेको देखिएको हुंदा निजलाई सचेत गराउन संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखी पठाइएको ।

(ज) सुचना तथा सञ्चार मन्त्रालय अन्तर्गत

१. नेपाल टेलिभिजनले खुलातर्फ माग गरेको विज्ञापन नम्बरहरु २९।०६२।०६३, ३१।०६२।०६३, ३२।०६२।०६३, ३३।०६२।०६३ र ३४।०६२।०६३ मा प्रकाशित पदहरुमा नेपाल टेलिभिजनकै कर्मचारीहरुलाई सफल बनाउने किसिमले परीक्षा नतिजा प्रकाशन गरेको र परीक्षा निर्देशिका विपरित विभिन्न परीक्षामा धाँधली र अनियमितता गरेको भन्ने समेतको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।४।१४ को निर्णय अनुसार नेपाल टेलिभिजन संस्थानको पदपूर्ति निर्देशिका २०५७ को परिच्छेद ५ को १७(ख)४ मा एउटै व्यक्तिले पहिलो र दोश्रो संकेत नम्बरको अर्धकट्टीको सिलबन्दी पोका राख्न नहुने र दोश्रो संकेत नम्बरको अर्धकट्टी सिलबन्दी पोका दोश्रो संकेत नम्बर राख्न खटिएका कर्मचारीले जिम्मा लिई वा महाप्रबन्धकको निगरानीमा गोप्य रुपमा सुरक्षित राख्नुपर्ने प्रावधान रहेकोमा महाप्रबन्धकको निर्देशनमा पहिलो र दोश्रो दुवै संकेत नं. को सिलबन्दी अर्धकट्टीहरु एउटै व्यक्ति प्रशासन शाखा प्रमुख गणेश प्रसाद घिमिरेले राखेको देखिन आएकोले तथा पहिलो र दोश्रो कोडिङ उही कर्मचारीहरुबाट गराई नियम विपरित काम कारवाही गर्न खोजेकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ बमोजिम निज पदपूर्ति समितिका अध्यक्ष मदन कुमार शर्मा र प्रशासन शाखा प्रमुख गणेश प्रसाद घिमिरेलाई सचेत गराउन सुचना तथा सञ्चार मन्त्रालयमा लेखी पठाइएको ।

(झ) शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गत

१. शिक्षक सेवा आयोगको विज्ञापन नं.२ ०६१।०६२ बाट सल्यान जिल्लाका लागि ५०% आन्तरिक खुला प्रतियोगितात्मक लिखित परीक्षाका माध्यमबाट पूर्ति गरिने नि.मा.वि.तृतीय गणित र विज्ञान विषयको शिक्षक पदपूर्ति गर्न दरखास्त फाराम स्वीकृत गर्दा अनियमितता भएको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।९।१२ को निर्णय अनुसार शिक्षा नियमावली, २०५९ (तेश्रो संशोधन सहित) को अनुसूची-१२ को २.२ मा न्यूनतम शैक्षिक योग्यताको विषयमा ध्यान नदिई दरखास्त फाराममा तोकिएको शर्त (नि.मा.वि. गणित र विज्ञान विषयको शिक्षक पदमा उम्मेद्वार हुन) पूरा भएको भनी सिफारिस गर्ने प्रा.स.मोहनलाल दाहाल र दरखास्त फाराम स्वीकृत गर्ने तत्कालीन शाखा अधिकृत (प्रा.) हुकुमसिंह गुरुङ्गलाई सचेत गराउन शिक्षा सेवा आयोगलाई लेखी पठाइएको ।

२. जनकशिक्षा सामाग्री केन्द्रले १५०० मे.टन छपाई कागज खरीद गर्न बोलपत्र आव्हान गर्दा साकम्वरी स्ट्रप्रोडक्ट लिमिटेड, मुरादावाद भारतका नेपालस्थित एजेन्ट गुल्खुआजु प्याकेजिङ्ग एण्ड पेपर इन्डडिट्रजले सबैभन्दा घटी रकमको बोलकवुल गरेको बोलपत्र स्वीकृत नगरी नेपाल सरकारलाई हानीनोक्सानी पारेको भनी दिएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।२।१३ को निर्णय अनुसार रकम असूल उपर भए तापनि आर्थिक प्रस्ताव छानवीन उपसमितिका पदाधिकारीहरुको लापरवाही तथा गैर जिम्मेवारीका कारण हुन गएको स्पष्ट रुपमा देखिएकोले यस्ता कार्य दोहोरिन नदिने गरी अख्तियार दुरुपयोग अ नुसन्धान आयोग ऐन, २०४८ को दफा १२ बमोजिम उप-निर्देशकहरु जगदीश गौतम, इन्द्रलाल चित्रकार, बालमकुन्द खनाल, प्रवन्धकहरु वीरेन्द्र के.शी, मनोहर लामिछाने, इन्जिनियर प्रविण श्रेष्ठ, तथा गुणस्तर परीक्षण उप-समितिका का.मु. नायव प्रवन्धकसंचालक रामचन्द सिलवाल, शाखा अधिकृतहरु चन्द्रलाल भुमी र श्याम बहादुर श्रेष्ठ राय प्रतिवेदन उप-समितिका सदस्यहरु उप निर्देशक इन्द्रलाल चित्रकार, शाखा अधिकृत कृष्ण पन्तलाई सचेत गराउन शिक्षा तथा खेलकुद मन्त्रालयमा लेखी पठाइएको ।

(ञ) राष्टिय योजना आयोगको सचिवालय अन्तर्गत

१ पर्साका प्रमुख जिल्ला अधिकारीले सहुलियत दरको मट्टितेल वितरण गर्दा अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुदाँ प्राप्त अधिकार कानून निर्णय वा आदेश विपरित एव स्वेच्छाचारी रुपमा पर्शा जिल्लाका नागरिकलाई सरकारबाट सुहलियत दरमा मट्टितेल उपलव्ध गराएकोमा नागरिकहरुलाई उपलब्ध नगराई अन्य निकायलाई उपलव्ध गराई जिम्मेवारी पूर्ण कार्य गरेको नदेखिएकोले आयोगको मिति २०६४।७।१५ को निर्णय अनुसार पर्साका तत्कालिन प्र.जि.अ. धरणीधर खतिवडा हाल राष्टिय योजना आयोगको सचिवालयमा सह-सहसचिव पदमा कार्यरत रहेको हुंदा निज धरणीधर खतिवडालाई सचेत गराउन राष्टिय योजना आयोगमा लेखी पठाइएको ।

परिच्छेद - ८
अशूल उपर

सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानी, नोक्सानी पुऱ्याएकोमा त्यस्तो हानी नोक्सानी सम्बन्धित व्यक्तिबाट भरि भराउ गर्न वा आयोगले उपयुक्त ठानेको अन्य आवश्यक कारवाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउन सक्ने व्यवस्था अख्तियार दुरुपयोग अनुसन्धान आयेग ऐन, २०४८ को दफा १२ क. मा भए अनुरुप आर्थिक वर्ष २०६४/२०६५ मा आयोगबाट निम्न बमोजिम गर्ने गरी आख्तियारवालालाई लेखी पठाइएको छ ।

(क) उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत

१ तत्कालीन गलैचा तथा ऊन विकास समितिका कार्यकारी निर्देशक गेहेन्द्र बज्राचार्यको स्थायी सरह कर्मचारी संचयकोष कट्टा गरेको उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा ज्यालादारीको रुपमा नियुक्त भएका कार्यकारी निर्देशक गेहेन्द्र बहादुर बज्राचार्यको स्थायी कर्मचारी सरह संचयकोष कट्टा भएको देखिएकोले आयोगको मिति २०६४।७।२६ को निर्णय अनुसार निज गेहेन्द्र बहादुर बज्राचार्यबाट कर्मचारी संचयकोष रकममा सत प्रतिशत थप भएको रकम असूल उपर गर्न गलैंचा तथा उन विकास समितिको कार्यालयमा लेखी पठाइएको ।

(ख) गृह मन्त्रालय अन्तर्गत

१ पर्सा जिल्ला पोखरीया नमुना गा.वि.स. सचिव कुलतम पोखेलले गा.वि.स को रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज कुलोत्तम पोखरेलले गाऊ परिषदको निर्णय अनुसार उक्त गा.वि.स.अन्तर्गतका आ.व. ०६२।०६३ का लागि तरकारी वजार प्रति वर्ष रु.९०,३५१।-, वस विसौनी ठेक्का ३०,०००।- र पोखरी ५ वर्षका लागि रु ६,५५,०००।- वुझाउने गरी ठेकका लगाएको, उक्त ठेक्का वापत प्राप्त हुनु पर्ने रकम आ.व.०६१।०६२ र आ.व.०६२।०६३ को लेखा परीक्षण प्रतिवेदनवाट उठ्न वाँकी देखाइएको, वोल कवोल रकम दाखिला गर्न गा.वि.स. सचिवले विभिन्न समयमा ताकेता पत्र लेखेको प्राप्त मिसिल प्रमाणवाट देखिन्छ । नियम वमोजिम लगाइएको ठेक्कावाट प्राप्त हुनु पर्ने रकममध्ये निम्न व्यक्तिहरुवाट प्राप्त हुनु पर्ने रकम प्राप्त भएको नदेखिंदा आयोगको मिति २०६४।८।१७ को निर्णय अनुसार ठेकेदारहरू (क) विन्देश्वरी प्र. साहबाट रु २,९८,८६८। (ख) महेन्द्र राउत कुर्मीबाट रु. ३३,५००। (ग) रामचन्द्र वैठाबाट रु. १७,०८५। (घ) प्रभु प्रसादबाट रु. ६५००। (ङ) कृष्ण प्रसाद कुर्मीबाट रु. ७०,३५१। बाट असूल उपर गर्नका लागि जिल्ला प्रशासन कार्यालय पर्सामा लेखी पठाइएको ।

(ग) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत

१. सर्वोच्च अदालतका पूर्व न्यायाधीश श्री कृष्णजङ्ग रायमाझीको अध्यक्षतामा गठित उच्चस्तरीय जाँचबुझ आयोग, २०६३ ले पेश गरेको प्रतिवेदन कार्यान्वयन गर्ने सन्दर्भमा शान्तिपूर्ण जनआन्दोलनको निर्ममतापूर्वक दमन गर्ने प्रयोजनका लागि राष्ट्रिय ढुकुटीको दुरुपयोग, हिनामीना तथा सत्ता, शक्ति र पदको दुरुपयोग सम्बन्धमा प्रतिवेदनको परिच्छेद १२ मा उल्लेख भएका तत्कालीन मन्त्रिपरिषदका सदस्य तथा राजनीतिक नियुक्तिका पदहरूमा बहाल रहेका व्यक्तिहरूलाई आवश्यक कारबाहीका लागि यस आयोगमा पठाउने गरी नेपाल सरकार मन्त्रिपरिषदको मिति २०६३।१०।२५ को निर्णयानुसार

उच्चस्तरीय जाँचबुझ आयोग, २०६३ को प्रतिवेदनको परिच्छेद १२ र सो सँग सम्बन्धित कागजात यस आयोग समक्ष प्राप्त हुन आएको र आयोगको तर्फबाट अनुसन्धान भै आयोगको मिति २०६५/३/३० को निर्णयानुसार तत्कालीन गृह मन्त्री कमल थापाले जम्मा रु.९७,१८,०२०।- राष्ट्रिय ढुकुटीमा नोक्सानी पुऱ्याएको देखिन आएको हुनाले आयोगको मिति २०६५/३/३० को निर्णयानुसार कमल थापा गृहमन्त्री पदमा नियुक्त भएपछि मिति २०६२।८।२२ पछि २०६२।१०।१३ सम्मको खर्चको अनुपातमा खर्चको समर्थन गर्ने सीमा तोकेपछिको अवधि (२०६२।१०।७ देखि २०६३।१।५) को खर्च भने अस्वाभाविक रुपले वृद्धि भएको देखियो । मन्त्रिपरिषदको २०६२।१०।१३ को निर्णयले निजलाई खर्च समर्थन सम्म गर्न दिएको अधिकार बाहिर गई निज स्वयंले पटक पटक रु. ५ लाख को दरले अस्वाभाविक खर्च गरी राष्ट्रिय ढुकुटीमा नोक्सानी पुऱ्याएको देखिंदा निजले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (क), (ख), (ग), (घ) र (ज) मा वर्णित अनुचित कार्य गरी नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याएको पुष्टि भएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क बमोजिम तत्कालीन गृह मन्त्री कमल थापाबाट रु.९७,१८,०२०।- भरी भराउ गर्नु पर्ने देखिएकोले सो रकम असूल उपर गर्न नेपाल सरकारको प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा लेखी पठाइएको ।

२. तत्कालीन सूचना तथा सञ्चारमन्त्री टंक ढकालले शान्तिका लागि प्रचार प्रसार गर्ने प्रयोजनार्थ सामाजिक सेवा अनुदान ३.०३ शिर्षक अन्तर्गत अर्थ मन्त्रालयबाट निकासा लिई विभिन्न ८४ जना व्यक्तिलाई वितरण गरेको रु. ५,००,०००।- (पाँच लाख) र सामाजिक सेवा अनुदान ३.०५ शिर्षक अन्तर्गत नियमित बजेटबाट विभिन्न ५ वटा संस्थाहरूलाई वितरण गरेको रु.२,०८,५००।-(दुई लाख आठ हजार पाँच सय) गरी जम्मा रु.७,०८,५००।- (सातलाख आठ हजार पाँचसय) निजले पदीय दुरुपयोग गरी वितरण गरेको पाइएको हुदा सो गैरकानूनी कार्यको निज मन्त्री टंक ढकाल व्यक्तिगत रुपमा जिम्मेवार देखिन आएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ र भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कानूनी कारवाही गरी रकम असूल हुनुपर्ने भन्ने व्यहोराको उच्चस्तरीय जाँचबुझ आयोग, २०६३ को प्रतिवेदन रहेको । सो सम्वन्धमा यस आयोगका तर्फबाट अनुसन्धान हुँदा आयोगको मिति २०६५/३/३० को निर्णयानुसार निज टंक ढकालले सूचना तथा संचार मन्त्रालयको ३.०३ सामाजिक सेवा निःशर्त अनुदान शिर्षक अन्तर्गत निकासा भएको रकम मध्ये रु.५,००,०००।- र आ.व.०६२।६३ का लागि ३.०५ सामाजिक सेवा सशर्त अनुदान शिर्षक नियमित बजेट अन्तर्गत निकासा भएको रकम मध्ये रु.२,०८,५००।- गरी जम्मा रु. रु.७,०८,५००।- रकम अनधिकृत ढंगले वितरण गरेको पुष्टी भयो । नेपाल सरकारलाई जानी जानी हानी नोक्सानी पुऱ्याएको निजको सो कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (क), (ख) र (ज) मा वर्णित अनुचित कार्य देखिएको र सो कार्यवाट नेपाल सरकारलाई रु.७,०८,५००।- हानी नोक्सानी पुऱ्याएको देखिनाले त्यस्तो हानी नोक्सानी सोही अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(क) बमोजिम निजबाट भरि भराउ गर्नु पर्ने देखिएको हुँदा नेपाल सरकारलाई हानी नोक्सानी भएको उक्त रु.७,०८,५००।- (सात लाख आठ हजार पाँच सय) रकम निज टंक ढकालवाट प्रचलित कानून बमोजिम असूल उपर गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई लेखी पठाइएको ।

२. तत्कालीन सूचना तथा सञ्चार राज्यमन्त्री श्रीश शम्शेर राणाबाट कार्यालय सदृढीकरण, महाधिवेशन तथा अन्तरक्रिया कार्यक्रम संचालन, द्वन्द पीडित पत्रकारहरूको लगत संकलनका नाउँमा राज्यमन्त्रीका हैसियतबाट निर्णय गरी रु.३६,१८,५००।- रकम राष्ट्रिय पत्रकार महासंघ, नेपाल समेतका विभिन्न संस्था एवं व्यक्तिलाई जनआन्दोलन दमन गर्ने उद्देश्यले वितरण गरी राष्ट्रिय ढुकुटीको दुरुपयोग गरेको देखिन आएको हुँदा सो दुरुपयोग सम्बन्धमा निज राज्यमन्त्री व्यक्तिगत रुपमा जिम्मेवार देखिन

आएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ र भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तरगत कानूनी कारबाही गरी सो रकम असूल उपर हुनु पर्ने भन्ने व्यहोराको उच्चस्तरीय जाँचबुझ आयोग, २०६३ को प्रतिवेदन रहेकोले सो सम्बन्धमा आयोगको तर्फबाट अनुसन्धान गरी आयोगको मिति २०६५/३/३० को निर्णयानुसार निज श्रीश शम्शेर राणाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (क) (ख), (ग) र (ज) अन्तर्गतको अनुचित कार्य गरी रु.३६,१८,५००।- रकम नेपाल सरकारलाई प्रत्यक्ष रुपले हानी, नोक्सानी पुऱ्याएको देखिंदा त्यस्तो हानी, नोक्सानी भएको रकम अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क बमोजिम निजवाट भरिभराउ गर्नु पर्ने देखिएको हुँदा निजबाट नेपाल सरकारलाई हानी नोक्सानी भएको उक्त रु.३६,१८,५००।- (छत्तीस लाख अठार हजार पाँच सय) रकम प्रचलित कानून बमोजिम असूल उपर गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई लेखी पठाइएको ।

(घ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

१ पर्सा जिल्ला श्रीपुर वि वडा नं. १ कि. नं. १११ क्षेत्रफ ०-१-१७-२ जग्गा मालपोत कार्यालय पर्साबाट रजिष्ट्रेशन पारित गर्दा उक्त जग्गामा भएको घर नदेखाई राजश्व छलेको भन्ने उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा दाता देवकी नन्दन अग्रवालले घर समेत विक्री गरेको भनी गरेको बयान र उक्त लिखतबाट देवकी नन्दन अग्रवालबाट हिरादेवी श्रेष्ठमा हक हस्तान्तरण भै आएको व्यहोरा उल्लेख गरी वीरगन्ज उप-महानगरपालिकाबाट हिरादेवी श्रेष्ठका नाममा उक्त घर जग्गाको घर जग्गाकर निर्धारण भएको एवं हिरादेवी श्रेष्ठले वि.उ.म.न.पा.बाट उक्त कि.नं. १११ मा रहेको पुरानो घरको नक्सा नियमित गराई इजाजत पत्र लिएको समेतका तथ्यबाट उक्त जग्गामा घर भएको र जग्गा खरिद विक्री गर्दा घर समेत खरिद विक्री गरेको भन्ने देखिन आएकोले आयोगको मिति २०६४।४।१० को निर्णय अनुसार जग्गाधनी हिरादेवी श्रेष्ठबाट रु ८०१८७।१६ असूल उपर गर्न मालपोत कार्यालय पर्सालाई लेखी पठाइएको ।

(ङ) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत

१. नौविसे मुडलिङ सडकको पटके कर उठाउने. कार्यमा भष्टाचार भएको भन्ने सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।६।२ को निर्णय अनुसार ठेकेदार सन्तोषी निर्माण सेवाले सडक बोर्ड नेपाललाई बुझाउने बाँकी रकम रु १३७१३५२।३९ बाकी रहेको मिति बाटै सावा व्याज हिसाव गरी असूल उपर गर्न सडक बोर्ड नेपालमा लेखी पठाइएको ।

२ लम्जुङ्ग बेसीशहर सडक योजनामा (निर्माण कार्य हुँदा करोडौँ रुपैया अनियमितता भएको भन्ने सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा विभागीय मन्त्रीबाट Variation स्वीकृत गर्दा हाल थप गरिएका कामहरु नयां दररेटमा भएको र सोही आधारमा ठेकेदारहरुसंग Negotiation भएकाले थपिएका काम वापत ठेकेदारहरुलाई कुनैपनि मूल्यबृद्धि नदिने गरी भएको निर्णय विपरित निम्न ठेकेदारहरुलाई मूल्यबृद्धि भुक्तानी गरेको रकम अशूल गर्ने भनी म.ले.प.ले समेतले बेरुजु औंल्याएकोले आयोगको मिति २०६४।७।२९ को निर्णय अनुसार नेशनल कन्सट्रक्सन कम्पनी नेपालबाट रु. ४,७१७८२।१३ र कालिका कन्सट्रक्सनबाट रु. ४९४०९।६७ असूल उपर गर्न सडक विभागलाई लेखी पठाइएको ।

(च) स्थानीय विकास मन्त्रालय अन्तर्गत

१ जेष्ठ नागरिक तथा असहाय विधवा भत्ता हिनामिना गरी भ्रष्टाचार गरे भन्ने उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा साँढा गा.वि.स.का तत्कालिन सचिव सुशील झाले महोत्तरी जिल्ला साँढा गा.वि.स.वडा नं.३ वस्ने कमला देवीको मिति २०६२।४।१५ मा मृत्यु भैसकेको अवस्थामा निजलाई मिति

२०६२ श्रावण देखि २०६२ पौष तक रु. ७५०।- आफैले वुझाएको भनी झुठो विवरण पेश गरेको देखिएकोले आयोगको मिति २०६४।१२।१७ को निर्णय अनुसार गा.वि.स.सचिव सुशिल झाबाट रु ७५०। असूल उपर गर्न जि.वि. महोत्तरीमा लेखी पठाइएको ।

(छ) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत

१. पर्सा जिल्ला विरगंज स्थित ठाकुराम वहुमुखी क्याम्पसमा कार्यरत सहायक लेखपालद्वय वुनिलाल चौरसिया र हृदेश प्रसाद चौरसियाले केही विद्यार्थीहरूलाई हातमा लिई लेखाशाखा तोडफोड गर्न लगाई काटिएको रसिदको ठेली गायव समेत गराई निजहरूको नाममा रहेको वेरुजु समेत फर्स्यौट नगरी शैक्षिक संस्थालाई धारासायी बनाउने यी दुवै कर्मचारीहरूलाई कडा भन्दा कडा कारवाही गरी पाउ भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१०।१७ गतेको निर्णय अनुसार तत्कालीन लेखा शाखामा कार्यरत रहेका सहायक लेखापाल हृदेशप्रसाद चौरसिया र वुनिलाल चौरसियाले बैंक दाखिला नगरी अनियमितता गरेको भन्ने देखिएको, दाखिलानगरेको क्याम्पसको आम्दानीको रकम रु.१,४३,५१५।०५ त्रि.वि.वि. आर्थिक व्यवस्थापन तथा संचयकोष सम्बन्धी नियम, २०५० को नियम ३४ बमोजिम कारवाही गरी निज सहायक लेखापालद्वय हृदेश प्रसाद चौरसिया र वुनिलाल चौरसियाबाट असूल उपर गर्न र आ.ले.प. तथा म.ले.प. बाट देखाएको विवरणलाई नियमानुसार फर्स्यौट गर्न त्रि.वि.वि. रजिष्टारको कार्यालय, त्रि.वि.वि. निरीक्षण महाशाखा र ठाकुरराम बहुमुखी क्याम्पस पर्सामा लेखी पठाईएको ।

३. जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रवन्धक उद्धवप्रसाद गौतमले क्षेत्रीय कार्यालय, नेपालगञ्ज र अनुगमन कार्यालय, जनकपुरमा रहँदा नक्कली कागजातहरू तयार गरी विभिन्न आर्थिक अनियमितता गरेको व्यहोराको आयोगको द.नं.१०८७ मिति २०६३।८।८ को उजूरी उपर विस्तृत अनुसन्धान गरी पेश भएको प्रतिवेदनको सम्बन्धमा निज उद्धवप्रसाद गौतमसँग स्पष्टीकरण लिई पेश गर्ने गरी आयोगबाट निर्णय भए बमोजिम निजबाट प्राप्त स्पष्टीकरण एवं अन्य कागजात समेतको अध्ययन गर्दा आयोगको मिति २०६४।१२।४ गतेको निर्णय अनुसार निज उद्धवप्रसाद गौतम क्षेत्रीय कार्यालय, नेपालगञ्जमा कार्यरत रहँदा नियमित रुपमा तिर्नुपर्ने टेलिफोन, खानेपानी एवं विजुलीको महसुल भुक्तानी कार्य समयमै नगर्दा पटक पटक विभिन्न मितिमा गरी जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले जरिवाना तिर्नु परेको रु.८,५०९।३५, जनकपुरमा कार्यरत रहँदा २०५७ अषाढ, भदौ, असोज, कार्तिक, माघ, फाल्गुण र चैत्रको पटक पटक गरी अनावश्यक रुपमा तिरेको जरिवाना रु.६४०।१६ र मिति २०५७।३।२२ देखि मिति २०५८।३।३१ सम्मको त्रैमासिक किस्ता रु.७,२००।- ले ४ किस्ता वापतको रु.२८,८००।- घरभाडा भुक्तानी गर्दा अग्रिम कर कट्टा गरी भुक्तानी दिनुपर्नेमा पुरै भुक्तानी दिएको हुँदा अग्रिम आयकर वापत १५% ले रु.२८,८००।- को हुने रु.४,३२०।- जनक शिक्षा सामग्री केन्द्रलाई क्षति पुऱ्याएकोले सो समेतले जोड्दा हुने रु.१३,४६९।५१ निज उद्धवप्रसाद गौतमको लापरवाहीको कारणबाट तिर्नु परेको देखिंदा निजले गरेको उक्त कार्य जनक शिक्षा सामग्री केन्द्र लिमिटेड कर्मचारी सेवा शर्त विनियमावली, २०५७ को विनियम ८२ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (घ)(छ) बमोजिम अनुचित कार्य गरी सोही ऐनको दफा १२क बमोजिम हानी नोक्सानी पुऱ्याएको देखिंदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम २५(क) बमोजिम निजबाट भरीभराउ गर्न सोही ऐनको दफा १२ क बमोजिम जनक शिक्षा सामाग्री केन्द्रलाइ लेखी पठाइएको ।

परिच्छेद - ९
ध्यानाकर्षण

सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानी नोक्सानी सम्बन्धित व्यक्तिबाट भरिभराउ गर्न वा आयोगले उपयुक्त ठानेको अन्य आवश्यक कारवाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउन सक्ने व्यवस्था अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, १२ क मा कानूनी व्यवस्था भए अनुरुप आ.व.२०६४/२०६५ मा देहायका निकायहरु र त्यहाँ कार्यरत पदाधिकारीहरुबाट जानाजान वा भूल वश भएका काम कारवाहीहरु उपर उनीहरुको ध्यानाकर्षण गराइएको छ ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

१. तत्कालीन सिरहा डिष्टीलरी लहानको राजस्व वक्यौता हुँदाहुँदै मदभट्टी ठेक्का नामसारी गरी सरकारलाई हानी पुऱ्याएको भन्ने समेत व्यहोराको दशरथ मण्डल सिरहा लहानको उजुरी उपर अनुसन्धान हुँदा आयोगको मिति २०६४।९।५ को निर्णय अनुसार आ.व. ०५१।५२ तथा २०५२।५३ को प्रस्तुत मदभट्टी ठेक्का वक्यौता असूली गर्ने सन्दर्भमा आयोगको २०५९।१।२७ को निर्णयानुसार सम्वन्धित व्यक्तिवाट ३ महिना भित्र असूल उपर गर्नुपर्ने रकम असूल उपर गरी आयोगलाई जानकारी दिने भनी आन्तरिक राजस्व विभागलाई लेखी पठाइएकोमा हालसम्म पनि बक्यौता रकम असूल उपर नभई आयोगको निर्णय कार्यान्वयन नभएकोतर्फ आन्तरिक राजस्व विभागको ध्यानाकर्षण गर्न अर्थ मन्त्रालयमा लेखी पठाइएको ।

२. भैरवा भन्सार कार्यालयबाट मिति २०६४।८।२४गतेका दिन आलु प्याज लगायतका सामान जाँच पास गर्दा कर्मचारीहरुवाट अनियमितता गरेको भनी आयोग समक्ष पर्न आएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।१०।२२ को निर्णय अनुसार भैरहवा भंसार कार्यालयमा विहानीको समयमा हुने तरकारी फलफुलको आयात र ढुंगा, गिट्टी वालुवाको निकासीको कारण हुन सक्ने भिडभाड एवं कार्यचापलाई समेत मध्यनजर राख्दै संवेदनशील क्षेत्र र समयमा पर्याप्त स्रोत एवं जनशक्ति परिचालन गरी भन्सार प्रशासन चुस्त र दुरुस्त राखी राजस्व वृद्धि गराउने व्यस्था मिलाउनको लागि भैरहवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृतको ध्यानाकर्षण गराउन अर्थ मन्त्रालयमा लेखी पठाइएको ।

(ख) गृह मन्त्रालय अन्तर्गत

१. जिल्ला प्रशासन कार्यालय, ललितपुरबाट राहदानी जारी गर्दा रिसवत लिएको भन्ने विषयमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।५।२४ को निर्णय अनुसार ललितपुरले आफ्नो जिल्ला भन्दा बाहिरका नागरिकहरुलाई राहदानी जारी गरी दिदा गा.वि.स. सचिवहरुबाट आधार प्रमाण वेगर नै तथा तोकिएको कार्यविधि नै नपुऱ्याई अख्तियारको दुरुपयोग गरी झुठा बसाई सराईको प्रमाण पत्र बनाई दिएको हुन सक्ने र आर्थिक प्रलोभनमा परी उक्त कार्यालयका कर्मचारी समेतको मिलेमतोमा त्यस्ता प्रमाण पत्रहरुको आधारमा राहदानी जारी हुनसक्ने अवस्था समेत देखिएको हुँदा त्यसतर्फ चनाखो भई राहदानी जारी गर्ने व्यवस्था मिलाउनको लागि जिल्ला प्रशासन कार्यालय, ललितपुरका प्रमुख जिल्ला अधिकारी आनन्दराज पोखरेलको ध्यानाकर्षण गराउन गृह मन्त्रालयमा लेखी पठाइएको ।

(ग) जलश्रोत मन्त्रालय अन्तर्गत

१ जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं. १ विराटनगर र उपभोक्ता समितिको मिलेमतोमा वक्राहा नदी नियन्त्रणको वायो इन्जिनियरिङ्ग सम्बन्धी कार्यमा अनियमितता गरेकोले छानविन गरी कारवाही गरी पाऊँ भन्ने समेत विषयको उजुरी उपर अनुसन्धान हुँदा आयोगको मिति २०६४।६।२ को निर्णय अनुसार आ.ब.०५९।६० मा उपभोक्ता समिति मार्फत जनसहभागिता समेत जुटाई गर्नुपर्ने वक्राहा नदी नियन्त्रण योजना अन्तर्गत संचालन गरिएको वायो इन्जिनियरिङ्ग कार्य सम्वन्धमा जल उत्पन्न प्रकोप नियन्त्रण विभागका इन्जीनियर गोविन्द पौडेल समेतको छानविन टोलीले दिएको प्रतिवेदन अनुसार वायो इन्जीनियरिङ्गको कार्य अपेक्षा अनुसार नहुनुमा सो कार्यालयबाट नियमित अनुगमनको कमी, स्थानीय वासिन्दाहरुबाट संरक्षणको अभाव, उपभोक्ता समितिले संरक्षण गर्ने संयन्त्र तर्जुमा गर्न नसकेको, स्थानीय उपसमिति पूर्णरुपमा संरक्षणको लागि जिम्मेवार नभएको समेत देखिन आएको हुँदा जल उत्पन्न प्रकोप नियन्त्रण विभाग अन्तर्गत उपभोक्ता समिति मार्फत यस्ता कार्यहरु गराउँदा अनुगमन र मूल्याङ्कनको निरन्तरता दिइने व्यवस्था मिलाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ क वमोजिम जलस्रोत मन्त्रालयलाई ध्यानाकर्षण गराउन लेखी पठाइएको ।

२. जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं. १ विराटनगरका सिनियर डिभिजन इन्जीनियर गौरीशंकर प्रसाद सिंह समेतले कम गुणस्तरको जि.आई.तार खरिद गरी अनियमित कार्य गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।९।३० को निर्णय अनुसार सो कार्यालयबाट आ.ब.०५९।६० मा वक्राहा नदी नियन्त्रण अन्तर्गत मधुमल्ला खण्ड, हसन्दह खण्ड र गोविन्दपुर लेटी खण्डको क्षतिग्रस्त संरचना निर्माण, मर्मत एवं नदी नियन्त्रण कार्यको लागत अनुमान रु. ९७,७८,५८७।९१ भएको Package No. WIDPD P/Mat. मा जि.आई.तार सप्लाई गर्ने कार्य मूख्य कार्य भएको सो कार्यको लागत अनुमानमा कमर्शियल जि.आई.तार उल्लेख भएको तर स्पेशिफिकेसनमा कमर्शियल जि.आई.तार सम्बन्धमा केही उल्लेख नभएको, गुणस्तर निर्धारणको लागि कार्यालयको तर्फबाट कुनै पनि प्रयोगशालामा परिक्षण गरेको देखिन नआएको तथा typical वोलपत्र पुस्तिका तयार गरी सवै ठेक्का प्याकेजहरुमा सो वोलपत्र पुस्तिका प्रयोग गरेको देखिन आएको हुँदा कार्य अनुसारको स्पेशिफिकेशन तयार गर्न गराउन, गुणस्तर निर्धारणको लागि पर्याप्त प्रयोगशाला परिक्षण गर्न गराउन तथा कार्य अनुसारको वोलपत्र पुस्तिका तयार गरी सार्वजनिक निर्माण तथा खरिदको कार्य गर्न गराउन जल उत्पन्न प्रकोप नियन्त्रण विभागलाई ध्यानाकर्षण गराइएको ।

(घ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत

१ सूचना प्रविधि उच्चस्तरीय आयोगका उपाध्यक्ष सरोज देवकोटाले आफन्तबाट नक्कली आमन्त्रण पत्र प्राप्त गरी अमेरिका भ्रमण गरी भ्रमण भत्ता खाई अनियमितता गरेको भन्ने सम्बन्धमा आयोगबाट अनुसन्धान अुँदा मिति २०६४।८।१९ को निर्णय अनुसार कुनै पदाधिकारी विदेश भ्रमणमा जानु अघि म.पं.बाट सहमति लिनु पर्ने भएमा सो अनुसार सहमति प्राप्त भएपछि मात्र भ्रमण आदेश गर्ने र पदाधिकारी प्रस्तावित कार्यक्रममा भाग लिन गईसकेकोले भनेर पछि समर्थन गर्ने प्रवृति र परम्परा निरुत्साहित गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ध्यानकर्षणका लागि लेखी पठाइएको ।

२. काठमाडौं महानगरपालिका कर्यालय अन्तर्गत गोङ्गबु स्थित नयाँ बसपार्क लोत्से बहुउद्देश्यीय प्रा.लि. लाई लिजमा दिंदा अनियमितता भएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१।१० को निर्णय अनुसार काठमाडौ महानगरपालिका कार्यालयको नाममा जग्गा धनी प्रमाण पुर्जामा भए भन्दा बढी जग्गा उपभोग गरी रहेको देखिएकोले सो सम्वन्धमा आयोगको मिति ०६४।६।१३ को निर्णयानुसार सो कार्यालयको जग्गा धनी प्रमाणपुर्जामा उल्लेख भएको जग्गा छुट्याई बाँकि जग्गा नेपाल सरकारको नाममा दर्ता गराउन मालापोत कार्यालय डिल्लीबजारमा लेखी पठाएकोमा सो कार्यालयको मिति २०६५।१।९ को निर्णयानुसार गोगंबु नयाँ बसपार्क क्षेत्र भित्रको २१-६-०-२ रोपनी जग्गा आयोगको पहलमा नेपाल सरकारको नाममा दर्ता भएको हुँदा सो जग्गाको संरक्षण गर्ने तर्फ नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको ध्यानाकर्षण गराउन लेखी पठाइएको ।

(ङ) भूमि सुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

१. काठमाडौं जिल्ला चुनिखेल गा.वि.स. वडा नं. २ को सन्तभाई श्रेष्ठको जग्गासंगै रहेको करिव २ रोपनी सार्वजनिक/सरकारी जग्गा निजको भोग अनुसार नक्सा फायल कायम गरी पाउँ भन्ने निबेदनका आधारमा एक पटक नापी विभागले माग अनुसार सरकारी जग्गा दर्ता गर्न नमिल्ने निर्णय गरी फिर्ता पठाएकोमा नापी शाखा चावहिलका कर्मचारी र भू-माफिया मिली उक्त फायल पुनः नापी विभागमा निर्णयार्थ पठाएकोले सो फाइल झिकाई भ्रष्टाचारीहरुलाई कारवाही गरी पाउँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१।१६ को निर्णय अनुसार का.जि. चुनिखेल गा.वि.स. ९ (ख) कि.नं. २५ क्षे.फ. ५-०-१-० (पाँच रोपनी एक पैसा) को जग्गा पर्ति देखिएकोले उक्त कि.नं. २५ क्षे.फ. ५-०-१-० (पाँच रोपनी एक पैसा) सार्वजनिक पर्ति जग्गालाई १ महिना भित्र नेपाल सरकारका नाममा दर्ता गरी यस आयोगमा जानकारी पठाउन लगाउने र एक पटक नापी विभागले पर्ति सार्वजनिक जग्गा घुसेका कारण भोग अनुसार क्षेत्रफल संसोधन गर्न सहमति नदिई फाइल फिर्ता पठाएको अवस्थामा पुनः सोही विषयमा मा.पो.का. चावहिलले क्षेत्रफल संसोधन गर्न सहमतिको लागि नापी विभागमा पत्र पठाएको देखिंदा यस विषयमा मा.पो.का चावहिलका प्रमुखलाई आइन्दा यस प्रकारको गल्ती नगर्न ध्यानाकर्षण गराउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

(च) वातावरण विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत

१. नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान हाल नेपाल प्रविधि प्रतिष्ठानको **EV-K2-CNR** परियोजनामा अनियमितता, भ्रष्टाचार भएको, तत्कालिन सचिव प्रा.डा.कृष्ण मानन्धरले राजिनामा दिनु भएकै दिन एकसय भन्दा वढि चेक काटि भुक्तानी भएको, NAST का मुख्य लेखा सहायक श्री नरेन्द्र कुमार सिंहलाई का.मु. सहायक लेखा अधिकृतमा अनियमित तरिकाले वर्षौसम्म काममा लगाएको तथा अन्य कर्मचारीलाई नियम विपरित करार र ज्यालादारीमा नियुक्त गरेको भन्ने समेतको उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।११।८ को निर्णय अनुसार **EV-K2-CNR** परियोजना अन्तर्गतका अनुसन्धान परियोजना सञ्चालन गर्न नेपाली वैज्ञानिक (NAST वाहिरवाट) छनौट गर्ने प्रयोजनका लागि स्पष्ट कार्यविधि वनाउन, **EV-K2-CNR** परियोजनाले आफ्ना सबै वित्तिय, भौतिक तथा सम्वद्ध यथार्थ सूचनाहरु **NAST** लाई नियमित (आवधिक) रुपमा उपलव्ध गराउन र यस सम्वन्धी प्रावधान संझौता भित्र राख्न आवश्यक व्यवस्था मिलाउन, एवं मू.ले.स.नरेन्द्रकुमार सिंहको का.मु.प्रकरणमा अब उप्रान्त नियम बाहिर गई एकै व्यक्तिलाई पटक पटक का.मु.मुकरर गर्ने प्रचलन नदोऱ्याउन नेपाल प्रविधि प्रज्ञा प्रतिष्ठान **(NAST)** को ध्यानाकर्षण गराउन वातावरण विज्ञान तथा प्रविधि मन्त्रालयमा लेखी पठाइएको ।

(छ) स्वास्थ्य तथा जनसख्या मन्त्रालय अन्तर्गत

१. स्वास्थ्य तथा जनसख्या मन्त्रालय अन्तर्गत जापान सरकारको अनुदानबाट रु. १७ करोडको सहयोगमध्ये १३२ वटा फ्रिज तथा रेफ्रिजेरेटर भिकाइएकोमा पूरै काम नलाग्ने भई थन्किएको र आपूर्तिकर्ताले आफ्नै खर्चमा बनाउनुपर्ने प्रावधान रहेकोमा हिचकिचावट गरेको भनी प्राप्त उजुरी उपर अनुसन्धान हुँदा आयोगको मिति २०६५।३।२२ को निर्णय अनुसार स्वास्थ्य सेवा विभागका कर्मचारी तथा प्राविधिकबाट Performance Test Report दिई जानकारी गराउँदा गराउँदै पनि नीति तथा योजना महाशाखा, स्वास्थ्य मन्त्रालयबाट पनि उल्लेखनीय तरिकाबाट यस्तो समस्याको सम्बन्धित निकाय, दाता राष्ट्र जापान तथा अर्थ मन्त्रालयमा पत्राचार छिटो गरी समस्या समाधान गर्ने तर्फ कुनै चासो देखाइएको नदेखिएकोले भविष्यमा यस्तो किसिमको गल्ती अथवा कार्यान्वयनमा ढिलाइ हुन नदिनका लागि स्वास्थ्य तथा जनसख्या मन्त्रालय र स्वास्थ्य सेवा विभागमा ध्यानाकर्षणका लागि लेखी पठाइएको ।

(ज) स्थानीय विकास मन्त्रालय

१. मालपोत कार्यालय डिल्लीबजार काठमाडौंका कर्मचारीहरूले मिलेमतो गरी मुलुकी ऐन अपुतालीको महलबमोजिम नेपाल सरकारका नाममा हुनुपर्ने जग्गा अनियमित रुपमा व्यक्तिका नाममा दर्ता गराए भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।११।९ को निर्णय अनुसार नामसारी माग गरिएका जग्गा हक खाने कोही नभएकाले सार्वजनिक हित र प्रयोजनका लागि उपयोगमा आउने भनी का.म.न.पा.बाट मिति २०५५।३।१९ मा रोक्का राखिएको जग्गा अधिकार प्राप्त निकायबाट सो सम्बन्धमा कानुनबमोजिम निर्णय नहुँदै पुष्परत्न तुलाधरका निवेदनका आधारमा कानुनी सल्लाहकारको राय लिई सोही आधारमा कार्यकारी अधिकृत दिनेश थपलियाले मिति २०६३।११।२२ मा फुकुवा गर्ने निर्णय गर्दा कानून विपरितको मिलापत्र कार्यान्वयनको नाममा सरकारका नाममा अपुताली कायम हुन सक्ने सम्पत्तिमा हकै नभएका व्यक्तिका नाउमा मालपोत कार्यलय डिल्लीबजारबाट नामसारी हुन गएको देखिदा काठमाडौं महानगरपालिकाका कार्यकारी अधिकृत दिनेश थपलिया र का.म.न.पा.को पूर्व रोक्का आदेशवाट फुकुवा गर्न नमिल्ने राय दिन पर्नेमा स्पष्ट राय नदिने का.म.न.पा.का कानून अधिकृत वसन्त आचार्यलाई आउदा दिनमा आफ्नो पदिय दायित्व कानून वमोजिम पालना गर्नु भनी ध्यानाकर्षण गर्न स्थानीय विकास मन्त्रालयमा लेखि पठाइएको ।

२. मालपोत कार्यालय कलंकीले घर जग्गाको कर मूल्याङ्कन गरी राजस्व छलेको भन्ने आयोगमा पर्न आएको उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१२।६ को निर्णय अनुसार काठमाडौं महानगरपालिका वडा नं. १४ कार्यालयवाट मिति २०६३।२।३० मा ४ तला ४७४१.१४ व.फी. क्षेत्रफलको घरलाई १ तला ३०४ व.फी. क्षेत्रफल भनी घटी घर जग्गाकर असूल गरी मालपोत कार्यालयलाई सिफारिस गरेको र मालपोत कार्यालयबाट पनि सोही सिफारिसको आधारमा घटी रजिष्ट्रेशन दस्तुर असूल भएको देखिंदा घर जग्गाको स्थलगत निरीक्षण गरी लाग्ने कर असूल गर्ने र अन्य निकायलाई आधिकारिक कागजातका रुपमा सिफारिस गरी पठाउने स्थानीय निकायका कर्मचारी र सम्वन्धित व्यक्तिहरुवाट बरोवर हुनसक्ने यस्ता कार्यहरु भविष्यमा दोहोरिन नदिने तर्फ काठमाडौं महानगरपालिका कार्यालयको ध्यानाकर्षण गराउन स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।

३. इनरुवा नगरपालीकाले सडक निर्माण गराउँदा प्रचलित कानूनको उलंघन गरेको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।३।१२ को निर्णय अनुसार इनरुवा नगरपालीकाले स्थानीय उपभोक्ता समिति र अमानतबाट निर्माण कार्य गराउँदा प्रचलित कानूनको रित र प्रक्रिया अवलम्बन नगरी दर विश्लेषण

तथा लागत अनुमान तयार गर्दा लापरबाही गरेको र निर्माण गराउँदा पेश्की माथिपेश्की दिने जस्ता कार्य गरेको देखिदा हाल सम्म पनि पेश्की बाँकी भएमा तुरुन्त फछ्र्यौट गर्न लगाउने, आइन्दा एक पटक दिएको पेश्की फछ्र्यौट नभई पुनः पेश्की माथि पेश्की नदिने व्यवस्था गर्ने तथा निर्माण कार्य गराउँदा दर विश्लेषण र यर्थाथ लागत अनुमान तयार गरेर मात्र कार्य गराउनका लागी इनरुवा नगरपालीकाका कार्यकारी अधिकृतलाई ध्यानाकर्षण गराउन स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।

४. मध्यपुर ठिमि नगरपालिकाका कार्यकारी अधिकृत तथा योजना शाखाका ओभरसियरले सार्वजनिक निर्माणको कार्य गराउँदा आफ्नो मतियार ठेकेदारलाई ठेक्का बन्दोवस्त गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा अपारदर्शी र बदनियतपूर्वक कार्य गरेको भनी आयोगमा परेको उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६५/३/३१ को निर्णयानुसार मध्यपुर थिमि नगरपालिका क्षेत्र भित्र रिटेनिङवाल, ढुङ्गा छपाई, ढल निर्माण तथा सेड निर्माण लगायतका ५ वटा कार्य गराउन गरेको सिलबन्दी दरभाउपत्रको प्रक्रियामा सूचना प्रकाशित गर्दा तथा दरभाउपत्र माथिको निर्णय गर्दा पारदर्शी र स्वच्छ प्रतिस्पर्धा हुने गरी भए गरेको नदेखिएको तथा निश्चित व्यक्ति तथा फर्मलाई फाइदा पुग्ने गरी कार्य भए गरेको देखिएकोले सार्वजनिक खरिद ऐन तथा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली अनुरुपको प्रक्रिया नपुऱ्याई लापरवाहीपूर्वक कार्य गरेको सम्वन्धमा विभागीय कारवाही गर्न नपर्ने कारण भए स्पष्टीकरण पेश गर्न उक्त नगरपालिकाका कार्यकारी अधिकृत तथा योजना शाखाका ओभरसियरलाई भनिएकोमा निजहरुले पेश गरेको स्पष्टीकरणबाट संकलित तथ्यहरुको पुष्टि हुने आधार नभएकोले स्पष्टीकरण सन्तोषजनक नदेखिएको हुँदा आइन्दा यस किसिमको कार्य गर्दा ऐन नियमको प्रक्रिया पुऱ्याएर मात्र गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क बमोजिम मध्यपुर ठिमि नगरपालिका कार्यालयलाई लेखी पठाइएको ।

परिच्छेद - १०
सुझाव / निर्देशन

अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा २८ मा आयोगले आफ्नो काम कारवाहीको सिलसिलामा जानकारीमा आएका तथ्यहरुको आधारमा सम्बन्धित कार्यालय, पदाधिकारी वा सार्वजनिक संस्थालाई सुझाव दिन सक्ने व्यवस्था भए अनुरुप आर्थिक वर्ष २०६४/२०६५ मा दिइएको सुझावको विवरण निम्नानुसार छ ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

१. विणा इम्पेक्शको नाममा पैठारी भएको इलेक्ट्रोनिक्स सामानको जाँचपास गर्ने कार्यमा राजश्व हानी नोक्सानी गरी भ्रष्टाचार गरेको विषयमा तत्कालिन भन्सार अधिकृत महेन्द्र बहादुर बानियाँलाई विभागीय सजाय गरिएको सम्बन्धमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६४।४।२ को निर्णय अनुसार (क) भन्सारबाट सामान चेक जाँच परीक्षण गर्दा भन्सार ऐन २०१९ को दफा २३ को (२) बमोजिम विवरण प्रज्ञापन पत्रमा स्पष्ट बुझ्ने गरि उल्लेख गर्ने र जाँच गरिएको सामानको पोका वा माल बस्तुको भारीमा समेत स्पष्ट बुझिने गरि उल्लेख गर्ने गराउने । (ख) भन्सारवाट सामान आयात निर्यात हुँदा भन्सारमा घोषणा गरेको सामानको प्रकृति हेरी बढी संवेदनशील र महँगो मूल्य पर्ने सामानहरुको सुचि बनाई त्यस्ता प्रकृतिका सामान भन्सारमा आईपुग्ना साथ उच्च निगरानी र प्राथमिकताका साथ चेक जाँच गरि सामानको गुणस्तर परिमाण,ब्राण्ड,उत्पादन भएको कम्पनि आदि समेतको स्पेशिफिकेशन सहित स्पष्ट विवरण खुल्ने गरी राख्ने, राख्न लगाउने सम्बन्धमा अर्थ मंत्रालयमा सुझाव लेखी पठाईएको ।

२. नेपाल राष्ट्र बैंकको संचालक समितिले उक्त बैंकको कर्मचारी विनियमावली परिवर्तन गरी अधिकृत छैठौं तह तथा सहायक द्वितीय तथा तृतीय तहमा खुल्ला प्रतियोगिताबाट परिपूर्ति गर्नुपर्ने सिट संख्यालाई समेत मूल्यांकन तथा आन्तरिक बढुवाबाट पदपूर्ति गर्ने निर्णय गरेको सम्बन्धमा आयोगमा पर्न आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१०।२ को निर्णय अनुसार खुल्ला प्रतियोगितालाई भन्दा आन्तरिक रुपमा कर्मचारीको पदोन्नतिलाई महत्व दिंदा योग्य, सक्षम कर्मचारी लिने भन्दा अनुभवीलाई महत्व दिन खोजेको देखिएकोले अहिलेको संविधान, प्रचलित नेपाल कानून र नेपाल सरकारले कर्मचारी भर्नामा समावेशी गर्ने गरेको निर्णयलाई पनि यस्ता संस्थाहरुले आत्मसात गर्दै जानु पर्ने हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ बमोजिम नेपाल राष्ट्र बैंकलाई निर्देशन लेखी पठाइएको ।

३. नेपाल औद्योगिक विकास निगमले आफ्नो जग्गा होटल याक एण्ड यतिलाई लिजमा दिंदा भ्रष्टाचार गरेको भन्ने बिषयको उजूरीका सम्बन्धमा अनुसन्धान हुदा आयोगको मिति २०६४।१०।६ को निर्णय अनुसार निगमबाट आयोगमा प्राप्त हुन आएका कागजातहरुबाट मिनाहा/अपलेखनका कार्यहरु गर्ने गरेको देखिएतापनि कानूनमा स्पष्ट रुपमा व्यवस्था नगरी वा स्पष्ट मार्गनिर्देशन वा निर्देशिका समेतको अभावमा मिनाहा तथा अपलेखन कार्य गर्दा निर्णयकर्तामाथि अत्यधिक अधिकार रहन जाने संभावनालाई हृदयंगम गरी यस प्रकारको विवेकाधीकार प्रयोग हुन नदिन अव उप्रान्त ऋण रकम मिनाहा वा अपलेखनबाट भविष्यमा पर्न सक्ने प्रभाव समेतलाई मध्यनजर राखी सो सम्बन्धमा स्पष्ट

निर्देशिका तयार गरी कर्जा मिनाहा/अपलेखन गर्ने स्पष्ट तथा पारदर्शी व्यवस्था मिलाउन नेपाल राष्ट्रबैकलाई निर्देशन लेखी पठाइएको ।

४. राजस्व चुहावटका उजुरी र गुनासाहरु दिनप्रतिदिन आइनैरहेको अवस्थामा आयोगका पदाधिकारी तथा अर्थ मन्त्रालयका सम्बन्धित पदाधिकारी लगायत सुरक्षा अंगसँग भएको छलफल र अन्तरक्रिया पश्चात् आयोगको मिति २०६५।२।९ को निर्णय अनुसार राजस्व चुहावटको नियन्त्रण गर्न (१) राजस्व चुहावट नियन्त्रणको लागि व्यवस्था गरिएका राजस्व अनुसन्धान विभाग र भन्सार विभाग मातहतका अंगहरुलाई अझ बढी सक्रियताका साथ परिचालन गर्न । (२) आन्तरिक राजस्व विभागले समेत चोरी पैठारी लगायत राजस्व चुहावटको नियन्त्रणको लागि कानून, प्रदत्त अधिकारभित्र बसी अझ बढी क्रियाशील हुन । (३) राजस्व चुहावट नियन्त्रणमा विभिन्न निकायको समन्वय र सहयोग अत्यावश्यक हुने र यसको लागि अर्थ मन्त्रालयले यथोचित पहल गर्न (४) राजस्व संकलन हुने निकाय/कार्यालयमा अनुशासनको झनै महत्व हुने कुराहरुलाई मनन गर्दै अर्थ मन्त्रालय र मातहतका विभागले समेत कर्मचारी परिचालन गर्दा अनुशासनको पक्षलाई ध्यान दिदै अनुशासनहीनताको कारणले राजस्व उठ्तीमा प्रतिकूल असर पर्न नदिन यथोचित ध्यान दिन, विद्यमान कानूनलाई मध्यनजर राख्दै कर्मचारीको पदस्थापन, सरुवा, बढुवा, कार्य सम्पादन मूल्यांकन र सो को मूल्यांकनका आधारमा पुरस्कार र दण्डको व्यवस्थालाई अझ प्रभावकारी बनाउन (५) देशका विभिन्न भन्सार कार्यालयहरुबाट हुने गरेका आयात निर्यात कारोबारको तथ्याङ्क समेतका आधारमा भन्सार कार्यालयहरुको पुनसंरचना गर्न राजस्व चुहावट नियन्त्रणको क्षेत्रमा गर्नुपर्ने नीतिगत तथा कार्यगत सुधार र परिवर्तनहरु आवश्यकता अनुसार गर्दै जान (६) राजस्व संकलन गर्ने निकायहरुमा सूचना प्रविधि सम्बन्धी आधुनिक प्रविधिको अवलम्बन गर्दै राजस्व संकलन प्रक्रियालाई बढी पारदर्शी बनाउन (७) राजस्व अनुसन्धान विभागबाट हुने राजस्व अनुसन्धानका यावत् कार्यहरु व्यवस्थित र पारदर्शी ढंगले सञ्चालन गर्न अनुसन्धानलाई पर्याप्त हुने आन्तरिक कार्य सञ्चालन निर्देशिका बनाई कार्य सञ्चालन गर्न (८) गैरकर राजस्वको क्षेत्रमा समेत अनुसन्धान गर्न पाउने गरी कानून संशोधनको पहल गर्ने, केन्द्रीय अनुगमनलाई अझ सशक्त र भरपर्दो बनाउने व्यवस्था गर्न अर्थ मन्त्रालयलाई सुझाव पठाइएको ।

५. कर फछर्यौट आयोगले वास्तविक कर निर्धारण नगरी कम कर निर्धारण गरे भन्ने पत्रपत्रिकामा प्रकाशित समाचार उपर अनुसन्धान हुँदा आयोगको मिति २०६५।३।११ को निर्णय अनुसार हाल विषेश प्रहरी विभाग खारेज भई सकेको एवं अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ समेत लागु भइसेकेको परिप्रेक्ष्यमा कर फछर्यौट अयोग ऐन २०३३ को दफा १४ को प्रावधान राखिरहनु मनासिव नभएकोले कर फछर्यौट आयोग ऐन २०३३ को दफा १४ लाई संशोधन गरी हटाउने प्रकृया शुरु गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ बमोजिम अर्थ मन्त्रालयमा सुझाव लेखी पठाइएको ।

६. आयोगमा परेको नि.द.नं.५९ मिति २०६१/९/६ गतेको उजूरी निवेदन अनुसार "राष्ट्रिय बाणिज्य बैंकका उपत्यका स्थित बिभिन्न शाखा कार्यालयहरूबाट जगरनाथ प्रसाद सोनार सम्बद्ध काठमाडौं टुकटुक र अनिता इलेक्ट्रिकल प्रा.लि.सप्लायर्स रही टेम्पोमा कर्जा लगानी गर्दा अनियमितता गरेको" भन्ने सम्बन्धमा अनुसन्धान हुँदा बैकका शाखाहरुबाट लगानी भएको प्रदुषणरहित खाना पकाउने ग्यासबाट चल्ने टेम्पामा लगानी भएको ८० वटा कर्जाहरु मध्ये अधिकांश कर्जाहरु असुल उपर हुन बाँकी देखिएकोले आयोगको मिति २०६५।३।८ को निर्णय अनुसार बैंकले निर्धारण गरेको अबधी ३ (

तीन) महिना भित्र कडाइका साथ बाँकी बक्यौता असूली गरी सोको जानकारी आयोगलाई दिन राष्ट्रिय बाणिज्य बैंक केन्द्रीय कार्यालय, सिंहदरवारलाई निर्देशन लेखी पठाईएको ।

(ख) <u>उद्योग वाणिज्य तथा आपूर्ति मंत्रालय अन्तर्गत</u>

१. नेपालभित्र उत्पादन हुने वा विदेशवाट आयात भई नेपालमा विक्री वितरण हुने ड्राइसेल व्याट्री अनिवार्य रुपमा नेपाल गुणस्तर २८० अनुसार हुनुपर्ने प्रावधान रहेको तर चीनवाट आयात हुने कतिपय ड्राइसेल व्याट्री नेपाल गुणस्तर २८० अनुरुप नभई गुणस्तरहीन हुंदा चीनको entry exit quarantine inspection certificate का आधारमा गुणस्तर तथा नापतौल विभागले भन्सार कार्यालयलाई चीन सरकारका गुणस्तर प्रमाणित गर्ने निकायले प्रमाणित गरेकै आधारमा गुणस्तर ठीक छ भनी प्रमाणित गरेकोले नेपाल गुणस्तर तथा नापतौल विभागका पदाधिकारीलाई कारवाही गरी पाउन आयोगमा परेको उजुरीका समवन्धमा अनुसन्धान हुदा आयोगको मिति २०६४।४।१७ को निर्णय अनुसार चीनबाट नेपालमा आयात हुने ड्राइसेल व्याट्रीको हकमा Department of Supervision on inspection, the General Administration of Quality Supervision inspection and Quarantine of peoples Republic of china द्वारा जारी गरिएको गुणस्तर परीक्षण प्रमाणपत्र (Quality Test Certificate) वस्तुको व्याच नम्वर र परिमाण खुलेको कागज, Commercial invoice, Certificate of Origin समेत संलग्न भई गुणस्तर परीक्षण भै आएको सोही वस्तु हो भन्ने उक्त कागजातहरुवाट पुष्टि भएमा नेपाल सरकार र चीन सरकार बीच अक्टोवर ६, २००५ मा भएको Agreement on Co-operation for Industrial Product Inspection का आधारमा भन्सार कार्यालयहरुले सामान आयात गर्न दिने, गुणस्तर परीक्षा गर्न नमूना सहित नेपाल गुणस्तर तथा नापतौल विभागलाई पटकै पिच्छे पठाउन नपर्ने । उक्त कागजातहरुवाट वस्तु र गुणस्तर परीक्षण प्रमाणपत्र बीच तालमेल नदेखिएमा वा गुणस्तर परीक्षण प्रमाणपत्र संलग्न नभएमा गुणस्तर परीक्षण गर्न भन्सार कार्यालयहरुले नेपाल गुणस्तर तथा नापतौल विभागमा नमूना सहित पठाउनु पर्ने र गुणस्तर विभागले पनि अनिवार्य रुपमा गुणस्तर परीक्षण गर्न र ड्राइसेल व्याट्री लगायत अन्य मालसामान आयात गर्दा गुणस्तरहीन म्याद नाघेका वा अन्य कारणले प्रयोग गर्न उपयुक्त नहुने वस्तुहरुको हकमा आयातकर्ताहरुलाई वस्तु आयातमा झमेला र झन्झट नहुने गरी गुणस्तरीय वस्तु आयात गर्ने व्यवस्था मिलाउन नेपाल गुणस्तर तथा नापतौल विभागको महानिर्देशकको संयोजकत्वमा अर्थ मन्त्रालय, राजस्व महाशाखाका सह-सचिव, राजस्व अनुसन्धान विभागका महानिर्देशक उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सह-सचिव, वाणिज्य विभागका महा-निर्देशक, र भन्सार विभागका महानिर्देशक समेत रहेको एउटा समिति वनाई उपभोक्ताको हितलाई ध्यानमा राख्दै गुणस्तरीय वस्तु आयात हुने गरी उचित वातावरण र व्यवस्था मिलाउने र त्यसको जानकारी आयोगलाई गराउन नेपाल गुणस्तर तथा नापतौल विभागका महानर्देशकलाई निर्देशन पठाइएको ।

२. गैर कानुनी रुपमा वन पैदावारमा आधारित उद्योगहरु दर्ता गरी वन कार्यालय र घरेलु तथा साना उद्योग कार्यालय दाङ्गका कर्मचारीले रकम भाग बन्डा गरी खाए भन्ने सम्वन्धमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६४।६।२१ को निर्णयअनुसार वन क्षेत्रबाट वन पैदावरमा आधारित उद्योगहरु दर्ता गर्दा वातावरण संरक्षण सम्बन्धी नियमहरु पटक पटक संशोधन गर्न युक्तिसंगत नदेखिने हुदाँ आगामी दिनमा नियमावलीमा यस विषयलाई समावेश गरी व्यवस्थित रुपमा लागू गर्ने तथा दाङ्ग जिल्लाको देउखुरी क्षेत्रमा कानून विपरित दर्ता भएका वन पैदावरमा आधारित १४ उद्योगको सम्बन्धमा

आवश्यक व्यवस्था मिलाई आयोगमा जानकारी पठाउन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सुझाव लेखी पठाइएको ।

३. नेपाल औद्योगिक विकास निगमले आफ्नो जग्गा होटल याक एण्ड यतिलाई लिजमा दिंदा भ्रष्टाचार गरेको भन्ने बिषयको उजूरीका सम्बन्धमा अनुसन्धान हुदा आयोगको मिति २०६४।१०।६ को निर्णय अनुसार नेपाल औद्योगिक विकास निगमको दक्षिणपट्टी रहेको होटल याक एण्ड यति जाने सडक क्षेत्रफल १-१३-३ जग्गा बार्षिक रु. १०,०००।- रुपैंया निगमलाई बुझाउने गरी २५ बर्षको लागि भाडामा दिने लिने गरी मिति २०३१/१२/३१ मा निगम र उक्त होटेल बीच सम्झौता भएकोमा सम्झौता अवधि समाप्त भएपश्चात मिति २०५७/११/१८ मा नेपाल औद्योगीक विकास निगम र होटल याक एण्ड यति बीच पुन: बार्षिक रु. ५०,०००।- का दरले हरेक ५/५ बर्षमा १० प्रतिशतका दरले बढ्ने गरी मिति २०५७/१/१ गतेबाट लागू हुने गरी २० बर्षको लागि भाडामा दिने लिने गरी लिखित सहमति भई उक्त सम्झौता निगमको संचालक समितिमा पेश भई संचालक समितिको ८८० औं बैठकबाट अनुमोदन भएतापनि उक्त प्रारम्भिक सहमतिलाई सम्झौता गर्न होटेल याक एण्ड यतिलाई १५ दिने सूचना दिंदा होटेलबाट कुनै किसिमको पहल नभएका कारण निगमको संचालक समितिको बैठकको निर्णयबाट पूर्व सहमतिलाई रद्द गरी होटेलले बाटोको रुपमा प्रयोग गरिरहेको उक्त जग्गालाई निगमले आफ्नो कब्जामा लिई भोगचलन गर्ने गरी निर्णय गरेको देखिएकोले आफ्नो हकभोगको जग्गा तत्काल आफ्नो नियन्त्रणमा लिई भोगचलन गर्न नेपाल औद्योगिक विकास निगमलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख बमोजिम निर्देशन दिई मिनाहा/अपलेखनको सम्बन्धमा ऋण रकमबाट मिनाहा दिने स्पष्ट कानूनी आधार नदेखिएतापनि ब्याज असुलीमा छुट दिने कार्यक्रमको घोषणा सहित ऋण असुलीलाई अभियानको रुपमा लैजाने, ऋण असुलीको कार्यक्रमलाई निगमको साधारणसभाबाट समर्थन गराउने भन्ने समेतको अर्थ मन्त्रालयको मिति २०६०/१०/२९ को निर्णयानुसार उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयको निर्देशन बमोजिम उक्त निगमले संचालक समितिको बिभिन्न बैठकहरुबाट असुली रणनीति तर्जुमा गरी सोही रणनीति अनुसार मिनाहा/अपलेखनका कार्यहरु गर्ने गरेको निगमबाट आयोगमा प्राप्त हुन आएका कागजातहरुबाट देखिएतापनि कानूनमा स्पष्ट रुपमा व्यवस्था नगरी वा स्पष्ट मार्गनिर्देशन वा निर्देशिका समेतको अभावमा मिनाहा तथा अपलेखन कार्य गर्दा निर्णयकर्तामाथि अत्यधिक अधिकार रहन जाने संभावनालाई हृदयंगम गरी यस प्रकारको विवेकाधिकार प्रयोग हुन नदिन अव उप्रान्त ऋण रकम मिनाहा वा अपलेखनबाट भविष्यमा पर्न सक्ने प्रभाव समेतलाई मध्यनजर राखी सो सम्बन्धमा स्पष्ट निर्देशिका तयार गरी कर्जा मिनाहा/अपलेखन गर्ने स्पष्ट तथा पारदर्शी व्यवस्था मिलाउन उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयमा सुझाव लेखी पठाइएको ।

४. खाना पकाउने यल.पि.ग्यासको अवैध व्यापारबाट उपभोक्ता ठगिने क्रम बढ्दै गएको र यस विषयमा पत्र पत्रिकामा प्रकाशित भएको सम्बन्धमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६४।५।३ को निर्णय अनुसार (क) सिल खोलिएका तोकिएका मापदण्ड भन्दा कम तौल भएका उद्योगको लेवल नभएका, तोकिएको भन्दा बढी मूल्य लिई विक्रि भैइरहेका तथा सुरक्षाका दृष्टिकोणबाट जोखिम हुन सक्ने कुच्चिएका तथा सरसफाई नभएका यल.पि.ग्यास सिलिण्डरहरु बजारमा विक्रिको लागि राख्ने गरिएको र यस्ता पक्षहरुको अनुगमन गर्ने निकायगत व्यवस्था समेत भएको भए पनि यस्ता पक्षका अनुगमनलाई अझ प्रभावकारी बनाउदै उपभोक्ताको हितलाई प्रवर्द्धन गर्न यल.पि.ग्यासको आयात र फिलिङ्ग देखि वितरण प्रणाली सम्म सहज पहुँच प्राप्त गर्ने यसलाई नियमित रुपमा अनुगमन गर्ने अवैध कारोवार उपर तत्काल कारवाही गर्ने र नियमित रुपमा उपभोक्ताका गुनासा सुन्ने समेतका कार्य

एकीकृत रुपमा गर्न विभिन्न ऐनमा यस सम्बन्धी भएका प्रावधान समेतलाई विचार गरी विद्यमान ऐन कानूनमा परिमार्जन गरी स्पष्ट अधिकार र उत्तरदायित्व तोकिएको सांगठनिक व्यवस्था (Regulatory framework) बनाउन (ख) सुरक्षा र जन स्वास्थ्यका दृष्टिले अत्यन्त सवेदनशील रहेको यल.पि.ग्याँसको आपूर्ति र उपभोक्तालाई सुरक्षित बनाउने हालका व्यवस्थाहरु अपर्याप्त देखिएकोले ग्याँसको फिलिङ्ग गर्ने भल्भबाट हुने चुहावट जाँच गर्ने सिल लगाउने, तोकिएको अवधिमा ग्याँस सिलिण्डरको मर्मत संभार तथा सरसफाइ गर्ने प्रयोग अवधि समाप्त हुनासाथ त्यसलाई नष्ट गर्ने जस्ता विषयलाई नियमन गर्न प्रचलित ने.गुण ३६९।२०५३ अनुसारको सिलिण्डरको स्पेशिफिकेशन तथा ने.गुण ३७६। २०५३ अनुसारको आचार सहिता समेत समावेश गरी उपयुक्त सजायका प्रावधानहरु सहितको कानुनी व्यवस्था गर्न (ग) सरकारी स्वामित्वमा रहेको नेपाल आयल निगम लि.एल.पि.ग्याँसको लागत मूल्य भन्दा कम मूल्यमा विक्रि वितरण गरी संचालन नोक्सानमा रहेको अवस्थामा ग्राहस्थ प्रयोग बाहेक संगठित होटल जस्ता गैर ग्राहस्थ क्षेत्रमा बढी मात्रामा इन्धन खपत हुने हुदाँ त्यस्ता क्षेत्रमा इन्धनको प्रयोजनको लागि वितरण हुने ग्याँसको मूल्य र ग्राहस्थ प्रयोजनका लागि वितरण हुने ग्याँसको मूल्य निर्धारण समेत फरक फरक गर्न अति आवश्यक देखिएकोले नेपाल आयल निगम संचालक समितिलाई निर्देशन दिन समेत उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सुझाव लेखी पठाइएको ।

(ग) गृह मंत्रालय अन्तर्गत

१. गृह मन्त्रालय अन्तर्गतका खरिदार अर्जुनकुमार घिमिरे उपाध्यायले गैरकानूनी तवरमा नागरिकताको प्रमाणपत्र दिएको बिषयमा आयोगको मिति २०६१/३/१४ को निर्णयले गृह मन्त्रालय प्रहरी किताबखानाबाट मिति २०६१/७/२० मा निजलाई ५ बर्षसम्म बढुवा रोक्का राखेको व्यक्तिको २०६३/९/२१ को बढुवा सूचीमा नाम समावेस भएको देखिएकोले कारवाही गरी पाऊँ भन्ने बिषयको उजूरी उपर अनुसन्धान हुँदा आयोगको मिति २०६४।४।१० को निर्णय अनुसार निज खरिदार अर्जुन कुमार घिमिरेलाई विभागीय कारवाही गरेको पत्र मन्त्रालयमा तथा निजको व्यक्तिगत फायलमा समेत नभएको देखिएको हुँदा निजलाई प्रहरी किताबखानाले मिति २०६१/७/२० मा ५ बर्षसम्म बढुवा रोक्का गरेको पत्रको छायाँ प्रति गृह मन्त्रालय, निजामती किताबखाना र प्रहरी किताबखानामा पठाई कार्यालयमा प्राप्त पत्रको उचित सम्भार तथा संरक्षणको आवश्यक व्यवस्था मिलाउनको लागि गृह मन्त्रालयलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ बमोजिम सुझाव पठाइएको ।

२. डिल्लीराम शर्माले हिलवर्ड ईङ्गलीस बोर्डिङ्ग स्कुल धनगढीवाट झुठा विवरण पेश गरि नागरिकता लिएको भन्ने सम्बन्धमा अनुसन्धान हुदाँ आयोगको मिति २०६४।४।३० को निर्णय अनुसार यस सम्बन्धमा आवश्यक कार्यवाहि गरि अन्तीम टुङ्गोमा पुग्न र सोको जानकारी आयोगलाई दिन गृह मन्त्रालयलाई सुझाव पठाइएको ।

३. मंगलचन्द्र संखुलिया (शर्मा) भन्ने भारतीय नागरिकले जिल्ला प्रशासन कार्यालय भद्रपुर झापाबाट नेपाली नागरिकता लिए भन्ने विषयमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६४।४।३० को निर्णय अनुसार यस विषयमा मन्त्रालयवाटै आवश्यक कार्यवाहि गरि आयोगलाई जानकारी गराउन गृह मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

४. महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रहरी सह-आयुक्त (S.S.P.) भीष्म प्रसाई समेतले ट्राफिक प्रहरीको प्रयोजनका निमित्त घोडा खरिद गर्दा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान

हुँदा आयोगको मिति २०६४।९।१९ को निर्णय अनुसार भविष्यमा घोडा जस्ता चौपाय खरिद गर्दा मूल्य प्रभावकारी र गुणस्तर सुनिश्चीततताका लागि ऐन नियमको परिधि भित्र रही उच्च सतर्कता अपनाउनका लागि उक्त ऐनको दफा २८ (ख) अनुसार प्रहरी प्रधान कार्यालयलाई सुझाव दिन गृह मन्त्रालयमा सुझाव लेखी पठाइएको ।

५. काठमाडौँ महानगरपालिका वडा नं. ३ रानीवारी स्थित सामाखुशी किनारमा रहेको सार्वजनिक जग्गा आसपासमा रहेका जग्गा धनीहरुले अतिक्रमण गरेको सम्बन्धमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६५।१।४ को निर्णय अनुसार का.म.न.पा. वडा नं. ३ स्थित सिट नं. १०२-०९८५-२२ को सार्वजनिक जग्गा र कि.नं.८४, १६५, १५२,, १५३, २५५, ५१, ५४, ५५, ७३, ४२, ४१, ले समेत केही सार्वजनिक जग्गा अतिक्रमण गरेको हुदाँ उल्लेखित कि.नं. जग्गा धनीहरुले आफ्नो कित्तामा घुसाएको अतिक्रमण गरेको हद सम्म को सार्वजनिक जग्गा सम्बन्धित प्राविधिकहरु द्वारा यकिन गरी गराई अतिक्रमित सार्वजनिक जग्गा सम्बन्धित कि.नं. बाट झिकी सार्वजनिकीकरण गरी सो को जानकारी ३ महिना भित्र आयोगलाई दिन जिल्ला प्रशासन कार्यालय काठमाडौँका प्र.जि.अलाई निर्देशन लेखी पठाइएको ।

६. का.म.न.पा. ३४ भिमसेन गोला कात्यानी मन्दिर आसपासको १०,१२ रोपनी सार्वजनिक जग्गा व्यक्तिले प्रयोगमा ल्याएको भन्ने उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६५।१।८ को निर्णय अनुसार भिमसेनगोला गा.वि.स. हाल का.म.न.पा ३४ को पूर्वत्तोर कात्यानी मन्दिर परिसरको कि.नं. १२७, १३०, १३३, १५५, १६३, १७९, २७३, २९७, ३०१, ३०७, ३११, ३१३, ३१४, ३१५, ३३३, ३८३, ३९५, ४२५, १६३, १६०, १६१, १६८, १६९, १७३, १७७, १८०, ३४७, ३७१ कि.न. का जग्गा धनीहरुले आफ्नो कित्तामा घुसाएको अतिक्रमण गरेको हद सम्मको सार्वजनिक जग्गा सम्बन्धित कि.नं.बाट झिकी सार्वजनिकीकरण गरी ३ महिना भित्र आयोगलाई जानकारी दिन जिल्ला प्रशासन कार्यालय काठमाडौँका प्र.जि.अ. लाई निर्देशन पठाइएको ।

७. जिल्ला नवलपरासी जयन्ती प्रा.वि.को विद्यालय व्यवस्थापन समितिले हिसाव किताव सार्वजनिक नगरी अनियमितता गरेको सम्बन्धमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६५।१।१२ को निर्णय अनुसार विद्यालय व्यवस्थापन समितिबाट औल्याइएका कुराहरुलाई छानविन गरी कारवाही नै गर्नु पर्ने देखिएको विषयमा मात्र आयोगलाई २०६५ असार मसान्त सम्ममा जानकारी गराउन जिल्ला प्रशासन कार्यालय नवलपरासीका प्रमुख जिल्ला अधिकारीलाई निर्देशन पठाइएको ।

८. महोत्तरी जिल्ला शिवभक्तीखोर गा.वि.स. वडा नं. ४ ख कि.नं. ९२ र कि.नं. ९३ को गुठी अधिनस्थ जग्गालाई मालपोत कार्यालय महोत्तरीसमेतको मिलेमतोमा रैकरमा दर्ता गरी भ्रष्टाचार गरेको भनी गंगाराम रायले मिति २०६४।८।१० मा यस आयोगमा दर्ता गरेको उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१।१२ को निर्णय अनुसार शिवभक्तीखोर गा.वि.स. वडा नं. ४ ख कि.नं. ९२ र कि.नं. ९३ को जग्गा मिति २०३१।१२।२९ मा रामकृत साह तेली (ना.प्र.नं. ६६७४१००७ मिति २०३५।७।२, जिल्ला प्रशासन कार्यालय महोत्तरी) को नाममा अनियमित किसिमले गलत कैफियत र झूठो व्यहोरा लेखी सरकारी सार्वजनिक जग्गा व्यक्तिको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम गर्ने कार्य किर्ते जालसाजी कार्य भित्र पर्ने भएकोले जिल्ला प्रहरी कार्यालय मार्फत छानविन तहकिकात गराई यस कार्यमा संलग्न दोषी भेटिएकालाई सरकारी छाप दस्तखत किर्तेमा कानून वमोजीम कारवाही गर्न सम्बन्धित जिल्ला प्रहरी कार्यालय महोत्तरीमा निर्देशन लेखी पठाइएको ।

९. राजस्व चुहावटका उजुरी र गुनासाहरु दिनप्रतिदिन आई नै रहेको अवस्थामा आयोगका पदाधिकारी तथा अर्थ मन्त्रालयका सम्बन्धित पदाधिकारी लगायत सुरक्षा अंगसँग भएको छलफल र अन्तरक्रिया पश्चात् आयोगको मिति २०६५।२।९ को निर्णय अनुसार राजस्व चुहावटको नियन्त्रण गर्न विद्यमान कानूनी प्रावधान विपरीत मानिस बोक्ने सवारी साधनले व्यवसायिक प्रकृतिको सामान ओसारपसार भैरहेका गुनासा आइरहेको सन्दर्भमा नेपाल प्रहरी तथा सशस्त्र प्रहरीलाई यसतर्फ अझ बढी क्रियाशील बनाई कानूनको परिपालनाका साथै राजस्व चुहावट नियन्त्रण गर्न गृह मन्त्रालयमा सुझाव पठाइएको ।

१०. हामीहरुले मेसमा खाइरहेको खाना ज्यादै न्यूनस्तरको भएको तथा खाने रासनको रु.१८३५।- भएता पनि सिपाही हवल्दारलाई दिने जम्मा रु.९१७।- मात्र हो भनी मेस बाहिर खाने हवल्दार सिपाहीलाई रु.९१७।- दिने गरेको र गणका सिपाहीहरुलाई गण प्रमुख प्र.व.उ.जय बहादुर चन्दले आफ्नो घरको काममा लगाई अनावश्यक हप्काई दप्काई साथै मानसिक पिडा दिने गरेकोले यस समस्याबाट शिघ्र मुक्ति दिलाई पाउँ भन्ने समेतमा आयोगमा पर्न आएको उजुरीको सन्दर्भमा मिति २०६५।३।२९ गते आयोगको बैठकमा गृह सचिव, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका महानिरीक्षकहरु समेत राखी छलफल गरे पश्चात प्रहरी प्रधान कार्यालय लगायत अफिसियल ड्यूटी (१०-५) गर्ने कर्मचारीहरु अथवा रासन वापत नगद नै लिने कर्मचारीको लागि स्थानीय बजार भाउँ अनुरुप रकम किटान गरी रासन भत्ता नगदमा दिने व्यवस्था मिलाउन कारवाही गर्ने तथा व्यारेक, गण लगायत धेरै प्रहरी कर्मचारी रहेको स्थानमा अथवा रासन नै लिने कर्मचारीहरुलाई रासनको व्यवस्थालाई कायमै राखी समय समयमा गुणस्तर समेत जाँच गर्ने गराउने र प्रहरी कर्मचारीहरुको गुनासाहरु समेतको व्यवस्थापनको लागि समुचित प्रबन्ध गर्ने व्यवस्थाको लागि तथा निवेदनमा उल्लेखित विषयमा आवश्यक कारवाही गर्न समेत प्रहरी प्रधान कार्यालयमा निर्देशन लेखी पठाईएको ।

११. नेपाल प्रहरी (जनपद) मा भर्ना भै कार्यरत अधिकृत तथा जवानहरुको शारीरिक व्यायाम सुंसगठन र तन्दुरुस्तीको लागि निजहरुले पाउने मासिक तलवबाट प्रत्येक महिना १ प्रतिशतका दरले रकम कानून विपरित कट्टा गरिदै आएकोमा उक्त रकमको हिसाव किताव अपारदर्शी रहेको र उच्चस्तरका प्रहरी कर्मचारीले मनोमानि ढंगबाट त्यसरी उठेको रकम जथाभावी खर्च भै दुरुपयोग हुने गरेको, त्यसरी कट्टा गरिएको रकममा मंजुरी समेत नरहेकोले त्यसरी तलवबाट रकम कट्टा गर्ने व्यवस्था रोकी पाउँ भन्ने विषयको उजुरी उपर अनुसन्धान हुँदा आयोगको मिति २०६५।३।२९ को निर्णय अनुसार समग्र प्रहरी संगठनको खेलकूद विकासको लागि सर्वप्रथम त राज्यले नै रकमको व्यवस्थ गर्न उपयुक्त हुने र त्यसो हुन नसकेमा पारिश्रमिकबाटै कट्टा गरिने हो भने पनि कानूनमा स्पष्ट व्यवस्था गरेर मात्र रकम कट्टा गर्ने गराउने तर्फ नेपाल सरकार गृह मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

(घ) <u>जलश्रोत मंत्रालय अन्तर्गत</u>

१. नेपाल विद्युत प्राधिकरण मलंगवा तत्कालिन शाखा प्रमुख अंजनी कुमार मिश्रले ट्रान्सफरमर मर्मत संभार रकममा नक्कली वील भरपाई बनाई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगबाट अुनसन्धान हुदाँ आयोगको मिति २०६४।१०।१३ को निर्णय अनुसार विद्युतीय सामग्री खरिद लगायतका कामहरु गर्दा नै. वि.प्रा.आ.प्र.वि. नियमावली २०६२ का अन्य दफाका अतिरिक्त परिच्छेद ४ को विनियम ३७, ३८, ३९, ४० र ४१ मा उल्लेखित व्यवस्थाहरु पालना भएको नपाइएकोले अनिवार्य पालना गर्न मातहतका सबै निकायमा परिपत्र गर्न नेपाल विद्युत प्राधिकरण केन्द्रिय कार्यालयमा निर्देशन पठाइएको ।

२. विराटनगर स्थित ने.वि.प्रा. वितरण केन्द्रका प्रमुख कैलास प्रसाद अटलले अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुदाँ आयोगको मिति २०६४।११।८ को निर्णय अनुसार (क) नेपाल विद्युत प्राधीकरणको आर्थिक प्रशासन नियमावली २०६२ को परिच्छेद ४ को विनियम ३७, ३८, ३९, ४० र ४१ मा उल्लेखित व्यवस्थाहरु प्रायशः शाखा कार्यालयहरुले अनुशरण गरेको नपाइएकोले त्यस्तो परिपाटी वा कार्य प्रणाली त्रुटीपूर्ण देखिदा त्यसलाई सच्याई विनियमावलीको माथि उल्लेखित दफाहरु अक्षरशः अनुशरण गर्ने गराउने विषयमा कार्यकारी निर्देशक र उच्च पदस्थ कर्मचारीहरुले प्रतिवद्धता गरे अनुरुप उपरोक्त व्यवस्था पालना गर्न लगाउन (ख) नेपाल विद्युत प्राधिकरण अन्तर्गतका कार्यालयहरुमा आन्तरिक ले.प.गर्दा नेपाल विद्युत प्राधिकरणको आर्थिक प्रशासन विनियमावली २०६२ को परिच्छेद २ को विनियम २२ मा व्यवस्था भए बमोजिम ऐन नियम तथा विनियमावली पालना भए नभएको कुरा समेत आन्तरिक लेखापरीक्षणको क्रममा गरेको नदेखिदाँ त्यस्तो परिपाटी सच्याई विज्ञ लेखा परीक्षकबाट आन्तरिक लेखा परिक्षण गराउन (ग) सबै कर्मचारीहरुलाई ओभरटाइम भत्ता दिने परिपाटी त्रुटिपूर्ण देखिदाँ त्यसमा प्रक्रियागत नियन्त्रणको व्यवस्था अवलम्बन गर्न (घ) नेपाल विद्युत प्राधिकरण अन्तर्गतका शाखा कार्यालयमा जिन्सी सामानहरुको रेकर्ड राम्रो सँग अध्यावधिक राखी जिन्सी व्यवस्थापनमा प्रक्रियागत सुधार गर्न नेपाल विद्युत प्राधिकरण केन्द्रिय कार्यालयमा निर्देशन लेखी पठाइएको ।

३. नेपाल विद्युत प्राधिकरण अन्तर्गतका शाखा कार्यालयहरुमा ऐन, नियम विनियम विपरित भए गरेका कार्य समेत विभिन्न समसामयिक विषयहरुमा प्राधिकरणका कार्यकारी निर्देशक लगायतका उच्च पदस्थ अधिकारीहरुसंग छलफल हुँदा आयोगको मिति २०६४।११।२६ को निर्णय अनुसार नेपाल विद्युत प्राधिकरणको आर्थिक प्रशासन विनियमावली २०६२ को परिच्छेद - ४को विनियम ३७, ३८, ३९, ४० र ४१ मा उल्लेखित व्यवस्थाहरु प्रायशः शाखा कार्यालयहरुले अनुशरण गरेको नपाइएकोले त्यस्तो परिपाटी वा कार्य प्रणाली त्रुटिपूर्ण देखिदा त्यसलाई सच्याई विनियमावलीको माथि उल्लेखित दफाहरु अक्षरशः अनुशरण गर्न गराउने विषयमा कार्यकारी प्रमुख लगायतका उच्च पदस्थ कर्मचारीहरुले आयोग समक्ष प्रतिवद्धता व्यक्त गरेवाट अव उप्रान्त नियमका उपरोक्त व्यवस्था पालना गर्न लगाउन, नेपाल विद्युत प्राधिकरण अन्तर्गतका कार्यालयहरुमा आन्तरिक लेखा परिक्षण गर्दा नेपाल विद्युत प्राधिकरणको आर्थिक प्रशासन विनियमावली २०६२ को परिच्छेद २ को विनियम २२ मा व्यवस्था भए वमोजिम ऐन नियम तथा विनियमावली पालना भए नभएको कुरा समेत आन्तरिक लेखा परिक्षणको कममा गरेको नदेखिदा त्यस्तो परिपाटि सच्याई विज्ञ लेखा परीक्षकवाट आन्तरिक लेखा परीक्षण गराउन, सवै कर्मचारीहरुलाई ओभरटाइम भत्ता दिने परिपाटी त्रुटिपूर्ण देखिँदा त्यसमा प्रकृयागत नियन्त्रणको व्यवस्था अवलम्वन गर्न, नेपाल विद्युत प्राधिकरण अन्तर्गतका शाखा कार्यालयमा जिन्सी सामानहरुको रेकर्ड राम्रोसंग अद्यावधिक राख्ने परिपाटी रहेको नदेखिँदा जिन्सी व्यवस्थापनमा प्रकृयागत सुधार गर्न नेपाल विद्युत प्राधिकरणमा निर्देशन लेखी पठाइएको ।

४. नेपाल बिद्युत प्राधिकरण, सामूदायिक ग्रामीण बिद्युतीकरण बिभागबाट बोलपत्र आव्हान भइ मिति २०६२।१।८ मा बोलपत्र नं. ४५/०६१/६२ मा सम्झौता भएको महोत्तरी जिल्ला, माईस्थान गा.वि.स. को बिद्युतीकरण आयोजनामा बेवी निर्माण सेवा एण्ड ओरियन्टल इलेक्ट्रिक कन्स्ट्रक्सन (जे./भी.) ले आयोजना निर्माण गर्दा करोडौं भ्रष्टाचार भएको भन्ने उजूरी सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१।१५ को निर्णय अनुसार आयोजनामा जडान भएका ट्रान्सफरमरहरु मध्ये सि.नं. १२६६२ र १२६६३ का ट्रान्सफरमरहरु बोलपत्रमा उल्लेख भएको निर्माता कम्पनीमा निर्माण भएको देखिएता पनि नेपाल बिद्युत प्राधिकरणबाट टेष्टिङ्ग र ईन्सपेक्सन गरेको देखिएन । अतः सो २ वटा

ट्रान्सफरमरहरु तोकिएको गुणस्तरका हुन् होइनन् भनी यकिन गर्न आवश्यक परीक्षण गरी गराई तोकिएको गुणस्तरका भएमा मात्र जडान गर्न गराउन र सि.नं १०१४ को ट्रान्सफरमर बोलपत्रमा उल्लिखित निर्माता कम्पनीको भएको नदेखिएकोले सो को सट्टा सम्बन्धित निर्माता कम्पनीको नै ट्रान्सफरमर जडान गरी सेवाग्राहीलाई आश्वस्त हुने बातावरण श्रृजना गरी सो को जानकारी यस आयोगलाई दिन, आयोजनाको मर्मत संभारका निमित्त ठेकेदार र सम्बन्धित सेवाग्राहीहरु समेत रहेको एउटा संयन्त्र बनाई मर्मत सम्भार गर्ने गराउने व्यवस्थाका लागि सामूदायिक ग्रामीण बिद्युतीकरण बिभागलाई निर्देशन दिइएको ।

(ङ) प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय

१. देश र नेपाली भनी चिनाउने नेपालको राष्ट्रिय झण्डा च्यातिएको तथा खुईलिईसकेको अवस्थामा रहेकोले यसको संरक्षणको दायित्व वोकेको पदाधिकारी उपर आवश्यक कारवाही गरी पाउँ भन्ने उजुरी उपर आयोगको बैठकमा छलफल हुँदा मिति २०६५।३।१८ को निर्णय अनुसार राष्ट्र पहिचान गर्ने राष्ट्रिय महत्व बोकेको नेपालको राष्ट्रिय झण्डा राम्रो अवस्थामा नरहेको स्थितिलाई राष्ट्रिय संचार माध्यमहरुले प्रशारण गर्दा राष्ट्रको छवी माथि सकारात्मक संन्देश प्रवाह हुन नसक्ने अवस्था सुजना हुने भएकाले यसलाई ठीक, दुरुस्त अवस्थामा राख्न, राख्न लगाउन सबै निकाय र पदाधिकारीहरुको दायित्वभित्र पर्न आउने कुरालाई मनन गरी सबै निकायमा रहेका राष्ट्रिय झण्डालाई ठीक अवस्थामा राख्ने गरी व्यवस्था मिलाउन आवश्यक दिग्दर्शन वनाई अधिनस्थ निकायहरुलाई निर्देशन दिन नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई सुझाव लेखी पठाइएको ।

(च) भूमि सुधार तथा व्यवस्था मंत्रालय अन्तर्गत

१. भक्तपुर जिल्ला साविक दिव्यश्वरी गा.वि.स.२ (ख) कि.नं.१११८ को जग्गामा बनेको घर नगरपालिकाले भत्काएकाले उक्त घर मर्मत गर्ने स्वीकृती दिन र तारेख छुटाइ दिन आदेश जारी गरी पाउँ भन्ने र दिव्यश्वरी गा.वि.स.साविक २(ख) कि.नं.१८३,४७६र ४७७ को मेरो जग्गाबाट मात्र पर्ने गरी बाटो निकाली दुवै तर्फ मलाई नगरपालिकाले अन्यायमा पारेकाले आवश्यक कारवाही गरी पाउँ भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुदा आयोगको मिति २०६४।६।२० को निर्णय अनुसार प्रस्तुत कि.नं.१११८ मा बनेको घर मर्मत गर्न स्वीकृति दिने सम्बन्धमा कानुनी प्रकृया पूरा गरी एक महिना भित्र निर्णय गरी कारवाही टुङ्ग्याई यस आयोगलाई जानकारी दिन अख्तियार दुरुपयोग अुनसन्धान आयोग ऐन,२०४८ को दफा १२ ख वमोजिम निर्देशन पठाइएको ।

२. ६ नं. नापी गोश्वारा एवं विक्रम सिलवाल समेतले सार्वजनिक राजकुलो जग्गा एवं छिमेकीको जग्गा मिची घर निर्माण गरेको भन्ने सम्बन्धमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६४।६।२१ को निर्णय अनुसार का.म.न.पा.४ स्थित कि.नं. २६१ मा रहेको विक्रम सिलवालले सार्वजनिक जग्गा मिची घर बनाएको कि.नं. २५९, २६० को जग्गा प्रचलित ऐन नियम अनुसार नेपाल सरकारको नाममा स्रेश्ता दर्ता कायम गर्न भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा सुझाव लेखी पठाइएको ।

३. मालपोत कार्यालय चावेलमा रहेको का.जि. खड्का भद्रकाली गा.वि.स. वडा नं.६/क कि.नं. १३७ र १४० को क्रमशः १-३-०-० र ०-१५-०-० का जग्गाको श्रेस्ताको जग्गाधनी महलमा ज.ध.को नाम अष्टकुमारी श्रेष्ठ उल्लेख भएको भनी केही व्यक्तिहरूले तपाँइको नाममा खड्का भद्रकाली गा.वि.स. मा जग्गा छ विक्री गरौं र आधा आधा रकम वाडौंला भनी पटक पटक दुःख दिएको, सो ठाउमा मेरो जग्गा छैन, कसरी फेला पऱ्यो । फेरि मोठमा मेरो नाम फिल्डवुकमा अर्काको नाम कसरी भयो यस

कार्यमा संलग्न को को व्यक्ति छन् छानविन गरी कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।७।१३ को निर्णय अनुसार यस सम्बन्धमा मालपोत कार्यालयको श्रेस्तामा पछि थप गरिएको जग्गाधनीको महलमा रहेको अष्टकुमारी श्रेष्ठको नाम, थर वतन र तीनपुस्ते तथा सहीछाप हटाइ नापी शाखाको श्रेस्ता बमोजिमको विवरण मात्र कायम गर्न मालपोत कार्यालय चावहिललाई निर्देशन पठाइएको ।

४. ६ नं. नापी गोश्वराका कर्मचारीबाट सार्वजनिक जग्गा व्यक्तिको नाममा घुसाई हाल साविक गरी अनियमित गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुदाँ आयोगको मिति २०६४।९।११ को निर्णय अनुसार का.जि.कपन गा.वि.स.वडा नं.३ (च)अन्तरगतका जग्गाहरु नापी नक्साहुदाँ सार्वजनिक पर्त्ती जग्गा घुसेको भन्ने सम्बन्धमा उजुरीमा उल्लेखित सार्वजनिक जग्गाहरुको नाप नक्सा कार्य सम्पन्न गरी सोको जानकारी आयोगलाई दिन नापी विभागमा निर्देशन लेखी पठाइएको ।

५. बारा जिल्ला पिप्रा सिमरा गा.वि.स.वडा नं. ६ मा पर्ने कित्ता नं. १४९ जग्गा विगाह १-१-० जग्गा नयाँ कित्ता काट भई अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।९।२५ को निर्णय अनुसार उक्त कित्ताको जग्गा अनाधिार कित्ताकाट गरेको देखिएको हुँदा (क) ल्पट रजिष्टारमा नभएको निर्णयको आधार देखाई अनाधिकार कित्ताकाट गरी आरोपित व्यक्तिहरुका नाममा जग्गा कायम गर्ने गराउने कार्य बदर गर्न (ख) उक्त कार्यमा संलग्न कर्मचारी वा अन्य व्यक्ति भए कानून बमोजिम म्याद भित्र सरकारी कागज किर्ते गरेकोमा सम्बन्धित अधिकारी वा निकायसंग परामर्श गरी संभव भए मुद्दा चलाउन नापी शाखा कार्यालय बारामा निर्देशन लेखी पठाइएको ।

६. संजिवनी व्यवसाय प्रा.लि.को उद्देश्य अनुरुप जडिबुटी र चिया खेती गर्न तात्कालिन श्री ५ को सरकारले मिति २०४३।३।२, २०५५।२।११ र २०५६।१०।२४ को राजपत्रमा सूचना प्रकाशन गरी हदवन्दी छुट दिइएका झापा जिल्ला शनिश्चरे गा.बि.स. र पाराखोपी गा.बि.स. अन्तरगतका बिभिन्न कित्ता जग्गाहरु संजिवनी व्यवसाय प्रा.लि. ले बैंक अफ काठमाडौंमा धितो राखी कृण लिएको र कृण चुक्ता नगरी उक्त जग्गा बैंकले लिलाम विक्री को करबाही शुरु गरेकाले यसबाट निश्चित उद्देश्यका लागि संजीवनी व्यवसाय प्रा.लि.लाई सरकारबाट हदवन्दी छुट दिइएका जग्गाहरु हदवन्दी छुट नपाउने व्यक्ति वा संस्थाको स्वामित्वमा जान सक्ने भएको हुँदा लिलाम विक्रिको कारवाही रोक्का गरीपाउँ भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१०।१० को निर्णय अनुसार सरकारले व्यक्तिका लागि तोकेको हदभन्दा बढी रहेको जग्गा स्वत: सरकारको हुने भई सरकारले कानून बमोजिम बिक्री वितरण गर्न पाउने जग्गा निश्चित उद्देश्यका लागि सरकारले कुनै संस्थालाई हदवन्दीमा छुट दिएको अवस्थामा सो संस्थाले शर्त एवं उद्देश्य अनुरुप उपयोग नगर्दा उक्त जग्गा नेपाल सरकारको स्वामित्वमा आउनु पर्नेमा यस्तो जग्गा बैंक वा वित्तिय संस्थामा धितो राखी ऋण लिएपछि शर्त वमोजिम ऋण चुक्ता नगर्दा वैंक वा वित्तिय संस्थाले ऋण असुलीको कानूनी कारवाही अन्तरगत लिलाम विक्री गर्दा वा संस्था आफैंले सकार गरी लिंदा उक्त जग्गा अन्य व्यक्ति वा संस्थाको स्वामित्वमा गई हदवन्दी छुटको दुरुपयोग हुन सक्ने देखिएको हुँदा यस सम्बन्धमा स्पष्ट नीति बनाउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई सुझाव पठाइएको ।

७. धनुषा जिल्ला जनकपुर नगरपालिका वाड नं. ७ ठेगाना भएकी सितादेवी मैथिलको मृत्यू २०५७।१२।२० मा भएको, निजको हक खाने एकमात्र छोरा धनेश्वर दास ब्रामणको पनि मिति २०६१।१०।४ मा मृत्यू भैसकेको र निज सितादेवीको नाममा दर्ता रहेको जनकपुर नगरपालिका वाड नं. ७ कि.नं. ९५ क्षे.फ. ०-०-१३-२ ऐ.ऐ. कि.नं. ९ को क्षे.फ. ०-१-१९-३ ऐ.ऐ.सिट नं. १३९४-२५ कि.नं. १ को क्षे.फ. ०-६-

१३-०, ऐ ऐ सिट नं. १३९४-२४ कि.नं. १ को क्षे.फ.०-१-१५-३ का जग्गाहरु अपुतालीको १७ नं. बमोजिम नेपाल सरकारका नाममा दर्ता हुनु पर्नेमा किर्ते जग्गाधनी खडा गरी विक्री गर्न लागेकाले आवश्यक कारवाही गरी पाउँ भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१०।१४ को निर्णय अनुसार धनुषा जिल्ला जनकपुर नगरपालिका वार्ड नं. ७ ठेगाना भएकी सितादेवी मैथिलको हकखाने हकदार कोही पनि नदेखिएको हुँदा निजको नाममा जनकपुर नगरपालिका वाड नं. ७ कि.नं. ९५ क्षे.फ.०-०-१३-२ ऐ ऐ कि.नं. ९ को क्षे.फ.०-१-१९-३ ऐ ऐ सिट नं. १३९४-२५ कि.नं. १ को क्षे.फ.०-६-१३-० र ऐ ऐ सिट नं. १३९४-२४ कि.नं. १ को क्षे.फ. ०-१-१५-३ का जग्गाहरु मुलुकी ऐन अपुतालीको महलको १७ नं. बमोजिम नेपाल सरकारका नाममा कायम गर्न मालपोत कार्यालय धनुषालाई निर्देशन पठाइएको ।

८. जिल्ला विकास समिति काठमाडौंले स्थानीय स्वायत्त शासन ऐन, नियम विपरित पदपूर्ति गर्न लागेकोले कारवाही गरी पाउ भन्ने र यस्तै प्रकृतिका अन्य उजुरीको सम्बन्धमा आयोगको मिति २०६४।१०।२० को वैठकमा छलफल हुँदा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१३क को उपनियम(१) अनुसार पदपूर्ति गर्दा उपनियम (२) अनुसार प्रतिशत निर्धारण गरी तथा उपनियम (४) अनुसार दरबन्दी पुनरावलोकन गरेपछि मात्र विज्ञापन प्रकाशित गर्नुपर्नेमा सो नगरी पदपूर्ति गर्न विज्ञापन प्रकाशित गर्ने गरेको देखिएकोले उक्त नियम २१३क को उपनियम (२) तथा उपनियम (४) अनुसार गरी मात्र उपनियम (१) अनुसार पदपूर्ति गर्न , कतिपय स्थानीय निकायहरुसँग पदपूर्ति सम्बन्धी विनियम भएको नपाइएको र विनियम नभएकाहरुले लोक सेवा आयोगको पदपूर्ति सम्बन्धी सामान्य मार्गदर्शन पालना गर्नुपर्नेमा सो पनि पूर्ण रुपमा पालना गर्ने गरेको नपाइएकोले विनियम नभएका स्थानीय निकायहरुले विनियम बनाउने र उक्त विनियम निर्माण नहुन्जेल लोक सेवा आयोगको पदपूर्ति सम्बन्धी सामान्य मार्गदर्शन अनुसारको प्रकृया पुरा गरी मात्र पदपूर्ति गर्न, आन्तरिकीकरण गर्दा स्थानीय निकायको स्रोत, साधनलाई ख्याल गर्नुपर्नेमा सो गर्ने गरिएको नपाइएको र केही व्यक्तिलाई मात्र हेरी आन्तरिकीकरण गर्ने गरिएको पाइएको हुँदा मन्त्रालयस्तरबाट आन्तरिकीकरणको लागि ठोस मापदण्डहरु विकास गरी सबैलाई लागु गर्न स्थानीय विकास मन्त्रालयमा सुझाव पठाइएको ।

९. महोत्तरी जिल्ला शिवभक्तीखोर गा.वि.स. वडा नं. ४ ख कि.नं. ९२ र कि.नं. ९३ को गुठी अधिनस्थ जग्गालाई मालपोत कार्यालय महोत्तरीसमेतको मिलेमतोमा रैकरमा दर्ता गरी भ्रष्टाचार गरेको भनी गंगाराम रायले मिति २०६४।८।१० मा यस आयोगमा दर्ता गरेको उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१।१२ को निर्णय अनुसार उक्त कार्यालय क्षेत्र भित्र यस्ता अनियमितता वा भूठो व्यहोराको श्रेस्ता पूर्जा अत्यधिक हुनसक्ने अवस्था देखिन आएकोले छानविन गरी कानून बमोजिम बदर गर्न तथा दोषीलाई कानूनी कारवाही गर्न र अन्य मालपोत कार्यालयहरूमा भविष्यमा यस्तो घट्ना दोहरिन नसक्ने गरी उचित ब्यवस्था मिलाउन भूमिसुधार तथा ब्यवस्था मन्त्रालयका सचिवलाई सुझाव पठाइएको ।

१०. का.जि.का.म.न.पा. वडा नं. १० बस्ने हंसराज उप्रेतीले का.जि. ज्याठा वस्ने नाती महर्जनको नाउँमा २०२१ सालको नापीमा फिल्डबुकमा नापनक्सा भई मोही कायम भएको का.जि.का.म.न.पा. वडा नं. २९ (ख) कि.नं.३२ को २-११-० ऐ कि.नं. ३१ को ५-१५-१ ऐ.ऐ. कि.नं. ३३ को ३-१२-० ऐ.ऐ. कि.नं. ७४ को २-५-० समेत १४-१२-० जग्गा मोही र निजको परिवारले कमाई रहेको देखिएको जग्गा छानविन गरी मोही हदबन्दीमा देखाएको ४-१२-० जग्गा नेपाल सरकारको नाउँमा कायम गरी पाउँ भनी भू.सु.का. काठमाडौंमा मिति २०६१।१२।४ मा निवेदन दर्ता गरेको र हदवन्दिको अन्तिम टुङ्गो

नलागेसम्म मोही नामसारीको कार्य स्थगित राखी पाउँ भनी २०६३।८।४ मा पुनः निवेदन गर्दागर्दै नाती महर्जनको हदवन्दि विवादमा परेको जग्गा मोही नामसारी गर्ने निर्णय गरी २०६४।२।१५ मा बाँडफाँड गरेकोले हदैसम्मको सजाय गरी पाउँ भन्ने निवेदन उपर अनुसन्धान हुँदा आयोगको मिति २०६५।३।१६ को निर्णय अनुसार मोहीको हिस्सा छुट्याएको जग्गा समेतलाई हिसाव गरी मोही हदवन्दि सम्बन्धमा जे जो निर्णय गर्नु पर्ने हो ३ महिना भित्र निर्णय गर्न भूमि सुधार कार्यालय काठमाडौंलाई निर्देशन दिइएको ।

११. काठमाडौं महानगरपालिका वडा नं. २२ स्थित साविक कित्ता नं. ५२ क्षेत्रफल ०-६-१-२ जग्गाको जग्गा धनि तत्कालिन श्री ५ को सरकार भोग महलमा मुसलमानहरुको नाम उल्लेख भै त्यसैमा मस्जिद समेत संचालन हुँदै आएकोमा सो जग्गा नरेन्द्र विक्रम राणाको नाममा दर्ता भएकोले व्यक्तिका नाममा भएको दर्ता वदर गरी सरकारका नाममा दर्ता गर्न मालपोत कार्यालय डिल्लीवजारले आलटाल गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।३।१७ को निर्णय अनुसार काठमाडौं महानगरपालिका वडा नं. २२ सुन्धारा पश्चिम तर्फको साविक कित्ता नं. ५२ हाल कित्ता नं. क्रमशः १८४१ र १८४२ क्षेत्रफल क्रमशः ०-३-३-२ र ०-२-२-० जग्गा वि.स. २००१ वैशाखको सदर खड्ग निशान तथा अपिल तेस्रो फाँटको मिति २०१६।९।२८।३ को फैसला एवं माथि उल्लेखित आधार प्रमाणबाट २००० साल पूर्व देखि नै मुसलमानहरुले सार्वजनिक रुपमा प्रयोग गर्दै आएको र हाल पनि सार्वजनिक रुपमा प्रयोग भैरहेको उल्लेखित घर जग्गा नेपाल सरकारको रहेको प्रष्ट हुन आएको र मालपोत ऐन, २०३४ को दफा २४ (१) र २४ (२) र श्री सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतबाट सार्वजनिक एवं नेपाल सरकारको जग्गा जुनसुकै व्यहोराबाट व्यक्तिको नाममा दर्ता हुन गएको रहेछ भने पनि त्यस्तो दर्ता स्वत वदर भई नेपाल सरकारको नाममा कायम हुने व्यवस्था भएकोले प्रस्तुत जग्गा सार्वजनिक एवं नेपाल सरकारको देखिंदा उल्लेखित कानूनी व्यवस्था, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतको आधारमा व्यक्तिको नाममा (जुजुकाजी महर्जन र रत्नकाजी महर्जनका नाममा) कायम रहेको दर्ता वदर गरी ७ दिन भित्र नेपाल सरकारको नाममा कायम गरी जग्गा धनी प्रमाण पूर्जा वनाई प्रतिलिपी आयोगमा पठाउन मालपोत कार्यालय, डिल्लीवजारलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ ख बमोजिम निर्देशन पठाइएको ।

(छ) भौतिक योजना तथा निर्माण मंत्रालय अन्तर्गत

१. नौविसे मुडलिङ सडकको पटके कर उठाउने. कार्यमा भष्टाचार भएको भन्ने सम्बन्धमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६४।६।२ को निर्णय अनुसार (क) सवारी कर उठाउने कार्यका लागि ठेकेदार छनौट गदाँ निर्माण व्यवसायीलाई मात्र उपयुक्त हुने criteria लाई फराकिलो पार्दै अन्य सक्षम व्यापारी संघ संस्थाहरुलाई समेत समेट्न सक्ने गरेर बनाउन (ख) ठेक्का कागजातहरुमा सम्झौता अुनसारको काम नभएको अवस्थामा गर्नु पर्ने र गर्न सक्ने प्रावधानहरु अझ स्पष्ट रुपले खुलाउने व्यवस्था गराउन सडक बोर्ड नेपाललाई निर्देशन पठाइएको ।

२ नेपालखानेपानी संस्थानका महा प्रबन्धक लव कुमार थापाले अख्तियार दुरुपयोग गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुदाँ आयोगको मिति २०६४।९।९ को निर्णय अनुसार खानेपानी संस्थानका तत्कालीन वरिष्ठ सहायक दक्ष कुमार पोखरेललाई विभागीय कारवाही कायम रहेकै आवस्थामा मिति २०६३।९।१२ मा अप ग्रेढ गरी वढुवा गरिएको कार्य सोही विनियमावली २०४९ को विनियम १०(४) ख १ को (ग) विपरित बढुवा कायम रहन नसक्ने देखिदाँ उल्लेखित विनियमावली अनुसार कानून सम्मत निर्णय गर्न नेपाल खानेपानी संस्थानको संचालक समितिलाई निर्देशन पठाइएको ।

(ज) वन तथा भूसंरक्षरण मंत्रालय अन्तर्गत

१. क्षेत्रीय प्रशासन कार्यालय पूर्वाञ्चल विकास क्षेत्र धनकुटाको अनुसन्धान अधिकृत झइन्द्र प्रसाद गुरागाईले वनपैदावार निकासीमा पूर्वाञ्चल क्षेत्रीय वन निर्देशक हरिशंकर श्रेष्ठले करोडौं असुली गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।३।११ को निर्णय अनुसार वन नियमावली, २०५१ ले झण्डै १५ वर्ष अघि कायम गरेको मूल्य हालको अवस्थामा समय सापेक्ष नरहेकोले वन नियमावली, २०५१ को अनुसूची २ मा उल्लेख भएको मूल्यलाई प्रचलित बजार भाउ समेतको समिक्षा गरी समय सापेक्ष बनाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ बमोजिम वन तथा भूसंरक्षरण मन्त्रालयमा सुझाव लेखी पठाइएको ।

(झ) वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत

१ सूचना प्रविधि उच्चस्तरीय आयोगका उपाध्यक्ष सरोज देवकोटाले आफन्तबाट नक्कली आमन्त्रणपत्र प्राप्त गरी अमेरिका भ्रमण गरी भ्रमण भत्ता खाई अनियमितता गरेको भन्ने सम्बन्धमा आयोगबाट अनुसन्धान हुदाँ मिति २०६४।८।१९ को निर्णय अनुसार (क) आयोगका पदाधिकारीले विदेश भ्रमण गर्नु अघि सरकारको पूर्व स्वीकृति लिइ मात्र भ्रमण गर्न (ख) वार्षिक कार्यक्रम अनुसार कुनै शिर्षकमा खर्च गर्दा प्रचलित आर्थिक ऐन नियमको अनिवार्य पालन गर्न (ग) सूचना प्रविधि संचालनार्थ भिस्याट उपकरण जडान हाल सम्म नभएको भए तुरुन्त जडान गर्न (घ) सवारी लग बुक नियमानुसार भर्ने तथा सवारी इन्धनको खपत निर्धारित कोटाको अधिनमा रही गर्ने । अव उप्रान्त कोटा भन्दा बढी खर्च गर्ने पदाधिकारीबाट नै असुल गर्न (ङ) सु.प्र.अ.बाट गराउने अध्ययन अनुसन्धान कार्यहरुको औचित्य र उपाध्यता निर्क्यौल गरी अत्यन्त जरुरी भए मात्र गराउने अध्ययनको लागि मात्र अध्ययन गर्ने प्रवृतिमा नियन्त्रण गर्न (च) जिन्सी व्यवस्थापन कार्य वैज्ञानिक र तोकिएको ढाँचामा ऐन नियमद्धारा तोकिएको अवधिमा गराउन सूचना प्रविधि उच्चस्तरीय आयोगमा निर्देशन लेखी पठाइएको ।

(ञ) स्वास्थ्य तथा जनसख्या मंत्रालय अन्तर्गत

१. नेपाल स्वास्थ्य अनुसन्धान परिषद, रामशाहपथले मिति २०६४।४।८ मा गोरखापत्रमा तथ्यांक संकलकको विज्ञापन गरेकोमा उक्त विज्ञापनमा तोकिएको शर्त विपरितका व्यक्तिहरु छनौट गरिएको, आर्थिक ऐन नियम विपरितको काम भएकोले छानविन होस भन्ने समेत व्यहोराको उजुरी उपर आयोगवाट अनुसन्धान हुदा आयोगको २०६४।११।३० को निर्णय अनुसार अव आइन्दा विज्ञापनमा परिषदको कार्य संचालन विनियम भित्र रही प्रतिस्पर्धाको मूल मर्मलाई आत्मसात गरी दरखास्त दिने यथोजिन समय, पदसंख्या तलव सुविधा तथा अन्य शर्तहरु प्रष्ट खुलाउन नेपाल स्वास्थ्य अनुसन्धान परिषद्लाई अ.दु.अ.आ. ऐन, २०४८ को दफा १२ ख बमोजिम निर्देशन पठाइएको ।

२. कान्तिवाल अस्पताल महारागञ्जले अस्पतालका विकास समितिका पदाधिकारी, प्रशासकीय अधिकृत, लेखाफाँटका कर्मचारी समेतको मिलोमतोमा अस्पताल भित्रको सपिङ्ग कम्प्लेक्सका सटरहरु वोलपत्र माग नगरी, पुरानोकै एक वर्ष म्याद थप गरी अस्पताललाई हानि नोक्सानी पुऱ्याएकोले छानविन होस भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।३।१० को निर्णय अनुसार सावित भाडादरमा १०% बढाई सटरहरुको भाडा लिएकै देखिएको र भाडा लिएको अवधी पनि आधा समय भुक्तान भैसकेको परिप्रेक्ष्य समेतलाई विचार गरी अव उप्रान्त सटरहरु भाडामा दिंदा कानूनी प्रकृया पुरा गरेर मात्र भाडामा दिने व्यवस्था मिलाउन कान्तिवाल अस्पताल मराराजगञ्जले अस्पतालका विकास समितिलाई निर्देशन पठाइएको ।

(ट) स्थानीय विकास मंत्रालय अन्तर्गत

१. जिल्ला काठमाण्डौं गा.वि.स. मातातिर्थ-८ र मच्छेगाउँ-९ अन्तर्गत विरध्वज थापाले नियमानुसार इजाजत लिई संचालन गरेको ढुङ्गाखानी स्थललाई जिल्ला विकास समिति काठमाण्डौंले ढुङ्गाखानी संचालन बन्द गराएको र सो स्थानमा जिल्ला वन कार्यालय काठमाण्डौंले रातोमाटे डांडा वन उपभोक्ता समितिलाई सामुदायिक वनको रुपमा हस्तान्तरण गरेकोले उक्त क्षेत्रलाई यथावत ढुङ्गाखानी क्षेत्र कायम गरी पाऊँ भनी का.जि. मातातिर्थ वडा नं. १ का विरध्वज थापाले गरेको उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।४।१४ को निर्णय अनुसार उक्त खानी क्षेत्रमा सामुदायिक वन संचालन भएको अवस्था हुदाँ र स्थानीय बासीको गुनासो एवं वातावरणीय प्रभाव मूल्यांकन समेत गरी ढुङ्गा खानी संचालन गर्न मिल्ने नमिल्ने विषयमा निर्णयमा पुग्नु पर्ने अवस्था देखिदा उजूरीकर्ताले माग गरे बमोजिम ढुङ्गाखानी क्षेत्र कायम हुने नहुने र त्यस क्षेत्रमा कसैलाई पनि खानी संचालन इजाजत दिने नदिने सम्वन्धमा कानून सम्मत तरीकाले मात्र निर्णय गर्नु भनी जिल्ला विकास समिति काठमाण्डौंलाई निर्देशन पठाइएको ।

२. काठमाण्डौ महानगरपालिकामा कार्यालयका जिन्सी सामान खरिद, मर्मत संभार तथा निर्माण कार्य गराउदा आर्थिक प्रशासन सम्बन्धी नियम विपरीतको कार्य गरेकाले अनियमितता भएको भन्ने व्यहोरा समेतको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१२।५ को निर्णय अनुसार महानगरपालिकाले आफ्नो कामकारवाहीमा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०५६ का प्रावधानहरुको पूर्ण पालना गरेको नदेखिदा सवै प्रकारका खरिद तथा निर्माण कार्य गर्दा गराउदा स्वच्छता, प्रतिष्पर्धा, मितव्ययिता तथा गुणस्तरीयता कायम हुने गरी हालै जारी भएको सार्वजनिक खरिद ऐनको कार्यबिधि पुरागरीमात्र कार्य गर्न, खरिद सामानको आम्दानी तथा खर्चको अभिलेख स्पष्ट र व्यवस्थित गरी नियमपूर्वक राख्न र सम्पूर्ण आम्दानी खर्चको अन्तिम लेखापरीक्षण नियमित रुपमा गराउन तथा नेपालका सवै नगरपालिकामा समेत कार्यान्वयन गर्न लगाउन र आवश्यक भएमा सार्वजनिक खरिद ऐनको अधिनमा रही स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावलीमा संशोधन गरी कार्य गराउन समेत स्थानीय बिकास मन्त्रालयका सचिवलाई सुझाव पठाइएको ।

३. काठमाडौँ महानगरपालिका वार्ड नं.८ का तत्कालीन अध्यक्ष श्री हंसराज कर्माचार्यले नियम विपरित दुई स्थानमा कार्यरत रही दोहोरो सुविधा लिएको भन्ने सम्बन्धमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६४।५।१३ को निर्णय अनुसार निज हंसराज कर्माचार्यले लिएको मोवाइल सेट खरिद पेश्कि रु.१५,०००।-र परिवहन पेश्कि रु.१५,०००।-समेत जम्मा रु.३०,०००।-हालसम्म फछ्यौंट भएको नदेखिएकोले उक्त पेश्कि रकम यथासिघ्र फछ्यौंट गरि गर्न लगाई आयोगलाई जानकारी दिन काठमाडौँ महानगरपालिकालाई निर्देशन पठाइएको ।

४. धनुषा जिल्ला जनकपुर नगरपालिका वाड नं. ७ ठेगाना भएकी सितादेवी मैथिलको मृत्यू २०५७।१२।२० मा भएको, निजको हक खाने एकमात्र छोरा धनेश्वर दास ब्रामणको पनि मिति २०६१।१०।४ मा मृत्यू भैसकेको र निज सितादेवीको नाममा दर्ता रहेको जनकपुर नगरपालिका वाड नं. ७ कि.नं. ९५ क्षे.फ. ०-०-१३-२ ऐ.ऐ. कि.नं. ९ को क्षे.फ. ०-१-१९-३ ऐ.ऐ.सिट नं. १३९४-२५ कि.नं. १ को क्षे.फ. ०-६-१३-०, ऐ ऐ सिट नं. १३९४-२४ कि.नं. १ को क्षे.फ.०-१-१५-३ का जग्गाहरु अपुतालीको १७ नं. बमोजिम नेपाल सरकारका नाममा दर्ता हुनु पर्नेमा किर्ते जग्गाधनी खडा गरी विक्री गर्न लागेकाले आवश्यक कारवाही गरी पाउँ भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१०।१४ को निर्णय अनुसार धनुषा जिल्ला जनकपुर नगरपालिका वार्ड नं. ७ ठेगाना भएकी सितादेवी मैथिलको

हकखाने हकदार कोही पनि नदेखिएको हुँदा निजको नाममा जनकपुर नगरपालिका वाड नं. ७ कि.नं. ९५ क्षे.फ.०-०-१३-२ ऐ ऐ कि.नं. ९ को क्षे.फ.०-१-१९-३ ऐ ऐ सिट नं. १३९४-२५ कि.नं. १ को क्षे.फ.०-६-१३-० र ऐ ऐ सिट नं. १३९४-२४ कि.नं. १ को क्षे.फ. ०-१-१५-३ का जग्गाहरु मुलुकी ऐन अपुतालीको महलको १७ नं. बमोजिम नेपाल सरकारका नाममा कायम गर्न जनकपुर नगरपालिकालाई निर्देशन पठाइएको ।

५. नेपालगंज नगरपालिका सपिङ कम्प्लेक्स निर्माणमा अनियमितता भएको भन्ने सम्बन्धमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६४।१०।२४ को निर्णय अनुसार नेपालगन्ज नगरपालिकाको सपिङ कम्प्लेक्स भवन निर्माणको बाँकी कार्य अविलम्ब सम्पन्न गरी आयोगलाई जानकारी दिन नेपालगन्ज नगरपालिका कार्यालयमा निर्देशन लेखी पठाइएको ।

६. काठमाडौँ महानगरपालिका वडा नं. ३ रानीवारी स्थित सामाखुशी किनारमा रहेको सार्वजनिक जग्गा आसपासमा रहेका जग्गा धनीहरुले अतिक्रमण गरेको सम्बन्धमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६५।१।४ को निर्णय अनुसार का.म.न.पा. वडा नं. ३ स्थित सिट नं. १०२-०९८५-२२ को सार्वजनिक जग्गा र कि.नं.८४, १६५, १५२,, १५३, २५५, ५१, ५४, ५५, ७३, ४२, ४१, ले समेत केही सार्वजनिक जग्गा अतिक्रमण गरेको हुदाँ उल्लेखित कि.नं. जग्गा धनीहरुले आफ्नो कित्तामा घुसाएको अतिक्रमण गरेको हद सम्म को सार्वजनिक जग्गा सम्बन्धित प्राविधिकहरु द्वारा यकिन गरी गराई अतिक्रमित सार्वजनिक जग्गा सम्बन्धित कि.नं. बाट झिकी सार्वजनिकीकरण गरी सो को जानकारी ३ महिना भित्र आयोगलाई दिन का. म. न.पा.का प्रमुखलाई निर्देशन लेखी पठाइएको ।

७. का.म.न.पा. ३४ भिमसेन गोला कात्यायोनी मन्दिर आसपासको १०-१२ रोपनी सार्वजनिक जग्गा व्यक्तिले प्रयोगमा ल्याएको भन्ने उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६५।१।८ को निर्णय अनुसार भिमसेनगोला गा.वि.स. हाल का.म.न.पा ३४ को पूर्वत्तोर कात्यायोनी मन्दिर परिसरको कि.नं. १२७, १३०, १३३, १५५, १६३, १७९, २७३, २९७, ३०१, ३०७, ३११, ३१३, ३१४, ३१५, ३३३, ३८३, ३९५, ४२५, १६३, १६०, १६१, १६८, १६९, १७३, १७७, १८०, ३४७, ३७१ कि.न. का जग्गा धनीहरुले आफ्नो कित्तामा घुसाएको अतिक्रमण गरेको हद सम्मको सार्वजनिक जग्गा सम्बन्धित कि.नं.बाट झिकी सार्वजनिकीकरणद्वारा एकीन गरी गराई सम्बन्धित कि.नं.बाट झिकी सार्वजनिकीकरण गरी सो को जानकारी ३ महिना भित्र आयोगलाई जानकारी दिन का.म.न.पा का प्रमुखलाई निर्देशन लेखी पठाइएको

८. काठमाण्डौं जिल्ला गोंगबुँ गा.वि.सि.का सचिवले वडा नं.४ स्थित विष्णुमती खोला किनारमा घुस लिई अनियमित तरिकाले ढलान गरेर पक्कि घर निर्माण गर्न दिएको तथा नक्सा पास मापदण्ड विपरित घर निर्माण स्विकृति दिई भ्रष्टाचार गरे भन्ने विषयको उजुरी सम्बन्धमा अनुसन्धान हुदा आयोगको मिति २०६५।१।१२ को निर्णय अनुसार काठमाण्डौं जिल्ला गोंगबुँ गा.वि.सि. वडा नं.४ विष्णुमती खोला किनारको कि.नं.१ क्षेत्रफल ०-१०-०-० जग्गामा विष्णुमती खोला किनारबाट २० मिटर (६६ फिट) सेट व्याक छोडी घर निर्माण गर्नुपर्नेमा ३८ फिट मात्र सेट व्याक छोडी घर निर्माण गरेको देखिएकोले उक्त घरका साथै विष्णुमती किनारबाट मापदण्ड भन्दा कम सेट व्याक छोडी निर्माण गरिएका सबै घर संरचना प्रचलित कानूनको रीत पुऱ्याई भत्काई निर्धारित मापदण्ड कायम राख्न काठमाण्डौं उपत्यका नगर विकास समितिलाई निर्देशन दिइएको ।

(ठ) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मंत्रालय अन्तर्गत

१. नेपाल नागरिक उड्डयन प्राधिकरणले अन्तराष्ट्रिय टर्मिनल भवनमा मनि चेन्जर सर्भिस संचालन गर्न दिंदा अनियमितता गरेको भन्ने सम्बन्धमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६४।५।६ को निर्णय अनुसार आईन्दा संचालक समितिबाट अधिकार प्रत्यायोजन नभएको अवस्थामा बार्ता द्धारा कायम भएको भाडा दर स्वीकृतिका लागि संचालक समिति समक्ष पेश गर्न र यस सम्बन्धी अधिकार प्राधिकरण अन्तरगतका कर्मचारीलाई प्रत्यायोजन गर्न आवश्यक ठानिएमा कुन कार्यलयका कुन तहका कर्मचारीलाई के कती सम्मको भाडा दर स्वीकृत गर्ने अधिकार प्रत्यायोजन गर्ने हो सो सम्बन्धमा स्पष्ट व्यवस्था गरि कार्यान्वयन गर्न गराउन नेपाल नागरिक उड्डयन प्राधिकरणको संचालक समितिलाई निर्देशन पठाइएको ।

२. नेपाल नागरिक उड्डयन प्राधिकरणका निर्देशक श्री महेन्द्रसिंह रावल र बरिष्ठ अधिकृत श्री संजीव सिंह कठायतले सेवा प्रवेशकाल देखि नै प्राधिकरणका विभिन्न आकर्षक ठाउँहरुमा रही जिम्मेवारी वहन नगरी व्यक्तिगत स्वार्थमा मात्र पछि लागि प्राधिकरणलाई हानी नोक्सानी पुऱ्याएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।९।९ को निर्णय अनुसार नेपाल नागरिक उड्डयन प्राधिकरणले हवाई उडानलाई व्यवस्थित र सुरक्षित गर्दै आधुनिकीकरण गराउने ICAO को बिश्वव्यापी अभियान अन्तर्गत नेपालमा पनि CNS/ATM (Communication, Navigation, Survellience/Air Traffic Management) विभाग स्थापना गरी CNS/ATM Implementation Plan तयार गरी कार्यान्वयन चरणमा रहेकामा उक्त Plan अनुसार कार्यक्रम संचालन हुन सकेको नदेखिएकोले यसका लागि नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा १३ अनुसार प्राधिकरणको सम्पूर्ण काम कारवाहीको संचालन, रेखदेख र व्यवस्थापनका लागि गठन भएको संचालक समिति जिम्मेवार देखिएकाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ दफा २८ (१) ख अनुसार भविष्यमा व्यवस्थित र सुरक्षित हवाई सेवाका लागि स्पष्ट कार्यक्रम बनाई कार्यान्वयन गर्न संचालक समितिलाई निर्देशन लेखी पठाइएको ।

(ड) सामान्य प्रशासन मन्त्रालय अन्तर्गत

१ सामान्य प्रशासन मन्त्रालयले खरिदार दयाराम खत्रीलाई हुलाक कार्यालय समेत एक वर्षमा चारपटक सरुवा गरेको भन्ने सम्बन्धमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६४।८।२० को निर्णय अनुसार यातायात व्यवस्था कार्यालय वाग्मती काठमाडौंका खरिदार श्री दयाराम खत्रीलाई न्यूनतम २ वर्ष अवधि पूरा भए पश्चात जिल्ला हुलाक कार्यालय ल.पु.मा सरुवा गरेपछि सो अवधि नै भुक्तान नहुदै निजामती सेवा ऐन २०४९ को दफा १८ र नि. से नि. २०५० को नियम ३६ मा स्पष्ट व्यवस्था हुदाँहुदै करीव १ वर्षभित्र ४ ठाउँमा निजामती सेवा ऐन र नियमावलीको मर्म विपरित सरुवा गरेको देखिदाँ निजलाई जिल्ला हुलाक कार्यालय ललितपुर मै न्यूनतम २ वर्ष कामकाज गर्ने गरी साविकमा गरिएको सरुवा नै कार्यान्वयन गराउन सामान्य प्रशासन मन्त्रालयमा सुझाव लेखी पठाइएको ।

(ढ) शिक्षा तथा खेलकूद मंत्रालय अन्तर्गत

१. निजी क्षेत्रमा संचालनमा रहेका मेडिकल कलेजहरुको संख्या कति छ ती मेडिकल कलेजहरु खोल्दा आवश्यक पूर्वाधार पूरा गरेका छन छैन लगायत विषयमा आवश्यक जानकारी शिक्षा तथा खेलकुद मन्त्रालय एवं नेपाल मेडिकल काउन्सिलसँग आयोगको निर्णय अनुसार माग भई अनुसन्धान हुँदा आयोगको मिति २०६४।५।६ को निर्णय अनुसार मेडिकल कलेजलाई सम्बन्धन/स्वीकृति दिंदा पूरा गर्नु

पर्ने सर्त एवं पूर्वाधारहरु पूरा भएको खण्डमा मात्र सम्वन्धन एवं स्वीकृति दिनु पर्ने देखी संचालनमा रहेका मेडिकल कलेजहरुलाई सम्बन्धन दिने विश्वविद्यालय, शिक्षा तथा खेलकुद मन्त्रालय, नेपाल मेडिकल काउन्सिल, स्वास्थ्य मन्त्रालय समेतबाट नियमित निरिक्षण गर्न पर्ने देखिंदा उपरोक्त निकायहरुबाट प्रचलित नियम कानून अनुसार गर्नुपर्ने आ-आफ्नो तर्फको निरिक्षण अनुगमन लगायतका जो जे गर्नु पर्ने कार्य हो गर्नुका साथै मेडिकल कलेज संचालन जस्तो देश र जनतासँग अत्यन्तै महत्वपूर्ण सरोकारको विषय भएको हुँदा उपरोक्त निकायहरुको संयुक्त टोलीबाट नियमित निरिक्षण एवं अनुगमन गरी यस आयोगमा समेत निरिक्षण प्रतिवेदन नियमित रुपले पठाउने व्यवस्था मिलाउन,शिक्षा तथा खेलकुद मन्त्रालय, नेपाल मेडिकल काउन्सिल एवं सम्बन्धित सम्वन्धन दिने विश्वविद्यालयबाट पछिल्लो वर्ष भएको निरिक्षण प्रतिवेदन माग गर्न, हालसम्म निजी क्षेत्रबाट मेडिकल कलेज संचालन गर्नलाई कुन कुन मेडिकल कलेजहरुलाई सम्वन्धन दिइएको छ सो को विवरण लिइ नियमित रुपले निरिक्षणको प्रतिवेदनहरु लिई राख्ने र तोकिएको सर्त एवं पूर्वाधारहरु पूरा गरेर मात्र संचालन शुरु भएको छ छैन संचालन पूर्व नै आयोगको तर्फबाट निरिक्षणको व्यवस्था गराउन शिक्षा तथा खेलकुद मन्त्रालयमा सुझाव लेखी पठाइएको ।

२. उच्च माध्यमिक शिक्षा परिषद्मा २०६१।६२को परिक्षाको मोडरेशनमा अनियमितता भएको भन्ने सम्बन्धमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६४।५।२८ को निर्णय अनुसार (क) उच्च माध्यमिक शिक्षा परिषद्मा विगत आ.व. ०५६।५७ मा छपाइको गल्तीले दाखिला हुन आएको शैक्षिक प्रमाण पत्र काम नलाग्ने आवस्थामा पाइएकोले सो कार्यमा जिम्मेवार व्यक्तिहरुलाई कारवाही गरी थन्क्याएर राखेको सो प्रमाण पत्रहरु तीन महिना भित्र नियम अनुसार धुल्याई आयोगलाई जानकारी दिन (ख) सो परिषद्बाट शैक्षिक प्रमाण पत्र छपाई गराई लागत मूल्य विश्लेषण गरी त्यसलाई न्यूनतम लागतमा छपाई गर्ने तर्फ प्रयास गर्ने र उपयुक्त प्रमाण पत्र समेत कानून बमोजिम प्रतिस्पर्धा गराएर मात्र गर्ने व्यवस्था मिलाउन (ग) परिषद्को सेवा शर्त सम्बन्धी विनियमहरु २०५३ लाई वर्तमानमा समाबेशी बनाउने र उपयुक्त विनियमावलीको पालना गर्ने गराउने र सो परिषद्बाट लिइने परिक्षालाई समय सापेक्ष निश्पक्ष विश्वसनीय स्तरीय बनाउन परिक्षा समय परिक्षा प्रणालीमा समय सापेक्ष सुधार गर्न उच्च माध्यमिक शिक्षा परिष्दमा निर्देशन लेखी पठाइएको ।

३. जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रवन्धक उद्धवप्रसाद गौतमले क्षेत्रीय कार्यालय, नेपालगञ्ज र अनुगमन कार्यालय, जनकपुरमा रहँदा नक्कली कागजातहरु तयार गरी विभिन्न आर्थिक अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१२।४ को निर्णय अनुसार जनक शिक्षा सामग्री केन्द्र लिमिटेड कर्मचारी सेवा शर्त विनियमावली, २०५७ को बढुवा, सजाय र पुनरावेदन सम्बन्धी परिच्छेद अन्तरगतका दफा, उपदफाहरुमा रहेका प्रावधानहरु पर्याप्त र पूर्ण नदेखिएकोले निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, र उक्त लिमिटेडको आर्थिक नियमावली नेपाल सरकारको आर्थिक ऐन, नियमसँग सापेक्ष हुने गरी संशोधन गर्न गराउन शिक्षा तथा खेलकूद मन्त्रालयलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) क बमोजिम सुझाव लेखी पठाइएको ।

४. जिल्ला शिक्षा कार्यालय धनुषाका जिल्ला शिक्षा अधिकारी दिनबन्धु झाले शिक्षक शिवनन्दन रायलाई गैरकानूनी रुपमा अस्थायी नियुक्ती एवं सरुवा गरेको भन्ने बिषयको उजूरी सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।८।१८ को निर्णय अनुसार लियन पदमा नियुक्त गरिने शिक्षकहरुको हकमा स्पष्ट कानूनी प्राबधानको अभावमा मातहत कार्यालय/कर्मचारीहरु समेतलाई कार्य क्षेत्रमा द्विविधा उत्पन्न

भएको देखिंदा सो सम्बन्धमा स्पष्ट कानून वनाई नियमावलीमा समेत समावेश गरी लागू गर्न गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ बमोजिम शिक्षा तथा खेलकुद मन्त्रालयमा सुझाव लेखी पठाइएको ।

५. पदम कन्या क्याम्पसमा उप प्राध्यापक पदमा कार्यरत निर्मला उप्रेतीको वढुवा सम्बन्धी विषयमा त्रिभुवन विश्व विद्यालय, सेवा आयोगका अध्यक्ष तथा सदस्यहरुले पदीय कर्तव्य दुरुपयोग गरी त्रि.वि.वि. पुनरावेदन आयोगले गरेको निर्णयलाई पालना नगरेको भन्ने सम्बन्धमा आयोग समक्ष परेको उजुरीका वारेमा अनुसन्धान हुदा आयोगको २०६४।१०।२१ को निर्णय अनुसार पुनरावेदन सुन्ने निकायले गरेको फैसला त्रि.वि.वि. सेवा आयोगले कार्यान्वयन गर्नु गराउनु पर्ने कानूनी कर्तव्य हुँदाहुँदै सो नगरी आयोगबाट भएको नतिजा प्रकाशन परिणाममा तात्विक असर पर्न गएको हुँदा पुनरावेदन आयोगको फैसला कार्यान्वयन गरी दुष्परिणाम सच्याउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ दफा १२ ख अनुसार उक्त सेवा आयोगलाई निर्देशन लेखी पठाइएको ।

६. धुम्रबराह माध्यमिक विद्यालय, काठमाडौको निमित्त प्रधानाध्यापक पुष्पलक्ष्मी शाह २०६०।१२।१३ देखि २०६१।९।१२ सम्म असाधारण बिदामा बसेकोमा बिदा भुक्तान भए पश्चात बिद्यालयमा हाजिर भई निमित्त प्रधानाध्यापकको जिम्वेवारी माग गर्दा कुनै सुनुवाई नभएको र निज प्रधानाध्यापक भएका अवधिको लेखापरीक्षण हुँदा लेखापरीक्षणबाट औंल्याईएको बेरुजुलाई आधार बनाई २(दुई) बर्ष देखि तलव रोक्का राखेको हुँदा लेखापरीक्षणबाट औल्याइएको बेरुजुका सम्वन्धमा आयोगबाट सम्परीक्षण गराई सोबाट समेत बेरुजु देखिएमा मासिक तलव भत्ताबाट आँशिक रुपमा कट्टा गर्दै जानेगरी २०६२ फाल्गुण देखि रोक्का रहेको संपूर्ण तलव भत्ता फुकुवा गरी तलव रोक्का राख्ने बिद्यालय व्यवस्थापन समिति र निमित्त प्रधानाध्यापक सुजाता राजलवट उपर पदको दुरुपयोग गरेकोमा कारबाही गरीपाउँ भन्ने समेत व्यहोराको पुष्पलक्ष्मी शाहको उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।२।२० गतेको निर्णय अनुसार आ.व. २०५८।५९ र २०५९।६० को पुनःपरीक्षण विवरणका सम्वन्धमा प्रचलित कानून बमोजिम औचित्यको आधारमा मिन्हा गर्न मिल्नेको हकमा मिन्हा गरीदिई मिन्हा गर्न नमिल्ने रकमको हकमा बेरुजु असूल उपर गर्न र निज निवेदिकाको रोक्का रहेको तलव भत्ता नियमानुसार फुकुवा गरी दिन बिद्यालय व्यवस्थापन समिति, धुम्रबराह मा.वि.लाई लेखी पठाईएको ।

परिच्छेद - ११
आयोगवाट भएका अन्य कारवाहीहरु

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क. मा सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानी, नोक्सानी पुर्‌याएकोमा त्यस्तो हानी नोक्सानी सम्बन्धित व्यक्तिबाट भरि भराउगर्न वा आयोगले उपयुक्त ठानेको अन्य आवश्यक कारवाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउने र ऐनको दफा १२ ख मा सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम सच्याउनका लागि आयोगले सम्बन्धित अधिकारी वा निकायलाई लेखी पठाउन सक्ने व्यवस्था भए अनुरुप आर्थिक वर्ष २०६४/२०६५ मा आयोगबाट निम्न बमोजिम गर्ने गरी अख्तियारवालालाई लेखी पठाइएको छ ।

(क) <u>अर्थ मन्त्रालय</u>

१. तत्कालिन सिरहा डिष्टीलरी लहानको राजस्व वक्यौता हुंदाहुँदै मदभट्टी ठेक्का नामसारी गरी सरकारलाई हानि पुऱ्याएको भन्ने समेत व्यहोराको दशरथ मण्डल सिरहा लहानको उजुरीका सम्वन्धमा आयोगको मिति २०६४।९।५ को निर्णय अनुसार आन्तरिक राजस्व कार्यालय लहान अन्तर्गत साविक सिरहा डिष्टीलरी (लहान) को नाउँमा बक्यौता रहेको अन्तःशुल्क तथा विक्रीकर रु. १,४८,८३,२६८।९८ (एक करोड अड्चालिस लाख त्रीयासि हजार दुई सय अठसठ्ठी रुपैया अन्ठानब्बे पैसा) को शुल्क व्याज जरिवाना समेतको अभिलेख अद्यावधिक गरी बक्यौता असुली फरफारक सम्वन्धी थप कानूनी कारवाई अघि बढाउन आन्तरिक राजस्व विभागलाई लेखी पठाईएको र राजस्वका पुराना वक्यौता रकम असुलउपर हुन नसकेको अवस्थामा वक्यौता फरफारक गर्न विद्यमान ऐन नियमका प्रावधान अपर्याप्त भए उपयुक्त संशोधन र प्रशासनिक व्यवस्था गर्ने र जिम्मेवार अधिकृतको रुपमा रहेका विभागीय प्रमुख तथा कार्यालय प्रमुखलाई वक्यौता असुलीका लागि थप जिम्मेवार बनाउने कानूनी तथा प्रशासनिक व्यवस्था गर्न समेत अर्थ मन्त्रालयलाई लेखी पठाईएको ।

२. नेपाल बैंक लिमिटेड, धर्मपथका ऋणी होटल सेन्टर प्वाइन्ट प्रा.लि. (संचालक धनकुमारी पुन समेत) लाई मिति २०५५।८।२२ मा ठमेलस्थित सो परियोजनाले चर्चेको घर र लिग लगापात समेत धितो सुरक्षण राखी रु.३ करोड ५० लाख मिति २०५८।०८।२१ भित्र चुक्ता गर्ने गरी कर्जा प्रवाह भएकोमा कर्जाको सुरक्षण वापत रहेको का.म.न.पा.-२९, ठमेलस्थित होटल सेन्टर प्वाइन्टले चर्चेको घर जग्गाको मिति २०६१।११।२८ को बैंकको कन्सल्टेन्ट ACC Associates ले गरेको मूल्याकंन प्रतिवेदन अनुसार धितोको मूल्याकंन न्यूनतम रु.७,०१,१४,३९६।- (अक्षेरुपी सात करोड एक लाख चौध हजार तीन सय छयानब्बे रुपैया) भएकोमा ऋणीले मिति २०६४।३।३२ सम्म बैंकलाई बुझाउन बाँकी रु.९ करोड १ लाखको सुरक्षण वापत रहेको उपरोक्त घरजग्गा बैंकले मिति २०६२।८।१२ गते लिलाम बढाबढ गर्दा सो धितोको लागि रमेश धमला नामक टेण्डरदाताले बोलकबोल गरेको कूल रु.५,७५,००,०००।- (अक्षेरुपी रुपैया पाँच करोड पचहत्तर लाख) को धरौटी वापत बैंकमा रु.५७,५०,०००।- (अक्षेरुपी रुपैया सन्ताउन्न लाख पचाँस हजार) जम्मा गरी कर्जाको सावा व्याज तथा धितोको प्रचलित बजार मूल्य समेतलाई वेवास्ता गरी पर्न आएको टेण्डरलाई नेपाल बैंक संचालक समिति तथा व्यवस्थापनबाट स्वीकार गरेको अवस्थामा धितो दिने तथा ऋणीको मञ्जुरी विना बैंकबाट परियोजनाको अवस्थाको समेत मूल्यांकन नगरी मिति २०६५।१।२२ गते दैनिक गोरखापत्रमा प्रकाशित सूचना तथा ऋणीको यस आयोगमा परेको उजुरी निवेदन सम्बद्ध कागजातहरु समेत उपर अनुसन्धान हुँदा आयोगको मिति

२०६५।१।२४ गतेको निर्णय अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क. बमोजिम नेपाल बैंक लिमिटेड प्रधान कार्यालयलाई बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम ऋणीले ऋण लिदा लेखि दिएको धितो सुरक्षण लिलाम, सुक्रिबिक्री गरी बैंकको लेना रकम असुल उपर गर्न तथा प्रचलित कर्जा असूली निर्देशिका बमोजिम कर्जा असूली कारवाही गर्न गराउन सक्ने नै देखिदा धितो सुरक्षण लेखिदिने धन कुमारी पुन होटलका संचालक तथा ऋणी समेत भएकोले निज र बैंकका बीच भएको सहमति अनुसार निजले ऋण फरफारक गरे निजलाई प्राथमिकता दिई ऋण फरफारक गर्न लगाउने, निजले ऋण फरफारक गर्न नसके धितो सुरक्षणको पछिल्लो मूल्यांकनलाई नेपाल राष्ट्र बैंकबाट प्रकाशित हालको मूल्य स्फिती दर **(Price Inflation Rate)** सँग समायोजन हुने गरी पुर्नमूल्यांकन गर्ने र सोही आधारमा कर्जाको वक्यौतालाई खाम्ने सम्मको न्यूनतम मूल्यांकन गरी मात्र पुन: टेण्डर आव्हान गरी आफ्नो लेना असूल उपर गर्ने र कर्जाको साँवा, व्याज समेत असूल नहुने तथा धितोको हालको अवस्थालाई समेत मूल्यांकन नगरी धितो हस्तान्तरण गर्ने गराउने गरी ऋणी वाहेक तेस्रो पक्षसँग भएको सम्झौतालाई रद्द गर्न नेपाल बैंक लिमिटेडलाई लेखी पठाईएको ।

३. आ.व. ०६१।६२ मा मध्य पश्चिमान्चल सिंचाई विकास सव डिभिजन नं. १, रुकुम अन्तर्गत सिम्ली, आठवीस डाँडागाउँ, सिर्पा र काव्रिखेत सिंचाइ योजनाहरुको मर्मत सुधारको काम गर्दा उपभोक्ता समितिका पदाधिकारी एवं कर्मचारीको मिलेमतोमा भ्रष्टाचार भएको भन्ने विषयको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।३।२६ गतेको निर्णय अनुसार सिम्ली सिंचाई योजनाका सम्बन्धमा आ.व. ०६१।६२ मा भएको संभौता वमोजिम मर्मत संभार कार्य नभएको भनी जल उपभोक्ता समितिका अध्यक्ष शेर बहादुर खड्काले आयोगमा समेत साविती वयान दिनु भएको र सो योजनाको मर्मत संभार गरेको भनी दिएको भुक्तानी रकम सिम्ली सिंचाई योजना जल उपभोक्ता समिति, सिम्ली, रुकुमका नाममा नेपाल बैंक लि. रुकुमको बचत खाता नं. ९५५१ मा हालसम्म मौज्दात रहेको हुँदा नेपाल सरकारको सर्व संचित कोषमा दाखिला गर्ने प्रयोजनको लागि उक्त खातामा मौज्दात रहेको सम्पूर्ण रकम यस आयोगमा १ महिना भित्र उपलब्ध गराई दिन श्री नेपाल बैंक लिमिटेड केन्द्रीय कार्यालय मार्फत नेपाल बैक लिमिटेड रुकुमलाई लेखी पठाईएको ।

(ख) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

१. सरकारी स्वामित्वको हेटौडा सिमेण्ट उद्योग लिमिटेडले वर्षौदेखि प्रयोग गरी आएको चुनढुंगा खानीमध्ये आधा खानी अजय सुमार्गीको हेटौडा चून उद्योगलाई खानी विभागले इजाजत दिएकोले कारवाही गरी पाउँ भनी आयोगमा परेको उजुरीका सम्वन्धमा आयोगको मिति २०६४।४।७ को निर्णय अनुसार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको संयोजकत्वमा सम्वन्धित पक्ष खानी विभाग र हेटौडा सिमेण्ट उद्योगलाई सहभागी वनाई २०६४ असोज मसान्त भित्र यस विषयमा उठेको विवादको टूंगो लगाउन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिन लेखि पठाईएको ।

२. गैर कानूनी रुपमा वन पैदवारमा आधारित उद्योगहरु दर्ता गरी वन कार्यालय र घरेलु तथा साना उद्योग कार्यालय कर्मचारी समेतले रकम भागबण्डा गरी खाए भन्ने उजूरीको सम्बन्धमा आयोगको मिति २०६४।६।२१ को निर्णय अनुसार उक्त कार्यमा संलग्न घरेलु तथा साना उद्योग कार्यालयका दाङ्गका तत्कालिन कार्यालय प्रमुख रमानाथ शर्मा, सोही कार्यालयका खरिदार शरद कुमार पछाई, जिल्ला वन कार्यालयका तत्कालिन सहायक वन अधिकृत प्रभुनाथ प्रसाद यादव तथा नापी शाखाका अमिनहरु लक्ष्मीप्रसाद चौधरी र गोबिन्द बहादुर बस्नेतलाई सचेत गराउन सम्बन्धित

अख्तियारवालालाई लेखी पठाउने र त्यसैगरी वन क्षेत्रबाट वन पैदावारमा आधारित उद्योगहरु दर्ता गर्ने सम्बन्धमा पटक-पटक संशोधन गरी निर्णय एवं परिपत्र गर्ने गरेको देखिंदा वातावरण जस्तो जनसाधारणसंग प्रत्यक्ष सम्बन्ध रहने बिषयमा पटक-पटक संशोधन गर्नु युक्ति संगत नदेखिने हुंदा आगामी दिनमा यस्तो कार्यको पुनरावृत्ति हुन नदिन यसलाई नियमावलीमा समावेश गरी व्यवस्थित रुपमा लागू गर्न तथा दाङ्ग जिल्लाको देउखुरी क्षेत्रमा कानून विपरित दर्ता भएका वन पैदावारमा आधारित देहायका उद्योगहरुका सम्बन्धमा प्रचलित कानून बमोजिम जो जे गर्नु पर्ने हो गरी ६ महिना भित्र सोको जानकारी आयोगलाई दिन उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखी पठाईएको ।

देहाय

१. खड्का फर्निचर उद्योग चैलाही-२ (०.२०० कि.मी.दुरीमा रहेको) ।

२. शिव फर्निचर उद्योग गढवा-२ (१.२०० कि.मी. दुरीमा रहेको) ।

३. भैरवी काष्ठ उद्योग चैलाही-२ (०.३०० कि.मी. दुरीमा रहेको) ।

४. यादव फर्निचर उद्योग, सद्बरिया-६ (०.२०० कि.मी. दुरीमा रहेको) ।

५. देवी मा भवानी काष्ठ उद्योग, लालमटिया-३, (१ कि.मी. दुरीमा रहेको) ।

६. प्रवीण काष्ठ उद्योग, चैलाही-९ (०.५० कि.मी. दुरीमा रहेको) ।

७. कुल बिष्णु फर्निचर उद्योग चैलाही-९ (१ कि.मी. दुरीमा रहेको) ।

८. बागेश्वरी काष्ठ उद्योग चैलाही-९ (१ कि.मी. दुरीमा रहेको) ।

९. केशव फर्निचर उद्योग चैलाही-९ (०.५० कि.मी. दुरीमा रहेको) ।

१०. स्वर्गद्वारी काष्ठ उद्योग चैलाही-१ (०.७० कि.मी. दुरीमा रहेको) ।

११. अम्बिकेशरी स:मिल चैलाही-३ (१.५ कि.मी. दुरीमा रहेको) ।

१२. कल्पना काष्ठ उद्योग चैलाही-९ (०.५० कि.मी. दुरीमा रहेको) ।

१३. न्यू मनकामना काष्ठ उद्योग चैलाही-७ (१ कि.मी. दुरीमा रहेको) ।

१४. डि.एन.फर्निचर उद्योग चैलाही-८ (१.२ कि.मी. दुरीमा रहेको) ।

३. नेपाल खाद्य संस्थान, प्रधान कार्यालयबाट मिति २०६४।८।२ मा गोरखापत्र दैनिक पत्रिकामा प्रकाशित ७,००० मे.टन अरुवा मन्सुली चामल खरिद सम्बन्धी बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को प्रतिकुल भएकोले सो बोलपत्र बदर गरी पाउँ भनी परेको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१०।२४ गतेको निर्णय अनुसार : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३(१) मा सार्वजनिक निकायले खरिद गर्दा यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नुपर्नेछ भन्ने उल्लेख भएको र उक्त उपदफा (१) को प्रतिकुल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुनेछ भनी ऐ.ऐनको दफा ३(२) मा स्पष्ट उल्लेख भएको छ । प्रस्तुत बोलपत्र आह्वान र सो बोलपत्र सूचनाको आधारमा पर्न आएका बोलपत्रहरु उपर नेपाल खाद्य संस्थानले गरेको कामकारवाही उपरोक्त उल्लेखित कानुन विपरित देखिए तापनि सो बोलपत्र सम्बन्धी कारवाही निर्णय प्रक्रियामा नै रही संचालक समिति समक्ष पेश हुन बाँकी नै रहेको अवस्था हुँदा उपयुक्त र

कानुनसम्मत निर्णयका लागि संचालक समिति समक्ष पेश गर्न नेपाल खाद्य संस्थान प्रधान कार्यालयलाई लेखी पठाईएको ।

(ग) कृषि तथा सहकारी मन्त्रालय

१. एशियाली विकास वैकको ऋण सहयोगमा पशु सेवा विभाग मार्फत संचालन गर्ने गरी संझौता भएको सामुदायिक पशु विकास परियोजनाको काम संझौताको शर्त विपरित सुदुर पश्चिमाञ्चलका ९ जिल्लामा हेफर प्रोजेक्ट नेपाललाई दिई कार्यक्रम संचालन गर्न लागेकोले संझौता विपरित हुन लागेको उक्त कार्य रोकी दोषीहरुलाई कारवाही गरिपाउँ भनी आयोगमा परेको उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।३।१८ गतेको निर्णय अनुसार अव आइन्दा उक्त आयोजना अन्तर्गतको काम, संझौता तथा प्रचलित कानून अनुसार मात्र गर्ने र यस प्रकारको गल्ति पुनः नदोहोऱ्याउन कृषि तथा सहकारी मन्त्रालयमा लेखी पठाईएको ।

(घ) गृह मन्त्रालय

१. राम अवतार साहले उमेर सच्याई नागरिकता प्रमाण पत्र लिएको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६४।४।९ को निर्णय अनुसार निज राम अवतार साहले झुठ्ठो विवरण दिई नागरिकता प्रमाणपत्र प्रतिलिपी प्राप्त गरेको साथै नागरिकता प्रमाण पत्रको सिफारिश गर्ने, निर्णय गर्ने, प्रदान गर्ने पदाधिकारीहरुले कार्यालयको रेकर्ड नहेरी नभिडाई झुठ्ठो विवरणबाट नागरिकता प्रमाण-पत्रको प्रतिलिपी प्रदान गरेको हुन सक्ने देखिंदा नेपाल नागरिकता ऐन २०२० को दफा १५ अनुसारको कसूरमा अनुसन्धान तहकिकात हुन आवश्यक देखिएको हुँदा सो अनुसन्धान गर्ने क्षेत्राधिकार सम्वन्धित जिल्लाका जिल्ला प्रहरी कार्यालयलाई भएको हुँदा निज राम अवतार साहको जिल्ला प्रशासन कार्यालयबाट प्राप्त सक्कल नागरिकता रेकर्ड र निजबाट निवेदन साथ दाखिला भएको नागरीकता प्रमाण पत्र समेत दुईथान नागरिकता प्रमाणपत्र र सक्कल फाइल अनुसन्धान तहकिकातको लागि जिल्ला प्रहरी कार्यालय सिराहामा लेखि पठाईएको ।

(ङ) प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय

१. बिशालवजार कम्पनी लि. को पसल कवलहरु भाडामा दिंदा लिंदा अनियमितता गरे भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगका मिति २०६४।९।३० गतेको निर्णय अनुसार सरकारले कम्पनीलाई उपलब्ध गराएको ८-४-०-० रोपनी जग्गाको मूल्याङ्कन गरी सरकारको नाममा शेयरमा परिणत गर्न गराउन आयोगको निर्णयानुसार मिति २०५३।११।१७ मा यस आयोगबाट गृह सचिवलाई पत्र लेखिएको र कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०६४।९।२५ को पत्र बमोजिम उक्त कम्पनीको २५ औं बार्षिक साधारणसभा पुनरावेदन अदालत पाटनबाट समेत बदर भई अन्तिम अवस्थामा रहेको अवस्थामा हाल पदाधिकार समाप्त भैसकेका पदाधिकारीहरुद्वारा २७ औं बार्षिक साधारण सभा माघ ६, २०६४ मा गर्ने र सो साधारण सभाको विषय सुचीको सि.नं. ४ मा लाभांस वितरण समेतको व्यहोरा उल्लेख भएको र सरकारको ८-४-०-० रोपनी जग्गा बापतको रु. ३९ करोड ६० लाख रकमको शेयर कायम गर्ने कार्य भइनसकेको र सो कम्पनीले लाभांस वितरणको लागि सरकारबाट स्वीकृती समेत नलिएको र स्वीकृती दिंदा पनि सरकारको शेयर कायम भएपछि लाभांसमा व्यापक फरक पर्ने समेत देखिएको अवस्था समेतलाई दृष्टिगत गरी हाल पदाधिकारी विहिन अवस्थामा रहेको सो विशालवजार कम्पनी लि. को व्यवस्थापन गर्न र सरकारको स्वामित्वमा रहेको ८-४-०-० रोपनी जग्गाको मूल्य रु ३९,६०,००,०००।- बराबरको शेयर नेपाल सरकारको नाममा कायम गर्न नेपाल सरकारको मुख्य

सचिवलाई लेखी गृह मन्त्रालय र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवहरुलाई जानकारी दिन लेखि पठाईएको ।

(च) भूमि सुधार तथा व्यवस्था मंत्रालय अन्तर्गत

१ भूमिसुधार कार्यालय बाराका भू.सु अधिकारी समेतले भोगचलनमा रहदै आएको जग्गा अनियमित तरिकाले बाँडफाँड गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६४।८।२७ को निर्णय अनुसार भूमि सुधार कार्यालय बाराले साविक कि.नं. १७३ वा सो कित्ता काट भई गएको सो जग्गाको प्रकृया नै नपुर्‌याई मोही कायम गरी जग्गा बाँडफाँडको निर्णय गरी रोक्काको आदेश विभिन्न निकायबाट आउँदा मालपोत कार्यालयबाट बाँडफाँड गरी हक हस्तान्तरण गराएको देखिएकोले सो बदर गरी साविक कै जग्गा धनी बुलबुलदेवी रघुवंशीको नाममा जोतपोत कायम गरी आयोगलाई जानकारी दिन मालपोत कार्यालय बारामा लेखी पठाइएको ।

३. कोष तथा लेखा नियन्त्रक कार्यालय बर्दियाका लेखापाल डिल्लीराज आचार्य र निजका साडुभाई कृष्ण प्रसाद पराजुली समेतले नक्कली सुकुम्बासी बनी आफू र आफ्ना परिवारका नाममा जग्गा लिएका र नक्कली कागज खडा गरी उनाउ व्यक्तिलाई सुकुम्बासी भनी जग्गा दिलाए भन्ने सम्बन्धमा आयोगको मिति २०६४।४।१३ को निर्णय अनुसार अव्यवस्थित बसोबासीले छाड्न चाहेको जग्गा मध्येबाट मुक्त कमैयालाई आधा र अव्यवस्थित बसोबासीका लागि आधा जग्गा प्रदान गर्ने गरी तत्कालिन श्री ५ को सरकारको निर्णय भएको देखिंदा सो निर्णयानुसार नभई छुट्टै गा.वि.स. को जग्गा प्रदान गर्ने गरी निर्णय भएको समेतबाट उक्त निर्णय दुषित देखिएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख बमोजिम समितिको मिति २०६०।३।३२ को बैठकको निर्णय नं. २ बदर गर्ने र अब कानून बमोजिम प्रक्रिया पूरा गरी वास्तविक सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई जग्गा प्रदान गर्ने निर्णय गर्नु भनी भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखि पठाईएको ।

४. जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं.-३५,सिनामंगल स्थित ७ (घ) को साविक कि.नं.२५० र २५६ का सार्वजनिक एवं सरकारी जग्गाहरु गैरकानूनी तवरबाट व्यक्तिको नाममा दर्ता गरे/गराएको भन्ने बिषयको उजूरी निवेदन माथि अनुसन्धान हुँदा आयोगको मिति २०६४।५।२४ को निर्णय अनुसार उल्लेखित कि.नं.२५० र २५६ का जग्गाहरु भक्तपुरको पोता लगतबाट भिडाई दर्ता गरेको बिषय सन्देहपूर्ण देखिएकोले उक्त जग्गा निज निवेदकहरुको हक भोग र तिरो तिरान भित्रकै जग्गा हो भन्ने तथ्य पुष्टी हुन आएको नदेखिएको हुंदा सो सम्बन्धमा एउटा समिति गठन गरी प्रचलित कानून बमोजिम जो जे गर्नुपर्ने हो गर्नु भनी अनुसन्धानको क्रममा प्राप्त हुन आएका सक्कल फाइल तथा कागजातहरु साथै राखी सम्बन्धित भूमि सुधार तथा व्यवस्था मन्त्रालयका सचिवलाई लेखी पठाइएको ।

६. ल.पु. उ.म.न.पा. वडा नं. ८ गुईटोल बस्ने भाइचा महर्जनको छोरा भाइलाल महर्जनले मिति २०६२।५।१७ मा जिल्ला प्रशासन कार्यालय ललितपुरबाट एकै नम्बरको ३ अलग अलग नागरिकता लिएको र सोही आधारमा आफ्नो नामको जग्गामा मोही कायम गराउने प्रयास गरेको हुँदा निजको उक्त नागरिकता बदर गरी पाऊँ भन्ने पाटन औद्योगिक क्षेत्रमा बस्ने मेनका श्रेष्ठको उजूरीका बारेमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।९।२३ गतेको निर्णय अनुसार यस सम्बन्धमा कानून वमोजिम जो जे गर्नुपर्ने हो गर्नु भनी भूमी सुधार तथा व्यवस्थापन विभागलाई लेखी पठाईएको ।

७. मालपोत कार्यालय, बैतडीका खरिदार रामदत्त भट्टसमेतले कार्यालयमा रहेको भू.सु. १ नं. फारम गायब पारी झुठ्ठा रुपमा अर्को फारम तयार गरी भ्रष्टाचार गरे भन्नेसमेत व्यहोराको उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।९।२९ गतेको निर्णय अनुसार अनुसन्धानका क्रममा मालपोत कार्यालय बैतडीका खरिदार द्वय रामदत्त भट्ट र रणबहादुर थामी तथा बैतडी जिल्ला दशरथचन्द्र नगरपालिका वडा नं. १ बस्ने मीनबहादुर पौडेलले जिल्ला प्रशासन कार्यालय, बैतडीमा मिति २०५८।६।२९ मा धरौट राखेको क्रमश रु ३०,०००।-, रु १०,०००।- र रु ३०,०००।- नियमानुसार फिर्ता दिनु भनी जिल्ला प्रशासन कार्यालय, बैतडीमा लेखी पठाईएको ।

८. सडक अधिग्रहणमा परेको काठमाडौं जिल्ला सावित कालिमाटी वडा नं. ८ (क) को कि.नं. २३४ क्षे.फ. ०-६-०-० को जग्गा झुट्ठा अधिकृत वारेसनामा बनाई ल.पु. उप.म.न.पा. कुपुण्डोल वस्ने वैकुण्ठ प्रसाद आचार्यले उक्त जग्गा खरीद गरी लिई सरकारी जग्गा लिए खाएको हुँदा भ्रष्टाचार निवारण ऐन २०५९ को परिच्छेद २ को ८ (४) बमोजिमको कसुर गरेकोले निजलाई आवश्यक कानूनी कारवाही गरी पाउँ भन्ने उजूरी निबेदन माथि अनुसन्धान हुँदा आयोगको मिति २०६४।११।१ गतेको निर्णय अनुसार सडक अधिग्रहणमा परेको भनिएको सावित कालिमाटी वाड नं. ८ (क) कि.नं. २३४ क्षे.फ. ०-६-०-० को जग्गाका सम्बन्धमा आवश्यक जाँचवुझ समेत गरी उक्त जग्गा नेपाल सरकार सडक विभागको नाममा कायम गरिदिन मालपोत कार्यालय कलंकीलाई लेखि पठाईएको ।

९. २०२२ सालको नापी नक्सामा काठमाडौं धापासी ४ (ख) र (ग) को नक्सामा कायम भएको राजकुलोको जग्गा ६ नं. नापी गोश्वाराबाट हाल नाप नक्सा भएको सिट नं. १०२-०९०५-२५ र १०२-०९४५-०५ को नक्सामा उक्त राजकूलोको जग्गालाई व्यक्तिको जग्गामा कित्ता मिलान गरी नाप नक्सा गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।११।१ गतेको निर्णय अनुसार यसमा हाल पुनः नाप नक्सा हुदा धापासी वडा नं. ४ सिट नं. १०२-०९०५-२५ को कि.नं. ४६ र ४७ को बिचमा भएको कुलो जग्गा नाप जाँच ऐन २०१९ को (संसोधन सहित) दफा ६ (घ) वमोजिम गठित समितिबाट मिति २०६४।६।२७ को निर्णयअनुसार दर्ता श्रेस्ता मिलाउने निर्णय भई हाल सावित जग्गा दर्ता गर्न बाँकी रहेको भन्ने ६ नं. नापी गोश्वराको च.नं. ५८३ मिति २०६४।८।२८ को पत्रबाट लेखि आएको देखिंदा उक्त जग्गा नाप जाँच ऐन २०१९ को दफा ६ (घ) को अधिकार प्रयोग गरी सावितको राजकूलोको क्षेत्रफल वरावरको जग्गा सार्वजनिक कायम गरी यस आयोगमा जानकारी गराउनु भनि ६ नं. नापी गोश्वारा धापासीमा लेखी पठाईएको ।

१०. जनकपुर नगरपालिका वडा नं.८ को सिट नं.१३५४-२५, कि.नं.९ को ०-३-१८-२ क्षेत्रफल भएको गुठीको जग्गा अधनुदास बैष्णवले बिक्री बितरण गरी भ्रष्टाचार गरेको भन्ने बिषयको उजूरी निवेदन माथि अनुसन्धान हुँदा आयोगको मिति २०६४।१२।२१ गतेको निर्णय अनुसार उल्लेखित जिल्ला धनुषा, जनकपुर नगरपालिका वडा नं.८ को सिट नं.१३५४-२५, कि.नं.९ को ०-३-१८-२ क्षेत्रफल भएको जग्गा बेच बिखन गर्न नपाउने गरी मालपोत कार्यालय धनुषालाई लेखि सकिएको र सोही अनुसार सच्याइएकोमा निज अधनु दासले बद्नियत पूर्वक बेजिल्लाबाट रजिष्ट्रेशन पास गराएको हुंदा सो लिखत निष्कृय गरी दुष्परिणाम सच्याउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२.ख बमोजिम मालपोत कार्यालयहरु सिन्धुली र धनुषालाई लेखि पठाउने, उक्त जग्गालाई गुठी संस्थान केन्द्रीय कार्यालयको निर्णय र २०५०।८।२३ को पत्रमा उल्लेख भए अनुसार नै श्रेस्तामा सच्याउन मालपोत कार्यालय धनुषालाई निर्देशन दिने । साथै अनुसन्धानको क्रममा रोक्का राखिएको जिल्ला धनुषा, जनकपुर नगरपालिका वडा नं.८ को सिट नं.१३५४-२५, कि.नं.९ को ०-३-१८-२

क्षेत्रफल भएको जग्गा निज अधनुदासले भोग गर्न पाउने गरी रोक्का फुकुवा गर्न मालपोत कार्यालय धनुषालाई लेखी पठाइएको ।

११. रावल आयोगले रोक्का राखेका जग्गाहरु फुकुवा गर्दा अनियमितता भएको विषयमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयका उपसचिव श्री गेहनाथ भण्डारीको संयोजकत्वमा गठित समितिले पेश गरेको प्रतिवेदन आयोग समक्ष पेश हुँदा आयोगको मिति २०६५।१।४ गतेको निर्णय अनुसार उक्त प्रतिवेदन समेतको आधारमा कारवाही गरी नतिजा आयोग समक्ष पठाउन श्री सचिव भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखि पठाईएको ।

(छ) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत

१. काठमाण्डौ उपत्यका भित्रका सडक किनारका अग्ला रुखहरु कटान गरी सो स्थानमा नयाँ रुख रोपी हुर्काउनको लागि काठमाण्डौ उपत्यका नगर विकास समिति र ठेकेदार ग्रीन चेन नेपाल विच भएको सम्झौता अनुसार कार्य नगरी भ्रष्टाचार गरिएकोले कारवाही गरी पाउँ भनि परेको उजुरीको सम्बन्धमा आयोगको मिति २०६४।६।२९ को निर्णयानुसार यसमा सम्बद्ध निकायहरु संग समन्वय गरी ऐन नियम अनुसार प्रस्तुत विषयमा शीघ्र टुंगो लगाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ क अनुसार भौतिक योजना तथा निर्माण मन्त्रालयका सचिवलाई लेखि पठाईएको ।

२. बिश्व बैंकको आर्थिक सहयोगमा करिव ६ करोड ५१ लाख ९० हजार रुपैयाँको लागतमा संचालित मिर्चैया-कटारी-सुनकोशी सडक स्तरोन्नति आयोजना Chanaige 0+000-Chainage 72+750 अन्तर्गत मिर्चैया देखि कटारी बजारसम्मको २७ कि.मि. सडक कालोपत्रे र नाली निर्माण गर्न ठेक्का पाएका वाई.पी. कन्स्ट्रक्सन कम्पनीको काममा काम रेखदेखका लागि खटिएका कन्सल्टेन्सी तथा सरकारी प्राविधिकहरु समेतले मिलेमतो गरी नजराना लिएर कुनै रेखदेख र नाप जाँच नगरी छुट दिनाले उक्त कम्पनीले गरेको काम गुणस्तरहीन भै मिर्चैया देखि हर्दैयासम्म विभिन्न १२ स्थानमा कालोपत्रे उप्किएर सडक छियाछिया बन्न थालेकोले सडक निर्माणमा अनियमितता भएको आशंका गरी मिति २०६३।६।२७ को साप्ताहिक विमर्शमा प्रकासित समाचारको बिषयमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।९।१९ गतेको निर्णय अनुसार मिर्चैया-कटारी-सुनकोशी सडकमा भएको अनियमितता अध्ययन गरी राष्ट्रिय सतर्कता केन्द्रले दिएको प्राबिधिक परिक्षण प्रतिवेदन समेतका आधारमा उक्त सडक निर्माणाधिन रहेको अवस्थामा भएका कमी कमजोरी र Defect Liability Period भित्र समेत सडकमा भएका त्यस्ता कमी कमजोरी सुधार गर्नु पर्ने जिम्मेवारी ठेकेदारसंग भएको सम्झौतामा उल्लेख गरिएको देखिएकोले राष्ट्रिय सतर्कता केन्द्रबाट अध्ययन गरी पेश गरेको प्राबिधिक परिक्षण प्रतिवेदनले Non-conformance Report मा औंल्याइएका बिषयमा सुधार गर्न उक्त प्रतिवेदन सडक विभाग लेखी पठाईएको ।

(ज) बन तथा भुसंरक्षण मन्त्रालय अन्तरगत

१. जिल्ला वन कार्यालय पाल्पाका वन अधिकृत जीवनकुमार ठाकुरले सामुदायिक वन उपभोक्ता समूहलाई अनावश्यक दु:ख दिई अनियमित कार्य गरेको भन्ने बिषयको उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।११।१ गतेको निर्णय अनुसार यस बिषयमा वन तथा भू-संरक्षण मन्त्रालय, वन बिभागबाट भएको छानविन प्रतिवेदनबाट जिल्ला वन कार्यालय पाल्पाले कार्यालयको टेलिफोन बिल, घरभाडा आदि खर्च सामुदायिक वन उपभोक्ता समूहहरुलाई तिर्न लगाएको देखिएको र यसप्रकारको कार्य नियम संगत नभएकोले सम्बन्धित वन कार्यालय तथा रेञ्जपोष्टलाई सचेत रहन भनी वन

विभागले निर्देश समेत गरेको देखियो । यो बिषय सबै वन कार्यालय तथा रेञ्जपोष्टले पालना गर्नुपर्ने देखिंदा मातहतका सबै निकायलाई लागू हुने गरी पालना गराउनका लागि वन तथा भू-संरक्षण सचिवलाई लेखी पठाईएको ।

(झ) <u>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय</u>

१. पश्चिमाञ्चल क्षेत्रिय स्वास्थ्य निर्देशनालय पोखराका डा. प्रकाश मिश्रको विदा गैह्र कानूनी रुपमा स्वीकृत गरेको सम्वन्धमा आयोगमा पर्न आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा अधिकृतवाट पेश हुन आएको प्रतिवेदन र निज मिश्रले पेश गरेको स्पष्टिकरण बमोजिम आयोगको मिति २०६४।४।७ को निर्णय अनुसार प्रचलित कानून बमोजिम आवश्यक निर्णय गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ ख बमोजिम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखि पठाईएको ।

२. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, ऐन २०६३ विपरित विर अस्पतालका निर्देशकको नियुक्ति स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट गरेकोले उक्त नियुक्ति प्रकृया गैर कानूनी भएकोले बदर गराई कानून बमोजिम होस भन्ने समेत व्यहोराको उजुरी उपर स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान बीर अस्पतालको प्राप्त प्रतिक्रिया समेत अध्ययन गर्दा आयोगको मिति २०६४।७।१४ को निर्णय अनुसार स्वास्थ्य तथ जनसंख्या मन्त्रालयको मिति २०६४।४।९ (मन्त्रीस्तरीय) निर्णयबाट डा. श्रवण कुमार चौधरीलाई निर्देशक पदमा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ बमोजिम नियुक्ति गरेको अवस्था देखिन नआएकोले सो वेरितको नियुक्ति प्रकृया पुऱ्याई बदर गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवलाई निर्देशन दिने र हालसम्म पनि उक्त प्रतिष्ठानको निर्देशकको नियुक्ति काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था हुने नियमावली बनिसकेको अवस्था नदेखिएको हुंदा यथाशिघ्र सो नियमावली बनाई नयाँ निर्देशकको नियुक्ति गर्न गराउन र नियमावली बनाई सो नयाँ निर्देशकको नियुक्त कार्य सम्पन्न नहुदा सम्म साविक विर अस्पताल विकास समिति (गठन) आदेश बमोजिम नियुक्त निर्देशकलाई नै यथावत काममा लगाउन समेत उक्त प्रतिष्ठानका उपकुलपतिलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ ख बमोजिम लेखि पठाइएको ।

३. नेपाल स्वास्थ्य अनुसन्धान परिषदले विज्ञापन नै नगरी अनियमित तवरले Research consultant र Monitaring and Evalutation officer नियुक्ती गरे भनी परेको उजुरीको सम्बन्धमा आयोगको मिति २०६४।८।१८ को निर्णय अनुसार परिषद्को ऐन, नियम, विनियम बमोजिम प्रकृयासम्मत तवरले नियुक्ति गर्नु भनि नेपाल स्वास्थ्य अनुसन्धान परिषद्लाई लेखी पठाईएको ।

४. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, बीर अस्पतालका निर्देशक डा. श्रवण कुमार चौधरीको अनिवार्य अवकास भएपछि पनि एक वर्षको लागि लागू हुने गरी निर्देशकमानै कार्यरत रहने गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सेवा अवधी थप गरेकोले यस्तो गैर कानूनी कार्य तुरुन्त रोक्न अनुरोध गर्दछौ भन्ने समेत व्यहोराको उजुरी उपर स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालको प्राप्त प्रतिक्रिया समेत अध्ययन गर्दा आयोगको मिति २०६४।११।२६ गतेको निर्णय अनुसार चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५३ को दफा २० (२) अनुसार निर्देशक पदलाई यो यो र यस्तो खालको योग्यता दक्षता र अनुभव कुनै किटानी नगरी तोकिए बमोजिम हुनेछ मात्र भनिएको अवस्थामा निर्देशक पदलाई विशेषज्ञ पद भन्न मिलेन । म्याद थप भएका डा. श्रवण कुमार चौधरी आफ्नो क्षेत्रमा विशेषज्ञता हाँसिल गरेको चिकित्सक भएको अवस्थामा निजको म्याद थपलाई कानून विपरित भन्न मिलेन, तर निर्देशक (वीर अस्पताल) पदलाई विद्यमान कानूनी व्यवस्था अनुसार विशेषज्ञ पद भन्न सकिने अवस्था नदेखिएकोले सो निर्देशक पदमा कानून बमोजिम नयाँ

व्यवस्था गर्न नेपाल सरकारका मुख्य सचिवलाई लेखि पठाई सो को जानकारी सम्वन्धित मन्त्रालय र चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानमा लेखी पठाईएको ।

५. कृष्णप्रसाद सुबेदीले उमेर सच्याई सेवामा प्रवेश गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६४।११।२६ गतेको निर्णय अनुसार प्रारम्भको (परीक्षा नियन्त्रण कार्यालय सानोठिमीको) अभिलेख र नागरिकतामा फरक फरक जन्म मिति देखिएकोले सेवा निवृत्त प्रयोजनका लागि एउटै जन्म मिति कायम गरी अभिलेखमा राख्न आवश्यक कारवाही गर्ने भनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाईएको ।

६. कोशी अंचल अस्पताल विकास समितिमा आ.व. ०६३।६४ मा कर्मचारी भर्ना गर्दा अनियमितता भएको हुँदा कारवाही गरी पाउँ भनी पर्न आएको उजुरी सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।२।२२ को निर्णय अनुसार अस्पताल विकास समिति स्वायत्त संस्था भएतापनि यसको संचालन कानून सम्मत तरिकाले गर्नु पर्ने भई स्वीकृत नियमावलीको पालना गर्नु गराउनु सम्वन्धित सवैको कर्तव्य एवं जिम्मेवारी भएकोले यस्ता संस्थाहरुवाट भएका र हुने गैह्रकानूनी निर्णय एवं प्रकृयाहरु सच्याउन र हुन नदिने तर्फ विशेष सतर्कता देखाई समय समयमा अनुगमन समेत गर्ने व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवलाई लेखी पठाईएको ।

७. जिल्ला स्वास्थ्य कार्यालय वाजुराका अ.हे.व. हेमराज वुढाले विदा नलिई अध्ययन गरेको र उक्त अवधिको तलव भत्ता समेत लिएको भनी यस आयोगमा पर्न आएको उजुरीमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।२।२२ को निर्णय अनुसार विदा स्वीकृत गर्ने अधिकार प्राप्त अधिकारीवाट माग वमोजिम विदा स्वीकृत/अस्वीकृत भएको निर्णय समयमै दिएको देखिन आएन । लामो समयसम्म मै गर्नु पर्ने निर्णय नगर्दा जिम्मेवार पदाधिकारीले समेत आफ्नो जिम्मेवारी पुरा गरेको अवस्था नदेखिएको, माग गरिएको विदा अवधि भुक्तान भए पछि निज अ.हे.व.लाई हाजिर गराई यथावत रुपमा कामकाज समेत लगाई रहेको र निज अनुपस्थित रहेको अवधिको तलव भत्ता निजले लिए खाएको नदेखिएकोले अव उप्रान्त यस्ता निर्णय समयमै गर्ने गराउने व्यवस्थाको लागि सम्वन्धित पदाधिकारीहरुलाई ध्यानाकर्षण गराउने र निजको माग वमोजिम असाधारण विदा सम्वन्धि निर्णय यथाशिघ्र गर्न गराउन सचिव स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखी पठाईएको ।

(ञ) <u>स्थानीय विकास मन्त्रालय अन्तर्गत</u>

१. जिल्ला विकास समिति जुम्लाका तत्कालिन सभापति धनबहादुर थापाको आदेश वमोजिम भोज व्यवस्थापनमा खर्च भएको रु.५७,०००।- सम्वन्धमा आयोगको मिति २०६४।४।९ को निर्णय अनुसार सर्वसाधारण व्यक्तिले भोज व्यवस्थापनमा गरेको खर्च सम्वन्धमा उपयुक्ततालाई हेरी निर्णय गर्न जि.वि.स.जुम्लालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क वमोजिम लेखी पठाउने र फायलबाट देखिएको वेरुजु, जिन्सी सामान, टेलिफोन महशूल सन्दर्भमा आर्थिक प्रशासन नियमावली अनुसार गर्न जि.वि.स. जुम्लामा लेखी पठाईएको ।

२. बखुन्डोलमा ढल निर्माण गर्दा ज्वगल कच्चि बाटोमा इट्टा छाप्दा तत्कालिन वडा अध्यक्ष राजिव जोशीले रु. ५४०००। पेश्की लिई काम नै नगरी पैसा हिनामिना गरेको भन्ने सम्बन्धमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६४।५।१७ को निर्णय अनुसार यस्ता प्रकृतिका विकास निर्माण एवं सार्वजनिक कार्यसम्पादन गर्न त्यस्ता स्थानीय निकायबाट थुप्रै व्यक्ति एवं संस्थाहरुले रकम बुझि लिई कार्य सम्पादन नगरी ठूलो मात्रा सरकारी रकम हिनामिना एवं दूरुपयोग गरेको भन्ने सूचना यस

आयोगलाई प्राप्त भएकोले तत् विषयमा उक्त निकायबाट रकम असुल उपर गर्न के कस्तो काम कारवाहीहरु अगाडि बढाइएका छन् भन्ने कुराको जानकारी माग गर्न र त्यस्ता दूरुपयोग वा हिनामिना भएका रकम असुल उपर गर्ने तर्फ अविलम्ब कारवाही अगाडि बढाउन तथा भविष्यमा सरकारी रकम दूरुपयोग हुन नदिन आवश्यक कारवाही एवं अनुगमन कार्यलाई प्रभावकारी बनाउने एवं स्थानीय विकास मन्त्रालय अन्तर्गतका स्थानीय निकायहरुबाट संचालन गरिने विकास निर्माण सम्बन्धि कार्यमा यस्ता प्रकारबाट सरकारी रकम हिनामिना एवं दूरुपयोग हुन नदिन आवश्यक पहल गर्न स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।

३. काठमाडौं महानगरपालिका अन्तरगत संचालित गोंगबुँ स्थित नयाँबसपार्क ४५ बर्षको लागि लोत्से बहुउद्देश्यीय प्रा.लि. लाई लिजमा दिंदा कम परिमाणमा भौतिक संरचना निर्माण सम्बन्धी कार्य गरी बढी परिमाण र रकम लगानी गरेको भनी प्रगति प्रतिवेदन पेश गरेकोमा त्यस्तो प्रतिवेदन वमोजिमको मूल्याङ्कन सदर गरेको, जापान सरकारले निर्माण गरी दिएको भौतिक संरचनाहरु खण्डित गर्न नपाउनेमा उक्त संरचना भत्काएको, संझौता विपरित structural designing विना नै अर्के कंपनीलाई सवलिजमा भवन निर्माण गर्न दिएको, नक्सा पास विना भवनहरु निर्माण गरेको, राजश्व दस्तुर नवुझाएको भन्ने समेत व्यहोराको उजुरी निवेदन उपर अनुसन्धान हुँदा आयोगको मिति २०६४।६।१३ को निर्णय अनुसार प्रमाण कागज समेतका आधारमा का.म.पा. समेतलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क,ख का आधारमा लेखि पठाईएको ।

मापदण्ड बिपरित निर्माण भएका भौतिक संरचनाहरुका सम्बन्धमा:-मापदण्ड बिपरित निर्माण भएका भौतिक संरचनाहरु भत्काउने, मिति ०५६।१२।२९को संझौता र मापदण्ड भित्र पर्ने भौतिक संरचनाहरुका सम्बन्धमा हालसम्म उक्त प्रा.लि. बाट निर्माण भएको कामको मूल्याङ्कन गर्ने गराउने, मापदण्ड भित्र पर्ने संझौतामा उल्लेख भएका संरचनाहरुको बिधिवत रुपमा नक्सा पास नगराई निर्माण भएका भौतिक संरचनाहरुका सम्बन्धमा स्थानीय स्वायत्त शासन ऐन नियम वमोजिम का.म.पा. ले आवश्यक कारवाही गर्ने, मिति ०५६।१२।२९को संझौता भित्र नपरेका तर मापदण्ड भित्र पर्ने भौतिक संरचनाहरुका सम्बन्धमा:- मापदण्ड भित्र पर्ने तर संझौतामा उल्लेख नभएका Row Shop, Terminal Building लगायतका भौतिक संरचनाहरु लोत्से वहुउद्देश्यीय प्रा.लि. ले अन्य कम्पनीहरुलाई निर्माण एवं संचालनका लागि सवलिजमा दिएको हुँदा उक्त प्रा.लि. ले कुनै लगानी नै नगरी एकतर्फी रुपमा गैरकानुनी लाभ प्राप्त गरी रहेको देखिएकोले उक्त संरचनाहरुको सवलिजबाट प्राप्त आम्दानी रकम का.म.पा. र उक्त प्रा.लि.ले बराबरी हिसाबले अशुल गरी कानुन बमोजिम नक्सा पास गर्ने गराउने (त्यस्तो सहमती कायम हुन नसकेमा स्थानीय स्वायत्त शासन ऐन, नियम वमोजिम का.म.पा.का प्रमुखले हदै सम्मको कारवाही गर्ने, हालसम्म उक्त प्रा.लि. बाट निर्माण भएको कामको मूल्याङ्कन गर्ने गराउने, मिति ०५६।१२।२९को संझौताका सम्बन्धमा मिति ०५६।१२।२९ को लिज संझौता बमोजिमको निर्माण अवधि सम्पन्न भैसकेकोले थप निर्माण कार्य गर्न स्वीकृति नदिने, हालसम्म भए गरेको लिज संझौताहरु अध्ययन गर्दा ४५ बर्ष लिज अवधि राखी कुनै पनि निकायबाट कुनै पनि संझौता भए गरेको देखिएन । निर्माण भएका भौतिक संरचनाहरुको structural design भएको नदेखिएको । प्राविधिक जाँच समितिद्वारा निर्माण कार्यको जाँच नगराएको, का.म.पा. को कुनै पनि प्राविधिक उक्त संरचना निर्माणका क्रममा सो स्थानमा नखटिएको/नखटाएको हुँदा कुन संरचनामा के कस्तो निर्माण सामग्री प्रयोग गरी के कस्तो गुणस्तरयुक्त छ भन्ने कुराको एकिन नभएको हुंदा नयाँ वसपार्क क्षेत्र भित्र निर्मित सम्पूर्ण भौतिक संरचनाहरुको structural design का.म.पा.ले लोत्से बहु उद्देश्यीय प्रा.लि. बाट पेश गर्न लगाई structural analysis गराउने । पेश भएको structural

design बमोजिमको निर्माण र जोखिम मुक्त भए नभएको सम्बन्धमा गुणस्तर परीक्षण गराई उक्त भौतिक संरचनाहरु ४५ बर्ष भन्दा बढी अवधिसम्म टिक्ने/नटिक्ने विषयमा एकिन गर्ने र Built, Operate & Transfer Policy अन्तरगत उक्त बसपार्क लिजमा दिए लिएको समेत हुँदा संझौतामा उल्लेखित लिज अवधि संशोधन गर्ने गराउने, चौमाशिक किस्ताका रुपमा लिजभाडा बापतको रकम भुक्तानि गर्ने गरी संझौता भए तापनि कति अवधि सम्मको लिज भाडा वापत किस्ता रकम भुक्तानि नगरेमा संझौता रद्द हुने भन्ने व्यहोरा संझौतामा उल्लेख नभएकोले यस बुँदालाई संझौतामा समावेश गर्ने गराउने, उक्त प्रा.लि. ले आंधिखोला हाउजिङ्ग एण्ड ट्रेडिङ्ग (प्रा.) लि. सँग Row Shop निर्माण र संचालनका लागि सबलिजमा दिंदाको संझौतामा वसपार्क हातामा निर्माण भएको उक्त Row Shop भवनको पंञ्चकृत्य मूल्य कायम गरी विक्री समेत गर्न पाउने समेतको गैरकानुनी शर्त राखी सवलिज संझौता गरेको, करार भंग हुने कुनै पनि शर्त उल्लेख नगरी एकतर्फी संझौता गरेको र का.म.पा. सँग संझौताको सक्कल प्रति समेत नभएको हुँदा संझौता भंग गर्न सकिने शर्त समेत समावेश गरी का.म.पा. को हितमा हुने गरी मिति ०५६।१२।२९ को संझौता संशोधन गर्ने/गराउने, बिविध लोत्से बहुउद्देश्यीय प्रा.लि. ले CERA Pvt.Ltd. नामक Consultancy firm द्वारा नयाँबसपार्क क्षेत्रको सर्भे गराएको र सो बाट संझौतामा उल्लेख भएको १६१ रोपनी भन्दा बढी क्षेत्रफल भएको भन्ने व्यहोरा उक्त प्रा.लि. स्वयंले मिति ०५७६।१३ मा का.म.पा. मा पेश गरेको पत्रसाथ संलग्न कागजबाट देखिएको र बसपार्कको पश्चिम तर्फ रहेको विष्णुमती नदी अतिक्रमन समेत भए गरेको देखिएबाट का.म.पा. को जग्गा धनी प्रमाण पुर्जामा उल्लेख भएको जग्गा छुट्याई बाँकी जग्गा नेपाल सरकारका नाममा दर्ता गर्न गराउन मालपोत कार्यालय डिल्लीबजारमा लेखी पठाईएको । लिज भाडा रकम अशुल गर्दा संझौता बमोजिम विलम्ब शुल्क वापतको जरिवाना समेतको हिसाव गरी अशुल उपर गर्ने गराउने, का.म.पा. को स्वामित्वमा रहेको गोंगबुँ स्थित नयाँ वसपार्क हाता भित्र लोत्से बहु उद्देश्यीय प्रा.लि. ले सवलिजमा दिएका सम्पूर्ण पसल/भवनहरुको संझौताको प्रमाणित प्रतिलिपी प्राप्त गरी रेकर्ड अद्यावधिक गर्ने । घर भाडा करको लागि सो को विवरण सम्बन्धित कर कार्यालयमा पठाउने, का.म.पा. को च.नं. ४४५६ मिति ०६१।१।१७ को पत्रबाट निर्माणतर्फ रु. ११,६५,२७,९०९।१५ तथा मर्मत सम्भार तर्फ रु. ५,३९,८५,६६२।३१ गरी जम्मा रु. १७,०५,१३,५७१।४६ (सत्र करोड पाँचलाख तेह्रहजार पाँचसय एकहत्तर रुपैयाँ छयालिस पैसा) बराबरको कार्यको मूल्याङ्कन स्वीकृत भएकोमा सो मूल्याङ्कनको पुनराबलोकन गर्न का.म.न.पा. लाई लेखि पठाईएको ।

४. **नेपालगन्ज नगरपालिका अन्तरगत रहेको महेन्द्र पार्कमा शुल्क उठाउने ठेक्काको लागि बोलपत्र आह्वान गरेकोमा प्रतिवर्ष १२१०००। का दरले तीनवर्षको लागि ठेक्का दिदा त्यसको ५%ले हुने धरौटी वापतको रकम रु१८२२५। लिनु पर्नेमा ७५००। मात्र लिएको र त्यसलाइ पहिलो किस्तामा समावेश गरी नगरपालिकाले ठेक्का स्वीकृत गरी अनियमित कार्य गरेकाले कारवाही गरी पाउ भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६४।१०।२० गतेको वैठकको निर्णय अनुसार २०६३।७।३० देखि २०६६।१।३० सम्म ६ किस्तामा रकम बुझाउने गरी ३ बर्षको लागि गरिएको सम्झौता अनुसार दोश्रो किस्तादेखि नै ठेकेदारले कबोल वापतको रकम नबुझाइ विभिन्न वहाना बनाएका ठेकेदारलाइ कुनै कारवाही हुन नसकिरहेको अवस्थामा यस आयोगबाट २०६४।९।२ देखि २०६४।९।९ सम्म खटिएको अनसन्धान अधिकृतको टोलीले अनसन्धान गरिरहेकै अवस्थामा नगरपलिकाले उक्त सम्झौता रद्द गरी लिनु पर्ने रकम सरकारी बांकी सरह असुल उपर गर्ने गरी नगरपालिकाको २०६४।९।३ को बैठकले निर्णय गरिसकेको देखिदां उक्त निर्णय तदारुककासाथ कार्यान्वयन गर्न नेपालगंज नगरपालिकालाइ लेखि पठाइएको ।**

वहाना बनाएका ठेकेदारलाइ कुनै कारवाही हुन नसकिरहेको अवस्थामा यस आयोगबाट २०६४।९।२ देखि २०६४।९।९ नेपालगंन्ज नगरपालिकाले आफ्नो स्वामित्वमा रहने गरी २०२० सालमा नमुना पार्कको रुपमा महेन्द्र पार्कको स्थापना गरी त्यसमा हरिण,बाह्रसिङ्गे लगायतका जनावर र विभिन्न जातका चराचुरुङ्गी राखी तिनीहरुको संरक्षण गर्दै पार्कको संचालनका लागि ठेक्का लगाउदै आएको, २०६३।०६४ देखि साविककै ब्यबस्था बमोजिम ठेक्का लगाउन २०६३।२।११ मा न्यूनतम रु १६१०००। कायम गरी पहिलो पटक बढाबढ ठेक्का आह्वान गरेकोमा दरखास्त नपरेको, दोश्रो पटक २०६३।४।६ मा सूचना प्रकाशित गर्दा समेत वोलपत्र नपरेपछि तेस्रो पटक रु१२१५००। कवोल गर्ने राजश्री शाहलाइ ठेक्का स्वीकृत गरेको देखियो। २०६३।७।३० देखि २०६६।१।३० सम्म ६ किस्तामा रकम बुझाउने गरी ३ बर्षको लागि गरिएको सम्झौता अनुसार दोश्रो किस्तादेखि नै ठेकेदारले कबोल वापतको रकम नबुझाइ विभिन्न सम्म खटिएको अनसन्धान अधिकृतको टोलीले अनसन्धान गरिरहेकै अवस्थामा नगरपलिकाले उक्त सम्झौता रद्द गरी लिनु पर्ने रकम सरकारी बांकी सरह असुल उपर गर्ने गरी नगरपालिकाको २०६४।९।३ को बैठकले निर्णय गरिसकेको देखिदां उक्त निर्णय तदारुककासाथ कार्यान्वयन गर्न नेपालगंज नगरपालिकालाइ लेखि पठाइएको ।

५. गलत नाताप्रमाणित बनाई भ्रष्टाचार गरे भन्ने विषयको उजुरी निवेदन उपर अनुसन्धान तहकिकात भै अनुसन्धान हुँदा आयोगको मिति २०६४।१०।२२ गतेको निर्णय अनुसार काठमाडौं टोखा चण्डेश्वरी गा. वि. स. वाट दिइएको उल्लेखित नाता प्रमाण गलत रहेको अनुसन्धानवाट देखिन आएकोले सोको अभिलेख राख्न टोखा चण्डेश्वरी गा. वि. स. लाई लेखी पठाईएको ।

६. हेटौंडा नगरपालिकाले Project Code No. K2G-021-F अन्तरगत वाइपास सडक पुन निर्माणको बोलपत्र आव्हानमा अनियमिता भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१२।१० गतेको निर्णय अनुसार नगरपालिकाबाट मूल्यांकन गर्दा उक्त Declaration भएको भनी एकिन साथ उल्लेख भएको कागज नगरविकास कोषले पुन: मूल्यांकन गर्दा उक्त कागजहरु कसरी गायव भएको हो ? सो र कन्टेक्ट-नेई जेभीले पेश गरेको प्राविधिक प्रस्तावमा मधुसुदन भण्डारीको किर्ते दस्तखत र सोही फर्मले पेश गरेको प्रस्तावसाथ संलग्न CV हरुमा भएको दस्तखतहरुको आधिकारिकता पुष्टि गर्नुपर्ने देखिन्छ । त्यसैगरी अमर कन्स्ट्रक्सन प्रा.लि.को २ नोवेम्वर २००७ को पत्रमा उल्लेख भएको Mohan Krishna Shrestha (executive director) sf] specimen signature of authorized representative र बोलपत्रमा भएको दस्तखत भिड्ने देखिदैन । हेटौडा नगरपालिकालाई उपरोक्त सम्बन्धमा आवश्यक छानविन गरी नगरपालिकाको हितमा हुने गरी कानून बमोजिम निर्णय गर्न लेखी पठाउने र निर्णयको जानकारी स्थानीय विकास मन्त्रालय र नगरविकास कोषलाई दिई नगरपालिकाबाट भएको छानविन र निर्णयको जानकारी आयोगमा पठाउन लगाउन लेखी पठाईएको ।

७. जिल्ला बिकास समितिको कार्यालय काभ्रेपलान्चोकका स्थानीय बिकास अधिकारीले ११ महिनासम्म गर्नुपर्ने काम असार महिनामा योजना स्वीकृत गरी यसै महिना भित्रै सम्पन्न गर्ने गरी निर्देशन दिएर अनियमितता गरे भन्ने समेत ब्योहोराको मिति २०६५।३।११ को जनआस्था साप्ताहिक पत्रिकामा प्रकाशित समाचारको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६५।३।१९ गतेको निर्णय अनेसार स्थानीय निकाय मार्फत कार्यक्रम संचालन गराउदा संचालित योजना पुरा गराउनको लागि समयमानै प्रक्रियाको थालनी गरी संबन्धित बर्ष भित्रनै योजना सम्पन्न गराउने विस्वासनिय आधार तयार गरी बिनियोजित आर्थिक साधनको पूर्ण सदुपयोगको सुनिश्चितता गर्न र जनप्रतिनिधि

मुलक व्यवस्था हुन समेत आवस्यक देखिएको हुदा स्थानीय बिकास मन्त्रालयका सचिबलाई लेखी पठाईएको ।

(ट) सुचना तथा संचार मन्त्रालय

१. रेडियो नेपालको संचालक समितिको मिति २०६४।४।१७ को निर्णयानुसार नियम विपरित लक्ष्मणकुमार पाण्डेलाई छैठौं तहमा पदोन्नति गरेकोमा अन्य सहायक स्तरका कर्मचारीहरुलाई पनि सोही बमोजिम एक तह माथि पदोन्नति गराइपाउ भन्ने समेतको उजुरीका सम्वन्धमा आयोगको मिति २०६४।६।१० को निर्णयअनुसार लक्ष्मणकुमार पाण्डेलाई संचालक समितिको मिति २०६३।१।१३ को निर्णय अनुसार नै दरवन्दी सहित एक तह माथिको पदमा बढुवा गर्ने निर्णय संचालक समितिको २०६४।४।१७ को बैठकले गरेको देखिएबाट समान परिस्थतिका अन्य कर्मचारीहरुलाई पनि समान व्यवहार हुने गरी आवश्यक व्यवस्था मिलाउन रेडियो नेपालको संचालक समितिलाई लेखि पठाईएको ।

२. नेपाल टेलिभिजनको विज्ञापन नं. २४-०६३/०६४ को समाचार सम्पादक, तह ६ को परीक्षामा योग्य उम्मेदवारलाई उत्तीर्ण नगराई मर्यादा विपरितको प्रश्नपत्र बनाई संस्थानमा कार्यरत अस्थायी कर्मचारीलाई नै पास गर्ने गरी नियोजित रुपमा नतिजा प्रकाशन गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोग मिति २०६४।१०।६ गतेको निर्णय अनुसार उक्त परीक्षासँग सम्बन्धित कागजातहरु, उत्तरपुस्तिकाहरु तथा लिखित र प्रयोगात्मक तथा अन्तर्वातामा प्राप्त गरेका अंक तालिकाहरु समेत हेर्दा लिखित परीक्षा दिएका ४८ परीक्षार्थी मध्ये १२ जना प्रयोगात्मक र अन्तर्वार्ताको लागि छनौट भई ४ जना उम्मेदवारहरु प्रयोगात्मक तथा अन्तर्वार्ताबाट समेत उत्तीर्ण भई नियुक्तिका लागि सिफारिस गरिएको सन्दर्भमा उजुरीमा उल्लेख भएझै परीक्षाका क्रममा पदपूर्ति समितिबाट अनुचित कार्य र भ्रष्टाचार भएको भन्ने सन्दर्भमा कुनै ठोस र तथ्ययुक्त आधार देखिएन तर निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पद मध्ये महिला, जनजाति, आदिवाशी, मधेशी, दलित र अपाङ्ग तथा पिछडिएको क्षेत्रलाई समेत स्थान दिई पद छुटयाई छुट्टाछुट्टै प्रतिस्पर्धा गराउने गरी निजामती सेवा ऐन संशोधन भइसकेको सन्दर्भमा अव उप्रान्त सरकारी स्वामित्वमा रहेको नेपाल टेलिभिजनले पनि पदपूर्ति गर्दा सोही भावनालाई समेटिने गरी पदपूर्ति सम्बन्धमा व्यवस्था गर्न कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावलीमा आवश्यक संशोधन गर्न लेखी पठाईएको ।

(ठ) शिक्षा तथा खेलकूद मंत्रालय अन्तर्गत

१ सिरहा न.पा. ४ स्थित श्री नि.मा.वि. रमौल मखानाहाका प्र.अ.शुकरुल्लाह शाकिरले विद्यालयको रकम हिनामिना एवं भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुदाँ आयोगको मिति २०६४।९।२७ को निर्णय अनुसार ३ महिना भित्र असुल उपर वा नियमित के गर्नु पर्ने हो गरी आयोगमा जानकारी पठाउन जिल्ला शिक्षा कार्यालय सिराहामा लेखी पठाइएको ।

२. गुह्येश्वरी उच्च माध्यमिक विद्यालयका प्रधान अध्यापक सुमन शर्मा समेतले स्टाफ वैठकको निर्णय अनुसार भनी मासिक भत्ता खाएको भन्ने समेत व्यहोराको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।९।२६ गतेको निर्णय अनुसार विद्यालय व्यवस्थापन समितिलाई शिक्षक एवं कर्मचारीहरुलाई दिइने पारिश्रमिक एवं भत्ता र विगतमा खाएका पारिश्रमिक भत्तालाइ नियमानुसार समर्थन वा असुल उपर जे गर्नु पर्ने हो नियमानुसार गरी यस आयोगलाइ जानकारी गराउनु भनी गुह्येश्वरी उच्च माध्यमिक विद्यालय व्यवस्थापन समितिलाई लेखी पठाईएको ।

३. जिल्ला ललितपुर लगनखेल स्थित तत्कालिन श्री ५ को सरकारबाट करिव १८ रोपनी जग्गा प्राप्त गरेको नमूना मच्छिन्द्र मा.वि.सामुदायिक विद्यालयको जग्गा हडप्ने गरी दर्ता नै नभएको नमुना मच्छिन्द्र आवासीय मा.वि. भनेर सार्वजनिक सम्पत्तिलाई निजि गुठीको रुपमा दर्ता गर्न खोज्ने उपर कारवाही गरी पाउं भन्ने बिषयको उजूरी निवेदन माथि अनुसन्धान हुँदा आयोगको मिति २०६४।९।२६ गतेको निर्णय अनुसार साविकको नमूना मच्छिन्द्र मा.वि.को नाममा रहेको कि.नं.१११ को क्षे.फ.३-२-० र कि.नं.११२ को क्षे.फ.१४-१०-२ जग्गा पछि कोही कसैलाई हक हस्तान्तरण नहुने गरी नमूना मच्छिन्द्र मा.वि.कै नाममा यथावत कायम राख्न सम्बन्धित विद्यालय र मालपोत कार्यालय ललितपुरलाई लेखी पठाईएको ।

४. इन्जिनियरिङ्ग अध्ययन संस्थान, पुल्चोक क्याम्पसमा कार्यरत उप-प्राध्यापक इच्छाराज तामाङ्ग र उप प्रशिक्षक केशवलाल श्रेष्ठले अन्य निकायमा समेत पदाधिकारी भै दोहोरो सेवा गरेको भन्ने आयोगमा पर्न आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१०।३ गतेको निर्णय अनुसार पुल्चोक क्याम्पसमा कार्यरत उप प्राध्यापक इच्छाराज तामाङ्गले सिभिल सेभिङ्ग एण्ड क्रेडिट लिमिटेड र सिभिल विजिनेश प्रा.लि.मा कार्यकारी अध्यक्ष र अध्यक्षको हैसियतले कार्य गरेको देखिएको र उप प्रशिक्षक केशवलाल श्रेष्ठले सिभिल सेभिङ्ग एण्ड क्रेडिट लिमिटेडमा प्रोजेक्ट मेनेजर भै काम गरेको देखिन्छ । निजहरुले गरेको यस प्रकारको दोहोरो काम गर्न कुनै पनि स्वीकृती नलिएको भनी इन्जिनियरिङ्ग अध्ययन संस्थान, डिनको कार्यालयबाट लेखी आएकोले निजहरुले त्रिभुवन विश्व विद्यालय शिक्षक कर्मचारी सेवा सम्बन्धी नियम २०५० मा उल्लेख भएको आचरण सम्बन्धी व्यवस्था विपरित काम गरेको देखिंदा सो सम्बन्धमा त्रिभुवन विश्व विद्यालय, इन्जिनियरिङ्ग अध्ययन संस्थानलाई उपरोक्त नियम अनुसार आवश्यक प्रकृया पूरा गरी कारवाही गर्न लेखी पठाईएको ।

५. इन्जिनियरिङ्ग अध्ययन संस्थान, पुल्चोक क्याम्पसमा कार्यरत सह-प्राध्यापक भरतराज पहारीले अन्य निकायमा समेत पदाधिकारी भै दोहोरो सेवा गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।१०।३ गतेको निर्णय अनुसार पुल्चोक क्याम्पसमा कार्यरत सह-प्राध्यापक भरतराज पहारीले अमरावती आवास कम्पनी प्राइभेट लिमिटेडमा प्रवन्ध निर्देशक, मदन-आश्रित स्मृति प्रतिष्ठानमा सचिव (अवैतनिक) भै काम गरेको देखिन्छ । निजले गरेको यस प्रकारको दोहोरो काम गर्न कुनै पनि स्वीकृती नलिएको भनी इन्जिनियरिङ्ग अध्ययन संस्थान, डिनको कार्यालयबाट लेखी आएकोले निजले त्रिभुवन विश्व विद्यालय शिक्षक कर्मचारी सेवा सम्बन्धी नियम २०५० मा उल्लेख भएको आचरण सम्बन्धी व्यवस्था विपरित काम गरेको देखिंदा सो सम्बन्धमा त्रिभुवन विश्व विद्यालय, इन्जिनियरिङ्ग अध्ययन संस्थानलाई उपरोक्त नियम अनुसार आवश्यक प्रकृया पूरा गरी कारवाही गर्न लेखी पठाईएको ।

६. २०६३ सालको नियमित तथा एक्जेम्टेड समुहको एस्.एल्.सी.परिक्षाको प्राप्ताङ्कमा चित्त नवुझी पुनर्योगको लागि निवेदन दिने विद्यार्थी मध्ये करिव दश प्रतिशत विद्यार्थीको प्राप्ताङ्कमा हेरफेर भई नतीजा परिवर्तन भएको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६४।१०।१७ गतेको निर्णय अनुसार उत्तरपुस्तिकाको परीक्षण, नतीजा प्रकाशन लगायत समग्र परीक्षा पद्धतिमा देखिएका समस्याहरुको सम्बन्धमा अन्य शैक्षिक निकायहरुले अवलम्बन गर्ने परीक्षा पद्धती समेतको वारेमा जानकारी लिई समस्याहरुको समाधान गरी परीक्षा पद्धतीलाई शुद्ध,पारदर्शी र विश्वसनीय वनाउन आवश्यक व्यवस्था मिलाउन शिक्षा तथा खेलकुद मन्त्रालयका सचिवलाई लेखी पठाईएको ।

७. श्री निम्न माध्यमिक विद्यालय वनकट्टी वाँकेका शिक्षक रमेश प्रसाद श्रीवास्तवको नाममा कर्मचारी संचय कोषमा जम्मा भएको संचित रकम नक्कली कागजात तयार गरी रु १,०३,२००।- सोही विद्यालयका शिक्षक टेकेन्द्र सिंह ठकुरीले भुक्तानी लिएको सम्बन्धमा आयोग समक्ष परेको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।११।२२ गतेको निर्णय अनुसार कर्मचारी संचय कोषबाट विशेष सापटी लगायतका सापटी दिने क्रममा कोषबाट प्रदान गरिएका परिचयपत्रको उचित व्यवस्थापन गरेको नपाइएको, सापटी दिइदा कुनै पनि परिचयपत्रको प्रतिलिपी राख्ने व्यवस्था नभएको कारणबाट एक संचयकर्ताको रकम अर्कै संचयकर्ताले झिक्न सक्ने संभावना भएको हुँदा सो सम्बन्धमा आवश्यक व्यवस्था मिलाउन कर्मचारी संचय कोषलाई लेखी पठाईएको ।

८. पूर्वाञ्चल विश्व विद्यालयका उपकुलपति समेतले पूर्वाञ्चल विश्व विद्यालयबाट अन्य शैक्षिक संस्थालाई सम्बन्धन दिंदा अनियमितता गरेको, शिक्षा मन्त्रालयले दिएको निर्देशन पालना नगरेको, जग्गा खरिद एवं भवन निर्माणमा अनियमितता गरेको, MAN लाई विना काम आर्थिक सहयोग गरेको, विश्व विद्यालयले उठाउनु पर्ने रकम नउठाएको भन्ने व्यहोराको पूर्वाञ्चल विश्व विद्यालय विद्यार्थी यूनियनको तर्फबाट परेको उजूरी निवेदन आयोगमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।२।२७ को निर्णय अनुसार विश्व विद्यालयको सम्वन्धन शुल्कको वक्यौता रकम नउठाएको सम्बन्धमा शैक्षिक संस्थाहरुलाई सम्वन्धन प्रदान गर्दा वुझाउनु पर्ने शुल्क धेरै असूल उपर गर्नु पर्ने देखिएकोले सो शुल्क वुझाउन शैक्षिक संस्थाहरुलाई निश्चित समय प्रदान गरी कडाइका साथ शुल्क असुल गर्ने । त्यसरी प्रदान गरिएको समयभित्र वाकी रहेको शुल्क नवुझाएमा नियमानुसार सम्बन्धन खारेज गर्ने तर्फ कारवाही चलाउने, भौतिक पूर्वाधार विना नयाँ संस्थाहरुलाई सम्वन्धन प्रदान गरेको सम्वन्धमा सम्वन्धन प्रदान गर्दा उक्त शैक्षिक संस्थाको भौतिक पूर्वाधार आवश्यकतानुसारको भएमा मात्र सम्वधन प्रदान गर्ने व्यवस्था मिलाउने । सम्वन्धन प्रदान गरे पश्चात त्यस्ता संस्थाहरुको नियमित रुपमा सुपरिवेक्षण र अनुगमन गर्ने, विश्व विद्यालयको लागि नव निर्मित भवन हस्तान्तरण तर्फ शिघ्र पहल गरी लिई सोही भवनबाट कार्य संचालन गर्न पूर्वाञ्चल विश्व विद्यालयमा लेखि पठाईएको ।

परिच्छेद - १२
विभागीय वा अन्य कारवाही गर्न लेखिएका विषयमा कार्यान्वयन सम्पन्न भई आएको

अनुचित कार्यको अनुसन्धानको सिलसिलामा विभागीय कारबाही लगायत अन्य कारबाही गर्ने गरी आयोगले गरेका निर्णयहरुको कार्यान्वयनका लागि विभिन्न सरकारी मन्त्रालय, विभाग तथा अन्तर्गत कार्यालयहरुलाई लेखी पठाउने गरेको छ । प्रत्येक महिनामा हुने बैठकमा सबै मन्त्रालयबाट फोकल प्वाइन्टको रुपमा प्रतिनिधित्व गराई कार्यान्वयन स्थितीको समीक्षा गराउँदा आयोगका निर्णयहरुको कार्यान्वयन स्थितिमा सुधार आएको देखिएको छ । विभागीय कारबाही लगायत विविध कारबाही गर्ने गरी भएका निर्णयहरु मध्ये आ.व. २०६४।६५ को अवधिमा कार्यन्वयन भई आयोगको जानकारीमा आएका निर्णयहरुको विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

(क) विभागीय कारवाही

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	२०६१।१।१०	अर्धाखाँचि जिल्ला ठाडा गाविस र सिमलपानी गाविसको राष्ट्रियबनलाई व्यक्तिको नाममा दर्ता गरेको भन्ने उजुरीको सम्बन्धमा जिल्ला बन कार्यालयका अधिकृत लगायत अन्य संलग्न कर्मचारीहरुलाई र वन अधिकृतलाई विभागीय कारवाही गर्न र सरकारी वनको सिमा कायम गर्न वन तथा भूसंरक्षण मंन्त्रालयमा लेखी पठाइएको ।	संलग्न कर्मचारीहरु मध्ये बन अधिकृत अनिरुद्र ठाकुरलाई सेवाबाट हटाईएको, रामाशंकरप्रसाद यादवको ४ तलव बृद्धि रोक्का गरिएको बन विभागको च.नं ३५५४ मिति २०६४।२।३१ को पत्रवाट जानकारी प्राप्त । बन तथा भूसंरक्षण मंन्त्रालयको च.नं.५७ मिति २०६४।५।२ को पत्रानुसार निर्णय कार्यान्वयन भएको जानकारी प्राप्त ।
२.	२०६२।८।३	विद्यालयको शैक्षिक दरवन्दी मिलान र काज सरुवा गर्दा पर्साका जि.शि.अ.बाट अनियमितता भएको उजुरीका सम्बन्धमा जि.शि.अ. लक्ष्मीराम पौडेललाई विभागीय कारवाही गर्न शिक्षा तथा खेलकुद मन्त्रालयलाई लेखी पठाइएको ।	शिक्षा तथा खेलकुद मन्त्रालयको च.नं ६४ मिति २०६४।८।२ को पत्रानुसार २ तलव बृद्धि रोक्का गरिएको जानकारी प्राप्त ।
३.	२०६२।९।७	जिल्ला जनस्वास्थ्य कार्यालय सिन्धुपाल्चोकका अहेव दुर्गा बजगाईले कार्यालयको समयमा काठमाडौमा अध्ययन गरि अनुचित कार्य गरेको उजुरीका सम्बन्धमा अ.हे.व सुश्री दुर्गा बजगाईलाई स्वास्थ्य सेवा ऐन नियम बमोजिम आवश्यक कारवाहि गरि जानकारी पठाउन मध्यमाञ्चल क्षेत्रिय स्वास्थ्य निर्देशनालयलाई लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं.७५ को पत्रानुसार निजले प्राप्त गरेको तलव वापतको रकमबाट असुल उपरको प्रक्रिया प्रारम्भ भै सकेको भन्ने जानकारी प्राप्त भएकोले आयोगको २०६४।११।१५ को निर्णयानुसार लगतकट्टा भएको ।
४.	२०६२/११/१५	यातायात व्यवस्था विभागले ८० ग्रामको कागजमा व्लु वुक छपाई गर्नुपर्नेमा ५८ ग्रामको	श्रम तथा यातायात व्यवस्था मन्त्रालयको च.नं. ५१६ मिति

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
		कागजमा छपाई गराई भ्रष्ट्राचार गरे भन्ने उजुरीका सम्बन्धमा ना.सु.(स्टोरकिपर) मनोहर पुरीको तीन तलव वृद्धि रोक्का गर्न यातायात व्यवस्था विभागका महानिर्देशकलाई लेखी पठाइएको ।	२०६४।८।२६ को पत्रानुसार मनोहर पुरीको ३ तलव वृद्दि रोक्का गरिएको जानकारी प्राप्त ।
५.	२०६३/२/४	जनकपुर नगरपालिकामा अनियमित तवरले स्थायी ओभरसियर नियुक्ति गरिएको भन्ने उजुरीका सम्बन्धमा कार्यकारी अधिकृत शिवदत्त भट्टराईलाई विभागीय कारवाही गर्न स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।	स्थानिय विकास मन्त्रालयको च.नं९९ मिति २०६४।६।२९ को पत्रानुसार नसिहत दिएको जाकारी प्राप्त ।
६.	२०६३/२/१४	त्रिभुवन विमान स्थल नागरिक उड्डयन कार्यालले निर्माण मर्मत र सरसफाई कार्यको टेण्डर छल्ने अभिप्रायले टुक्राटुक्रा गरी लागत अनुमान तयार गरी प्रतिस्पर्धावेगर कार्य गराएको भन्ने उजुरीका सम्बन्धमा सो कार्यालयका तत्कालिन महाशाखा प्रमुख पुण्यराज शाक्य, तत्कालिन महाप्रवन्धक योगेन्द्र प्रसाद राउत, तत्कालिन महाशाखा प्रमुख कुमार प्रसाद लामिछाने, तत्कालिन महाशाखा प्रमुख शालिकराम पौडेल, तत्कालिन महाप्रवन्धक दिनेशप्रसाद श्रेष्ठ, तत्कालिन महाशाखा प्रमुख अनन्तकुमार देवकोटा, तत्कालिन महाप्रवन्धक केशवराज खनाल, तत्कालिन महाप्रवन्धक मुकुन्दप्रसाद भण्डारीलाई विभागीय कारवाही गर्न संस्कृति पर्यटन तथा ना.उ. मन्त्रालयमा लेखी पठाइएको ।	संस्कृति पर्यटन तथा ना.उ. मन्त्रालयको च.नं १६२१ मिति २०६४।२।३० को पत्रानुसार सचेत गराएको जानकारी प्राप्त पत्रानुसार आयोगको मिति २०६४।४।३ को निर्णयानुसार लगत कट्टा गरिएको ।
७.	२०६३।३।२५	जापान सरकार जाईकाबाट प्राप्त विद्यालय निर्माण सामग्री र नगद हिनामिना गरी जि.शि.अ.राकेश श्री वास्तव समेतले भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा खरिदार श्री सिताराम चौधरीलाई विभागीय कारवाही गर्न शिक्षा तथा खेलकुद मन्त्रालयलाई लेखी पठाइएको ।	शिक्षा तथा खेलकुद मन्त्रालयको मिति २०६४।११।१५ को पत्रानुसार ५ वर्ष बढुवा रोक्का गरिएको जानकारी प्राप्त ।
८.	२०६३।३।२६	घरेलु तथा साना उद्योग कार्यालय काभ्रेपलान्चोकबाट उद्योग दर्ता सम्बन्धमा अनियमित कार्य भएको भन्ने उजुरीका सम्बन्धमा ख.पुरुषोत्तम अर्याल र कार्यालय प्रमुख कृष्णबहादुर कार्कीलाई विभागिय कार्यवाही गर्न सचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई लेखी पठाइएको ।	भौतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०६५।२।८ को पत्रानुसार क्रमशः ५ वर्ष र २ वर्ष बढुवा रोक्का गरिएको जानकारी प्राप्त ।
९.	२०६३।४।१६	लेखापाल धर्मप्रसाद पोखरेल समेतले (जिल्ला वन कार्यालय झापा) स्वयं समेतले भुक्तानी पाउने गरी विल भरपाई वेगर खातावाट चेकको भुक्तानी लिई निजी प्रयोग गरी समयमा राजस्व तथा धरौटी रकम बैंक दाखिला नगरी अनुचित कार्य	वन तथा भू संरक्षण मन्त्रालयको च.नं.७ मिति २०६४।५।३१ को पत्रानुसार १ तलब बृद्धि रोक्का राखिएको जानकारी प्राप्त ।

क्र.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
		गरे भन्ने उजुरीका सम्बन्धमा जिल्ला वन अधिकृत योगेन्द्र प्रसाद यादव जिल्ला कार्यालय झापालाई नि.से.ऐनको दफा ५९(ख) बमोजिम विभागिय कार्यवाही गर्न वन तथा भू संरक्षण मन्त्रालयलाइ लेखी पठाइएको ।	
१०.	२०६३।५।६	स्टोरमा कार्यरत मनोज कुमार सिंह समेतले सामान विक्री गरी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा आयोजनाका सम्बन्धित जिम्मेवार कर्मचारीहरुलाई विभागीय कार्यवाही गर्न नेपाल विद्युत प्राधिकरण लाई लेखि पठाईएको ।	विद्युत प्राधिकरणको च.नं. ३०, मिति २०६५।१।३० को पत्रानुसार निर्णय कार्यान्वयन भएको जानकारी प्राप्त भई आयोगको मिति २०६५।२।२३ को निर्णयानुसार लगतकट्टा गरिएको ।
११.	२०६३।५।१२	नयाँ नैकाप गा. बि. स. सचिव महेश्वर घिमिरे समेतले सरकारी छाप किर्ते. गरी रु पन्ध्र लाख ठगी गरेको भन्ने उजुरीका सम्बन्धमा नापी अधिकृत हेम प्रसाद गौतमलाई विभागीय सजाय गर्न भुमि सुधार तथा व्यवस्थापन मन्त्रालयमा लेखि पठाईएको ।	भुमिसुधार तथा व्यवस्थापन मन्त्रालयको च.नं. ६८० मिति २०६४।५।२८ को पत्रानुसार २ तलव बृद्धि रोक्का गरिएको जानकारी प्राप्त ।
१२.	२०६३।१०।१०	वैदेशिक रोजगारको लागि कामदार पठाउने सम्बन्धमा ड्रीम अचिर्भस प्रा.लि सँग मिलेमतो गरी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा कसुरको मात्रा अनुसार नि.महानिर्देशक खेमराज कोइराला, निर्देशक माथवर अधिकारी, नासु पदम गड्तौला समेतलाई विभागीय कारवाही गर्न श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।	सूचना तथा सञ्चार मन्त्रालयको च.नं. ४८४ मिति २०६४।८।६ र वातावरण विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ७०२ मिति २०६४।५।३१ को पत्रानुसार नि.महानिर्देशक र निर्देशकलाई नसिहत दिइएको र महिला विकास विभागको च.नं. ९८६ मिति २०६४।१०।२१ को पत्रानुसार ना.सुको १ तलव वृद्धि रोक्का भएको जानकारी प्राप्त ।
१३.	२०६३।११।१	महोत्तरी जलेश्वर न.पा.को गिरिजा स. मिलमा विद्युत जडानमा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा छानविन एवं आवश्यक कारबाही गरी आयोगलाई जानकारी गराउन नेपाल विद्युत प्राधिकरण केन्द्रिय कार्यालयलाई लेखी पठाइएको ।	नेपाल विद्युत प्राधिकरण केन्द्रिय कार्यालयको मिति २०६४।८।४ को पत्र मार्फत आवश्यक छानविन गरी कारवाही गरिरहनु नपर्ने जवाफलाई आधार मानि आयोगको मिति २०६४।८।२७ को निर्णयले लगतकट्टा गरिएको ।
१४.	२०६४।२।३	कान्तिपुर आयुर्वेदिक कलेजका संचालक डा.योगेन्द्र ठाकुरले विद्यार्थी भर्ना शुल्कको रकम लिई फरार भएको भन्ने उजुरीका सम्बन्धमा वाल्मिकि विद्यापिठ प्रदर्शनी मार्ग काठमाडौंका प्राचार्य निलमणी ढुङ्गाना र प्राचार्य विनोद कुमार पन्तलाई नेपाल संस्कृत विश्व विद्यालय नियमावली २०४४ को नियम १९ .८.२. १ बमोजिम विभागीय कारवाही गरी आयोगलाई	कुल सचिवको कार्यालयको च.नं.२१४९ मिति २०६४।११।८ को पत्रानुसार निजहरुलाई नसिहत दिएको जानकारी प्राप्त ।

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
		जानकारी दिन नेपाल संस्कृत विश्व विद्यालयलाई लेखी पठाइएको ।	
१५.	२०६४।४।२४	नेपाल राष्ट्रियप्राथमिक विद्यालय सुर्खेतका तत्कालीन प्र.अ. धर्मनाथ यादवले नक्कली विल भर्पाई बनाई तलव भत्ता निकासा गरि खाएको भन्ने उजुरीका सम्बन्धमा तत्कालीन प्र.अ. धर्मनाथ यादव नेपाल राष्ट्रिय प्रा.वि.मुरलीखोला, छिन्चु सुर्खेतलाई विभागीय कार्यवाही गर्न शिक्षा तथा खेलकुद मन्त्रालयलाई लेखी पठाइएको ।	शिक्षा तथा खेलकुद मन्त्रालयको मिति २०६४।९।२६ को पत्रानुसार २ वर्ष बढुवा रोक्का गरिएको जानकारी प्राप्त ।
१६.	२०६४।१०।२०	राजश्व रकम हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा कामनपाका ना.सु सुरेन्द्रप्रसाद गौतमलाई विभागीय कारवाही गर्न लेखी पठाइएको ।	कामनपाको च.नं.२६९२ मिति २०६४।१२।६ को पत्रानुसार २ वर्ष तलव बृद्धि रोक्का गरिएको जानकारी प्राप्त ।

(ख) सचेत

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	२०६३।१०।१०	वैदेशिक रोजगारको लागि कामदार पठाउने सम्बन्धमा ड्रीम अचिर्भस प्रा.लि सँग मिलेमतो गरी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा शा.अ. रामजीलाल श्रेष्ठलाई सचेत गराउन श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।	श्रम तथा यातायात व्यवस्था मन्त्रालयको च.नं. ८६७ मिति २०६३।११।३ को पत्रानुसार सचेत गराइएको जानकारी प्राप्त ।
२.	२०६४।३।३१	काठमाडौं जिल्लाका तत्कालिन जि.शि.अ.लक्ष्मण खनाल समेतले गैर कानुनी ढंगले धापासी स्थित पायाज ट्रिनीटी एकेडमीलाई कक्षा संचालनको अनुमति दिएको भन्ने उजुरीका सम्बन्धमा तत्कालिन जि.शि.अ. लक्ष्मण प्रसाद खनाल, शा.अ. संगीता रेग्मी, प्रा.श. भोज कुमार ठकुरीलाई सचेत गराउन शिक्षा तथा खेलकुद मन्त्रालयमा लेखी पठाइएको ।	शिक्षा तथा खेलकुद मन्त्रालयको मिति २०६४।५।३ को पत्रानुसार सचेत गराइएको जानकारी प्राप्त ।
३.	२०६४।४।२	तत्कालिन भन्सार अधिकृत महेन्द्र कुमार बानियाँलाई विभागीय कारवाही मिति सम्बन्धीको उजुरीका सम्बन्धमा भन्सार विभागका तत्कालिन महानिर्देशक बाल गोविन्द विष्टलाई सचेत गराउन अर्थ मन्त्रालयमा लेखी पठाइएको ।	अर्थ मन्त्रालयको च.नं. ३३५ मिति २०६४।५।२ को पत्रानुसार निज अवकाश भएको जानकारी प्राप्त ।
४.	२०६४।४।२४	पशुचिकित्सक डा. फेकन साह (तेली) को अध्ययन विदा स्वीकृतिमा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा निजलाई सचेत गराउन कृषि तथा सहकारी मन्त्रालयलाई लेखि पठाईएको ।	कृषि तथा सहकारी मन्त्रालयको च.नं ४७६१ मिति २०६४।८।१२ को पत्रानुसार सचेत गराईएको जानकारी प्राप्त ।
५.	२०६४।५।६	नेपाल नागरिक उड्डयन प्राधिकरणले अन्तराष्ट्रिय विमानस्थलको टर्मिनल भवनमा मनि	संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालय को च.नं.

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
		चेन्जर सर्भिस संचालन गर्न दिंदा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा नि.महानिर्देशक मोहन अधिकारी नेपालनागरिक उड्डयन प्राधिकरणलाई सचेत गराउन संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखी पठाइएको ।	७२५ को पत्रानुसार सचेत गराईएको जानकारी प्राप्त ।
६.	२०६४।५।१७	सार्वजनिक पोखरीको ठेक्काको किस्ता रकम र धरौटी समेत दाखिला नगरी हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा तत्कालीन महेश्पुर पतारी गा.वि.स.सचिव विलटनारायण चौधारीलाई सचेत गराउन जि.वि.स.को कार्यालय सिरहामा लेखी पठाइएको ।	जि.वि.स. को कार्यालय सिरहाको च.नं ५२१ मिति २०६४।६।६ को पत्रानुसार सचेत गराईएको जानकारी प्राप्त ।
७.	२०६४।६।२१	गैर कानुनी रुपमा वन पैदावारमा आधारित उद्योगहरु दर्ता गरी वन कार्यालय र घरेलु तथा साना उद्योग कार्यालय दाङ्गका कर्मचारीले रकम भाग बन्डा गरी खाए भन्ने उजुरीका सम्बन्धमा कार्यालय प्रमुख रमानाथ शर्मा, खरिदार शरद कुमार पछाई, सहायक वन अधिकृत प्रभुनाथ प्रसाद यादव, अमिन लक्ष्मी प्रसाद चौधरी, अमिन गोविन्द बहादुर वस्नेत (नापी कार्यालय, दाङ्ग)लाई सचेत गराउन घरेलु तथा साना उद्योग कार्यालय दाङ, बन विभाग भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखि पठाईएको ।	वाणिज्य विभाग मिति २०६४।७।१३, बन विभागको मिति २०६४।७।२०, भूमिसुधार तथा व्यवस्था मन्त्रालयको च.नं १४४५ मिति २०६४।९।२९ को पत्रानुसार सचेत गराईएको जानकारी प्राप्त ।
८.	२०६४।७।१५	पर्साका तत्कालिन प्र.जि.अ. धरणीधर खतिवडाले सहुलियत दरको मट्टितेल वितरण गर्दा अनियमितता गरे भन्ने उजुरीका सम्बन्धमा सचेत गराउन राष्ट्रिय योजना आयोगमा लेखी पठाइएको ।	राष्ट्रिय योजना आयोगको प.सं.१४ मिति २०६४।८।९ को पत्रानुसार सचेत गराईएको जानकारी प्राप्त ।
९.	२०६३।११।१४ र २०६४।६।१५	कटारी ओखलढुंगा सडकमा पर्ने टोकसेलघाट पुल निर्माण कार्यमा ढिलाई भएको भन्ने उजुरीका सम्बन्धमा ई.राजु अर्याललाई सचेत गराउन भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखी पठाइएको ।	भौतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०६५।३।८ को पत्रानुसार सचेत गराईएको जानकारी प्राप्त ।

(ग) सुझाव / निर्देशन

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	२०६०।७।४ र २०६२।१०।४	राष्ट्रियविमा संस्थानबाट आयोगको मिति २०६०।७।४ को निर्णय कार्यान्वयन नगरेको विषयमा आयोगको उक्त निर्णय कार्यान्वयनमा राष्ट्रियविमा संस्थानबाट हालसम्म आलटाल भएको देखिँदा निर्णय कार्यान्वयन गराउन राष्ट्रियविमा संस्थानमा लेखि पठाईएको ।	अर्थ मन्त्रालयको च.नं.४५८ मिति २०६४।५।१३ को पत्र र आयोगको २०६४।५।३१ को निर्णयानुसार लगत कट्टा भएको ।

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
२.	२०६२/४/१२	नेपाल गुणस्तर तथा नापतौल विभागको मेकानिकल इन्जिनियर पदमा कार्यरत विष्णु अधिकारीले त्रिभुवन विश्वविद्यालय अन्तर्गत पाटन संयुक्त क्याम्पसको उपप्राध्यापक पदमा २०५४/६/१५ देखि स्थायी नियुक्ति पाई दोहोरो सुविधा लिएको भन्ने उजुरीका सम्बन्धमा निजले पाउने उपदान नदिन त्रि.वि.वि. रजिष्ट्रारको कार्यालयलाई निर्देशनको लागि लेखी पठाइएको ।	त्रि वि वि रजिष्टारको कार्यालयको मिति २०६४।११।६ को पत्रानुसार उपदान नदिएको जानकारी प्राप्त ।
३.	२०६२।८।१	राजेन्द्र प्रसाद भट्टले आफुले पाउनु पर्ने रकमकलम विवरण पाउ भन्ने उजुरीका सम्बन्धमा छानविन गरी आवश्यक कारवाही गर्न राष्ट्रियवाणिज्य बैक केन्द्रिय कार्यालयका कार्यकारी निर्देशकलाई लेखी पठाइएको ।	अर्थ मन्त्रालयको मिति २०६४।११।२१ को पत्रानुसार निर्देशन प्रात्त भएकोले आयोगको मिति २०६४।११।२२ को निर्णयले लगत कट्टा गरिएको ।
४.	२०६२/८/२७	ने.वै.लि. नवलपरासी शाखाबाट खराव कर्जा प्रवाह गरी अनियमितता गरे भन्ने उजुरीको सम्बन्धमा ने.वै.लि. प्रधान कार्यालय का कार्यकारी अधिकृतलाई खराव कर्जा ६ महिनाभित्र असूलउपर गरी आयोगलाई जानकारी गराउन लेखी पठाईएको ।	अर्थ मन्त्रालयको मिति २०६५।३।२७ को पत्रानुसार असुल उपर भएको जानकारी प्राप्त ।
५.	०६२/९/१५	नमोकार केवुल इ. प्रा.लि. का संचालक निरज सुराना र विजय सुरानाले नविल वैंक र वैंक अफ काठमाण्डौबाट रु. ७ करोड ऋण लिई उद्योग वन्द गरी फरार भए भन्ने उजुरीका सम्बन्धमा नेपाल राष्ट्र वैंकको सुपरिवेक्षण प्रतिवेदन समेतले बैंक अफ काठमाण्डौबाट नमोकार केवल इ. प्रा.लि. समेतको कर्जा लगानीको विषयमा अनियमितता र कैफियतहरु औंल्याएको देखियो । ती अनियमितता र कैफियतहरुमा नेपाल राष्ट्र बैंकले कानूनद्वारा प्रदत्त अधिकारको प्रयोग गरी आवश्यक कारवाही गरेको भन्ने नदेखिएको हुँदा यस सम्बन्धमा ऐन कानूनवमोजिम गरी आयोगलाई जानकारी दिन नेपाल राष्ट्र बैकलाई निर्देशनको लागि लेखि पठाईएको	अर्थ मन्त्रालयको च.नं.१३३० मिति २०६४।१०।३ को पत्रानुसार यस सम्बन्धी कारवाही ऋण असुली न्यायाधीकरणबाट बैकको पक्षमा फैशला भएको र यसको कायान्वयनको जिम्मेवारी सोही न्यायाधिकरणको भएको जानकारी प्राप्त ।
६.	२०६२।९।२१	नेपाल स्वास्थ्य अनुसन्धान परिषदमा दरवन्दी विना ५ जना लाई नियुक्ति गरे भन्ने सम्बन्धमा नेपाल स्वास्थ्य अनुसन्धान परिषद कार्य संचालन विनियमहरु २०४८ को विनियम १५.८ मा अविलम्ब आवश्यक पुनरावलोकन गरि संशोधन गर्न नेपाल स्वास्थ्य अनुसन्धान परिषदमा लेखि पठाईएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६४।१२।७ को पत्रसाथ परिषदको कार्य संचालनको विनियम २०४८ मा समय सापेक्ष संशोधन भएको जानकारी प्राप्त ।
७.	२०६२।१२।३	झापा अनारमुनी गा.वि.स. वाड नं. ३ को कि.नं. २९२ र २९४ को जग्गा नापीको समयका फिल्डवुकमा सडक र पैनी जनिएको सार्वजनिक	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको च.नं.४७० मिति २०६४।५।१० को पत्रानुसार

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
		जग्गा व्यक्तिविशेषको नाउँमा दर्ता भएको भन्ने उजुरीका सम्बन्धमा प्रचलित नियम कानून वमोजिम आवश्यक कारवाही गरी ६ महिनाभित्र आयोगमा प्रतिवेदन पठाउन सचिव भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी पठाइएको ।	निर्देशन पालना भएको जानकारी प्राप्त ।
८.	२०६२।१२।२८	भ्रष्टाचार एवं अनुचित कार्य गरी सदाचार नैतिकता अनुशासन कायम गर्दै अनुशासन प्रवर्द्धन गर्न भ्रष्टाचार तथा अनुचित कार्य नियन्त्रण सम्बन्धि विषयलाई विद्यालय तथा विश्वविद्यालय स्तरको पाठ्यक्रममा समावेश गर्ने भन्ने उजुरीका सम्बन्धमा आयोगमा पेश भएको मस्यौदा बमोजिम भ्रष्टाचार तथा अनुचित कार्य नियन्त्रण सम्बन्धि विषयलाई विद्यालय तथा विश्वविद्यालयको पाठ्यक्रममा समावेश गर्न उपर्युक्त देखिदा आवश्यक कारवाही गरी आयोगलाई जानकारी गराउन शिक्षा तथा खेलकुद मंत्रालयलाई लेखि पठाईएको ।	शिक्षा तथा खेलकुद मंत्रालयको च.नं.२२ मिति २०६४।५।२ को पत्रानुसार निर्देशन पालना भएको जानकारी प्राप्त ।
९.	२०६३।२।२१	जावलाखेल पेटोलपम्प एकान्तकुनाले पेटोलियम पदार्थमा मिसावट गरी बिक्री गरेको भन्ने उजुरीका सम्बन्धमा विभागले जे जुन कानुन अन्तर्गत बजार अनुगमन गरी कारबाहीको उठान गरेको हो सोही कानुन अन्तर्गत कारबाहीको टुंगो लगाई आयोगलाई जानकारी गराउन बाणिज्य बिभागलाई लेखि पठाईएको ।	उद्योग बाणिज्य तथा आपुर्ति मन्त्रालयको च.नं १४६१ मिति २०६४।१०।१४ मा ललितपुर जिल्ला अदालतमा मुद्दा दायर भैसकेको जानकारी प्राप्त भई आयोगको मिति २०६४।१०।२३ को निर्णयले लगत कट्टा गरिएको ।
१०.	२०६३।४।१५	ग्रामिण आवास कम्पनी र वन विभाग विच अधिकार र उत्तरदायीत्वको भ्रम रही उक्त विषयमा कुनै टुंगोमा नपुगी गैरकानूनी निर्माण गरेको संरचनाको संबन्धमा पनि कुनै टुंगोमा नपुगी आवश्यक कार्यवाही नभएको देखिएको भन्ने उजुरीका सम्बन्धमा कुन निकायको कस्तो हक अधिकार हुनु पर्ने हो ? सो को आधारमा उक्त अधिकार प्रयोगको हकमा के कसो गर्नु पर्ने हो ? सो गरी आयोगलाई ३ महिना भित्र जानकारी गराउन वन तथा भू संरक्षण र भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखि पठाईएको ।	भौतिक योजना तथा निर्माण मन्त्रालयको च.नं. २५२ मिति २०६४।५।३० को पत्रानुसार आयोगको मिति २०६४।६।२१ को निर्णयले लगत कट्टा गरिएको ।
११.	२०६३।९।१४	बृटिस दूताबास अन्तर्गत कार्यरत नेपाली कर्मचारीले तिर्नुपर्ने आयकर नतिरेको भन्ने उजुरीका सम्बन्धमा तदारुकताका साथ कारवाही गरी जानकारी गराउन सचिव अर्थ मन्त्रालयलाई लेखी पठाइएको ।	अर्थ मन्त्रालयको च.नं २९५१ मिति २०६५।३।३१ को पत्रानुसार आवयक व्यवस्था मिलाउनु हुन परराष्ट मन्त्रालय मार्फत कार्यान्वयन भएको जानकारी प्राप्त ।

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१२.	२०६३।९।१८	काठमाण्डौ-१० वानेश्वर बस्ने नामग्याल भन्ने दिलबहादुर श्रेष्ठले कारोबार गरेका विभिन्न फर्म भाडामा लगाएका घरको कर तथा अन्य राजश्व छलेको भन्ने उजुरीका सम्बन्धमा छानवीन गरी कारवाही टुंगो लगाई जानकारी पठाउन अर्थ मन्त्रालयलाई लेखि पठाईएको ।	अर्थ मन्त्रालयको मिति २०६४।११।८ को पत्रानुसार तिर्नुपर्ने कर रकम समेत दाखिला गरिसकिएकाले आयोगको मिति २०६४।११।१३ को निर्णयानुसार लगतकट्टा गरिएको ।
१३.	२०६३।९।२०	गौर भन्सार अन्तर्गतको औरिया मठिया छोटी भन्सारका मुखिया श्याम मण्डलले भन्सार महशुल कम लिएको भन्ने उजुरीका सम्बन्धमा आवश्यक छानविन गरी कारवाहीको प्रतिवेदन पठाउन राजश्व अनुसन्धान विभागलाई लेखि पठाईएको ।	अर्थ मन्त्रालयको च.नं ५८० मिति २०६४।५।२५ को पत्रानुसार मुखिया श्याम मण्डलको तलवबाट कट्टा गर्ने व्यवस्था मिलाएको पत्र प्राप्त भई आयोगको मिति २०६४।६।१० को निर्णयानुसार लगतकट्टा गरिएको ।
१४.	२०६३।९।२४	पूर्वाञ्चल ग्रामिण विकास बैंकका कर्मचारीले ढुकुटीको रकम हिनामिना गरी मासी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा का.मु. एकाउन्टेन्ट राजन प्रसाद बरालले अपचलन गरेको रकमको बैंक नियमानुसार उच्चतम व्याजदरका हिसावले हुन आउने रकम निजले पाउने तलवभत्ता तथा अन्य सुविधाबाट कट्टा गरी बैंक दाखिला गरी प्रस्तुत कसुरमा निजउपर बैंकको कर्मचारी नियमावली बमोजिम विभागीय कारवाही गर्न र फिल्ड सहायक राजनारायण खड्काले अपचलन गरेको रु. ४३२००।- सो बैंकको नियमानुसार उच्चतम व्याजदरबाट हुने रकम निजले पाउने तलवभत्ताबाट कट्टा गरी बैंक दाखिला गराई बैंकको कर्मचारी नियमावली बमोजिम विभागीय कारवाही समेत गरी ३ महिनाभित्र आयोगलाई जानकारी गराउन पूर्वान्चल ग्रामिण विकास बैंक विराटनगरलाई लेखी पठाइएको ।	अर्थ मन्त्रालयको पत्रानुसार का.मु. एकाउन्टेन्ट राजन प्रसाद बराललाई विभागीय कारवाही भईसकेको र निजले अपचलन गरेको रकम असुल भएको तथा फिल्ड सहायक राजनारायण खड्काले अपचलन गरेको रकम जम्मा नगरेसम्म निजले पाउनु पर्ने कुनै पनि रकम भुक्तानी रकम निजलाई नदिने जानकारी प्राप्त ।
१५.	२०६३।११।२	दि.एलायटको एड मा.वि. काठमाडौंले सम्पत्ति विक्री गरी मिलेमतोमा भ्रष्ट्राचार गरेको भन्ने उजुरीका सम्बन्धमा पुरानो दायित्व सम्बन्धमा कुनै निर्णय नै नगरी व्यवस्थापन करारमा दिन स्विकृति प्रदान गर्ने निर्णय प्रक्रियामा सम्बद्ध कर्मचारी उपर कारवाही समेत गर्न र दि. एलायटको एडका पूर्व शिक्षक तथा कर्मचारीहरुको तलव सुविधा सम्बन्धी हिसाव फरफारक गरी तीन महिना भित्र समाधान गरी आयोगलाई जानकारी दिन लेखी पठाइएको ।	शिक्षा तथा खेलकुद मन्त्रालयको च.नं.९३ मिति २०६४।९।१६ को पत्रानुसार संलग्न कर्मचारीलाई सचेत गराई तलव सुविधा सम्बन्धी हिसाव फरफारक भएको जानकारी प्राप्त ।
१६.	२०६३।११।८	जि. स्याङ्जा अन्तरगतको सरस्वती मा.वि. का यम बहादुर कुवँर समेतका ६ जनाले वालीङ्ग	गृह मन्त्रालयको च.नं.२८१ बमोजिम दोहोरो सुविधा लिएको

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
		क्याम्पसमा पूर्णकालिन प्राध्यापकको रुपमा कार्य गरी दोहोरो सुबिधा लिएको भन्ने उजुरीका सम्बन्धमा थप अनुसन्धान गरी कारबाही टुङ्गो लगाई आयोगलाई जानकारी गराउन जिल्ला प्रशासन कार्यालय स्याङ्जालाई लेखि पठाईएको ।	भन्ने विषयको उजुरी निवेदन तामेलीमा राख्ने गरि मिति २०६४।१०।२३ मा जिल्ला प्रशासन कार्यालय स्याङ्जाबाट लेखि आएकोले आयोगको मिति २०६४।१२।१० को निर्णयानुसार लगतकट्टा गरिएको ।
१७.	२०६३।१०।२९	नेपाल पर्वतारोहण संघमा सरकारबाट प्राप्त रकम भ्रष्ट्राचार गरेको भन्ने उजुरीको सम्बन्धमा पर्यटन ऐन २०३५ को दफा ३८(१)को ट मा नेपाल सरकारको आदेश निर्देशन पालना नगर्ने पर्वतारोही संघलाई ऐन को दफा ३७ (२) बमोजिम सुम्पिएको अधिकार फिर्ता लिन वा पर्वतारोहणको प्रयोजनको लागि प्रदान गरेको मान्यता रद्द गर्न सक्ने अधिकार नेपाल सरकारलाई रहेभएको देखिदा यस सम्बन्धमा जे जो निर्णय कारबाही गर्नु पर्ने हो गरि आयोगलाई जानकारी गराउन संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालयमा लेखि पठाईएको ।	संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालयको १(प्र)०६४।६५।७२७ मिति २०६४।८।२७ को पत्रानुसार निर्देशन पालना भएको जानकारी प्राप्त ।
१८.	२०६३।११।२१	कोशि स्टोन क्रसिङ प्रा.ली.ले कर राजश्व छलेको भन्ने उजुरीका सम्बन्धमा कोशि स्टोन क्रसिङ प्रा.लि.ले आ.व. ०३४।३५ देखि ०३९।४० सम्म र ०४८।४९ देखि ०५०।५१ सम्म कारोवार गरेको कागजवाट पुष्टि हुन आएकाले सो क्रसिङबाट लाग्ने कर असुल उपर गरि आयोलाई जानकारि दिन महानिर्देशक आन्तरिक राजश्व विभागलाई लेखि पठाईएको ।	अर्थ मन्त्रालयको मिति २०६४।११।८ को पत्रानुसार बुझाउनु पर्ने कर रकम कायम गरि तिर्नु पर्ने रकम मध्ये रु १,०७,२५०।- दाखिला गरी सकेको र बाँकि रकम तिर्ने बुझाउने प्रतिवद्धता व्यक्त गरे अनुसार आयोगको मिति २०६४।११।१३ को निर्णयले लगतकट्टा गरिएको ।
१९.	२०६३।११।२७	सकुम्बासी समस्या समाधान आयोग मोरङ्गले बिक्री बितरण गरेको जग्गामा अनियमितता भयो भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६३।११।२७ को निर्णयमा उल्लेखित कित्ता नं. का जग्गाहरु अनियमित रुपमा दर्ता भएको प्रमाणित भएको हुदाँ सुकुम्बासी समस्या समाधान आयोग कार्यविधि २०५७ को दफा २१ तथा मालपोत ऐन २०३४ बमोजिम ३ महिना भित्र दुष्परिणाम सच्याई आयोगलाई जानकारी गराउन भूमि सुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी पठाइएको ।	भूमि सुधार तथा व्यवस्था मन्त्रालयको च.नं. ३१९ मिति २०६४।४।२४ को पत्रानुसार निर्णय कार्यान्वयन भएको जानकारी प्राप्त ।
२०.	२०६३।१२।१	श्री भाष्करदेव संस्कारित केशचन्द्रकृत परावत महाविर इटुम्बहालका गुठियार रामकाजी र नजरमानले पौराणिक वास्तुकलाको अस्तित्व नै समाप्त पार्ने गरि जिर्णोद्धार गरेको भन्ने उजुरीका सम्बन्धमा आवश्यक कारवाही गरि आयोगलाई जानकारी दिन का.म.न.पा लाई लेखि पठाईएको ।	संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालयको मिति २०६४।८।२ च.नं.५८६ को पत्र बमोजिम आयोगको मिति २०६४।८।२८ को निर्णयानुसार लगतकट्टा गरिएको ।

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
२१.	२०६३।१२।१५	का.म.न.पा १९ मा अवस्थित चामुन्डा मन्दिरको नाममा रहेको ४० रोपनी जग्गा व्यक्तिहरुले दर्ता गरी बिक्री समेत गरेको हुदाँ मन्दिरको नाममा दर्ता गर्नु पर्ने भन्ने उजुरीका सम्बन्धमा पत्ता लाग्नु बाकीँ जग्गा यथाशिघ्र पत्ता लगाई मन्दिरको नाममा रहेको गुठीको जग्गाको कानून बमोजिम संरक्षण गरी आयोगलाई जानकारी दिन गुठी संस्थान केन्द्रिय कार्यालयलाई लेखि पठाईएको ।	बाँकी जग्गा खोजी दर्ता गर्न गराउन गुठि संस्थानका प्रशासकलाई निर्देशन दिई आयोगको मिति २०६४।११।२१ को निर्णयले लगत कट्टा गरिएको ।
२२.	२०६४।१।१३	काठमाडौं जोरपाटी स्थित बुद्ध एकेडेमी मा.वि. व्यवस्थापन समितिका सदस्य आङ्गछिरिङ्ग लामा समेतले गैर कानूनी कार्य गरी सार्वजनिक सम्पत्ति हिनामिना र भ्रष्टाचार गरे भन्ने उजुरीका सम्बन्धमा उक्त बुद्ध एकेडेमी मा.वि.को निजी शैक्षिक गुठीमा दर्ता भएको सम्बन्धमा शिक्षा विभागबाट क्षे. शि. नि. मध्यमान्चलको उप निर्देशकको संयोजकत्वमा गठित छानविन समितिले पेश गरेको सुझावहरुको पूर्ण परिपालना र कार्यान्वयन ३ महिना भित्र गरी आयोगलाई जानकारी गराउन सचिव शिक्षा तथा खेलकुद मंत्रालयमा लेखी पठाइएको ।	क्षेत्रिय शिक्षा निर्देशनालयको च.नं.२९५ मिति २०६४।६।७ को पत्रानुसार सार्वजनिक गुठिमा दर्ता भएको जानकारी प्राप्त ।
२३.	२०६४।१।२३	रावल आयोगले रोक्का राखेको जग्गा फुकुवा गर्दा तत्कालिन सचिव यौद्धा शाहको संयोजकत्वमा गठित समितिले गरेको निर्णय सम्बन्धमा मालपोत कार्यालय कलंकी, डिल्ली बजार र चावहिलका प्रमुख मालपोत अधिकृतको संलग्नतामा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा मन्त्रालयबाट विशेष टोली गठन गरी छानविन गरी छानविनको जानकारी आयोगमा पठाउन भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।	भूमि सुधार तथा व्यवस्था मन्त्रालयको च.नं ११८८ मिति २०६४।८।१२ को पत्रानुसार विशेष टोली गठन गरी छानविन प्रतिवेदन प्राप्त भएको ।
२४.	२०६३।१२।२ र २०६४।२।४	नापी नक्सा केरमेट गरी सार्वजनिक पोखरीको क्षेत्रफल कम कायम गरी व्यक्तिको नाममा दर्ता गराएकोमा बदर गरी सार्वजनिक पोखरी कायम गरी पाउँ भन्ने उजुरीका सम्बन्धमा सार्वजनिक पोखरीको जग्गा व्यक्तिको नाममा दर्ता भएको भए यकिन गरी मालपोत ऐन को दफा २४ बमोजिम दर्ता बदर गर्न मालपोत कार्यालय बाँकेलाई लेखि पठाईएको ।	भूमि सुधार तथा व्यवस्थापन मन्त्रालयको च.नं. २००५ मिति २०६५।१।२६ को पत्रानुसार उक्त विवादित जग्गा सार्वजनिक पोखरी नभएको भन्ने जानकारी प्राप्त भएकाले आयोगको मिति २०६५।२।१९ को निर्णयानुसार लगतकट्टा भएको ।
२५.	२०६४।२।६	आपूर्ति व्यवस्था महाशाखाले मेडिकल उपकरणहरु खरिद गर्दा नक्कली गुणस्तर प्रमाण पत्र पेश गरी अडर प्राप्त गर्ने विगतको परम्परा दोहोरिन नदिन रजिष्टर भएको प्रमाणित कम्पनीहरुबाट मात्र खरीद गर्ने व्यवस्था मिलाइयोस भन्ने उजुरीका सम्बन्धमा स्पेशिफिकेशन तयार गर्दा सम्बन्धित	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं.८/८२० मिति २०६४।४।३१ को पत्रानुसार सबै क्षेत्रिय तथा अञ्चल अस्पतालमा आपुर्ति व्यवस्था महाशाखा उपक्षेत्रिय अस्पताल समेतलाई

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
		विज्ञहरुबाट गराइ बहु अर्थ दिने शब्द प्रयोग नगर्न, वोलपत्र कागजात पेश गर्दा प्रमाणित (विदेशी कागजपत्रको हकमा (True copy) स्वीकार गर्न, वोलपत्र फारम साथ पेश भएका उपकरणहरुको catalogue लगायतका कागजपत्रहरु स्पेशीफिकेशन बमोजिम छ छैन सम्बन्धित विज्ञहरुको समिति गठन गरी सप्लाई भएको उपकरणको परीक्षण गराउन, स्पेशिफिकेशनमा लेखिए भन्दा फरक रहेको स्वास्थ्य उपहरण ठीक छ भनी सम्बन्धित विज्ञले सिफारिस गर्दा पुष्ट्याई उल्लेख गर्ने व्यवस्था हुन स्वास्थ्य सेवा विभागमा लेखि पठाईएको ।	निर्देशन दिएको जानकारी प्राप्त ।
२६.	२०६४।२।२२	मेची र सगरमाथा धान चामल निर्यात कम्पनीले लिक्विडेशनको कार्य संपन्न नगरी करोडौं भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६४।२।२२ को निर्णयमा उल्लेखित पाँच बुदाँ अनुसारका मेची र सगरमाथा धान चामल निर्यात कंपनीको लिक्विडेशन सम्बन्धी सबै कार्य सम्पन्न गरी गराई आयोगलाई जानकारी पठाउन प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय लेखि पठाईएको ।	प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयको मिति २०६४।११।२ को पत्रानुसार लिक्वीडेटरले अन्तिम प्रतिवेदन पेश गरेकोले आयोगको मिति २०६४।११।१५ को निर्णयानुसार लगतकट्टा गरिएको ।
२७.	२०६४।२।२८	जनक शिक्षा सामाग्री केन्द्रका महा प्रवन्धक रमेश नाथ जोशीले कागज खरिद गर्दा विभिन्न किसिमले अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा केन्द्रलाई एक आर्थिक वर्षमा आवश्यक पर्ने कागजको परिमाण आ.व.को शुरुमै निर्णय गरी ग्लोबल टेण्डरको माध्यमबाट खरिद गर्न र केन्द्रबाट खरिद विक्री, छपाई निर्माण कार्यमा पारदर्शिता र प्रतिस्पर्धात्मक वातावरण सृजन ।गर्न आ.प्र.सम्बन्धी नेपाल कानूनको प्रतिकूल नहुनेगरी केन्द्रको आ.प्र. सम्बन्धी नियमावली २०५८ लाई सुधार र संशोधन गरी आयोगलाई जानकारी दिन जनक शिक्षा सामाग्री केन्द्रलाई लेखि पठाईएको ।	शिक्षा तथा खेलकुद मंत्रालयको च.नं.९९ मिति २०६४।९।२३ को पत्रानुसार निर्णय कार्यान्वयन भई आएको जानकारी प्राप्त ।
२८.	२०६४।३।११	मोमेन्टो एपरल्स प्रा.लि.का संचालक चण्डीराज ढकाल समेतको अनियमित तरिकाबाट बढी वैक ग्यारेण्टी फुकुवा भएको भन्ने उजुरीका सम्बन्धमा राजश्व चुहावट हिनामिना जस्ता कार्य रोक्न तत्काल कुनै नीतिगत निर्णय नलिएको खण्डमा राजश्व चुहावट हुने क्रम रही नै रहने संभावना हुदाँ साविक बमोजिम जुन भन्सार कार्यालयबाट सामान आयात गर्दा भन्सार महशुल वापत वैक ग्यारेन्टी राखिएको हो सोही भन्सार कार्यालयबाट मात्र निकासी सम्बन्धी प्रमाणहरु हेरी जाँची	अर्थ मन्त्रालयको च.नं. ५७७ मिति २०६४।५।२५ को पत्र मार्फत सबै भन्सार कार्यालयहरुलाई परिपत्र गरेको जानकारी प्राप्त भई आयोगको मिति २०६४।६।२१ को निर्णयानुसार लगत कट्टा गरिएको ।

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
		प्रमाणको आधारमा वैक ग्यारेन्टी फुकाउने व्यवस्था हुन उपयुक्त देखिएकोले सो अनुसार हुन अर्थ मन्त्रालयलाई लेखि पठाईएको ।	
२९.	२०६४।३।३१	काठमाडौं जिल्लाका तत्कालिन जि.शि.अ.लक्ष्मण खनाल समेतले गैर कानुनी ढंगले धापासी स्थित पायाज ट्रिनीटी एकेडमीलाई कक्षा संचालनको अनुमति दिएको भन्ने उजुरीका सम्बन्धमा विद्यालय स्विकृतीको प्रकृयाको सम्बन्धमा जि.शि.का बाट स्थान परिर्वतन सम्बन्धमा २०६३।१२।११ मा पायाज ट्रिनीटी एकेडेमीलाई पूर्व स्विकृत दिएको स्थानमा नै पत्राचार गरी कारवाही प्रारम्भ भई सकेको देखिएकोले प्रचलित कानुन बमोजिम सो कारवाहीको टुङ्गो लगाई आयोगलाई ३ महिना भित्र जानकारी दिन जिल्ला शिक्षा कार्यालय काठमाडौमा लेखि पठाईएको ।	जिल्ला शिक्षा कार्यालय काठमाडौको च.नं.४९९३ मिति २०६५।३।२०को पत्रानुसार सुझाव कार्यान्वयन भएको जानकारी प्राप्त ।
३०.	२०६४।४।२	तत्कालिन भन्सार अधिकृत महेन्द्र कुमार बानियाँलाई विभागीय कारवाही मिति सम्बन्धी उजुरीको विषयमा भन्सारबाट सामान चेक जाँच परीक्षण गर्दा भन्सार ऐन (२) बमोजिम विवरण प्रज्ञापन पत्रमास्पष्ट विवरण खुल्ने गरि राख्ने, राख्न लगाउन, भन्सारबाट सामान चेक जाँच परीक्षण गर्दा भन्सार ऐन (२)बमोजिम विवरण प्रज्ञापन पत्रमा स्पष्ट बुझ्ने गरि उल्लेख गर्ने र जाँच गरिएको पोकाको वा माल बस्तुको भारीमा समेत स्पष्ट बुझिने गरि उल्लेख गर्ने गराउन र भन्सारवाट सामान आयात निर्यात हुँदा भन्सारमा घोषणा गरेको सामानको प्रकृति हेरी बढी संवेदनशील र महँगो मूल्य पर्ने सामानहरुको सुचि बनाई त्यस्ता प्रकृतिका सामान भन्सारमा आईपुग्ना साथ उच्च निगरानी र प्राथमिकताका साथ चेक जाँच गरि सामानको गुणस्तर परिमाण,ब्राण्ड,उत्पादन भएको कम्पनि आदि समेतको स्पेशिफिकेशन सहित स्पष्ट विवरण खुल्ने गरि राख्ने,राख्न लगाउन अर्थ मंत्रालयलाई लेखी पठाइएको ।	अर्थ मन्त्रालयको च.नं. ३३५ मिति २०६४।५।२ को पत्रानुसार निर्देशन पालना भएको जानकारी प्राप्त ।
३१.	२०६४।५।६	नेपाल नागरिक उड्डयन प्राधिकरणले अन्तराष्ट्रिय विमानस्थल टर्मिनल भवनमा मनि चेन्जर सर्भिस संचालन गर्न दिंदा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा आईन्दा संचालक समितिबाट अधिकार प्रत्यायोजन नभएको अवस्थामा बार्ता द्वारा कायम भएको भाडा दर स्वीकृतीका लागी संचालक समिति समक्ष पेश गर्न र यस सम्बन्धी अधिकार प्राधिकरण अन्तरगतका कर्मचारीलाई	संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालय को च.नं.७२५ को पत्रानुसार निर्देशन पालनाको लागी सम्बन्धीत सबै कार्यालयमा परिपत्र भईसकेको जानकारी प्राप्त ।

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
		प्रत्यायोजन गर्न आवश्यक ठानिएमा कुन कार्यलयका कुन तहका कर्मचारीलाई के कती सम्मको भाडा दर स्वीकृत गर्ने अधिकार प्रत्यायोजन गर्ने हो सो सम्बन्धमा स्पष्ट व्यवस्था गरि कार्यान्वयन गर्न गराउन नेपालनागरिक उड्डयन प्राधिकरणको संचालन समितिलाई निर्देशन दिन संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालय लेखी पठाइएको ।	
३२.	२०६४।६।२१	६ नं. नापी गोश्वारा विक्रम सिलवाल समेतले सार्वजनिक राजकुलो जग्गा एवं छिमेकीको जग्गा मिची घर निर्माण गरेको भन्ने उजुरीका सम्बन्धमा का.म.न.पा.४ स्थित कि.नं. २६१ मा रहेको विक्रम सिलवालले सार्वजनिक जग्गा मिची घर बनाएको कि.नं. २५९, २६० को जग्गा प्रचलित ऐन नियम अनुसार नेपाल सरकारको नाममा श्रेष्ता दर्ता कायम गर्न मालपोत विभागमा लेखि पठाईएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६४।११।२९ को पत्रानुसार कि.नं.२५९ र २६० को जग्गा प्रचलित ऐन नियमानुसार नेपाल सरकारको नाममा श्रेष्ता कायम गरेको जानकारी प्राप्त ।
३३.	२०६४।६।२१	गैर कानुनी रुपमा बैक पैदावारमा आधारित उद्योगहरु दर्ता गरी वन कार्यालय र घरेलु तथा साना उद्योग कार्यालय दाङ्गका कर्मचारीले रकम भाग बन्डा गरी खाए भन्ने उजुरीका सम्बन्धमा वन क्षेत्रबाट वन पैदावरमा आधारित उद्योगहरु दर्ता गर्दा वातावरण संरक्षण सम्बन्धी नियमहरु पटक पटक संशोधन गर्न युक्तीसंगत नदेखिने हुदाँ आगामी दिनमा नियमावलीमा यस विषयलाई समावेश गरी व्यवस्थित रुपमा लागू गर्ने तथा दाङ्ग जिल्लाको देउखुरी क्षेत्रमा कानून विपरित दर्ता भएका वन पैदावरमा आधारित १४ उद्योगको सम्बन्धमा आवश्यक व्यवस्था मिलाइ आयोगमा जानकारी पठाउन उद्योग बाणिज्य तथा आपूर्ति मंत्रालयमा लेखी पठाइएको ।	उद्योग बाणिज्य तथा आपूर्ति मंत्रालयको च.नं.२६३८ मिति २०६५।३।२५ को पत्रानुसार घरेलु तथा साना उद्योग विभागलाई निर्देशन दिएको जानकारी प्राप्त।
३४.	२०६४।८।१९	सूचना प्रविधि उच्चस्तरीय आयोगका उपाध्याक्ष सरोज देवकोटाले आफ्न्तबाट नक्कली आमन्त्रण पत्र प्राप्त गरी अमेरिका भ्रमण गरी भ्रमण भत्ता खाई अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगका पदाधिकारीले विदेश भ्रमण गर्नु अघि सरकारको पूर्व स्वीकृति लिइ मात्र भ्रमण गर्न,वार्षिक कार्यक्रम अनुसार कुनै शिर्षकमा खर्च गर्दा प्रचलित आर्थिक ऐन नियमको अनिवार्य पालन गर्न, सूचना प्रविधि संचालनार्थ भिस्याट उपकरण जडान हाल सम्म नभएको भए तुरुन्त जडान गर्न, सवारी लग बुक नियमानुसार भर्ने तथा सवारी इन्धनको खपत निर्धारित कोटाको अधिनमा रही गर्ने । अव उप्रान्त कोटा भन्दा बढी खर्च गर्ने पदाधिकारीबाट नै असुल	वातावरण विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं.१७०३ मिति २०६४।११।३० को पत्रानुसार सूचना तथा प्रविधि उच्चस्तरीय आयोगले उल्लेख भएका ७ बुदे निर्देशन पालना गरेको उल्लेख भई आएकोले आयोगको मिति २०६४।१२।१० को निर्णयानुसार लगतकट्टा गरिएको ।

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
		गर्न, सु.प्र.अ.बाट गराउने अध्ययन अनुसन्धान कार्यहरुको औचित्य र उपादेयता निर्क्यौल गरी अत्यन्त जरुरी भए मात्र गराउने अध्ययनको लागि मात्र अध्ययन गर्ने प्रवृतिमा नियन्त्रण गर्न , जिन्सी व्यवस्थापन कार्य वैज्ञानिक र तोकिएको ढाँचामा ऐन नियमद्धारा तोकिएको अवधिमा गराउन, कुनै पदाधिकारी विदेश भ्रमणमा जानु अघि म.पं.बाट सहमति लिनु पर्ने भएमा सो अनुसार सहमति प्राप्त भएपछि मात्र भ्रमण आदेश गर्ने र पदाधिकारी प्रस्तावित कार्यक्रममा भाग लिन गईसकेकोले भनेर पछि समर्थन गर्ने प्रवृति र परम्परा निरुत्साहित गर्न मं पं.को ध्यानकर्षण गराउन सूचना तथा प्रविधि उच्चस्तरीय आयोगमा लेखि पठाईएको ।	
३५.	२०६४।९।११	६ नं. नापी गोश्वराका कर्मचारीबाट सार्वजनिक जग्गा व्यक्तिको नाममा घुसाई हाल साविक गरी अनियमित गरेको भन्ने उजुरीको सम्बन्धमा का.जि.कपन गा.वि.स.वडा नं.३ (च)अन्तरगतका जग्गाहरु नापी नक्सा हुँदा सार्वजनिक पर्त्ती जग्गा घुसेको भन्ने सम्बन्धमा उजुरीमा उल्लेखित सार्वजनिक जग्गाहरुको नाप नक्सा कार्य सम्पन्न गरी सोको जानकारी आयोगलाई दिन नापी विभागमा लेखी पठाइएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६४।११।२ को पत्रानुसार सार्वजनिक जग्गाको क्षेत्रफल घटी नहुने गरि नक्शा तथा फिल्ड बुकमा कैफियत जनाई सकिएको भन्ने जानकारी प्राप्त भएकोले आयोगको मिति २०६४।११।१५ को निर्णयले लगतकट्टा गरिएको ।
३६.	२०६४।९।२५	सरकारी जग्गा दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा प्लट रजिष्टारमा नभएको निर्णयको आधार देखाई अनाधिकार कित्ताकाट गरी आरोपित व्यक्तिहरुका नाममा जग्गा कायम गर्ने गराउने कार्य बदर गर्न र उक्त कार्यमा संलग्न कर्मचारी वा अन्य व्यक्ति भए कानून बमोजिम म्याद भित्र सरकारी कागज किर्ते गरेकोमा सम्बन्धित अधिकारी वा निकायसंग परामर्श गरी संभव भए मुद्दा चलाउन नापी शाखा बारा कलैयालाई लेखि पठाईएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको च.नं.२१८६ मिति २०६५।२।२९ को पत्रानुसार अनधिकृत रुपमा कित्ता काट गरिएको जग्गाको कित्ताकाट बदर गरिएको र साविक कै कित्ता नै कायम भएको तथा सरकारी कागज किर्तेमा मुद्दा चलाउन सम्भव नदेखिएको भन्ने जानकारी प्राप्त ।
३७.	२०६४।१०।१३	ट्रान्सफरमर मर्मत संभार रकममा नक्कली वील भरपाई बनाई भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा विद्युतिय सामग्री खरिद लगायतका कामहरु गर्दा ने. वि.प्रा.आ.प्र.वि. नियमावली २०६२ का अन्य दफाका अतिरिक्त परिच्छेद ४ को विनियम ३७,३८,३९,४० र ४१ मा उल्लेखित व्यवस्थाहरु पालना भएको नपाइएकोले अनिवार्य पालना गर्न मातहतका सबै निकायमा परिपत्र गर्न ने.वि. प्रा. केन्द्रिय कार्यालयमा लेखी पठाइएको ।	ने.वि. प्रा. केन्द्रिय कार्यालयको च.नं. ८८४ मिति २०६५।२।२९ को पत्रानुसार आ.प्र.वि. २०६२ को विनियम ३७ देखि ४१ सम्मको व्यवस्था पालना गर्न सम्बन्धित महाप्रबन्धक, उपकार्यकारी निर्देशक र आयोजना प्रमुखलाई परिपत्र गरिएको जानकारी प्राप्त ।

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
३८.	२०६४।११।८	विराटनगर ने.वि.प्रा. वितरण केन्द्रका प्रमुख कैलास प्रसाद अटलले अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा नेपाल विद्युत प्राधीकरणको आर्थिक प्रशासन नियमावली २०६२ को परिच्छेद ४ को विनियम ३७, ३८, ३९, ४० र ४१ मा उल्लेखित व्यवस्थाहरु प्रायशः शाखा कार्यालयहरुले अनुशरण गरेको नपाइएकोले त्यस्तो परिपाटी वा कार्य प्रणाली त्रुटीपूर्ण देखिदा त्यसलाई सच्याई विनियमावलीको मा उल्लेखित दफाहरु अक्षरशः अनुशरण गर्ने गराउने विषयमा कार्यकारी निर्देशक र उच्च पदस्थ कर्मचारीहरुले प्रतिवद्दता गरे अनुरुप उपरोक्त व्यवस्था पालना गर्न लगाउन, नेपाल विद्युत प्राधिकरण अन्तर्गतका कार्यालयहरुमा आनतरिक ले.प.गर्दा नेपाल विद्युत प्राधिकरणको आर्थिक प्रशासन विनियमावली २०६२ को परिच्छेद २ को विनियम २२ मा व्यवस्था भए बमोजिम ऐन नियम तथा विनियमावली पालना भए नभएको कुरा समेत आन्तरिक लेखापरीक्षणको क्रममा गरेको नदेखिदाँ त्यस्तो परिपाटी सच्याई विज्ञ लेखा परीक्षकबाट आन्तरिक लेखा परिक्षण गराउन, सबै कर्मचारीहरुलाई ओभरटाइम भत्ता दिने परिपाटी त्रुटिपूर्ण देखिदाँ त्यसमा प्रक्रियागत नियन्त्रणको व्यवस्था अवलम्बन गर्न र नेपाल विद्युत प्राधिकरण अन्तर्गतका शाखा कार्यालयमा जिन्सी सामानहरुको रेकर्ड राम्रो सँग अध्यावधिक राखी जिन्सी व्यवस्थापनमा प्रक्रियागत सुधार गर्न सुझाबका लागी ने.वि.प्रा.के. कार्यालयमा लेखी पठाईएको ।	नेपाल विद्युत प्राधिकरणको च.नं.८०४ मिति २०६५।१।३० को पत्रानुसार निर्णयानुसार महाप्रबन्धक उपकार्यकारी निर्देशक आयोजना प्रमुखहरुलाई परिपत्र गरिसकिएको जानकारी प्राप्त ।
३९.	२०६५।२।९	राजस्व चुहावटका उजुरी र गुनासाहरु दिनप्रतिदिन आइनैरहेको अवस्थामा अर्थ मन्त्रालयका सम्बन्धित पदाधिकारी लगायत सुरक्षा अंगसँग भएको अन्तरक्रियामा व्यापक छलफल पश्चात् राजस्व चुहावट नियन्त्रण गर्ने उजुरीका सम्बन्धमा राजस्व चुहावट नियन्त्रणको लागि व्यवस्था गरिएका राजस्व अनुसन्धान विभाग र भन्सार विभाग मातहतका अंगहरुलाई अझ बढी सक्रियताका साथ परिचालन गर्न, आन्तरिक राजस्व विभागले समेत चोरी पैठारी लगायत राजस्व चुहावटको नियन्त्रणको लागि कानूनी प्रदत्त अधिकारभित्र बसी अझ बढी क्रियाशील हुन, राजस्व चुहावट नियन्त्रणमा विभिन्न निकायको समन्वय र सहयोग अत्यावश्यक हुने र यसको लागि अर्थ मन्त्रालयले यथोचित पहल गर्न, राजस्व संकलन हुने	अर्थ मन्त्रालयको मिति २०६५।३।४ को पत्रानुसार नेपाल सरकार (सचिवस्तर) बाट मिति २०६५।३।२ मा निर्णय भई मातहतका सबै विभागमा निर्णय पालना गर्न निर्देशन पठाई सकिएको जानकारी प्राप्त ।

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
		निकाय/कार्यालयमा अनुशासनको झनै महत्व हुने कुराहरुलाई मनन गर्दै अर्थ मन्त्रालय र मातहतका विभागले समेत कर्मचारी परिचालन गर्दा अनुशासनको पक्षलाई ध्यान दिदै अनुशासनहीनताको कारणले राजस्व उठ्तीमा प्रतिकूल असर पर्न नदिन यथोचित ध्यान दिने । विद्यमान कानूनलाई मध्यनजर राख्दै कर्मचारीको पदस्थापन, सरुवा, बढुवा, कार्य सम्पादन मूल्यांकन र सो को मूल्यांकनका आधारमा पुरस्कार र दण्डको व्यवस्थालाई अझ प्रभावकारी बनाउन, देशका विभिन्न भन्सार कार्यालयहरुबाट हुने गरेका आयात निर्यात कारोबारको तथ्याङ्क समेतका आधारमा भन्सार कार्यालयहरुको पुनसंरचना गर्न राजस्व चुहावट नियन्त्रणको क्षेत्रमा गर्नुपर्ने नीतिगत तथा कार्यगत सुधार र परिवर्तनहरु आवश्यकता अनुसार गर्दै जान, राजस्व संकलन गर्ने निकायहरुमा सूचना प्रविधि सम्बन्धी आधुनिक प्रविधिको अवलम्बन गर्दै राजस्व संकलन प्रक्रियालाई बढी पारदर्शी बनाउन, राजस्व अनुसन्धान विभागबाट हुने राजस्व अनुसन्धानका यावत् कार्यहरु व्यवस्थित र पारदर्शी ढंगले सञ्चालन गर्न अनुसन्धानलाई पर्याप्त हुने आन्तरिक कार्य सञ्चालन निर्देशिका बनाई कार्य सञ्चालन गर्न र गैर कर राजस्वको क्षेत्रमा समेत अनुसन्धान गर्न पाउने गरी कानून संशोधनको पहल गर्ने, केन्द्रीय अनुगमनलाई अझ सशक्त र भरपर्दो बनाउने व्यवस्था गर्न अर्थ मन्त्रालयमा लेखि पठाईएको ।	

(घ) असुल उपर

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१. १	२०६२।५।२९	तत्कालिन शानेवानिले टिकट विक्री गर्न दिँदा गैर कानूनी रुपमा ईन्सेन्टीभ प्रदान गरेको भन्ने उजुरीका सम्बन्धमा करिव रु १ करोड ९ लाख हिमालवर्ल्ड सर्भिस जापानबाट असुल उपर गर्न तत्कालिन शानेवानिलाई लेखि पठाईएको ।	आयोगको निर्देशन अदालतमा विचाराधिन रहेको देखिएकोले आयोगको मिति २०६४।११।२१ को निर्णयानुसार लगतकट्टा गरिएको ।
२. २	२०६२।९।५	सन्तोषि निर्माण सेवा प्रालिले राजश्व छलेको सम्बन्धमा उक्त प्रालिले छलेको कर रकम एकिन गरि निज ठेकेदार उपर	अर्थ मन्त्रालयको च.नं.७८३ मिति २०६४।६।२२ को पत्रानुसार रु १७,५०,०००।-

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
		आवश्यक कारवाहि गर्न र सो कर छल्ने कार्यमा सरकारी कर्मचारी समेतको संलग्नता देखिन आएमा सोको जानकारी आयोगमा गराउन राजश्व अनुसन्धान विभागमा लेखी पठाईएको ।	कर दाखिला भएको र उक्त प्रकरणमा कुनै पनि कर्मचारीको संलग्नता नभएको जानकारी प्राप्त ।
३. ३	२०६२।२।१९	रा.वा.बैंक रानीशाखा विराटनगरबाट मंगतुराम समूहलाई कर्जा लगानी गर्दा भ्रष्टाचार भयो भन्ने उजुरीका सम्बन्धमा मंगतुराम ऋणि समूहलाई कर्जा दिँदा धितो लिएको सम्पत्ति कानूनवमोजिम कारवाही गरी असूल उपर गर्ने । शाखा कार्यालयहरुबाट कुन कुन पार्टिलाई के कति ऋण प्रर्वाह भएको र प्रवाहित ऋण अख्तियारी भन्दा वढी छ छैन नियमसंगत छ छैन सो समेत नियमित अनुगमनको व्यवस्था मिलाई आगामी दिनमा अपनाइने व्यवस्था तथा उपायको यकिन गरी सो को जानकारी आयोगलाई उपलव्ध गराउन, रा.वा.बैंक केन्द्रिय कार्यालय र आवश्यक कारवाही को लागी ऋणी समूह नारायण भेजिटेवल इ.प्रा.लि.ले अमेरिकी डलर १७६२१।८४ बराबरको विदेशी मुद्रा अपचलन गरेको सम्बन्धमा विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ बमोजिम कारवाही गर्न राजश्व अनुसन्धान विभागमा लेखि पठाईएको ।	सर्वोच्च अदालतको अन्तरिम आदेश अनुसार आयोगको मिति २०६४।११।१३ को निर्णयले लगतकट्टा गरिएको ।
४. ४	२०६१।११।१७	आ.व. ०५६।५७ मा मणि अपसेट प्रेशले मतदाता परिचय पत्र छपाई गर्दा भ्रष्टाचार गरेको सम्बन्धमा मणि अपसेट प्रेशबाट रु १५,६९,५७१।७८ असुल उपर गरि अव आईन्दा मातहतका पदाधिकारीहरुवाट यस्तो लापरवाहि नगर्ने नगराउने व्यवस्था मिलाउन र त्रुटिपुर्ण मतदाता परिचय पत्रको सम्बन्धमा जेजे गर्न उपयुक्त हुन्छ गृह मन्त्रालयबाटै निर्णय गरि आयोगलाई जानकारी गराउन सचिव गृह मन्त्रालयलाई लेखी पठाईएको ।	गृह मन्त्रालयको मिति २०६४।११।१३ को पत्रानुसार अदालतमा मुद्दा दायर भैसकेकोले आयोगको मिति २०६४।११।२९ को निर्णयले लगत कट्टा गरिएको ।
५. ५	२०६१/११/१३	रा.वा.बैंक पुल्चोकका ऋणी कन्या कुमारी इन्टरप्राइजेजका प्रोपराइटर सुनिता श्रेष्ठलाई व्याज मिनाहा सम्वन्धमा रा.वा.बैंकले अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा ऋणी सुनिता श्रेष्ठबाट रु. २५,००,०००।- असूलउपर	अर्थ मन्त्रालयको च.नं.१५२९मिति २०६४।११।८ को पत्रानुसार बैकले सुरक्षण वापत राखेको घर जग्गा बैक आफैले सकार गर्ने प्रकिया अगाडि बढाएको भन्ने जानकारी प्राप्त भएकोले

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
		गर्न रा.वा.बैंक के.कार्यालयमा लेखि पठाईएको ।	आयोगको मिति २०६४।११।१५ को निर्णयले लगत कट्टा गरिएको ।
६. ६	२०६२।९।११	स्पेशटाइम नेटवर्कका सञ्चालक जमिम शाहले उठेको राजश्व नबुझाई करौडौ रकम हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं १ बाट मात्र विभिन्न व्यापारीहरुसँग रु. ३५,१३,४०,७४४।- बाँकी रहेको रकम र विभिन्न कर कार्यालयहरुमा यस्ता खालका रहेका वक्यौताहरु ऐन, नियम र कार्यविधिअनुरुप वक्यौता उठाउने र त्यसको तीन महिनासम्मको कारवाहीको प्रतिवेदन आयोगमा पठाउन, असूलउपर गर्न अर्थ मन्त्रालयमा लेखी पठाईएको ।	बुझाउनु पर्ने बाँकि कर रकम दैनिक रुपमा बुझाउने सहमती भएको अर्थ मन्त्रालयको मिति २०६४।११।८ को पत्रानुसार जानकारी प्राप्त भए अनुसार आयोगको २०६४।११।१० को निर्णयले लगत कट्टा गरिएको ।
७. ७	२०६२/११/१९	वा.१ ख ६४७४ नं को सवारी साधनमा जडान भएको इन्जिन गैरकानुनी रुपमा प्रयोग गरेको भन्ने उजुरीका सम्बन्धमा सवारी धनीले यातायात व्यवस्था ऐन, २०४९ को दफा ३९ र नियमावली २०५४ को नियम १२ बमोजिम अधिकारप्राप्त अधिकारीको स्वीकृति नलिई साविक सन् १९९२ मोडलको इन्जिन अवैध रुपमा झिकी फेरी अर्कै चोरी पैठारी गरी ल्याएको सन् १९९२ भन्दा पछिको मोडलको TURBO CHARGED ENGINE/TATA COMMUNIS ENGINE जडान गरी प्रयोग गरेको देखिदा उक्त TURBO CHARGED ENGINE जडान भएको ट्रकको मूल्य निर्धारण गरी नियमानुसार कारवाही गर्न भैरहवा भन्सार कार्यालयमा लेखी पठाउन भन्सार विभागलाई लेखी पठाईएको ।	अर्थ मन्त्रालयको च.नं १९७३ मिति २०६४।८।३ को पत्रानुसार नियमानुसार रु १,९३,३६६।- असुल उपर भएको जानकारी प्राप्त ।
८. ८	२०६२/४/१२	नेपाल गुणस्तर तथा नापतौल विभागको मेकानिकल इन्जिनियर पदमा कार्यरत विष्णु अधिकारीले त्रिभुवन विश्वविद्यालय अन्तर्गत पाटन संयुक्त क्याम्पसको उपप्राध्यापक पदमा २०५४/६/१५ देखि स्थायी नियुक्ति पाई दोहोरो सुविधा लिएको	कर्मचारी संचयकोषमा जम्मा भएको आधा रकम मध्ये औषधी उपचारको खर्चमा कट्टा गरि नपुग रकम त्रिविविको खातामा जम्मा गर्न लगाएकोले आयोगको मिति

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
		भन्ने उजुरीका सम्बन्धमा निजले त्रि.वि. सेवामा स्थायी नियुक्ति पाएका मितिबाट कर्मचारी संचयकोषमा जम्मा भएको रकम मध्ये आधा रकम निजबाट असूल उपर गने त्रि.वि. वि. रजिष्ट्रारको कार्यालयलाई लेखी पठाईएको ।	२०६४।११।१३ को निर्णयले लगत कट्टा गरिएको ।
९. ९	२०६३।३।२२	वीरगन्ज उ.म.न.पा.को वडा नं. १७ को कि.नं. २८० को ०-०-१०-० जग्गा मालपोत कार्यालय पर्सा वीरगन्जबाट रजिष्ट्रेसन पास गर्दा राजस्व छलेको भन्ने उजुरीका सम्बन्धमा शंकर कुमार खड्का, (वीरगन्ज-७) बाट रु.३४,७२६।५३ र सोको ब्याज असुल उपर गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखि पठाईएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको च.नं.८४३ मिति २०६४।६।१६ को पत्रानुसार रु.३४,७२६।५३ असुल भएको जानकारी प्राप्त ।
१०. १०	२०६३।५।६	स्टोरमा कार्यरत मनोज कुमार सिंह समेतले सामान विक्री गरी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा क्लर्क हरिप्रसाद अधिकारीबाट रु. १,९९,५३६।६९ र सम्बन्धीत जिम्मेवार कर्मचारीहरुबाट रु.५,४७,६२६।२४ असुल उपर गर्न नेपाल विद्युत प्राधिकरण लाई लेखि पठाईएको ।	विद्युत प्राधिकरणको च.नं. ३०, मिति २०६५।१।३० को पत्रानुसार बुझाउनु पर्ने रकम बुझाई सकि असुल उपर भएको हुँदा आयोगको मिति २०६५।२।२३ को निर्णयानुसार लगतकट्टा गरिएको ।
११. ११	२०६३।५।११	बुटवल पावर कम्पनीको आ.व.०५७।५८ को लाभांस राजश्व दाखिला नगरेको भन्ने उजुरीका सम्बन्धमा बुटवल पावर कम्पनीबाट रु.४,१९,५२,८८५।- असूल उपर गर्न सचिव अर्थ मन्त्रालयलाई लेखि पठाईएको ।	अर्थ मन्त्रालयको च.नं.५८१ मिति २०६४।५।२५ को पत्रानुसार रु. ४०३१२७७५। रकम असुल उपर भएको जानकारी अनुसार आयोगको मिति २०६४।६।२३ को निर्णयले लगतकट्टा गरिएको ।
१२. १२	२०६३।१२।९	विगफुट इन्टरनेशनल ट्राभल्स एण्ड टुर्स ललितपुरलाई अनियमित तरिकाले कर्जा प्रवाह गरेको भन्ने उजुरीका सम्बन्धमा ऋणिले कर्जा लिँदा धितो राखेको जग्गाबाट बैकको सम्पूर्ण लेना रकम प्रचलित बैंकको कानून बमोजिम असुल उपर गर्न कृषि विकाश वैक केन्द्रिय कार्यालयमा लेखि पठाईएको ।	अर्थ मन्त्रालयको मिति २०६५।२।३० को पत्रानुसार रु २५,५६,४९२।- असुल उपर भएको जानकारी प्राप्त ।
१३. १३	२०६४।२।६	आपूर्ति व्यवस्था महाशाखाले मेडिकल उपकरणहरु खरिद गर्दा नक्कली गुणस्तर प्रमाण पत्र पेश गरी अडर प्राप्त गर्ने विगतको परम्परा दोहोरिन नदिन रजिष्टर भएको प्रमाणित कम्पनीहरुबाट मात्र खरीद गर्ने व्यवस्था मिलाइयोस भन्ने उजुरीका	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं.८/८२० मिति २०६४।४।३१ को पत्रानुसार रकम रु. ११८७२३।२५र रु.२९००७।५७ असुलउपर भएको जानकारी

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
		सम्बन्धमा सर्जिक्राफ्ट काठमाडौंबाट रु. ११८७२३।२५, एभरेष्ट टेड्र्स इन्डियाबाट रु.२९००७।५७ असुल उपर गर्न स्वास्थ्य सेवा विभागमा लेखि पठाईएको ।	प्राप्त ।
१४. १५	२०६३।७।२१	कृषि विकास योजना धनुषाबाट निर्माण कार्यमा भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा ओवरसियर राम सुन्दर ठाकुर कृषि विकास योजना नक्टाझिया धनुषा (हाल अवकाश प्राप्त बाट रु ३२३७७।४८ असुलउपर गर्न कृषि तथा सहकारी मंत्रालयलाई लेखि पठाईएको ।	कृषि तथा सहकारी मंत्रालयको च.नं.५४२० मिति २०६५।३।११को पत्रानुसार रु ३२३७८।- असुलउपर भएको जानकारी प्राप्त ।
१५.	२०६३।११।६	त्रि-चन्द्र बहुमुखी क्यापसका क्याम्पस प्रमुख राजेन्द्र चौधरीले अधिकारको दुरुपयोग गरी भ्रष्ट्राचार गरेको भन्ने उजुरीका सम्बन्धमा छानविन समितिको प्रतिवेदनले औल्याए बमोजिम आवश्यक कारबाही गरी एक महिना भित्र आयोगलाई जानकारी दिन उपकुलपति त्रि.वि.वि मा लेखि पठाईएको ।	त्रि. वि. वि रजिष्टारको कार्यालयको मिति २०६५।१।६ को पत्रानुसार राजेन्द्र प्रसाद चौधरीले पाउने संचयकोषको रकमबाट रु. १९,४५,४४।०७ असुल उपर भएको जानकारी प्राप्त ।
१६. १६	२०६४।७।२६	तत्कालिन गलैचा तथा उन विकास समितिका कार्यकारी निर्देशक गेहेन्द्र बज्राचार्यको स्थायी सरह कर्मचारी संचयकोष कट्टा गरेको सम्बन्धमा गेहेन्द्र बहादुर बज्राचार्यबाट कर्मचारी संचयकोष वापत कट्टीमा शत प्रतिशत थप भएको रकम असुल उपर गर्न गलैचा तथा उन विकास समितिमा लेखि पठाईएको ।	उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०६५।३।१८ को पत्रानुसार रु.६१,३२०।-रकम बुझाएको जानकारी प्राप्त ।
१७. १७	२०६४/४/१०	पर्सा जिल्ला श्रीपुर वि वडा नं. १ कि. नं. १११ क्षेत्रफल ०-१-१७-२ जग्गा मालपोत कार्यालय पर्साबाट रजिष्ट्रेशन पारित गर्दा उक्त जग्गामा भएको घर नदेखाई राजश्व छलेको भन्ने उजुरीका सम्बन्धमा जग्गा धनी हिरादेवी श्रेष्ठबाट रु. ८०१८७।१६ असुल उपर गर्न मालपोत कार्यालय पर्सामा लेखी पठाइएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६४।८।२७ को च.नं. १२६५ को पत्रानुसार रु. ८०१८७।१६ असुलउपर भएको जानकारी प्राप्त ।
१८.	२०६४।४।१४	मध्यपश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, सुर्खेतमा कर्मचारी सरुवा, दैनिक भ्रमण भत्ता भुक्तानी, औषधी खरीद, गाडी मर्मत तथा स्वास्थ्य शिक्षा कार्यक्रम आदिमा भ्रष्टाचार भएको भन्ने उजूरीका सम्वन्धमा अनुसन्धान हुँदाका बखत मिति २०६४।४।१४ को निर्णयानुसार असूल उपर	का.मु.निर्देशक डा.सरोजप्रसाद राजेन्द्रबाट रु.४५००।- र स्वास्थ्य शिक्षा टेक्निसियन यज्ञबहादुर गुरुङ्गबाट रु. ४५००।- आयोगको २०६४।४।१४ को निर्णयानुसार आयोगमा नै

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
		हुनु पर्ने रकम ।	असूल उपर गरिएको ।
१९.	२०६४।१०।१०	त्रि.वि.भन्सार केन्द्रमा राजश्व हिनामिना भएको भन्ने उजुरीका सम्बन्धमा	अ.दु.अ.आयोगको मिति २०६४।१०।१० च.नं. ४७२ को पत्रानुसार जम्मा रु १८,११,५८१।०० आयोगमा नै असुलउपर भएको ।
२०.	२०६१।७।१०र २०६१।९।१४	दोश्रो पर्यटन विकास आयोजना अन्तर्गत पोखरा वातावरण सुधार आयोजनामा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा कालिका कन्सट्रक्सनबाट रु. ३,८९,७४८।८० असुल उपर गर्न पोखरा उ.म.न.पा.मा लेखि पठाईएको ।	स्थानीय विकास मंत्रालयको च.नं.२ मिति २०६४/५/२४ को पत्रानुसार कालिका कन्सट्रक्सनबाट रु. ३,८९,७४८।८० असुल उपर भएको जानकारी प्राप्त ।
२१.	२०६२/१२/१०	नेपाल वायु सेवा निगम इन्जिनियरिङ्ग विभाग एयरपोर्टमा कार्यरत इन्जिनियर वद्रीवहादुर कार्की नेपालगञ्ज क्षेत्रीय कार्यालयमा रहँदा इन्जिनियरिङ्ग कम्प्लेक्समा करिव २१ महिना वसेको तर वाहिर डेरामा वसेको भनी ढाँटी लेखा शाखाबाट मोटो रकम लिई दोहोरो आर्थिक लाभ लिएको भन्ने उजुरीका सम्बन्धमा प्राविधिक अधिकृत बसन्तराम कार्कीबाट रु ६०,१००।०० र प्राविधिक अधिकृत निरञ्जनप्रसाद रेग्मीबाट रु. ३५,०००।०० रकम तीन महिनाभित्र असूलउपर गर्ने कार्यकारी निर्देशक, नेपाल वायुसेवा निगममा लेखी पठाईएको ।	संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति ०६५।२।३० को पत्रानुसार बसन्तराम कार्की बाट रु ६०,१००।०० र प्राविधिक अधिकृत निरञ्जनप्रसाद रेग्मीबाट रु. ३५,०००।०० असुल उपर भएको जानकारी प्राप्त भएको ।
२२.	२०६५।३।५	"नेपाल खाद्य संस्थान शाखा कार्यालय, डोल्पा, दुनैका स्टोरकिपर भरतराज खनियाले आ.व.०६२/६३ मा खाद्यान्न र बोरा हिनामिना गरेको" भन्ने बिषयको उजूरीका सम्वन्धमा ।	नेपाल खाद्य संस्थानलाई रु. १९,९५०।- (प्रति थान रु.१९।- का दरले हुन आउने रकम) नेपाल खाद्य संस्थान शाखा कार्यालय गोरखाको च.हि.नं.४०९ (रा.बा.बैंक शाखा कार्यालय गोरखा) मा नगद दाखिला गरेको जानकारी प्राप्त ।
२३.	२०६५।३।२६	मध्यपश्चिमाञ्चल सिंचाई विकास सव डिभिजन नं. १ रुकुम अन्तर्गत आ.व. ०६१।६२ मा संचालित काव्रिखेत, सिर्पा, सिम्ली र आठ वीस डाँडागाउँ सिचाई	नेपाल राष्ट्र बैकको मिति २०६५।२।२८ मा क-१-१-०९१ मा रु ४,१०,०००।- र मिति २०६५।३।२२ मा क-१-

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
		योजनाहरु सर्मत संभार गर्दा अनियमितता भएको उजुरीका सम्बन्धमा	१-०९१ मा रु ५९,०७६।५३ असुल उपर भएको भौचर प्राप्त ।
२४.	२०६५।३।३०	सिंचाई विकास सव डिभिजन कार्यालय नं. १ रुकुमका इन्जिनियर विनय कुमार गामी समेतले आ.ब.०६१।६२ को चौरजहारी सिंचाई प्रणाली योजनामा भ्रष्टाचार गरेको भन्ने विषयको उजुरीका सम्वन्धमा ।	इन्जिनियर विनय कुमार गामीले ज्ञानु कन्सट्रक्सन सेवा रुकुम समेतको तर्फबाट मूल्य अभिवृद्धि कर वापतको रकम जम्मा रु. ५४,६३१।८२ (अक्षरेपी रुपैया चवन्न हजार छ सय एकतिस पैसा वयासी) नेपाल राष्ट्र वैंक, वैंकिङ्ग कार्यालय थापाथलीमा राजश्व खाता नं. क १-१-०९१ मा दाखिला गरेको ।
२५.		काठमाण्डौ महानगरपालिका कार्यालय अन्तर्गत गोगबु स्थित नयाँ बसपार्क लोत्से बहुउद्देश्यीय प्रा.लि. लाई लिजमा दिंदा अनियमितता भएको भन्ने विषयमा ।	अनुसन्धानको क्रममा रु ५३, ५५,०००। प्राप्त भएको ।
२६.		मोमेन्टो एपरेल्स प्रा.लि. बाट उद्योगको लागि पैठारी गरेको कच्चा पदार्थमा लाग्ने भंसार महशुल वापत राखेको बैंक ग्यारेन्टी फुकुवा भएको उजुरीको सम्बन्धमा ।	अनुसन्धानको क्रममा रु. १,६२,४८,६०१।- प्राप्त भएको ।

(ङ) हिनामिना भएको सार्वजनिक जग्गा सरकारको नाममा कायम गराईएको

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय	कार्यान्वयनको व्यहोरा
१.	२०६२/१२/३	झापा अनारमुनी गा.वि.स. वाड नं. ३ को कि.नं. २९२ र २९४ को जग्गा नापीको समयका फिल्डवुकमा सडक र पैनी जनिएको सार्वजनिक जग्गा व्यक्तिविशेषको नाउँमा दर्ता भएको भन्ने उजुरीका सम्बन्धमा व्यक्तिका नाउँमा दर्ता भएका उल्लेखित सार्वजनिक जग्गाहरु प्रचलित नियम कानून वमोजिम आवश्यक कारवाही गरी ६ महिनाभित्र आयोगमा प्रतिवेदन पठाउन भुमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।	भूमि सुधार तथा व्यवस्था मन्त्रालयको च.नं. ४७० मिति २०६४।५।१० को पत्रानुसार उल्लेखित सार्वजनिक जग्गाहरु प्रचलित नियम अनुसार व्यक्तिको नामबाट बदर भई सरकारको नाममा भएको जानकारी प्राप्त ।
२.	२०६४।२।२८	का.म.न.पा. ३४ स्थित श्री ५ वीरेन्द्र ऐश्वर्य पार्क निर्माण स्थलको सार्वजनिक जग्गा व्यक्ति विशेषले आफ्ना नाममा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा सार्वजनिक जग्गा व्यक्तिको नाउमा दर्ता गरेको निर्णय बदर गरी सार्वजनिक कायम गरी आयोगलाई जानकारी दिन मालपोत	मालपोत कार्यालय डिल्ली बजारको च.नं. ३३० मिति २०६४।५।२६ को निर्णय अनुसार नगर वडा नं. १० सिट नं. १०२-११०७-२२ को कि.नं. ३५ बदर भई कि.नं. ३६८,४९० र कि.नं.

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय	कार्यान्वयनको व्यहोरा
		कार्यालय डिल्लीवजारमा लेखी पठाइएको ।	११५ को जग्गा तथा सोही कार्यालयको च.नं. १८४७ मिति २०६५।३।२४ को पत्रानुसार नगर सि.नं. ११०७-२२ को कि.नं. ३६४, ३३१, ३६३ हरि प्रसाद गिरीको जग्गा मध्ये कि.का. भै कि.नं. ५७०, ५७२, ५७४, क्षे.फ. क्रमशः ०-०-०-३, ०-१-१-२ र ०-०-३-० नेपाल सरकारको नाममा दर्ता श्रेस्ता कायम भएको जानकारी प्राप्त ।
३.	२०६४।३।३	का.म.न.पा. ३४ स्थित वाग्मती किनारको राजकुलो समेतको सार्वजनिक जग्गा भि.एस. निकेतन स्कूलले समेत मिलि कब्जा गरेको भन्ने उजुरीका सम्बन्धमा का.म.न.पा. ३४ स्थित जग्गा नगर सिट नं. ११८७-०१ बाट जग्गा नाप हुदाँ कि.नं. १०७ क्षेत्रफल ४-१-०-० सार्वजनिक जग्गा देखिएकोले नेपाल सरकारका नाममा दर्ता गराउन भूमि सुधार तथा व्यवस्था मन्त्रालयलाई लेखि पठाईएको ।	भूमि सुधार तथा व्यवस्था मन्त्रालयको च.नं.६७९ मिति २०६४।५।२६ को पत्रानुसार नेपाल सरकारको नाममा जग्गा दर्ता भएको जानकारी प्राप्त ।
४.	२०६५।१।१०	काठमाण्डौ महानगरपालिका कार्यालय अन्तर्गत गोगबु स्थित नयाँ बसपार्क लोत्से बहुउद्देश्यीय प्रा.लि. लाई लिजमा दिंदा अनियमितता भएको भन्ने विषयमा अनुसन्धान गर्दै जाँदा बसपार्क क्षेत्रभित्र घुसेको २१-६-०-२ सार्वजनिक जग्गा नेपाल सरकारको नाममा कायम गर्न मालपोत कार्यालय डिल्लीवजारलाई लेखी पठाईएको ।	मालापोत कार्यालय डिल्लीबजारको मिति २०६५।१।९ को निर्णयानुसार गोगंबु नयाँ बसपार्क क्षेत्र भित्रको २१-६-०-२ रोपनी जग्गा आयोगको पहलमा नेपाल सरकारको नाममा दर्ता भएको ।
५.	२०६५।३।१७	का.म.न.पा.-२२ स्थित साविक कित्ता नं.५२ क्षेत्रफल ०-६-१-२ जग्गाको जग्गा धनि तत्कालिन श्री ५ को सरकार भोग महलमा मुसलमानहरुको नाम उल्लेख भै त्यसैमा मस्जिद समेत संचालन हुँदै आएकोमा सो जग्गा नरेन्द्र विक्रम राणाको नाममा दर्ता भएकोले व्यक्तिको नाममा भएको दर्ता बदर गरि सरकारका नाममा दर्ता गर्न मालपोत कार्यालय डिल्लीबजारले आलटाल गरेको भन्ने उजुरीका विषयमा अनुसन्धान गर्दै जाँदा ०-६-१-२ सार्वजनिक जग्गा नेपाल सरकारको नाममा कायम गर्न मालपोत कार्यालय डिल्लीवजारलाई लेखी पठाईएको ।	मालापोत कार्यालय डिल्लीबजारको मिति २०६५।३।२५ को पत्रानुसार ०-६-१-२ रोपनी जग्गा आयोगको पहलमा नेपाल सरकारको नाममा दर्ता भएको ।

(च)अन्य कारवाही

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	२०५५।६।६	नेपाल लिभर लिमिटेड र फुन्सोलिङ ह्यान्डी क्राफ्ट	राजश्व न्यायाधीशकरण र कर

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
		इन्डस्ट्रिजले राजस्व छलेको ।	फर्स्यौट आयोगबाट भएको निर्णयानुसार अर्थ मंत्रालयको मिति ०६४।११।८ को पत्रानुसार आयोगको मिति ०६४।११।१० को निर्णयले लगत कट्टा गरिएको ।
२.	२०६२।९।२५	कृषि विकास बैक पुतली सडकबाट कर्जा लगानी गर्दा अनियमितता भयो भन्ने सम्बन्धमा प्रचलित कानुन बमोजिम कारवाही गरी बैकको बाँकी असुल गरी आयोगलाई जानकारी दिन कृषि विकास बैक मुख्य कार्यालयमा निर्देशन पठाईएको ।	अर्थ मन्त्रालयको मिति २०६४।११।८ को पत्रानुसार ऋण असुलि न्यायाधिकरणमा मुद्दा दायर भई अदालतको दायरा भित्र परेको हुँदा आयोगको मिति २०६४।११।१० को निर्णयले लगत कट्टा गरिएको ।
३.	२०६३।११।१८	सुकुम्बासी समस्या समाधान आयोग महोत्तरीका तत्कालीन अध्यक्ष देवनारायण महतोले शिवनारायण महतोका नाममा अनियमित ढंगले जग्गा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा २०५१ सालमा मालपोत कार्यालयले सरकारको नाममा दर्ता गरिसकेको र हाल हाट बजार लाग्ने सार्वजनिक क्षेत्रको उल्लेखित पर्ति जग्गा तत्कालिन सुकुम्बासी समस्या समाधान आयोगका तत्कालिन अध्यक्ष देवनारायण महतोका सहोदर भाइ शिवनारायण महतोलाई बिक्री वितरण गर्ने गरी निर्णय अनियमित भएकोले अ. दु. अ. आ. ऐन २०४८ को १२ ख अनुसार दुष्परिमाण सच्याई आयोगलाई जानकारी गराउन मालपोत कार्यालय महोत्तरीलाई लेखि पठाईएको ।	भुमि सुधार तथा व्यवस्थापन मन्त्रालयको मिति २०६४।७।२८ को पत्रानुसार नेपाल सरकारको नाममा दर्ता भई आए अनुसार आयोगको मिति २०६४।९।१३ को निर्णयले लगत कट्टा गरिएको ।
४.	२०६४।१।२०	जनकपुर चुरोट कारखानामा सुर्ती खरिद गर्दा अनियमितता गरेको भन्ने उजुरका सम्बन्धमा जनकपुर चुरोट कारखानामा लिमिटेडका महाप्रवन्धक श्याम कुमार महतोलाई भविष्यमा कुनै सार्वजनिक जिम्मेवारीको पद नदिनको लागि अभिलेख राखी आयोगलाई जानकारी दिन प्र.म. तथा म.प.को कार्यालयमा लेखि पठाईएको ।	प्र.म. तथा म.प.को कार्यालयको च.नं.३२ मिति २०६४।५।३० को पत्रानुसार अभिलेख राखिएको जानकारी प्राप्त ।
५.	२०६४।८।२७	भूमि सुधार कार्यालय बाराका भू.सु अधिकारी खरिदार समेतले भोगचलनमा रहदै आएको जग्गा अनियमित तरिकाले बाँडफाँड गरेको भन्ने उजुरीका सम्बन्धमा भूमि सुधार कार्यालय बारालेसाविक कि.नं. १७३ वा सो कित्ता काट भई गएको भए सो जग्गाको प्रकृया नै नपुर्याई मोही कायम गरी जग्गा बाँडफाँडको निर्णय गरी रोक्काको आदेश विभिन्न निकायबाट आउँदा मालपोत कार्यालयबाट बाँडफाँड गरी हक हस्तारण गराएको देखिएकोले सो बदर गरी साविक कै जग्गा धनी बुलबुलदेवी रघुवंशीको नाममा जोतपोत कायम गरी आयोगलाई जानकारी दिन मालपोत कार्यालय बारालाई लेखी पठाइएको ।	मालपोत कार्यालय बाराको च.नं ३१२८ मिति २०६४।९।३० को पत्रानुसार दुष्परिणाम सच्याइएको जानकारी प्राप्त ।

परिच्छेद - १३
कार्यान्वयन हुन वांकी विभागीय वा अन्य कारवाहीको विवरण

आयोगको भ्रष्टाचार तथा अनुचित कार्यको छानविन तथा अनुसन्धानको क्रममा विभागीय कारवाही लगायत अन्य कारवाही गर्ने गरी भएका निर्णयहरु कार्यान्वयनका लागि विभिन्न मन्त्रालय, विभाग र अन्तर्गत कार्यालयहरुलाई लेखिएकोमा केही निर्णयहरुको कार्यान्वयन अहिलेसम्म हुन सकिरहेको देखिदैन । आ.व. २०६४।०६५ सम्ममा कार्यान्वयन हुन वाकी रहेका आयोगका निर्णयहरुको विवरण निम्न अनुसार रहेको छ ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

१. नेपाल सरकारको नीति अनुसार ट्याक्सी क्याबहरु भिकाउंदा ५० प्रतिशत भन्सार छुट दिई भिकाइएका ट्याक्सीहरुले नियमानुसार लाग्ने आयकर नतिरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा आयोगमा परेको उजुरीकाआयोगको मिति २०५९।३।२७ को निर्णयले आन्तरिक राजस्व विभागका महानिर्देशकलाई ३ महिना भित्र आयकर राजस्व असूली गराउने भनी निर्देशन भएकोमा उक्त निर्देशन प्रकृयामा नै रहेको भनी निर्देशन कार्यान्वयन नभएको ।

२. किर्ते तामाङ सहित ११ ऋणीहरुलाई कर्जा प्रवाह गर्दा अनियमितता गरेको सम्बन्धमा किर्ते तामाङ सहित ९ जना ऋणीको हकमा प्रवाह भएको ऋण र ब्याज समेतको रु. २९,५०,०००।- धितो लिलामी प्रक्रियाबाट असुल उपर गर्ने सो अनुसार नभए प्रचलित कानुन बमोजिम महाप्रबन्धकले असुल उपर गर्न र ढकाल पोल्ट्री फर्म प्रा.लि.लाई प्रवाह गरेको ऋण रकम मध्येको जोखिममा परेको रु २४,६८७८४।- र सो को हालसम्मको ब्याज जमानत दाता रामप्रसाद ढकालको धितोबाट असुल उपर गर्ने, सो अनुसार नभए तत्कालीन प्रबन्धक सुशील कुमार उपाध्यायको जेथा जमानतबाट आयोगको मिति २०६२।४।१० को निर्णयानुसार महाप्रवन्धक, कृषि विकास वैंकलाई लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

३. कानून अधिकृत केदार मैनालीले कायमी धितोलाई कम मूल्यांकन गरी आफ्नै सालीलाई धितो सकार गर्न लगाई रा.वा.वैंक मैतिदेवीको धितो हिनामिना गरी अनुचित कार्य गरे भन्ने सम्बन्धमा ऋणी धर्मानन्द अवस्थीले लिएको रकम रु. १०,००,०००। असूलउपर गर्नका लागि राखेको धितोबाट असूल उपर हुन नसकेमा धर्मानन्द अवस्थीबाट र निजबाट पनि असूलउपर हुन नसकेमा कि.नं. १५ को ३-११-० जग्गाको लिलाम स्वीकृत गर्ने व्यक्तिहरुउपर कानूनवमोजिम मुद्दा दायर गरी असूलउपर गर्न राष्ट्रिय वाणिज्य वैंक, केन्द्रिय कार्यालयमा आयोगको मिति २०६२।५।३० को निर्णय अनुसार लेखी पठाइएकोमा हाल सम्म कारवाहीको जानकारी प्राप्त नभएको ।

४. कृषि विकास वैंक वैंकिङ्ग कार्यालय दाङ्ग घोराहीका तत्कालिन प्रवन्धक कमलवहादुर के.सी. र का.स. दिपकराज श्रेष्ठले बढी धितो मूल्यांकन गरी ऋण प्रवाह गरे भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुदाँ आयोगको मिति २०६२।११।१७ को निर्णयअनुसार राना मेडिकल स्टोर, सुजिता ग्रिल उद्योग, तेजनाथ योगी, हरिनाथ योगी, हिमा सिस्नेरी इन्टरप्राइजेज, त्रिचन्द्र इन्टरप्राइजेजलाई लगानी गरेको कूल रकम रु. ५५,७९,९५०।-को मिति २०६० चैत्र सम्मको हुने रु.६७,०९०,६५।- निर्धारण भएको ६ महिनाभित्र असूल उपर गर्न कृषि विकास वैंक, मुख्य कार्यालयमा लेखी पठाइएकोमा हाल सम्म कारवाहीको जानकारी प्राप्त नभएको ।

५. आन्तरिक राजश्व विभागका तत्कालिन महानिर्देशकले राजश्व हानीनोक्सानी गरेको भन्ने सम्वन्धमा अनुसन्धान हुदाँ आयोगको मिति २०६४।१।२० को निर्णयअनुसार सह-सचिव रण बहादुर श्रेष्ठलाई विभागीय कारवाही गर्न अर्थ मंत्रालयमा लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

६. तत्कालिन भन्सार अधिकृत महेन्द्र कुमार बानियाँलाई विभागीय कारवाही गर्दा अनियमितता भयो भन्ने सम्बन्धमा आयोगको मिति २०६४।४।२ को निर्णय अनुसार अर्थ मन्त्रालयका तत्कालिन नि. सचिव प्रमोद कुमार कार्कीलाई सचेत गराउन अर्थ मन्त्रालयलाई लेखी पठाइएकोमा हाल सम्म कारवाहीको जानकारी प्राप्त नभएको ।

७. राष्ट्रिय बाणिज्य बैंकका उपत्यका स्थित बिभिन्न शाखा कार्यालयहरुबाट जगरनाथ प्रसाद सोनार सम्बद्ध काठमाडौं ठुकटुक र अनिता इलेक्ट्रिकल प्रा.लि.सप्लायर्स रही टेम्पोमा कर्जा लगानी गर्दा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६५।३।८ को निर्णय अनुसार बैंकले निर्धारण गरेको अबधी आषाढ मसान्तदेखि ३ (तीन) महिना भित्र कडाइकासाथ बाँकी बक्यौता असुली गरी सोको जानकारी आयोगलाई दिन राष्ट्रिय वाणिज्य बैक केन्द्रिय कार्यालयमा लेखी पठाइएकोमा हाल सम्म कारवाहीको जानकारी प्राप्त नभएको ।

(ख) <u>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तरगत</u>

१. नेशनल ट्रेडिङ लिमिटेडका अध्यक्ष कृष्णचन्द्र झाले नेपाल सरकारले तोकेको भन्दा वढी सुविधा लिनु खानु गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगबाट मिति २०५९।३।२६ मा निर्णय हुंदा तोकिएको हदभन्दा बढी भुक्तानी लिएको रकम निज झाबाट असूल उपर गराई आयोगलाई जानकारी दिन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखिएकोमा रकम असुल उपर भएको जानकारी प्राप्त नभएको ।

२. बुटवल धागो कारखाना लिमिटेडमा आर्थिक अनियमितता भएको सम्बन्धमा बढी सुविधा लिने संस्थानका तत्कालिन अध्यक्ष र सदस्यहरुबाट बढी लिए जति रकमहरु असूल उपर गर्ने भनी आयोगबाट मिति २०६०।७।४ र मिति २०६०।७।१८ मा भएको निर्णय कार्यान्वयन गर्न लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा हिनामिना गरी गैर कानुनी फाइदा लिने गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०६३।४।१ निर्णय अनुसार नेपाल सरकारले विशाल बजार कम्पनीलाई दिएको जग्गा बापत मूल्यांकन भएको रु. ३९ करोड ६० लाख बराबरको रकमलाई नेपाल सरकारको शेयरको रुपमा परिणत गर्न आवश्यक कारबाही गरी आयोगलाई जानकारी गराउन उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. घरेलु तथा साना उद्योग कार्यालय काभ्रेपलान्चोकबाट उद्योग दर्ता सम्बन्धमा अनियमित कार्य भएको भन्ने सम्बन्धमा आयोगको मिति २०६३।३।२६ को निर्णय अनुसार कार्यालय प्रमुख कृष्णबहादुर कार्कीलाई दुई वर्ष बढुवा रोक्का गर्न उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. नेपाल आयाल निगमका कर्मचारीको मिलोमतोमा जहाजलाई दिने तेलको विल सम्बन्धमा व्यापक भ्रष्टाचार भएको उजुरीका सम्बन्धमा आयोगको मिति २०६३।२।९ निर्णय अनुसार तेलको भुक्तानी हुन बाँकी रकम तीन महिना भित्र असुल उपर गरी आयोगलाई जानकारी दिन संचालक समिति नेपाल आयल निगममा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. बोलबम लगायत मापदण्ड विपरितका इट्टाभट्टाहरु बन्द गरी स्वच्छ प्रशासनको प्रत्याभूति पाउँ भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६३।५।९ को निर्णय अनुसार यस सम्बन्धमा सर्वोच्च अदालतबाट २०६२ साल मार्ग २४ गते भएको फैसलामा उल्लेखित ४ बुँदा कार्यान्वयन गर्न उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. उदयपुर सिमेन्ट उद्योग लि.बाट म्याग्नेसिया क्रिम खरिद विक्रि गर्दा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६४।३।३१ को निर्णयानुसार ए.सी.सी. नागपुर (ब्रिक्स आपुर्त्ति कर्ता) बाट रु. ३६,०९,४४७।९० असुल उपर गर्न र उद्योगलाई भएको क्षतिपूर्तिको असुली प्रकृया सम्पन्न नभए सम्म उक्त कम्पनी ए.सी.सी. हाल ए.सी.इ.बाट पछि खरिद गरेको High Alumina bricks बापतको रकम रु. १८,६३,७४०।- रोक्का राखी आयोगलाई जानकारी दिन उदयपुर सिमेन्ट उद्योग लि.लाई र म्याग्नेसिया क्रिम जस्तो महंगो उद्योगको लागि नभइ नहुने संवेदनशील सामानहरु खरिद गर्दा हचुवाको भरमा ब्रान उत्पादक कम्पनी उत्पादक देश तोकिनु भन्दा ब्रिकको सेप साइज स्पेशिफिकेशन तथा केमिकल कम्पोजिशन तथा टेष्ट सर्टिफिकेट बारे अध्ययन गरी निर्णय गराई प्रि क्वालिफिकेशन गराएर ब्राण्ड उत्पादक कम्पनी उत्पादक देश तोक्ने गर्ने र उद्योगमा चुस्त व्यवस्थापन प्रकृया अपनाई उद्योग संचालनको असामान्य अनुत्पादक समयलाई घटाउन उदयपुर सिमेन्टलाई निर्देशन दिन उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखि पठाईएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. गैरकानुनी रुपमा बैक पैदावारमा आधारित उद्योगहरु दर्ता गरी वन कार्यालय र घरेलु तथा साना उद्योग कार्यालय दाङ्गका कर्मचारीले रकम भाग बन्डा गरी खाए भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६४।६।२१ को निर्णय अनुसार वन क्षेत्रबाट वन पैदावरमा आधारित उद्योगहरु दर्ता गर्दा वातावरण संरक्षण सम्बन्धी नियमहरु पटक पटक संशोधन गर्न युक्तीसंगत नदेखिने हुदाँ आगामी दिनमा नियमावलीमा यस विषयलाई समावेश गरी व्यवस्थित रुपमा लागू गर्ने तथा दाङ्ग जिल्लाको देउखुरी क्षेत्रमा कानून विपरित दर्ता भएका वन पैदावरमा आधारित १४ उद्योगको सम्बन्धमा आवश्यक व्यवस्था मिलाइ आयोगमा जानकारी पठाउन उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखि पठाईएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. खाना पकाउने यल.पि.ग्यासको अवैध व्यापारबाट उपभोक्ता ठगिने क्रम बढ्दै गएको र यस विषयमा पत्र पत्रिकामा प्रकाशित भएको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।५।३ को निर्णय अनुसार सिल खोलिएका, तोकिएका मापदण्ड भन्दा कम तौल भएका, उद्योगको लेवल नभएका, तोकिएको भन्दा बढी मूल्य लिई विक्रि भैइरहेका तथा सुरक्षाका दृष्टिकोणबाट जोखिम हुन सक्ने कुच्चीएका तथा सरसफाई नभएका यल.पि.ग्यास सिलिण्डरहरु बजारमा विक्रिको लागि राख्ने गरिएको र यस्ता पक्षहरुको अनुगमन गर्ने, निकायगत व्यवस्था भए पनि अनुगमनलाई प्रभावकारी बनाउदै उपभोक्ताको हितलाई प्रवर्द्धन गर्न यल.पि.ग्यासको आयात र फिलिङ्ग देखि वितरण प्रणाली सम्म सहज पहुँच प्राप्त गर्ने यसलाई नियमित रुपमा अनुगमन गर्ने अवैध कारोवार उपर तत्काल कारवाही गर्ने । नियमित रुपमा उपभोक्ताका गुनासा सुन्ने समेतका कार्य एकीकृत रुपमा गर्न यस सम्बन्धी भएका प्रावधानलाई विचार गरी विद्यमान ऐन कानूनमा परिमार्जन गरी स्पष्ट अधिकार र उत्तरदायित्व तोकिएको सांगठनिक व्यवस्था (Regulatory framework) बनाउन, सुरक्षा र जन स्वास्थ्यका दृष्टिले अत्यन्त सवेदनशील रहेको यल.पि.ग्याँसको आपूर्ति र उपभोक्तालाई सर्‍क्षित बनाउने हालका व्यवस्थाहरु अपर्याप्त देखिएकोले ग्याँसको फिलिङ्ग गर्ने, भल्भबाट हुने चुहावट जाँच गर्ने, सिल लगाउने,

तोकिएको अवधिमा ग्याँस सिलिण्डरको मर्मत संभार तथा सरसफाइ गर्ने प्रयोग अवधि समाप्त हुनासाथ त्यसलाई नष्ट गर्ने जस्ता विषयलाई नियमन गर्न प्रचलित ने.गुण ३६९।२०५३ अनुसारको सिलिण्डरको स्पेशिफिकेशन तथा ने.गुण ३७६। २०५३ अनुसारको आचार सहिता समेत समावेश गरी उपयुक्त सजायका प्रावधानहरु सहितको कानुनी व्यवस्था गरी आयोगमा जानकारी पठाउन तथा सरकारी स्वामित्वमा रहेको नेपाल आयल निगम लि.ले एल.पि.ग्याँसको लागत मूल्य भन्दा कम मूल्यमा विक्रि वितरण गरी संचालन नोक्सानमा रहेको अवस्थामा ग्राहस्थ प्रयोग बाहेक संगठित होटल जस्ता गैर ग्राहस्थ क्षेत्रमा बढी मात्रामा इन्धन खपत हुने हुदाँ त्यस्ता क्षेत्रमा इन्धनको प्रयोजनको लागि वितरण हुने ग्याँसको मूल्य र ग्राहस्थ प्रयोजनका लागि वितरण हुने ग्याँसको मूल्य निर्धारण समेत फरक फरक गर्न अति आवश्यक देखिएकोले नेपाल आयल निगम संचालक समितिलाई निर्देशन दिन उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखि पठाईएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. मा.पो.का. डिल्ली बजारबाट अपुताली परेको सम्पति नक्कली हकदार बनी मुलुकी ऐन अपुतालीको महल विपरित नामसारी दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६४।११।२९ को निर्णय अनुसार तत्कालीन प्र. मालपोत अधिकृत हाल उद्योग मन्त्रालय अन्तरगत कार्यरत उपसचिव सूर्यकान्त झालाई विभागीय कारवाही गर्न सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मंत्रालय लेखि पठाईएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

११. गुणस्तर तथा नाप तौल कार्यालय विराटनगरका कर्मचारीले घुस लिएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१२।४ को निर्णय अनुसार कार्यालय प्रमुख रामआधार शाह र कालीगढ (रा.प.अ. चतुर्थ) बद्रीबहादुर बुढाथोकीलाई विभागीय कारवाही गर्न गुणस्तर तथा नापतौल विभाग बालाजुमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ग) कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय अन्तर्गत

१. अधिग्रहणमा परको जग्गा युनियन फाइनान्सका प्रबन्धकले धितो राखी अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६१।६।६ को निर्णय अनुसार कानून व्यवसायी अधिवक्ता रविन्द्र बज्राचार्यलाई आचार संहिता विपरीत काम गरेको देखिन आएकोले प्रचलित कानून बमोजिम कारवाही गर्न नेपाल कानून व्यवसायी परिषद्मा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(घ) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत

१. सह-लेखापाल निलाबहादुर रायमाझीले मस्यौट गरेको रकम रु. २,०६,०७१।३६ आन्तरिक लेखा परीक्षण बेरुजु भई क-१-६ बेरुजु खातामा जम्मा गरी सकेको भएपनि उक्त विवाद आर्थिक वर्ष २०५२।५३ को देखिंदा उक्त रकम मस्यौट गरेको दिन देखिको दशौंदका हिसावले सूद समेत असूल गराई निजलाई विभागीय कारबाही गरी सोको जानकारी आयोगमा गराउन अख्तियारवाला कहां लेखिएकोमा कार्यान्वयनकोपनि कुनै जानकारी प्राप्त हुन नआएको ।

२. कृषि सामाग्री संस्थान, अमलेखगञ्जको गोदामबाट विषादी औषधी हटाउने भनी आयोगबाट मिति २०५५।३।५ मा नेपाल सरकारलाई भएको निर्देशन कार्यान्वयन प्रकृयामा समस्या रहेकोले हटाउने कार्य तत्काल संभव नभएको भनी लेखि आएकोले आयोगको उक्त निर्देशन कार्यान्वयन हुन नसकेको ।

३. साझा भण्डार संस्थाका अध्यक्ष जयकुमार खड्काले अनियमित तवरले भवन भाडामा लगाई भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६३।६।३० को निर्णयानुसार सम्पति भाडामा लगाउने र सोको प्रकृया सम्बन्धमा समेत स्पष्ट रुपमा बोर्डको विनियमका व्यवस्था गर्ने र विनियममा

व्यवस्था नहुञ्जेल अव भाडामा दिनु पर्दा पारदर्शी ढंगले प्रतिष्प्रर्धात्मक प्रकृया द्वारा वोर्डलाई अधिकतम लाभ हुने गरि गर्न लेखी पठाइएकोमा कार्यान्वयन भै सकेको भन्ने जानकारी प्राप्त नभएको ।

४. तरकारी पेकेज प्रर्दशनीमा नक्कली विल बनाई भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।११।३० को निर्णय अनुसार ना.प्रा.स. मोहमद मजिद ना.प्रा.स. भगवान प्रसाद पोखरेल तथा प्रा.स. राम विलास शाहलाई विभागीय कारवाही गर्न कृषि तथा सहकारी मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ङ) <u>गृह मन्त्रालय अन्तर्गत :</u>

१. गैरनेपाली नागरिक राजकुमार गुप्तालाई वंशजको नागरिकता दिई गैरकानूनी कार्य गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५३।३।५ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, चितवनका तत्कालीन प्रमुख जिल्ला अधिकारी मदनप्रसाद अर्याललाई विभागीय कारवाही गर्न लेखि गएकोमा हाल उक्त निर्णय सर्वोच्च अदालतमा विचाराधिन रहेको जानकारी प्राप्त भएको ।

२. जिल्ला प्रहरी कार्यालय महोत्तरीले घोडाको दरवन्दी नभएको ठाँउमा घोडाको दाना खर्च लिई अनियमिता भएको उजुरीका सम्वन्धमा आयोगको मिति २०६१/१२/१० को निर्णयानुसार उल्लेखित विषयमा सम्वन्धित मन्त्रालयबाटै कारवाही टुंगो लगाई आयोगलाई जानकारी दिन लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. धापासी ७ को कि.नं. ९० को क्षेत्रफल १८-३-३ जग्गा अतिक्रमण भएको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति ०६२/४/१३ को निर्णयानुसार उक्त धापासी ७ को कि.नं. ९० को जग्गासँग जोडिएका संधियारहरुबाट अतिक्रमण भएको जग्गा छुट्टयाई सार्वजनिक पर्ति नै कायम गरी आयोगलाई जानकारी गराउन प्र.जि.अ. काठमाण्डौमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. धनुषा जिल्ला देवपुरा रुपैठा गाविस वाड नं ५ वस्ने धुरनदासको छोरा रामपृत दासले दोहोरो नागरिकता लिएको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६२/५/२८ को निर्णयानुसार कार्यालयमा सक्कल रेकर्ड हुदाहुदै फेला नपरेको भनी दस्तखत गर्ने जिल्ला प्रशासन कार्यालय, धनुषाका कर्मचारीउपर विभागीय कारवाही गर्न गृह मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. कैलाली जिल्ला मालाखेती गा.वि.स. वाड नं ६ वस्ने जोगी रानाले अर्काको बाबु जग्गु रानालाई आफ्नो वावु उल्लेख गरी/गराउन लगाई नागरिकता लिएको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति ०६२/९/२६ को निर्णयानुसार छानविन गरी कारवाही टुंगो लगाउन गृह मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. तत्कालीन प्र.जि.अ.माधवप्रसाद रेग्मी समेतले हडकडबाट स्थाई अनुमतिपत्र दिलाउने कार्यमा भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६३।५।६ को निर्णयानुसार आवश्यक अनुसन्धान गरी नतिजाको जानकारी यथासिघ्र आयोगमा पठाउन जिल्ला प्रहरी कार्यालय सुनसरीमा लेखी पठाइएकोमा कार्यान्वयनकोकार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. श्री ने.रा. मा.वि. पिपरपाती पचरौताका प्र.अ. राजेन्द्र प्रसाद विद्यार्थीले विद्यालयको सम्पत्ति हिनामिना गरेको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६३।११।२ को निर्णयानुसार आवश्यक कारबाही गरी

आयोगलाई जानकारी दिन जिल्ला प्रशासन कार्यालय बारामा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. जावलाखेल ल.पु उ.प.न.पा. वडा नं. ४ झ स्थित कि. नं. ७० को जग्गामा अनियमित तरिकाले व्यक्ति समेतको मिलेमतोमा घर निर्माण गर्न लागेको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६३।१२।१४ को निर्णयानुसार स्थानीय प्रशासन ऐन २०२८ अनुसार सार्वजनिक जग्गामा निमार्ण भएका घर टहराहरु हटाई जग्गा यथावत खुला राखी सोको जानकारी आयोगलाई दिन जिल्ला प्रशासन कार्यालय ललितपुरमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. डिल्लीराम शर्माले हिलवर्ड ईङ्गलीस बोर्डिङ्ग स्कुल (धनगढी) वाट झुठा विवरण पेश गरि नागरिकता लिएको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६४।४।३० को निर्णय अनुसार आवश्यक कार्यवाही गरी अन्तिम टुङ्गोमा पुग्ने र सोको जानकारी आयोगलाई दिन गृह मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. मंगलचन्द्र संखुलिया (शर्मा) भन्ने भारतीय नागरिकले (जिल्ला प्रशासन कार्यालय भद्रपुर झापाबाट) नेपाली नागरिकता लिए भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६४।४।३० को निर्णय अनुसार यस विषयमा गृह मन्त्रालयवाटै आवश्यक कार्यवाहि गरि आयोगलाई जानकारी दिन गृह मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

११. कुनै विकास निर्माण नै नगरी रकम हिना मिना गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६४।८।१७ को निर्णय अनुसार विन्देश्वरी प्र. साहबाट रु २,९८,८६८।-, महेन्द्र राउत कुर्मिबाट रु. ३३,५००।-, रामचन्द्र वैठाबाट रु. १७,०८५।-, प्रभुप्रसादबाट रु. ६५००।- कृष्ण प्रसाद कुर्मिबाट रु. ७०,३५१।- असुल उपर गर्न जिल्ला प्रशासन कार्यालय पर्सामा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१२. बालिका छात्रवृति रकम दुरुपयोग गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६४।२।२९ को निर्णय अनुसार फर्स्यौट गर्न बाँकी रकम असुल उपर गर्न जिल्ला प्रशासन कार्यालय कपिलवस्तुमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१३. ना.१ च ७१८८ नं को निशान जिप गैरकानुनीरुपमा दर्ता गरी संचालन गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६२/६/४ को निर्णय अनुसार तत्कालिन श्रम मन्त्रालय अन्तरगतको खरिदार हाल गृह मन्त्रालय अन्तरगतका ना.सु. हरिभक्त पोखरेललाई विभागीय कारवाही गर्न लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१४. काठमाडौँ महानगरपालिका वडा नं. ३ रानीवारी स्थित सामाखुशी किनारमा रहेको सार्वजनिक जग्गा आसपासमा रहेका जग्गा धनीहरुले अतिक्रमण गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६४।१।४ को निर्णय अनुसार का.म.न.पा. वडा नं. ३ स्थित सिट नं. १०२-१८५-२२ को सार्वजनिक जग्गा र कि.नं.८४, १६५, १५२,, १५३, २५५, ५१, ५४, ५५, ७३, ४२, ४१, समेतले केही सार्वजनिक जग्गा अतिक्रमण गरेको हुदाँ उल्लेखित कि.नं. जग्गाका धनीहरुले आफ्नो कित्तामा घुसाएको अतिक्रमण गरेको हदसम्मको सार्वजनिक जग्गा सम्बन्धित प्राविधिकहरु द्धारा यकिन गरी गराई अतिक्रमित सार्वजनिक जग्गा सम्बन्धित कि.नं. बाट झिकी सार्वजनिकीकरण गरी सो को जानकारी ३ महिना भित्र आयोगलाई दिन गृह मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१५. जयन्ती प्रा.वि.को विद्यालय व्यवस्थापन समितिले हिसाव किताव सार्वजनिक नगरेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६५।१।१२ को निर्णयानुसार विद्यालय व्यवस्थापन समितिबाट औल्याइएका कुराहरुलाई छानविन गरी कारवाही नै गर्नु पर्ने देखिएको विषयमा मात्र आयोगलाई २०६५ असार मसान्त सम्ममा जानकारी गराउन प्रमुख जिल्ला अधिकारी , नवलपरासीमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१६. का.म.न.पा. ३४ भिमसेन गोला कत्यायोनी मदिन्र आसपासको १०,१२ रोपनी सार्वजनिक जग्गा व्यक्तिले प्रयोगमा ल्याएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१।८ को निर्णय अनुसार आयोगको निर्णयमा उल्लेखित कि.न.हरुले आफ्नो कित्तामा घुसाएको अतिक्रमण गरेको हद सम्मको सार्वजनिक जग्गा सम्बन्धित कि.नं.बाट झिकी सार्वजनिकीकरणद्धारा एकीन गरी गराई अतिक्रमित सार्वजनिक जग्गा सम्बन्धित कि.नं.बाट झिकी सार्वजनिकीकरण गरी सो को ३ महिना भित्र आयोगलाई जानकारी दिन काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१७. राजस्व चुहावटका उजुरी र गुनासाहरु दिनप्रतिदिन आइनैरहेको अवस्थामा अर्थ मन्त्रालयका सम्बन्धित पदाधिकारी लगायत सुरक्षा अंगसँग भएको अन्तरक्रियामा व्यापक छलफल पश्चात् राजस्व चुहावट नियन्त्रण गर्ने सम्बन्धमा अनुसन्धन हुँदा आयोगको मिति २०६५।२।९ को निर्णय अनुसार विद्यमान कानूनी प्रावधान विपरीत मानिस बोक्ने सवारी साधनले व्यवसायिक प्रकृतिको सामान ओसारपसार भैरहेका गुनासा आइरहेको सन्दर्भमा नेपाल प्रहरी तथा सशस्त्र प्रहरीलाई यसतर्फ अझ बढी क्रियाशील बनाई कानूनको परिपालनाका साथै राजस्व चुहावट नियन्त्रण गर्न नेपाल प्रहरी तथा सशस्त्र प्रहरी प्रधान कार्यालयमा निर्देशन पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(च) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तरगत

१. विभिन्न संस्थान र समितिहरुमा रहेको संचालक समितिका अध्यक्ष र सदस्यहरुलाई दिइ आएको सुविधाहरुको हकमा तत्कालीन श्री ५को सरकार मन्त्रिपरिषदबाट मिति २०५७।२।२ मा निर्णय भैरहेकोमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतका समितिहरुका हकमा पुनः २०५९।३।२० मा बेग्लै निर्णय भएको तथा त्यसै गरी अन्य केही संस्थान र समितिहरुमा बढी र फरक किसिमका सुविधाहरु संचालक समिति स्वयंले निर्णय गरी सुविधा उपलब्ध गराएको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६०।७।४ को निर्णयानुसार संस्थानको संचालक समितिले आफूखुशी निर्णय गर्न नपाउने समेतका उपयुक्त व्यवस्थाहरु ३ महिनाभित्र गरी आयोगलाई जानकारी दिन मन्त्रिपरिषद् सचिवालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. मकालु वरुण राष्ट्रिय निकुन्ज संखुवासभाको मध्यवर्ती क्षेत्रको कार्ययोजना काल्पनिकरुपमा तयार गरी गैरसरकारी संस्थाबाट रकम लिई भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६२।१२।९ को निर्णयानुसार कतिपय मन्त्रालय, विभाग तथा कार्यालयहरुले विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्था लगायत अन्य अन्तर्राष्ट्रिय संस्थाहरुबाट आर्थिक सहयोग रकम स्विकार गर्दा भैरहेको कानूनको परिपालन नगरी सोझै सहयोग रकम लिने र आफनै खातामा राखी आफू खुसी खर्च गर्ने गरेको अनुसन्धानबाट देखिएकोले यसरी सहयोग स्वीकार गर्दा कानूनी प्रक्रिया अवलम्बन गरी लिने परीपाटी बसाल्न मुख्य सचिव, पधान मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(छ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत :

१. सुकुलढोका केदारेश्वर महादेवस्थानको नाममा दर्ता भएको गुठीको जग्गा गुठी संस्थानका कर्मचारीहरुको मिलेमतोमा अनधिकृत व्यक्तिलाई गुठियार कायम गर्न खोजी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६१/९/२ को निर्णयानुसार गुठी संस्थान ऐन, २०३३ को दफा ३९ वमोजिम जे जस्तो निर्णय गर्नुपर्ने हो गरी ३ महिनाभित्र आयोगलाई जानकारी दिने भनी लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. नवलपरासी गैंडाकोट ३ (ख) कि.नं. ३३,३७ र ३८ को जग्गा नारायणी नदी किनारको सार्वजनिक जग्गा वीरबहादुर पाण्डेको मिलेमतोमा आफ्ना नातेदारको नाममा दर्ता गराई भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६२।११।२१को निर्णयानुसार स्थलगत निरीक्षण गरी छानबिनबाट कानुन सम्मत दर्ता देखिएमा सोही बमोजिम कारबाहीको टुंगो लगाई रोक्का फुकुवा समेत गर्ने र साबिक लागत र पोता नभिड्ने जग्गा निवेदकको नाममा दर्ता भएको र सरकारी सार्वजनिक जग्गा देखिन आएमा उक्त सरकारी जग्गा मालपोत ऐन २०३४ को दफा २४ अनुसार ३ महिनाभित्र कारबाही सम्पन्न गरी सो को जानकारी आयोगमा पठाउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. काठमाण्डौ, ललितपुर र भक्तपुर मालपोत कार्यालयमा रजिस्ट्रेसन पास गर्दा कम राजस्व दाखिला गरी राजस्व मश्यौट गरेको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६३।४।१६ को निर्णयानुसार कम राजश्व दाखिला गरी गराई जग्गा रजिष्ट्रेशन पास गर्ने मश्यौट गर्ने कर्मचारीहरु विरुद्ध विभागीय कार्यवाही गरी आयोगलाई जानकारी गराउन भूमिसुधार तथा व्यवस्थापन मन्त्रालयमा र नियमानुसार लाग्ने राजस्व रकम भन्दाकम राजश्व असुल हुने गरी लिखत पारीत भएका जग्गाको नियमानुसार नपुग राजश्व ३ महिना भित्र असुल गरी रोक्का रहेका जग्गा फुकुवा गर्ने व्यवस्था मिलाउन भूमिसुधार तथा व्यवस्था विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. सकुम्बासी समस्या समाधान आयोग मोरङ्गले बिक्री बितरण गरेको जग्गामा अनियमितता भयो भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६३।११।२७ को निर्णयानुसार अनियमित रुपमा मालपोत ऐन २०३४ को प्रतिकूल हुने गरी दर्ता भएको सरकारी जग्गालाई दर्ता बदर गरी सरकारी जग्गा कायम गर्न मातहतको विभाग कार्यालयलाई निर्देशन दिनु पर्ने दायित्व भएको मंत्रालयले सो नगरी सचिव स्तरबाट भएको रोक्का निर्णयलाई मिति २०५८।११।१५मा मन्त्री स्तरीय निर्णय गराई फुकुवा गरी सरकारी जग्गा संरक्षण गर्ने दायित्वबाट पन्छिएको देखिन आएको हुदाँ मालपोत ऐन २०३४ को दफा २४ (२) लाई प्रभावकारी कार्यान्वय गरी कानूनले तोकेको दायित्व पुरा गर्न र जालसाजीपूर्ण कार्यगरी झुटा व्यहोरा पेश गरी गैर सुकुम्बासी गैर अव्यवस्थित बसोबासी र क्षेत्रिय कार्यालय विराटनगरले वितरण नगरेको जग्गालाई तत्कालिन बसोबास प्रशासकको दस्तखत संग मिल्लोजुल्दो गरी जालसाजी श्रेष्ता पुर्जा पेश गरी अनधिकृत रुपमा जग्गा दर्ता गराएको हुन सक्ने देखिएकोले यस सम्बन्धमा सम्बन्धित मंत्रालयले कुनै पदाधिकारी तोकी वा समिति गठन गरी एकिन गर्नु पर्ने हुदाँ सुकुम्बासी समस्या समाधान आयोग कार्यनीति २०५६ (संशोधन सहितको) दफा ५ र सुकुम्बासी समस्या समाधान आयोग कायविधि २०५७ को दफा २१ अनुसार कारबाही गरी सोको जानकारी ६ महिना भित्र आयोगलाई गराउन तथा आयोगको मिति २०६३।११।२७ को निर्णयको बुदाँ नं. २ मा उल्लेखित कित्ता नं. का जग्गाहरु अनियमित रुपमा दर्ता भएको प्रमाणित भएको हुदाँ अ.दु. अ. आयोग ऐन २०४८ को दफा १२ ख अनुसार दुष्परिणाम सच्याउनु पर्ने देखिएको हुदाँ सुकुम्बासी समस्या

समाधान आयोग कार्यविधि २०५७ को दफा २१ तथा मालपोत ऐन २०३४ बमोजिम ३ महिना भित्र दुष्परिणाम सच्याई आयोगलाई जानकारी गराउन भूमि सुधार तथा व्यवस्था मंत्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. रावल आयोगले रोक्का राखेको जग्गा तत्कालिन सचिव यौद्धा शाहको संयोजकत्वमा गठित समितिले गरेको निर्णय मालपोत कार्यालय कलंकी, डिल्ली बजार र चावहिलका प्रमुख मालपोत अधिकृतको संलग्नतामा फुकुवा भएको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६४।१।२३ को निर्णयानुसार रावल आयोगले रोक्का राखेको जग्गा फुकुवा गर्दा तत्कालिन सचिव यौद्धा शाहको संयोजकत्वमा गठित समितिले गरेका निर्णयहरुको सम्बन्धमा मन्त्रालयबाट विशेष टोली गठन गरी छानविन गरी छानविनको जानकारी आयोगमा पठाउन भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. का.म.न.पा. ३४ स्थित श्री ५ विरेन्द्र ऐश्वर्य पार्क निर्माण स्थलको सार्वजनिक जग्गा व्यक्ति विशेषले आफ्ना नाममा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६४।२।२८ को निर्णयानुसार सार्वजनिक जग्गा व्यक्तिको नाउमा दर्ता गरेको निर्णय बदर सार्वजनिक कायम गरी आयोगलाई जानकारी दिन मालपोत कार्यालय डिल्ली बजार र का.म.न.पा.मा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. पर्सा जिल्ला श्रीपुर वि वडा नं. १ कि. नं. १११ क्षेत्रफल ०-१-१७-२ जग्गा मालपोत कार्यालय पर्साबाट रजिष्ट्रेशन पारित गर्दा उक्त जग्गामा भएको घर नदेखाई राजश्व छलेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६४/४/१० निर्णयानुसार खरिदार किरण प्रसाद उपाध्याय र खरिदार राज कुमार लाललाई विभागीय कारवाही गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. भूमि सुधार कार्यालय बाराका खरिदार राज महमद मन्सुर समेतले भोगचलनमा रहदै आएको जग्गा अनियमित तरिकाले बाँडफाँड गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६४।८।२७ को निर्णय अनुसार खरिदार राज महम्मद मंन्सुरलाई विभागीय कारवाही गर्न भू.सु.तथा व्यवस्था मंत्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. राज गुठीको जग्गा नियम विपरित रैकरमा परिणत गरेको (प्रमुख मा.पो. अ. चावहिल समेतको मिलेमतोमा) भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति ०६४।११।१५ को निर्णय अनुसार के कस्तो काम भयो भनी भूमि सुधार तथा व्यवस्था मंत्रालयमा प्रगति माग गर्न लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. मालपोत कार्यालय सुनसरीबाट रोक्का रहेको जग्गा मोरङ्गबाट खरिद विक्री भई अनियमितता भएको भन्ने सम्बन्धमा आयोगको मिति निर्णयानुसार मिति २०६५।२।१४ को निर्णय अनुसार खरिदार देवी प्रसाद पोखरेललाई विभागीय कारवाही गर्न भूमि सुधार तथा व्यवस्था विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

११. काठमाडौं जिल्ला साविक सितापाइल हाल इचङगुनारायण गा.वि.स ९ क कि.नं ३९५ को जग्गा २०२१ सालमा सर्वे नापी हुदाँ ज.ध.काठमाडौ मखनटोल बस्ने हिरालाल नापित भएको दर्ता बाँकी जग्गाको किर्ते श्रेस्ता पूर्जा बनाएको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६५।३।२ को निर्णय

अनुसार टाइपिष्ट खरिदार रामकृष्ण श्रेष्ठलाई विभागीय कारवाही गर्न मालपोत कार्यालय कलंकीमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ज) <u>भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत</u>

१. पर्सा जिल्ला पोखरीया नगर विकास समितिमा जग्गा खरीदमा भएको अनियमितताका सम्बन्धमा आयोगबाट मिति २०५८।४।१ मा ठोस निर्णय गरी विवाद टुंग्याउने भनी भौतिक योजना तथा निर्माण मन्त्रालयलाई दिइएको निर्देशन कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

२. सडक विभाग अन्तर्गत डिभिजन सडक कार्यालय, दोलखा समेतले नियम विपरित ल्याप्स, चेयर्स र वेष्ट वापतको रकम भुक्तानी गरेको भन्ने उजुरी सम्बन्धमा आयोगको मिति २०६२।१२।१८ को निर्णयानुसार अनियमितरुपमा रकम भुक्तानी दिने कर्मचारीउपर विभागीय कारवाही गरी आयोगमा जानकारी पठाउने र डिभिजन सडक कार्यालय, जनकपुरबाट रु.१३,७६२।६६ र डिभिजन सडक कार्यालय, हेटौडाबाट रु १,११,२७७।०६ असूलउपर गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखि पठाईएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. का.म.न.पा.अन्तर्गत टेकुमा विभागीय भवन ब्लक "ए र वि" निर्माण गर्दा व्यापक भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६२।९।२९ र २०६३। ११।२२ निर्णयानुसार एभरेष्ट कन्ट्रक्सन प्रा.लि लाई निर्माण व्यवसाय ऐन २०५५ को दफा ७ बमोजिम खारेज गरी ४५ दिन भित्र आयोगलाई जानकारी दिन भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखी पठाईएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. मापदण्ड विपरित नक्शा पास गराई भवन निर्माण गरको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६३।४।१७ को निर्णयानुसार काठमाडौ उपत्यका न.वि.स.ले लागू गरेको मापदण्ड २०५० विपरित का.म.न.पा.ले नक्शा पास गरी दिई घर धनीहरुले स्वीकृत मापदण्ड विपरित तथा पास भएको नक्शा भन्दा बढी संरचना समेत निर्माण गरेको देखिंदा न.वि.स.ऐन बमोजिम गर्नु पर्ने कार्यवाहि गरी ३ महिना भित्र आयोगलाई जानकारी दिने भनी काठमाडौ उपत्यका न.वि.स.काठमाडौ लाई दिईएको निर्देशन र डिजाईनर-हरिभक्त गुरुङ र नरेशराज आचार्य,का.म.न.पा.का ईजाजत प्राप्त डिजाईनर भएको र दोश्रो पटक नक्शा पेश गर्दा मापदण्ड विपरित छ भन्ने थाहा हुदा हुदै घर धनी तथा नगरपालीकाका कर्मचारीले भनेकै आधारमा नक्शा बनाएकोले निजहरुको व्यवसायिक आचारण उपयुक्त मान्न नसकिएकोले निजहरुलाई आवश्यक कार्यवाहिको लागी का.म.न.पा.,नेपाल ईन्जिनियरिङ परिषदलाई आवश्यक कार्यवाहिको लागी लेखि पठाईएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. अर्रानिको राजमार्ग वरीपरी केही ठाउँमा सडक अतिक्रमण गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०६३।११।१० को निर्णयानुसार मालपोत कार्यालय सँग लेखापढीको कार्यलाई प्राथमिकताका साथ अघि बढाउन सडक विभागमा लेखी पठाईएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. सन्तोषी निर्माण सेवा प्रा.लि.ले राजस्व छलेको सम्बन्धमा आयोगको मिति २०६२।९।५ को निर्णयानुसार सन्तोषी निर्माण सेवा प्रा.लि. ले निज ठेकेदारउपर आवश्यक कारवाही गर्न र सो को जानकारी आयोगमा गराउन भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. नौविसे मुङलिङ सडकको पटके कर उठाउने. कार्यमा भष्टाचार भएको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६४।६।२ को निर्णयानुसार ठेकेदार सन्तोषि निर्माण सेवाले सडक बोर्ड नेपाललाई

बुझाउने बाँकी रकम रु १३७१३५२।३९। बाकी रहेको मिति बाटै सावा व्याज हिसाव गरी असुल उपर गर्न सडक बोर्ड नेपालमा र सवारी कर उठाउने कार्यका लागि ठेकेदार छनौट गदाँ निर्माण व्यवसायीलाई मात्र उपयुक्त हुने criteria लाई फराकिलो पार्दै अन्य सक्षम व्यापारी संघ संस्थाहरुलाई समेत समेट्न सक्ने गरेर बनाउन, ठेक्का कागजातहरुमा सम्झौता अुनसारको काम नभएको अवस्थामा गर्नु पर्ने र गर्न सक्ने प्रावधानहरु अझ स्पष्ट रुपले खुलाउन सडक बोर्ड नेपालमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. लम्जुङ्ग बेसी शहर सडक योजनामा निर्माण कार्य हुदाँ करोडौँ रुपैया अनियमितता भएको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६४।७।१९ को निर्णयानुसार नेशनल कन्सट्रक्सन कम्पनी नेपालबाट रु. ४,७१७८२।१३ कालिका कन्सट्रक्सनबाट रु. ४९४०९।६७ असुल उपर गर्न सडक विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. दोश्रो पर्यटन विकास आयोजना अन्तर्गत पोखरा वातावरण सुधार आयोजनामा अनियमितता भएको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६१।७।१० र २०६१।९।१४ को निर्णयानुसार ईष्ट कन्सल्ट प्रा.लि.का ईं अनन्त बहादुर गुरुङ ऐन नियमानुसार गर्न नेपाल ईन्जिनियरिङ परिषद्लाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. नेपाल खानेपानी संस्थानमा प्र. लव कुमार थापाले अख्तियार दुरुपयोग गरेको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६४।९।९ को निर्णयानुसार खानेपानी संस्थानका तत्कालीन वरिष्ठ सहायक दक्ष कुमार पोखरेललाई विभागीय कारवाही कायम रहेकै आवस्थामा मिति २०६३।९।१२ अप ग्रेढ गरी वढुवा गरिएको कार्य सोही विनियमावली २०४९ को विनियम १०(४) ख १ को (ग) विपरित बढुवा कायम रहन नसक्ने देखिँदा उल्लेखित विनियमावली अनुसार कानून सम्मत निर्णय गर्न नेपाल खानेपानी संस्थानको संचालक समितिलाई दिएको निर्देशनको कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(झ) <u>महिला बालवालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत</u>

१. नेपाल रेडक्रश सोसाइटीले रक्त संचार केन्द्रको लागि किट्स केमिकल खरिद गर्दा भ्रष्टाचार भयो भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६१।११।१४ र २०६२।५।१६ को निर्णयानुसार टेण्डर स्वीकृत प्रक्रियामा भएको अनियमितताबाट नेपाल रेडक्रश सोसाइटीलाई नोक्सान पर्न गएको रु १९,१७,५००। का सम्बन्धमा नेपाल रेडक्रस सोसाइटी केन्द्रिय कार्यसमितिको वैठकमा पेश गरी केन्द्रिय कार्यसमितिबाट भएको जानकारी ३ महिना भित्र आयोगमा पठाउन मन्त्रिपरिषद् तथा नेपाल रेडक्रस सोसाइटी र यस्तै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका गैरसरकारी संगठनलाई आर्थिक अनुशासनमा बाँधी नियमन गर्ने कुनै निकाय भए आयोगलाई जानकारी दिने , नभए शिघ्र कानूनी व्यवस्था गर्न अध्यक्ष नेपाल रेडक्रश सोसाइटीमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ञ) <u>वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत</u>

१. खोटाङ्ग जिल्ला खार्मी गा.वि.स. मा पर्ने सामुदायिक वन अवैध रुपमा कटान गरी भ्रष्टाचार गरे भन्ने उजुरीमाउजुरीका सम्बन्धमा आयोगको मिति २०६२/७/२४ को निर्णयानुसार खिसापत्रे सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीवाट वरावरीका हिसावले हिनामिना भएको रु. २,०९,२८०।- असूलउपर गर्न वन मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. वन तथा भू संरक्षण मन्त्रालय अन्तर्गत शाही शुक्ला फाँटा वन्यजन्तु आरक्ष क्षेत्रभित्र व्यवसाय संचालन गरे वापत एक ठेकेदारसँग रु. ३,९९,०००। तीन किस्तामा वुझाउने गरी सम्झौता भएकोमा पहिलो

किस्ता वुझाएको र दुई किस्ता वापतको रु. २,६६,०००। र वार्षिक २० प्रतिशतले हुने जरिवानासमेत रु. ३,१९,०००। असूल हुनुपर्ने भन्ने म.ले.प. विभागको वार्षिक प्रतिवेदन २०६१ अनुसार असूली सम्वन्धमा आयोगको मिति २०६२/११/२२ को निर्णयानुसार शाही शुक्ला फाट आरक्ष अन्तर्गत पर्यटन व्यवसाय संचालन गर्ने साइलेन्ट सफारी प्रा.लि. का प्रो. हिक्मतवहादुर विष्टवाट असूलउपर गर्नुपर्ने आ.व. २०५९/६० सम्मको जम्मा रु. ७, ८०, ०४१।८५ सरकारी वाँकी सरह असूलउपर गर्न केन्द्रीय तहसिल कार्यालयमा २०६२/१०/१९ मा शाही शुक्ला फाँट वन्यजन्तु आरक्षले लेखी पठाएकोमा केन्द्रीय तहसिल कार्यालयमा लगत कस्ने कार्य वाँकी रहेकोले उक्त प्रा.लि.बाट असूलउपर गर्नुपर्ने रकम प्रचलित कानूनवमोजिम लगत कस्न लगाउने कार्य सम्पन्न गरी उक्त प्रा.लि. ले करारनामाको उल्लघंन गरेकोमा सम्झौतावमोजिम गर्नुपर्ने कारवाही समेत तीन महिनाभित्र टुंगो लगाई आयोगमा जानकारी गराउन वन तथा भूसंरक्षण मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. शिवपुरी राष्ट्रिय निकुन्ज कुटी निर्माण र जिर्णोद्वार गर्दा प्रमुख संरक्षण अधिकृत समेतले आफ्नो जिम्मेवार ग्रहण नगरेको भन्ने विषयमा सम्वन्धमा आयोगको मिति २०६४।१।१० को निर्णयानुसार प्रमुख संरक्षण अधिकृत र तिनचुले क्षेत्रका जिम्मेवार कर्मचारीहरुलाई विभागीय कारवाही गर्न बन तथा भू- संरक्षण मंत्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनकोजानकारी प्राप्त नभएको ।

४. तातोपानीनाकाबाट भन्सार कर्मचारीको मिलेमतोमा जडिबुटी तस्करी गरी राजश्व छलेको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६४।२।२१ को निर्णयानुसार रक्त चन्दन पक्रिएको /भेटिएको केशमा सबैलाइ एकै प्रकारको कारवाही हुनु पर्दछ । रक्त चन्दन तस्करी गर्दा जुन जुन केशमा जो जो सम्लग्न छन् । ती सबैलाई त्यहाँबाट कारवाही गरी आयोगलाई जानकारी दिन वन तथा भूसंरक्षण मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. बाँके जिल्लाको वैजापूरमा वन कार्यालयको कर्मचारी समेतको मिलिमतोमा करिव ४० करोड मूल्य वरावरको साल सिसौं खयर आदि रुखहरु काटी अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६४।३।११ को निर्णयानुसार वन ऐन २०४९ र वन नियमावली २०५१ विपरित गई संकलन भएको उल्लेखित वन पैदावरहरु प्रति दिन सडीगली जाने विद्यमान अवस्था रहेकाले वन विभागको माग बमोजिम प्रचलित वन ऐन नियम बमोजिम लिलाम गर्न महानिर्देशक वन विभागलाई निर्देशन दिएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. खलंगा रेन्जपोष्टको भवन निर्माण, मर्मत कार्य गर्दा कुनै काम नै नगरी सोझै विल भरपाई बनाई भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६४।२।२०र २०६४।६।२९ निर्णयानुसार जि.व.अ. शिव सापकोटा जिल्ला वन कार्यालय जाजरकोटलाई विभागीय कारवाही गर्न र शिव सापकोटा बाट रु.४०२११.९८ असुल उपर गर्न वन तथा भू संरक्षण मंत्रालयमा लेखि पठाईएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ट) <u>वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत</u>

१. पुर्व अनूमतिपत्र जारी नभई सि.एफ.सी. ग्यास हिलटेक कम्पनीले आयात गरेको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६०।३।२७ को निर्णयानुसार सम्पूर्ण आयातकर्ताहरुलाई वातावरण संरक्षण ऐन, २०५३ बमोजिम ३ महिना भित्र कारवाही गर्न वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयमा लेखी पठाइएकोमा तदनुरुपको कारवाहीको जानकारी प्राप्त नभएको ।

२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का सुपरिवेक्षण अधिकृत अर्जुन बहादुर के. सीको अनियमित तरिकाले विदा स्विकृत गरेको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६२।११।२९ को निर्णयानुसार तत्कालिन सदस्य सचिव सरोज देवकोटारु. ६ लाख ४ हजार ६ सय पैतिस रुपैया असुल उपर गर्न वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयमा लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

३. वैदेशिक रोजगारका लागि कामदार पठाउने सम्बन्धमा ड्रिम अचिर्भस प्रा.लि संग मिलेमतो गरी भ्रष्टचार गरेको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६३।१०।१० को निर्णयानुसार निर्देशक माथवर कुमार अधिकारीलाई विभागीय कारबाही गर्न वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयमा लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

(ठ) <u>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत :</u>

४. सेती अंचल अस्पताल धनगढीको पसल भाडामा दिँदा अनियमितता गरेको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६२/७/२४ को निर्णयानुसार तत्कालिन मे.सु. डा. कृष्णकुमार राईबाट दामासाहीबाट हुन आउने रकम रु २१,८८६। असूलउपर गर्न स्वास्थ्य मन्त्रालयमा लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

५. प्राथमिक स्वास्थ्य केन्द्र गौडा लमजुङका ल्या.अ.सुमन कुमार साहले दोहोरो हाजिर गरी ल्याव टेक्नीसियन कोर्ष अध्ययन गरी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६३।६।२९ को निर्णयानुसार जन स्वास्थ्य निरिक्षक चेत बहादुर अधिकारीलाई विभागीय कारवाही गर्न स्वास्थ्य सेवा विभागमा लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

६. निरोगीताको प्रमाणपत्रमा बुँदाहरु नभरी खाली चिकित्सकको दस्तखत गरी छोडेको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६३।८।१९ को निर्णयानुसार वरिष्ठ कविराज मुरली मनोहर रौनियारलाई (महाकाली अञ्चल आयुर्वेद औषधालय) विभागीय कारवाही गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

(ड) <u>स्थानीय विकास मन्त्रालय अन्तर्गत :</u>

१. दोश्रो पर्यटन विकास आयोजना अन्तर्गत पोखरा वातावरण सुधार आयोजनामा अनियमितता भएको भन्ने उजुरीका विषयमा अनुसन्धान हुदाँ आयोगको मिति २०६१/७/१० को निर्णयबाट सो आयोजनामा संलग्न अनक कन्स्ट्रक्सनबाट रु १५,२८,८००।- र सन्तोषी टि.एस.जि. जेभीबाट रु. १७,४२,००१।९२ असूलउपर गर्न पोखरा उपमहानगरपालिकालाई लेखी पठाइएकोमा असूलउपरको जानकारी प्राप्त नभएको ।

२. काठमाडौं म.न.पा.ले गरेका विकास निर्माण र खरिदमा भ्रष्टाचार भएको भन्ने विषयमा आयोगको मिति ०६०।१०।२ को निर्णयानुसार लेखापरीक्षणबाट कायम भएको बेरुजु फछ्यौंट गर्ने गराउने दायित्व निकासा दिने अधिकारीको भएको हुँदा ०६१ असार मसान्तभित्र फट्यौंट गर्न का.म.न.पा.मा लेखी पठाएकोमा सो को कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. का.जि. का.म.न.पा. वाड नं ६ र ७ को सिट नं १०२-२०२७-२३ नक्शामा पर्ने सार्वजनिक जग्गा, कुलो/वाटो व्यक्तिको नाममा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने विषयमा आयोगको मिति २०६२/१०/३ को निर्णयानुसार उक्त क्षेत्रफल ०-९-३-१.२५ को सार्वजनिक जग्गा का.म.ना.पा. वाड न. ६ र ७ मा

पर्ने हुंदा जिल्ला प्रशासन कार्यालय, काठमाण्डौको समेत सहयोगमा उक्त जग्गामा निर्मित संरचनाहरु भत्काउन लगाई दुई महिनाभित्र आयोगमा जानकारी दिन का.म.न.पा.मा लेखी पठाएकोमा सो को कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. ई सुरेशहर्ष बज्राचार्यले एकै समयमा अध्ययन र कार्यालयमा काम गरेको भन्ने विषयमा आयोगको मिति २०६३।५।५ को निर्णयानुसार इन्जिनियर सुरेशहर्ष वज्राचार्यले कार्यालय समयमा अध्ययन गरेको अवधिमा निजले पाएको तलव भत्ता निजवाट असुल उपर गरी नगरपालिकामा जम्मा गर्न र निजले दिवा समयमा अध्ययन गरेको अवधि असाधारण विदामा कायम गर्न का.म.न.पा.मा निर्देशन दिईएकोमा सो को कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. का.म.न.पा.का वार्ड नं.८ का तत्कालीन अध्यक्ष हंसराज कर्माचार्यले नियम विपरित दुई स्थानमा कार्यरत रही दोहोरो सुविधा लिएको भन्ने विषयमा आयोगको मिति २०६४।५।१३को निर्णयानुसार तन्कालीन वार्ड नं.८ का अध्यक्ष हंसराज कर्माचार्यले लिनुभएको मोवायल सेट खरिद पेश्कि रु.१५,०००।-र परिवहन पेश्कि रु.१५,०००।-समेत जम्मा रु.३०,०००।-कार्यान्वयनकोफछ्र्यौट भएको नदेखिएकोले उक्त पेश्कि रकम यथाशिध्र फछ्र्यौट गरि आयोगलाई जानकारी दिन का.म.न.पा. मा निर्देशन को लागी लेखी पठाएकोमा सो को कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. जाजुरकोट खलंगा रेन्जपोष्ट भवन निर्माण मर्मत कार्य केही कार्य नगरी सोर्ज विल भरपाई बनाई भ्रष्टाचार गरेको भन्ने विषयमा आयोगको मिति २०६४।२।२० र २०६४।६।२९ को निर्णयानुसार सव-इन्जिनियर प्रविण कार्कीलाई विभागीय कारवाही गर्न र ठेकेदार हरिजंग शाहबाट रु ८०४२३.९६ रकम ६ महिना भित्र असुलउपर नभए दामासाहीबाट जि.व.अ. शिव सापकोटा र सव इ. प्रविणकार्कीबाट असुलउपर गर्न स्थानीय विकास मंत्रालयमा लेखी पठाएकोमा सो को कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. का.म.न.पा. ३४ स्थित वाग्मती किनारको राजकुलो समेतको सार्वजनिक जग्गा भि.एस. निकेतन स्कूलले समेत मिलि कब्जा गरेको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६४।३।३ को निर्णयानुसार भि.एस. निकेतनले नक्सा पास विना एवं प्रचलित मापदण्ड विपरित ८ वटा टहरा निर्माण गरेको देखिएकोले प्रचलित कानून बमोजिम उक्त घर टहरा १ महिना भित्र भत्काई आयोगलाई जानकारी दिन का.म.न.पा.मा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. अनियमित तरिकाले घर जग्गाको मूल्यांकन गरी राजश्व हानी पुर्याएको भन्ने विषयमा आयोगको मिति २०६४।१०।२३ को निर्णयानुसार इचंगु नारायण गा.वि.स. सचिव लेखनाथ भट्टराईलाई सचेत गर्न जि.वि.स काठमाडौँमा लेखी पठाएकोमा सो को कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. नेपालगंज नगरपालिका सपिङ कम्प्लेक्स निर्माणमा अनियमितता भएको भन्ने विषयमा आयोगको मिति २०६३।१०।२४ को निर्णयानुसार ने. नगरपालिकाको सपिङ कम्प्लेक्स भवन निर्माणको बाँकी कार्य अविलम्ब सम्पन्न गरी आयोगलाई जानकारी दिने नेपाल गन्ज नगरपालिकाको कार्यालयमा निर्देशन दिईएकोमा सो को कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. जेष्ठ नागरिक तथा असहाय विधवा भत्ता हिनामिना गरी भ्रष्टाचार गरे भन्ने विषयमा आयोगको मिति २०६४।१२।२७ को निर्णयानुसार गा.वि.स.सचिव शुशिल झाबाट रु. ७५०।- असुल उपर गर्न र शुशिल झालाई विभागिय कारवाही गर्न जि.वि.स. महोत्तरीमा लेखी पठाएकोमा सो को कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ढ) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत

१. नक्कली पासपोर्ट र भिसामा यात्रु पठाएको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६१/७/११ को निर्णयबाट नेपाल वायुसेवा निगमले वेलायतको होम अफिसलाई तिरेको जरिवानासम्वन्धि फाइल आयोगमा उपलव्ध हुन नसकेकोले उक्त निर्णय फाइल कसको जिम्मा रहेको छ ? क-कसको लापरवाहीले फाइल उपलव्ध हुन नसकेको हो ? सम्वद्ध जिम्मेवार पदाधिकारीलाई विभागीय कारवाही समेत गरी तीन महिनाभित्र आयोगलाई जानकारी दिन लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको टर्मिनल भवनमा रहेका पसलको वक्यौता भाडा असूलउपर सम्वन्धमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६२/८/६ को निर्णय अनुसार त्रि.अ.वि.स्थल नागरिक उड्डयन कार्यालयको च.नं ६१ मिति ०६२/७/१४ को पत्रमा उल्लेखित प्रतिवद्धता ३ महिनाभित्र सम्पन्न गरी आयोगलाई जानकारी दिन त्रि.अ.वि. नागरिक उड्डयन कार्यालयमा लेखी पठाइएकामा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. त्रिभुवन विमान स्थल नागरिक उड्डयन कार्यालयमा स्टोरमा रहेका सामानहरुमा भ्रष्टाचार भएको भन्ने सम्वन्धमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६२।१०।९ को निर्णय अनुसार क) उल्लेखित त्रुटिहरुका सम्वन्धमा खरिद गरिएका र विभिन्न परियोजनाहरुबाट हस्तान्तरण गरिएका जिन्सी सामानहरुको नियमानुसार निरीक्षण गरी निरीक्षण प्रतिवेदन तैयार पार्ने । सो प्रतिवेदन तैयार पार्दा परियोजनाहरुबाट खरिद गरिएका सामानहरुको साविक र हालको लगत भिडाई सामान नपुग भए सामान बुझ्ने बुझाउने उत्तरदायी व्यक्ति समेत पहिचान गरी सो को विवरण तैयार गर्ने । ख) मासिने नासिने सामानहरु र खर्च नहुने सामानहरुको लगत लिई मिन्हा गरि मिन्हा नहुने सामानहरु को कस्का जिम्मामा छन् पत्ता लगाई सामानहरुको सोध भर्ना गराउने नभए कुन कर्मचारी उपर कानूनी कार्यवाही हुनुपर्ने हो विवरण पेश गर्ने । ग) त्यस कार्यालयका कर्मचारीहरुको कार्य विवरण लागु गरी उत्तर दायित्व र जिम्मेवारी तोक्न कार्यालय प्रमुख त्रिभुवन अन्तराष्ट्रिय विमान स्थल नागरिक उड्डयन कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. ने.वा.नि.ले गर्ने गराउने कामका बारेमा भएको सहमति गर्ने बारेको उजुरीको सम्वन्धमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६०।१०।२६ को निर्णय अनुसार विभिन्न ४ बूंदाको कार्यान्वयन सम्बन्धमा कार्यनीति तयार गरी आयोगमा २०६०।११।१ सम्ममा महाप्रबन्धक ने.वा.नि.ले पेश गर्न लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ण) सामान्य प्रशासन मन्त्रालय अन्तर्गत

१. वैदेशिक रोजगारका लागि कामदार पठाउने सम्बन्धमा ड्रिम अचिर्भस प्रा.लि संग मिलेमतो गरी भ्रष्टचार गरेको भन्ने उजुरीका सम्वन्धमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६३।१०।१० को निर्णय अनुसार शा.अ. गणेश आचार्यलाई विभागीय कारबाही गर्न सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. घरेलु तथा साना उद्योग कार्यालय काभ्रेपलान्चोकबाट उद्योग दर्ता गर्दा अनियमित कार्य भएको भन्ने उजुरीका सम्वन्धमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६३।३।२६ को निर्णय अनुसार कार्यालय प्रमुख कृष्णबहादुर कार्कीलाई विभागीय कारबाही गर्न सचिव, उद्योग वा.तथा आ.मं.मा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. सामान्य प्रशासन मन्त्रालयले खरिदार दयाराम खत्रीलाई हुलाक कार्यालयमा समेत एक वर्षमा चारपटक सरुवा गरेको भन्ने उजुरीका सम्वन्धमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६४।८।२० को निर्णय अनुसार यातायात व्यवस्था कार्यालय वाग्मती काठमाडौंका खरिदार श्री दयाराम खत्रीलाई न्यूनतम २ वर्ष अवधि पूरा भए पश्चात जिल्ला हुलाक कार्यालय ल.पु.मा सरुवा गरेपछि सो अवधि नै भुक्तान नहुदै निजामती सेवा ऐन २०४९ को दफा १८ र नि. से नि. २०५० को नियम ३६ मा स्पष्ट व्यवस्था हुदाँहुदै करीव १ वर्षभित्र ४ ठाउँमा निजामती सेवा ऐन र नियमावलीको मर्म विपरित सरुवा गरेको देखिदाँ निजलाई जिल्ला हुलाक कार्यालय ललितपुर मै न्यूनतम २ वर्ष कामकाज गर्ने गरी साविकमा गरिएको सरुवा नै कार्यान्वयन गराउन सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. भूमि सुधार कार्यालय बाराका भू.सु अधिकारी सानुकाजी देसार समेतले भोगचलनमा रहदै आएको जग्गा अनियमित तरिकाले बाँडफाँड गरेको भन्ने उजुरीका सम्वन्धमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६४।८।२७ को निर्णय अनुसार निजलाई विभागीय कारवाही गर्न लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(त) सूचना तथा संचार मन्त्रालय अन्तरगत :

१. नेपाल टेलिकम अन्तर्गत दुर संचार कार्यालय,पाटनमा भएको सिम कार्ड,रिम कार्ड र रिचार्ज कार्ड लगायतका प्लाष्टिक मनीको कारोवारमा भएको अनियमितता सम्वन्धमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६५।३।४ को निर्णय अनुसार उप-प्रवन्धक अमरनाथ झा, उप प्रवन्धक धर्मराज उपाध्याय (तत्कालिन लेखा प्रमुख दू.का.पा.),वरिष्ठ सहायक नानीराम प्रसाद अधिकारी (दूर संचार कार्यालय,पाटन) लाई विभागीय कारवाही गर्न प्रवन्ध निर्देशक नेपाल टेलीकम दुरसंचार कम्पनी लि.मा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. काठमाडौं जिल्ला साविक सितापाइल हाल इचङगुनारायण गा.वि.स ९ क कि.नं ३९५ को जग्गा २०२१ सालमा सर्वे नापी हुदाँ ज.ध.काठमाडौ मखनटोल बस्ने हिरालाल नापित भएको दर्ता बाँकी जग्गाको किर्ते श्रेस्ता पूर्जा बनाएको भन्ने उजुरीको सम्वन्धमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६५।३।२ को निर्णय अनुसार कार्यालय सहयोगी रविन्द्र गौतमलाई विभागीय कारवाही गर्नगोश्वरा हुलाक कार्यालय सुन्धारालाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(थ) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत :

१. त्रिभुवन विश्व विद्यालय अन्तर्गत महेन्द्र मोरङ आ.वहुमुखी क्याम्पस, विराटनगरका तत्कालिन क्याम्पस प्रमुख उपेन्द्र कुमार कोइरालाले विभिन्न अनियमितता गरेको सम्बन्धमा आयोगको मिति २०५९।११।२० को निर्णयानुसार अनियमितता गर्ने उपर कारवाही गरी डा. सूर्यमणी अधिकारीको प्रतिवेदन लागू गर्न उपकुलपति, त्रि.वि.वि.लाई लेखी पठाएकोमा सो को कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. कपिलवस्तु बहुमुखी क्याम्पसका मुखिया पशुपतिप्रसाद मिश्रले रकम हिनामिना गरेको उजुरीका सम्बन्धमा आयोगको मिति २०६०।३।३१ को निर्णयानुसार गफलत गरे नगरेको यकिन गरी मुलुकी ऐन किर्ते कागजको महलको आधारमा आवश्यक कारवाही गर्ने भनी कपिलवस्तु बहुमुखी क्याम्पसलाई निर्देशन भई लेखी पठाएकोमा कार्यान्वयन जानकारी प्राप्त नभएको ।

३. पूर्वाञ्चल विश्वविद्यालयमा नियम विपरित अस्थायी कर्मचारी भर्ना गरिएको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति ०६१/५/७ को निर्णयानुसार आगामी ६ महिनाभित्र अस्थायी, करार वा ज्यालादारीमा रहेका सवै पदमा स्थायी तवरले पदपूर्तिको व्यवस्था मिलाउन तथा उपयुक्त अवधिभित्र स्थायी पदपूर्तिको व्यवस्था नमिलाए नियुक्ती भएका अस्थायी, करार वा ज्यालादारी पदमा कार्यरत सम्पूर्णलाई उपलव्ध गराएको तलव भत्ता नियुक्ति स्वीकृत गर्ने उपकुलपति तोरणवहादुर कार्कीबाट असूलउपर गर्न पूर्वाञ्चल विश्वविद्यालय तथा सो विश्वविद्यालय सेवा आयोगमा लेखी पठाइएकोमा निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. जिल्ला शिक्षा कार्यालय पर्साका तत्कालीन जिल्ला शिक्षा अधिकारी योगेन्द्र बहादुर बस्नेतले दरबन्दी भन्दा बढी अस्थायी शिक्षक नियुक्ति गरेको भन्ने विषयमा आयोगको २०६२।२।२५ को निर्णयानुसार नेपाल सरकारलाई हानी नोक्सानी पुगेको रकम निज जिल्ला शिक्षा अधिकारीबाट असुल उपर गर्न शिक्षा तथा खेलकूद मन्त्रालयमा लेखि पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. आठौं साफ खेलकुदको कार्यक्रम नेपाल टेलिभिजनबाट हाइलाइट गरेको बखत प्रशारण गरेको विज्ञापन वापतको रकम हिनामिना गरे भन्ने विषयमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको २०५८।४।३१ को निर्णयानुसार अनियमितता भएको रकम अशुल उपर गर्न शिक्षा तथा खेलकुद मन्त्रालयमा लेखी पठाइएको कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. विश्वभाषा क्याम्पसको दक्षिण मोहडामा भएको एकेडेमिक कमर्शीयल कम्प्लेक्स निर्माण समेतमा अनियमितता भएको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६२/११/२९ को निर्णयानुसार पुल्चोक इन्जिनियरिङ्ग अध्ययन संस्थानका सहप्राध्यापक हरिदर्शन श्रेष्ठ र ल्याव असिसटेन्ट अर्जुन के.शी.लाई नसिहत दिन त्रिभुवन विश्व विद्यालयलाई र गोर्खा सुभ जेभी कन्ट्रक्सन कम्पनीबाट रु ८२२८७।०२ असुल उपर गर्न त्रि.वि.वि रजिष्ट्रारको कार्यालयलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. कम्प्युटर खरिद र गाडी मर्मत लगायतका कार्यमा लमजुङ क्याम्पस प्रमुख डा. रवि पौडेलले अनियमिता गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६३।४।३ को निर्णय अनुसार लमजुङ क्याम्पस प्रमुख डा. रवि पौडेललाई हदैसम्मको विभागीय कारबाही गर्न त्रि.वि.वि.मा लेखी पठाइएको कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. गुहेश्वरी मा.वि. सिनामंगलमा कार्यरत नै नभएका शिक्षकको नामबाट तलव निकासा गरी आफूखुशी नियुक्त शिक्षकलाई तलव ख्वाई विद्यालयको रकम हिनामिना गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६२।१२।११ को निर्णय अनुसार कानूनले तोके भन्दावढी लिएकोमा लेखापाल गौतम भट्टलाई दिलाएको भत्ता रकम विद्यालय कोषमा दाखिला गर्न जिल्लाशिक्षा कार्यालय काठमाण्डौमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. अ.ने.फुटबल संघका अध्यक्ष गणेश थापाले विदेशी संघ संस्थाबाट प्राप्त र प्रायोजकबाट प्राप्त रकम अनियमितता गरी गैरकानूनी सम्पत्ती आर्जन गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६३।९।३० को निर्णय अनुसार आर्थिक विनीयमावली तयार गरी कार्यान्वयनमा ल्याई आयोगलाई जानकारी दिने निर्देशन शिक्षा तथा खेलकुद मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. सप्तरी स्थित राजेन्द्र देवकी नि.मा.वि.को आय श्रोत हिनामिना गरी गैर कानूनी तरिकाले खर्च गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६३।११।२ को निर्णयानुसार विद्यालयका प्र.अ. मुरारी प्रसाद सिंहबाट भएको बेरुजु सम्बन्धमा एक महिना भित्र टुङ्गो लगाई आयोगलाई जानकारी दिन जिल्ला शिक्षा कार्यालय सप्तरीमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

११. वन विज्ञान अध्ययन संस्थान पोखराका डिन अशोक कुमार मल्लिकले गाडी खरिद विद्यार्थी भर्नामा अनियमितता गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६३।११।२७ को निर्णय अनुसार उप-प्रा.शैलेन्द्रनाथ अधिकारी त्रि.वि.वि. कर्मचारी सेवा शर्त सम्बन्धि नियम २०५० बमोजिम सेवाबाट वर्खात गर्न रजिष्टार त्रि.वि.वि.मा र ओभर हेड खाता बाट पेश्की लिई फर्यौट हुन बाँकी जम्मा रु. ३,१०२७१।८० मध्ये प्रा.डा. अभय कुमार दास रु.७४८२।७०, प्र. देव नारायण ठाकुर रु ५०००।-, स. प्रा. अच्युतराज ज्ञावाली रु १०४२१।३०, उ.प्र. केशर प्रसाद काफ्ले रु.२००००।, सं प्रा. देवेद्र प्रसाद लिगल रु.३००००।-, स.ले.पा शंभु राज ढुंगेल रु.१२०००।- स.प्रा.ईश्वरेन्द्र प्रसाद ईन्द्र रु. ३८०००।-, स.प्रा.अशोक कुमार मल्लिक रु.१००००।-, ले.अ.दिनानाथ जमाकट्टेल रु. ९२६७।७०, उ.प्र.कृष्णमोहन श्रेष्ठ रु.५०००।-, उ.प्र.श्याममोहन मिश्र रु. ३००००।-, स.प्रा.सुकदेव चौधरि १५०००।-, कर्मचारी ईकाई संघ रु. १९५००।-, स.प्रा समसुहक रु. ३००००।-, स.प्रा.मकबुल हुसेन खाँ रु. १००००।-, स.प्रां.केदारनाथ पौडेल रु. ६००।-, उ.प्र. गिरिराज त्रिपाठि रु. १५०००।-, डा. सफेदराज उद्दिन रु. १२५००।-, प्र.प्रेमकाजि गरुङ रु. ७५००।-, मे.न्यायदेव खतिवडा रु.१२०००।-, उ.प्र.रामप्रसाद शमा रु.१००००।-, स.स्टो.कि. देवनारायण यादव रु. १०००।-, र वन विज्ञान अध्ययन संस्थान कार्यालय खर्चको लागी प्रदान गरिएको जम्मा रु.३,४०,०००।- मध्ये वन विज्ञान अध्ययन संस्थान सम्पर्क कार्यालय रु. १००००।-, वन विज्ञान अध्ययन संस्थान डिनको कार्यालय रु १७००००।-, वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पस रु ७००००।- असुल उपर गर्न त्रि.वि.वि.रजिष्टार कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१२. उच्च माध्यमिक शिक्षा परिषद सानोठिमि भत्तपुरले आर्थिक अनियमितता गरि भ्रष्टाचार गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६३।११।२२ को निर्णय अनुसार परिषदका शा.अ. बालकृष्ण मिश्रले पेश्कि फछ्र्यौट गरि पाउँ भनि पेश गरेका कागजातहरुको आधिकारिकता,प्रमाणिकता एवं सत्य तथ्यताको समेत एकिन गरि मात्र नियमानुसार पेश्कि फछ्र्यौट गरि आयोगलाई जानकारि दिने निर्देशन उच्च माध्यमिक शिक्षा परिषदमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१३. सदस्य सचिव अग्नी प्रसाद काफ्ले ले CTEVT का मंगलदास कर्माचार्य, शंभू प्रसाद भट्टराई , रामधारी यादवलाई परिषदको नियमावली २०४९ अनुसार ५८ वर्ष पुरा भएका कर्मचारीलाई अवकास दिनु पर्नेमा नदिई आर्थिक मिलेमतोका लागि भ्रष्टाचार गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६३।१२।२७ को निर्णय अनुसार समयमै विनियममा भएको संशोधनको जानकारी नगराउने र उमेर पुगेपछि अवकास नदिने तत्कालीन सदस्य सचिव डा. अग्नि प्रसाद काफ्ले र आफ्नो अवकास उमेर अवधिको सम्बन्धमा स्वयं जानकारी लिनु पर्ने कानूनी व्यवस्था र त्यस्तो जानकारी प्राप्त गर्न सक्ने अवस्था रहँदा रहदै अवकास पत्र नदिएको भन्ने गैरकानूनी आधार बनाई अवकास हुने उमेर पुगेपछि पनि बढी अवधिमा लिएको तलव भत्ता लगायतका अन्य सुविधाहरु

वापतको रकम परिषद्को नियम अनुसार असुल उपर गरी आयोगलाई जानकारी दिन प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१४. टेलीफोन एक्चेन्जबोर्ड, एयर कण्डिसन सेनीटरी मर्मत र भवन निर्माणमा समेत अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६४।२।१७ को निर्णय अनुसार संयोजक मुरारीनाथ शर्मा समेतको समितिले औन्याएका तथ्यहरु उपर कारवाही तथा कार्यान्वयन गरी आयोगलाई जानकारी दिन त्रि.वि.वि केन्द्रिय कार्यालय कीर्तिपुरमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१५. उच्च माध्यमिक शिक्षा परिषद्मा २०६१।६२को परिक्षाको मोडरेशनमा अनियमितता भएको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६४।५।२८ को निर्णय अनुसार उच्च माध्यमिक शिक्षा परिषद्मा विगत आ.व. ०५६।५७ मा छपाएको गल्तीले दाखिला हुन आएको शैक्षिक प्रमाण पत्र काम नलाग्ने आवस्थामा पाइएकोले सो कार्यमा जिम्मेवार व्यक्तिहरुलाई कारवाही गरी थन्क्याएर राखेको सो प्रमाण पत्रहरु तीन महिना भित्र नियम अनुसार धुल्याई आयोगलाई जानकारी दिन, सो परिषद्बाट शैक्षिक प्रमाण पत्र छपाई गराई लागत मूल्य विश्लेषण गरी त्यसलाई न्यूनतम लागतमा छपाई गर्ने तर्फ प्रयास गर्ने र उपयुक्त प्रमाण पत्र समेत कानून बमोजिम प्रतिस्पर्धा गराएर मात्र गर्ने व्यवस्था मिलाउन, परिषद्को सेवा शर्त सम्बन्धी विनियमहरु २०५३ लाई वर्तमानमा समाबेशी बनाउने र उपयुक्त विनियमावलीको पालना गर्ने गराउने र सो परिषद्बाट लिइने परिक्षालाई समय सापेक्ष निश्पक्ष विश्वसनीय स्तरीय बनाउन परिक्षा समय परिक्षा प्रणालीमा समय सापेक्ष सुधार गर्न उच्च माध्यमिक शिक्षा परिषद्लाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१६. जिल्ला शिक्षा धादिङ्गका नि. मा.वि. शिक्षक बोधनारायण श्रेष्ठ सरस्वती मा.वि.मा नियुक्त भई श्री सिद्देश्वर मा.वि.मा सरुवा भएकोमा हाल सम्म विद्यालयमा हाजिर नभई जापानिज संस्थामा हाजिर रहेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६४।९।२४ को निर्णय अनुसार निज बोधनारायण श्रेष्ठलाई शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ बमोजिम विभागीय कारवाही गरी आयोगलाई जानकारी दिन जिल्ला शिक्षा कार्यालय धादिङ्गलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१७. सिरहा न.पा. ४ स्थित श्री नि.मा.वि. रमौल मखानाहाका प्र.अ.शुकरुल्लाह शाकिरले विद्यालयको रकम हिनामिना एवं भ्रष्टाचार गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६४।९।२७ को निर्णय अनुसार ३ महिना भित्र असुल उपर वा नियमित के गर्नु पर्ने हो गरी आयोगमा जानकारी पठाउन जिल्ला शिक्षा कार्यालय सिराहामा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१८. जिल्ला शिक्षा कार्यालय सर्लाहीका तत्कालिन जि.शि.अ. दुर्गा प्रसाद श्रेष्ठले सर्लाही जिल्ला स्थित रामसखी जनता मा.वि.का शिक्षक भगवत साह कलवारलाई सरुवा गर्दा अनियमितता गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६५।२।१४ को निर्णय अनुसार निज जि.शि.अ. दुर्गा प्रसाद श्रेष्ठलाई विभागीय कारवाही गर्न शिक्षा तथा खेलकुद मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(द) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत

१. ना.१ च ७१८८ नं को निशान जिप गैरकानुनीरुपमा दर्ता गरी संचालन गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुदाँ आयोगको मिति २०६२/६/४ को निर्णय अनुसार ना.सु. शोभाखर पोखरेललाई विभागीय कारवाही गर्न श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

परिच्छेद - १४
तामेली

आयोगमा पर्न आएको उजूरीमा प्रारम्भिक छानबिन गर्ने क्रममा ऐनको हदम्याद नाघेको, आयोगको अधिकार वा कार्यक्षेत्र भित्र नपरेको, प्रथम दृष्टिमै तथ्ययुक्त नदेखिएको, अदालतमा मुद्दा परिरहेको, कुनै कारणले कारबाही गर्न सम्भव नभएको, गोलमटोल, अत्यन्त सामान्य र मामुली विषयको सम्बन्धमा उजूरी परेको भएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम १० बमोजिम आयोगबाट त्यस्ता उजूरीहरू तामेलीमा राख्ने निर्णय गरिन्छ । अधुरा, अपुरा प्रमाणहरू भएका, कुनै तथ्यगत आधार नभएका र व्यक्तिगत रिस ईबी साँध्ने खालका उजूरीहरू बाहेक गत आ. व. २०६४/०६५ मा विस्तृत अनुसन्धान भई तामेलीमा राख्ने निर्णय गरिएका उजूरीहरू देहाय बमोजिम छन् ।

१. नेपालगन्ज नगरपालिकामा कार्यरत प्रशासकीय अधिकृत मोहन हमाल र लेखापाल भूपति खत्रीले आर्थिक अनियमितता गरेको, जलपान, शपथ ग्रहण खर्चमा अनियमितता गरेको र प्रशासकीय अधिकृत मोहन हमालको शैक्षिक प्रमाण पत्र नक्कली हो भन्ने उजुरी उपर छानवीन गर्दा शैक्षिक प्रमाण पत्र नक्कली हो होइन भन्ने सम्वन्धमा प्रमाणपत्र छानविन इकाईवाट छानविन भइरहेको हुँदा पछि ठहरे वमोजिम हुने गरी अन्य दावीहरुको हकमा हाल दावी पुग्न सक्ने अवस्था नदेखिएकोले आयोगको २०६४।४।२ को निर्णयानुसार प्रस्तुत उजुरी निवेदन तामेलीमा राखिएको ।

२. काठमाण्डौ महानगरपालिका ३४ वडा कार्यालय भवनको तला थप गर्ने क्रममा अनियमितता भयो भन्ने उजुरी उपर छानवीन गर्दा सो वडा कार्यालय भवनको तला थप गर्ने क्रममा ठेकेदार परिवर्तन भएपनि पछिल्लो ठेकेदारवाट अघिल्लो ठेकेदारलाई भुक्तानी दिई कार्य सम्पन्न समेत गरिसकेको देखिन आएकोले आयोगको २०६४।४।२ को निर्णयानुसार प्रस्तुत उजुरी निवेदन तामेलीमा राखिएको ।

३. स्थानीय विकास मन्त्रालय अन्तर्गत डोलिडारमा कार्यरत सि.डि.ई. निरज शाहले सरकारी पदको दुरुपयोग गरी, सरकारी तलव भत्ता खाई भारत र नेदरल्याण्डमा इन्जिनियरिङ्ग पढ्न गएको एवं भ्रष्टाचार समेत गरेको भन्ने उजुरी निवेदन उपर छानविन गर्दा निज निरज शाहले तत्कालिन श्री ५ को सरकारको मिति २०४९।१।२२ को निर्णय अनुसार सेप्टेम्वर १९९२ देखी १९९४ सम्म एम.एस्सी.ईन अर्वन प्लानिङ्गमा अध्ययन गर्न नेदरल्याण्डमा गएको एवं सरकारी निर्णय अनुसार नै भारतमा समेत अध्ययन गर्न गएको, अध्ययनको क्रममा २ बर्ष नेदरल्याण्ड बस्दा प्रति महिना १५००।- गिल्डर प्राप्त गरेको प्रमाण पेश हुन आएको र अंशवण्डावाट १५ विगाह जग्गा प्राप्त गरेको देखिंदा निजले कहिं कतै भ्रष्टाचार गरेको र सरकारी कोषको रकम हिनामिना गरेको समेत देखिन नआएको एवं अस्वाभाविक सम्पत्ति आर्जन गरेको भन्ने कुरा पनि पुष्टि हुन नसकेवाट आयोगको २०६४।४।३ को निर्णयानुसार भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३५ वमोजिम प्रस्तुत उजुरी निवेदन तामेलीमा राखिएको ।

४. मध्यपश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, सुर्खेतमा कर्मचारी सरुवा, दैनिक भ्रमण भत्ता भुक्तानी, औषधी खरीद, गाडी मर्मत तथा स्वास्थ्य शिक्षा कार्यक्रम आदिमा भ्रष्टाचार भएको भन्ने उजूरीका सम्वन्धमा अनुसन्धान गर्दा कर्मचारी सरुवा गर्दा रकम लिएको, दोहोरो दै.भ्र.भ. भुक्तानी

लिएको, औषधी खरीद गर्दा, गाडी मर्मत गर्दा र स्ट्याबिलाईजर लगायतका सामग्री खरिद गर्दा अनियमितता गरेको विषयमा कुनै पुष्ट्याई हुने कागजात फेला नपरेको र आ.ले.प., म.ले.प. समेतको प्रतिवेदनले उल्लेखित विषयमा कुनै प्रतिकिंया जनाएको पाइएन । तर स्वास्थ्य सम्बन्धी कार्यक्रम सम्बन्धमा रेडियो जिङ्गल विज्ञापन वापत जय बुद्ध विज्ञापन एजेन्सीलाई कार्यक्रम उत्पादन तथा प्रशारण गर्न दिईएको रकम मध्ये कार्यक्रम उत्पादन गरेतापनि प्रशारण हुन बाकी रहेको कार्यक्रम मध्येको रकम रु.७१०००।- तत्कालीन का.मु. निर्देशक डा.सरोजप्रसाद राजेन्द्र समेतको सल्लाह बमोजिम स्वास्थ्य शिक्षा टेक्निसियन यज्ञबहादुर गुरुङ्गले बुझि लिएको निजहरुको बयान र चेकको अर्धकट्टि र सम्बन्धित विज्ञापन एजेन्सीको बयानबाट देखिएकोले उक्त कार्यक्रम संचालन एवं विज्ञापन नै प्रसारण नगरे वापत फिर्ता लिएको रु.७१,०००।- मध्ये तत्काल यस विषयमा उजूरी परी बुझाउन बाँकी कार्यक्रम उत्पादन तथा प्रसारणको रु.४२,०००।- र २ वटा जिङ्गल विज्ञापनको रु.२०,०००।- गरी जम्मा रु.६२,०००।- कार्यक्रम निर्माता गोविन्द कोइरालालाई बुझाएको बील भरपाई अनुसन्धानको क्रममा मध्य पश्चिमाञ्चल क्षेत्रिय स्वास्थ्य निर्देशनालय सुर्खेतको च.नं. २६१७, मिति २०६४।३।१७ को पत्रबाट प्राप्त भई उक्त रकम नियमानुसार नै भुक्तानी भएको/गरेको देखिएकोले निजहरुबाट निर्देशनालयलाई बुझाउनु पर्ने उत्पादन तथा प्रशारण गर्न बाकी रहेको कार्यक्रमको जम्मा रु.७१०००।- मध्येबाट रु.६२०००।- कट्टा गरी बाँकी हुन आउने रु.९०००।- तत्कालीन कार्यालय प्रमुख र कार्यक्रम संचालकको हैसियत एवं नैतिक जिम्मेवारीको आधारमा दामासाहीले का.मु.निर्देशक डा.सरोजप्रसाद राजेन्द्रबाट रु.४५००।- र स्वास्थ्य शिक्षा टेक्निसियन यज्ञबहादुर गुरुङ्गबाट रु.४५००।- मिति २०६४।४।१५ गते आयोगको लेखा शाखामा र.नं.८४५ बाट जम्मा गर्न लगाई असूल उपर गरिसकिएकोले आयोगको २०६४।४।१४ को निर्णयानुसार प्रस्तुत उजुरी निवेदन तामेलीमा राखिएको ।

५. जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडका अधिकृत जगदीश प्रसाद सिंहले बिहार विद्यालय परीक्षा समिति, पटनाबाट सन १९६९ मा माध्यमिक परीक्षा दोश्रो श्रेणीमा उत्तीर्ण गरेको भनिएको प्रमाणपत्र संम्बन्धमा अनुसन्धान हुँदा निज जगदीश प्रसाद सिंहको मिति २०६४।३।१० का दिन निधन भएको भनि जनक शिक्षा सामाग्री केन्द्रबाट जानकारी प्राप्त हुन आएकोले मृत्यु भएका राष्ट्रसेवकको सम्बन्धमा शैक्षिक प्रमाणपत्र प्रमाणिकरणबाट झुठ्ठा देखिई अनुसन्धान तहकिकातकै क्रममा रहेको अवस्थामा निजको मृत्यू भएमा निज उपरको अनुसन्धान तहकिकात तामेलीमा राख्नको लागि आयोगमा पेश गर्ने भन्ने निर्देशन भैरहेको र आयोगको मिति २०६०।३।१९ को निर्णय नं २०६ को बुँदा नं. १ मा आयोगमा मुद्दा दायर हुनु अगावै मृत्यू भैसकेका कर्मचारीको शैक्षिक प्रमाणपत्र प्रमाणिकरणमा थप कारवाही अगाडी नबढाउने भन्ने व्यवस्था भै रहेकोले निज अधिकृत जगदीश प्रसाद सिंहको पनि मुद्दा दायर हुनुभन्दा अगावै तहकिकातकै क्रममा मृत्यू भएको प्रमाणबाट पुष्टि भएकोले निज उपरको अनुसन्धान आयोगको २०६४।४।१४ को निर्णयानुसार तामेलीमा राखिएको ।

६. भूमिसुधार कार्यालय, रुपन्देहीको २०४५।१।१२ को निर्णय अनुसार (साविक ज.ध. भगवानदेई तिउराइनको हदभन्दा बढी भएको जग्गा) ललिताकुमारी उपाध्यायले विक्रि वितरणमा प्राप्त गरी मालपोत कार्यालय रुपन्देहीबाट २०४५।११।२० मा दाखिल खारेजको निर्णय समेत भै पूर्जा पाउन बाँकी रहेको अवस्थाको जग्गा मालपोत कार्यालय रुपन्देहीका कर्मचारीहरुले साविक जग्गाधनी भगवानदेई तिउराइनका हकवाला राजेशचन्द्रमणिसंग मिलेमतो गरी निजका नाममा नामसारी दाखेल खारेज गर्नुका साथै उक्त जग्गाहरु निजले अन्य व्यक्तिलाई विक्री गरेको लिखत समेत पारित गरिदिएको भन्ने समेत व्यहोराको उजुरीका सम्वन्धमा अनुसन्धान गर्दा विवादको रुपन्देही जिल्ला,

वोदवार गा.वि.स. ५, कि.नं. २९ क्षे.फ. १-१-० र कि.नं १८१ क्षे.फ. ०-७-० जग्गाहरु साविक जग्गाधनी भगवानदेई तिउराइनको हदवन्दीमा परी भूमिसुधार कार्यालय रुपन्देहीको २०४५।११।१२ को निर्णयले ललिताकुमारी उपाध्यायले विक्री वितरणमा प्राप्त गरेको र मालपोत कार्यालय रुपन्देहीबाट २०४५।११।२० मा दाखिल खारेजको निर्णय भई ललिताकुमारी उपाध्यायका नाममा जग्गा धनी प्रमाण पूर्जा बन्न बाँकी रहेको अवस्थामा साविक जग्गा धनी भगवानदेई तिउराइनका हकवालाहरु गायत्रीदेवी सुक्लाइन र दिनेशचन्द्रमणि त्रिपाठी विच चलिरहेको अंश सम्वन्धी मुद्दामा पुनरावेदन अदालत बुटवलबाट मिति २०५७५।१२ मा भएको मिलापत्रमा उक्त कि.नं. २९ र १८१ समेत समावेश भई मालपोत कार्यालय रुपन्देहीको मिति २०५८।१।२७ को निर्णयले उल्लेखित जग्गाहरु समेत भगवानदेइ तिउराइनका नामबाट राजेशचन्द्रमणिका नाममा नामसारी दाखिल खारेज भई मालपोत कार्यालय रुपन्देहीबाट मिति २०५९।३।३० मा रजिष्ट्रेशन पारित भई उल्लेखित जग्गाहरु मध्येबाट कित्ताकाट भई कि.नं. ७६६ क्षे.फ.०-५-५ र कि.नं. ७६९ क्षे.फ. ०-१-१५ आरती उपाध्यायका नाममा तथा कि.नं. ७६५ क्षे.फ.०-५-५ र कि.नं. ७६८ क्षे.फ. ०-१-१५ खजान्तीदेवी उपाध्यायका नाममा कायम हुन आएको देखियो । यसमा २०४५।११।२० मा मालपोत कार्यालय रुपन्देहीबाट भएको दाखिल खारेज निर्णय अनुसार उक्त कि.नं २९ र १८१ का जग्गाहरु भगवानदेई तिउराइनका नामबाट खारेज गरी ललितादेवी उपाध्यायका नाममा कायम गर्नु पर्नेमा तत्काल सो अनुसार मोठ श्रेस्ता कायम गर्ने र पुर्जा लिने दिने कार्य नभएको एवं सो अनुसारको व्यहोरा मोठ श्रेस्तामा नजनाएको (रोक्का नराखेको) साथै उक्त कित्ता जग्गाहरु अदालतको मिलापत्रमा उल्लेख भएको समेतका कारणबाट ललितादेवी उपाध्यायका नाममा श्रेस्तापुर्जा बन्नुपर्ने जग्गाहरु राजेशचन्द्रमणिका नाममा श्रेस्ता पुर्जा बन्न गई प्रस्तुत अवस्थाको सिर्जना हुन गएको देखिन आयो । अत : अदालतको मिलापत्र अनुसार २०५८।१।२७ मा साबिक जग्गा धनी भगवानदेइ तिउराईनबाट राजेशचन्द्रमणिका नाममा नामसारी दाखेल खारेजको निर्णय गरी राजेशचन्द्रमणिका नाममा श्रेस्ता पुर्जा तयार भएका उक्त जग्गाहरु रजिष्ट्रेशनको लिखत पारित गर्ने प्रकृयामा संलग्न मालपोत कार्यालय, रुपन्देहीका कर्मचारीहरुले मिलेमतो गरी उक्त कार्य गरे गराएको भन्ने नदेखिनुको साथै मर्का पर्ने ललितादेवी उपाध्यायले अदालतबाट उपचार प्राप्त गरिसकेको भन्ने समेत देखिंदा प्रस्तुत उजुरीका सम्वन्धमा आयोगबाट केही गर्नु पर्ने नदेखिएकोले प्रस्तुत उजुरी आयोगको २०६४।४।२० को निर्णयानुसार तामेलीमा राखिएको ।

७. अरनिको राजमार्ग मर्मत सुधार आयोजना अन्तरगत भक्तपुरको सूर्य विनायक देखि धुलिखेल खण्डको ठेक्का संभौता बमोजिम बाहिरी मुलुकबाट विटुमिन पैठारी गर्दा रिजर्भ बैंक अफ इण्डीयाको र नेपालमा खरिद गर्दा नेपाल विटुमिन एण्ड व्यारेल उद्योग प्रा.लि. को मूल्य सूचीका आधारमा मूल्य वृद्धि दिने उल्लेख भएकोमा ठेकेदारले विटुमिन पैठारी गरेको प्रमाण पेश गर्न नसकेको अवस्थामा नेपाल विटुमिन एण्ड व्यारेल उद्योग प्रा.लि. को तत्कालको मूल्य सूचीका आधारमा मूल्य वृद्धि गणना गरी भुक्तानि दिनु पर्नेमा रिजर्भ बैंक अफ इण्डियाबाट प्रकाशित मिनरल आयलको मूल्य सूचिको आधारमा भुक्तानि दिइ ठेक्का संभौता बमोजिम प्रमाण नपुऱ्याई मूल्य वृद्धिको भुक्तानि दिएको भन्ने समेत व्यहोराको महालेखा परीक्षकको २०६१ को प्रतिवेदन/उजुरी उपर अनुसन्धान गर्दा ठेक्का संभौता बमोजिम मूल्य वृद्धि प्रयोजनको लागि कामको मूल्य निर्धारण गर्दा मोविलाइजेशन पेश्की कट्टा गरी बाँकी कामको मूल्यमा मूल्य वृद्धिको हिसाव गरी भुक्तानि दिनुपर्नेमा सो नगरी रु. ३८ लाख ३४ हजार बढी भुक्तानि दिएको, बाह्य मुलुकबाट विटुमिन पैठारी गर्दा संभौता बमोजिम रिजर्भ बैंक अफ इण्डिया र नेपालमा खरिद गर्दा नेपाल विटुमिन एण्ड

व्यारेल उद्योग प्रा.लि. को मूल्य सूचीलाई आधार मानी मूल्य वृद्धिको भुक्तानि दिने उल्लेख भएकोमा ठेकेदारले विटुमिन पैठारी गरेको प्रमाण पेश गर्न नसकेको हुँदा नेपाल विटुमिन एण्ड व्यारेल उद्योग प्रा.लि. को तत्कालको मूल्य सूचीका आधारमा मूल्य वृद्धि गणना गर्दा रु. १ करोड २८ लाख बढी दायित्व परेको भन्ने सम्बन्धमा व्यवस्थापिका-संसद, सार्वजनिक लेखा समितिद्वारा गठित बेरुजु छलफल उपसमितिको मिति ०६४।२।१५ को वैठकको निर्णय बमोजिम र महालेखा परीक्षकको कार्यालयको मिति ०६४।३।१३ को निर्णयानुसार उक्त बेरुजुहरु सम्परिक्षण भएको हुँदा प्रस्तुत प्रतिवेदन/उजुरी आयोगको २०६४।४।३१ को निर्णयानुसार तामेलीमा राखिएको ।

८. नेपाल नागरिक उड्डयन प्राधिकरणबाट कार्गो टर्मिनल भवन लिज करारमा दिंदा एक भारतीय कम्पनीसंग १५ वर्षे ठेक्का सम्झौता गर्ने अभिप्रायले साविक दर घटाई नियमावली संशोधनको कारवाही अगाडी बढाएको, आन्तिरिक टर्मिनल तर्फ र्याम्प बस सेवा संचालन ठेक्कामा ठूलो घोटाला गरेको, अस्ट्रेलियाको AWA कम्पनीको प्रोप्राईटरीमा भट्टे डाँडामा उपकरण जडान गरेकोमा सदुपयोग हुन नपाउँदै नेपालगञ्जमा स्थानान्तरण गर्ने भनी इन्टरस्क्यान नामक अर्को अस्ट्रेलियन कम्पनीलाई झूठो प्रोप्राइटरी घोषित गरी स्थानान्तरण कार्य गराएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा प्राप्त जानकारी, विवरण तथा प्रतिकृया, आयोगबाट खटाईएको ईञ्जिनियरको राय, प्रतिवेदन तथा अनुसन्धान अधिकृत बाट नेपाल नागरिक उडड्यन प्राधिकरणबाट प्राप्त थप जानकारीका आधारमा उजुरीका बूँदाहरु तथ्यमा आधारित नरहेको देखिएको हुँदा प्रस्तुत उजुरी आयोगको २०६४।४।३१ को निर्णयानुसार तामेलीमा राखिएको ।

९. सुकुम्वासी समस्या समाधान आयोग, जिल्ला समिति वर्दियाको मिति २०५८।३।७ को निर्णयले वर्दिया जिल्ला साविक सानोश्री गा.वि.स. वडा नं. १ घ हाल गुलरिया न.पा. वडा नं. १ घ को कि.नं. १५४ को प्रताप कुमार गौतम समेतले जोतभोग गरेको जग्गा वि. १-०-० अव्यवस्थित वसोवासीको हैसियतमा एकै परिवारका सदस्य मध्ये तारा पराजुलीको नाउँमा, ऐ. को कि.नं. १५५ को कलिम गुजरले जोतभोग गरेको जग्गा वि. १-०-० देवकली अधिकारीको नाउँमा र ऐ. को कि.नं. १५६ मध्येको लंगड गुजरले जोतभोग गरेको जग्गा वि. ०-१०-० र सोही कि.नं. १५६ को महाजन गुजरले जोतभोग गरेको जग्गा वि. ०-१०-० विष्णुमाया भूसालको नाउँमा अनियमित रुपले दर्ता गरिदिएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा भूमि सुधार कार्यालय, वर्दियाको प.सं. ०६२।६३ च.नं. १६३६ मिति २०६२।१२।२३ को पत्रबाट मिति २०६२।१०।२२ को राती अज्ञात व्यक्तिहरुले यस कार्यालयमा शक्तिशाली बम विस्फोट गराइ कार्यालय पूर्ण रुपमा ध्वस्त भै कार्यालयमा रहेका कागजातहरु क्षत विक्षत भएका कारण तत्कालिन सुकुम्वासी समस्या समाधान आयोग, जिल्ला समिति वर्दियाले २०५५ र २०५८ सालमा निवेदकहरुलाई जग्गा प्रदान गर्दाका अवस्थामा भएको कारवाही फाइल फेला नपरेकोले पठाउन नसकिएको भनी लेखी आएबाट जग्गाको विक्री वितरण गर्दा कारवाही भएको फाइल कागजातको अभावमा सुकुम्वासी समस्या समाधान आयोग, जिल्ला समिति बर्दियाका तत्कालिन पदाधिकारी एवं कर्मचारीहरुले देवकली अधिकारी, विष्णुमाया भुसाल र तारा पराजुलीलाई अव्यवस्थित वसोवासीको हैसियतले माथि उल्लेखित जग्गा विक्री वितरण गर्दा अनुचित कार्य वा भ्रष्टाचार भएको भन्ने कुराको पहिचान अनुसन्धानबाट गर्न नसकिएको हुँदा आयोगको २०६४।४।३१ को निर्णयानुसार तामेलीमा राखिएको ।

१०. मालपोत कार्यालय डिल्लीवजारका कर्मचारीहरुको मिलोमतोमा वालाजु २ क १ कि.नं. १६० को १-८-०-० सार्वजनिक जग्गा चित्र वहादुर थापा र लोक वहादुर थापाका नाउँमा संयुक्त दर्ता गरी

भ्रष्टाचार गरेको भन्ने विषयको उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा साविकको नापीमा उक्त कित्ता १६० नं. कायम भै दर्ता वाँकी रहेको भए पनि साविक २०२२ सालको नापीद्वारा तयार गरिएको फिल्ड वुकको जग्गा धनीको महलमा सार्वजनिक भनी उल्लेख गरेको नपाइएको र सोही फिल्ड बुकको विरहमा मसान घाट वा चिहान भनी उल्लेख गरेको नपाइएको, किसानको महलमा यो मेरो नाउँको रैकर जग्गा हो दोश्रा मालमा तिरी खाएको छु भन्ने उल्लेख भएको, जग्गा धनीले जोताहरुको अस्थायी निस्सा पेश गर्नुका साथै सम्वत १९९९ सालको सर्पट नापी डोर नं. ४० र ४६ ले मौजा नं. २१३ को जग्गाको रैतिलाई दिने पूर्जा दिएको र श्री ६ नं. सर्भे गोश्वारा वक्यौता फाँटवाट २०२२।९।७ मा यसमा साविक रै.नं. १८३७-२०७७-२६०७ को खेत हाल वालाजु पंचायत वडा नं.२ क को वि.नं. १६० मा पर्छ भनी प्रमाणित गरिदिएको कागज प्रमाणवाट देखिन्छ । कानुन वमोजिम मालपोत कार्यालयले छूट जग्गाको दर्ताको लागि निवेदन माग गरे पछि निवेदकले आफूसंग भएका प्रमाण प्रमाण ऐन २०३१ वमोजिम मौकामै पेश गरी जग्गा दर्ता गराएको, उक्त जग्गा हालसम्म निवेदककै भोगचलनमा रहेको र निवेदनमा उल्लेखित आरोप पुष्टी हुन सकेन । अतः अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १९ को उपदफा (१२) वमोजिम प्रस्तुत उजुरी आयोगको २०६४।५।६ को निर्णयानुसार तामेलीमा राखिएको ।

११. साविक श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष हाल राष्ट्रिय प्रकृति संरक्षण कोष अन्तरगत अन्नपूर्ण संरक्षण आयोजना कास्कीका संरक्षण अधिकृत कीर्तिनाथ पौडेललाई अनियमित तवरबाट उक्त कोषको कर्मचारी प्रशासन र आर्थिक प्रशासन सम्बन्धी विनियम २०५३ को प्रावधान विपरित गैरकानूनी तवरबाट संरक्षण अधिकृत (०१) बाट वरिष्ठ संरक्षण अधिकृत (०२) मा वढुवा गरिएकोले वढुवा वदर गरी खुवाएको तलव भत्ता समेत भुक्तानी गराई पाउँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुंदा निज किर्तिनाथ पौडेललाई वढुवा गर्दा कोषको कर्मचारी प्रशासन र आर्थिक प्रशासन सम्बन्धी विनियम २०५३ मा भएको व्यवस्थालाई पालना गरेको नदेखिएतापनि निजको वढुवा हुंदा मर्का पर्ने कर्मचारीले आयोगमा उजूर नगरेको र अन्यत्र उजूर लाग्ने कानूनी व्यवस्था समेत भएबाट आइन्दा कोषको कर्मचारीहरुलाई वढुवा गर्दा विनियममा उल्लेख भएको व्यवस्थाको अनिवार्यरुपले पालना गरी वढुवा गर्न निर्देशन दिने गरी प्रस्तुत उजुरी आयोगको २०६४।५।१० को निर्णयानुसार तामेलीमा राखिएको ।

१२. नेपाल कृषि अनुसन्धान परिषद अन्तरगत क्षेत्रीय कृषि अनुसन्धान केन्द्र नेपालगंज, खजुराका तत्कालिन क्षेत्रीय निर्देशक (हाल राष्ट्रिय पशु विज्ञान अनुसन्धान प्रतिष्ठान, खुमलटार, ललितपुरका निर्देशक) शम्भू बहादुर पाण्डे, लेखा अधिकृत शिवहरी पौडेल, ओभरसियर रामनाथ प्रसाद साह समेत ३ जनाको आपसी मिलेमतोमा परिषदको विनियम, सरकारी कानून सबैको पूर्ण वेवास्ता गरी जानीजानी वास्तविक रुपमा लाग्ने भन्दा करिव ३०० प्रतिशत बढी लागतमा टेलिफोन जडान गरी परिषदलाई हानी नोक्सानी हुने कार्य गरेको भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुंदा नेपाल कृषि अनुसन्धान परिषदले आफू मातहत गठित छानविन कमिटीलाई राय मात्र दिने अधिकार भएको भन्दै अधिकृत स्तरका कर्मचारी कार्यालय प्रमुख शम्भू बहादुर पाण्डे र लेखा अधिकृत शिवहरी पौडेललाई नेपाल कृषि अनुसन्धान परिषद (क.प्र. विनियमावली) अनुसार कार्यकारी समितिबाट मिति २०६०।११।२० गते देखि लागू हुने गरी २(दुई) वर्षसम्म उच्च अध्ययन तालिम र विदेश भ्रमणको अवसर नदिइएको, वढुवा प्रयोजनमा ३ अंक घटाइएको र नसिहतको अभिलेख अद्यावधिक राख्न लगाइएको साथै ओ.सि.रामनाथ प्रसाद साहका हकमा मिति २०६०।१०।२२ मा कार्यकारी निर्देशक स्तरबाट कामकाजको सिलसिलामा लापरवाही गरेको भन्दै नसिहतको सजाय भएको देखिएकोले

उजुरीमा माग गरिएअनुसार परिषदले कारवाही गरिसकेकोले हाललाई सो सम्बन्धमा थप कारवाही गरिरहनु नपर्ने देखिंदा प्रस्तुत उजुरी आयोगको २०६४।५।१० को निर्णयानुसार तामेलीमा राखिएको ।

१३. नेपाल बैंक लिमिटेड, सिटी अफिस, जनकपुरबाट नक्टाझिंज गा.वि.स. वडा नं. १ महेन्द्रनगर, धनुषामा जनकपुर कोल्ड स्टोरेज लि. उद्योग स्थापना गर्न अत्यन्त कम धितो लिई बदनियतपूर्वक कर्जा लगानी गरेको भन्ने विषयमा अनुसन्धान गर्दा नेपाल बैंक लि. प्रधान कार्यालयको मिति २०५७।४।२० को पत्र अनुसार नेपाल बैंक लिमिटेड, सिटी अफिस, जनकपुरलाई जनकपुर कोल्ड स्टोरेज लि. उद्योगलाई तोकिएको आधार र शर्तहरुको अधिनमा रही कर्जा प्रवाह गर्न निर्देशन भई विभिन्न मितिमा उक्त उद्योगलाई ब्याज बाहेक साँवा रु. ९७,८८,७७०।०८ लगानी गरेको र समयमा ब्याज समेत नतिरी ब्याज रकम मात्र रु. ६०,३५,८११।६९ हुनपुगी ऋणीसंग लेना रकम कूल रु.१,५८,२४,५८१।७७ पुग्न गएकोमा २०६३।२।२६ मा सुरक्षणमा रहेका सम्पत्ति बैंकले आफ्नो नाममा लिई बाँकी लेनाका लागि मिति २०६३।३।४ मा नै ऋण असूली न्यायाधीकरणमा मुद्दा दायर गरिसकेको देखिन आयो । ऋण असुली न्यायाधीकरणमा पेश भईसकेको विषयमा पछि तह-तह हुँदै माथिल्लो निकायमा समेत यस विषयमा निर्णय हुने देखिन्छ । शाखा कार्यालयबाट ऋण दिंदा तोकिएको प्रक्रिया पूरा गरको देखिएकोले प्रस्तुत उजुरी आयोगको २०६४।५।१० को निर्णयानुसार तामेलीमा राखिएको ।

१४. प्लाइउड स्टोर्स, बसुन्धराले लूज विल प्रयोग गरी कर छलेको आधारमा मूल्य अभिवृद्धि कर बापत रु.३ करोड ४१ लाख निर्धारण गरिएकोमा आन्तरिक राजश्व विभागबाट ठूलो रकम घूस लिई मागदावी नै नगरेको विषयलाई आधार बनाई पुनः कर निर्धारण गर्न आदेश गरेको र करदातासँग मिलोमतो गरी ठूलो रकम घूस लिई राजश्व अनुसन्धान विभागबाट कल्पना श्रेष्ठको सही परीक्षणार्थ सर्वोच्च अदालत पठाउने क्रममा धनीपूर्जामा गरेको सही नपठाई निजलाई सही-परीक्षणार्थ पठाउन पूर्व जानकारी गराई बेग्लै नमिल्ने सही गर्न लगाई परीक्षणार्थ पठाएकोमा सर्वोच्च अदालतबाट सही मिल्दैन भनी लेखि आएपछि त्यसैको आधारमा रु.८ लाख मात्र कर निर्धारण गरी सरकारलाई रु.३.५ करोड राजश्व हानी नोक्सानी पुऱ्याएकोले तत्कालिन महानिर्देशक दिप बस्नेतलाई कारवाही गरी पाउँ भन्ने उजुरीसम्बन्धमा अनुसन्धान गर्दा कर अधिकृतले सुराकीको आधारमा बरामद गरिएको ६५ थान लूज विलमा अंकित रकमलाई आधार मानी मूल्य अभिवृद्धि करको गणना गरी मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम २९ बमोजिम लाग्ने कर, थप दस्तुर, व्याज आदि समेत गणना गरी रु.३,४७,५६,१२८।८६ कर निर्धारण गरिएकोमा चित्त नबुझ्ने पक्षले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१ क(१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि निवेदन गर्न सक्ने कानूनी व्यवस्था अनुसार आन्तरिक राजश्व विभागका महानिर्देशक समक्ष परेको निवेदन उपर प्रमाण कागजातको छानविन गरी लूज विलहरुको बरामदी प्रक्रिया कानून सम्मत नभएको र करदाता लूज विल प्रयोग गरेकोमा इन्कारी भै बयान गरेको अवस्थामा लूजविलमा अंकित भएको रकमको आधारमा निर्धारण गरिएको कर बदर गरी जो जे बुझ्नु पर्ने हो बुझी कानून बमोजिम कर निर्धारण गर्नु भनी मिति २०६१।३।८ मा आदेश भएको देखियो । कानून बमोजिम कर निर्धारण आदेशको पुनरावलोकन गर्न सक्ने अधिकारीले निवेदन समेतका प्रमाण कागजात छानविन गर्दा निवेदकको जिकिर सत्य देखिन आएमा कारण खोली पर्चा खडा गरी कर निर्धारण आदेश बदर गरी पुनः कर निर्धारण गर्न आदेश दिन सक्ने व्यवस्था मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१ क(३) मा भएबाट त्यस्ता अधिकारीलाई कानूनले नै छानविन गर्ने निर्णय गर्ने अधिकार प्रदान गरेको अवस्थामा आन्तरिक राजश्व विभागका महानिर्देशकले गरेको निर्णय कानून सम्मत देखियो । कर अधिकृतले

मिति २०६०।८।२९ मा जारी गरेको कर निर्धारण आदेश मिति २०६१।३।८ मा पुनरावलोकन सुन्ने अधिकारीबाट बदर गरी पुनः कर निर्धारण गर्न आदेश दिएको आधार एवं हस्ताक्षर परीक्षण गर्दा हस्ताक्षर प्रमाणित हुन नआएको आधारमा मिति २०६१।४।२५ मा लूज विलमा अंकित रकमलाई हटाई रु.८,२२,१६५।- कर निर्धारण आदेश भएको देखिएको अवस्थालाई कानून सम्मत तरिकाले कर निर्धारण भएको देखिन आयो । कुनै काम कारवाहीको सम्बन्धमा कुनै अधिकृतले आफ्नो तजविजी अधिकारको प्रयोग गरी गरेको काम कारवाही वा निर्णयलाई लिएर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कुनै कारवाही चलाउने छैन भनी त्यस्ता अधिकारीको उन्मुक्तिको व्यवस्था अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ७ मा गरेको छ । तजविजी अधिकारको प्रयोग गर्दा बदनियतसाथ वा स्वेच्छाचारी, किसिमबाट प्रयोग गरेको देखिएमा त्यस सम्बन्धमा कारवाही चलाउन सक्ने समेतको व्यवस्था गरिएको छ । प्रस्तुत अनुसन्धानको विषयको सम्बन्धमा आन्तरिक राजश्व विभागका महानिर्देशकले निजलाई मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१क (३) ले दिएको अधिकार प्रयोग गरी प्रमाणको मूल्यांकनको आधारमा कर निर्धारण आदेश बदर गरेको कार्य बदनियतपूर्ण वा स्वेच्छाचारी रहेको भन्ने प्रमाणित हुन नसकेको अवस्थामा आन्तरिक राजश्व विभागका महानिर्देशकले घूस लिई निर्णय गरेको भन्ने देखिएन । तत्कालिन राजश्व अनुसन्धान विभागका महानिर्देशक दिप बस्नेतको हकमा राजश्व अनुसन्धान विभागका शाखा अधिकृत मध्ये कसैलाई कर अधिकृतको रुपमा सरकारले तोक्न सक्ने व्यवस्था राजश्व चुहावट ऐन, २०५२ को दफा १० मा गरे अनुसार तत्कालिन श्री ५ को सरकारले मिति २०५८।५।१८ मा शाखा अधिकृत शारदा प्रसाद दाहाललाई तोकेको र प्लाइउड स्टोर्सको मूल्य अभिवृद्धि कर निर्धारणको सम्पूर्ण कार्य कर अधिकृत शारदा दाहालबाट भएको देखिन आएको छ । कर निर्धारण गर्ने क्रममा कर अधिकृतलाई महानिर्देशकबाट करदाताको करको दायित्व घट्ने गरी अनावश्यक निर्देशन गरेको भन्ने प्रमाणित भएको पाइएन । कर अधिकृतले पेश गरेको कर निर्धारण आदेश जानकारी सम्म लिएको र हस्ताक्षर परीक्षण गर्न पठाउने निकायको सम्बन्धमा आदेश माग गर्ने क्रममा महानिर्देशकबाट सर्वोच्च अदालतमा पठाउने आदेश सम्म गरेको कार्यलाई प्रस्तुत मुद्दामा दिप बस्नेतले घुस लिई करदाताको दायित्व कम हुने गरी निर्देशित गरेको देखिएन । शाखा अधिकृत शारदा प्रसाद दाहालले अनुसन्धानको क्रममा देखिएको आधारमा मिति २०६०।८।२६ मा रु.३,४७,५९,१२८।८६ को प्रारम्भिक कर निर्धारण आदेश तयार गरी महानिर्देशकलाई जानकारीको लागि प्रस्तुत गरी अन्तिम कर निर्धारण आदेश दिएको देखिन आएको छ । पुनरावलोकनकर्ताको मिति २०६१।३।८ को निर्णयबाट पुनः कर निर्धारण गर्न आदेश भए बमोजिम लूज विल जाँची दस्तखत गर्ने व्यक्तिको हस्ताक्षर परीक्षण गरी प्राप्त रायको आधारमा तत्कालिन मौज्दातमा फरक परेको अंकलाई मात्र आधार मानी रु.८,२२,१६५।- कर निर्धारण गरिएको कार्यलाई कानून बमोजिम कर निर्धारण गरिएको भनी मान्नु पर्ने देखिन आएकाले प्रस्तुत उजुरी आयोगको २०६४।५।१३ को निर्णयानुसार तामेलीमा राखिएको ।

१५. मनमैजु गा.वि.स., काठमाडौंका सचिव राम प्रसाद रिजालले गा.वि.स. भवन निर्माण गर्दा टेण्डर आहावान नगरी जि.वि.स.का प्राविधिक जागेश्वर साहलाई ओभर ल.ई. तथा मूल्यांकन गराई नियम विपरित अमानतबाट काम गराई रु. ३ लाख भ्रष्टाचार गरेको, ढल निर्माणमा १० देखि १५ प्रतिशत कमिशन लिएको, मनमैजु फुटुङ साङला मूल सडक निर्माणको ठेकदारसँग रु ४ लाख लिएको र विकास निर्माणको लागि प्राप्त रकम भ्रष्टाचार गरी काठमाडौंमा २ वटा घर बनाएको तथा अकूत सम्पत्ति कमाएको भन्ने उजुरीका सम्बन्धमा उजुरीकर्ता श्यामलाल महर्जनलाई यस आयोगमा

बोलाई सोधपुछ गर्दा निज श्यामलाल महर्जनले सो विषयमा आफूलाई केही थाहा नभएको र उक्त उजुरी निवेदन आफूले नदिएको भनी सनाखत गरिदिएकोबाट सो उजुरी निवेदन झुठा देखिन आएको छ । मन मैजु गा.वि.स.भवन निर्माण स्थानीय उपभोक्ता समिति मार्फत निर्माण भएको तथा सो भवन निर्माणमा बढी मूल्यांकन भएको नदेखिएको । निजले ढल निर्माण कार्यबाट कमिशन लिएको भन्ने सन्दर्भमा सो ढल निर्माण कार्य गा.वि.स.बाट मात्र नभई उपभोक्ता, जि.वि.स. र गा.वि.स. समेतबाट निर्माण भएकोले कमिशन लिने सम्भावना नरहेको र ठेकेदार राम कुमार गिरी मन मैजु फुटुङ साङला मूल सडक निर्माण कार्यको ठेकेदार नभएको तथा सो निर्माण कार्य गा.वि.स.बाट नभई जि.वि.स. मार्फत भएको देखिएकोले निज गा.वि.स. सचिव राम प्रसाद रिजालले ४ लाख रकम लिएको कुरा देखिन आएन । अनुसन्धानको क्रममा स्थानीय वासिन्दाहरुसँग बुझ्दा निज राम प्रसाद रिजालको एउटा मात्रै घर छ भन्ने जानकारी प्राप्त भएको र निजले पेश गरेको सम्पत्ति विवरण फाराम तथा व्यक्तिगत विवरणबाट निजले अकूत सम्पत्ति आर्जन गरेको नदेखिएकोले प्रस्तुत उजुरी आयोगको २०६४।५।१३ को निर्णयानुसार तामेलीमा राखिएको ।

१६. विश्वेश्वरप्रसाद कोइराला मेमोरियल क्यान्सर अस्पतालका अध्यक्ष तथा कार्यकारी निर्देशक समेतको मिलोमतोमा विभिन्न आर्थिक अनियमितता गरी भ्रष्टाचार गरे भन्ने उजुरी उपर अनुसन्धान हुँदा विश्वेश्वर प्रसाद कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुरले विभिन्न समयमा अप्टिकल फाइबर नेटवर्किङ, कम्प्युटर नेटवर्किङ, अडिटोरियम हलको फ्लोरिङ, फर्निसिङ, इन्टेरियर डेकोरेसन तथा स्टेज सम्बन्धी कार्यको अलावा ए.सी. तथा अन्य उपकरणको साथै रेडियोथेरापी मेसिनहरुको मर्मत कार्य गराएको देखियो । उपर्युक्त कार्यहरुमध्ये अप्टिकल फाइबर नेटवर्किङ, कम्प्युटर नेटवर्किङ सम्बन्धी कार्य विश्वेश्वर प्रसाद कोइराला मेमोरियल क्यान्सर अस्पताल नियमावली, २०५८ को नियम २२.३(३) अनुसार सूचीकृत कम्पनीहरुमध्ये नियम २२.३(१) बमोजिम सिलबन्दी कोटेशन माग गरी सबैभन्दा कम दर उल्लेख गर्ने कम्पनीहरुबाट नै गराएको देखिएकोले सो कार्य कानून अनुकूल नै भएको पाइयो । त्यस्तै एसी तथा अन्य उपरकण लगायत रेडियो थेरापी मेसिनको मर्मत कार्य पनि सञ्चालक समितिको निर्णय बमोजिम उक्त नियमावलीको २२.८(२) अनुसार सञ्चालक समितिबाट छनोट भएको एजेन्सी मार्फत नै गराएको देखियो । यसका साथै अडिटोरियम हलको फ्लोरिङ, फर्निसिङ, इन्टेरियर तथा स्टेज सम्बन्धी कार्य पनि नियमावली अनुकूल नै बोलपत्रको माध्यमबाट छनोटमा परेको कम्पनीबाट गराएको पाइएकोले उजुरीमा लेखिएका कुराहरु सत्यतथ्यमा आधारित नहुँदा प्रस्तुत उजुरी आयोगको २०६४।५।१४ को निर्णयानुसार तामेलीमा राखिएको ।

१७. सुरेन्द्र श्रेष्ठले नक्कली प्रमाणपत्र बनाई बेच्ने गरेको भन्ने विषयको उजुरी उपर अनुसन्धान हुँदा मिति २०५९।३।४ गतेका दिन बिहान ९ बजेको समयमा का.म.पा. ३१ मा पर्ने लाइनहट होटलको अगाडि चितवन, भरतपुर नगरपालिका घर भई काठमाडौं मैतीदेवी डेरा गरी बस्ने सुरेन्द्र श्रेष्ठको साथबाट रुपबहादुर सिंह नामको त्रि.वि.परीक्षा नियन्त्रण कार्यालयबाट जारी भएको जस्तो देखिने व्यवस्थापन तर्फको प्रवीणता प्रमाण पत्र तह र स्नातक तहको ट्रान्सक्रिप्ट २ थान, नेपाल कमर्स क्याम्पस, मिनभवनबाट जारी भएको जस्तो देखिने उल्लेखित दुवै तह उत्तीर्ण गरेको चारित्रिक प्रमाणपत्रहरु २ थान र एम.ए. दोस्रो वर्षमा अध्ययनरत देखिने निज सुरेन्द्र श्रेष्ठको नामको त्रिचन्द्र क्याम्पसको परिचय पत्र १ थान समेत जिल्ला प्रहरी कार्यालय, काठमाडौंबाट खटी गएको टोलीले बरामद गरी निज सुरेन्द्र श्रेष्ठलाई पक्राउ गरी मुचुल्कासहित तत्कालीन विशेष प्रहरी विभागमा बुझाएको र तत्कालीन विशेष प्रहरी विभागले आवश्यक कारबाहीको लागि भनी मिति २०५९।३।१३ मा मिसिल आयोगमा पठाएको देखियो । आयोगबाट छानबिन गर्ने क्रममा बरामद भएका

प्रमाणपत्रहरु प्रमाणीकरणका लागि पठाउँदा त्रि.वि. परीक्षा नियन्त्रण कार्यालय र नेपाल कमर्स क्याम्पस, मीनभवनबाट क्रमशः ट्रान्सक्रिप्टहरु र चारित्रिक प्रमाणपत्रहरु नक्कली भनी लेखी आएको समेत देखियो । निज सुरेन्द्र श्रेष्ठले उक्त नक्कली प्रमाणपत्रहरु का.म.पा. ६ घर भई त्रिचन्द्र क्याम्पसमा कार्यरत विदुर शर्मा भन्ने व्यक्तिले बनाइदिएको तर निज विदुर शर्मालाई आफूले नचिनेको भनी दिएको बयान अनुसार त्रिचन्द्र क्याम्पसमा बुझ्दा ल्याब ब्वाई पदमा विधु शर्मा कार्यरत रहेको, विदुर शर्मा भन्ने व्यक्ति क्याम्पसमा कार्यरत नरहेको भन्ने जानकारी अनुसार निज ल्याब ब्वाई विधु शर्मासँग बुझ्दा, निजको घर भ.पु.जि.चाँगु वार्ड नं. २ मा रहेको, निजले सुरेन्द्र श्रेष्ठ, धीरज थापा, रुपबहादुर सिंह नाम गरेको व्यक्तिलाई चिन्दिन, मैले सर्टिफिकेटहरु दिएको भनी मलाई आरोप लगाएको हो, मबाट यस्तो गलत कामहरु भएको छैन भनी इन्कारी बयान दिएको समेत देखियो । यसरी यस विषयमा सार्वजनिक पद धारण गर्ने व्यक्तिको संलग्नता रहेको खुल्न नआएकोले यो उजुरी विषय यस आयोगको क्षेत्राधिकार भित्र नपर्ने साथै उक्त नक्कली प्रमाणपत्रहरु कहीकतै प्रयोग भएको समेत देखिन नआएको हुँदा प्रस्तुत उजुरी आयोगको २०६४।५।२४ को निर्णयानुसार तामेलीमा राखिएको ।

१८. जनक शिक्षा सामाग्री केन्द्र लि. ले आफैले प्रकाशन गर्नुपर्ने किताबहरु र एटलस आफैले प्रकाशन नगरी नेपाल साहित्य केन्द्र र भेराइटी प्रिन्टर्सलाई छाप्न दिई जनक शिक्षा तथा पाठ्यक्रम विकास केन्द्र समेतको उच्च व्यवस्थापन तथा व्यवस्थापकहरुले उक्त दुवै संस्थाहरुलाई ठूलो आर्थिक हानी नोक्सानी गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा विद्यालय स्तरका (कक्षा १ देखि १० सम्मका) ४२ थान शैक्षिक पाठ्य सामाग्रीका अँग्रेजी भर्सन भएका किताबहरु जनक शिक्षा सामाग्री केन्द्र लि. ले आफ्नो कुनै लगानी नै नगरी १३ प्रतिशत रोयल्टी लिने गरी नेपाल साहित्य प्रकाशन केन्द्रलाई छपाई गर्न एवं वितरण गर्न दिएको र एटलस छपाई सहकार्यमा गरेको देखिन आएको । केन्द्रको आर्थिक प्रशासन नियममा यस्तो रोयल्टी लिई छपाई गर्न दिने व्यवस्था नभए तापनि केन्द्रले मूल्य निर्धारण गर्दा लिएको आधार हेर्दा अन्यथा भन्न सकिने अवस्था देखिन आएन । सार्वजनिक खरीद ऐन, २०६३ जारी भई सो ऐन जनक शिक्षा सामाग्री केन्द्र समेतलाई लागू हुने देखिएको र यस भन्दा अगाडि पनि पाठ्यपुस्तक तथा एटलस छपाई, मेशीन मर्मत आदिमा अनियमितता भएको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट मिति २०६४।२।२८ मा जनक शिक्षा सामाग्री केन्द्र लि. लाई एक आर्थिक वर्षमा आवश्यक पर्ने कागजको परिमाण आर्थिक वर्षको शुरुमै निर्णय गरी ग्लोवल टेण्डरको माध्यमबाट खरिद गर्ने र आर्थिक प्रशासनसँग सम्बन्धी नेपाल कानूनको प्रतिकूल नहुने गरी जनक शिक्षा सामाग्री केन्द्र लि. आर्थिक प्रशासन सम्बन्धी नियमावलीलाई समसामयिक सुधार र संशोधन गर्न निर्देशन दिने भनी निर्णय भई सो अनुरुप गर्न मिति २०६४।३।४ मा जनक शिक्षा सामाग्री केन्द्र लि. लाई लेखी गएको समेतको आधारमा प्रस्तुत उजूरी उपर थप कारवाही गरिरहनुपर्ने देखिन नआएकोले आयोगको २०६४।५।२६ को निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

१९. स्वास्थ्य सेवा विभाग इपिडिमोलोजी तथा रोग नियन्त्रण महाशाखाले औलो र कालाज्वर रोग नियन्त्रण गर्ने विषादी खरिद गर्दा भारतको मुम्वई विषादी कम्पनीसँग मिलेर अन्यत्र पाइने मूल्यभन्दा बढी मूल्य राखी ठाडो आदेशवाट को-अथ्रित भन्ने विषादी खरिद गरेको छ । सो विषादीको प्याकेटमा नेपाली भाषामा सवै व्यहोरा नेपालको लागि भनेर लेखिएको छ । यस्तो शंकास्पद बिषादिमा व्यापक घोटाला भएकोले छानविन गरी कारवाही गरी पाउँ भन्ने उजुरी उपर अनुसन्धान हुंदा आ.व. ०५७।०५८ मा स्वास्थ्य सेवा विभागका तत्कालिन महानिर्देशक वि.डी. चटौतले ३ (तीन)

सदस्यीय विशेषज्ञ समिति गठन गरी एकमात्र कम्पनिसँग विषादी औषधी खरिद गर्ने गरी सिफारिस गरेको आधारमा विषादि खरिदको निर्णय गरेको देखियो । यसरी खरिद प्रकृया अगाडि बढाउँदा ३ सदस्यीय बिशेषज्ञ समितिले K-othrin 2.5 W.P. नामक विषादी नेपालको लागि उपयुक्त भएको, प्रभावकारिताको परिक्षण भएको, अघिल्लो वर्षभन्दा सस्तोमा प्राप्त भएको भन्ने जस्ता आधारमा सिफारिस गरेको देखियो । आर्थिक प्रशासन शाखा प्रमुख समेतले उक्त विषादी निश्चित स्तरको मालसामान हो भन्ने लागेमा खरिद गर्न सकिने र अघिल्लो वर्षहरुमा पनि यसै प्रकृयाद्वारा खरीद गरेको भन्ने समेत व्यहोराको राय प्रदान गरेको र सोही आधारमा महानिर्देशकद्वारा निश्चितस्तरको सामान भनी विषादि खरीद गर्नको लागि स्वीकृत गरेको पाइयो । विषादी गुणस्तरयुक्त हो कि होइन भन्नलाई ३ सदस्यीय विशेषज्ञ समितिको रायलाई कतैवाट शंका व्यक्त गरेको पनि पाइएन । उक्त विषादी निश्चितस्तरको मालसामान मानी महानिर्देशकले स्वीकृत गरेपछि निश्चितस्तरको मालसामान मानी खरीद गरेको देखियो । स्वास्थ्य सेवा विभागले आ.व. ०५०।०५१ सालदेखि आ.व. ०५७।०५८ सालसम्म वार्षिक करिव ६ करोड वरावरको विषादी औषधी यसै प्रक्रियावाट सिधै खरिद गर्ने गरेको देखिन्छ भने आ.व. ०५८।०५९ सालदेखि मात्र आर्थिक ऐन नियम अनुसार वोलपत्रको माध्यमद्वारा खरिद गर्ने गरेको देखिन्छ । आ.व. ०५७।०५८ मा सिधै खरिद गरिएको K-othrin 2.5 W.P. नामक विषादी रु. ५,९९,३८,७३७- र आ.व. ०५८।०५९ मा बोलपत्रको माध्यमद्वारा खरिद गरिएको Alphacypermethrin 5% W.P. नामक विषादी रु. ४,७०,४०,०००।- मा खरिद गर्दा मूल्यमा रु. १,२८,९८,७३७- अन्तर परेको देखिएतापनि उक्त दुवै वर्षहरुमा खरीद गरेको विषादीको Item नै फरक परेकोले आ.व. ०५७।०५८ भन्दा आ.व. ०५८।०५९ मा Item मा परेको फरकले गर्दा बोलपत्रको माध्यमद्वारा खरिद गर्दा अन्तर पर्ने यति नै मूल्य फरक पर्न सक्छ भनेर एकिन गर्न सकिने अवस्था पनि रहेन । यसै विषादी सम्वन्धमा लेखा परीक्षकको प्रतिवेदनमा उल्लेख भएको सम्वन्धमा संसदको सार्वजनिक लेखा उप - समितिले पनि "विशेष समितिको राय अनुसार खरिद गरेकोले केही गर्न नपर्ने" भन्ने व्यहोराको निर्णय भएको समेत पाइयो । अतः स्वास्थ्य सेवा विभागले आ.व. २०५७।०५८ मा गरेको विषादी खरीदबाट सरकारलाई हानि नोक्सानी पुऱ्याएको नदेखिनाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ बमोजिम आयोगको २०६४।६।१ को निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

२०. जिल्ला महोत्तरी, इटर्वाकट्टी गा.बि.स. वडा नं. ४ स्थायी ठेगाना भएका जनकपुर चुरोट कारखानाका अधिकृत छैठौं तहका कर्मचारी शंकरप्रसाद सिंहले उक्त कारखानाको सेवामा प्रवेशकालागि पेश गरेको बिहार बिश्व बिद्यालयबाट सन् १९७३ मा प्राप्त गरेको भनिएको रोल नं. १६८२१ उल्लेखित आई. ए.तहको र सन् १९७७ मा प्राप्त गरेको भनिएको रोल नं. ६७६० उल्लेखित बि. ए. तहको शैक्षिक योग्यताका प्रमाण-पत्रहरु जनकपुर चुरोट कारखानाबाट सिधै र त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर मार्फत प्रमाणिकरणकालागि बाबासाहेब भिमराव अम्वेडकर बिहार विश्वविद्यालयमा पठाउँदा उक्त विश्वविद्यालयको पत्रबाट निज शंकरप्रसाद सिंहको बि. ए. तहको शैक्षिक योग्यता विश्वविद्यालयको अभिलेख अनुसार ठीक रहेको र आई. ए. तहको शैक्षिक योग्यताको अभिलेख फेला नपरेको भन्ने व्यहोरा लेखि आएको देखिएको, आई. ए. र बि. ए. तहको शैक्षिक प्रमाण पत्रको मार्क सिटमा एउटै रजिष्ट्रेशन नम्वर (नं. ३२३८८) उल्लेख हुनुको साथै दुवै तहको शैक्षिक प्रमाण पत्रका कागज एउटै प्रकृतिका भएको देखिएको, निजले बिहार विश्वविद्यालयबाट प्राप्त गरेको भनिएका दुई उपाधि मध्ये माथिल्लो उपाधि विश्व विद्यालयको अभिलेख अनुसार ठीक रहेको तर तल्लो तहको

उपाधिको अभिलेखमा फेला नपरेको भन्ने व्यहोरा सन्देहात्मक समेत देखिनुको साथै निज कारखानाको सेवाबाट हटिसकेको एवम् कारखानाका तर्फबाट प्राप्त हुने सुविधाहरु मध्ये जीवन बीमा बापतको रकम बाहेक अन्य सुविधाहरु भुक्तान भै सकेको अवस्था समेत देखिदा आयोगको मिति २०६४।२।२० को बैठकको निर्णयले रोक्का राखिएको निज शंकरप्रसाद सिंहले जनकपुर चुरोट कारखानाबाट भुक्तानी पाउन बाँकी जीवन बिमा बापतको रकम रोक्का फुकुवा गरीदिने । साथै अनुसन्धानको क्रममा जनकपुर चुरोट कारखानाबाट प्राप्त निज शंकरप्रसाद सिंहको व्यक्तिगत फाईल उक्त कारखानामा फिर्ता पठाई दिने । अनुसन्धानको सिलसिलामा निजले आयोगमा राखेको धरौटी रकम रु. २३,२५०।- (तेईस हजार दुई सय पचास) फिर्ता दिने । अनुसन्धानको क्रममा निज शंकरप्रसाद सिंहले पेश गरेको बि. ए. तहको सक्कल शैक्षिक प्रमाण पत्रहरु निजलाई फिर्ता दिने गरी प्रस्तुत उजुरीलाई आयोगको २०६४।६।७ को निर्णयानुसार तामेलीमा राखिएको ।

२१. अखिल नेपाल हिमाली वौद्ध संघको नाउँमा खरिद गरेको जग्गा व्यापारिक प्रयोजनमा लगाई उक्त संस्थाका संस्थापक र समितिका सदस्यहरुले गैरकानुनी रुपमा संस्थाको सम्पत्ति हिनामिना गरेकाले कारवाही गरिपाऊँ भन्ने उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा तत्कालीन श्री ५ को सरकारले केन्द्रीय स्तरको नेपाली शैलीमा गुम्बा वनाउन आवश्यक पर्ने जग्गा र अन्य निर्माण कार्य गर्नको लागि ०३७।३८ देखि ०३९।४० सम्म दुर्गम क्षेत्र विकास समितिवाट विभिन्न समयमा रु.८,००,०००।- र सरकारको ०४१।३।१५ को निर्णयले १०,००,०००।- गरी जम्मा १८,००,०००।- निकासा भएको, उक्त रकमबाट अखिल नेपाल हिमाली वौद्ध संघको नाममा काठमाण्डौ जोरपाटी ३ ख मा १८ रोपनी जग्गा खरिद गरेको, उक्त जग्गामा ४ वटा भवन निर्माण भै अखिल नेपाल हिमाली वौद्ध संघ संस्थापक रहेको वुद्ध एकेडेमी संचालन गरेको देखिएको र उक्त विद्यालयमा हिमाली क्षेत्रका अति पिछडिएका वर्गका बालवच्चाहरुलाई नि:शुल्क अध्यापन गराउनुका साथै गुम्वा निर्माण गर्न संचालक समितिवाट भवनको नक्सा तयार भै समितिको वैठकवाट रकम संकलन गर्न पहल गर्ने सम्वन्धमा पटक पटक निर्णय भएको देखियो । विद्यालय हाल निजी शैक्षिक गुठीमा संचालन भएको देखिंदा उक्त विद्यालयलाई सार्वजनिक गुठीमा दर्ता नामसारी गर्न यस आयोगवाट मिति ०६४।१।१३ मा निर्णय भै क्षेत्रीय शिक्षा निर्देशनालयका उपनिर्देशकको संयोजकत्वमा गठित समितिले दिएको सुझाव पूर्ण परिपालन गरी ३ महिना भित्र जानकारी गराउने गरी लेखी गैसकेको देखिएकोले सरकारवाट निकासा भएको रकम दुरुपयोग भएको भन्ने कुरा पुष्टी हुन आएन । तसर्थ प्रस्तुत उजुरीलाई आयोगको २०६४।६।१३ को निर्णयानुसार तामेलीमा राखिएको ।

२२. संगितादेवी साहका नाममा दर्ता स्रेस्तामा रहेको धुनषा नगरपालिका वडा नं. ७ सि.नं. १४९४-१०, कि.नं. ६९ को क्षेत्रफल विगाह ०-०-११-३ को जग्गा र जग्गामा बनेको घर समेत मैले मिति २०६१।११।१६ मा राजिनामा गरी लिए पश्चात मालपोत कार्यालय, धनुषाले मिति २०६१।११।१६ मा रोक्का राखी अनियमितता गरेको हुँदा कारवाही गरिपाउँ भनी सुशिलादेवी साहले दिएको निवेदन उपर राष्ट्रिय सतर्कता केन्द्रबाट प्रारम्भिक छानविन भै कारवाहीको लागि आयोगमा प्राप्त हुन आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा उक्त जग्गा साविक जग्गा धनी संगितादेविको नाममा रहँदा कै अवस्थामा राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय जनकपुरको मिति २०५४।११।१५ को पत्रानुसार रोक्का राखिएकोमा सोही बैंकको मिति २०५७।४।११ को पत्रानुसार फुकुवा भनी मिति २०५७।४।१२ मा फाँटवाला कर्मचारी उदयशंकर गिरीले फुकुवा जनाएको । सो फुकुवा पत्र मालपोत कार्यालयमा उपलब्ध हुन नसकेको भनी मालपोत कार्यालय, धनुषाले लेखी पठाएको र त्यस्तो फुकुवा पत्र पठाएको थिएन भनी राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय जनकपुरले जवाफ

पठाएको । उक्त जग्गा फुकुवा जनाइए कै दिन कृषि विकास बैंक, बैंकिङ शाखा जनकपुरको मिति २०५७।४।१२ को पत्रानुसार निज फाँटवाला उदय शंकरले रोक्का राखेको । यसरी कृषि विकास बैंकको पत्रानुसार रोक्का रही रहेकै अवस्थामा महोत्तरी जिल्ला अदालतको मिति २०५९।९।७ को पत्रले उक्त जग्गा रोक्का राख्न लेखि आएकोमा निज उदय शंकरले दोहोरो रोक्का राखेको । कृषि विकास बैंकले रोक्का राखेको उक्त जग्गा उक्त बैंकको मिति २०६१।११।१६ को पत्रले २०६१।११।१७ मा फाँटवाला विष्णुप्रसाद खतिवडाले फुकुवा जनाएको । निज विष्णुप्रसादले रोक्का किताबमा "मालपोत कार्यालय धनुषाको च.नं. ४६८६ मिति २०६१।९।१० को पत्रले कि.नं. ६९ दोहोरो रोक्का नराखिएको भनी महोत्तरी जिल्ला अदालतमा पठाएको हुँदा फुकुवा भएको" भन्ने व्यहोरा जनाई फुकुवा लेखेको । यसरी दोहोरो रोक्का नराखिएको भनी मालपोत कार्यालयले कृषि विकास बैंक, धनुषालाई २०६१।११।१४ मा पठाएको पत्रमा निज विष्णुप्रसाद र मालपोत अधिकृत सोमप्रसाद भट्टराईको दस्तखत भएको । यसरी दोहोरो रोक्का रहेको जग्गा दोहोरो रोक्का छैन भनी कृषि विकास बैंकको पत्रानुसार फुकुवा जनाइएको उक्त जग्गा रोक्का फुकुवा भएकै दिन मालपोत कार्यालय, धनुषाको र.नं. ४९८२ बाट संगितादेविको नामबाट सुशिलादेविको नाममा राजिनामा पारित भएको । यसरी जग्गा राजिनामा पारित भए पश्चात उक्त जग्गा रोक्का रहेकै अवस्थामा राजिनामा पारित हुन गएको ठानी मालपोत कार्यालय, धनुषाले मालपोत ऐन, २०३४ को दफा ८ (ख) (१) को आधार लिई मिति २०६१।११।२६ मा रोक्का राखेको । यसरी रोक्का राखिएको निर्णयका विरुद्धमा राजिनामा पारित गरिलिने सुशिलादेवी साहले पुनरावेदन अदालत, जनकपुरमा पुनरावेदन गरेकीमा पुनरावेदन अदालतबाट मालपोत कार्यालयको रोक्का राख्ने उक्त आदेशलाई बदर गरी निज पुनरावेदिकालाई सुनुवाईको मौका दिई रोक्का राख्न मिल्ने नमिल्ने निर्णय गर्नु भनी आदेश भएको । यसै सन्दर्भमा राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, जनकपुरको नाउँमा रोक्का रहेकै अवस्थामा उक्त जग्गा राजिनामा पारित भै गएको भनी मालपोत कार्यालय, धनुषा समेतलाई प्रतिवादी बनाई राष्ट्रिय बाणिज्य बैंकले धनुषा जिल्ला अदालतमा लिखत बदर, रोक्का कायम र जालसाजी मुद्धा दायर गरेको । उक्त मुद्धाहरु विचाराधिन रहेको । अर्को तर्फ, वादी राधा रमण र राजिनामा पारित हुनुभन्दा अघिकी जग्गा धनी संगितादेविका पति विन्देश्वर साह प्रतिवादी भएको लेनदेन मुद्धामा महोत्तरी जिल्ला अदालतबाट उक्त जग्गा रोक्का राखिएकोमा उक्त जिल्ला अदालतबाट मिति २०६१।१२।८ मा वादीले प्रतिवादीबाट साँवा व्याज भरी पाउने ठहरी फैसला भैसकेको अवस्था देखियो । उपरोक्त तथ्यहरुको पृष्ठभूमिमा हेर्दा जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा २६८ र जग्गा प्रशासन कार्यविधि, २०६० को दफा ४.११ (क) बमोजिम दोहोरो रोक्का राख्न नमिल्नेमा दोहोरो रोक्का राख्ने र त्यसरी दोहोरो रोक्का राखी सकेको अवस्थामा दोहोरो रोक्का छैन भनी कृषि विकास बैंकको पत्रानुसार जग्गा फुकुवा गरी राजिनामा पारित गराउन मद्धत पुऱ्याउने काममा संलग्न कर्मचारीहरुले अनुचित कार्य गरेका हुन होइनन भनी हेर्नु पर्ने देखिन्छ । यसमा जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा २६८ र जग्गा प्रशासन कार्यविधि, २०६० को दफा ४.११ (क) विपरित फाँटवाला खरिदार उदयशंकर गिरीले दोहोरो रोक्का राखेको देखिएकोले निजले कानुन विपरित कार्य गरी अनुचित कार्य गरेको देखिन्छ । त्यसैगरी दोहोरो रोक्का रहिरहेको अवस्था हुँदा हुँदै दोहोरो रोक्का छैन भनी कृषि विकास बैंकको पत्रानुसार रोक्का फुकुवा जनाउने र दोहोरो रोक्का छैन भन्ने पत्र लेख्ने फाँटवाला विष्णु प्रसाद खतिवडाले पनि कानुन विपरित कार्य गरी अनुचित कार्य गरेको देखिन आयो । दोहोरो रोक्का रहेको जग्गा दोहोरा रोक्का छैन भनी पत्र लेख्ने फाँटवालाले ल्याएको पत्रमा पुऱ्याउनु पर्ने जति सावधानी नअपनाई हस्ताक्षर गर्ने मालपोत अधिकृत

सोमप्रसाद भट्टराई कानुनतः दोषी नभई असावधान सम्म रहेको देखिन्छ । अनुचित कार्यमा संलग्न कर्मचारीहरुलाई प्रस्ताव गर्नु पर्ने सजायको सम्बन्धमा खरिदार उदयशंकर गिरीलाई दोहोरो रोक्का राख्नु नपर्नेमा दोहोरो रोक्का राखेको र विष्णुप्रसाद खतिवडालाई दोहोरो रोक्का जनिएको जग्गा दोहोरो रोक्का छैन भनी पत्र लेख्ने र कृषि विकास बैंकको पत्रको आधारमा मात्र फुकुवा जनाएको भन्ने आरोपमा भूमिसुधार तथा व्यवस्थापन विभागबाट विभागीय कारवाही भै क्रमशः ५ तलब बृद्धि रोक्का राखेको र चेतावनी दिइएको अवस्था हुँदा केही गरिरहनु परेन । लिखत बदर, रोक्का कायम र जालसाजी मुद्धा अदालतमा विचाराधिन रहेको र यस विषयमा अदालतबाट नै टुङ्गो लाग्ने विषय हुँदा प्रस्तुत उजुरीलाई आयोगको २०६४।६।१४ को निर्णयानुसार तामेलीमा राखिएको ।

२३. यस आयोगमा परेको जनकपुर चुरोट कारखाना लि. मा वरिष्ठ सहायक पदमा प्रवेश गर्दा (हाल अधिकृत छैठौं तहका) दीपक खातीले पेश गरेको बिहार विश्वविद्यालय (हाल बाबा साहेब भिमराव अम्बेदकर बिहार विश्वविद्यालय) मुजफ्फरपुरको सन्. १९८० को इन्टरमिडिएट प्रमाणपत्रको सम्बन्धमा उक्त विश्वविद्यालयले 'रेकर्ड नभेटिएको' भनी कारखानालाई पत्र लेखेपश्चात कारखानाले आवश्यक कारबाहीको लागि यस आयोगमा निजको प्रमाणपत्र पठाएको देखियो । आयोगको २०६४।२।२० को निर्णयानुसार त्रि.वि. मार्फत पुनः प्रमाणीकरणको लागि पठाउँदा, त्रि.वि. शिक्षाध्यक्षको कार्यालयको प.सं.च.नं. ३०१ मिति २०६४।७।१२ को पत्रसाथ प्राप्त बि.आर. अम्बेदकर बिहार विश्वविद्यालयको रेफर नं.सी.१००२ मिति २१ सेप्टेम्बर २००७ को कागजात हेर्दा निज दीपक खातीको बारेमा 'इन्टरमेडिएट परीक्षा, रोल नं. २१८०८, पास गरेको वर्ष सेप्टे.८०, कुल अंक ४५६, द्वितीय श्रेणी, दीपक खातीको प्रमाणपत्र र डिग्री भिडाई हेर्दा सत्य पाइयो' भनी उल्लेख भएको देखिएकोले प्रस्तुत उजुरीलाई आयोगको २०६४।७।२६ को निर्णयानुसार तामेलीमा राखिएको ।

२४. जिल्ला वन कार्यालय, दैलेखका रेन्जर अभिमन्यु के.सी.ले कार्यालय र क्याम्पस दुवै तर्फ हाजिर गरी अनियमितता गरे भन्ने विषयको उजुरी उपर अनुसन्धान गर्दा निज के.सी. मिति २०६३।२।२३ देखि सरकारी सेवामा प्रवेश गरेको, तर निज सरकारी सेवामा प्रवेश गर्नु अघिदेखि नै २०६० सालदेखि ४ वर्षे कोर्षको बि.एस्सी. फरेस्ट्री तहमा वन विज्ञान अध्ययन संस्थान, पोखरामा अध्ययनरत रहेको देखियो । निज सरकारी सेवामा प्रवेश गरेपछि हालसम्म सेमिस्टर परीक्षामा अनुपस्थित रहेको समेत पाइयो । निज आफ्नो कार्यालयबाट बिदा लिएर क्याम्पसको पाठ्यक्रम अनुसारको शैक्षिक अध्ययन भ्रमणमा दुई पटक सामेल भएको र निजले हालसम्म अध्ययनको लागि विभागीय स्वीकृति नलिएको देखिए तापनि निजले सेवा प्रवेशपछिको अवधिमा क्याम्पसमा हाजिर नभएको, अध्ययन नगरेको र नियमित परीक्षा समेत नदिनुका साथै आफ्नो बाँकी अध्ययन विभागीय सहमति लिएर पूरा गर्नेछु भनी आयोग समक्ष बयान दिएको हुँदा प्रस्तुत उजुरीलाई आयोगको २०६४।७।२६ को निर्णयानुसार तामेलीमा राखिएको ।

२५. जिल्ला सिंचाई कार्यालय, उदयपुरका कार्यालय प्रमुख समेतले आ.ब.०५३।५४ मा रिस्कु सिंचाई आयोजनाको रिटेनिङ्ग वाल वनाउने कार्य तिम्सिना निर्माण सेवा रुपाटार -१ उदयपुरका प्रो. प्रेम प्रसाद तिम्सिनाले कुनै काम नगरेको भएतापनि निजको मन्जुरनामा विना निजको फर्मबाट काम गरेको देखाई कीर्ते र झुट्ठा विवरण तयार गरी सरकारी रकम दुरुपयोग गरेको भन्ने विषयको उजुरी उपर अनुसन्धान गर्दा सो आयोजनाको स्थलगत निरिक्षण गरी गाईघाट दिक्तेल सडक आयोजनाको इन्जिनियर सुरेन्द्र झा समेतले चेनेज नं. १ ˙ ३५९ देखि १ ˙ ५०० कि.मी. सम्मको विचमा तावा नदीको लेफ्ट वैंकको छेउमा RR Masonary को रिटेनिङ वाल बनाई सो माथि RR

Masonary को प्यारापेट वनाई पक्की कुलो निर्माण गरी उक्त कुलो संचालनमा रहेको भनी मिति २०५९।१०।९ मा प्रतिवेदन दिएको । जिल्ला प्रशासन कार्यालय उदयपुरका ना.सु. डम्भर बल्लभ गडतौलाले मिति २०५९।१०।१२ मा पेश गरेको जिल्ला उदयपुर रिस्कु गा.वि.स. वडा नं. ४ बस्ने पदम बहादुर बस्नेत समेतको सर्जमिन मुचुल्कामा सो आयोजनाको रिटेनिङ्ग वाल चे.नं. १ ं ५००, चे.नं. १ ं ३९९ का वालहरु आ.ब. ०५३।५४ को वैशाख देखि शुरु भई आषाढ मसान्त भित्रमा सकिएको, ठेकेदारले वनाएको, ठे. प्रेम प्रसाद तिम्सिनालाई सो काम आधा भए पछि त्यहाँ आएको देखेको भनी उल्लेख भएको देखिन आएको हुँदा काम नै नगरी नक्कली विल वनाई भुक्तानी दिएको भन्ने जाहेरवालाको जिकिर दावी पुष्टी हुन आएन । सो आयोजनाको श्रेस्तामा भएका सही छाप नक्कली भन्ने जाहेरवालाको मागमा निज प्रो. प्रेम प्रसाद तिम्सिनाले धरौटी फिर्ता माग आफैंले गरेको समेत कागजातबाट देखिएको हुँदा निजले यस अघि देखि माग दावी लिएका विषयहरु निजकै निवेदनबाट खण्डित भएको र साथै स्थानीय व्यक्ति पदम बहादुर वस्नेत समेतले निजलाई योजना स्थलमा काम भएको समयमा देखेको भनी सर्जमिन मुचुल्का गरिदिएको देखिंदा निजको सहमती वा निजले थाहा नै नपाई काम गरेको भन्न सक्ने अवस्था देखिन आएन । साथै राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको मिति २०५५।८।२९ को प्रतिवेदनको बुँदा नं. ४ मा वि(२), वि(४), वि(६), वि(८), वि(१०), वि(१२), वि(१४) वि(१६), वि(१८), वि(२०), वि(२२) र वि (२४) संग नं.(११) र नं.(१५) का छापहरु एक आपसमा मिल्दछ भनी उल्लेख भएको छ । यसरी रिस्कु सिंचाई आयोजनाका श्रेस्ताहरुमा लगाइएका छापहरु र सुख्खा सुन्दरी सिंचाई योजनाको श्रेस्तामा लगाइएका छापहरु एक आपसमा मिलेको देखिएको, सोही प्रतिवेदनको बुदा नं. (५) मा निज प्रेम प्रसाद तिम्सिनाको एक आपसमै विभिन्न तरिकाको दस्तखत पाइएकोले विवादित दस्तखतहरु र नमूना दस्तखतहरु फरक पाइएता पनि विवादित दस्तखतहरु निज प्रेम प्रसाद तिम्सिनाको हो वा होइन भन्न नसकिने उल्लेख भएको हुँदा विवादित दस्तखत र छापहरु कसले गरेका हुन भनी प्रष्ट हुन आएन । तसर्थ यसमा ई. सुरेन्द्र झा समेतको प्राविधिक प्रतिवेदन र स्थानीय व्यक्ति पदम बहादुर वस्नेत समेतको सर्जमिन मुचुल्काबाट सो आयोजनाको कामै नगरी नक्कली विल वनाई भुक्तानी लिएको भन्ने पुष्टी हुन नआएको, निज प्रो. प्रेम प्रसाद तिम्सिना स्वयम्ले धरौटी फिर्ता माग गरेको तथा राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको प्रतिवेदनबाट विवादित दस्तखतहरुबारे टुङ्गो लाग्न नसकेको तथा सुख्खा सुन्दरी सिंचाई आयोजना र रिस्कु सिंचाई आयोजनाको श्रेस्ताहरुमा एक आपसमा मिल्दो छाप प्रयोग भएको उल्लेख भएको, साथै निज ठेकेदार र कार्यालय विच एक आपसमा विवाद हुन गई उजूरी परेको देखिन आएको तथा सो बाट सरकारलाई केही हानी नोक्सानी भएको देखिन नआएको हुँदा प्रस्तुत उजुरीलाई आयोगको २०६४।८।१९ को निर्णयानुसार तामेलीमा राखिएको ।

२६. जिल्ला जनस्वास्थ्य कार्यालय, काभ्रेको भवन निर्माणमा कम गुणस्तरको सामाग्री प्रयोग गरी भ्रष्टाचार गरे भन्ने विषयको उजुरी निवेदन उपर यस आयोगबाट अनुसन्धान हुँदा उक्त भवन निर्माणमा M15 ग्रेडको कँकिट प्रयोग गरिएको र उक्त ग्रेड राष्ट्रिय भवन संहिता अनुरुप देखिएको तथा उक्त कुरा इष्टिमेटमा भएको एवं सोही अनुरुप भुक्तानी गरिएको । आर.सी.सी. टेष्ट गरेको पाइएको र भवनमा प्रयोग भएका एलुमुनियम ढोका र झ्यालहरु स्पेशिफिकेशन बमोजिम भएको देखिएको । स-साना मार्वलहरु प्रयोग भएको भन्ने सम्बन्धमा सबै मार्वलको एउटै रेट भएको तथा उक्त साना मार्वलहरु बुट्टा प्रयोजनको लागि मात्र प्रयोग भएको देखिएको र हाल उक्त निर्माणाधिन भवनमा जिल्ला जनस्वास्थ्य कार्यालय, काभ्रे बसिसकेको परिप्रेक्ष्यमा उपरोक्त भवन निर्माणमा

अनियमितता भएको नदेखिएको हुनाले प्रस्तुत उजुरीलाई आयोगको २०६४।८।२५ को निर्णयानुसार तामेलीमा राखिएको ।

२७. "नापी शाखा, दमकका अमिन परमेश्वर प्रसाद यादवले कीर्ते फायल नक्शा खडा गरी साविक दमक ६ (क) कि. न. १७७८६ को जग्गा विगाहा ०-०-१२ लाई जग्गा विगाहा ०-२-२ गराई मालपोत कार्यालय दमकबाट निर्णय समेत गराएको" भन्ने उजुरी उपर अनुसन्धान हुँदा जिल्ला झापा साविक दमक ६(क) सर्भे नापीमा कायम भएको कि.नं.३०० कित्ता काट हुँदा कायम भएको जयनारायण ढुङ्गेलको नामको कि.नं.१७७८६ को ज.वि.०-०-१२ लाई तत्कालिन नापी शाखा दमकका अमिन परमेश्वर प्रसाद यादवले कीर्ते फायल नक्शा खडा गरी ज.वि.०-१-१० जग्गा नरबढी गराई जम्मा क्षेत्रफल ज.वि.०-२-२ कायम गराई मालपोत कार्यालय दमकबाट निर्णय समेत गराएको देखिन्छ । उक्त विषयमा नापी गोश्वारा चन्द्रगढी झापाबाट प्राप्त प्राविधिक प्रतिवेदन र नापी शाखा दमकको राय प्रतिक्रिया अनुसार पहिलो पटक फायल नक्शा तयार भई नापी अधिकृतबाट प्रमाणित भइसकेपछि पुनः सोही कित्ताको नरघटी बढी फायल नक्शा तयार गर्न नहुने प्राविधन भएको एवं उक्त नक्शामा नरबढी गर्न नमिल्ने भन्ने ब्यहोराको प्राविधिक प्रतिवेदन तथा प्रतिक्रिया देखिन्छ । निज अमिनले अनियमित कार्य गरेको देखिएको हुँदा यसै नरबढी गरेको विषयमा नापी विभागबाट मिति २०६३।१२।१ को निर्णयानुसार निजलाई दुई तलब वृद्धि रोक्का गर्ने विभागीय कारवाही भैसकेको देखिदा यसमा निजलाई केही गरिरहनु परेन । नरबढी गर्न नमिल्ने जग्गा नरबढी गराएको हुँदा जिल्ला झापा साविक दमक ६(क) हाल कायम भएको जयनारायण ढुङ्गेलको नामको कि.नं.१७७८६ को ज.वि.०-०-१२ लाई ज.वि. ०-२-२ कायम गराएको हुँदा उक्त क्षेत्रफललाई पूर्ववत अवस्थामा ज.वि. ०-०-१२ कायम गराई सच्याउनु भनी मालपोत कार्यालय दमक र नापी शाखा दमकलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ ख बमोजिम लेखि पठाई हाललाई प्रस्तुत मुद्दाको लगत कट्टा गरी मिसिल तामेलीमा राख्ने । यस अतिरिक्त यस आयोगमा मिति २०६४।५।३ मा प्राप्त उजुरीका सम्बन्धमा मालपोत कार्यालय, दमकबाट र.नं.१९५ मिति २०६४।४।१५ मा मोल रु.७५,०००।- राखी लिखत पास भएको । सोही जग्गा र.नं.३००१ मिति २०६०।१२।५ मा जग्गाको मोल रु.९०,०००।- मा लिखत पास भैसकेको हुँदा राजश्व चुहावट गरेको भन्ने उजुरी एवं उक्त विषयमा मालपोत कार्यालय दमकबाट प्राप्त राय प्रतिक्रियामा उक्त जग्गाको न्यूनतम मूल्यांकन रु.७५,०००।- भई न्यूनत्तम मूल्यांकन भित्र पारित हुन सक्ने नै हुँदा राजश्व चुहावट भएको नदेखिँदा केही गरिरहनु परेन । तसर्थ प्रस्तुत उजुरी आयोगको २०६४।९।५ को निर्णयानुसार तामेलीमा राखिएको ।

२८. नेपाल विद्युत प्राधिकरणवाट मिति २०६४।५।१ गते लिएको विज्ञापन नम्बर २०६२।०६३ प्र.६/आ.प्र.१६ को सहायक लेखा अधिकृत पदको अन्तर्वार्तामा व्यापक अनियमितता भयो भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा उजुरीमा आरोपित कुवेर वहादुर पुडासैनी मिति २०४६।८।२९ देखि लेखासमूह सहायक स्तर स्थायी दरवन्दीमा कार्यरत रहेको, निजले २०४५।६।१७ मा मानविकि तथा समाज शास्त्र संकाय तर्फ त्रि.वि.वि.वाट अर्थशास्त्र र इतिहास विषय लिई प्रविणता प्रमाणपत्र तह उतीर्ण गरेको, नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा विनियमावली, २०६२ को खण्ड (ग) (२)(६) अनुसार मिति २०५४।१०।३ भन्दा अघि प्रशासन सेवा, लेखा समूहमा कार्यरत स्थायी कर्मचारीको हकमा निजले उक्त मिति भन्दा अघि जुनसुकै विषयमा शैक्षिक उपाधि प्राप्त गरेको भएपनि यसै विनियमावली वमोजिमको न्यूनतम र अतिरिक्त शैक्षिक योग्यता मानि अंक दिइने व्यवस्था भएको

पाईएवाट उजुरकर्ताको उजुरी दावी पुष्टि हुन सकेन । तसर्थ प्रस्तुत उजुरी आयोगको २०६४।९।२५ को निर्णयानुसार तामेलीमा राखिएको ।

२९. परराष्ट्र मन्त्रालय अन्तर्गत कतारको दोहा स्थित नेपाली राजदूतावासमा तत्कालीन अवस्थामा द्वितीय/प्रथम सचिव पदमा कार्यरत राजेन्द्र पाण्डेले मेनपावर एजेन्सीहरुलाई डर धाक देखाई गैरकानूनी रुपमा रकम असूल गरेकाले कारवाही गरी पाऊँ भन्ने उजूरीको सम्वन्धमा अनुसन्धान गर्दा निज राजेन्द्र पाण्डेले आयोगमा पेश गरेको ब्यक्तिगत बिवरण एवं बयान समेत अध्ययन गर्दा उजूरीमा उल्लेख गरिएका आरोप पुष्टी हुने आधार नदेखिएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९(१२) अन्तर्गत प्रस्तुत उजुरी आयोगको २०६४।९।२९ को निर्णयानुसार तामेलीमा राखि सो को जानकारी परराष्ट्र मन्त्रालयलाई दिईएको ।

३०. पोखरा उप-महानगरपालिका वडा नं. १० कि.नं. १२६ क्षेत्रफल १-११-३-१/२ र कि.नं. १२७ क्षेत्रफल ४-३-१/२ जग्गा क्रमश ०३२।३।१० र ०३३।१०।१५ मा खरिद विक्रि भै मिति ०३७।११।१६ मा मालपोत कार्यालय, कास्की, पोखराको निर्णयानुसार विष्णु कुमार गोसेलीका नाउँमा दा.खा. दर्ता भएको र उजुरवाला अम्विका थापाले विष्णु कुमार गोसेली समेत उपर कास्की जिल्ला अदालतमा जग्गा खिचोलामा मुद्दा दायर गरी उक्त मुद्दा का.जि.अदालतबाट ०४९।२।२७ मा फिराद खारेज हुने गरी भएको फैसला पुनरावेदन अदालत पोखरा कास्कीबाट ०५०।५।१५ मा सदर भै अन्तिम भई वसेको समेत देखिएकोले प्रस्तुत उजुरी आयोगको २०६४।१०।१३ को निर्णयानुसार तामेलीमा राखिएको ।

३१. ठेचो गा.वि.स.का सचिवले गैरकानूनी रकम लिएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा सिभिल सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लि. काठमाडौं, कलंकी अन्तर्गतको सिभिल होम्स प्रोजेक्टका घरहरु ललितपुर जिल्ला ठेचो गा.वि.स. क्षेत्रभित्र बनाउने सिलसिलामा घर निर्माण (घरको नक्सा) स्वीकृति सम्बन्धित गा.वि.स. बाट लिने क्रममा ठेचो गा.वि.स.का तत्कालीन सचिवबाट प्रति घर रु. ५०००।- का दरले सहयोग दिन संस्थाका अध्यक्षलाई सम्बोधन गरी लेखेको मिति २०६३।८।६ को निवेदनमा अध्यक्षले तोक लगाई स्वीकृति दिएको र सोही मितिमा खर्चको भौचर उठाई ठेचो गा.वि.स.लाई प्रशासकीय अधिकृत पृथीबहादुर बस्नेत माफर्त सहयोग भन्ने व्यहोरा लेखी सो भौचर केशवलाल श्रेष्ठले प्रमाणित गरेको तर रकम बुझिलिनेमा कसैको दस्तखत नभएको देखियो । रकम आफूले नलिएको, कसले लिएको हो आफूलाई थाहा नभएको भनी संस्थाका तत्कालीन प्रशासकीय अधिकृत पृथीबहादुर बस्नेतले र नियमानुसार लाग्ने दस्तुर बाहेक अरु रकम माग नगरेको, नलिएको भनी ठेचो गा.वि.स. का तत्कालीन सचिव अर्जुनकुमार खड्काले आयोग समक्ष बयान दिएको पाइयो । गा.वि.स.लाई सहयोग दिने भनी उल्लेखित सहकारी संस्थाबाट रु. ६५०००।- खर्च जनाइएको तर गा.वि.स.खातामा पनि जम्मा भएको नपाइएको र अन्य व्यक्तिले लिएको ठोस सबुत प्रमाण पनि पेश हुन नसकेको अवस्थामा प्रोजेक्ट मेनेजर केशवलाल श्रेष्ठले सो को नैतिक जिम्मेवारी लिई उक्त रकम रु. ६५,०००।- संस्थामा बुझाउनु भएको खुल्न आएकोले यो विषयमा कोही कसै उपर कारबाही गर्नुपर्ने देखिएन । सार्वजनिक जग्गा सिभिल होम्सले मिचेको भन्ने विषयमा जिल्ला प्रशासन कार्यालय ललितपुरमा उजुरी परी सो कार्यालयले कारबाही गरिरहेको भन्ने बुझिएकोले प्रस्तुत उजुरी आयोगको २०६४।१०।१३ को निर्णयानुसार तामेलीमा राखिएको ।

३२. मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, हेटौंडाले आ.व. २०६३।६४ मा विभिन्न स्वास्थ्य शिविर सञ्चालनका लागि औषधि तथा उपकरणहरु खरिद गर्दा ऐन नियमावली विपरीत कार्य गरी

भ्रष्टाचार गरे भन्ने उजुरी उपर अनुसन्धान हुँदा मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, हेटौंडाले कानून बमोजिम बोलपत्र माग गरी प्राप्त हुन आएका बोलपत्रहरुमध्ये सबैभन्दा कम दर उल्लेख गर्ने फर्महरु जुनतारा फर्मास्युटिकल, काठमाडौं र कृष्णा इन्टरनेसनल, नेपालगन्जको बोलपत्र स्विकृत गरेको देखियो । स्वास्थ्य उपकरण आपूर्ति गर्ने गरी बोलपत्र स्विकृत भएको फर्म जुनतारा फर्मास्युटिकल काठमाडौंले आर्थिक प्रशासन नियमावली, २०५६ बमोजिम सप्लाई गर्न चाहेको वस्तुको आफूले कबोल गरेको रकमको २.५ प्रतिशत रकम नै बिडबन्ड राखेको पाइयो । त्यस्तै बोलपत्रको प्रक्रियाबाट औषधि सप्लाई गर्ने गरी कार्य जिम्मा लिएको कृष्णा इन्टरनेसनल, नेपालगन्जले सम्झौता बमोजिम कार्यालयमा औषधि बुझाउँदा बोलपत्रको शर्तमा लेखिए बमोजिम साधारण औषधिको हकमा १८ महिना र एन्टिवायोटिक औषधिको हकमा २ वर्षभन्दा पछि एक्सपायर डेट भएका औषधि नै बुझाएको कागजातबाट देखियो भने खरिद भई स्वास्थ्य शिविरमा उपयोग नभई बाँकी रहेका औषधी तथा उपकरणहरु तत्तत् जिल्ला जनस्वास्थ्य कार्यालयहरुमा हस्तान्तरण गरिएको पाइएकोले प्रस्तुत उजुरी आयोगको २०६४।१०।२४ को निर्णयानुसार तामेलीमा राखिएको ।

३३. जिल्ला कृषि विकास कार्यालय, तेह्रथुमका बरिष्ठ कृषि विकास अधिकृत रुकमणी रमण ठाकुरले गोष्ठी संचालनको लागि पेश्की लिई गोष्ठी नै संचालन नगरी नक्कली बिल भरपाईहरु पेश गरी पेश्की फछ्यौंट गरी भ्रष्टाचार गरेको भन्ने बिषयको उजूरी माथि अनुसन्धान हुँदा कृषि विभागबाट भएको छानविन प्रतिवेदनबाट जिल्ला कृषि विकास कार्यालय, तेह्रथुममा अनियमितता तथा भ्रष्टाचार गरेको भनी उल्लेख भएको कुराहरुको हकमा आवश्यक कारवाहीको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउने र विभागीय कारवाही गर्नुपर्ने कुरामा विभागीय राय लिने भन्ने उल्लेख गरेको देखियो । यस बिषयमा अनूचित कार्य र भ्रष्टाचार गरेको नदेखिएकोले तत्कालीन जिल्ला कृषि विकास कार्यालय, तेह्रथुमका बरिष्ठ कृषि विकास अधिकृत रुक्मणी रमण ठाकुर र सोही कार्यालयका तत्कालीन स्टोर किपर गणेश आचार्य उपरको उजुरी आयोगको २०६४।११।६ को निर्णयानुसार तामेलीमा राखिएको ।

३४. नुवाकोट जिल्लाको भद्रुटार, थानापति र कविलास गा.वि.स.का अध्यक्षहरु क्रमशः यामवहादुर थापा, वद्री कुमार पाठक तथा गणेश प्रसाद मिश्र समेतले टि.सि.एन.वाट गा.वि.स.को विकास निर्माणको लागि सहुलियत दरमा काठ निकाली भ्रष्टाचार गरे भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा भद्रुटार, थानापति र कविलास गा.वि.स.को विकास कार्यको लागि जिल्ला प्रशासन कार्यालय, नुवाकोट र जिल्ला विकास समिति, नुवाकोटवाट काठ उपलव्ध गराईदिन लेखिएको सिफारिस पत्रमा आवश्यक मूल्य लिई काठ उपलव्ध गराईदिनु भनी उल्लेख भएकोले सहुलियत दरमा टिम्बर कर्पोरेशनवाट काठ लिई टिम्बर कर्पोरेशनलाई घाटा र व्यक्तिलाई फाइदा पुगेको भन्न सकिने अवस्था देखिदैन । गा.वि.स.को विकास निर्माणको लागि काठ उपलव्ध गराउने सम्वन्धमा आपूर्ति मन्त्रीको कार्यकक्षमा मिति २०४९।३।३० गते वसेको वैठकको निर्णयमा सहुलियत दरमा उपलव्ध गराउने भनी उल्लेख नभएको देखियो । यस प्रकार सहुलियत दरमा काठ ल्याइएको भन्ने कुराको पुष्टि हुने देखिएन । गा.वि.स.वाट काठ खरिदको लागि पठाइएको रकमको सम्वन्धमा गा.वि.स.ले त्यस्तो कुन स्रोतवाट सो रकम पठायो र गा.वि.स.को तत्काल खाता संचालनको सम्वन्धमा कुनै पनि रेकर्ड गा.वि.स.मा फेला नपरेकोले गा.वि.स. अध्यक्षहरुले भ्रष्टाचार गरे भनी प्रमाण पुग्ने अवस्था नदेखिंदा प्रस्तुत उजुरी आयोगको २०६४।११।१० को निर्णयानुसार तामेलीमा राखि सो को जानकारी जि.प्र.का. नुवाकोटलाई दिईएको ।

३५. **"कोशी टप्पु वन्यजन्तु आरक्ष विस्तार गर्दा अधिग्रहणमा परेको जग्गा सट्टा भर्ना दिंदा अनियमितता गरेको"** भन्ने बिषयमा अनुसन्धान गर्दा कोशी टप्पु वन्यजन्तु आरक्ष घोषणा गर्दा अधिग्रहण गरिएको जग्गाको सट्टा भर्ना दिंदा मोरङ्ग जिल्लाको इन्द्रपुर गा.वि.स.अन्तर्गत पर्ने वन क्षेत्रबाट १४० बिघा छुट्टयाइएको र स्थानीय जनताहरुले सो जग्गा सामुदायीक वन क्षेत्रमा पर्ने भनी सर्वोच्च अदालतमा मुद्दा बिचराधीन हुंदै तत्कालीन श्री ५ को सरकारले मिति २०५८/६/२५ मा नन्दन कुमार दत्तको अध्यक्षतामा एक समिति गठन गरी जग्गा बितरण शुरु गरी काठमाडौंमा वस्नेहरुलाई प्राथमिकता दिई रु.३०/४० लाख भ्रष्टाचार गरेको भन्ने समेतका उजुरीमा छानविन अनुसन्धान गर्दा तत्कालीन श्री ५ को सरकार (म.प.) को मिति २०५५/९/६ को निर्णयको प्रस्तावित लागतको सि.नं.६८ मा "पूर्व समितिहरुबाट २०३४ साल देखि २०४३ सालसम्म बितरण भएको परिवार मध्ये १४ परिवारको ज.वि.सट्टाभर्ना दिन बाँकी रहेको भनी सुकुम्वासी समस्या समाधान आयोग मोरङ्गबाट लेखी आए अनुसार जग्गा पाउने" भनी तोकिएको र कोशी अंचलाधीशको कार्यालय, मोरङ्गले उपलब्ध गराएको परिचयपत्रहरुका साथै सुनसरी जिल्ला मधुवन गा.वि.स.वडा नं.७ वस्ने कर्ण कुमारी कार्की समेत १४ परिवारको ५३-१७-४ बिघा जग्गा कोशी टप्पु वन्यजन्तु आरक्ष विस्तारमा परेको भनी लेखेको पत्र तथा कोशी टप्पु वन्यजन्तु आरक्षको कार्यालयले मुआब्जा पाउने व्यक्तिहरुको नामावली तथा जग्गाको क्षेत्रफल र रकम उल्लेखित लागतमा १४ परिवारले पाउनु पर्ने ५३-१७-४ बिघा जग्गाको प्रति बिघा रु. २,५०,०००।- (दुई लाख पचास हजार) का दरले रु. १,३४,६५,००।- (एक करोड पैंतिस लाख पैंसठ्ठी हजार) उल्लेख गरी सम्बन्धित मन्त्रालयमा सिफारिस गरी पठाएको हुंदा कर्ण कुमारी कार्की लगायत १४ परिवारले सट्टाभर्ना जग्गा पाएको कार्य कानून सम्मत देखियो । उल्लेखित १४ परिवार मध्ये अन्य १३ परिवारले मिति २०५२ पौष ११ गते घरसारको लिखतबाट आफ्नो हक मधुवन गा.वि.स.वडा नं.७ वस्ने कर्ण कुमारी कार्कीलाई हस्तान्तरण गरेको कार्यलाई पुनरावेदन अदालत, बिराटनगरले मिति २०५६ चैत्र २२ गते दे.पु.नं.१०८०, निर्णय नं.७६ बाट ***"तत्कालीन कोशी अंचलाधीशको अध्यक्षतामा वसेको समितिको मिति २०३४/१२/७ को निर्णयले रजिष्ट्रेशन पारित नभएको लिखत अनुसारको जग्गा किन्ने व्यक्तिकै नाममा सट्टाभर्ना परिचयपत्र बितरण गरिदिने भनी लिखतलाई मान्यता दिएकाले किन्नेले जहिलेसुकै पनि दाखिल खारेज गरी किन्नेको नाममा नामसारी हुने"*** भन्ने फैसला गरेको र सो फैसलालाई सर्वोच्च अदालतको मिति २०६० पौष १७ गतेको फैसलाले समेत मान्यता दिएको हुंदा भ्रष्टाचार गरी एकै परिवारको नाममा अन्य १३ परिवारको जग्गा सट्टाभर्ना दिएको भन्ने एवं काठमाडौं बस्ने व्यक्तिहरुसंग रु. ७५ हजारका दरले र अन्य रुपैंया बुझाउन नसक्ने ब्यक्तिहरुबाट २ कठ्ठा जग्गा अध्यक्ष नन्दन कुमार दत्तले लिने गरेको भन्ने उजुरीमा उल्लेखित कुराहरु अनुसन्धानको सिलसिलामा संकलित कागजातबाट पुष्टि हुन नआएकाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम हुने गरी हाललाई प्रस्तुत उजुरी आयोगको २०६४।११।२६ को निर्णयानुसार तामेलीमा राखिएको ।

३६. "राष्ट्रिय खेलकूद परिषद्ले नेपाल जुडो संघलाई दिएको अनुदान रकमको आ.व.०५९/६०, ०६०/६१ र ०६१/६२ को लेखा परिक्षण प्रतिवेदन पेश नगरी रकमको हिनामिना गरेको" भन्ने बिषयको उजूरी माथि अनुसन्धान हुँदा राष्ट्रिय खेलकूद परिषद्ले नेपाल जुडो संघलाई दिएको अनुदान रकमको आ.व.०५९/६०, ०६०/६१ र ०६१/६२ को लेखा परिक्षण प्रतिवेदन पेश नगरी रकमको हिनामिना गरेको तथा तत्कालीन कोषाध्यक्ष महेन्द्र सुवेदीले भारतमा संचालित राजीव गान्धी जुडो प्रतियोगितामा जाँदा पेश्की स्वरुप लिएको रु. ५० हजार विना विल भरपाई खर्च गरेको

एवं संघको कम्प्यूटर समेत लगेको भन्ने उजूरीका सम्बन्धमा राष्ट्रिय खेलकूद परिषदले नेपाल जुडो संघका तत्कालीन कोषाध्यक्ष श्री महेन्द्र कुमार सुवेदीले साउथ एशिया जुडो च्याम्पियनसिप २००५ मा सहभागी खर्च मध्ये रु.१६,०००।-, राजीव गान्धी जुडो प्रतियोगीतामा सहभागीताको रु. ५०,०००।-, कतारको दोहामा भएको पाँचौ एसियन जुनियर जुडो च्याम्पिएनमा सहभागीताका लागि संघका सदस्य ऋषीराम प्रधानबाट प्राप्त रु. १,८०,०००।- समेतको विल भरपाई एवं नेपाल जुडो संघको कम्प्यूटर संघमा नै बुझाएको विल भरपाई समेत बुझाई सोको लेखा परिक्षणको लागि नेपाल जुडो संघमा पठाएकोमा नेपाल जुडो संघबाट आ.व.०५९/६०, ०६०/६१ र ०६१/६२ को लेखा परिक्षण प्रतिवेदन समेत आयोगमा उपलब्ध गराएको देखियो । त्यसैगरी नेपाल जुडो संघका तत्कालीन कोषाध्यक्ष महेन्द्र कुमार सुवेदीले आयोग समक्ष गरेको वयानमा आफूले आर्थिक व्यवस्थामा आएका हरेक हिसाव संघको बैंक खातामा जम्मा गरी बद्नियत नगर्न पहल गरेको, आफ्नो कार्यकालमा लिएको रकमको पेश्की फछर्योट गर्न छुट भएमा त्यसको निम्ती आफू तयार भएको भनी खुलाई दिएको देखिंदा प्रस्तुत उजुरी आयोगको २०६४।१२।७ को निर्णयानुसार तामेलीमा राखिएको ।

३७. नेपाल विद्युत प्राधिकरणका सहायक प्रशासकीय अधिकृत गणेश कुमार के.सी.को सन् १९८१ मा इन्टरमिडिएट परिक्षाको प्रमाणिकरणमा माध्यमिक शिक्षा परिषद मुख्यालय इलाहावाद उत्तर प्रदेश भारतको पत्राँक सत्यापन ३०/९२/२००७/०८/१०८, दिनाँक ११-०५-००७ को पत्रबाट पुष्टि भई यस आयोगको च.नं.६६५, मिति २०६४/३/८ मा जानकारी पठाइ सकिएको र निजको सोही बोर्डको १९९७ को हाइस्कूल सम्बन्धमा उजूरी परेको र माध्यमिक शिक्षा परिषद मुख्यालय इलाहावाद उत्तर प्रदेश भारतबाट प्रमाणिकरण भई आउंदा "डब्लुपी सूचि से निरस्त हैं" भनी लेखी आएकाले निजसंग बुभदा हाइस्कूल परिक्षा १९७९ मा सेवा प्रवेश अगावै पास गरेको हुं, हाइस्कूल परिक्षा १९७९ तत्काल परिक्षाफल प्रकशित हुंदा डब्लुपीको कारणले परिक्षाफल प्रकाशित नभएको बोर्डबाट कारवाही हुंदा मेरो नामको अनुक्रमाँक ८४२११९ र व्यक्तिगत परिक्षाको लागि आवेदन गरिएको केन्द्र व्यवस्थापक नेशनल इन्टर कलेज पिलीकोठी वाराणसीलाई जारी गरिएको दिनाँक ९/१/१९७९ पत्राँक मा.शि.प.१३/ख/यन्त्री ४६० को अति सचिव, माध्यमिक शिक्षा परिषद उत्तर प्रदेश वाराणसीको आदेश अनुसार मेरो पन्जिकृत केन्द्र व्यवस्थापक नेशनल इन्टर कलेज पिलीकोठीले परिक्षाफलको प्रमाणित अंक पत्र उपलब्ध गराएको र सो द्वारा १९८१ मा इन्टरमिडिएट परिक्षा दोस्रो श्रेणीमा उतीर्ण भएको भन्ने कागजात समेत पेश गरेको देखियो । अत: एउटै बोर्डबाट इन्टर पास गरेको प्रमाणिकरण जानकारी पठाई सकिएको तथा एउटै बोर्ड/ विश्वविद्यालय/ परिषद्बाट माथिल्लो तहको शैक्षिक योग्यता उतीर्ण गरेको पुष्टि भएपछि सोही संस्थाको तल्लो तहको शैक्षिक योग्यता अनुसन्धान गरिरहनु नपर्ने भन्ने आयोगको नीतिगत निर्णय भएकोले र हाइस्कूल सम्बन्धमा निजले पेश गरेका कागजातका आधारमा प्रस्तुत उजुरी आयोगको २०६४।१२।७ को निर्णयानुसार तामेलीमा राखिएको ।

३८. पद्म कन्या क्याम्पसका उप-प्राध्यापक पदमा कार्यरत निर्मला उप्रेतीको बढुवा सम्बन्धी विषयमा त्रिभुवन विश्वविद्यालय सेवा आयोगका अध्यक्ष तथा सदस्यहरुले पदीय कर्तव्य दुरुपयोग गरी त्रिभुवन विश्वविद्यालय पुनरावेदन आयोगले गरेको निर्णयलाई पालना नगरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा त्रिभुवन विश्वविद्यालय पुनरावेदन आयोगले गरेको निर्णय सेवा आयोगले कार्यान्वयन गर्नुपर्ने भन्ने कानूनी व्यवस्था भएको हुँदा निर्णय कार्यान्वयन गरी दुष्परिणाम सच्याउन एवं पुनरावेदन आयोगले गरेको निर्णय कार्यान्वयन नगर्ने सेवा आयोगका पदाधिकारीहरुले अनुचित

कार्य गरेको देखिंदा कारवाही हुन नपर्ने कारण भए स्पष्टिकरण पेश गर्नु भन्ने आयोगबाट स्पष्टिकरण माग्दा त्रिभुवन विश्वविद्यालय सेवा आयोगले यस आयोगको निर्णय कार्यान्वयन गरेको जानकारी प्राप्त भएको र सेवा आयोगका पदाधिकारीहरुले पेश गरेको स्पष्टिकरणमा दुष्परिणाम समेत सच्याईसकेको भनि पेश गरेको र कुनै बदनियत राखेको नदेखिंदा प्रस्तुत उजुरी आयोगको २०६४।१२।१८ को निर्णयानुसार तामेलीमा राखिएको ।

३९. त्रिभुवन विश्व विद्यालय अन्तर्गतको चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगञ्जका पदाधिकारीहरुको मिलोमतोमा २०६४ सालको नर्सिङ प्रविणता प्रमाणपत्र तहको प्रवेश परीक्षा उत्तिर्ण गराउंदा प्रत्येक व्यक्तिसंग ३ देखि ५ लाखसम्म घूस लिएर नाम निकाल्ने गरेको हुंदा छानविन गरी उक्त परीक्षा कपी सिल गरी छानविन गरी पैसा फिर्ता पाउँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा चिकित्सा शास्त्र अध्ययन संस्थानले विगत वर्षहरु देखि स्वास्थ्य क्षेत्रमा जनशक्ति उत्पादन गर्ने सन्दर्भमा लिने गरिएका विभिन्न प्रवेश परीक्षा उपर सर्वसाधारणले प्रश्न उठाएको पाइएको थिएन । स्टाफ नर्सको प्रवेश परीक्षामा घूस लिई पास गराएको भन्ने व्यहोराको आयोगमा हालै परेको उजुरी उपर आयोगवाट खटिएका टोलीले परीक्षामा अपनाउनु पर्ने प्रक्रियागत कुराहरु छनौटका आधार र पद्धती समेतमा छानविन गर्दा कहिं कतै त्रुटि भएको नपाइएको हुंदा परीक्षा संचालन तथा नतिजा प्रकाशनमा अनियमितता भएको पाइएन । यसरी परीक्षा संचालन तथा नतिजा प्रकाशनमा प्रश्न उठाई आयोगमा परेको प्रस्तुत उजुरी तथ्यहिन देखिन्छ । अतः प्रस्तुत उजुरी आयोगको २०६४।१२।२१ को निर्णयानुसार तामेलीमा राखिएको ।

४०. "जिल्ला वन कार्यालय चितवनबाट वन क्षेत्रका कर्मचारीहरु मार्फत हावा हुरीबाट ढलेका रुखहरुको कटान मुछान गरी संकलन गर्न तोकिएको दर रेट रु.३२।७५लाई यस बर्ष बढाई रु.४८।- बनाइएकोमा मिलेमतो गरी कर्मचारी मार्फत अमानतमा संकलन कार्य गर्न आदेश दिई भ्रष्टाचार गरेको" भन्ने बिषयको उजूरी माथि अनुसन्धान हुँदा जिल्ला वन कार्यालय भरतपुर, चितवन अन्तर्गत राष्ट्रिय वन जंगल क्षेत्रमा हावा हुरीबाट लाखौं क्यूफिट गोलिया काठका रुखहरु ढलेको र सो कार्यका लागी कटान मुछान गरी संकलन गर्न विगतको दररेट ३२।७५ लाई वढाएर यस आ.व.मा रु.४८।- वनाइएको, कुनै पनि व्यवसायीलाई संकलन गर्न नदिई जिल्ला वन कार्यालय चितवनबाट आर्थिक ऐन विपरित सम्बन्धित वन क्षेत्रका कर्मचारी मार्फत अमानतमा संकलन कार्य गरी भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा, जिल्ला वन कार्यालय चितवनले मिति २०६२ साल जेष्ठ महिनामा आएको ठूलो हावा, हुरी तथा बर्षातको कारणले गर्दा उक्त कार्यालयको कार्य क्षेत्र अन्तर्गत पर्ने राष्ट्रिय वन क्षेत्रमा ढलेपडेका रुखहरुलाई छिटो छरितो कटान, मुछान र ढुवान गरी तोकिएको स्थानमा घाटगद्दी गराई स्थानीय माग अनुसार वितरण गर्न जिल्ला वन पैदावार आपूर्ति समिति चितवनलाई प्लटहरु हस्तान्तरण गरेको देखियो । त्यसैगरी स्थानीय जनसमुदाय तथा संघ संस्थालाई घर काज, जिल्ला निर्माण, दैवी प्रकोप तथा देवघाट दाह संस्कार प्रयोजनका लागि तत्कालै माग अनुरुप काठ दाउराको आपूर्ति गर्नुपर्ने भएको, तर ठेक्का प्रथाबाट गराउंदा लामो समय लाग्ने र उपभोक्ताहरुलाई चाहिने साइजमा कटान मुछान नहुने हुंदा वन पैदावार (काठ/दाउरा) संकलन तथा बिक्री बितरण निर्देशिका, २०५७ को परिच्छेद ८ को दफा ४ मा व्यवस्था भए बमोजिम जिल्ला वन पैदावार आपूर्ति समिति चितवनको मिति २०६३/९/५ गते वसेको बैठकको निर्णयानुसार स्वीकृत जिल्ला दररेटको परिधी भित्र रही आपूर्ति समिति चितवनले अमानतबाट कार्य गराउने गरी कार्यादेश दिएको देखियो । अमानतबाट काठ कटान मुछान गराउंदा भएको खर्चको आ.ले.प. र म.ले.प. समेत भएको देखियो । साथै सामुदायिक वन हस्तान्तरण संघर्ष

समिति बरण्डाभारले गरेको विरोध कार्यक्रम समेतका कारण उक्त कार्य अमानतमा दिनु परेको भनी जिल्ला वन कार्यालय चितवनका तत्कालीन जिल्ला वन अधिकृत तथा अन्य कर्मचारीहरु समेतले आयोग समक्ष वयानका क्रममा व्यक्त गरेको र भीमार्जुन न्यौपानेद्वारा प्रस्तुत कार्य पत्रमा समेत बरण्डाभार क्षेत्रमा सामुदायिक वन हस्तान्तरण संघर्ष समितिले बरण्डाभार क्षेत्रमा जिल्ला वन कार्यालय चितवन, टि.सि.एन.चितवन, जिल्ला वन पैदावार आपूर्ति समिति चितवन समेतलाई प्रवेश गर्न एवं कुनै कार्य गर्न निषेध गरिएको अवस्थामा कटान मुछानको कार्य सहज वनाउन स्थानीय उपभोक्ता समुहलाई नै कटान मुछानको जिम्मा दिने अभिप्रायले जिल्ला दर रेटको परिधी भित्र रही अमानतबाट कटान मुछानको कार्य गर्ने जिल्ला वन पैदावार आपूर्ति समिति, चितवनको मिति २०६३/९/५ गतेको बैठकको निर्णय स्वाभाविक देखियो । अतएव यस आयोगमा प्राप्त हुन आएको उजुरी निवेदनमा उल्लेख भएका कुराहरु प्रमाणित गर्ने तथ्यहरु नदेखिएकाले प्रस्तुत उजुरी आयोगको २०६५।१।५ को निर्णयानुसार तामेलीमा राखिएको ।

४१. काठमाडौं मा.न.पा. भित्रका मालपोत कार्यालय डिल्लीबजार र मालपोत कार्यालय चावहिल अन्तर्गत धोवीखोला किनार हाल ओम अस्पताल पछाडीको विभिन्न कित्ता जग्गाहरु सार्वजनिक पर्ति भएकोले ०५९।१।१० मा तत्कालिन श्री ५ को सरकारको निर्णय अनुसार नेपाल सरकारका नाउमा दर्ता भएको सयौं रोपनी जग्गा भूमाफिया र मालपोतका कर्मचारीहरु मिली दर्ता गर्न लागेकाले दर्ता हुनबाट रोकी पाउँ भनी उक्त जग्गा वरिपरिका वासिन्दाहरुले पटक पटक गरेको उजुरीका सम्बन्धमा छानविन हुँदा हाल का.म.पा. वडा नं. ८ को कि.नं. ५०५ क्षेत्रफल ३६-१२-३ रोपनी लगायत ५० सौं कित्ता नेपाल सरकारको नाउमा दर्ता भै सकेको जग्गाका हामी मोही हौ भनी मालपोत कार्यालयहरुमा निवेदन र अदालतमा रिट दायर गर्ने राम प्रसाद भट्टराई समेतका व्यक्तिहरु मोही हुन भन्ने कुरा भूमिसुधार कार्यालयको पत्र र पेश भएका कागजबाट पुष्टि हुन नसकेको र प्रचलित भूमि सम्बन्धी ऐन २०२१ को संसोधन सहित २०५३ समेतले अव मोही कायम तर्फ निवेदन नै दर्ता हुन सक्ने अवस्था देखिएन । ती जग्गा नेपाल सरकारको नाममा दर्ता भै सेकेको र उक्त जग्गाहरुमा पहिलो र दोश्रो नापी हुँदा समेत कसैको नाममा नाप जाँच हुन नसकेको अवस्था देखियो । निवेदक राम प्रसाद उपाध्याय (भट्टराई) समेतले मालपोत कार्यालयहरु र अदालतमा समेत पेश गरेको जोताहा अस्थायी निस्सामा उल्लेखित सावीक कि.नं. १९०, १५७ र १५८ समेतका जग्गाहरु कि.का. भै कायम कि.नं. ५०५, ५०४, ५०३ कायम भएको कुरा उल्लेख हुनुका साथै यी कित्ताहरु २०२३ सालमै प्राप्त जोताहा अस्थायी निस्सामा समेत उल्लेख भएको पाइयो । नापीवाट प्राप्त कित्ताकाट विवरण हेर्दा ५०५, ५०४ र ५०३ कित्ताहरु २०४३ सालमा मात्र कित्ताकाट भै नेपाल सरकारका नाममा दर्ता समेत भै सकेको देखिनुका साथै भूमिसुधार कार्यालय काठमाडौंबाट ०६५।१।१० को पत्र साथ प्राप्त २ नं. अनुसूचीमा कि.नं. १५७ र १९० खोला र कि.नं. १५८ वगर उल्लेख भएबाट निवेदकहरुले प्रमाण स्वरुप पेश गरेको जोताहा अस्थायी निस्सा सक्कली हो भन्न सक्ने अवस्था देखिएन । सर्वोच्च अदालतवाट प्राप्त परमादेश सहितको आदेशमा निवेदन दावीका जग्गाहरु आवश्यक प्रकृया पूरा गरी दर्ता गर्ने सम्बन्धमा अविलम्व कानून वमोजिम निर्णय गर्नु भन्ने लेखिएको तर हालसम्म दर्ता भै सकेको अवस्था नदेखिंदा निवेदकहरुले पेश गरेको प्रमाणका सक्कलै कागजहरु हेरी मालपोत कार्यालयले कानून वमोजिम मात्र निर्णय गर्न पर्ने र कानून विपरित निर्णय भएमा आयोगले कारवाही गर्न सक्ने नै हुँदा प्रस्तुत उजुरी आयोगको २०६५।१।१२ को निर्णयानुसार तामेलीमा राखिएको ।

४२. काठमाडौं जिल्ला साविक महादेबस्थान वडा नं. ३ कि.नं. ३ क्षेत्रफल १-०-०-० हाल का.म.न.पा. वडा नं. १० सिट नं. १०२-११०६-२२ कित्ता नं. १२९ क्षेत्रफल १-०-०-० जग्गा हदबन्दी भन्दा बढी भएको कारण साविकमा मोहन शमशेरको नाउमा दर्ता बाँकी भएकोमा मालपोत कार्यालयबाट जग्गा दर्ता गर्ने निर्णय भै मुकुन्द शमशेरका नाममा दर्ता हुन गएको र हाल कायम कित्ता नं. १२९ कित्ता काट भै विभिन्न कित्ता बनाई बिक्री वितरण भएकोले हदबन्दीमा रोक्का रहेको जग्गा दर्ता गराएका हुँदा उक्त जग्गा रोक्का राखी कारवाही गरी पाऊँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा विवादित जग्गा काठमाडौं जिल्ला साविक महादेवस्थान वडा नं. ३ कि.नं. ३ क्षेत्रफल १-०-०-० भै नापी भएको, उक्त जग्गाको फिल्डबुकमा मोही कृष्णबहादुर जोशी किसानको व्यहोरामा 'यो जग्गा तल्सीङलाई कुत बुझाई कमाई खाएको छु' भन्ने व्यहोरा उल्लेख भएको र कैफियतमा यो कित्ता जग्गा श्री ३ महाराज मोहन शमशेरको हो कूत तिरी जोती खाई आएको छु भनी मोहीले लेखिदिएको व्यहोरा उल्लेख भएकोमा नयाँ नापी हुँदा का.म.न.पा. वडा नं. १० सिट नं. १०२-११०६-२२ कित्ता नं. १२९ क्षेत्रफल १-०-०-० भै नापी भएको र उक्त जग्गा कित्ता काट भै कित्ता नं. २८४ क्षेत्रफल ०-३-३-० दमयन्तीदेवी श्राद्ध गुठी, कित्ता नं. ४१४ क्षेत्रफल ०-१-०-० र कित्ता नं. ४१५ क्षेत्रफल ०-१-०-० बगर श्री ५ को सरकार जनिई बाँकी रहन आएको कित्ता नं. ४१६ क्षेत्रफल ०-१०-०-० जग्गा मालपोत कार्यालय डिल्लीबजारको २०६०।०२।०१ को निर्णयले मुकुन्द शमशेर ज.ब.रा.का नाउमा दर्ता भएको, मालपोत कार्यालयबाट प्राप्त जग्गाधनी श्रेस्ता हेर्दा मुकुन्द शमशेर मोहनशमशेरका नाति भएको, जग्गाका मोही कृष्णबहादुर जोशी र जग्गाधनीका बीचमा २०५५ सालमा मिलापत्र भएको, भूमिसुधार कार्यालय काठमाडौंबाट प्राप्त पत्रका आधारमा हेर्दा भूमि प्रशासन कार्यालय काठमाडौंबाट मिति २०३१ साल असार १८ मा मुकुन्द शमशेरको जग्गा हदमुनिको ठहराई निर्णय भएको, भूमिसुधार कार्यालय काठमाडौंको २०६०।२।१५ को पत्रले रोक्का रहेको भनिएकोमा सोही कार्यालयको २०६४।६।६ को निर्णयले उक्त कित्ता नं. ४१६ को जग्गा रोक्का फुकुवा गरिएको देखियो। उक्त जग्गा मुकुन्द शमशेरको हदबन्दी भित्रको पनि नदेखिएको र भूमिसुधार कार्यालयबाट राखिएको रोक्का सोही कार्यालयबाट फुकुवा समेत भएको देखिंदा प्रस्तुत उजुरी आयोगको २०६५।१।२२ को निर्णयानुसार तामेलीमा राखिएको।

४३. "स्थानीय पूर्वाधार विकास तथा कृषि सडक बिभागका महानिर्देशक समेतको मिलेमतोमा काभ्रे र बाग्लुङमा कृषि सडक निर्माण गर्दा ठूलो रकम भ्रष्टाचार गरेको" भन्ने उजूरी माथि अनुसन्धान हुँदा काभ्रे र बाग्लुङमा भएको सर्वेक्षण, डिजाइन तथा निर्माण कार्यहरु गुणस्तर नभएको, परामर्शदाता लगायत जि.वि.स.बाट समेत बिभिन्न कमी कमजोरी भएको र टेक्नीकल अडिट कन्सल्ट्याण्टले आफ्नो प्रतिवेदनमा अनियमितता भएको भन्ने सम्बन्धमा यस भन्दा पूर्व आयोगमा यसै बिषयमा उजुरी पर्न गई सो सम्बन्धमा बिस्तृत अनुसन्धान कार्य समेत भई निर्णय समेत भइसकेको हुंदा यस सम्बन्धमा केही गरिरहनु पर्ने देखिएन। काम भन्दा बढी भुक्तानी दिइएको भन्ने सम्बन्धमा उपभोक्ता समितिलाई बढी भुक्तानी दिएको रु. ५ लाख रकम ग्रामिण पूर्वाधार विकास कार्यक्रम बाग्लुङ-बुर्तिबाङ्ग सडक उपभोक्ता खण्ड १ मार्फत मिति २०६३/१२/१३ मा राजश्व खाता न (क) १-६ (वेरुजु) बैंक खाता नं.२२।४१।४०३ मा भौचर नं.१२५८२५३ बाट नेपाल बैंक लिमिटेड बाग्लुङ्ग शाखामा जम्मा भइसकेको देखियो। जिल्लामा काम गर्ने हजारौं कामदारको करोडौं भुक्तानी तथा GEOCE भन्ने परामर्शदाताको भुक्तानी रोक्का रहेको भन्ने सम्बन्धमा हाल कामदारहरुका साथै परामर्शदाता GEOCE को समेत भुक्तानी भइसकेको देखियो। आर्थिक शाखाले भुक्तानी गर्न नमिल्ने राय दिंदा दिंदै पनि परामर्शदातासंग ठूलो रकम लिई भुक्तानी गरेको भन्ने सम्बन्धमा

आयोगमा प्राप्त कागजातहरु अध्ययन गर्दा आर्थिक शाखाबाट उपरोक्तानुसारको राय दिएको भन्ने देखिन नआएको र परामर्शदाता GEOCE लाई भुक्तानी दिंदा ठूलो रकम लिई भुक्तानी दिएको भन्ने सम्बन्धमा कहीं कतैबाट खुल्न नआएको । ग्रामीण पूर्वाधार विकास कार्यक्रम अन्तर्गत बाग्लुङ्ग जिल्लामा संचालित ग्रामिण सडक निर्माणका सम्बन्धमा भएका अनियमितता, ढिलासुस्ती र लापरवाहीका सम्बन्धमा गठित छानवीन समितिको प्रतिवेदनको आधारमा स्थानीय विकास मन्त्रालयबाट तत्कालीन स्थानीय पूर्वाधार विकास तथा कृषि सडक बिभागका महानिर्देशक सोहन सुन्दर श्रेष्ठलाई सजग गराएको र उक्त आयोजनाको परामर्शदातृ संस्था` लाई सन्तोषजनक तवरले काम सम्पन्न नगरेकाले स्पष्टिकरण माग गरी सचेत गराइएको तथा उक्त कन्सल्ट्यान्सीका आवासीय इन्जिनियरको मिति २०६२ आषाढ महिनाको पारिश्रमिक समेत कट्टा गरेको देखियो । बाँकी अन्य कर्मचारीहरुको हकमा छानवीन प्रतिवेदनमा औंल्याइए बमोजिम आवश्यक कारवाही गर्न मन्त्रालयस्तरबाट नै पहल हुन तथा ग्रामिण पूर्वाधार विकास कार्यक्रम अन्तर्गत निर्माण भएका उपरोक्त सडकहरुका सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्रबाट तयार गरिएको टेक्नीकल अडिट रिपोर्टमा औल्याइएका Major Non-Conformance सम्बन्धी त्रूटीहरुलाई अध्ययन गरी सुधार गर्न गराउन साथै हाल प्रोजेक्ट अबधी समाप्त भइसकेको अवस्थामा पनि आ.ले.प. र म.ले.प.बाट उठाइएका बेरुजु फछर्योट नभई यथावत अवस्थामा रहेको देखिएको हुंदा जिल्ला विकास समिति बाग्लुङ्गका तत्कालीन कार्यालय प्रमुख र लेखा प्रमुख समेतको सहयोग लिएर आ.ले.प. र म.ले.प.द्वारा औंल्याइएका बेरुजु हरुलाई सम्परीक्षण गराउने व्यवस्था मिलाउन स्थानीय विकास मन्त्रालयलाई निर्देशन दिने । यस आयोगमा प्राप्त हुन आएको उजुरी निवेदनमा उल्लेख भएका कुराहरु प्रमाणित गर्ने तथ्यहरु अनुसन्धानको सिलसिलामा हालसम्म संकलित कागज प्रमाण समेतबाट नदेखिएकाले प्रस्तुत उजुरी आयोगको २०६५।२।१ को निर्णयानुसार तामेलीमा राखिएको ।

४४. नेपाल आयल निगम लिमिटेड, पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगरका तत्कालीन प्रमुख मोहनकुमार कार्की समेतका कर्मचारीहरुको मिलेमतोमा पाथीभरा आयल सप्लायर्स, ताप्लेजुङका नाममा बिजक जारी गरी २०६१ वैशाख, जेठ र असार मा ३९ किलोलिटर डिजेलको ढुवानी भाडा हिनामिना गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा नेपाल आयल निगम लिमिटेड, पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगरको २०६४।६।१ को पत्रानुसार पाथीभरा आयल सप्लायर्स, ताप्लेजुङका नाममा २०६१ वैशाख, जेठ र असार महिनामा रु. ४,६२,१५२।- बराबरको २०,००० लिटर मट्टितेल र रु. १०,६२,३८६।१३ बराबरको ३९,००० लिटर डिजेलको बिजक जारी भएको देखिएको र आन्तरिक राजस्व कार्यालय, भद्रपुर, झापाको च. नं. ४७८७ मिति २०६५।१।२९ को पत्रानुसार पाथीभरा आयल सप्लायर्स, ताप्लेजुङले उक्त कार्यालयमा पेश गरेको सो अवधिको कर विवरणमा देखाएको हिसाव मेल खाएको, पाथीभरा आयल सप्लायर्स, ताप्लेजुङका प्रो. श्री यादवकुमार श्रेष्ठले सोही परिमाण नै डिजेल र मट्टितेल खरिद गरी ताप्लेजुङ लगी बिक्री गरेको भनी आयोगमा बयान दिएको र डिजेल मट्टितेल ताप्लेजुङ नलगेको भन्ने कुनै तथ्य आधार फेला नपरेकोले प्रस्तुत उजुरी आयोगको २०६५।२।२० को निर्णयानुसार तामेलीमा राखिएको ।

४५. सप्तरी जिल्ला हनुमाननगर गा.वि.स. वडा नं. ८ वस्ने गुलाम कादिर खाँलाई कोशी कटानमा परेको जग्गा समेत धितो लिई नेपाल बैंक लिमिटेड राजविराज शाखाबाट अनियमित रुपमा ऋण प्रवाह भएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा सप्तरी जिल्ला हनुमाननगर गा.वि.स. वडा नं. ८ वस्ने गुलाम कादिर खाँले निजको नाउँमा कायम रहेका सोही गा.वि.स. को वडा नं.८ क को गाउँ ब्लक भित्रको ब्लक नं. २ को सावित्रक कित्ता नं. १३६, १३९, २९४ र ५१३ को जम्मा १० कट्ठा साढे १३ धुर

जग्गा र कि.नं. १३६ र १३९ मा वनेको एकतले पक्की घर धितो राखी फर्निचर उद्योग संचालनको लागि नेपाल बैंक लिमिटेड राजविराज शाखामा ऋण माग गरेकोमा उक्त शाखाबाट धितोको जम्मा रु. २१,१२,८३८।- मूल्याङ्कन गरी ऋण स्वीकृतिको लागि ने.बै.लि. क्षेत्रीय कार्यालय विराटनगरमा सिफारिस गरेको। क्षेत्रीय कार्यालयबाट ने.बै.लि. प्रधान कार्यालयमा सिफारिस भै उक्त कार्यालयबाट रु. १०,४८,०००।- कर्जा स्वीकृत भएको। ऋणीले शुरुमा २ किस्ता व्याज रु. ६३,८७५।- मात्र वुझाइ अन्य रकम नवुझाएको। रकम वुझाउन पटक पटक ताकेता गर्दा समेत रकम वुझाउन नआएको। धितो लिएको घर जग्गा लिलाम वढावढ गर्दा कोही पनि उपस्थित नभएको र वोलपत्र आह्वान गर्दा कसैले पनि वोलपत्र पेश नगरेको हुँदा ने.बै.लि. ले घर जग्गाको रु. १०,५०,०००।- पञ्चकृते मोल कायम गरी उक्त चारै कित्ता जग्गा र घर समेत बैंकको नाउँमा रजिष्ट्रेशन पारित गरी लिएको देखियो। अनुसन्धानको क्रममा स्थलगत सर्जमीन हुँदा घर रहेको ठाउँ (कि.नं. १३६ र १३९) मा २ कट्ठा मात्र जग्गा रहेको र कि.नं. २९४ र ५१३ को जग्गा कोशी कटानमा पर्न गएको देखियो। घर रहेको उक्त कि.नं. १३६ र १३९ को जग्गा वडा नं. ८ को ब्लक नं. २ मा नभई वडा नं. ५ को ब्लक नं. ५ मा रहेको भन्ने मालपोत कार्यालय सप्तरीको पत्रबाट समेत खुल्न आयो। २०६२ असोज मसान्त सम्ममा उक्त कर्जाको बाँकी साँवा रु. १०,५३,९२४।१५ र ब्याज रु. १८,५६,५४३।- गरी जम्मा रु. २९,१०,४६७।१५ पुगेको देखियो। आयोगबाट आ.व. ०६२।०६३ को दररेट अनुसार मूल्याङ्कन गर्दा घरको जम्मा मूल्य रु. १८,०५,७४२।४५ रहेको र २ कट्ठा जग्गाको जम्मा रु. २,५०,०००।- गरी घर जग्गाको जम्मा मूल्य रु. २०,५५,७४२।४५ रहेको, कर्जा सुरक्षण निगमबाट क्षतिपूर्ति वापत प्रथम किस्ताको रकम रु. ५,१८,७९८।३० प्राप्त भएको र पुनः प्रथम किस्ता वरावरको रकम दोस्रो किस्ता वापत प्राप्त हुनेछ भनी ने.बै.लि. प्रधान कार्यालयबाट जानकारी प्राप्त भएको। गाउँ ब्लक जग्गाको नापी नक्सा र जग्गा धनी दर्ता प्रमाण पूर्जा समेत नहुने भएकोले मालपोत तिरेको रसिद, जग्गाको चार किल्ला खुलेको गा.वि.स. को सिफारिस समेतबाट जम्मा जग्गा १० कट्ठा साढे १३ धूर देखिएको र ऋणीले देखाएको जग्गा मूल्याङ्कनकर्ता इन्जिनियरले नापजाँच गर्दा ८ कट्ठा ६ धूर मात्र देखिएको र सोही आधारमा बैंकका जेटी र कर्जा इन्चार्जले धितोको मूल्याङ्कन गरेको देखिंदा निजहरुले वद्नियतसाथ वा हुँदै नभएको जग्गाको मूल्याङ्कन गरेको मान्न सक्ने देखिएन। धितो लिएको उक्त जग्गाहरुको मालपोत तिर्ने प्रयोजनको लागि २०४१ सालमा भएको सर्जमीन र सो अनुसार गा.वि.स. बाट भएको सिफारिस नै गलत हुन सक्ने अवस्था देखिन आएको छ। यसर्थ धितो मूल्याङ्कन कर्ताहरु इन्जिनियर वद्रीलाल राजभण्डारी , जे.टी. राज प्रताप सिंह र कर्जा इन्चार्ज भरत प्रसाद पोखरेलले वद्नियतसाथ धितोको मूल्याङ्कन गरेको अवस्था नदेखिएको र कर्जा कमिटिका सदस्यहरु कर्जा इन्चार्ज भरत प्रसाद पोखरेल, सहायक प्रवन्धक निरन्जन प्रसाद उपाध्याय र शाखा प्रवन्धक राजेन्द्र प्रसाद पन्तले गैर कानूनी तरिकाबाट कर्जा सिफारिस गरेको मान्न सक्ने अवस्था रहेको नदेखिंदा निजहरुलाई आयोगबाट केही गरिरहन पर्ने देखिएन। जग्गाको ब्लक नं. संशोधनको लागि ने.बै.लि. राजविराजको शाखाबाट कारवाही भैरहेको र धितोको मूल्याङ्कन समेतबाट ने.बै.लि. बाट प्रवाह भएको कर्जा सावाँको साढे २ गुणा भन्दा वढी रकम उठन सक्ने देखिंदा यसमा ने.बै.लि. लाई प्रत्यक्ष नोक्सान भएको देखिदैन। ऋण असुलीको लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर भै विचाराधिन रहेको समेत देखिंदा यसमा आयोगबाट थप कारवाही गरिरहन पर्ने देखिएन। तसर्थ प्रस्तुत उजुरी आयोगको २०६५।२।२६ को निर्णयानुसार तामेलीमा राखिएको।

४६. "नेपाल खाद्य संस्थान शाखा कार्यालय, डोल्पा, दुनैका स्टोरकिपर भरतराज खनियाले आ.व.०६२/६३ मा खाद्यान्न र बोरा हिनामिना गरेको" भन्ने बिषयको उजूरी उपर अनुसन्धान हुँदा आयोगबाट मिति २०६४/२/२२ गते भएको नि.सं.३६२ बमोजिम नेपाल खाद्य संस्थान शाखा कार्यालय डोल्पाका तत्कालीन स्टोरकिपर भरतराज खनियाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,

२०४८ को दफा १२ क बमोजिम असूल उपर गर्न नपर्ने कारण भए स्पष्टिकरण पेश गर्नु भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११ बमोजिम स्पष्टिकरण माग गर्ने भन्ने निर्णय भै निजसंग स्पष्टिकरण सोधी प्राप्त जवाफ समेत आयोगमा पेश हुंदा खाली बोराहरु सुरक्षा निकायहरुलाई बिक्री बितरण गर्दा अनियमितता भएको भन्ने सम्बन्धमा निज स्टोरकिपर भरतराज खनियाँ मिति २०६२/३/१६ देखि २०६३/२/२४ सम्म नेपाल खाद्य संस्था शाखा कार्यालय डोल्पामा कार्यरत रहेको र सो अबधीमा नेपाल खाद्य संस्थान डोल्पाबाट नेपाली सेना चन्दननाथ गण (क) गुल्म डोल्पाले ८९७० थान, नेपाली सेना केवल जंग गुल्म डोल्पाले १९०० थान तथा जिल्ला प्रहरी कार्यालय डोल्पाले १४३० थान समेत गरी जम्मा १२३०० थान खाली बोराहरु प्राप्त गरेको देखियो भने निज स्टोरकिपरले बिभिन्न मितिको भौचरबाट १३३५० थान खाली बोराहरु सुरक्षा निकायहरुको नाममा उपलब्ध गराई खर्च देखाएको देखियो । अतएव : निज स्टोरकिपर भरतराज खनियाँले वास्तविक रुपमा उपलब्ध गराए भन्दा १०५० (एक हजार पचास) थान खाली बोराहरु सुरक्षा निकायहरुलाई बढी बिक्री बितरण गरेको देखाई नेपाल खाद्य संस्थानलाई रु. १९,९५०।- (प्रति थान रु.१९।- का दरले हुन आउने रकम) हानी नोक्सानी पुग्न गएको हुंदा निजको उक्त कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (ग) र (घ) विपरित हुन गएको पुष्टि भएकाले उक्त हानी नोक्सानी पुग्न गएको रकम निजबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क बमोजिम असुल उपर गर्न नपर्ने कारण भए स्पष्टिकरण पेश गर्नु भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११ बमोजिम स्पष्टिकरण माग गरिएकोमा निजले पेश गरेको स्पष्टिकरणको जवाफमा आफूले जानीजानी संस्थानलाई हानी नोक्सानी पुऱ्याउने काम नगरेतापनि सुरक्षा निकायहरुलाई खाली बोराहरु उपलब्ध गराउने क्रममा १०५० थान खाली बोराहरु उक्त निकायहरुलाई बिक्री बितरण गरेको देखाइएको कारणबाट उक्त संस्थानलाई हानी नोक्सानी पुग्न गएको रु.१९,९५०।- (उन्नाइस हजार नौसय पचास) तिर्न बुझाउन मञ्जुर छु भनी स्पष्टिकरणको जवाफ लेखी पेश गरेको र निजले उपरोक्तानुसारको रकम मिति २०६५/३/३ गते नेपाल खाद्य संस्थान शाखा कार्यालय गोरखाको च.हि.नं.४०९ (रा.बा.बैंक शाखा कार्यालय गोरखा) मा नगद दाखिला गरेको भन्ने उक्त शाखा कार्यालयको च.नं.२४४, मिति २०६५/३/३ गतेको फ्याक्स पत्र समेत प्राप्त भइसकेकाले सो सम्बन्धमा थप केही गरिरहनु परेन । तसर्थ प्रस्तुत उजुरी आयोगको २०६५।३।५ को निर्णयानुसार तामेलीमा राखिएको ।

४७. वालाजु औद्योगिक क्षेत्र व्यवस्थापन लि.संग सिद्धार्थ अस्पतालले ०५६।५।२४ मा गरेको संझौता औद्योगिक क्षेत्र व्यवस्थापन लि. ले एक तर्फी रुपमा संझौता भंग गरी सिद्धार्थ अस्पताललाई हानी नोक्सानी पुऱ्याउने कार्य गरेकाले कारवाही गरि पाउँ भन्ने उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा औद्योगिक क्षेत्रको ९.२० रोपनी जग्गा सिद्धार्थ अस्पतालले ०५४।५।२४ मा औद्योगिक क्षेत्र व्यवस्थापन लि.संग प्रति वर्ष प्रति रोपनी २८९८।- रुपैया वुझाउने गरी उक्त अस्पतालले २० वर्षको लागि लिज/पट्टामा लिएको, उक्त संझौता अनुसार हस्ताक्षर भएको मितिले ६ महिनाभित्र उद्योगले निर्माण कार्य शुरु गर्नुपर्ने र २ वर्ष भित्र उद्योग संचालन गरि सक्नु पर्ने प्रावधान रहेको, उक्त प्रावधान अनुसार अस्पतालले हालसम्म ४.९६ रोपनी जग्गा मात्र पूर्ण रुपमा उपभोग गरेको र वाँकी जग्गा खाली रहेका कारण औद्योगिक क्षेत्रले संझौताको दफा २१ वमोजिम ४.४५ रोपनी जग्गा अस्पतालले पूर्ण प्रयोगमा नल्याएको कारण देखाई फिर्ता गर्ने निर्णय गरेको भन्ने देखिन आयो । दुईपक्ष वीच भएको करारमा शर्त पुरा नगरेमा जग्गा फिर्ता लिन पाउने अधिकार मौजुदा

संझौतापत्रबाट देखिन्छ । साथै करारको उलंघन भएमा मर्का पर्ने पक्ष सक्षम अदालतमा उपचारको लागि जान सक्ने कानूनी व्यवस्था छँदैछ । प्रस्तुत विषयले सार्वजनिक निकायलाई कुनै हानी नोक्सानी पारेको अवस्था समेत नदेखिंदा आयोगवाट यसमा केही गरिरहनु परेन । तसर्थ प्रस्तुत उजुरी आयोगको २०६५।३।११ को निर्णयानुसार तामेलीमा राखिएको ।

४८. काठमाण्डौ महानगरपालिका वडा नं.१९ कि.नं ३४८ को जग्गामा नक्कली व्यक्ति खडा गरी जग्गा दर्ता र हालसाविक गरिदिएको र उक्त जग्गामा महानगरपालिकाले नक्सापास गरी दिई अन्याय गरेकाले कारवाही गरि पाऊँ भन्ने उजुरीका सम्वन्धमा अनुसन्धान गर्दा काठमाण्डौ महानगरपालिका वडा नं.१९ साविक कि.नं ३४८ को जग्गा सुमित्रा शाहीलाई नक्कली व्यक्ति खडा गरी निजको नाउमा उक्त जग्गा दर्ता हालसाविक गरिदिएको, मालपोत कार्यालयले हालसाविक गरिदिएकै कारणले कृषि विकास वैंकमा रोक्का रहेको जग्गामा घर निर्माण गर्न महानगरपालिकाले गैरकानुनी रुपमा नक्सापास गरिदिएको भन्ने दावी देखियो । यस सम्वन्धमा कागज प्रमाण अध्ययन गर्दा साविक कि.नं. २३६ वदर भै कि.नं. ३४७, ३४८ र ३४९ कायम भै हकहस्तान्तरण हुँदा अन्य कित्ता सरह कि३४८ र.नं. ११२०८ मिति ०५८।१।२० मा राजीनामा पास गरी सुमित्रा शाहीले लिएको, निज सुमित्रा शाहीको नागरिकता र जग्गा धनी दर्ता प्रमाण पूर्जामा फोटो टाँस गरी प्रमाणित गरेको, सुमित्रा शाहीले उक्त कि.नं. ३४८ मा घर निर्माण गर्न २०६१।६।१४ मा निवेदन दिएकोमा महानगरपालिकावाट ०६२।१।६ मा भवन निर्माणको इजाजपत्र दिइसकेकोले कृषि विकास वैंकवाट र.नं.३०६९।ङ मिति २०६४।३।४ मा दृष्टीवन्धक रोक्का राखेकै कारणले नक्सापास रोक्कागर्न सक्ने अवस्था देखिएन । साथै निवेदक वेनीवहादुरले निवेदनमा आफ्नो जग्गाको कि.नं. खुलाउन नसकेको र महानगरपालिकाको निर्णयले निजलाई असर परेको विषय समेत यकिन गर्न नसकेको अवस्थामा प्राप्त प्रमाण र तथ्यका आधारमा कसूर प्रमाणित हुन सक्ने अवस्था रहेन । तसर्थ प्रस्तुत उजुरी आयोगको २०६५।३।१७ को निर्णयानुसार तामेलीमा राखिएको ।

४९. साविक काठमाडौं कालीमाटी ७क हाल का.म.न.पा. १४ को कि.नं. ३८ को राजगुठी जग्गा का.जि.का.म.न.पा. बडा नं.-२१ लगनटोल बस्ने गोपाल कृष्ण श्रेष्ठले के कुन व्यहोराबाट निवेदन दिई अर्कै लगतबाट भिडाई तत्काल गुठी तथा मालपोत कार्यालयका कर्मचारी समेतलाई अनुचित प्रभावमा पारी पचली भैरव निजी गुठीमा दर्ता गराएको भन्ने उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा काठमाडौं कालीमाटी ७क कि.नं. ३८ को क्षेत्रफल १-१०-२-० रोपनी जग्गा मालपोत कार्यालय, काठमाडौंबाट मिति २०४१।१२।६ मा पचली भैरव गुठीको नाममा कायम गरी पुनः मिति २०४६।६।११ को निर्णयले पचली भैरव गुठी कट्टा गरी पचली भैरव भजन गर्ने निजी गुठी कायम गरेको देखिन आयो । उक्त जग्गाका मोही लक्ष्मण प्रसाद सुवेदीले मिति २०४१।४।२६ मा गुठी तथा तहसिल कार्यालयमा जग्गा धनी प्रमाण पुर्जाको माग गरी दिएको निवेदनमा उक्त जग्गा २०२१ सालमा नापी हुदाँ पचली भैरव भनी जग्गा धनीमा लेखाई दिएको तर बाली भने साल सालै बालकृष्ण श्रेष्ठलाई बुझाई आएको भन्ने उल्लेख गरेको, बालकृष्ण श्रेष्ठले सोही कार्यालयमा मिति २०४१।४।१९ मा गरेको कागजमा सो जग्गा काजी नारायण भक्त माथेमाले पचली भैरवको नित्य भजन गर्ने कामका निमित्त दानपत्र गरिदिएको निजी गुठी जग्गा भन्ने उल्लेख गरिदिएको, गुठी लगत शाखाबाट लगत भिडाउदा पचली भैरव नित्य भजन गर्ने गुठी हस्ते राधाकृष्ण श्रेष्ठको जग्गा निजकै नाममा रैकर परिणत भई सकेको भन्ने पोता लगत रहेको, उक्त जग्गा राजगुठीमा दर्ता गराई सकेको नदेखिई निजी गुठी देखिएको भन्ने मिति २०४६।४।१३ को र पचली भैरवको भजन गर्ने निजी गुठीको जग्गा धनी कायम गरी रैकरमा दर्ता हुनु पर्ने भन्ने मिति २०४६।६।२ को गुठी

संस्थानबाट मालपोत कार्यालयलाई लेखिएको पत्र समेतका आधारबाट मालपोत कार्यालय काठमाडौको मिति २०४६।६।११ को निर्णयले उक्त कि.नं. ३८ को क्षेत्रफल १-१०-२-० रोपनी जग्गा पचली भैरव भजन गर्ने निजी गुठी कायम भएको देखिन आयो। अत: मालपोत कार्यालय काठमाडौबाट लामो अनुसन्धान पश्चात प्रक्रियागत ढंगले तथ्य र प्रमाणको आधारमा उक्त कि.नं. ३८ को जग्गा पचली भैरव गुठीलाई संशोधन गरी निजी गुठी कायम गरि दिएको देखिन आएकोले अनुचित प्रभावमा परी निजी गुठी कायम गरे गराएको भन्ने देखिन नआएकोले प्रस्तुत उजुरी आयोगको २०६५।३।२२ को निर्णयानुसार तामेलीमा राखिएको।

५०. कास्की जिल्ला लेखनाथ न.पा. तालचोकस्थित गण्डकी आयल मिल प्रा.लि.मा मिति २०६२।१२।३१ गते आगलागी भएको र सो मिलको इन्सोरेन्स नेशनल लाइफ एण्ड जनरल इन्सोरेन्स कम्पनीमा गरिएकोमा आगलागि पश्चात भएको क्षति एकिन गर्न धेरै पटक सर्भेएरबाट स्थलगत निरीक्षण भएको तर निरीक्षण स्वच्छ र निश्पक्ष रुपमा नभएको, स्टोरमा मौज्दात नै नभएको तेल तथा तोरी आगो लागिमा परेको प्रतिवेदन तयार गरी क्षतिको पुष्टि गराई इन्सोरेन्स कम्पनी र आयल मिल मिली अनियमितता गरेको सम्वन्धमा अनुसन्धान गर्दा मुख्य रुपमा त्रिवेणी दाल दण्ड आयल मिल वारावाट खरिद गरिएको तोरीको बील सामान नै खरिद नगरी नक्कली विल खडा गरिएको, गण्डकी आयल मिल प्रा.लि. मा मौज्दात नभएको सामाग्रीको मूल्यांकन गरी विमा क्षतिपूर्ति रकम लिएको, ह्रासकट्टी नगरी भवन मेशिनरी लगायतका सामाग्रीहरुको मूल्य कायम गरिएको भन्ने विषयका सम्वन्धमा प्राप्त कागजात प्रमाणहरु हेर्दा तोरी खरिद गरिएको भन्ने कुरा उक्त मिलले मूल्य अभिवृद्धि कर वापतको रकम भुक्तानी गरेको भनी प्राप्त आन्तरिक राजस्व विभागको पत्रवाट देखिएको, मिलमा भएको सामानको परिमाणका सम्वन्धमा कम्पनीले माग गरेको क्षतिपूर्ति रकम घटाई भुक्तानी गरिएको, मेशिनरी सामान र घरहरुको ह्रासकट्टी मूल्यांकन गरी मूल्य कायम गरी सो बमोजिम भुक्तानी गरिएको भन्ने समेत व्यहोरा प्रतिवेदनमा उल्लेख भएको देखिंदा प्रस्तुत उजुरी उपर थप कारवाही गरिरहनु परेन। तसर्थ प्रस्तुत उजुरी आयोगको २०६५।३।२६ को निर्णयानुसार तामेलीमा राखिएको।

५१. सिंचाई विकास सव डिभिजन कार्यालय नं. १ रुकुमका इन्जिनियर विनय कुमार गामी समेतले आ.ब.०६१।६२ को चौरजहारी सिंचाई प्रणाली योजनामा भ्रष्टाचार गरेको भन्ने विषयको उजुरी उपर विस्तृत अनुसन्धान गर्दा आ.व. ०६१।६२ को रुकुम जिल्लाको चौरजहारी सिंचाई प्रणाली अन्तर्गत मुक्ति वस्नेत निर्माण सेवा समेतवाट ६ (छ) थान कोटेशनमा गराएका मर्मत संभार कार्यहरुको सम्वन्धित जलउपभोक्ता समिति र स्थानीय उपभोक्ताहरु समेतको सरसल्लाह अनुसार सो नहरको मुहाननिरको मर्मत कार्यको आवश्यकतालाई प्राथमिकता दिने उद्देश्यले इष्टिमेटमा भन्दा फरक स्थानमा काम गराएको भनी खुल्न आएको पाइयो। साथै उक्त सव डिभिजन कार्यालयको इन्जिनियर विनय कुमार गामीले ज्ञानु कन्सट्रक्सन सेवा रुकुम समेतको तर्फबाट मूल्य अभिवृद्धि कर वापतको रकम जम्मा रु. ५४,६३१।८२ (अक्षरेपी रुपैया चवन्न हजार छ सय एकतिस पैसा वयासी) मात्र नेपाल राष्ट्र वैंक, वैंकिङ्ग कार्यालय थापाथलीमा राजश्व खाता नं. क १-१-०९१ मा दाखिला गरेको भौचर छ थान आयोगमा निवेदन सहित पेश गरेको पाइएवाट यसमा थप केही गरिरहन परेन। तसर्थ प्रस्तुत उजुरी आयोगको २०६५।३।३० को निर्णयानुसार तामेलीमा राखिएको।

५२. गृह मन्त्री कमल थापाको कार्यावधिमा बिभिन्न मितिहरूमा प्रयोजन नै नखुलेको हेलिकोप्टर उडान गरी रु.१,४३,८८,७५८।३४ राष्ट्रिय ढुकुटी दुरुपयोग गरेको उपर समेत कानूनी कारवाही गरी

दुरुपयोग भएको रकम निजबाट असूल हुनुपर्ने भन्ने प्रतिवेदनको दोश्रो बिषयको सम्बन्धमा हेर्दा प्रथमतः रु.३६,५९,०७१।९७ बराबरको उडानको रकमको भुक्तानी भएको छैन भन्ने गृह मन्त्रालयबाट प्राप्त बिबरणबाट देखिन आएको छ। यसैगरी प्रतिवेदनमा कैफियत गरिएका उडानहरूको सम्बन्धमा अध्ययन गर्दा केही उडानहरू हातहतियार एवं प्रहरीका बन्दोवस्तीका सामानहरू ओसारपसार गर्नमा प्रयोग गरेको र केही उडानहरू गृह मन्त्री समेतको सुरक्षा निकायका अधिकारीहरूको निरीक्षण भ्रमण गरेको देखिन आएको छ। प्राप्त भएका विल (इन्भ्वाइसहरू) साथ संलग्न प्रमाणित लगबुक, उडान आदेश समेतका कागजातहरूबाट हेलिकप्टर उडानका सम्बन्धमा प्रयोजन खुलेकै देखिएको छ। केही उडानहरू मौकामा गृह मन्त्रालयका अधिकारीको मौखिक आदेशबाट भएको भएतापनि त्यस्ता उडानहरूको पछि समर्थन गर्ने गरिएकोबाट कार्यालय प्रयोजनको लागि भएका उडानहरूलाई अस्वाभाविक उडान भएको भनी मान्न मिलेन। यसर्थ प्रतिवेदनमा औंल्याइएका उडानहरू स्वभाविक उडानका रुपमा लिनुपर्ने हुँदा तत्कालीन गृहमन्त्री कमल थापाबाट त्यस्तो रकम असूल गर्नुपर्ने भनी पुष्टी हुन सकेन। यसर्थ निजलाई प्रयोजन नै नखुलेको हेलीकोप्टर उडाएको भन्ने सम्बन्धमा भ्रष्टाचार निवारण ऐन, २०५९ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम कारवाही गरी असूल गर्नुपर्ने समेत देखिएन। २०६१ साल माघ १९ गतेपछि राजनीतिक दलहरुद्वारा संचालित शान्तिपूर्ण जनआन्दोलनका क्रममा भएका धनजनको क्षति, त्यस क्रममा भएको राष्ट्रिय ढुकुटीको दुरुपयोग, सत्ता, शक्ति र पदको दुरुपयोग र मानव अधिकारको उल्लंघन लगायतका कार्यको छानविन गरी सत्यतथ्य पत्ता लगाउने र दोषीउपर के कस्तो कारबाही गर्नु पर्ने हो सो सम्बन्धमा राय ठहर सहितको प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम नेपाल सरकार मन्त्रिपरिषदको मिति २०६३।१।२२ को निर्णयानुसार सर्वोच्च अदालतका पूर्व न्यायाधिश कृष्णजंग रायमाझीको अध्यक्षतामा गठित उच्चस्तरीय जाँचबुझ आयोग, २०६३ ले पेश गरेको प्रतिवेदन कार्यान्वयन गर्ने सन्दर्भमा शान्तिपूर्ण जनआन्दोलनको निर्ममतापूर्वक दमन गर्ने प्रयोजनका लागि राष्ट्रिय ढुकुटीको दुरुपयोग, हिनामिना तथा सत्ता, शक्ति र पदको दुरुपयोग सम्बन्धमा प्रतिवेदनको परिच्छेद १२ मा उल्लेख भएका तत्कालिन मन्त्रिपरिषदका सदस्य तथा राजनीतिक नियुक्तिका पदहरुमा बहाल रहेका व्यक्तिहरुलाई आवश्यक कारबाहीका लागि यस आयोगमा पठाउने गरी नेपाल सरकार मन्त्रिपरिषदको मिति २०६३।१०।२५ को निर्णयानुसार उच्चस्तरीय जाँचबुझ आयोग, २०६३ को प्रतिवेदनको परिच्छेद १२ र सोसँग सम्बन्धित कागजात यस आयोग समक्ष प्राप्त भई अनुसन्धान हुँदा २०६१।१०।१९ पछि राजनैतिक दलहरुद्वारा संचालित शान्तिपूर्ण जनआन्दोलन दबाउने क्रममा भएको खर्चको दुरुपयोगका सम्बन्धमा छानविन गर्ने जिम्मेवारी सो आयोग गठन सम्बन्धमा मिति २०६३।१।२२ मा प्रकाशित सूचना "२०६१ साल माघ १९ गतेपछि राजनैतिक दलहरुद्वारा सञ्चालित शान्तिपूर्ण जनआन्दोलनको क्रममा भएका दमनकारी घटनाहरुमा भएका धनजनको क्षति, त्यस क्रममा भएको राष्ट्रिय ढुकुटीको दुरुपयोग, सत्ता र शक्तिको दुरुपयोग, पदको दुरुपयोग, मानव अधिकारको उल्लंघन लगायतका कार्यको छानविन गरी सत्यतथ्य पत्ता लगाउने र उक्त कार्यहरु कसको निर्णय आदेश परिचालन निर्देशन, उक्साहट, प्रेरणा योजना र क्रुरताबाट भएको हो र त्यसबाट के कस्तो क्षति, नोक्सानी, दुरुपयोग र उल्लंघन भएको छ सो समेत पत्ता लगाउने समेतका कार्य तोकिएको देखिन्छ।" जाँचबुझ आयोग ऐन, २०२६ को दफा ४ को उपदफा (१) मा "आयोगले गर्नु पर्ने काम आयोगको गठन सम्बन्धी सूचनामा तोकिए बमोजिम हुनेछ" भन्ने उल्लेख भएको हुँदा उक्त सूचनामा तोकिएको कार्यक्षेत्र सम्बन्धमा उच्चस्तरीय आयोगले जाँचबुझ गरी विभिन्न निकायका

जनआन्दोलन दबाउन, आन्दोलनलाई नियन्त्रण गर्न, निस्तेज पार्न पदको दुरुपयोग गर्ने व्यक्ति विरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम कारबाही गर्न र निजहरुबाट पदको दुरुपयोग गरी गरेका खर्चबाट राष्ट्रिय ढुकुटीको हानी नोक्सानी भएको रकम असूल उपर गर्नु पर्ने उच्चस्तरीय आयोगको राय ठहर रहेको देखिन्छ। उच्चस्तरीय आयोगलाई सुम्पिएका अन्य कार्यक्षेत्र समेत हेर्दा २०६१।१०।१९ देखि २०६३।१।११ सम्म राजनैतिक दलहरुको नेतृत्वमा संचालित शान्तिपूर्ण जनआन्दोलन दबाउन, जनआन्दोलनलाई निस्तेज पार्न तत्कालिन सरकारमा रहेका पदाधिकारी तथा अन्य निकायका पदाधिकारीहरुले गरेका काम कारबाहीको छानविन गर्नु नै रहेको स्पष्ट छ। मिति २०६१।१०।१९ देखि २०६३।१।११ सम्म राजनैतिक दलहरुको नेतृत्वमा संचालित जनआन्दोलन मूलतः मुलुकले अंगिकार गरेको प्रजातान्त्रिक राजनैतिक प्रणाली, संविधान तथा कानूनले जनतालाई प्रदान गरेको हक अधिकार तथा मानव अधिकार समेत पुनः प्राप्त गर्ने उद्देश्यमा लक्षित रहेकोले जनआन्दोलनको विषय संविधान तथा प्रचलित कानुनले निर्धारण गरेका विधिगत विषयमा मात्र सीमित नरही शान्तिपूर्ण राजनैतिक आन्दोलनले समेट्न सक्ने व्यापक राजनैतिक विषय भएकोमा कुनै शंका छैन। उच्चस्तरीय आयागले जाँचबुझ गर्दा तत् अवधिमा भएका काम कुराको वैधताको अतिरिक्त ती कार्यहरु कुन उद्देश्य प्राप्त गर्न लक्षित थिए भनी जाँचबुझ गर्नु पर्ने नितान्त स्वभाविक र आयोगलाई सुम्पिएको कार्यक्षेत्र अन्तर्गतको विषय रहेकोमा दुई मत छैन। सो समेत विचार गरी उच्चस्तरीय आयोग निष्कर्षमा पुगेको स्पष्ट छ। यद्यपि, उच्चस्तरीय आयोगले गरेको कारबाहीको सिफारिश सम्बन्धमा यस आयोगले कारबाही गर्दा यस आयोगलाई तत्कालिन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८, वर्तमान नेपालको अन्तरिम संविधान २०६३ को धारा १२० तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले तोकिदिएको काम, कर्तव्य र अधिकारको सीमा भित्र रही कारबाही गर्नु पर्ने हुन्छ। संविधान तथा प्रचलित कानूनले यस आयोगलाई सार्वजनिक पदधारण गरेका व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी पदको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान र तहकिकात गर्ने अधिकार सुम्पिएको छ। उच्चस्तरीय आयोगले कारबाहीको लागि सिफारिश गरेका पदाधिकारीहरु सम्बन्धमा छानविन तथा अनुसन्धान तहकिकात गर्दा पनि आयोगले ती पदाधिकारीहरुबाट भए गरेका कामको परीक्षण प्रचलित कानुनकै आधारमा गर्नु पर्ने हुन्छ। त्यस्तै, ती पदाधिकारीले गरेका कामकारबाहीको औचित्य परीक्षण गर्दा पनि त्यस्तो कार्य ती पदाधिकारीमा रहेको पदीय जिम्मेवारी पूरा गर्नेतर्फ भन्दा अन्य उद्देश्य प्राप्ति गर्ने तर्फ अभिलक्षित थियो वा थिएन भनी वस्तुगत तथ्यको मूल्यांकन गरी निष्कर्षमा पुग्नु पर्ने हुन्छ। संविधान र प्रचलित कानूनले निर्धारण गरेको सीमा बाहिर गएर काम कारबाहीको राजनैतिक उद्देश्यलाई यस आयोगले आधार बनाउन सक्ने देखिंदैन। अतएव, मन्त्रिपरिषदको सामूहिक नीतिगत निर्णयबाट कारबाहीको लागि लेखिआएका पदाधिकारीहरुको कार्यबाट राष्ट्रिय ढुकुटीको हानी नोक्सानी भएको विषयमा छानविन र अनुसन्धान गर्दा संविधान र प्रचलित कानूनले निर्धारण गरेका प्रावधान अन्तर्गत कै आधारमा सम्पन्न गरेको पाइयो।

तत्कालिन श्री ५ को अध्यक्षतामा मिति २०६२।१०।१३ मा बसेको मन्त्रिपरिषदको बैठकबाट विना विल भरपाई गृह मन्त्रीले एक पटकमा रु.५०,०००।- सम्म खर्च गर्न सक्ने साविक श्री ५ को सरकारको मिति २०५०।२।१३ को निर्णय र मिति २०५८।२।३१ मा क्षेत्रीय प्रशासकले एक पटकमा रु.१०,०००।- सम्म खर्च गर्न सक्ने गरी भएको निर्णयबाट सिमा वृद्धि गरी गृह मन्त्रीले एक पटकमा रु.५,००,०००।- क्षेत्रीय प्रशासकले रु.५०,०००।- र अञ्चल प्रशासकको रु.५०,०००।- सम्म समर्थन

गर्न पाउने गरी भएको निर्णयका आधारमा तत्कालिन गृह मन्त्री कमल थापाले खर्च गरेको रु.९७,१८,०२०।- राष्ट्रिय ढुकुटीको दुरुपयोग भएको हुँदा निज कमल थापा व्यक्तिगत रुपमा र मिति २०६२।१०।१३ को मन्त्रिपरिषदमा उपस्थित मन्त्रिपरिषदका सदस्यहरु सामूहिकरुपमा जिम्मेवार देखिंदा निज कमल थापालाई व्यक्तिगत रुपमा र मन्त्रिपरिषदका सदस्यहरुलाई सामूहिक रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तरगत कारबाही गरी दुरुपयोग भएको रकम निजहरुबाट असूल उपर हुनु पर्ने भन्ने सम्बन्धमा अध्ययन गरी हेर्दा उक्त मिति २०६२।१०।१३ मा बसेको मन्त्रिपरिषदको बैठकमा अध्यक्षका हैसियतले तत्कालिन श्री ५ र उपाध्यक्ष डा. तुलसी गिरी, उपाध्यक्ष कीर्तिनिधि विष्ट, मन्त्री बद्री प्रसाद मण्डल, मन्त्री केशर बहादुर विष्ट, मन्त्री रमेश नाथ पाण्डे, मन्त्री राधाकृष्ण मैनाली, मन्त्री कमल थापा, मन्त्री बुद्धीमान तामाङ्ग, मन्त्री सलिम मियाँ अन्सारी, मन्त्री नारायण सिंह पुन, मन्त्री बुद्धीराज बज्राचार्य, मन्त्री टंक ढकाल, मन्त्री निरञ्जन थापा, राज्यमन्त्री रविन्द्र खनाल, राज्यमन्त्री रुपज्योती, राज्यमन्त्री याङ्किला शेर्पा, राज्यमन्त्री मणि लामा, राज्यमन्त्री डा. दुर्गा पोखरेल, राज्यमन्त्री श्रीश शम्शेर राणाको उपस्थिति रहेको पाइयो ।

मन्त्रिपरिषदको अध्यक्षका हैसियत तत्कालिन श्री ५ महाराजाधिराजको उपस्थिति रहेको सन्दर्भमा मन्त्रिपरिषदको सदस्यका हैसियतले निजको समेत सामूहिक जिम्मेवारी मानी निजको हकमा विचार गर्दा जाँचबुझ आयोगको प्रतिवेदनको परिच्छेद १७ मा रहेको उपसंहार खण्डको बुँदा नं. ३ मा "श्री ५ को मिति २०६१ साल माघ १९ को घोषणा र त्यसपछि भएका श्री ५ को सरकारको क्रियाकलाप नै जनआन्दोलन एवं त्यस क्रममा भएका क्षतिहरुका लागि मुख्य जिम्मेवार रहेको र आफ्नो निर्णय र कामहरु संविधान र कानुन विपरीत भएमा अथवा आफ्नो कारणले राष्ट्र र जनताको क्षति हुन गएमा आफ्नो जिम्मेदारीको पालना तथा ओहदा र मर्यादाको रक्षा हुन नसकेमा वा आफूबाट अनपेक्षित काम र कमजोरी भएमा सम्बन्धित जिम्मेदार व्यक्ति कानुनबाट दण्डित नभएको अवस्थामा स्वयं पद त्याग गर्ने, क्षमा याचना गर्ने वा अग्नि परीक्षाका लागि तत्पर हुने गरेका इतिहास पनि छन् । यो जनआन्दोलनको परिप्रेक्ष्यमा भने त्यस्तो भएको देखिंदैन । तर श्री ५ बाट मिति २०६३ वैशाख ११ गते जारी भएको सन्देशमा जनआन्दोलनको क्रममा भएको जनधनको क्षतिप्रति दुःख प्रकट गर्नुको साथै मृतकका परिवारप्रति समवेदना र घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना र शहिदप्रति श्रद्धाञ्जली व्यक्त गर्दै जनआन्दोलन मार्फत अभिव्यक्त भएको जनभावना एव आन्दोलनरत सात राजनैतिक दलको मार्गचित्रको आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द लगायत समग्र समस्याहरुको समाधान गर्न आह्वान हुनुलाई आफ्ना अघिल्ला दमनात्मक कार्य त्रुटीपूर्ण भएको स्वीकारोक्ति मान्न सकिन्छ । उक्त सन्देशले जनआन्दोल स्थगित भई देशमा शान्ति कायम गर्न र आन्दोलनलाई तार्किक परिणाममा पुऱ्याउन महत्वपूर्ण सकारात्मक भूमिका निर्वाह गरेको स्पष्ट छ । तसर्थ जनआन्दोलनका घटनाक्रमको मूल्यांकन गरी अगाडिको कदम चाल्दा यस यथार्थप्रति पनि ध्यान दिई अन्य निर्णय गर्नु वाञ्छनीय देखिने" भनी उल्लेख गरेको पाइन्छ । जाँचबुझ आयोगको प्रतिवेदन नेपाल सरकारलाई प्राप्त भएपछि उक्त प्रतिवेदन अध्ययन गरी कार्यान्वयनका लागि नेपाल सरकार मन्त्रिपरिषद समक्ष सुझाव दिन मिति २०६३।८।११ मा माननीय उप प्रधानमन्त्री तथा परराष्ट्र मन्त्री श्री के.पी. शर्मा ओलीको संयोजकत्वमा गठीत मन्त्रिपरिषद समितिको सुझावको प्रकरण नं. ५ को खण्ड (२) मा "उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदनमा तत्कालिन मन्त्रिपरिषदका अध्यक्ष राजा स्वयं समेत दोषी देखिएको राय ठहरको प्रतिवेदन प्राप्त भएतापनि २०६३ साल वैशाख ११ गते जारी भएको सन्देशले जनआन्दोलन स्थगित भई देशमा

शान्ति कायम गर्ने र जनआन्दोलनलाई तार्किक परिणतिमा पुऱ्याउन महत्वपूर्ण सकारात्मक भूमिका निर्वाह गरेकोले जनआन्दोलनका घटनाक्रमको मूल्यांकन गरी अगाडिको कदम चाल्दा सो यथार्थ प्रति ध्यान दिई अन्य निर्णय लिनुपर्ने सुझाव प्राप्त भएको छ । आयोगबाट त्यस्तो सुझाव प्राप्त भएपनि निर्णय गर्ने प्रमुख जिम्मेवार व्यक्ति आफूले गरेको कामको उत्तरदायित्व लिनबाट उन्मुक्त हुन नहुने समितिको सुझाव रहेको छ । तसर्थ राजतन्त्र सम्बन्धी विषय संविधान सभाको पहिलो बैठकबाट निर्णय हुने गरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५९ को उपधारा (३) मा व्यवस्था भएकोले सो सम्बन्धमा सोही सभाले सोही बखत विचार गर्ने नै हुनाले यस सम्बन्धमा अहिले केही गर्नु परेन ।" भन्ने सुझाव रहेको र उक्त सुझावलाई नेपाल सरकार मन्त्रिपरिषदको मिति २०६३।१०।२५ को बैठकबाट अनुमोदन भएको देखिन्छ ।

जहाँसम्म मिति २०६२।१०।१३ को मन्त्रिपरिषदको बैठकमा उपस्थित अध्यक्ष लगायत अन्य मन्त्रिपरिषदका सदस्यहरु सामूहिक जिम्मेवार रहेकोले सामूहिक रुपमा भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कारबाही गर्नु पर्ने भन्ने बूँदाका सम्बन्धमा तत्कालिन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४१ को उपधारा (१) ले तत्कालिन श्री ५ को सरकार कार्य सम्पादन गर्नका लागि श्री ५ बाट नियमावली बनाई जारी गर्न सक्ने र उपधारा (२) ले उक्त नियमावली बमोजिम भए गरेका काम कारबाहीका सम्बन्धमा कुनै पनि अदालतमा प्रश्न उठाउन नपाइने प्रावधान गरेबाट उल्लेखित मन्त्रिपरिषदको मिति २०६२।१०।१३ को निर्णय समेत तत्कालिन श्री ५ को सरकारको कार्य सम्पादन नियमावली २०४७ (संशोधन सहित) बमोजिम पेश भई निर्णय भएको देखिन्छ । यसैगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) ले "संसदको कुनै सदन वा समितिको बैठकमा भएका कारबाही वा निर्णय वा त्यस्तो बैठकमा कुनै सदस्यले बोलेको वा गरेको कुनै काम कुराका सम्बन्धमा वा मन्त्रिपरिषद वा त्यसको कुनै समितिले सामूहिक रुपमा गरेको कुनै नीतिगत निर्णय र अदालतको न्यायिक काम कारबाहीका सम्बन्धमा आयोगले यस ऐन अन्तर्गत अनुसन्धान र तहकिकात तथा तत्सम्बन्धी कुनै कारबाही गर्ने छैन ।" भन्ने प्रावधान गरेको छ । यसैगरी मन्त्रिपरिषदको नीतिको औचित्य वा उपयुक्तताको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा जाँचबुझ गराउने उपयुक्त नहुने भन्ने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट "हाम्रो जस्तो बहुदलीय प्रजातान्त्रिक संवैधानिक व्यवस्थामा विभिन्न राजनीतिक दलले कुनै खास नीति वा राजनैतिक कार्यक्रम सहित सत्ताका लागि चुनावी प्रतिस्पर्धामा जनता समक्ष जानु पर्ने हुन्छ । निर्वाचनको परिणामबाट सरकार बनाउने स्थितिमा पुगेपछि सो दलले सोही नीति वा कार्यक्रमलाई लागू गर्नुपर्ने नैतिक कर्तव्य हुन्छ । त्यस्तो नीति वा कार्यक्रमलाई लागू गर्ने क्रममा मन्त्रिपरिषदबाट नीतिगत निर्णयहरु गर्नुपर्ने सहज सामान्य प्रक्रिया भएको र नीतिगत निर्णयको औचित्य वा उपयुक्तता सम्बन्धमा नेपाल अधिराज्यको संविधान, २०४७ अन्तर्गत सार्वभौम जनताद्वारा सिद्धान्ततः सो दललाई बहुमत दिनुबाट नै मान्यता दिएको मान्नु पर्ने स्वभाविक देखिन्छ । तसर्थ मन्त्रिपरिषदको नीतिको औचित्य वा उपयुक्तता सम्बन्धमा राजनैतिक दलहरुले आलोचना वा टिकाटिप्पणी गरी जनताको विश्वासबाट सत्तामा रहेको दललाई सरकारबाट हटाउनु सिवाय अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्तो संवैधानिक निकायद्वारा त्यसको जाँचबुझ गराउने विकल्प रहेको नदेखिने ।"

"राजनैतिक प्रक्रियाबाटै निरोपण हुनु पर्ने कुरा राजनैतिक प्रक्रियाबाट हुनु पर्ने हुँदा मन्त्रिपरिषद वा मन्त्रिपरिषदको समितिमा सामूहिक रुपले गरिएको नीतिगत निर्णय हाम्रो प्रजातान्त्रिक संवैधानिक संरचनाको परिप्रेक्ष्यमा स्वतः आयोगले जाँचबुझ तहकिकात गर्ने विषयमा नपर्ने प्रकृतिको हुँदा

विवादित कानूनमा उल्लेख भए वा नभएको जे भए पनि स्वत: आयोगको क्षेत्राधिकार बाहिरहुने हुँदा असंवैधानिक भन्न नमिल्ने ।" भनि नजीर प्रतिपादन भइरहेको (ने.का.प.२०५३ अंक ६ पृष्ठ ४५०) परिप्रेक्षमा मिति २०६२।१०।१३ मा बसेको मन्त्रिपरिषदबाट गृह मन्त्रीले समर्थन गर्ने रकमको सिमा वृद्धि गर्ने गरी नीतिगत रुपमा सामूहिक निर्णय भएको देखिंदा यस आयोगबाट अनुसन्धान र तहकिकात तथा तत्सम्बन्धी कुनै कारवाही हुन सक्ने नदेखिएकोले उक्त मिति २०६२।१०।१३ को मन्त्रिपरिषदमा उपस्थित अध्यक्ष, उपाध्यक्ष द्वय डा. तुलसी गिरी र कीर्तिनिधि बिष्ट तथा मन्त्रीहरु लगायत तत्कालिन मुख्य सचिवलाई समेत कारवाही गर्नु पर्ने पर्याप्त कानूनी आधारको अभाव रहेको हुँदा आयोगको मिति २०६५।३।३० को निर्णयानुसार तामेलीमा राखिएको ।

सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदनमा वैध आयस्रोत भन्दा बढी सम्पत्ति भएकोले छानबिन हुनुपर्ने भनिएका तथा आयोगलाई अन्य स्रोतबाट प्राप्त भएका जानकारी एवं उजूरीहरू समेतबाट गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक जीवनस्तर व्यतित गरिरहेका भनिएका देहायका व्यक्तिहरूको सम्पत्ति तथा त्यसको स्रोत सम्बन्धमा छानबिन गर्न आयोगबाट विभिन्न मितिमा विभिन्न अनुसन्धान अधिकृत नियुक्ति गरियो । राष्ट्र सेवकले पेश गरेको सम्पत्ति विवरण अमिल्दो र अस्वाभाविक देखिएमा वा मनासिव कारण बिना अमिल्दो र अस्वाभाविक जीवन स्तर यापन गरेमा वा आफ्नो हैसियत भन्दा बढी दान दातव्य दिएकोमा त्यस्तो सम्पत्तिको स्रोत निजले नै प्रमाणित गर्नुपर्नेछ भन्ने भ्रष्टाचार निवारण ऐनको व्यवस्थाको मर्मलाई समेत ध्यानमा राखी छानविन गर्दा निजहरूले सगोलको सम्पत्तिबाट बढे बढाएको, अंश बापत प्राप्त गरेको, दान, दातव्य, दाइजो, पेवा, उपहार, कृषि आय, घर बहाल, आफ्नो तथा परिवारका अन्य सदस्यहरूको पारिश्रमिक, विदेशमा सभा, सम्मेलन, गोष्ठी, तालिम, अध्ययनमा भाग लिई वा काम गरी बचत गरी ल्याएको रकम आदि आम्दानीका वैध स्रोतबाट प्राप्त रकमको अनुपातमा निजहरूले आर्जन गरेको चल अचल सम्पत्ति तथा अन्य खर्चहरू समेतको हिसाब गर्दा निजहरूको स्रोत खुलेको आयको तुलनामा अनुसन्धानबाट खुल्न आए सम्मका प्रमाणहरूबाट देखिएको कुल सम्पत्ति स्वाभाविक नै देखिन आई अमिल्दो र अस्वाभाविक देखिन/खुल्न नआएको प्रतिवेदन फायल संलग्न भई निर्णयार्थ आयोगका विभिन्न बैठकहरूमा पेश भएकोमा पछि अन्य थप प्रमाण प्राप्त हुन आएमा सोही बखत पुन: अनुसन्धान लगायत कानून बमोजिमका कारबाहीहरू हुने नै हुँदा हाल भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम देहायका व्यक्तिहरूको अनुसन्धान कारबाहीको फायल तामेलीमा राखिएको छ ।

क्र.सं.	आयोगको निर्णय मिति	नाम, थर	सार्विक पद	सार्विक कार्यालय
१.	२०६४।४।२	दुर्गा प्रसाद के.सी.(खत्री)	कार्यकारी निर्देशक	सडक विभाग अन्तर्गत
२.	२०६४।४।२	सुरेन्द्र बहादुर पाल	प्रहरी नायव महानिरीक्षक	नेपाल प्रहरी अन्तर्गत
३.	२०६४।४।३	भगिराज इडनाम	प्रमुख लेखा नियन्त्रक	वन विभाग अन्तर्गत
४.	२०६४।४।१७	डम्बर बहादुर थापा	कर अधिकृत	अर्थ मन्त्रालय अन्तर्गत

क्र.सं.	आयोगको निर्णय मिति	नाम, थर	साविक पद	साविक कार्यालय
५.	२०६४।४।१७	सिताराम साह	नि. क्षेत्रीय सडक निर्देशक	सडक बिभाग अन्तर्गत
६.	२०६४।४।२१	उमाशंकर जोशी	उप-सचिव	संचार मन्त्रालय अन्तर्गत
७.	२०६४।४।२१	उमाकान्त झा	महानिर्देशक	सिंचाई विभाग अन्तर्गत
८.	२०६४।४।२१	शिशिर कोईराला	ईन्जिनियर	सिंचाई विभाग अन्तर्गत
९.	२०६४।४।२२	महेन्द्र प्रकाश पौड्याल	शाखा अधिकृत	सहकारी प्रशिक्षण डिभिजन कार्यालय, कास्की
१०.	२०६४।४।२३	स्व. बलराम बहादुर के.सी.	तत्कालिन शसस्त्र प्रहरी नायव महानिरीक्षक	शसस्त्र प्रहरी वल अन्तर्गत
११.	२०६४।४।२४	कृष्णबहादुर श्रेष्ठ	शाखा अधिकृत	अर्थ मन्त्रालय अन्तर्गत
१२.	२०६४।६।१	दिनेशनाथ चालिसे	इन्जिनियर	भौतिक योजना तथा निर्माणमन्त्रालय अन्तर्गत
१३.	२०६४।६।७	केदार पनेरु	शाखा अधिकृत	अर्थ मन्त्रालय अन्तर्गत
१४.	२०६४।७।१२	दिपक के.सी.	इन्जिनियर	सडक विभाग अन्तर्गत
१५.	२०६४।७।१२	गोविन्द प्रसाद सुवेदी	शाखा अधिकृत	अर्थ मन्त्रालय अन्तर्गत
१६.	२०६४।७।१३	मेघराज रेग्मी	इन्जिनियर	खानेपानी तथा ढल निकास विभाग अन्तर्गत
१७.	२०६४।७।१३	नारायण आचार्य	कर अधिकृत	आन्तरिक राजश्व विभाग
१८.	२०६४।७।१३	संजय कुमार श्रेष्ठ	इन्जिनियर	सडक विभाग अन्तर्गत
१९.	२०६४।७।२७	चिरञ्जीवि पौडेल	शाखा अधिकृत	वाणिज्य विभाग अन्तर्गत
२०.	२०६४।७।२८	पुरुषोत्तम बस्ताकोटी	नायबसुब्बा	आन्तरिक राजश्व विभाग
२१.	२०६४।७।२८	विष्णु प्रसाद पौडेल	शाखा अधिकृत	गृह मन्त्रालय अन्तर्गत
२२.	२०६४।८।१४	मिनप्रसाद ज्ञवाली	उप-सचिव	खानी तथा भू-गर्भ विभाग
२३.	२०६४।८।१४	रमेश कुमार मित्तल	इन्जिनियर	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

क्र.सं.	आयोगको निर्णय मिति	नाम, थर	साविक पद	साविक कार्यालय
२४.	२०६४।८।१६	अच्युतराज चालिसे	ओभरसियर	सिंचाई विभाग अन्तर्गत
२५.	२०६४।८।१६	प्रल्हाद प्रसाद धिताल	सहायक बन अधिकृत	जिल्ला बन कार्यालय कैलाली
२६.	२०६४।८।२०	सुधिर कुमार कोइराला	बन अधिकृत	जिल्ला बन कार्यालय इलाम
२७.	२०६४।८।२५	सुरेश कुमार उपाध्याय	तत्कालिन प्रमुख	नेपाल गुणस्तर तथा नापतौल कार्यालय काठमाडौं
२८.	२०६४।८।२६	चन्द्रमणी अधिकारी	कर अधिकृत	आन्तरिक राजश्व विभाग
२९.	२०६४।८।२७	पुष्पराज अधिकारी	लेखा अधिकृत	हुलाक सेवा बिभाग
३०.	२०६४।९।१९	शालिग्राम रेग्मी	ईन्जिनियर	सडक विभाग अन्तर्गत
३१.	२०६४।९।२४	जय प्रसाद पराजुली	शाखा अधिकृत	यातायात व्यवस्था कार्यालय, लुम्बिनी
३२.	२०६४।९।२४	पुष्कर न्यौपाने	शाखा अधिकृत	अर्थ मन्त्रालय अन्तरर्गत
३३.	२०६४।९।२६	प्रेम कुमार सिंह	ईञ्जिनियर	यातायात व्यवस्था विभाग अन्तर्गत
३४.	२०६४।९।३०	निसित कुमार पौडेल	प्रशिक्षक	राजश्व प्रशासन तालिम केन्द्र
३५.	२०६४।९।३०	नवल किशोर चौधरी	कर अधिकृत	आन्तरिक राजश्व विभाग
३६.	२०६४।१०।३	सुरेन्द्र प्रसाद चौधरी	इन्जिनियर	सिंचाई विभाग अन्तर्गत
३७.	२०६४।१०।७	प्रकाश लम्साल	बन अधिकृत	बन विभाग अन्तर्गत
३८.	२०६४।१०।७	वासुदेव अर्याल	शाखा अधिकृत	भूमिगत जलस्रोत विकास परियोजना, बबरमहल
३९.	२०६४।१०।७	भिमवहादुर थापा	जनस्वास्थ्य निरीक्षक	स्वास्थ्य सेवा विभाग
४०.	२०६४।१०।१४	दयाकान्त झा	सि.डि.ई.	सडक विभाग अन्तर्गत
४१.	२०६४।१०।२३	नारायण प्रसाद मैनाली	प्रशासकिय अधिकृत	हाल जिल्ला प्रशासन कार्यालय, काठमाडौं
४२.	२०६४।११।५	गिता घिमिरे	शाखा अधिकृत	शिक्षा सेवा अन्तर्गत

क्र.सं.	आयोगको निर्णय मिति	नाम, थर	साविक पद	साविक कार्यालय
४३.	२०६४।११।६	सिताराम श्रेष्ठ	इन्जिनियर	डिभिजन सडक कार्यालय, चरिकोट
४४.	२०६४।११।१२	शिव कुमार कटुवाल	उप-सचिव	अर्थ मन्त्रालय अन्तर्गत
४५.	२०६४।११।१२	पुष्प बहादुर के.सी.	तत्कालीन नायव सुब्बा	मालपोत कार्यालय नुवाकोट
४६.	२०६४।११।१९	गम प्रसाद रेस्मी	इन्जिनियर	नेपाल विद्युत प्राधिकरण, वुटवल
४७.	२०६४।११।२०	निरन्जनदेव पाण्डे	इन्जिनियर	सिंचाई विभाग अन्तर्गत
४८.	२०६४।११।२०	शंकरमणि ज्ञवाली	इन्जिनियर	खानेपानी तथा ढल निकास विभाग अन्तर्गत
४९.	२०६४।११।२६	जीव नारायण बराल	लेखा अधिकृत	महालेखा नियन्त्रक कार्यालय अन्तर्गत
५०.	२०६४।११।२८	रमेश सुबेदी	खरिदार	मालपोत बिभाग अन्तर्गत
५१.	२०६४।१२।१४	नरेन्द्र सिंह भण्डारी	इन्जिनियर	जलस्रोत मन्त्रालय अन्तर्गत
५२.	२०६४।१२।२०	इन्दु विक्रम जोशी	केमिष्ट	नेपाल गुणस्तर तथा नापतौल विभाग
५३.	२०६४।१२।२४	अयोध्या प्रसाद श्रेष्ठ	डिभिजन प्रमुख	सडक विभाग अन्तर्गत
५४.	२०६५।१।८	बिमल प्रसाद भट्टराई	भंसार अधिकृत	अर्थ मन्त्रालय अन्तर्गत
५५.	२०६५।१।९	बलराम गौतम	शाखा अधिकृत	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत
५६.	२०६५।१।१५	पदमलाल गौतम	इन्जिनियर	शहरी तथा भवन बिभाग
५७.	२०६५।१।२९	किशोर जोशी	प्रमुख अधिकृत	राजश्व अनुसन्धान कार्यालय, इटहरी
५८.	२०६५।२।२	गोपिनाथ मैनाली	वरिष्ट प्रशिक्षक	राजश्व प्रशासन तालिम केन्द्र
५९.	२०६५।२।२	रमेश श्रेष्ठ	वरिष्ट क्याविन कु.	नेपाल वायु सेवा निगम

क्र.सं.	आयोगको निर्णय मिति	नाम, थर	साविक पद	साविक कार्यालय
६०.	२०६५।२।२	राम प्रसाद मैनाली	कर अधिकृत	आन्तरिक राजश्व विभाग
६१.	२०६५।२।२	राम विलास साह	इन्जिनियर	सिंचाई विभाग अन्तर्गत
६२.	२०६५।२।९	सूर्यप्रसाद नेपाल	एक्सरे टेक्निसियन	सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्सा
६३.	२०६५।२।१९	बासुदेव शर्मा पौडेल	लेखा अधिकृत	महालेखा नियन्त्रक कार्यालय अन्तर्गत
६४.	२०६५।२।१९	विमन कुमार पौडेल	इन्जिनियर	खानेपानी तथा ढल निकास विभाग अन्तर्गत
६५.	२०६५।२।२२	रामजी भण्डारी	सहायक प्रबन्धक	प्रसारण ग्रिड उत्तर पश्चिम शाखा, पोखरा
६६.	२०६५।२।२३	पुष्पाञ्जली खनाल	इन्जिनियर	सडक विभाग अन्तर्गत
६७.	२०६५।३।२	सुरेन्द्रनाथ अधिकारी	पूर्व उप-सचिव	भन्सार बिभाग अन्तर्गत
६८.	२०६५।३।८	रामकृष्ण भट्टराई	निमित्त डिभिजन प्रमुख	खाने पानी तथा सर सफाई डिभिजन कार्यालय, धादिङ
६९.	२०६५।३।१०	तारा प्रसाद प्रधान	इन्जिनियर	नेपाल विद्युत प्राधिकरण
७०.	२०६५।३।१२	जीवन प्रकाश सिटौला	उप-निर्देशक	उद्योग विभाग अन्तर्गत
७१.	२०६५।३।१२	गोपाल दाहाल क्षेत्री	शाखा अधिकृत	शान्ति तथा पुनःनिर्माण मन्त्रालय
७२.	२०६५।३।२२	दिपक कुमार रोका	सञ्चार अधिकृत	नेपाल राष्ट्र बैंक
७३.	२०६५।३।२६	शिवप्रसाद उप्रेती	इन्जिनियर	सडक विभाग अन्तर्गत
७४.	२०६५।३।२६	शिवप्रसाद शर्मा	कर अधिकृत	आन्तरिक राजश्व कार्यालय, सिमरा
७५.	२०६५।३।२६	राजेन्द्र शर्मा	सहायक पशु चिकित्सक	बनस्पति विभाग अन्तर्गत

परिच्छेद - १५
आयोगका अन्य गतिविधि

क. <u>अन्तराष्ट्रिय सभा, सम्मेलन तथा अध्ययन भ्रमण</u> :

१. २०६४ श्रावण १२ गते देखि १९ गतेसम्म Malaysia Anti Corruption Academy को आयोजनामा मलेसियाको क्वालालम्पुरमा संचालन भएको Accountibility and Integrity in Public Sector विषयक तालीममा आयोगका सहन्यायाधिवक्ता श्री दुर्गावन्धू पोखरेल तथा उप सचिव श्री कृष्णहरि देवकोटाले भाग लिनु भएको थियो ।

२. २०६४ श्रावण १६ गते देखि २४ गतेसम्म इण्डोनेशियाको जकार्तामा ADB/OECD Anti Corruption Initiative for Asia and Passific तथा Commission for Eradication of Corruption in Indonesia (KPK) को संयुक्त आयोजनामा संचालित Regional Seminar on Conflict of Interest मा आयोगका सहन्यायाधिवक्ता श्री राजेन्द्र कुमार पोखरेलले भाग लिनु भएको थियो । सन् २००१ देखि नेपाल ADB/OECD को सदस्य रही आएको छ ।

३. २०६४ भाद्र ९ गते देखि २२ गतेसम्म मलेसियामा संचालित Executive Certificate Course for Strategic Management of Anti Corruption Program मा आयोगका तर्फवाट शाखा अधिकृत श्री गोमा देवी चेम्जोङ्गले भाग लिनु भएको थियो ।

४. २०६४ भाद्र १५ गते देखि २३ गतेसम्म इण्डोनेशियाको वालीमा ADB/OECD को आयोजनामा Making International Anti-Bribery Standards Operational:Asset Revovery and Mutual Legal Assistance सम्वन्धी दशौं स्टेरिङ्ग ग्रुप मिटिङ्गमा आयोगको तर्फवाट माननीय आयुक्त श्री वेदप्रसाद शिवाकोटी र उप सचिव डा.मीनबहादुर पौड्याल क्षेत्रीले भाग लिनु भएको थियो ।

५. २०६४ भाद्र २३ गते देखि २९ गतेसम्म मलेशियाको क्वालालाम्पुरमा Malaysia Anti Corruption Academy को आयोजनामा संचालित Senior Executive Certificate Course for Strategic Management of Anti Corruption Program मा आयोगको तर्फवाट सहन्यायाधिवक्ता श्री श्रीधर सापकोटाले भाग लिनु भएको थियो ।

६. २०६४ कात्तिक १९ गते देखि २१ गतेसम्म इण्डोनेशियाको वालीमा ADB/OECD/GTZ/SIDA ले आयोजना गरी Commission for Eradication of Corruption in Indonesia ले संयोजन गरेको Making International Anti-Corruption Standards Operational : Fighting Bribery in Public Procurement सम्वन्धी क्षेत्रीय स्तरको सम्मेलनमा आयोगको तर्फवाट सहन्यायाधिवक्ता श्री समिर सिलवाल र शाखा अधिकृत पुरुषोत्तम अधिकारीले भाग लिनु भएको थियो ।

७. २०६४ मंसिर ५ गते देखि ८ गतेसम्म इण्डोनेशियाको वालीमा भ्रष्टाचार विरुद्ध कार्यरत अन्तर्राष्ट्रिय संस्थाहरुको संघ (IAACA) को दोस्रो वार्षिक सम्मेलन र साधारण सभा सम्पन्न भएको थियो । उक्त सम्मेलनमा संयुक्त राष्ट्र संघ लगायत संयुक्त राष्ट्र संघका ८९ सदस्य राष्ट्रहरु र ११ अन्तराष्ट्रिय संस्थाका प्रतिनिधिहरुको समेत सहभागिता रहेको थियो । आयोगको तर्फवाट उक्त सम्मेलनमा माननीय

आयुक्त श्री वेदप्रसाद शिवाकोटी, सचिव श्री भगवती कुमार काफ्ले, सह सचिव श्री रामकुमार आचार्य र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव श्री ताना गौतमले भाग लिनु भएको थियो ।

८. २०६४ वैशाख ९ गते देखि १३ गतेसम्म मलेशियाको क्वालालाम्पुरमा Malaysia Anti Corruption Academy को आयोजनामा संचालित Formulation of Code of Ethics Program मा आयोगको तर्फवाट सहन्यायाधिवक्ता श्री डिल्लीरमण आचार्यले भाग लिनु भएको थियो ।

९. २०६५ वैशाख ९ गते देखि १३ गतेसम्म भारतको गाजियावादमा CBI Academy को आयोजनामा संचालित Investigation of Bank Fraud Cases विषयक सार्क स्तरीय तालिममा आयोगको तर्फवाट उप–निर्देशक श्री श्याम प्रसाद खनाल र शाखा अधिकृत श्री शंकर कुमार राईले भाग लिनु भएको थियो ।

१०. २०६५ वैशाख २२ गते देखि २७ गतेसम्म आयोगको एक प्रतिनिधि मण्डलले Independent Commission Against Corruption (ICAC), Hongkong को अध्ययन भ्रमण गऱ्यो । प्रहरी नायव महानिरीक्षक श्री नरेश गुरुङ्गको नेतृत्वमा गएको उक्त टोलीमा आयोगका उप सचिव श्री खड्गबहादुर राना, उपन्यायाधिवक्ता श्री ध्रुवकुमार भट्टराई, उप सचिव(लेखा) श्री वालकृष्ण घिमिरे र इन्जिनियर श्री विजयमुनी वज्राचार्य हुनुहुन्थ्यो ।

११. २०६५ जेठ १४ गते देखि १५ गतेसम्म फिलिपिन्सको राजधानी मनिलामा संचालन भएको ADB/OECD Anti Corruption Initiative for Asia and the Pacific को ११ औं स्टेरिङ्ग मिटिङ्गमा आयोगको तर्फवाट माननीय का.वा. प्रमुख आयुक्त श्री ललितबहादुर लिम्बु र सहन्यायाधिवक्ता श्री मोहनबहादुर कार्कीले भाग लिनु भएको थियो ।

१२. २०६५ जेठ २७ गते देखि २९ गतेसम्म कतारको राजधानी दोहामा संचालन भएको भ्रष्टाचारमुक्त एशिया : दीर्घकालिन सोच विषयक अन्तराष्ट्रिय सम्मेलनमा आयोगको तर्फवाट माननीय का.वा. प्रमुख आयुक्त श्री ललितबहादुर लिम्बु र सह-सचिव(प्रा.) श्री भूपेन्द्रबहादुर वस्नेतले भाग लिनु भएको थियो ।

१३. २०६५ जेठ १२ गते देखि २५ गते सम्म संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नयाँ नेपालको भावी संरचनावारे सुझाव दिन सामान्य प्रशासन मन्त्रालयका सचिवको अगुवाईमा भारतीय संघीयता र प्रशासकीय व्यवस्थाको अध्ययन गर्न गएको उच्चस्तरीय टोलीमा आयोगका सचिव श्री भगवती कुमार काफ्लेको समेत सहभागीता रहेको थियो ।

ख. <u>आन्तरिक गतिविधिहरु</u> :

अ. <u>अन्तरक्रिया र गोष्ठी</u> :

(१) भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस २०६४ मंसीर २३ (Dec. 9) गतेका दिन अन्तरक्रिया गोष्ठीको आयोजना गरियो । सम्माननीय सभामुख श्री सुवाषचन्द्र नेम्वाङ्गले उदघाटन गर्नु भएको उक्त गोष्ठीको प्रथम शत्रको अध्यक्षता आयोगका पूर्व प्रमुख आयुक्त श्री सूर्यनाथ उपाध्यायले गर्नु भएको थियो र कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सहसचिव श्री केदार पौडेलले भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धीको अनुमोदन र यसका लागि गर्नु पर्ने तयारी विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यपत्रमा डा. श्रीकृष्ण श्रेष्ठले टिप्पणी गर्नु भएको थियो । त्यसै गरी कार्यक्रमको दोश्रो शत्र सर्वोच्च

अदालतका माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठको अध्यक्षतामा भयो । सो शत्रमा कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सहसचिव श्री वावुराम पौडेल र नेपाल राष्ट्र वैंकका निर्देशक श्री भाष्करमणि ज्ञवालीले भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धीको प्रभावकारी कार्यान्वयनका लागि सम्पत्ति शुद्धिकरण सम्वन्धी कानूनको भूमिका विषयक कार्यपत्र संयुक्त रुपमा प्रस्तुत गर्नु भएको थियो भने सो कार्यपत्र माथि अर्थ मन्त्रालयका सचिव श्री रामेश्वर खनालले टिप्पणी गर्नु भएको थियो । उदघाटन मन्तव्य व्यक्त गर्दै सम्माननीय सभामुख श्री सुवाषचन्द्र नेम्वाङ्गले नेपालले हस्ताक्षर गरेको भ्रष्टाचार विरुद्धको महासन्धी संसदवाट अनुमोदन गराउन आफ्नो तर्फवाट सक्दो पहल गर्ने विचार व्यक्त गर्नु भयो ।

(२) आयोगको तत्वावधानमा २०६४ पौष ६ गते दोलखा जिल्लाको चरिकोट र पौष ७ गते रामेछाप जिल्लाको मन्थलीमा जिल्लाका सम्पूर्ण कार्यालय प्रमुखहरु,राजनैतिक दलका प्रतिनिधिहरु, उद्योग वाणिज्य संघको जिल्लास्थित प्रतिनिधिहरु,नागरिक समाजका अगुवाहरु, भ्रष्टाचार नियन्त्रणसंग सम्वन्धित जिल्लास्थित संघ - संस्थाका प्रतिनिधिहरु, शिक्षक, विद्यार्थी, समाजसेवी, व्यापारी, महिला लगायत अन्य जिज्ञासुहरु वीच भ्रष्टाचार नियन्त्रणमा स्थानीय सहभागीता विषयक एक दिने अन्तरक्रिया एवं जिल्लास्थित कार्यालयका सहायकस्तरका कर्मचारीहरुलाई भ्रष्टाचार र अनुचित कार्य सम्वन्धमा गोष्ठी संचालन गरिएको थियो । उक्त कार्यक्रममा आयोगको तर्फवाट सचिव श्री भगवती कुमार काफ्ले,उप सचिव डा.मीनबहादुर पौड्याल क्षेत्री, शाखा अधिकृत श्री पुरुषोत्तम अधिकारी एवं ना.सु. श्री कमलहरि खतिवडा लगायत शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव श्री वालानन्द पौडेल र सामान्य प्रशासन मन्त्रालयका सचिव श्री रामहरि अर्याल समेतको सहभागिता रहेको थियो ।

(३) आयोग र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) नेपालको संयुक्त आयोजनामा २०६४ साउन २९ गते आयोगको सभाहलमा भ्रष्टाचार नियन्त्रण र सुशासन सम्वन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त अन्तरक्रिया कार्यक्रममा UNDP का प्रतिनिधि यस पाल घाई र प्रोफेसर पिटर ल्यामोरले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

(४) आयोग र विभिन्न सार्वजनिक संस्थानका प्रमुखहरु वीच २०६४ पौष ११ गते आयोगको सभाहलमा भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने लगायत आयोगका विभिन्न गतिविधिका सम्वन्धमा व्यापक अन्तरक्रिया सम्पन्न भयो । उक्त अन्तरक्रिया कार्यक्रममा आयोग र सार्वजनिक संस्थानहरु वीच कायम गर्नु पर्ने सहयोग र समन्वय लगायत सार्वजनिक संस्थानहरुले कार्यसम्पादन गर्दा अपनाउनु पर्ने पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व लगायत जनतालाई सुसूचित गराउनु पर्ने विषयमा छलफल भएको थियो ।

(५) आयोग र नेपाल सरकारका विभिन्न विभागका विभागीय प्रमुखहरु वीच २०६४ पौष १३ गते आयोगको सभाहलमा भ्रष्टाचार नियन्त्रण र सुशासन कायम विषयमा व्यापक अन्तरक्रिया सम्पन्न भयो । उक्त अन्तरक्रिया कार्यक्रममा आयोग र विभागहरु वीच कायम गर्नु पर्ने सहयोग र समन्वय लगायत नेपाल सरकारका विभागहरुले कार्यसम्पादन गर्दा अपनाउनु पर्ने पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व लगायत जनतालाई सुसूचित गराउनु पर्ने विषयमा छलफल भएको थियो ।

(६) २०६४ पौष २२ गते आयोगको सभाहलमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र नेपाल सरकारका मुख्य सचिव, सचिव तथा विशिष्ट श्रेणीका पदाधिकारीहरु वीच भ्रष्टाचार

नियन्त्रणका विविध विषयहरु, आयोगको कार्य प्रक्रिया लगायत सहयोग र समन्वयका विषयमा व्यापकरुपमा छलफल भयो। उक्त कार्यक्रममा मन्त्रालयहरुले भ्रष्टाचार नियन्त्रणमा आयोगलाई पुऱ्याउनु पर्ने सहयोग, सुशासन कायम गर्न अपनाउनु पर्ने विविध विषय लगायत सुशासन ऐनलाई व्यावहारिक प्रयोगका साथ कसरी जनविश्वासयुक्त वनाउन सकिन्छ भन्ने विषयमा छलफल भएको थियो।

(७) २०६४ माघ २५ देखि २८ गतेसम्म अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आयोजनामा विभिन्न कार्यक्रमहरुको आयोजना गरी भव्यताका साथ अख्तियार दिवस मनाइयो। खेलकुद (व्याडमिन्टन र टेवुलटेनिस) प्रतियोगिता, रक्तदान, विभिन्न क्याम्पसमा अध्ययनरत विद्यार्थीहरु वीच भ्रष्टाचारले समाजमा पार्ने नकारात्मक प्रभाव विषयमा र निजामती कर्मचारीहरु वीच भ्रष्टाचार नियन्त्रणमा कर्मचारीहरुको भूमिका विषयमा निवन्ध प्रतियोगिता भएको थियो। यसका साथै नेपाल टेलिभिजन तथा रेडियो नेपालवाट परिसम्वाद कार्यक्रमको आयोजना भएको थियो। माघ २८ गते सम्माननीय प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाको प्रमुख आतिथ्यमा मूल समारोहको कार्यक्रम सम्पन्न भयो। सम्माननीय प्रधान न्यायाधीश श्री केदारप्रसाद गिरी तथा सम्माननीय सभामुख सुवासचन्द्र नेम्वाङ्गको समेत उपस्थिति रहेको सो समारोहमा भ्रष्टाचार नियन्त्रण सम्वन्धी लेख रचना समेटी प्रकाशन गरिएको स्मारिका विमोचन गरिएको थियो। त्यसैगरी मुलुक भरिका क्षेत्रीय प्रशासन कार्यालय र जिल्ला प्रशासन कार्यालयहरुबाट पनि अख्तियार दिवसको सन्दर्भमा भ्रष्टाचार विरुद्ध जनचेतना जगाउने खालका विभिन्न कार्यक्रमहरु आयोजना गरी मनाइएको थियो।

(८) आयोगको तत्वावधानमा २०६४ माघ २६ गते देखि फागुन २ गतेसम्म स्याङ्जा, कास्की र गोरखा जिल्लामा जिल्लाका सम्पूर्ण कार्यालय प्रमुखहरु, राजनैतिक दलका प्रतिनिधिहरु, उद्योग वाणिज्य संघको जिल्लास्थित प्रतिनिधिहरु, नागरिक समाजका अगुवाहरु, भ्रष्टाचार नियन्त्रणसंग सम्वन्धित जिल्लास्थित संघ संस्थाका प्रतिनिधिहरु, शिक्षक, विद्यार्थी, समाजसेवी, व्यापारी, महिला लगायत अन्य जिज्ञासुहरु वीच भ्रष्टाचार नियन्त्रणका लागि स्थानीय सहभागिता विषयक एक दिने अन्तरक्रिया एवं जिल्लास्थित कार्यालयका सहायकस्तरका कर्मचारीहरुलाई भ्रष्टाचार र अनुचित कार्य सम्वन्धमा गोष्ठी / तालीम संचालन गरिएको थियो। उक्त कार्यक्रममा आयोगको तर्फवाट उप सचिव डा.मीनवहादुर पौड्याल क्षेत्री, शाखा अधिकृत श्री पुरुषोत्तम अधिकारी र शाखा अधिकृत श्री उदयनाथ वगालेको सहभागीता रहेको थियो।

(९) २०६५ साल आषाढ २० गते सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ वमोजिमको आचारसंहिता निर्माण तथा कार्यान्वयन सम्वन्धमा संस्थान प्रमुखहरु वीच आयोगमा छलफल भयो। उक्त कार्यक्रममा सह-न्यायाधिवक्ता श्री डिल्लीरमण आचार्यले Code of Ethics विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। सोही कार्यपत्र आषाढ २७ गते सह-न्यायाधिवक्ता श्री डिल्लीरमण आचार्यले नेपाल सरकारका विभागीय प्रमुखहरु वीच समेत प्रस्तुत गरी वर्तमान सन्दर्भमा आचार संहिताको निर्माण तथा सोको प्रभावकारी कार्यान्वयन वारे छलफल भएको थियो।

(१०) छिटो छरितो ढङ्गले भ्रष्टाचार विरुद्धका उजुरीहरु आयोगमा दिन सकियोस भन्ने हेतुले आषाढ महीना देखि आयोगले on-line complain को शुरुवात गरेको छ। आयोगको वेभसाईट

www.ciaa.gov.np मा गई तहाँ प्राप्त निर्देशानुसार on-line complain गर्न सकिने व्यवस्था मिलाईएको छ ।

(११) जनतामा पुऱ्याईने सेवा सुविधा निर्वाध रुपमा प्रवाह होस् र सेवाग्राहीले अनावश्यक दुख झेल्नु परेको अवस्थामा सजिलैसित उजुरी गर्न सकियोस भन्नाको लागि उपत्यका भित्रका ३० वटा विभिन्न कार्यालयहरुमा आयोगको उजुरी पेटिका राख्ने कार्यलाई निरन्तरता दिइएको छ र उक्त पेटिका प्रत्येक हप्ता खोली सोमा परेको उजुरी उपर कारवाही अगाडि वढाईएको छ ।

आ. <u>तालिम</u>:

(१) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नै साधन,श्रोत र क्षमताको परिधि भित्र रही आयोगमा सरुवा भई आउने अधिकृत एवं सहायकस्तरका कर्मचारीहरुलाई आयोगको कार्य प्रक्रियाको वारेमा जानकारी दिलाउने उद्देश्यले भ्रष्टाचार नियन्त्रण सम्वन्धी आधारभूत तालिम संचालन गर्दै आएको छ । २०६१ साल चैत्र देखि आ.व.२०६४/६५ को अन्त्यसम्ममा अधिकृतस्तरको सातौ र सहायकस्तरको पाचौ तालिम सम्पन्न भएको छ ।

(२) आयोगमा कार्यरत अधिकृत एवं सहायकस्तरका कर्मचारीहरुलाई कम्प्युटर सम्वन्धी ज्ञान दिलाई क्षमता अभिवृद्धि गर्ने अभिप्रायले आयोगको जनशक्तिवाट आयोगकै तालिम कक्षमा आधारभुत कम्प्युटर तालिम समेत संचालन हुँदै आएको छ । आ.व.२०६४/६५ मा पाँच वटा आधारभूत तालिम सम्पन्न भएका छन् ।

(३) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले सामूदायीक शिक्षा कार्यक्रमलाई अभियानकोरुपमा संचालन गर्दै आएको छ । उक्त अभियानलाई आवश्यक जनशक्ति तयार गर्नको लागि आयोगमा कार्यरत १९ जना अधिकृतस्तरका कर्मचारीहरुलाई मिति २०६५ असार १ गते देखि ६ गतेसम्म नगरकोटमा आवासीय प्रशिक्षक प्रशिक्षण (TOT) तालिम सम्पन्न भएको छ ।

इ. <u>कार्यपत्रहरुको प्रस्तुति र छलफल</u> :

अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचार र अनुचित कार्यका विरुद्ध अनुसन्धान तहकिकात गर्ने/गराउने संवैधानिक निकाय हो । आयोगमा कार्यरत जनशक्ति विभिन्न सेवा/समूहका हुने हुँदा निजहरुले आयोगको कार्य प्रक्रिया अनुसार छिटोछरितो, वस्तुनिष्ठ र पारदर्शी ढङ्गले अनुसन्धान सम्पन्न गर्नु पर्ने हुँदा विभिन्न विषयको जानकारी लिनु पर्ने हुन्छ । यसै तथ्यलाई मध्यनजर राखी आयोगमा कार्यरत अनुसन्धान अधिकृतहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले प्राय: हरेक शुक्रवार सम्वन्धित क्षेत्रका विशेषज्ञहरुवाट विविध विषयका कार्यपत्रहरु प्रस्तुत गर्ने र त्यस उपर छलफल गराउने गरिएको छ । यसै क्रममा आ.व.२०६४/६५ मा जम्मा १४ वटा विषयका कार्यपत्रहरु प्रस्तुत गरिएका छन् ।

ई. <u>सदाचार रेडियो कार्यक्रम :</u>

भ्रष्टाचार विरुद्ध सचेतना जगाउने एवं आयोगका गतिविधिहरु आम जनसमुदाय समक्ष पुऱ्याउने उद्देश्यले आ.व. २०६१।६२ देखि प्रत्येक हप्ता रेडियो नेपालवाट १५ मीनेट सदाचार रेडियो कार्यक्रम प्रसारण हुदै आएको छ । आ.व. २०६४।६५ देखि आयोगकै जनशक्तिवाट उक्त कार्यक्रम शनिवार साँझ १९:४५ वजे दुखि २०:०० वजे सम्म संचालन हुदै आएको छ । यस

कार्यक्रममा आयोगको गतिविधि, समाचार लगायत भ्रष्टाचार विरुद्धका सन्देशहरु प्रस्तुत गर्ने गरिन्छ। यसरी शनिवार प्रसारण हुने सदाचार रेडियो कार्यक्रम स्थानीय स्तरमा प्रभावकारी ढङ्गले जनता माझ सुन्न सकियोस भन्ने हेतुले उक्त कार्यक्रम हरेक आईतवार विहान ६:३० वजे देखि ६:४५ वजेसम्म नेपालका विभिन्न १४ वटा एफ.एम. रेडियो मार्फत पुनः प्रसारण गर्ने समेत व्यवस्था मिलाईएको छ।

उ. सामुदायिक शिक्षा कार्यक्रम :

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५(ख)२ मा भ्रष्टाचार नियन्त्रणको लागि आयोगले विभिन्न उपायहरु अवलम्वन गर्न सक्ने व्यवस्था गरे वमोजिम आ.व २०६४/०६५ मा आयोगले सामुदायिक शिक्षा कार्यक्रम संचालन गऱ्यो। यस कार्यक्रम अन्तरगत विभिन्न २७ वटा माध्यमिक, उच्च माध्यमिक विद्यालयहरु तथा क्याम्पसका विभिन्न तहमा अध्ययनरत २,९९८ जना विद्यार्थी, शिक्षक र कर्मचारीहरुको सहभागितामा भष्टाचार विरोधी सामुदायिक शिक्षा कार्यक्रम सम्पन्न भयो। त्यसैगरी नागरिक समाज र नेपाल सरकारका विभिन्न निकायका ३२५ जना कर्मचारीहरुको सहभागितामा भ्रष्टाचार विरोधी सामुदायिक शिक्षा कार्यक्रम सम्पन्न गरियो। विद्यालय तथा महाविद्यालयको पाठ्यक्रममा भ्रष्टाचार विरुद्धको विषयवस्तु समावेश गर्नको लागि शिक्षा तथा खेलकुद मन्त्रालयलाई आयोगले सुझाव दिएकामा मन्त्रालयले उक्त सुझाव कार्यान्वयन गर्नको लागि पहल गरेको थाहा हुन आएको छ।

परिच्छेद - १६

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको त्रिवर्षीय (२०६४/६५ - २०६६/६७) रणनीति

१. पृष्ठभूमि :

भ्रष्टाचार नियन्त्रण गरी सुशासनको वहाली गर्नु राज्यको गहन दायित्व भएको हुँदा कुनै सार्वजनिक पद धारणा गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्वन्धमा कानून बमोजिम अनुसन्धान तहकिकात गर्न वा गराउन र विशेष अदालतमा मुद्दा दायर गर्न सक्ने निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई नेपालको अन्तरिम संविधान, २०६३ ले पनि निरन्तरता दिएको छ । नेपालको अन्तरिम संविधान, २०६३, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ लगायत अन्य प्रचलित कानूनको दायराभित्र रही आफूलाई सुम्पिएको जिम्मेवारीलाई कार्यविधि, निर्देशिका, मार्गदर्शनहरू र आचार संहिता समेत बनाई निस्पक्षता, निर्भिकता र दृढताका साथ निर्वाह गर्दै आएको छ । ऐन कानूनले निर्दिष्ट गरे अनुसारका काम कारवाहीहरूलाई अझ वढी चुस्त र दुरुस्त वनाउनको निम्ति आयोगले सर्वप्रथम २०५९ सालमा पाँच वर्षकालागि रणनीति तर्जुमा गरी सो रणनीति मुताविक काम गर्दै आएकोमा तीन वर्षे अन्तरिम योजनामा भ्रष्टाचार नियन्त्रणको कार्यलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्ने गरी यो रणनीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

२. अद्यावधिक स्थितिको समीक्षा :

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको रणनीति, २०५९ मा उल्लेख भए अनुसार भ्रष्टाचार नियन्त्रण सम्बन्धी काम कारबाहीमा केही महत्वपूर्ण उपलब्धिहरू हासिल भएका छन् । यस अवधिमा आयोगको पहलमा विभिन्न मन्त्रालय अन्तरगतका ४९ वटा विभागहरूको कार्यविधि (कार्य संचालन निर्देशिका) तयार गराई संचालनमा ल्याएको छ । त्यस्तै भ्रष्टाचार नियन्त्रणको कार्य छिटो छरितो रुपमा सम्पन्न गर्न सकियोस् भन्ने उद्देश्यले क्षेत्रीय प्रशासकहरू, प्रमुख जिल्ला अधिकारीहरू र सरकारी वकिलहरूलाई आयोगले अधिकार प्रत्यायोजन समेत गरेको छ । मुलुकको ७५ वटै जिल्लाहरूमा स्थानीय समन्वय समितिको गठन गर्न क्षेत्रीय प्रशासन कार्यालयहरु मार्फत जिल्ला प्रशासन कार्यालयहरुलाई निर्देशन गएको छ । यसरी स्थानीय स्तरवाट नै भ्रष्टाचार विरोधी अभियान संचालन गरी भ्रष्टाचार नियन्त्रण गर्ने कार्यको थालनी गरिएको छ । आयोगमा कार्यरत कर्मचारीहरूको सीप विकास र दक्षता अभिवृद्धि गर्न तालीम संचालन, जिल्ला स्थित कार्यालयहरूमा कार्यरत कर्मचारीहरू एवं नागरिक समाज, गैर सरकारी संस्था तथा राजनैतिक दलका प्रतिनिधि र सामाजिक कार्यकर्ताहरूका लागि प्रशिक्षण गोष्ठी समेत संचालन हुदै आएको छ । भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले प्रचार - प्रसार सामग्रीको उत्पादन र वितरण गर्ने कार्यहरू समेत हुदै आएका छन् । यसैगरी आयोगका पदाधिकारीहरूवाट समय समयमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सभा सम्मेलनहरूमा सहभागिता जनाई भ्रष्टाचार नियन्त्रणको निम्ति चालिएका कदमहरूको अनुभव आदान प्रदान गरिदै आएको छ । यसै परिप्रेक्ष्यमा आयोगको काम कारवाहीलाई बढी चुस्त र प्रभावकारी बनाउन आयोगले तीन वर्षे रणनीति तर्जुमा गरेको हो ।

३ दीर्घकालीन सोच :

भ्रष्टाचारमुक्त राज्य संयन्त्रको माध्यमवाट कानूनी राज्यको अवधारणा मुताविक सुशासनलाई सुदृढ गरी समृद्ध मुलुक निर्माणका लागि अनुशासित समाजको स्थापना गर्न सहयोग पुऱ्याउने ।

४. **<u>उद्देश्य र लक्ष्य</u> :**

(क) उद्देश्य :

राज्य संयन्त्रमा तीन वर्षभित्र अनुचित कार्य र भ्रष्टाचारको मात्रा उल्लेखनीय रुपमा घटाउन प्रयास गर्ने ।

(ख) लक्ष्य :

(१) भ्रष्टाचार नियन्त्रणको सिलसिलामा दण्डात्मक काम कारवाहीलाई समन्वयात्मक एवं सशक्त ढंगले अगाडि बढाई सुशासन कायम गर्न टेवा पुऱ्याउने ।

(२) भ्रष्टाचार नियन्त्रणमा निरोधात्मक उपायहरूद्वारा प्रणालीगत सुधार गरी सुशासनलाई टेवा पुऱ्याउने ।

(३) राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशमा भ्रष्टाचार विरुद्ध प्रवर्द्धनात्मक र जनचेतनामूलक कार्यक्रमको माध्यमबाट समाजमा सदाचार पद्धतिको निर्माण गरी सामाजिक अनुशासन कायम गर्न सहयोग पुऱ्याउने ।

(४) भ्रष्टाचार नियन्त्रणको मामलामा विशेषज्ञता प्राप्त निकायको रुपमा आयोगको संस्थागत सवलीकरण गर्ने ।

५. **<u>रणनीति</u> :**

(१) भ्रष्टाचार र अनुचित कार्य सम्बन्धी सूचना संकलन र विश्लेषण कार्यलाई भरपर्दो बनाउने ।

(२) भ्रष्टाचार र अनुचित कार्य सम्बन्धी अनुसन्धान र अभियोजनलाई छिटो छरितो र तथ्यपरक बनाउने ।

(३) भ्रष्टाचार र अनुचित कार्यका विरुद्ध अनुसन्धान, अभियोजन र कारवाही गर्ने आयोगको निर्णय कार्यान्वयनलाई समन्वयात्मक, सशक्त र प्रभावकारी बनाउने ।

(४) भ्रष्टाचार नियन्त्रणका लागि तर्जुमा गर्नु पर्ने र परिमार्जन गर्नु पर्ने कानूनहरूका विषयमा समन्वय गर्ने ।

(५) स्थानीय स्तरमा भ्रष्टाचार विरुद्धको कारवाहीलाई सशक्त बनाउने ।

(६) अनियमितता र भ्रष्टाचारको दृष्टिकोणले जोखिम (Corruption Prone Zones) भनी पहिचान भएका क्षेत्रहरूलाई सदाचारको टापु (Island of Integrity) को रुपमा विकास गर्ने ।

(७) विभागहरूको कार्यविधिको कार्यान्वयन र अनुगमन गर्ने गराउने ।

(८) सार्वजनिक, व्यवसायिक तथा व्यापारिक समुदाय र संगठित क्षेत्रमा आचार संहिताको प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन पहल गर्ने ।

(९) सार्वजनिक सेवा प्रवाहका लागि निर्धारित सूचकहरूको अनुगमन र मूल्यांकन गर्ने ।

(१०) नागरिक समाज तथा गैर सरकारी संस्थाहरूको सहयोग र संलग्नतामा भ्रष्टाचार विरुद्ध शून्य शहनशीलता अभिबृद्धि गर्दै जाने ।

(११) भ्रष्टाचार र अनियमितता विरुद्ध सामुदायिक शिक्षा तथा जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गर्ने ।

(१२) भ्रष्टाचार विरुद्ध जनचेतना अभिबृद्धिका लागि प्रचार - प्रसारलाई क्रमिक रुपमा विस्तार गर्दै जाने ।

(१३) भ्रष्टाचार विरोधी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्बन्ध र सम्पर्कको विकास र विस्तार गर्ने ।

(१४) स्थानीय निकायहरू मार्फत भ्रष्टाचार विरुद्धको कार्यक्रमलाई गाउँघरसम्म पुऱ्याउने ।

(१५) भ्रष्टाचार नियन्त्रण कार्यमा आयोगलाई बढी भन्दा बढी विशेषज्ञता र दक्षताप्राप्त निकायको रुपमा विकास गर्दै लाने ।

(१६) आयोगको कार्य प्रकृति अनुरुपको कर्मचारी विकास, तालीम र काम गर्ने वातावरण (working environment) को विकास गर्ने ।

(१७) आयोगले हासिल गरेका उपलब्धिका आधारमा कर्मचारीहरूको कार्य सम्पादन मूल्यांकन र पुरस्कृत गर्दै जाने पद्धतिको विकास गर्ने ।

(१८) आयोगको केन्द्रीय र स्थानीय कार्यालयहरूका लागि आवश्यक भौतिक साधन र श्रोतको व्यवस्था गर्ने ।

(१९) आयोगको सूचना व्यवस्थापन प्रणालीलाई चुस्त, दुरुस्त र भरपर्दो बनाउने ।

परिच्छेद - १७
उपसंहार

जुनसुकै मुलुकमा पनि सुशासन कायम गर्नको लागि भ्रष्टाचार नियन्त्रण पूर्वशर्तको रुपमा रहेको हुन्छ । कानूनी राज्य स्थापना गर्ने पुनीत कार्यमा भ्रष्टाचारले प्रत्यक्ष असर पार्ने हँदा यसलाई निर्मूल नगरिएसम्म देशको वहुआयामिक विकासले गति लिन सक्दैन । गरिबी, पछौटेपन, अशिक्षा, अज्ञानता जस्ता तत्वहरु विकासको लागि वाधक ठानिन्छन् भने यी तत्वहरुलाई उर्जा दिने कारकको रुपमा भ्रष्टाचार रहेको कुरा जगजाहेरै छ । यसैले सुशासन कायम गर्न एवं विकास अभियानलाई गति दिनको लागि मूल समस्याको जड् भनेको भ्रष्टाचार हो भन्नु अत्युक्ति हुदैन । भ्रष्टाचार नियन्त्रणको कुरा गर्न जति सजिलो छ, यसको नियन्त्रण त्यति सहज छैन । यो वहुआयामिक एवं प्रवृत्तिजन्य विषय भएको हुँदा यसको नियन्त्रण कुनै एकल निकायको प्रयासले मात्र सम्भव छैन । यसका लागि सरकार, निजी क्षेत्र र नागरिक समाज सबैको एकीकृत अभियानको साथ साथै यथेष्ट कानूनहरु, साधन, श्रोत र राजनैतिक इच्छा शक्तिको आवश्यकता पर्छ नै, यसको अलावा इमान्दारिता, अनुशासन र जाँगरको सही संयोजन गर्न सकिएमा मात्र भ्रष्टाचार नियन्त्रण सम्भव छ । निश्चय पनि यी विषयहरुलाई व्यवहारमा उतार्न चुनौतीपूर्ण छ । मूलतः दृढ इच्छा सहित सदाचारको भावनालाई मूर्तरुप दिन सकियो भने भ्रष्टाचार नियन्त्रण गर्न नसकिने भने पक्कै पनि होइन ।

लोकतान्त्रिक पद्धतिको शुरुवात संगै नयाँ नेपाल निर्माणको उद्घोषका साथ मुलुक नयाँ युगको संघारमा पाईला राखेको वेला भ्रष्टाचार नियन्त्रण मुलुकको पहिलो एजेण्डा वन्नै पर्दछ । यसो गर्न सकिएन भने सुशासन एवं विकास निर्माणको जतिसुकै कुरा गरे पनि मुलुकका जनताको जीवनस्तरमा तात्विक फरक आउने छैन, फलतः जनतामा निराशा उत्पन्न हुन गई लोकतन्त्र प्रति नकारात्मक भावना उत्पन्न हुन जाने खतरा समेत हुन सक्दछ । अतः सरकारले भ्रष्टाचार नियन्त्रणका लागि सशक्त नीति निर्माणका साथै आवश्यक कानून, योजना तथा कार्यक्रमहरु तर्जुमा गरी लागू गर्न जरुरी छ । साथै ती कार्यक्रमहरुलाई प्रभावकारी ढंगले अगाडि बढाउन नागरिक समाज, न्यायपालिका, सञ्चार क्षेत्र, निजी क्षेत्र एवं अन्तर्राष्ट्रिय समुदायको समेत त्यतिकै सहयोगको आवश्यकता पर्दछ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विगत वर्षहरुमा जस्तै दण्डात्मक, निरोधात्मक एवं प्रबर्द्धनात्मक कार्यक्रमहरु संचालन गर्दै आएको छ । भ्रष्टाचार गर्नु भनेको जघन्य अपराध गर्नु हो । यसकारण भ्रष्टाचार गर्नेलाई कानुन अनुसार कारवाही हुनु पर्दछ, यसमा दुई मत हुन सक्दैन । तर भ्रष्टाचार भई सकेपछि कारवाही गर्नु भन्दा भ्रष्टाचार हुने अवस्था आउनै नदिनु निश्चय पनि श्रेयस्कर हुन्छ । यसै तथ्यलाई मध्यनजर गरेर आयोगले राष्ट्रिय सतर्कता केन्द्रका साथै विभिन्न सरकारी संयन्त्र, गैर सरकारी निकायहरु, बुद्धिजीवी, पत्रकार, उद्योगी, व्यापारी तथा नागरिक समाज समेतको सहभागितामा विभिन्न तालिम, सभा, सम्मेलन, गोष्ठी, अन्तरक्रिया कार्यक्रमहरु संचालन गर्दै आएको छ । भ्रष्टाचार विरुद्धको सन्देश देशका कुना काप्चामा समेत पुगोस् भन्ने हेतूले विगतमा निर्माण गरिएको लघु फिल्म मुलुकभरिका सिनेमा हलहरुमा पठाईयो भने आयोगमा कार्यरत जनशक्तिवाट नै साप्ताहिक रुपमा रेडियो कार्यक्रम संचालन हुदै आएकोछ । यसवाट भ्रष्टाचार विरुद्धको सन्देश गाउँ गाउँ सम्म पुग्न थालेको विश्वास लिइएको छ । विभिन्न क्षेत्रमा भ्रष्टाचार विरुद्ध कार्यरत व्यक्ति, संस्थालाई आयोग आफ्नो प्रमुख सहयोगीको रुपमा मूल्यांकन गरेको छ । यी सहयोगी, सहयात्री र सहकर्मीहरुबाट प्राप्त सहयोगको फलस्वरुप नै आयोगले मुलुकको राजस्वमा वृद्धि, विकास आयोजनाहरुमा लाग्ने समय तथा खर्चमा मितव्ययिता, सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता, सुशासनको दिशामा योगदान दिई

आएको छ । भ्रष्टाचार नियन्त्रणको लागि यस प्रकारको सहकार्यलाई अझ सशक्त ढङ्गवाट निरन्तरता दिनु जरुरी छ । आर्थिक वर्ष २०६४/६५ देखि कार्यान्वयनमा आएको आयोगको तीन वर्षे रणनीतिले भ्रष्टाचार नियन्त्रणको लागि समष्टिगत समाधानको अवधारणा अनुसरण गरी आएको छ । यस नीति अनुसार दण्डात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यक्रमहरुलाई एकै साथ अगाडि वढाउने प्रयास गरिदै आएको छ ।

आर्थिक वर्ष २०६४/६५ मा आयोगमा विभिन्न माध्यमद्वारा २७३२ वटा उजुरीहरु परेका थिए । ती उजुरीहरु मध्ये २१३५ वटा उजुरीहरु फछ्यौंट भएका छन् । यस आ.व.मा ७० थान भ्रष्टाचार समबन्धी मुद्दाहरु विशेष अदालतमा दायर गर्न निर्णय भएभने ६५ थान मुद्दाहरु दायर गरियो । विशेष अदालतबाट भएको फैसलामा चित्त नबुझी ३१ वटा मुद्दाहरुमा पुनरावेदन गरियो । २८ वटा उजुरीहरुमा बिभागीय कारवाहीकालागि सम्बन्धित निकायमा लेखी पठाइयो भने १९ वटा उजुरीहरुमा सार्वजनिक पदाधिकारीहरुलाई सचेत गराउनको लागि लेखी पठाइएको छ । सोही अवधिमा विभिन्न निकायहरुमा १३ वटा सुझावहरु पठाइयो, १३ वटा उजुरीहरुमा बिभिन्न निकायहरुको ध्यानाकर्षण गराईयो । १६ वटा उजुरीहरुमा असूल उपरका लागि लेखियो भने आवश्यक कारवाही गर्न ९८ वटा उजुरीहरु सम्बन्धित निकायहरुमा लेखी पठाइएका छन् । आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएका पाँच विकास क्षेत्र स्थित क्षेत्रीय प्रशासन कार्यालयहरुमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी ३३३ उजुरी परेकोमा जम्मा २९१ उजुरी फछ्यौंट भई ४२ उजुरी फछ्यौंट हुन बाँकी रहेको प्रतिवेदन प्राप्त हुन आएको छ । त्यस्तै ७५ जिल्ला प्रशासन कार्यालयहरुमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी १५५६ उजुरी परेकोमा जम्मा २६७ उजुरी फछ्यौंट भई १२८९ उजुरी फछ्यौंट हुन बाँकी देखिएको छ ।

अख्तियार दुरुपयोगको अनुसन्धान र रोकथाम जस्तो विशिष्ट प्रकृतिको कार्य सम्पादन आफैमा चुनौतीपूर्ण रहदै आएको छ । त्यसको अतिरिक्त संगठन भित्र र संगठन वाहिरको परिवेशले आयोगको कार्य सम्पादनमा पार्ने प्रभावको उचित व्यवस्थापन गर्नु पर्ने यथार्थले यो कार्यलाई अझै चुनौतीपूर्ण वनाएको छ । यसैले भ्रष्टाचारमुक्त राज्य संयन्त्रको माध्यमवाट अनुशासित समाजको स्थापना गर्ने कल्पनालाई यथार्थमा परिणत गर्नको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगका कर्मचारीहरुको क्षमता र मनोबल बढाउनुका साथै आयोगलाई अझै साधन श्रोतयुक्त तुल्याउन आवश्यक छ । यद्यपि आयोगले आफ्नो साधन श्रोतले भ्याएसम्म कर्मचारीहरुलाई भ्रष्टाचार नियन्त्रण सम्वन्धि तालीमको व्यवस्था, आयोगको वेभ साइटको निर्माण, On-line complain, राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा समयको माग अनुसार कम्प्यूटरको माध्यमवाट सम्पर्क स्थापना गर्ने कार्य तथा सुराकी परिचालनको व्यवस्था गर्दै आएको छ तथापि भ्रष्टाचारीहरु नउम्कुन र नछुटुन भन्नको लागि अझै नवीनतम् एवं विकसित अनुसन्धान प्रविधिको प्रयोग गर्नु जरुरी छ । भ्रष्टाचारको दृष्टिले सम्वेदनशील ठानिएका स्थानहरुमा आयोगको क्षेत्रीय स्तरको कार्यालयहरु स्थापना गर्नु आवश्यक ठानिएको छ । त्यसका लागि सरकारका साथै सम्बन्धित सबै पक्षबाट सहयोग प्राप्त हुन जरुरी छ ।

डिसेम्बर, २००५ देखि लागू भएको संयुक्त राष्ट्र संघको भ्रष्टाचार बिरुद्धको महासन्धी अनुमोदनको निम्ति तम्तयार छ । उक्त महासन्धि चाँडो भन्दा चाँडो व्यवस्थापिकाबाट अनुमोदन गरी सो महासन्धिसंग मेल खाने गरी बिभिन्न मौजूदा कानूनहरु संसोधन एवं परिमार्जन गर्नुका साथै सो महासन्धिको मर्म र भावना अनुरुप थुप्रै नयाँ कानूनहरु समेत निर्माण गर्नु आवश्यक छ । यी कानुनहरु निर्माण हुन नसकेको कारण अन्तर्राष्ट्रिय सभा सम्मेलनमा नेपालले महासन्धि अनुसारको प्रगति प्रस्तुत गर्न नसकिएको अवस्था रहेको छ ।

भ्रष्टाचार मानिसको आचरण, व्यवहार, संस्कार, सामाजिक परिवेश र प्रवृत्तिसित गाँसिएको हुँदा यसको प्रकृति, स्वरुप, विस्तार र क्षेत्र अत्यन्त जटील र व्यापक छ । शासन संचालन पद्धतिमा नातावाद, कृपावाद, मनोमानी स्थितिको अन्त्य र नैतिकता, इमान्दारिता, जवाफदेहिता, पारदर्शिता र सदाचारिताको अवलम्बन गर्ने

परीपाटी कायम गर्न सक्नु नै भ्रष्टाचार नियन्त्रण हुनु हो । त्यसैले हरेक व्यक्तिमा भ्रष्टाचारप्रति शून्य सहनशीलताको स्थिति सृजना गर्नु आवश्यक छ, जसको लागि व्यापक जनचेतना एवं जनसहभागिताको खाँचो छ । मौका नपाउँदा सम्म इमान्दार वन्ने वेईमानी प्रवृत्ति धेरै खतरनाक हुने हुँदा जुनसुकै क्षेत्रमा संलग्न व्यक्तिहरु किन नहुन, भ्रष्टाचार विरुद्धको भावना अन्तरआत्मादेखि नै जागृत हुनु पर्छ र मात्र यो अपराधिक प्रवृत्तिको अन्त्य हुन सक्छ । यसकारण भ्रष्टाचारको विरुद्धमा व्यापक जनलहर नउठेसम्म भ्रष्टाचार नियन्त्रणको नारा देखावटी ओँठे रटान मात्र रहने कुरा निर्विवाद छ । यसको लागि प्रभावकारी सामुदायिक शिक्षा कार्यक्रम ज्यादै महत्वपूर्ण औजार हो र यसलाई समाज एवं समुदायको हरेक क्षेत्रमा अभियानको रुपमा लैजानु नितान्त आवश्यक छ । आयोगले यस दिशामा सामुदायिक शिक्षा कार्यक्रमको शुरुवात गरी सकेको छ । यो अभियानमा हरेक पक्षको सहयोग र सहभागिताको नितान्त खाँचो छ किनभने भ्रष्टाचारले समाजका हरेक क्षेत्रहरुलाई डर लाग्दो किसिमले गाँजेको छ र नराम्रो किसिमले पिरोलेको छ ।



अनुसूची – १

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयको संगठन तालीका



(क)

अनुसूची – २(१)

आयोगमा कार्यरत कर्मचारी दरबन्दी र पदपूर्तिको विवरण

२०६५ आषाढ मसान्त सम्म

सि.नं.	पदाधिकारी/स्तर	संख्या	दरबन्दी	पुल	फाजिल	काज निजामती/प्रहरी	सूरक्षा/ अंगरक्षक	जम्मा
१	संबैधानिक पदाधिकारीज्यूहरु	२						२
२	अधिकृतस्तर		८२	८	१	१९		११०
३	सहायक स्तर		५६	८	५	२९	१३	१११
४	श्रेणी बिहिन ह.स.चा.		२२	१		४	-	२७
५	श्रेणी बिहिन कार्यालय सहयोगी		२८			४		३२
६	सल्लाहकार							
जम्मा		२	१८८	१७	६	५६	१३	२८२

अनुसूची – २(२)

दरबन्दी र पदपूर्तिको विवरण

सि.न.	पद, सेवा, समूह	श्रेणी	दरबन्दी	पदपूर्ति	रिक्त	कैफियत
१	सचिव, प्रशासन	विशिष्ठ	१	१	–	
	जम्मा		**१**	**१**	–	
२	सह-सचिव, प्रशासन	रा.प. प्रथम	२	–	२	
	सह-सचिव, न्याय, कानून	रा.प. प्रथम	२	१	१	अन्यत्र काजमा
	सहन्यायाधिवक्ता,न्याय,स.व.	रा.प. प्रथम	५	५	–	
	प्रहरी नायब महानिरीक्षक	रा.प. प्रथमस्तर	१	१	–	
	जम्मा		**१०**	**७**	**३**	
३	प्रशासन, उप-सचिव	रा.प.द्वितीय	१२	१२	–	
	उप-सचिव, प्रशासन, लेखा	रा.प.द्वितीय	४	४	–	
	उप-सचिव, न्याय, कानून	रा.प.द्वितीय	३	३	–	
	उपन्यायाधिवक्ता,न्याय,स.व.	रा.प.द्वितीय	४	४	–	**१ जना म.व.का.काज**
	सि.डि.ई. इन्जि.वि.एण्ड आ.	रा.प.द्वितीय	२	२	–	
	सि.डि.ई., इन्जि. इरिगेसन	रा.प.द्वितीय	१	१	–	
	सि.डि.ई., इन्जि., जनरल	रा.प.द्वितीय	१	१		
	प्रहरी उपरीक्षक	रा.प.द्वितीयस्तर	१	१	–	
	प्रहरी नायब उपरीक्षक	रा.प.द्वितीयस्तर	२	२	–	
	जम्मा		**३०**	**३०**	–	
४	शाखा अधिकृत, प्र.,सा.प्र.	रा.प.तृतीय	२०	२०	–	
	लेखा अधिकृत, प्र., लेखा	रा.प.तृतीय	१	१	–	
	शाखा अधिकृत, न्याय, कानून	रा.प.तृतीय	४	३	१	
	शाखा अधिकृत,न्याय, स.व.	रा.प.तृतीय	५	५	–	
	इन्जिनियर,इन्जि.वि.एण्डआ.	रा.प.तृतीय	२	२	–	
	इन्जिनियर, इन्जि., जनरल	रा.प.तृतीय	३	२	१	
	इन्जिनियर, इन्जि.,स्यानिटरी	रा.प.तृतीय	१	१	–	
	इन्जिनियर, इन्जि.,इरिगेसन	रा.प.तृतीय	१	१	–	
	रेखा विशेषज्ञ, विविध	रा.प.तृतीय	१	–	१	
	कम्प्युटर अधिकृत, विविध	रा.प.तृतीय	३	३	–	
	छविकार, शिक्षा, छविकला	रा.प.तृतीय	१	१	–	
	प्रहरी निरीक्षक	रा.प.तृतीयस्तर	५	५	–	**२ जना यु.एन.काज**
	जम्मा		**४७**	**४४**	**३**	

अनुसूची – २(३)

सि.नं	सेवा	श्रेणी	दरबन्दी	पदपूर्ति	रिक्त	कैफियत
	ना.सु. स्तर					
५	ना.सु., प्रशासन, सा.प्र.	रा.प.अनं. प्रथम	३०	२७	३	
	ना.सु., न्याय, कानुन	रा.प.अनं. प्रथम	२	२	–	
	लेखापाल, प्रशासन, लेखा	रा.प.अनं. प्रथम	१	१	–	
	कम्प्युटर अपरेटर, विविध	रा.प.अनं. प्रथम	८	६	२	
	टा.ना.सु., प्रशासन, सा.प्र.	रा.प.अनं. प्रथम	१	१	–	
	टेलिफोन अपरेटर, विविध	रा.प.अनं. प्रथम	१	१	–	
	प्रहरी नायब निरीक्षक	रा.प.अनं.प्रथमस्तर	३	३	–	
	जम्मा		**४६**	**४१**	**५**	
	खरिदार स्तर					
६	खरिदार, प्रशासन, सा.प्र.	रा.प.अनं. द्वितीय	२	२	–	
	टेलिफोन अपरेटर, विविध	रा.प.अनं. द्वितीय	१	१	–	
	अपरेटर (इन्जी, जनरल, मेकानिकल)	रा.प.अनं. द्वितीय	१	१	–	
	फोटोकपी अपरेटर (विविध)	रा.प.अनं. द्वितीय	२	–	२	
	प्रहरी सहायक निरीक्षक	रा.प.अनं.द्वितीयस्तर	३	३	–	
	जम्मा		**९**	**७**	**२**	
७	प्रहरी हवल्दार	रा.प.अनं.तृ.स्तर	३	३	-	
	जम्मा		**३**	**३**	**-**	
८	प्रहरी जवान	रा.प.अनं.च.स्तर	५	५	-	
	जम्मा		**५**	**५**	**-**	
९	ह.स.चा.	श्रेणी विहिन	२२	२२	-	
	कार्यालय सहयोगी	श्रेणी विहिन	२८	२८	-	१ जना अन्यत्र काज
	जम्मा		**५०**	**५०**	**-**	
			दरबन्दी	**पदपूर्ति**	**रिक्त**	**कैफियत**
दरबन्दी (प्रहरी दरबन्दी समेत)			**२०१**	**१८८**	**१३**	

पूल दरवन्दीतर्फ				
	दरवन्दी	पदपूर्ति	रिक्त	कैफियत
अधिकतस्तर	१०			
रा.प.प्रथम/न्याय-स.व.		३		
रा.प.प्रथम/न्याय-कानून		१		
रा.प.द्वितिय/न्याय-स.व.		२		१ जना हिमाल आरोहण गर्दा हराउनु भएको
रा.प.तृतीय /न्याय-स.व.		१		
रा.प.तृतीय/प्रशासन-सा.प्र.		१		
जम्मा	१०	८	२	
सहायक स्तर	१०			
रा.प.अनं.प्रथम/प्र.-सा.प्र.		३		
रा.प.अनं.द्वितीय/प्र.-सा.प्र.		५		
श्रेणीविहिन/ह.स.चा.		१		
जम्मा	१०	९	१	
कूल	२०	१७	३	
जम्मा दरवन्दी र पूल गरी	२२१	२०५	१६	

(क) फाजिल दरबन्दी सहित कार्यरत

सेवा, समूह	श्रेणी	पदपूर्ति	कैफियत
इन्जिनियर, वि.एण्ड आ.	रा.प.तृतीय	१	
टा.ना.सु., प्रशासन, सा.प्र.	रा.प.अनं प्रथम	१	
सि.मो.टा.अ., शिक्षा, मुद्रण	रा.प.अनं प्रथम	१	
सि.प्रुफरिडर, शिक्षा, मुद्रण	रा.प.अनं प्रथम	१	
प्लम्बर (इन्जि./स्यानेटरी)	रा.प.अनं प्रथम	१	
टा.खरिदार, प्रशासन, सा.प्र.	रा.प.अनं द्वितीय	१	
	जम्मा	६	

(ख) अन्यत्र निकायबाट काजमा आउनु भएका अधिकृत एवं सहायकस्तरका कर्मचारीहरु

सि.न.	सेवा, समूह	श्रेणी	पदपूर्ति	कैफियत
१	सहसचिव (प्रा.)(इन्जि./सि./जनरल)	रा. प. प्रथम	१	
२	सहसचिव(प्रा.) इन्जि./सिभिल/स्यानेटरी	रा. प. प्रथम	१	
३	सहसचिव, प्रशासन, सा.प्र.	रा. प. प्रथम	१	
४	उप-सचिव, न्याय, कानून	रा. प. द्वितिय	१	
५	उप-निर्देशक, (नेपाल राष्ट्र बैंक)	रा. प. द्वितियस्तर	१	
६	प्रमुख अनुसन्धान अधिकृत (रा.अ.वि.)	रा. प. द्वितियस्तर	१	
७	शाखा अधिकृत, प्र.,सा.प्र.	रा. प. तृतीय	५	
८	नापी अधिकृत (इन्जि./सर्भे)	रा. प. तृतीय	१	
९	शाखा अधिकृत (न्याय/स.व.)	रा. प. तृतीय	२	म.न्या.व.विशेष शाखा
१०	विद्यालय निरीक्षक (शिक्षा/प्र. निरीक्षण)	रा. प. तृतीय	१	
११	कानून अधिकृत (खानेपानी संस्थान)	रा. प. तृतीयस्तर	१	
१२	प्रहरी निरीक्षक, नेपाल प्रहरी जनपद	रा. प. तृतीयस्तर	१	
१३	अनुसन्धान अधिकृत (रा.अ.वि.)	रा. प. तृतीयस्तर	१	
१४	सहायक व्यवस्थापक (ने.रा.बैंक)	रा. प. तृतीयस्तर	१	
		अधिकृतस्तर जम्मा	१९	
१	टा.ना.सु. प्रशासन, सा.प्र.	रा.प.अनं प्रथम	१	
२	ना.सु., न्याय, स.व.	रा.प.अनं प्रथम	१	म.न्या.व.विशेष शाखा
३	सर्भेक्षक इन्जि./सर्भे	रा.प.अनं प्रथम	१	
४	प्र.ना.नि., नेपाल प्रहरी, जनपद	रा.प.अनं प्रथमस्तर	२	
		रा.प.अनं प्रथम वा सो स्तर जम्मा	५	
१	खरीदार प्रशासन/सा.प्र.	रा.प.अनं द्वितीय	३	
२	स.ले.पा. प्रशासन/लेखा	रा.प.अनं द्वितीय	१	
३	खरिदार न्याय/स.व.	रा.प.अनं द्वितीय	१	म.न्या.व.विशेष शाखा
४	प्र.स.नि.,नेपाल प्रहरी, जनपद	रा.प.अनं द्वितीयस्तर	३	
५	फोरम्यान, इलेक्ट्रिकल, ने.वि.प्रा.	रा.प.अनं द्वितीयस्तर	१	
६	प्र.स.नि. (रा.स.के.)	रा.प.अनं द्वितीयस्तर	२	
७	अनुसन्धान सहायक (रा.अ.वि.)	रा.प.अनं द्वितीयस्तर	१	
८	प्र.स.नि., स.प्र.गुल्म	रा.प.अनं द्वितीयस्तर	१	
		रा.प.अनं द्वितीय वा सो स्तर जम्मा	१३	
१	प्रहरी हवल्दार नेपाल प्रहरी जनपद	रा.प.अनं.तृ.स्तर	१	
२	प्रहरी हवल्दार (रा.स.के.)	रा.प.अनं.तृ.स्तर	३	
३	प्रहरी हवल्दार (स.प्र.गुल्म)	रा.प.अनं.तृ.स्तर	१	
		रा.प.अनं तृतीय वा सो स्तर जम्मा	५	
१	प्रहरी जवान नेपाल प्रहरी जनपद	रा.प.अनं चतुर्थ सरह	१	
२	प्रहरी जवान (सा.प्र.गुल्म)	रा.प.अनं चतुर्थ सरह	५	
		रा.प.अनं चतुर्थस्तर जम्मा	६	
		काजमा रहनु भएका सहायक स्तर जम्मा	२९	
१	ह.स.चा., इन्जि., मेकानिकल जनरल	श्रेणी विहिन	४	
२	कार्यालय सहयोगी, प्रशासन, सा.प्र.	श्रेणी विहिन	४	
		काजमा रहनु भएका श्रेणीविहिन जम्मा	८	

संबैधानिक पदाधिकारीका अंगरक्षक एवं आयोगको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरु

१	प्र.ना.नि., नेपाल प्रहरी जनपद	रा.प.अनं.प्रथमस्तर	१	
२	प्र.ना.नि., नेपाल प्रहरी जनपद	रा.प.अनं.द्वितीयस्तर	१	
३	प्र.ना.नि. प्रहरी पहरागण	रा.प.अनं.प्रथमस्तर	१	
४	प्र.ह. प्रहरी पहरागण	रा.प.अनं.तृ.स्तर	२	
५	प्र.ज. प्रहरी पहरागण	रा.प.अनं चतुर्थस्तर	८	
		काज तर्फ कूल जम्मा	**६९**	

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं

आ.व. २०६४।६५ को बजेट व्यवस्था

अनुसूची – ३

वार्षिक विनियोजन (थप समेत)	बजेट	खर्च		बांकी			कैफियत
		निकाशा	खर्च	निकासा मध्ये	निकासा नगरीएको	दूबै	
चालू :							
व.शि.नं. १५।३।११०							
नेपाल सरकार	६४,५७५,०००।००	५७,१२२,५७४।११	५७,१२२,५७४।११		७,४५२,४२५।८९		
ब.शि.नं. : १५।३।२००							
नेपाल सरकार	११,७६०,०००।००	५,१०५,२९२।३६	५,१०५,२९२।३६		६,६५४,७०७।६४		
बैदेशिक अनूदान					०।००		
ब.शि.नं.७२।३।२११							
बैदेशिक सहयोग (IDA)	२,८७१,०००।००	२,४०२,९५३।००	२,४०२,९५३।००		४६८,०४७।००		
अर्थ बजेट (नेपाल सरकार)	१,६१५,८६०।००	१,६१५,८६०।००	१,६१५,८६०।००				
जम्मा	८०,८२१,८६०।००	६६,२४६,६७९।४७	६६,२४६,६७९।४७		१४,५७५,१८०।५३	०।००	
पूर्जीगत:							
ब.शि.नं. १५।४।२००							
नेपाल सरकार	३,०००,०००।००	२,८१६,८६३।५०	२,८१६,८६३।५०		१८३,१३६।५०		
बैदेशिक अनूदान	०।००	०।००	०।००	०।००	०।००	०।००	
ब.शि.नं. ७२।४।२११							
बैदेशिक सहयोग (IDA)			०।००		०।००		
जम्मा	३,०००,०००।००	२,८१६,८६३।५०	२,८१६,८६३।५०		१८३,१३६।५०	०।००	
कूल जम्मा	८३,८२१,८६०।००	६९,०६३,५४२।९७	६९,०६३,५४२।९७		१४,७५८,३१७।०३	०।००	

आ.व. २०६४।६५ को राजश्व तर्फ आम्दानी

प्रशासनिक दस्तूर, न्यायिक दण्ड जरिवाना, सरकारी सामान विक्रि र बन क्षेत्रको आय समेत गरी जम्मा रु. २४,६२,७९५।४५ मात्र राजश्व आम्दानी भएको छ ।

आ.व. २०६४।६५ को धरौटी तर्फ

आ.व. २०६३।६४ को जिम्मेवारी सरेको	९,०७४,१२८।१७
२०६४ श्रावण देखि २०६५ आषाढ मसान्त सम्मको जम्मा धरौटी	१,८८३,५८८।९६
२०६४ श्रावण देखि २०६५ आषाढ मसान्त सम्मको फिर्ता जम्मा धरौटी	२,७०३,७५९।३२
२०६५ आषाढ सम्ममा बांकी धरौटी	८,२५३,९७५।८१

आ.ब.२०५७/५८ देखि २०६४/६५ सम्म दायर भएका नक्कली प्रमाणपत्र सम्बन्धि मुद्दामा सो प्रमाणपत्रको प्रयोजन



(घ)

अनुसूची – ५

(क)

आ.व. २०५७५८ देखि २०६४।६५ मा नक्कली प्रमाणपत्र सम्बन्धी मुद्दाको फैसला विवरण



(ख)

आ.व. २०५७५८ देखि २०६४।६५ सम्ममा शैक्षिक प्रमाणपत्र सम्बन्धी मुद्दाहरुमा सफल असफल अनुपात



(ङ)

अनुसूची – ६

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

भ्रष्टाचार तथा अनुचित कार्यसम्बन्धी क्षेत्रीय प्रशासन कार्यालयहरुबाट प्राप्त वार्षिक विवरण

आ.व. ०६४।०६५

सि. नं.	क्षेत्रीय कार्यालयहरुको नाम	जम्मा उजुरी संख्या							फछ्र्यौट भएको उजुरी संख्या								फछ्र्यौट हुन बाँकी उजुरी संख्या		जम्मा
		गत आ.व.को जिम्मेवारी		यस आ.व.मा परेका उजुरी		जम्मा उजुरी		जम्मा	कार्यालयबाट तामेली		आयोगमा पठाएको		अन्य निकायमा पठाएको		अदालतमा मुद्दा दायर	जम्मा फछ्र्यौट मुद्दा संख्या	भ्रष्टाचार	अनुचित	
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित					
१	पुर्वाञ्चल क्षे.का. धनकूटा	७२	८	१	_	७२	८	८१	_	_	७१	८	_	_	_	७९	२	_	२
२	मध्यमाञ्चल क्षे.का. हेटौंडा	८६	१६	५	१	९१	१७	१०८	_	_	८६	१५	_	_	_	१०१	५	२	७
३	पश्चिमाञ्चल क्षे.का. पोखरा	२५	१६	२	२	२७	१८	४५	_	१	१०	८	_	_	_	१९	१७	९	२६
४	मध्यपश्चिमाञ्चल क्षे.का. सूर्खेत	५३	२४	_	_	५३	२४	७७	_	_	४८	२४	_	_	_	७२	३	२	५
५	सुदुरपश्चिमाञ्चल क्षे.का.दीपायल	१७	४	१	_	१८	४	२२	_	_	१६	४	_	_	_	२०	२	_	२
कुल जम्मा		२५३	६८	९	३	२६१	७१	३३३	०	१	२३१	५९	_	_	_	२९१	२९	१३	४२

अख्तियार दूरुपयोग अनूसन्धान आयोग

अनूसुची ७ (५)

भ्रष्टाचार तथा अनूचित कार्य सम्बन्धी जिल्ला प्रशासन कार्यालयहरुबाट प्राप्त वार्षिक विवरण

आ.व. ०६४।०६५

सि.नं.	जिल्ला कार्यालयहरुको नाम	जम्मा उजुरी संख्या						जम्मा	फछ्यौंट भएको उजुरी संख्या								फछ्यौंट हुन बाँकी उजुरी संख्या		जम्मा बाँकी उजुरी	कैफियत
		गत आ.व.को जिम्मेवारी		यस आ.व.मा परेका उजुरी		जम्मा उजुरी			कार्यालयबाट तामेली		आयोगमा पठाएको		अन्य निकायमा पठाएको		अदालतमा मुद्दा दायर	जम्मा फछ्यौंट मुद्दा संख्या				
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित			भ्रष्टाचार	अनुचित		
		१	२	३	४	५		७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९
१	ताप्लेजुङ	2	०	०	०	२	०	२	०	०	०	०	०	०	०	०	२	०	२	
२	पांचथर	५	१	०	०	५	१	६	०	०	०	०	०	०	०	०	५	१	६	
३	इलाम	६	४	०	०	६	४	१०	०	२	०	०	०	०	०	२	६	२	८	
४	झापा	२९	०	०	०	२९	०	२९	५	०	६	०	०	०	०	११	१८	०	१८	
५	संखूवासभा	४	०	२	०	६	०	६	१	०	०	०	२	०	०	३	३	०	३	
६	तेह्रथुम	८	०	०	२	८	२	१०	१	१	१	०	०	०	०	३	६	१	७	
७	भोजपुर	१	०	०	०	१	०	१	१	०	०	०	०	०	०	१	०	०	०	
८	धनकुटा	४	०	३	१	७	१	८	२	१	०	०	०	०	०	३	५	०	५	
९	सूनसरी	२५	८	०	०	२५	८	३३	०	०	०	०	०	०	०	०	२५	८	३३	
१०	मोरङ	२६	०	६	०	३२	०	३२	०	०	०	०	०	०	०	०	३२	०	३२	
११	सोलुखूम्बू	७	०	०	०	७	०	७	०	०	०	०	०	०	०	०	७	०	७	
१२	ओखलढुंगा	१३	०	१	०	१४	०	१४	१	०	०	०	०	०	०	१	१३	०	१३	
१३	खोटाङ	२८	०	०	०	२८	०	२८	६	०	०	०	०	०	०	६	२२	०	२२	
१४	उदयपुर	०	०	३	१	३	१	४	०	०	०	०	०	०	०	०	३	१	४	
१५	सिराहा	७१	०	०	०	७१	०	७१	०	०	०	०	५	०	०	५	६६	०	६६	
१६	सप्तरी	१४०	०	१३	०	१५३	०	१५३	८	०	०	०	०	०	०	८	१४५	०	१४५	
१७	दोलखा	३५	२	१०	३	४५	५	५०	६	१	१	०	१	०	०	९	३७	४	४१	
१८	रामेछाप	१	०	२	०	३	०	३	२	०	०	०	०	०	०	२	१	०	१	
१९	सिन्धुली	२८	१	०	०	२८	१	२९	०	०	०	०	०	०	०	०	२८	१	२९	

अख्तियार दूरुपयोग अनूसन्धान आयोग

अनूसुची ७ (६)

भ्रष्टाचार तथा अनूचित कार्य सम्बन्धी जिल्ला प्रशासन कार्यालयहरुबाट प्राप्त वार्षिक विवरण

आ.व. ०६४।०६५

सि.नं.	जिल्ला कार्यालयहरुको नाम	जम्मा उजुरी संख्या						जम्मा	फछ्यौंट भएको उजुरी संख्या								फछ्यौंट हुन बाँकी उजुरी संख्या		जम्मा बाँकी उजुरी	कैफियत
		गत आ.व.को जिम्मेवारी		यस आ.व.मा परेका उजुरी		जम्मा उजुरी			कार्यालयबाट तामेली		आयोगमा पठाएको		अन्य निकायमा पठाएको		अदालतमा मुद्दा दायर	जम्मा फछ्यौंट मुद्दा संख्या	भ्रष्टाचार	अनुचित		
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित						
		१	२	३	४	५		७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९
२०	सर्लाहि	४९	२	३	०	५२	२	५४	०	०	२	०	०	०	०	२	५०	२	५२	
२१	महोत्तरी	०	९३	०	३	०	९६	९६	०	०	०	१	०	०	०	१	०	९५	९५	
२२	धनुषा	४२	२	२४	९	६६	११	७७	९	२	०	०	०	०	०	११	५७	९	६६	
२३	मकवानपुर	२५	०	०	०	२५	०	२५	५	०	१	०	०	०	०	६	१९	०	१९	
२४	चितवन	१	६४	६	२	७	६६	७३	४	१	१	१	२	०	०	९	०	६४	६४	
२५	बारा	१४०	३३	१२	१०	१५२	४३	१९५	१०	४	१	०	३	०	०	१८	१३८	३९	१७७	
२६	पर्सा	३९	८	०	०	३९	८	४७	२	१	२१	७	०	०	०	३१	१६	०	१६	
२७	रौतहट	२९	०	०	०	२९	०	२९	०	०	०	०	०	०	०	०	२९	०	२९	
२८	रसुवा	३	०	१	०	४	०	४	०	०	४	०	०	०	०	४	०	०	०	
२९	धादिङ	८	१२	१	१	९	१३	२२	१	१	१	१	०	१	०	५	७	१०	१७	
३०	नुवाकोट	०	०	१	०	१	०	१	०	०	०	०	०	०	०	०	१	०	१	
३१	सिन्धूपाल्चोक	४	०	०	०	४	०	४	२	०	०	०	०	०	०	२	२	०	२	
३२	काभ्रेपलान्चोक	६	३	०	०	६	३	९	०	०	०	०	०	०	०	०	६	३	९	
३३	भक्तपुर	०	१४	०	२	०	१६	१६	०	०	०	१	०	०	०	१	०	१५	१५	
३४	ललितपुर	११	०	०	०	११	०	११	०	०	०	०	०	०	०	०	११	०	११	
३५	काठमाडौं	१३	१९	६	८	१९	२७	४६	२	१	०	०	१	०	०	४	१६	२६	४२	
३६	नवलपरासी	०	०	२	०	२	०	२	०	०	०	०	०	०	०	०	२	०	२	
३७	कपिलवस्तु	२	०	३	०	५	०	५	०	०	२	०	०	०	०	२	३	०	३	
३८	रुपन्देही	१५	३५	२	४	१७	३९	५६	५	१५	१	०	१	६	०	२८	१०	१८	२८	
३९	पाल्पा	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	

अख्तियार दूरुपयोग अनूसन्धान आयोग

अनूसुची ७ (७)

भ्रष्टाचार तथा अनूचित कार्य सम्बन्धी जिल्ला प्रशासन कार्यालयहरुबाट प्राप्त वार्षिक विवरण

आ.व. ०६४।०६५

सि.नं.	जिल्ला कार्यालयहरुको नाम	जम्मा उजुरी संख्या						जम्मा	फछ्यौंट भएको उजुरी संख्या								फछ्यौंट हुन बाँकी उजुरी संख्या		जम्मा बाँकी उजुरी	कैफियत
		गत आ.व.को जिम्मेवारी		यस आ.व.मा परेका उजुरी		जम्मा उजुरी			कार्यालयबाट तामेली		आयोगमा पठाएको		अन्य निकायमा पठाएको		अदालतमा मुद्दा दायर	जम्मा फछ्यौंट मुद्दा संख्या				
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित			भ्रष्टाचार	अनुचित		
		१	२	३	४	५		७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९
४०	गुल्मी	३०	०	०	०	३०	०	३०	१०	०	०	०	०	०	०	१०	२०	०	२०	
४१	अर्घाखांची	२	०	५	१	७	१	८	१	०	१	०	०	०	०	२	५	१	६	
४२	गोर्खा	१	१	०	०	१	१	२	०	०	१	१	०	०	०	२	०	०	०	
४३	लमजुङ	२	०	०	०	२	०	२	०	०	०	०	०	०	०	०	२	०	२	
४४	कास्की	१०	१३	२	३	१२	१६	२८	६	५	०	४	०	०	०	१५	६	७	१३	
४५	तनहुं	४	१	०	०	४	१	५	२	१	१	०	१	०	०	५	०	०	०	
४६	स्याङ्जा	२	१	१	०	३	१	४	२	०	०	१	०	०	०	३	१	०	१	
४७	मनाङ	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	
४८	रुकूम	१	२	१	२	२	४	६	०	१	१	१	०	१	०	४	१	१	२	
४९	रोल्पा	२	०	०	०	२	०	२	०	०	०	०	०	०	०	०	२	०	२	
५०	सल्यान	०	३	०	०	०	३	३	०	०	०	०	०	०	०	०	०	३	३	
५१	प्युठान	१	०	०	०	१	०	१	०	०	०	०	०	०	०	०	१	०	१	
५२	दाङ	४	०	२	०	६	०	६	०	०	३	०	०	०	०	३	३	०	३	
५३	पर्वत	७	१	०	०	७	१	८	१	०	१	०	०	०	०	२	५	१	६	
५४	म्यार्दी	१	३	०	०	१	३	४	०	०	०	०	०	०	०	०	१	३	४	
५५	मुस्ताङ	२	०	०	०	२	०	२	०	०	०	०	०	०	०	०	२	०	२	
५६	बार्लुङ	२	०	४	०	६	०	६	०	०	०	०	१	०	०	१	५	०	५	
५७	दैलेख	१	४	०	२	१	६	७	०	१	०	०	०	०	०	१	१	५	६	
५८	सुर्खेत	१	५	०	५	१	१०	११	०	०	१	१	०	६	०	८	०	३	३	
५९	जाजरकोट	१	०	३	०	४	०	४	०	०	०	०	०	०	०	०	४	०	४	

अख्तियार दूरुपयोग अनूसन्धान आयोग

अनूसुची ७ (८)

भ्रष्टाचार तथा अनूचित कार्य सम्बन्धी जिल्ला प्रशासन कार्यालयहरुबाट प्राप्त वार्षिक विवरण

आ.व. ०६४।०६५

सि.नं.	जिल्ला कार्यालयहरुको नाम	जम्मा उजुरी संख्या						जम्मा	फछ्यौंट भएको उजुरी संख्या								फछ्यौंट हुन बाँकी उजुरी संख्या		जम्मा बाँकी उजुरी	कैफियत
		गत आ.व.को जिम्मेवारी		यस आ.व.मा परेका उजुरी		जम्मा उजुरी			कार्यालयवाट तामेली		आयोगमा पठाएको		अन्य निकायमा पठाएको		अदालतमा मुद्दा दायर	जम्मा फछ्यौंट मुद्दा संख्या	भ्रष्टाचार	अनुचित		
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित						
		१	२	३	४	५		७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९
६०	बांके	३५	१३	५	५	४०	१८	५८	३	४	२	०	०	०	०	९	३५	१४	४९	
६१	बर्दिया	२	४	४	४	६	८	१४	२	३	१	२	०	०	०	८	३	३	६	
६२	हुम्ला	४	०	६	०	१०	०	१०	०	०	०	०	०	०	०	०	१०	०	१०	
६३	जुम्ला	७	०	२	०	९	०	९	०	०	३	०	२	०	०	५	४	०	४	
६४	डोल्पा	३	०	०	०	३	०	३	०	०	०	०	०	०	०	०	३	०	३	
६५	मुगु	१०	०	१	०	११	०	११	०	०	०	०	०	०	०	०	११	०	११	
६६	कालीकोट	४	१	१	२	५	३	८	०	०	०	०	०	०	०	०	५	३	८	
६७	बझाङ	११	०	०	०	११	०	११	०	०	०	०	१	०	०	१	१०	०	१०	
६८	बाजुरा	२	०	५	०	७	०	७	१	०	१	०	०	०	०	२	५	०	५	
६९	डोटी	१	०	१	०	२	०	२	०	०	०	०	०	०	०	०	२	०	२	
७०	अछाम	२	१	४	३	६	४	१०	१	२	०	०	०	०	०	३	५	२	७	
७१	कैलाली	३	०	०	०	३	०	३	०	०	०	०	०	०	०	०	३	०	३	
७२	दार्चुला	२	०	०	०	२	०	२	०	०	०	०	०	०	०	०	२	०	२	
७३	बैतडी	१	०	२	०	३	०	३	०	०	०	०	०	०	०	०	३	०	३	
७४	डडेलधुरा	०	०	१	०	१	०	१	१	०	०	०	०	०	०	१	०	०	०	
७५	कंचनपुर	३	१	३	२	६	३	९	२	२	४	१	०	०	०	९	०	०	०	
	जम्मा	९८४	३५५	१५४	७५	११३८	४३०	१५६८	१०५	४९	६२	२२	२०	१४	०	२७२	९५१	३४५	१२९६	

अनुसूची – ८

आ.ब. २०६४।६५ मा परेका उजूरी र फछ्यौंटको विवरण



आ.ब. २०६४।०६५ मा कुल उजुरी २७३२ मध्ये फछ्र्यौट तथा चालु आ.ब.मा सरेको जिम्मेवारीको अनुपात



अनुसूची - १०

आ.ब. २०५७५८ देखि २०६४।६५ सम्मको कुल उजूरी र फछ्यौंटको विवरण



(अ)

आ.ब. ०६४।६५ मा मुद्दा हार जीतको स्थिति



(ट)

अनुसूची – १२

आ.ब. ०६४।६५ को अभियोजन र अन्य कारवाहीहरुको विवरण



आ.ब.०६४।६५ मा बिशेष अदालतमा दायर भएका मुद्दाहरुको किसिम



(ङ)

अनुसूची - १४

आ.ब. २०५७।५८ देखि ०६४।६५ सम्मको कारवाहीको तुलनात्मक विवरण



(ढ)

अनुसूची – १५

आ.ब. २०५९।६० देखि ०६४।६५ सम्मको बैठक र निर्णय संख्या



(ण)

अनुसूची – १६

आ.ब. २०४७/४८ देखि २०६४/६५ सम्ममा परेका उजूरी र फछर्यौटको विवरण



(ल)